### नेपालमा शिक्षा

# नेपाल राष्ट्रिय शिक्षा आयोगको विवरण

## आयोगका सदस्यहरुद्‌वारा तयार गरिएको


**सम्पादन कर्ता**

सरदार रुद्रराज पाण्डे - आयोगका अध्यक्ष

(अध्यक्ष, नेपाल शिक्षा परिषद्)

केशर बहादुर के सी - आयोगका आलोचक सदस्य

(शिक्षासचिव, नेपाल सरकार)

डा. ह्यूग वी. उड. - शैक्षिक सल्लाहकार

(शिक्षाका प्राध्यापक ओरेगन विश्वविद्‌यालय यू. एस. ए)



शिक्षा मन्त्रालय



**प्रकाशक**

प्रकाशन विभाग,

कलेज अफ एजुकेशन

काठमाडौ

नेपाल

**प्रकाशन विभाग**



कलेज अफ एजुकेशन द्‌वारा १९५६ मा कपी राइट प्राप्त

**सर्वाधिकार सुरक्षित**

प्रकाशको लिखित स्वीकृतिविना यस किताबका कुनै भाग पनि कुनै रुपमा पनि उद्दत गर्न मनाइ छ ।

**मुद्रक**

सी.एम.प्रेस, बेतिया

शिक्षा मन्त्रालय

# परिचय

नेपाल राष्ट्रिय शिक्षा आयोगको योग्य तथा विद्वतापूर्ण विवरण साधारण जनताको समक्ष प्रस्तुत गर्न पाउँदा हामीलाई अत्यन्त हर्ष लागेको छ र साथै यसलाई आफ्नो सौभाग्य संझेका छौं। यो विवरण हाम्रो देशको शैक्षिक इतिहासमा उठाइएको पहिलो र सबभन्दा गहकिलो कदम हो।

यस विवरणले वर्तमान नेपालको शिक्षा प्रणालीको दिग्दर्शन गराउनुको साथै भविष्यको निम्ति हाम्रो देशमा हुनुपर्ने प्रणालीको पनि सुझाउ गर्दछ। वास्तवमा यो विवरण एक अन्वेषण कार्य हो, जसमा अहिलेसम्म थाहा नपाएका तथ्याङ्कको संकलन भएको छ र यसले नेपालको शिक्षा कस्तो हुनुपर्छ भन्ने कुरामा जनताको राय प्रकट गर्दछ।यो एक प्रकारले शिक्षाको आकार दिने कुराको जनमत हो जसमा देशको भविष्य आधारित छ।

यस्तै अमूल्य सामग्री प्रकाश गर्न मद्दत दिने सबै शिक्षप्रेमीहरुलाई प्रकाशन विभागले सदैव स्वागत गर्दछ। देशलाई चाहिने विभिन्न किसिमका शैक्षिक सामग्रीको माग पूर्ति गर्नको निमित्त नै यो विभाग खडा भएको छ।

यो विवरण तयार पार्न तथा प्रकाशन गर्नमा मद्दत गर्ने सबै महानुभावहरुलाई हामी धन्यवाद प्रदान गर्दछौं।

कृष्णराज अर्याल

डाइरेक्टर,

प्रकाशन विभाग,

कलेज अफ एजुकेशन

शिक्षा मन्त्रालय

## दुइ शब्द

शिक्षा आयोगको विवरण तपाईको सम्मुख छ। यो विवरण आद्योपान्त पढ्नुभएपछि आयोगले कति परिश्रम गरेर, कस्ता कस्ता उपाय सोचेर नेपालमा शिक्षाको वर्तमान अवस्थाको सम्बन्धमा तथ्याङ्कहरु संकलन गर्न सकेको छ, ज्ञात हुनेछ।नेपाललाई संसारका अन्य उन्नत राष्ट्रहरुको दाँजोमा पुऱ्याउन शिक्षाको सर्वव्यापी प्रसार अत्यावश्यक हुनाले आयोगले मुलुकका कुना कुनाबाट सर्वसाधरण जनताको, शिक्षितहरुको, विद्वान्हरुको र शिक्षा विशेषज्ञहरुको राय संग्रह गरी सरकार र जनताको अर्थबल, देशको भौगोलिक स्थिति, यातायातको कठिनाइ, आफ्नो मुलुकको सभ्यता र संस्कृतिको संरक्षणका साथ देशसुहाउँदो कालोचित शिक्षा प्रसारका निमित्त आवश्यक साधनहरुको अभावका समस्या र तिनलाई हल गर्ने उपाय र अवलम्बन इत्यादि कुरा यस विवरणमा पेश गरेको छ। आयोग विज्ञ पाठकहरुबाट यस विवरणमा भएका दोष र त्रुटिहरुको आलोचना मात्र नभई राष्ट्रिय योजनालाई अझ राम्रो रुप दिई सफल तुल्याउने उचित सुझाउहरु पाउने आशा गर्दछ।

आयोगका अन्य ४० साथी सदस्यहरुको पूर्ण सहयोग नभएको भए पनि यो विवरणलाई यति चाँडो प्रकाशमा ल्याउन सम्भव थिएन। उहाँहरुले आफूलाई सुम्पेको  काम पूरा लगन र उत्साहका साथ गर्नुभएको छ। यसका निम्ति उहाँहरुलाई मेरो हार्दिक धन्यवाद छ।

आयोगको विवरण अंग्रेजीमा तयार भएपछि विभिन्न व्यक्तिहरुबाट त्यसको नेपालीमा अनुवाद गराएको हुनाले भाषा र शैलीमा भिन्नता हुनु स्वभाविकै थियो।तर एउटै विषयको एकै पुस्तकमा अनेक थरी शैली र भाषा  हुनु राम्रो नहुनाले अनुवादको भाषा र शैली मिलाउने उद्देश्यले ६ जना सदस्यको एक मडरेशन समिति राखियो। यस समितिका सदस्यहरुले सो कामको साथसाथै आयोगलाई अरु पनि योग्य सुभाउहरु दिनुभएकोमा उहाँहरुलाई समेत शततः धन्यवाद नदिई रहन सकिंदैन। यस मडरेशन समितिका सेक्रेटरी, पाठशाला बन्दोबस्त नागरी फाँटका हाकिम मास्टर सागरमणि  आ.दी ले अवकाश समयमा विवरणका अधिकांश परिच्छेदहरुको अनुवाद र शैलीको मिलान तथा भाषालाई सरल बनाउन पूरा परिश्रम गर्नुभएको छ।यसकारण उहाँ विशेष धन्यवादका पात्र हुनुहुन्छ।

केशर बहादुर केसी

शिक्षासचिव

नेपाल सरकार

## धन्यवाद

वर्तमान समयमा संसार खुव छिटो उन्नत हुँदो छ। प्रायः सारा उन्नत मुलुकहरुमा बौद्धिक योग्यताको स्तर ज्यादै उच्च भएको छ।एशिया जागृतिमा छ। एशियाका प्रायः सारा मुलुकहरुले निरक्षरताको नाश गरेर प्रजातन्त्रलाई सफल तुल्याउन तँछाड-मछाड गर्दै प्रचण्ड वेगले शिक्षा योजनाहरु लागू गराएका छन्।

नेपाल आफ्नो इतिहासमा संकटावस्थाबाट गुज्रिरहेछ।प्रजातन्त्रको आगमनले उसका जनतामाथि ठूला जिम्मेदारीहरुको बोझ थपेको छ। निकट भविष्यमा नै उसले आम चुनाव गर्ने भएको छ। शिक्षा प्रजातन्त्रका सफलताको आवश्यक स्थिति छ। हामीले सकेसम्म पहिलो अवसरमा नै हाम्रा शासकहरुलाई शिक्षित पार्नुपर्छ। धेरै कालसम्म अज्ञानता र निरक्षरता छाइरह्यो भने प्रजातन्त्रले दुर्भाग्य र आपद मात्र ल्याउनेछ।नेपाल माताका सुपुत्रहरुले अज्ञानान्धकारको विरुद्ध लडेर मुलुकमा ज्ञानको प्रकाश फैल्याउन अघि सर्ने मौका पाएका छन् ।

नेपाल शिक्षा आयोगका सिफारिसहरु नै आफ्ना सबै कुरा बताउँछन्। निष्फलता र नैराश्यको वर्तमान वातावरणमा एक बर्षभन्दा कम समयभित्रै यो विवरण पेश गर्न सक्नु नै आयोगले सामान्यतः जनता र खास गरेर शिक्षाविद्हरुबाट पाएका सहयोगको ज्वलन्त प्रमाण छ।यसका अधिकांश सदस्य र समालोचकहरुले राष्ट्रिय सेवाको भावना लिएर उत्साहित काम गरेका छन् र सचिवले आफ्नो कर्मचारीवृन्दसहित कष्टको पर्वाह नै गर्नुभएको छैन। उहाँहरु सबैलाई हाम्रो धन्यवाद छ। तर ओरगन विश्वविद्यालयका शैक्षिक सल्लाहकार विद्दद्वर श्री ह्यूग बी. उडको विशेष उल्लेख गर्नुपर्छ जसका अथक परिश्रम र उचित सहायता यो विवरण तयार गर्ने काममा अमूल्य सावित भएका छन्।

सरकारबाट यो विवरणले उचित आदर र हाम्रो मुलुकको उन्नतिका निम्ति योजनामा शिक्षाले सर्वाग्रता पाउनेछ भन्ने आशा गरिएको छ।

रुद्रराज पाण्डे

सभापति,

राष्ट्रिय शिक्षा योजना आयोग

# कृतज्ञता

म, सन् १९५३ को अन्त्यमा यस मुलुकका शैक्षिक समस्या र सम्भाव्यताहरुमा शिक्षा मन्त्रालयका अधिकारीहरुसित विचार विमर्श गर्न नेपालमा निमन्त्रित गरिएँ।मलाई शिक्षाका वर्तमान अवस्थाहरुको निरीक्षण गरेर राष्ट्रिय शिक्षापद्धतिको विकाशलाई एक योजनाको सिफारिस गर्न अनुरोध गरियो।मैले माथिल्लो तहको राष्ट्रिय शिक्षा योजना आयोगको नियुक्ति भएर त्यसमा शैक्षिक सल्लाहकारको रुपमा काम गर्ने प्रस्तावमा आमन्त्रण स्वीकार गरें। मैले यस्तो योजनाको काम एक विदेशीलाई नदिएर नेपालका नेताहरुलाई सुम्पनुपर्ने ठानें।अब आयोगको सिद्धि यो रायको गम्भीरताको प्रमाणरुपमा खडा छ। आयोगका सदस्यहरुले मलाई नेपालमा म एउटा परदेशीभन्दा बढ्ता नेपालको अतिथि छु भनेर मान्नुपर्ने गराउनुभयो। उहाँहरु र सारा नेपालीहरुको अतिथि-सत्कार अत्यधिक भएको छ।तर यो विवरण एक कोरी शिक्षाविद् र नेताहरुको उब्जनी हो। पर्यालोकन प्रश्नावली, रुपरेखा, बहस, नीति र सिद्धान्तहरुको सुत्रीकरण, लक्ष्य-स्थापना, योजना, सिफारिशहरु सब आयोगका सदस्यहरुबाट निस्केका छन्।यो विवरणको सिर्जना र गठनमा भाग लिन पाउनु म आफ्नो जीवनकालको ठूलो सौभाग्य मान्दछु। खास गरे मैले सभापतिको कठोर निश्चय र विषम समयमा उहाँका नेतृत्वको कदर गरेको छु। सदस्यहरुको सत्यता र आफ्नो हिस्साको काम गर्नमा उहाँहरुको तत्परताको म प्रशंसा गर्दछु । मैले अंग्रेजी र अनुवाद दुवैमा हाम्रा लेखकहरुका सुन्दर वाक्यशैलीको आनन्द लिएको छु । यति ठूलो विवरणको मस्यौदा गर्ने अनुल्लिखित बहादुरहरुका निम्ति महान भविष्यमा ठूलो स्थान छ भन्ने दृढ आशा गर्दछु।

यो एउटा विवरण हो । तर काम सकिएको छैन-भर्खर शुरु भएको छ। सौभाग्यवश विवरण र कार्यको बीचमा धैरै समय लाग्दैन, किनभने धैरै काम हुन लागिसकेको छ। बीसौं परिच्छेदमा उल्लेख भएका कुनै कुनै सिफारिशहरु कार्यान्वित भइसकेका छन्। तर अगाडि ठूलो काम छ।व्यापक प्राथमिक शिक्षा, प्रौढ साक्षरता, विस्तृत माध्यमिक शिक्षा, बृहत् राष्ट्रिय विश्वविद्यालय, यी र अरु अनेकौं लक्ष्यहरु हिमालयका काखमा महान् प्रजातन्त्रको विकाशका निम्ति आयोगका सदस्य र उहाँका साथीहरुलाई गुहार्दछन्।

भित्र हृदयदेखि म तपाइँहरुलाई शुभेच्छा अर्पण गर्दछु।

ह्यूग बी . उड

शैक्षिक सल्लाहकार

**नेपालका महाराजाधिराज**

**श्री ५ महेन्द्र वीर विक्रम शाह देवका**

**हजुरमा**

**सादर समर्पित**

शिक्षा मन्त्रालय

# विषयसूचि

परिचय ........ 3

दुइ शब्द ........ 4

धन्यवाद ........ 5

कृतज्ञता ........ 6

विषयसूचि ........ 8

पहिलो भाग ........ 18

निरीक्षण ........ 18

परिच्छेद १ ........ 1

प्राक्कथन ........ 1

- आयोगको  नियुक्ति ........ 1
- आयोगको कार्यारम्भ ........ 2
- आयोगको काम ........ 5
- वार्तालापी ........ 6
- सिद्धान्तका अरु साधन ........ 6
- विवरणको तर्जुमा ........ 7

परिच्छेद  २ ........ 9

ऐतिहासिक  पृष्ठभूमी ........ 9

- नेपाल ........ 9
- मध्य भाग ........ 11
- नेपाली प्रजा ........ 12
- नेपालको सांस्कृतिक सम्पति ........ 14
- ऐतिहासिक र सांस्कृतिक पृष्ठमूमि ........ 14
- भोट (तिव्बत) को जागरण ........ 16
- ऐतिहासिक दृष्टिबाट शिक्षाको विकाश ........ 18
- उपसंहार ........ 26
- आजको नेपाल ........ 32

परिच्छेद  ३ ........ 35

शिक्षा मन्त्रालय

नेपालमा शिक्षाको प्रसार ........ 35
प्राक्कथन ........ 35
प्रबन्धीय संगठन ........ 35
तालिका ३।१ विद्यालयहरुको क्षेत्रीय संगठन ........ 37
आर्थिक सहायता ........ 37
तालिका ३।२ प्रतिविद्यार्थी खर्चको अनुमान ........ 38
नेपालको जनसंख्या ........ 39
तालिका ३।३ नेपालको आनुमानिक जनसंख्या ........ 39
परिवारको संख्या ........ 40
घरको संख्या ........ 40
वस्तीको घनत्व ........ 41
तालिका ३।४ पूर्व नेपालको जनसंख्याको तेरीज ........ 42
नमूनात्मक विवरण ........ 42
नेपालमा शिक्षाको विस्तार ........ 46
सारांश ........ 52
परिच्छेद ४ ........ 53
आजको नेपालमा शिक्षाको किसम ........ 53
प्राक्कथन ........ 53
सामान्य वर्णन ........ 53
शिक्षक र उनीहरुको शिक्षण ........ 57
पाठशालाका पाठ्यक्रम ........ 59
माध्यमिक स्तरको ........ 62
पुराना तरीका छोडी नयाँ तरीका निकाल्न सक्छौं ........ 62
सारांश ........ 62
परिच्छेद ५ ........ 64
जनताको राय ........ 64
परिचय ........ 64
प्रश्नावली - कार्यावधि ........ 65
सर्वसाधारण राय ........ 67

शिक्षा मन्त्रालय

व्यक्तिगत सुझाउ - 74
नेपालको पश्चिमछेउको एक जनाले दिएको दोस्रो उदाहरण : -- 76
राष्ट्रभाषा माध्यम बनाउने पक्षमा तपसिलका रायहरु प्राप्त भएका छन्ः- 83
विशेष सुझाव - 87
भाग १, शिक्षासंबन्धी बयान- 87
परिच्छेद ७, शिक्षाको राष्ट्रिय योजना 89
परिच्छेद ८, प्राथमिक स्कूलको पाठ्यक्रम 90
परिच्छेद ९, माध्यमिक शिक्षाको पाठयक्रम 90
परिच्छेद १०, विश्वविद्यालयको शिक्षा 91
परिच्छेद ११, प्रौढशिक्षा 91
परिच्छदे १२, शिक्षकहरुको तालीम 92
परिच्छेद १३, शिक्षाविषयक साधन 92
परिच्छेद १४, शिक्षाको शासनव्यवस्था र निरीक्षण 93
परिच्छेद १५, शिक्षाको खर्च 94
परिच्छेद १६, शिक्षासंबन्धी वातावरण 95
परिच्छेद १७, खास बन्दोबस्त 95
सारांश 95
परिच्छेद ६ 97
आजको नेपालमा शिक्षाको आवश्यकता 97
शिक्षाको आवश्यकता 97
शैक्षिक योजनाको आवश्यकता 99
शिक्षाका लक्षण 100
परिच्छेद ७ 103
योजनाको साधारण रुपरेखा 103
परिचय 103
नेपालको लागि राष्ट्रिय शिक्षाको विशिष्ट लक्षण 104
सारांश 110
जरुरी 111
१९६० 111

शिक्षा मन्त्रालय

१९६५ .......... 111
१९७५ .......... 111
अन्तिम .......... 111
परिच्छेद ८ .......... 113
प्राथमिक स्कूलको पाठयक्रम .......... 113
परिचय .......... 113
प्राथमिक शिक्षाको उद्देश्य .......... 115
प्राथमिक शिक्षाको साधारण रुपरेखा .......... 116
पाठयक्रम .......... 118
विद्यार्थीहरुको जाँच र प्रगति .......... 132
पाठयक्रमको योजना .......... 133
सारांश .......... 133
परिच्छेद ९ .......... 136
माध्यमिक स्कूलहरुको निमित्त पाठयक्रम .......... 136
माध्यमिक शिक्षाको अभिप्राय .......... 136
माध्यमिक शिक्षाको पहिलो अभिप्राय .......... 136
माध्यमिक शिक्षाको दोस्रो अभिप्राय .......... 137
माध्यमिक शिक्षाको तेस्रो अभिप्राय .......... 137
पाठयक्रमको सर्वसाधारण व्यवस्था .......... 138
मूल विषय वा सामान्य विद्या .......... 139
व्यावसायिक विषयहरु .......... 144
वाणिज्यसम्बन्धी मुख्य विषय .......... 146
कृषिसम्बन्धी विषय .......... 146
थपुवा मुख्य विषयहरु .......... 151
सानातिना रोजगारका विषयहरु .......... 151
पाठयक्रमको समय निर्धारण .......... 152
पाठयक्रमदेखि बाहिरका कारवाई .......... 154
शिक्षापद्धति .......... 156
विद्यार्थीहरुका निम्ति पथप्रदर्शन .......... 157

शिक्षा मन्त्रालय

विद्यार्थीहरुको प्रगति ........ 158
पाठयक्रममा लगातार सुधार ........ 161
सारांश ........ 161
परिच्छेद १० ........ 164
उच्च शिक्षा ........ 164
भूमिका ........ 164
ठाउँ र घर ........ 169
विश्वविद्यालयको प्रबन्धीय नियन्त्रण ........ 172
सामान्य पद्धति ........ 174
विश्वविद्यालयको अर्थ प्रबन्ध ........ 179
महाविद्यालयहरु ........ 181
सामान्य कक्षा र विज्ञान महाविद्यालय ........ 182
कानून महाविद्यालय ........ 184
शिक्षक महाविद्यालय ........ 184
बहुकलासम्बन्धी संस्था ........ 185
कृषि र वन महाविद्यालय ........ 186
गृहविज्ञान महाविद्यालय ........ 186
औषध र दन्त महाविद्यालय ........ 186
परिचर्या महाविद्यालय ........ 187
अन्य महाविद्यालयहरु ........ 187
विश्वविद्यालय ........ 188
परिच्छेद ११ ........ 193
प्रौढ. शिक्षा ........ 193
प्राक्कथन ........ 193
प्रौढ साक्षरता कार्यक्रम ........ 195
कृषि र गृहोन्नति शिक्षा ........ 197
सांस्कृतिक शिक्षा ........ 199
ग्राम पुस्तकालय ........ 199
सिनेमा र रेडियो शिक्षा ........ 200

शिक्षा मन्त्रालय

प्रौढ शिक्षाका संस्थाहरु ........ 201
सारांश ........ 202
परिच्छेद १२ ........ 204
शिक्षकहरुको तालीम ........ 204
प्राक्कथन ........ 204
शिक्षाका मूल सिद्धान्तहरु ........ 206
शिक्षक शिक्षण केन्द्रको मुख्य हेतु ........ 207
शिक्षक शिक्षणको मूल लक्ष ........ 208
कार्यक्रको व्यवस्था ........ 210
शिक्षक तालीमको निम्ति पाठ्यक्रम ........ 213
सिकारुको प्रगातिको मूल्यांकन ........ 218
विद्यार्थीको भर्ती, छनौट र निर्देशन ........ 220
शिक्षकहरुलाई प्रमाणपत्र दिने काम ........ 221
शिक्षकहरुको नियुक्तिको काम ........ 222
शिक्षकको हित ........ 222
सारांश ........ 223
परिच्छेद १३ ........ 227
शैक्षिक साधन ........ 227
प्राक्कथन ........ 227
शैक्षिक साधनहरुको रोजाइ ........ 229
वस्तुहरुको रचना र उत्पादन ........ 230
शैक्षिक साधनहरुको उपयोग ........ 234
सारांश ........ 235
परिच्छेद १४ ........ 237
शिक्षाको व्यवस्था र निरीक्षण ........ 237
प्राक्कथन ........ 237
स्कूल व्यवस्थाका सिद्धान्त ........ 237
राष्ट्रिय तहमा व्यवस्था ........ 239
जिल्ला गौंडाको तहमा व्यवस्था ........ 241

स्थानीय तहमा व्यवस्था ........ 242
स्कूलको तहमा व्यवस्था ........ 243
शिक्षकको कल्याण ........ 245
व्यवस्था सम्बन्धी नियम ........ 245
सारांश ........ 246
परिच्छेद १५ ........ 247
शिक्षानिमित्त अर्थ प्रबन्ध ........ 247
प्राक्कथन ........ 247
शिक्षाको लागि आम्दानीका बर्तमान मुहानहरु ........ 249
भविष्यमा शिक्षाको खर्च ........ 251
तालिका १५।१. शिक्षामा वार्षिक खर्चको अनुमान ........ 252
शिक्षाको खर्चका निम्ति अरु बढ्ता साधनहरु ........ 253
अर्थीय प्रबन्धका निम्ति विधान ........ 255
सारांश ........ 256
परिच्छेद १६ ........ 258
शैक्षिक वातावरण ........ 258
स्थान, भवन, सरसामान र सम्भरण ........ 258
प्राक्कथन ........ 258
प्रामाणिकता र विधि ........ 258
निर्माणस्थान ........ 259
पाठशाला घर ........ 259
सामान र सम्भरण ........ 262
परिच्छेद १७ ........ 265
विशेष कार्यहरु ........ 265
शिक्षालय, एक सामुदायिक केन्द्र ........ 265
शिक्षालय र आमाबाबुको सम्बन्ध ........ 265
पौढ शिक्षा ........ 266
शिक्षालय-समुदाय पुस्तकालय ........ 266
युवा गोष्ठी कार्य र बालचर काम ........ 267

विदाका कार्यहरु ........ 267
सामाजिक हित ........ 268
पाठ्यक्रमदेखि बाहिरका कामहरु ........ 268
स्वास्थ्य सेवा ........ 269
तातो खाजा ........ 269
सारांश........ 270
परिच्छेद १८ ........ 271
बन्दोबस्ती कार्यक्रम ........ 271
प्राक्कथन ........ 271
शिक्षा संगठन नियम........ 272
शिक्षा अर्थव्यवस्था नियम ........ 273
प्राथमिक पाठशाला नियम ........ 274
माध्यमिक पाठशाला नियम........ 274
विश्वविद्यालय ऐन........ 275
पाठशाला विधान ऐन ........ 275
शिक्षक कल्याण ऐन ........ 276
सारांश........ 276
सिफारिश संख्या १ ........ 278
सिफारिश संख्या २ ........ 279
सिफारिश संख्या ३ ........ 280
सिफारिश संख्या ४ ........ 281
सिफारिश संख्या ५ ........ 283
सिफारिश संख्या ६ ........ 284
सिफारिश संख्या ७ ........ 284
सिफारिश संख्या ८ ........ 285
सिफारिश संख्या ९ ........ 286
सिफारिश संख्या १० ........ 287
सिफारिश संख्या ११ ........ 288
सिफारिश संख्या १२ ........ 289

शिक्षा मन्त्रालय

सिफारिश संख्या १३ ........ 289
सिफारिश संख्या १४ ........ 290
शैक्षिक तर्जुमाको बयान........ 292
मार्ग, २०१० ........ 293
माघ, २०१० ........ 294
फाल्गुण, २०१० ........ 294
चैत्र, २०१० ........ 294
२०१० चैत्र -२०११ वैशाख ........ 295
ज्येष्ठ, २०११ ........ 295
ज्येष्ठ, २०११ ........ 295
आषाढ, २०११ ........ 296
भाद्र २०११ ........ 296
भाद्र-मार्ग, २०११ ........ 296
मार्ग, २०११ ........ 296
माघ-फाल्गुण २०११ ........ 297
फाल्गुण, २०११ ........ 297
फाल्गुण, २०११ ........ 297
फाल्गुण-चैत्र २०११, ........ 298
आषाढ, २०१२ ........ 298
भाद्र, २०१२ ........ 298
भाद्र-आश्विन, २०१२ ........ 298
कार्तिक ८, २०१२ ........ 298
मार्ग, २०१२ ........ 298
मार्ग, २०१२ ........ 299
पौष, २०१२ ........ 299
माघ, २०१२ ........ 299
फाल्गुण, २०१२ ........ 299
चैत्र, २०१२ ........ 299
वैशाख २०, २०१३ ........ 299

शिक्षा मन्त्रालय

आषाढ-श्रावण, २०१३ ........ 299

श्रावण-आश्विन, २०१३ ........ 299

भाद्र २, २०१३ ........ 300

भाद्र १५, २०१३ ........ 300

भाद्र-आश्विन, २०१३ ........ 300

भाद्र २५, २०१३ ........ 300

आश्विन १, २०१३ ........ 300

कार्तिक १३, २०१३ ........ 300

कार्तिक-मङसीर, २०१३ ........ 301

चालु भएका मुख्य कारवाईहरु ........ 301

आयोगका अध्यक्ष ........ 313

आयोगका सचिव-कोषाध्यक्ष ........ 313

आयोगका शैक्षिक सल्लाहकार ........ 313

आयोगका सदस्यहरु ........ 313

रिपोर्टका समालोचकहरु ........ 314

मडरेशन कमिटी ........ 315

अनुवादकहरु ........ 315

शिक्षा मन्त्रालय

# पहिलो भाग

## निरीक्षण

शिक्षा मन्त्रालय

## परिच्छेद १

## प्राक्कथन

२००७ सालमा प्रजातन्त्रको साथै नेपालमा शिक्षाको आवश्यकताको चेतना पनि आयो। मेचीदेखि महाकाली र हिमालयदेखि तराईसम्म, देशभरी शिक्षा तथा शिक्षा-विस्तारको आवश्यकता उत्सुकताका साथ अनुभव गरियो। त्यस बेलासम्म नेपाल असम्पकर्ताको नीतिको अनुसरण गर्दै थियो र यसरी यसलाइै पूर्ण अन्धकारमा र आधुनिक सभ्यतादेखि अलग राखियो। यसका असल र खराब दुबै असर परे।असल यस अर्थमा कि यसमाथि जडसम्म पुग्ने गरी कुनै प्रणालीको पनि मार परेन र यसरी पवित्र भूमि हुनाको कारण - यद्‌यपि यो साधारण रुपले चित्त बुझाउने कारण मात्र हो) नेपालले आफ्नै किसिमको योजना र व्यवस्था तर्जुमा गर्न सक्तछ। अन्तर्राष्ट्रिय एकता र राष्ट्रिय व्यक्तिवादितालाई दृष्टिमा राख्दै ती योजनाहरु हाम्रो देशको भौगोलिक स्थिति र ऐतिहासिक परम्परा सुहाउँदो बन्न सक्तछन्। खराब यस अर्थमा कि संसार यति अगाडि बढिसकेको छ र हामी यति पछाडि परेका छौं कि मुश्किलले हाम्रो जनसंख्याको दुइ प्रतिशत पढ्न र लेख्न सक्तछन्। यहाँ न गतिशील संचार व्यवस्था छ नत सुरक्षित आर्थिक अवस्था नै छ। यसरी देशको समस्या अत्यन्त ठूलो छ तथा यसको सुधारको विपरीत बाधाहरु अकल्पनीय छन्। तर तिनको समाधान हुनैपर्दछ, किनभने राष्ट्रसंघको सदस्य भएपछि हामीले संसारका अरु राष्ट्रहरुको साथै काँधमा काँध मिलाएर हिंड्नु छ।

प्रजातन्त्रलाई साच्चिकै सफल तुल्याउन हामीले हाम्रो जनतालाई सकेसम्म छिटो अवधिभित्र शिक्षित बनाउनुपरेको छ। खास गरी बालिग मताधिकारको आधारमा चुनाउ गर्ने घोषण भइसकेकोले यो अझ आवश्यक छ। मताधिकारको दुष्प्रयोगद्‌वारा हुने तानाशाही तथा गृहयुद्धको भय हटाउनुपर्दछ तर उचित शिक्षाविना हाम्रो जस्तो देशमायो हुन गाह्रो छ।

**आयोगको नियुक्ति**

संवत् २००७ मा नेपालमा प्रजातन्त्रको सुप्रभातपछि राष्ट्रमा शिक्षाको आवश्यकताको जागृति आयो। यस कालसम्म अत्यल्पसंख्यक मानिसहरुका निम्ति मात्र शिक्षाका ज्यादै कम सुविधाहरु राखिएका थिए। शिक्षालाई प्रजातन्त्रको मूल सिद्धान्त स्वीकार गरेपछि नेपाल सरकारले शिक्षासम्बन्धी वर्तमान सुविधाहरको निरीक्षण र विस्तार गर्न संवत् २००९ मा एक शिक्षा समिति खडा गर्‍यो।

गत संवत् २००९ मा शिक्षा समितिले शिक्षा मन्त्रालयलाई शिक्षासम्बन्धी भइरहेका सुविधाहरुको जाँच गरेर नेपालमा देशव्यापी राष्ट्रिय शिक्षाको योजना तयार पार्नको लागि

राष्ट्रिय शिक्षा योजना आयोग नियुक्त गर्न सिफारिश गऱ्यो। यस आयोगमा नेपालका विभिन्न जाति  सम्प्रदायका प्रजाको प्रतिनिधित्व गर्न सदस्यहरु छानिए। यसको सदस्यतामा प्रवन्धीय विभाका विभिन्न समुदायका स्त्री र पुरुषका प्रतिनिधिहरु, जन-सेवा आयोग -प.स.क) , शिक्षा मन्त्रालय, वस्तुद्वारा शिक्षा दिने, प्राथमिक, माद्यमिक र उच्च शिक्षाका प्रतिनिधि र झण्डैले नेपालको सम्पूर्ण पहाडखण्ड, केन्द्रीय खाल्डो र तराईका सामान्य व्यक्तिहरु थिए। आयोगका ४६ सदस्यहरुले सारा व्यवसायको प्रतिनिधित्व गर्दथे  र कोही त सायद शिक्षामा नेपालका अतिविशिष्ट व्यक्ति थिए।

**आयोगको कार्यारम्भ**

संवत् २०११ को चैत्र ९ गतेका दिन काठमाडौँमा नेपाल सरकारको सचिवालयको ग्यालरी बैठकमा आयोगको कार्य शुरु गरिएको थियो। आयोगका सभापति सरदार श्री रुद्रराज पाण्डेले पूर्वमा शिक्षा र संस्कृतिको दोवाटो छँदाको प्राचीन नेपालको गौरव, ई. १६ वीं शताब्दीपछि नेपाललाई प्रभाहीन पार्ने मध्ययुग र वर्तमान शताब्दीमा क्रमशः जागरणको उल्लेख गर्नुभयो।अन्त्यमा उहाँले भन्नुभयो : -

"बेमेल र मिथ्याबोधले वातावरणलाई दुषित पारिरहेको समयमा विद्वान्हरुले हतोत्साह र खालि दर्शक भएर छुट्टै बस्ने वेला छैन , शिक्षाको महत्वको विषयमा दुइ मत हुनै सक्तैन, यसकारण अरुलाई दोष दिएर माफी माग्नु व्यर्थ छ।शिक्षाको उन्नतिमा प्रगति ल्याउन प्रत्येक मानिस  कुममा कुम जोरेर उभियोस् र सहायता गरोस्।शिक्षित मानिस नै प्रजातन्त्रको उचित मूल्य तोक्न -कदर गर्न) जान्दछन्। अब पनि शिक्षासम्बन्धी कार्यक्रमहरु एकातिर हटाइयो भने पहिले दुइपल्ट अवनतितिर लागेको नेपालको इतिहास तेस्रोपल्टमा पूरा विनाशोन्मुख हुनेछ। अब व्यवस्था गरिने शिक्षा प्रणालीले नेपालको अन्तरात्मालाई उज्वल पारेर वर्तमान समयको वैज्ञानिक ज्ञानले सम्पन्न तुल्याई राष्ट्रलाई हरेक विषयमा आत्मनिर्भर गराउन सक्नुपर्छ। हामीलाई अहिलेको छ्यासमिसे शिक्षापद्धतिको बदलामा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र उत्तरमा भोटको सीमानादेखि दक्षिणमा तराईसम्म राष्ट्रिय भावनालाई उत्तेजना दिने राष्ट्रव्यापी शिक्षा योजनाको आवश्यकता छ। म मेरा देशबन्धुहरु आफ्ना आर्थिक समस्याहरु हल गरी, प्रत्येक कुरामा राष्ट्रलाई समृद्ध पारेर आफ्नो व्यक्तित्व र स्वत्व नगुमाई अस्तित्व कायम राख्नुहोस् भन्ने उत्कट इच्छा गर्दछु।

यसपछि माननीय शिक्षामन्त्री श्री डिल्लीरमण रेग्मीले उद्धाटन मन्तव्य दिनुभयो।उहाँले भन्नु भयो कि हामीले भूतकालका कार्यहरुमा निर्भर रहन हुँदैन, भविष्यका निम्ति निर्माण गर्नुपर्छ , किनभने अहिले नेपालमा शिक्षित लेखपढ गर्नसम्म सक्ने मानिसहरुको समेत घोर कमी छ।

श्री रेग्मीले संस्कृत शिक्षण पद्धतिको उपयोगिताभन्दा समयको प्रगति धेरै बढेको छ र राष्ट्रिय भावना, परम्परा र मुलुकका आवश्यकताहरुको आधारमा नयाँ प्रणाली भेट्टाउन र यस्तो प्रणालीलाई इमानदारीसित समर्थन गर्न नेपाल अहिलेसम्म असफल भएको छ भनी बताउनुभयो। उहाँले नेपाली भाषमा पुस्तकहरुको अभावको निर्देश गरेर गत पचास वर्षमा भारतका विदेशी प्रादेशिक भाषाहरुको जति नेपाली भाषाले उन्नति गरेको छैन भन्नुभयो।

यसपछि माननीय मन्त्रीज्यूले थालेको कामको विषयमा बोल्नुभयो।उहाँले भन्नुभयो कि खँदिलो शिक्षापद्धति बाहिरबाट पैठारी गर्न सकिँदैन, त्यो त राष्ट्रको परम्परा र आवश्यकताहरुबाट झक्नु पर्दछ। हामीले आफ्नै खुट्टामा उभिने बानी बसाल्नुपर्छ। उहाँले धनी व्यक्तिहरुलाई शैक्षिक संस्थाहरुलाई उदारतासित दान दिन प्रोत्साहित गर्नुभयो। फेरि उहाँले जनताबाट सम्मानित व्यक्तिहरुले अगाडि सर्ने वेला आयो भन्नुभयो।उहाँले सभालाई खास गरेर प्रस्तावित योजनाहरु राष्ट्रका आवश्यकताहरुका अनुकूल छन् छैनन् भनि जाँच्न सुझाउ दिनुभयो।श्री रेग्मीले शिक्षालयबाट निस्केका केटाकेटीहरुले आफैं कमाउन सक्ने हुनुपर्छ, यसकारण स्वावलम्बनको शिक्षामा विशेष जोड दिनुपर्छ पनि भन्नुभयो। उहाँले गांन्धीजीको आधार शिक्षाप्रणालीलाई पनि छुनुभयो र आधार स्कुलहरु आशा गरे जति राम्ररी नचलेकोमा खेद प्रकट गर्नुभयो। माननीय शिक्षामन्त्रीज्यूले आधार स्कुलहरुको शान्त प्रगतिको कार्यमा पर्न आएका केही सम्भाव्य त्रुटिहरुतर्फ पनि सभाको ध्यान आकर्षित गर्नुभयो।

अन्त्यमा श्री रेग्मीज्यूले आयोगलाई सारा जनतामा अज्ञानता र निरक्षरता हटाएर हाम्रो गौरवशाली राष्ट्रिय सुख र समृद्धि ल्याउने राष्ट्रिय शिक्षा योजनाको विकाशलाई ध्यानमा राखी सुधार गरिनका निमित्त अहिले भइराखेका शिक्षासम्बन्धी सुविधाहरुको निरीक्षण गर्न प्रेरणा दिनुभयो।

यस उप्रान्त संयुक्त राज्य कार्यकारी मण्डलका अध्यक्ष श्री पाल डब्ल्यू. रोजले राष्ट्रिय योजना र विकाशमा शिक्षाको स्थानको विषयमा बोल्नुभयो। उहाँले भन्नुभयो कि जुनसुकै राष्ट्रको पनि सबभन्दा ठूलो साधन त्यहाँको जनता नै हो , अरु साधनहरुको त जनतासित सम्बन्ध हुनुबाहेक केही मूल्य नै छैन। जुनसुकै मुलुकको विकाशको कार्यक्रमका शिक्षा सारभूत अंश छ। अनि उहाँले शिक्षकको महत्ता र शिक्षकहरुलाई तालिम गर्ने अगाडि रहेको महान् कार्यको उल्लेख गर्नुभयो र ५०,००० शिक्षक सकेसम्म चाँडो चाहिन्छ भन्नुभयो। अन्त्यमा नेपालको शिक्षासम्बन्धी प्रगतिको विकाश र आयोगको काममा संयुक्त राज्य कार्यकारी मण्डलले पूरा सहयोग र सहायता गर्नेछ भनी श्री रोजले आफ्नो वक्तव्य टुंग्याउनुभयो।

तब माननीय मन्त्रीज्यूले सभालाई आयोगको शैक्षिक सल्लाहकार भएर सेवागर्न आउनुभएका संयुक्त राज्य अमेरिकाका ओरेगन विश्वविद्यालयका शिक्षाका प्राध्यापक श्री ह्यूग बी. उडको परिचय गराउनुभयो। श्री उडले प्रजातन्त्रलाई हुर्काउन खँदिलो शिक्षापद्धति अत्यावश्यक छ भनी फेरि जोड दिनुभयो र राष्ट्रिय परम्परामा शिक्षाको विकाश हुनुपर्छ भन्ने माननीय मन्त्रीज्यूको वक्तव्यलाई समर्थन गर्नुभयो। अनि उहाँले शिक्षकहरुको नियत कर्तव्य र कामको नयाँ योजनामा शिक्षकहरुको तालिमको आवश्यकताको विषयमा बोल्नुभयो। भत्कने अवस्थामा पुगेर धरमराइरहेको रचनामा जोखिमसाथ झुण्डिइहनुभन्दा नयाँ जग हाल्न शुरु गर्नु सजिलो छ भन्ने राय प्रकट गर्नुभयो। नेपाल भरखरको प्रजातन्त्र मुलुक हुनाले अरु राष्ट्रहरुबाट भएका शिक्षासम्बन्धी गल्तीहरुलाई छोडेर छिटै नै नयाँ पद्धतिमा निर्माण गर्न सक्तछ। आयो्गका कामको विषयमा बोल्दै उहाँले नेपालमा खँदिलो शिक्षापद्धतिको विकाशका निमित्त आर्थिक स्थितिसित सम्बन्ध राखेर वर्तमान अवस्था र समस्याहरुको अध्ययन, जनताले तिर्न मन्जूर गरेका करका - आम्दानीका ) सम्भावनीय नयाँ मुहानहरु, चढ्दो उमेरका युवक र प्रौढहरुका निम्ति आम शैक्षिक कार्यक्रम आवश्यक छ छैन वा आफ्नो थोरै पूँजीको विचारले थोरैका निम्ति मात्र विशेष शिक्षाको प्रवन्ध गर्ने कुराको निधो गर्नु छ भन्नुभयो।

डा. उडले संवत् २०१० को अन्त्यतिर शिक्षा मन्त्रालयका सदस्यहरुका साथ सभाहरुमा भएका परामर्शहरुको संक्षिप्त विवरण दिंदै तलका ५ कुरामा पूर्णरुपले मतैक्य भएको बताउनुभयो : -

प्रजातन्त्रत्का निम्ति शिक्षा आवश्यक छ।

तोकिएको मुलुकममा लागू गर्ने शिक्षापद्धति त्यहाँको संस्कृति र आवश्यकताउपर निर्भर गर्दछ।

शैक्षिक योजनाको विकाशका निम्ति सामाजिक र व्यक्तिगत आवश्यकताहरुको जाँच गर्नुपर्दछ।

शैक्षिक पद्धतिको मुख्य जग शिक्षक हो र यिनीहरुको सामान्य अभिप्राय, सामान्य ढंग र सामान्य तालिममा सचेत हुनुपर्छ।

सबभन्दा पहिले शिक्षापद्धतिले जीवनको हरेक मार्गमा नेतृत्व गर्ने शिक्षा दिन सक्नुपर्छ।

यसपछि उडले शिक्षाको लक्ष्य, निर्दिष्ट पुस्तक सूची र पाठ्यपुस्तक, शासन, अर्थ, घर, शिक्षक शिक्षक शिक्षण इत्यादि समस्याहरुमा विचार गर्न आयोगले उपसमितिहरुमा बाँडिनुपर्छ भन्नुभयो। उहाँले समितिहरुले तुरुन्त काम शुरु गरेर सम्पूर्ण आयोगको विचारका निम्ति विस्तृत विवरण तयार गर्न सुझाउ दिनुभयो।

अनि त्रि-चन्द्र महाविद्यालयका प्राध्यापक श्री यदुनाथ खनालले छोटकरीमा राष्ट्रिय शिक्षण योजनामा उच्च शिक्षाको महत्व र चरित्र निर्माणको महत्ताको विषयमा बोल्नुभयो। अन्त्यमा

जन शिक्षाका सहायक तालुकवाला, श्री जितेन्द्र बहादुर शाहले आजको नेपालमा शिक्षाको अवस्थाको संक्षिप्त सारांश पेश गरेर आयोगको उद्घाटन-विधि टुंङ्याउनु भयो।

**आयोगको काम**

उद्घाटन-विधि सकिनेवित्तिकै आयोगले ४ दिनको कार्याधिवेशन प्रारम्भ गऱ्यो। व्यवस्था, पाठ्यक्रम र शिक्षक शिक्षणको विषयलाई लिएर तीन कार्यकारी समिति गठन गरिए। यिनीहरुको बेग्लाबेग्लै सभा बस्यो।यी समितिहरुले आफआफ्ना कामसँग सम्बन्धित समस्याहरुको खेस्रा तयार पारे, यी समस्याहरु हल गर्नका निमित्त प्रयोग गरिने विषयका मुहानहरुको सूची बनाए र कार्यप्रणाली निर्णय गरे। प्रत्यके दिन काम सकिएपछि यी समितिहरु समस्या र विचार विनिमय गर्न अल्प समयका निमित्त आयोगका रुपमा भेल हुन्थे।

तत्कालै दुइ ठूला अप्ठ्यारा कुरा उठे। पहिला, क्रमबद्ध विवरणको अभाव, संचारको न्यूनता र केन्द्रीय सरकारको शिक्षा निरीक्षणको कमीले शिक्षा समाचारको अभाव र खास गरेर त्यस विषयमा राष्ट्रका जनताको मनोभावनाको बारेमा सूचनाको ज्यादै कम मात्रमा पूर्ति गऱ्यो। यसकारण आयोगले छुट्टै एक विस्तृत प्रश्नावली तयार पारेर राष्ट्रका सबै भागमा पठाउने ठहर गऱ्यो। त्यसमाथि थप कुनै कुनै क्षेत्रमा शिक्षाको व्यवस्था र इच्छाको निधो गर्न केही मानिसहरु पनि पठाउने निर्णय भयो। समितिहरुसित प्रश्नावली तयार पार्न उनीहरुको समूहले चाहेको सूचना प्राप्त हुने किसिमका प्रश्नहरु पेश गर्न अनुरोध गरियो।

दोस्रो, ज्यादै कम मतभेद हुन सक्ने कुनै कुनै प्रस्तावहरु अवश्य पनि आयोगबाट स्वीकार गरिनेछन् र यिनमध्येका  कुनै कुनै प्रस्तावहरुमा शिक्षा मन्त्रालयले शीघ्र कारवाई गर्ने माग पर्याप्त मात्रामा आवश्यक छ भन्ने चाँडै नै स्पष्ट भयो।यसकारण समितिहरुलाई पहिले यी समस्याहरुमाथि विचार गरेर मार्च २२-२५ को अधिवेशनको आखिरीसम्ममा माननीय मन्त्रीज्यूकहाँ पुऱ्याउन सिफारिश तयार पार्न सूचना दिइयो।

यस किसिमले पहिलो कार्याधिवेशनको अन्त्यसम्ममा आयोगका कामको तर्जुमा , प्रश्नावलीको रचना र आयोगका केही अत्यावश्यक सिफारिशहरुलाई कार्यान्वित गर्ने काम शुरु गरियो।

त्यसपछिका महिनाहरुमा प्रत्येक महिनाको दुइपल्ट पूर्णरुपमा अथवा समितिका रुपमा बसेर आयोगले अनेकौं समस्याहरु हल गर्ने काम चालु राख्यो।सेप्टेम्वर महिनासम्ममा आयोगका विवरणको मसौदा तयार गर्न प्रश्नावली, भेटघाटबाट खवर लिने प्रवन्ध, जनसंख्या गोस्वारा र अरु अरु ठाउँबाट पर्याप्त जवाफ  आए। यो काम विभिन्न समितिहरुमा बसेर बहसको खेस्रा

तयार गर्ने विशेष लेखकहरुले सम्पादन गरे।शुरुका समितिहरुमा यिनीहरुको छानबनि भयो र पछि आयोगले पुनरावलोकन गऱ्यो। आयोगका सबै सदस्यहरुको चित्त बुझ्ने किसिमले यो तर्जुमालाई शुद्ध्याउने प्रयत्न भयो। यो स्पष्टतः गाह्रो काम थियो र यद्यपि यो प्रयत्न सम्पूर्णतः सफल भएन तापनि विवरणले आयोगको झण्डै झण्डै निर्विरोध राय प्रस्तुत गऱ्यो।

**वार्तालापी**

प्रश्नावलीहरुबाट पाइएका सूचनाको पूर्ति र यथार्थताको जाँचका निम्ति सोझै जनताबाट सन्देश लिन  र उत्तरित प्रश्नावलीहरु दोहोऱ्याएर हेर्न निम्नलिखित जिल्लाहरुमा मानिस नै पठाइएका थिए : -

पश्चिमी तराईको पुछार नेपालगंज र कोइलावासमा।
वीरगंजको मध्य तराईका गौर र कलैयाममा।
पश्चिम ४ नं . को पोखराको दूनमा।
पूर्व ६ नं. मा धनकुटा गौडा।
पूर्व तराईका महोत्तरी जिल्लाको जनकपुरमा।
नेपाल खाल्डोमा काठमाडौं सहित पाटन, भक्तपुर र  नगर प्रान्तहरुमा।
मध्य कटिबन्धमा पश्चिम ५ नं. को सिलगढी डोटीमा।
पश्चिम नेपाल तौलिहवा।

यसै गरी २१ पाठशाला निरीक्षक र उपनिरीक्षकहरुले यही उद्देश्यलाई लिएर आफआफ्ना क्षेत्रमा भ्रमण गरे। यसरी पाइएका विवरणहरु तेस्रो र चौथो परिच्छेदमा छोट्याइएको प्रश्नावलीमा थपिएका छन्।

**सिद्धान्तका अरु साधन**

चालु सिद्धान्तका यी साधनहरुका अतिरिक्त आयोगले जन-शिक्षाका तैनातवालाको अड्डा, जनसंख्या गोश्वारा, अन्यर सरकारी अड्डाहरु, नेपालमा पहिले खडा गरिएका समितिहरुका प्रकाशित विवरणहरु, पुस्तकालयका उल्लेख र विदश िविशेषज्ञहरुबाट पनि मद्दत माग्यो।विश्वसनीय साधनहरुको कमीले आयोग धेरै विध्न बाधामा परेको छ तापनि प्रकाश हुने समयसम्म यो विवरणले नेपालमा शिक्षाको सारा प्रस्तुत क्रमलाई एउटै लिखतमा राखिदिएको छ भनी ठान्दछ।

उद्घाटन समारोह पछिको चिठीमा श्री शिक्षामन्त्रीज्यूले व्याख्या गर्नुभएको निम्नलिखित विषयका परिभाषाअनुसार आयोगको संचालन भएको छ : -

(१)	आयोगले आज मुलुकमा पाइने शिक्षापद्धतिको अध्ययनमा लाग्नुपर्दछ।



शिक्षा मन्त्रालय

(२) यसले सर्वसाधारण जनताका निमित्त प्रारम्भिक शिक्षाको विशेष महत्वका साथ आधुनिक व्यावहारिक क्रममा स्कूलहरुको पुनर्गठन गर्न मसौदा तयार गर्नुपर्छ।

(३) यसले राष्ट्रिय शिक्षाको लागि प्रमाणिक पाठ्यपुस्तकहरु तयार पार्ने मसौदा गर्नुपर्छ र सरकारमा सुयोग्य लेखकहरुबाट पाठ्यपुस्तकहरु तयार गर्न र तिनका प्रकाशनको उद्देश्य पूरा गर्न सक्ने एक उत्तम छापाखाना राख्नका निमित्त पर्याप्त अनुमानको सिफारिश गर्नुपर्छ।

(४) यसले जनताका तात्कालिक आवश्यकताहरुको अनुपातमा शिक्षाको स्तर बढाउने अन्दाजबाट पाँच वर्षभित्र एक राष्ट्रिय विश्वविद्यालयको स्थापना गर्न सरकारसित सिफारिस गर्नुपर्दछ।

(५) यसले शिक्षक शिक्षणका विषयमा आफ्नो राय तुरुन्त सरकारमा पेश गर्नुपर्छ र त्यो सिफारिश कार्यान्वित भएको हेर्नुपर्छ।

(६) आयोगले अगाडिको महान कार्यको लागि सम्भाव्य स्थानमा चन्दा बटुल्ने साधन र उपाय पत्ता लाउने कोशिश गर्नुपर्छ।

(७) आयोगले सरकारसित सरकारी कर्मचारीहरुको नाममा एक परिपत्र पठाउन अनुरोध गर्नुपर्छ जसमा उनीहरु आयोगको काममा यथासम्भव सहायता गर्न सकून् र आयोगका सदस्यहरुलृ योग्य ठहराएका व्यक्तिलाई सदस्य नियुक्त गर्ने अधिकारका निम्ति सिफासिश गर्नुपर्दछ।

**विवरणको तर्जुमा**

आयोगको काम मर्कानुसार दुइ भागमा बाँडिने देखिन्छः- १ वर्तमान अवस्था र आवश्यकताहरुको सोधखोज र २ प्राथमिक, माध्यमिक, विश्वविद्यालय तथा प्रौढ शिक्षणसहित राष्ट्रिय शिक्षणको सर्वांगीण पद्धतिका निम्तिको योजना।

विवरणको पहिलो अंश धेरैजसो नेपालमा शिक्षाको वर्तमान स्थितिको निरीक्षण बारे लेखिएको छ। दोस्रो अंशले राष्ट्रिय शिक्षणको योजनाको प्रचार गर्दछ। तेस्रो अंशले आयोगको सिफारिशहरुलाई छोट्याउँदछ। चौथो अंशले शायद यस किसिमको लृखका निम्ति एउटा अनौठाको नयाँ पद्धति छ। यहाँ प्रस्तुत गरिएका केही समस्याहरुको अत्यावश्यकताले आयोगलाई शुरु शुरुका विचार विमर्शमा निश्चित सल्लाह दिन कर लायो र ती श्री शिक्षामन्त्रीज्यूबाट छिटै नै कार्यान्वित गरिए। यसभन्दा अगि एक आयोगका सिफारिशहरु विवरणको रुपमा नलेखिएसम्म कदाचितै कार्यान्वित गरिएका होलान्।) यो विवरण लेखिन लागेको समयमा यस्तो कार्यवाही चलिरहेकै हुनाले आयोगले यस परिस्थितिबाट स्वतन्त्र रहेर पहिला दुइ अंश लेख्न र छाप्न पठाउनुभन्दा अगि आयोगका सल्लाहबाट खडा भएको

शिक्षा मन्त्रालय

कार्यक्रमको अवस्थाको पुनर्निरीक्षण गर्न स्वीकार गऱ्यो।यो काम विवरणको चौथो अंशमा गरिएको छ।

शिक्षा मन्त्रालय

# परिच्छेद २

## ऐतिहासिक पृष्ठभूमी

देशको भौगोलिक परिस्थिति र संस्कृतिलाई सुहाउँदो भएमा मात्र कुनै देशका शैक्षिक सुविधाहरुको जाँच अर्थयुक्त हुन सक्छ। कुनै विदेशी संस्कृतिको नभई, जनताको आवश्यकता पूर्ति गर्ने उद्देश्यले रच्नुपर्ने हुनाले राष्ट्रिय शिक्षा योजनाको विकाश राष्ट्र र त्यहाँका प्रजाको भावनामा विहित हुनु ज्यादै महत्वको छ। समय र स्थानको अभावले गर्दा यी कुराहरुको विस्तृत विवरण हुन सकेको छैन तापनि यस परिच्छेदमा नेपालको भौगोलिक रुपरेखा, जनताको ऐतिहासिक पृष्ठभूमि, संस्कृतिका केही शिष्टताहरु र शैक्षिक विचार दिने प्रयत्न गरिएको छ।

**नेपाल**

उत्तरतिर आफूभन्दा १४ गुणा ठूलो आकारको भोट(तिब्बत) र पूर्व, पश्चिम तथा दक्षिणतिरबाट झर्ने भारतको नयाँ प्रजातन्त्र राज्यको बीचमा नेपाल प्रायः एक समकोण आयत चतुर्भुजाकार राष्ट्र छ। मोटामोटी २५० कोश लमाइ, ४५ देखि ५५ कोशसम्म चौडाइ भएको यो देशको क्षेत्रफल अन्दाजी १३,५०० वर्गकोश अर्थात ५४,००० वर्गमील छ। यस सर्वतन्त्र स्वतन्त्र राज्यमा लगभग पचासी लाख चानचुन बुहभाषाभाषी प्रजाजन बस्तछन्।

ऐतिहासिक रीतिबाट, पूर्वमा सप्तकोशी ब्याँसी र पश्चिममा सप्तगण्डकी तथा कर्णाली ब्याँसीको माझमा रहेको काठमाडौँको आयताकार खाल्डोलाई नेपाल नाम दिइएको छ। बाग्मती र उसका स्वयंपोषक शाखानदीहरुबाट सिंचित काठमाडौँ उपत्यका, बाँकी नेपालका उच्च पर्वतीय नदीहरुबाट विलकुल अलग रहेको र उत्तरमा तिब्बतको हिउँले ढाकिएका टार तथा दक्षिणमा गांग भारतका अत्याट लाग्दा, बल्दा र समथर मैदानका बीच मध्य बाटोमा स्थित छ। चारैतिर पहाडहरुले घेरिएको,अत्यन्त मलिलो, घना बस्ती र २५०० वर्षभन्दा पनि अगिदेखिको लेखांकित इतिहासमा सभ्यता तथा संस्कृतिले युक्त यो खाल्डो वास्तवमा अत्यन्त सुन्दर छ। नेपाललाई निम्न तीन भागमा बाँड्न सकिन्छ :-

(१) तराईको अयनवृतीय प्रदेश - तल्लो समथर जग्गा र ४००० फीटसम्मको ऊँचाइका होचा पहाडहरुका बनाच्छादित पाखाहरु।

(२) १०,००० फीट ऊँचाइसम्मको मुलुकको भित्री भागका उपत्यकाहरुलाई बेह्रेको केन्द्रिय समशीतोष्ण कटिबन्ध प्रदेश र

(३) १०,००० देखि २९,००२ फीटसम्म माथि उठेको हिमालयको ढाडसहितको उत्तरीय प्राचीन उत्तर ध्रुवीय प्रदेश (Paleo-arctic region) ।

यी तीन प्रदेश सामान्यतः तीन भिन्न भिन्नै पशु-भौगोलिक जगतको अनौठा पशुपक्षी र वनस्पति जुटाउँछन्। यी तीनमध्ये तल्लो गंगाको तट (cis-Gangetic) प्रदेश, बीचको गंगापारको अथवा हिमवत्प्रदेश र उत्तरको चाहिं उच्च पर्वतीय वा प्राचीन उत्तर ध्रुवीय (Paleo-arctic or Alpine) प्रदेश छ।

तल्लो क्रान्तिमंडलस्थ प्रदेशमा १० देखि १५ कोश चौडा जमीनको लामो टुक्रा छ। यो भूखंड नेपाल र भारतको बीचमा नेपालको दक्षिण सीमानाको रुपमा रहेको छ। यस टुक्राका केही भागमा खुला समथर मैदा र केही वन जंगलले ढाकिएका पहाड तथा ज्यादै औलो लाग्ने उपत्यकाहरु छन्। दक्षिण सीमानादेखि ५ कोशभित्र फैलिएका तराईका ज्यादै उब्जाउ समथर खेतहरुपछि फोस्रो बलौटौ ढंुगाका पहाड-श्रेणीको फेदीसम्म अन्दाजी ६ कोशको बाक्लो जंगललाई छुट्याउने ब्याँसीको टुक्रा ठाउँ ठाउँमा, खास गरेर पूर्व नेपालका टप्पू प्रदेशमा ढड्डी र ज्यादै सप्रेका वनस्पतिहरुले पटेर धापिलो जमीनले बनेको यो भूभा साँच्चिको तराई हो।

नेपालका भावर झाडी कहिने जंगलहरु अचानक उठेका र पूर्वदेखि पश्चिमसम्म फैलिएका छन्। यी जंगल मुख्य गरी सिमलसित मिसएका सालका रुखहरु र मन्तिर उम्रेका घाँस र बूटाबूटीले बनेका छन्। यस महावनले पारीपट्टीको  दक्षिण उप-हिमवत्प्रदेशको उत्तर किनाराका छेउछाउमा रहेका बलौटे चुरिया अन्तरगिरि शिवालिक (Sivalic) को पर्वतश्रेणीका पाखाहरुलाई ढाक्तछ।

अग्ला अग्ला पहाड र चोखा जंगलले ममास्तिर वयाएवायु मनसुन (Monsoon) लाई छेक्ने हुनाले बढता चिसोपन र केही बढेको तापमानसहित यस प्रदेशको जलवायु भारतीय मैदानकै बराबर छ। यसले जुटाएका पशुपक्षि र वनस्पति भारतको बंगाल र आसममा पाइने हात्ती, गैडा, साम्भर, बंदेल, भैसी-राँगा, चित्तल तथा विभिन्न जातका मृग आदि जस्तै उकनासका कित्ताका छन्।भैसी-राँगाहरु ९००० फीटको ऊँचाइसम्म पाइन्छन् , दश हजार फीटदेखी माथि चौँरी र तिनका खच्चर झुम्मुले यिनका स्थान लिएका छन्। तराई प्रदेशको पक्षीजीवन भारतको मलावार किनार र आसामका चराहरुसित धेरैजसो मिल्दोजुल्दो छ। धनेस, कुथुर्के बजेवा, जुरेली र लाहाँचेहरु यहाँ पनि पाइन्छन्। आबाद गरिएका ठाउँ र जंगलका छेउछाउमा भारतीय मैदानका धेरै सामान्य चराहरु पाइन्छन् , लामा खुट्टा भएका पानी ढुकुर, सिमकुखुरा, र जलेवाहरु यहाँका खोलानाला तथा सिमसार जग्गामा हिउँद विताउँछन्। शीतऋतुले धेरै किसिमका हाँस र कऱ्याङकुरुङका जातका चराहरुलाई भोटबाट बसाइँ सार्न आकर्षित गर्दछ। यिनीहरु पहाडमा हुर्कन्छन् र छोटो अवधिको जलवायु परिवर्तनलाई मैदानमा झर्दछन्।

**मध्य भाग**

यो प्रदेश तराईको भन्दा १० देखि १२० कम तापमान भएका ४००० देखि दश हजार फीटसम्मका अग्ला पहाडहरुको समूह स्थान कहिन्छ। यसमा पूर्वदेखि पश्चिमसम्म नेपालको वारपार एक अखण्डित बार हाल्न ८००० फीटमाथिसम्म उठेको महाभारत पर्वतश्रेणी सम्मिलित छ। परस्पर सम्मुख दिशामा रहेका सप्तकोशिका वा सप्तगण्डकी अथवा मर्यादित कर्णाली नदीका साँघुरा खोंचहरुले यो पहाडी पर्खाललाई ठाउँ ठाउँमा छेडेका छन्। महाभारत श्रृंखला र खास हिमालय श्रेणीको बीचमा घना बस्ती भएका दुम्जा, पोखरा, काठमाडौं जस्ता अनेकौं सुरम्य दून छन् जहाँ राष्ट्रको अधिकांश जनसंख्या खचाखच केन्द्रीभूत छ। यो मध्यभागको पशुजगत हिमालयकै जस्तो छ। यस प्रदेशमा हुने धेरै किसिमका पशुहरु नेपालमा मात्र पाइन्छन्, जस्तै मलसाप्रो, काठे भालू र अरु भालू र विशेष याल नभएको दुम्सी इत्यादी पशुहरु भारतीय प्रायद्वीपमा पाइँदैनन्। चिभे, जुहीन[1] , मिल्ला[2] , झुलु[3] , रानीचरी, च्याखुरा इत्यादि चराका सबै जातिहरु बिलकुलै नभए पनि झण्डै यस प्रदेशमा अप्राप्य छन्। यस परिधिभित्र पाइने सरीसृपहरु अधिकांश शुद्ध हिमाली कित्ताका छन्। मुलुकको यो भागमा हिउँ छैन, तर कुनै कुनै ठाउँ यस्ता छन् जहाँ हिउँदमा घोर हिउँ पर्छ। यो पहाडी श्रृखंलबाट अनेकौं खोलानाला निस्केका छन्, मलुकका ठूल्ठूला र महत्वका बस्तीहरु यही भागमा बसेका छन् , सम्पूर्ण सभ्यता र संस्कृति यही प्रदेशको छ।

दश हजार फीटदेखि माथि हिमाल कहिने उत्तरी प्रदेश दोस्रो गिरिदुर्गबाट शुरु हुन्छ। यसमा अयनवृत्तिय (tropical) विशेषता केही छैन। यो हिमालय र मध्य भागमा जो पनि छ ऋतु पाउँदछ। भारतका तीन ऋतुहरुदेखि बिलकुल भिनन यी ऋतुहरु नेपालका प्राचीन शिलालेखहरुमा मानिएका छन्।

हिमवत्प्रदेशको जंगल शंकाकार र फल फल्ने सल्लो जातका रुख, कन्दप्रधान चिमल, गुराँस, उत्तीस र त्यसभन्दा माथिको तह फूलका गलैंचाले बनेको छ। १३ देखि १४ हजार फीटमा वृक्षपंक्तिको क्षेत्रदेखि माथि सङलो पानी भएका नदी र शान्त ताल सरोवरहरुसहितको कालो ढुंगा भएको नाङ्गो प्रदेश फेला पर्छ। यस प्रदेशदेखि प्राचीन उत्तर ध्रुवीय कित्ताका पशुहरुलाई स्थान दिएर पूर्वीय जातिहरु लुप्त छन्। विचित्रका ठूला पशुहरुमा हात्ती, कस्तुरी, मृग, झारल, घोरल, थार र चमरी पाउँदछौं। सल्लाका जातको जंगलहरुमा धेरै किसिमका भ्याकुर

[1] धोबिनीको भेद,

[2] सारौंको भेद,

[3] तोपचराको भेद

(warbler), कोटेरो (tit) र फिष्टो (finches) चराहरु पाइन्छन्, तर निम्नप्रदेश पक्षीजगतमा प्रमुख देखिने बोलिरहने सारौका विभिन्न जातिहरुको अभाव स्पष्ट देखिन्छ। कालो मुख भएको सारौं पूर्व नेपाललाई छोडेर ठाडै हिमरेखामा पाइन्छ। वृक्षपंक्तिदेखि माथि चराहरु ज्यादै कम पाइन्छन् र लेखालो काग (ravens) , माटोकीरो (dippers), भित्ता छढ्ने भङेरा जातको चरो (wall creepers), तोतु (accentors) तथा लेखालो चराहरुमा ज्यादै राम्रो डाँफे (grandala), सजिलैसित भेट्टाइने किसिमका छन्। १२ हजार फीटदेखि माथिको ऊँचाइका ढुंगे पहराहरुमा सानो नेपाली फिष्टो[4] पाइन्छ र भोटका सेता बजवा स्नो -पिजन (snow-pigeon) का बथान पनि असमान्य छैनन्। मोनाल (monals), जुरोवाल कालिज (tragopans) कालिजका अरु भेद (blood and chest phesants) र हिउँ लुइँचेको जात (snow-cocks) यस प्रदेशभित्र पाइन्छन्।

यो प्रदेश मुलुकको एकदम उत्तरी र ज्यादै कम बस्ती भएको भाग हो। महान् हिमराशि सहितको यो खास हिमालय हो। यसका हिमाच्छादित कोणाकृतिका पहाडहरु कन्दराबाट निस्केर तराई र भारतको विशाल मैदानलाई पाट्ने बाङ्गाटिङ्गा अनेकौं नदीनालाहरुलाई जीवन प्रदान गर्दै शान्त आकाशमा माथिसम्म उठेर प्रकाशमान छन्।

**नेपाली प्रजा**

खास हिमालय श्रेणिका अत्यन्त ठूला शिखरहरुबाट सोझै दक्षिणतिर पातलो होचो हुँदै गएका अजङ्गका पर्वत श्रृंखलाहरु छन्। यिनीहरु हिउँमा उठेर आखिरमा नेपालको बीच ढाडमा वग्सँग घुस्नुभन्दा अगि १० कोश वा बढ्ता उक्लन्छन्, ओर्ल्हन्छन् र नागवेली पर्दछन्। यी गिरिपृष्टहरुमा स्यार्पा, कागते, थाक्से -काँठे भोटे) मुर्मी र रोग्पा कहिने संसार प्रशिद्ध आरोहीहरुका बस्ती बसेका छन्। यिनीहरु शुद्ध भोटे उत्पतिका छन् र यिनले हिमालयपारीका आफ्ना दाज्यू भाइहरुको वेषभूषा, चालचलन, रीतिथिति र शारीरिक लक्षणलाई अपरिवर्तित राखेका छन्। यिनीहरु नेपाली जातियाको गर्व राखेर पनि भोटेहरुसित स्वतन्त्र भएर विहाबारी गर्दछन् र दलाई लामा तथा पोतालाको धार्मिक सम्प्रदायलाई अपनाउँछन्। भोटे पद्धतिको शिक्षा, स्तुतिहरु रहेको उत्कीर्ण लेख, ढुंग्रोको आकारका बट्टा, ध्वजा, फीत्ता र पताकाहरुसहितका गुम्फा -विद्यामन्दिर) हरु यस प्रदेशका धार्मिक चिन्ह छन्। ६ देखि १० हजार फीटसम्मको ऊँचाइका पहाडहरुमा एक छेउदेखि अर्को छेउसम्म र तलका आफ्ना पहाडी घरहरुमा बस्ने मिश्रित वंशका गोरखालीहरुभन्दा यिनीहरु शारीरिक कदमा अग्ला, धेरै राम्रा, ज्यादा उत्सुक, उत्साही र बढता निस्पिक्क्र छन्। भोटेहरु जस्तै यिनीहरु पिठ्यूँमा चुल्ठा लटकाउँछन् र गोरखाली टोप तथा फित्तावाल सिपाही जुत्ता लगाउँछन्। गोरखालीहरुको

[4] कीरा फट्याँङग्राहरु खाएर बस्ने फिस्टो (wren)

विपरीत यिनीहरु ठूला व्यापारी पनि छन्। व्यापरका निम्ति तिब्बत र चीनसम्म पुग्छन् र तर भारीय मैदान तथा समुद्रपारीसमेत ओर्ल्हन्छन्। आफ्नो जातीय विलक्षणताले यिनीहरु रोज्ने योग्य खालका उत्तम नभाँडिएको स्वभावका मानिस छन्।

६ हजार फीट आसपास र तलका पहाडहरुमा ती साँच्चिकै गोरखालीहरुका गाउ छन् जसले अचेल आफूलाई संसारका केही महान् लडाका जातिहरुमाको प्रख्यात गराएका छन्।आफ्ना घरदेखि माथि१५ हजार फीटसम्मको ऊँचाइसम्म यिनीहरु स्यार्पाहरुसित एउटै चरन जग्गामा आफ्ना पशुहरु चराउँछन्।

परस्पर एउटै दिशामा बग्ने नदीहरुले सिक्त्त यो मध्य ढाड.मा पूर्जदेखि पश्चिमसम्म आफ्नै खास प्रान्तमा उस्तै गरी सीमित भएर बसेका लिम्बु, राई याकथुम्बा, खम्बु, किराती, लेप्चा, यस, मुर्मी, तामाड., वायु, नेवार, सुनवार, सुनपार, चेपाङ्, थामी, दनुवार, माझी, कुसुन्डा र आफूलाई चारजात घले, लमजुंगे, पुन आदि विभिन्न उत्पत्तिको दावा गर्ने गुरुङ्, मगर, खस, ठकुरी तथा ब्राम्हणहरुका जाति छन्। यिनमध्ये अघिल्लाले भन्दा पछिल्लालले मात्र अरुको अपेक्षा आफ्नो वंशलाई चोखो राखेका छन्। यी वर्णसांकर्य नै खसदेखि स्पष्ट मंगोल कित्ताका मुर्मीसम्मका सारा जातिहरुको वर्गीकरण गर्न कठिनाइकाृ मुख्य कारण छ। बाम्हण र नोकरीबाट अवकाश-प्राप्त सैनिक अफिसरहरु गाउँका पाठशालाहरुमा पढाउने पेशा लिन्छन् तापनि अधिकांश जातिहरु आफ्नो राम्रो संगठन हुनाले प्रेरणाका निम्ति गुम्फातिर हेर्दछन्।

तलका औलो लाग्ने दुनहरु र तराईमा धेरै जसो धिमाल, बोटे र अर्द्धमगोल उत्पतिका थारुहरु बस्दछन्। यिनीहरु स्थानअनुसार मैथली, भोजपुरी र अवधी भाषा बोल्दछन्। यी जनता अरुहरुको भन्दा औलोको दुःखदेखि मुक्त रहेर जंगलको छेउछाउमा बस्दछन्।

संगसंगै शुरुशुरुको आष्ट्र-एशियालाई जातिका आदिवासी भिल्लहरु छन्। यिनीहरुमा छेन्द्रयि कटिबन्धका कुसुन्डा र तराईका सतार र मुसहरहरु आखिरी सिलसिला हुन सक्छन्। तराई शुद्ध द्रविद्र शव्द हो। तार, ताल र थाल शव्द आर्यपूर्वको परिभाषाका केही उदाहरण छन्। तामिल, कन्नड.र कच्छी बोलीमा यिनको अर्थ तल हुनु हो। तराई शव्दको ठीक अर्थ पनि त्यही हो। इसा पूर्वको सातौ शताव्दीमा आर्यहरुको आगमनपछि यो बडो.कुतूहल उव्जाउने जाति दक्षिणतिर धपाइएको देखिन्छ जहाँबाट यिनीहरु आए। यस तराई प्रदेशमा बाम्हण, कायस्थ, ग्वार, रजपूत र शुद्ध भारतीय उद्भवका मुसलमानहरु पनि छरिएर बसेका छन्। थारुहरुसरह यी पनि धेरैजसो मैथली वा अवधी बोली बोल्दछन्।

तर हिमवत्प्रदेशका जनताको जातिवन्धनका विषयमा दृढ मत दर्शाउन अवश्य असम्भव छ। फेरि, यहाँ यस्ता मिश्रित गाउँ र प्रशस्त उदाहरण छन्। जहाँ यो जातीय दर्जा फेलेर बदलिएको पनि छ। यस सम्बन्धमा कोही पनि सीमाना वा उँचाईको आधारमा ठाडो रेखा खिच्न सक्तैन।

**नेपालको सांस्कृतिक सम्पति**

चीनको आफ्नो इतिहास छ त नेपालसित पनि उसको वंशावली छ। सक्त तथागत अर्थात विपस्वी बुद्ध, शिखी बुद्ध, क्रकुच्छनद बुद्ध, विश्वभुव बुद्ध, कनकमुनि बुद्ध, बुद्ध काश्यप र शाक्यमुनि सिद्धार्थ गौतम बुद्ध जस्ता शुरु शुरुका युक्तिवादीहरुका नेपालको सीमानाभित्र रहेका समाधिहरु छिमेकका जनताले विचार गर्नुभन्दा धेरै अघि मुलुकका मिश्रित जातिहरुलाई एक राष्ट्रमा ढालेको प्रमाण दिन्छन्। तराईको पिप्रहवा गाउँमा भगवान् गौतम बुद्धको नश्वर अवशेषलाबई समाधिस्थ गराइएको उल्लेख गर्ने ब्राम्ही लिपिमा लेखिएको प्रथम आर्य भजन पाइएको छ। जसले सद्गत गर्ने चलनको स्थापना गरेको छ र जसलाई नेपालका प्राचीन राजाहरुले आफ्ना सारा महत्वपूर्ण सिलालेखहरुमा उद्दत गरेका छन्  तथा जुन अद्यावधि नाटीकुटीसहित नेपालमा अनुशरण गरिन्दैछ।

**ऐतिहासिक र सांस्कृतिक पृष्ठमूमि**

ईसवी सन्को प्रारम्भमा शासन गर्ने लिच्छवि राजाहरुको आविभविभन्दा एघारदेखि पन्ध्र सय वर्षअगि यलम्बदेखि गस्तिसम्मका ३० परम्परागत किराती राजाहरुको अधीनमा नेपाल एक शक्तिशाली राज्य थियो।

कुनै कुनै पौराणिक भारतीय वीर (खासगरेर महाभारतका अर्जुन) छैटौं किराती राजा ह्युङ्तीको शासनकालमा नेपालमा आएका देखिन्छन्। किरातीहरु आफ्ना रीतिथिति र चालचलनमा सादा थिए र आजकल गोरखालीहरुले लिने खुकुरीको शुरुको रुप किके भिर्दथे। भारतीय वीर शिकारमा मारिएको बंदेललाई दखल गर्ने कुरामा जुधे तर भारतीय वीरको हार भयो। यस घटनालाई लिएर प्रसिद्ध भारतीय कवि भारविले भारतीय साहित्यमा अत्यन्त सुन्दर किरातार्जुनीयम् काव्य रचेका थिए। सूर्यर्माका शासन समयमा नेपालमा पवित्र स्थानहरुको आदर गर्न गौतम बुद्ध नेपाल खाल्डोमा आएका देखिन्छन्। २५० वर्ष ईसापूर्व लुम्बिनिमा अशोकको आगमन हुँदा किराती राजा स्थुंको नेपालमा शासन गर्दथे।

यवन ग्रीक इतिहासकार तलियो र सर्वप्राचीन चीनी इतिहासहरु किरातीहरुको उल्लेख गर्दछन। यो र शुरु शुरुका अरु लेखहरुबाट किरातीहरुको प्राचीन जाति हिमालयका उच्च र सुख्खा टारहरुबाट तल गङ्गा र नजीकका तटवर्ती भूमिमा फैलिए भन्ने निश्चय गर्न सकिन्छ।

यलम्ब, दुष्कम, ह्युङ्ती आदि गरिएका किराती राजाहरुको वंशावलीले नेपालको इतिहासमा केही महत्वपूर्ण समयहरुको स्पष्ट संकेत गर्दछ। साथै बौद्ध र जैन साहित्य यस कुराका ज्वलन्त प्रमाण छन्। चोखा र प्रामाणिक भारतीय इतिहासमा नेपाल ईसाभन्दा लगभग चारैं शताव्दीअगिदेखि देखा पर्दछ। यस कालमा भएका कौटिल्य नेपालमा बनेका ऊनी वस्त्रहरुलाई नयपालीकम् नामले उल्लख गर्दछन। दुर्भाग्यवश, पौराणिक कालका उपाख्यानहरु अतीतका भारतीय घटनाहरुको कल्पनामा भौत्तारिन्छन्।

लगभग २५० वर्ष ईसाअगि अशोकले ४ पल्टन साथमा लिएर नेपालको सीमानाको यात्रा गरे, तर उनले हिमालय पर्वते वामन को हातबाट विपत्तिकर परिणाम भोग्नुपर्‍यो। अशोककी छो।री चारुमतीले खम्बु गंगुल (वर्तकान पाटन शहर) मा बस्ने शाक्य परिवारको एक साधारण व्यक्ति देवपालीसित विवाह गर्नमा आफ्नो इज्जत सम्झेको कुरा प्ाचीन नेपालमा फैलिएको उच्च सभ्यताको प्रमाण छ। पछिबाट, चाबहि (चामेल) मा भिक्षुणी बनेर राजकुमारीदले आफ्नो शेष जीवन एकाग्र चिन्तनमा बिताइन्।

नेपालका लिच्छवि राजाहरुका शिलालेखहरु श्री आरेल स्टोनले मध्य एशियामा पाउनुभएका लेखहरुसित ज्यादा ल्दािजुल्दा छन्। हालै पत्ता लागेका ऐतिहासिक प्रमाणहरुद्वारा नेपालको सभ्यता उत्तर-पश्चिमतिरबाट आएको सिद्ध हुन्छ। यत्किन्चित् श्रावस्तीसँग यसको सम्बन्ध भए पनि मगधसंग यसको कुनै सम्बन्ध देखिदैन। सर्वसाधारण प्रजाको पथ-प्रदर्शन गर्ने प्रजातान्त्रिक पंचायत (गाउँका निर्वाचित पंचले शासन गर्ने) पद्धति यस कालमा उन्नत थियो।

आर्य सभ्यता पनि उन्नत थियो। भृङ्गी विहार, खर्जुरिका विहार, गुम विहार, देवकुल र राजकुलहरु जस्ता विद्यापीठहरु ईसवी चौथो शताव्दीमा यहाँ थिए। ढुंगा कुँद्ने (शिलालेख) विद्या चरम उन्नतिमा थियो र वैदिक फलित ज्योतिषले साधारण मानिसको जीवन संचालन गर्थ्यो। धार्मिक स्वतन्त्रता थियो, विभिन्न धार्मिक मतहरुमा स्वतन्त्र बहस हुन्थे। वृहस्पति, यम, उसना र अनुपरम जस्ता कविहरुको फलिफाप थियो। व्यापारीहरुको रत्नसघ जस्ता संगठित समाज थिए। सुई-चिङ्-चु आदि बोद्धहरुको भारत भ्रमणको वर्णन गर्ने चीनी ग्रन्थ ईसापछिको छैटौं शताव्दीको आरम्भसम्म समृद्धिशाली गुप्तहरु वा नालन्दा जस्ता विश्वविद्यालयको उल्लेख गर्दैनन्। यिनै कुराहरुका आधारमा श्री एल.फ्लीट र श्री भिन्सेन्ट स्मिथ गुप्त संवत्लाई नेपाली उत्पत्तिको र भारका गुप्त सम्राटहरु आफूलाई कमसेकम नेपालका राजाहरुसंगको वैवाहिक सम्बन्धद्वारा लिच्छवि वंशको (लिच्छवि दौहित्र) हुनमा गौरव मान्दथे भनेर ठोकुवा गर्दछन्। प्रायः छैटौं सदीको उत्तरार्द्धमा प्रधानमन्त्री श्री अंशुवर्माका साथ नयाँ देवदेवीहरु, द्वैध प्रभूत्व, धार्मिक र धर्मनिरपेक्ष संस्थाहरुको वर्गीकरण, नयाँ

व्याकरणको रचना, नयाँ प्रणालिका सिक्काको टकसारी र कैलाशकट भवनको स्थापना प्रयोगमा ल्याइए।

मानांक र गुणांकपछिको अंशुवर्माको सिक्कामा दाहिनेतिर फर्केर हिडिरहेको भावमा अगिल्लोको एक खुट्टा उचालको सूर्यसमान तेजिलो अर्द्धचन्द्राकार मुखलाई विपरीत दिशामा फर्काएर उडिरहेको चीलको जस्तो टाउको र पखेटा तथा सिंहको जस्तो शरीर र पन्जा भएको एक कल्पित जन्तुको टकले राजनैतिक बलको असीम बृद्धि देखाउँछ। त्यसै समयदेखि नेपालले आफ्नो झनडा र सिक्कामा श्री पशुपतिनाथको प्रभावशाली नाम राख्ने परम्परा चलेको हो। फेरि, यसै समयदेखि नेपालका राजाहरुले स्वंय परम भट्टारक महाराजाधिराज अथवा राजराजेन्द्र को उपाधि लिएका हुन्।

**भोट (तिव्बत) को जागरण**

यही समयमा एक नयाँ जातिले स्वयं निर्मित भएर भोट (तिव्बत) मा गति-शक्ति सन्चय गरी दक्षिण-पूर्वी एशियाको राजनैतिक समताको मूलमै कुठाराघात गऱ्यो। इतिहासको शुरुदेखि नै नेपालले यी उत्तरी यक्ष (यख) हरुको ठूलो संखयालाई आत्मसात् गरेको छ। तर समयको प्रतिकूल नेपालले दक्षिणतिरका कोमल छिमेकीतिर ९ल्केर एकलासको तिब्बतमा दुइ समर्थवान नेताहरुको नेतृत्वमा संगठित भएका आफ्ना उत्तरमा बन्धुहरुलाई बिर्स्यो। पचास वर्षभित्र भोटेहरु चीन, नेपाल, काश्मीर र भारतलाई हल्लाउन सक्ने भयंकर भए।

भारतका पुराणहरु यी उत्तरवासीका गतिविधिको विषयमा मौन छन् तर यी उत्तरी आक्रमणकारीहरुबाट धेरै हानि सहनुपरेको चीनले यिनीहरुको निर्माणका विभिन्न अवस्थालाई खूब नियालेर हेरेको छ। हिमालयवारी  नेपालले आफ्नो श्रेष्ठ सभ्यताको बलमा आघातको प्रत्याघात गरेर भोटेहरुलाई शान्त र निस्तेज पाऱ्यो।

चीनी इतिहास उल्लेख गर्दछ - पहिला राजा बोद (युल) ले आग्नय दिशामा ब्राम्हणहरुको मुलुकसम्म आफ्नो सीमाना बढाए। ताङ वंशको आरम्भमा (ईसवी सन् ६२० तिर) उनले एक लाख सैनिक जम्मा पारे। पश्चिम भोट सारा विजित भयो र भारत बिजय गर्ने ठूलो संख्यामा सैन्य संग्रह गरियो।

भोटे (तिब्बत) साम्राज्यका संस्थापकका छोरा र उत्तराधिकारीले आफ्ना बिजयहरुद्‌वारा बाबुलाई माथ गरे। उनले थन-मि-अनुको नेतृत्वमा सोह्र जनाको एक दललार्य साहित्यका रहीयको अध्ययन गर्न नेपालमा पठाए। यो दल एउटा वर्णमाला लिएर फर्क्यो जुन त्यस कालमा नेपालमा चलेका अक्षरहरुको झण्डै प्रतिरुप थियो। यसले तिनताकको उत्तर भारतका गुप्त

शिलालेखहरुमा प्रचलित वर्णमालामा नपाइने भोटे उच्चारणका ज्यादै मिहीन चिन्हहरुसित आफूलाई मिल्दो पाऱ्यो।

भोटका राजाले अंशुवर्माको छोरीको पाणिग्रहण गर्ने इच्छा प्रकट गरे। चतुर राजनीतिक अंशुवर्माले यो मागको हार्दिक स्वागत गरेर नेपाललाई भोटको आक्रमणबाट बचाए।

नेपालले भृङ्गी विहारका विद्वान् शीलवर्मालाई भोट पठायो। यिनले भोटमा बौद्धगतका प्रचारको वयान लेखे। यिनीपछि काश्मीरबाट तबुत र गनुत्त भोट गए। थोमि सम्भोतको समयमा बौछ धर्मग्रन्थहरुका अनुवादको काम शुरु गरियो। यसको परिणामस्वरुप संस्कृत र चनिी (म्याण्डेरिन) भाषापछि भोटे भाषा एशियामा विचार प्रकट गर्ने प्रबलतम माध्यमहरुमध्ये एउटा थियो।

औषधि-विज्ञानमा पनि नेपाल अरु मुलुकहरुभन्दा धेरै पछि थिएन। औषधि-विज्ञमासम्बन्धी संस्कृतको महान ग्रन्थ सुश्रुतका प्रसिद्ध टीकाकार चक्रपाणि यही भएका थिए। महर्षि याज्ञवल्क्यदेखि नीलदेवसम्मका विद्वान्हरुको भव्य ताँतीले नेपाललाई प्रसिद्ध पारेको छ।

कला र व्यवसाय जगतमा नेपालको स्थान उच्च छ। ल्हासाका रमोच्छे, चुग्ला-खाङ्ग र पोताला प्रासादको तल्लो खण्ड अद्यावधि सातौं शताव्दीको नेपालको डागव (Pagoda) शैलीका काराीगरीको जीवित प्रमाण छन्। पछि तेह्रौं सदीमा आफ्नो कला चातुर्यले बलबाहु (अरनिको) चीनमा अमर भएका छन्। उनकै समकालीन मतिध्वजले हे-बज्र तन्त्रको रहस्य चीनका तत्कालीन सम्राट कुबलय खाँलाई सिकाएका थिए। भवनहरुमा डागव (एड्क-प्यागोडा) पद्धतिको निर्माण कलाको उत्पति नेपालमा भएको हो। इन्द्रगृह, मानगृह, कैलाशकूट तथा भद्राधिवास भवनहरुको निर्माणमा देखाइएको अद्भूत कलात्मक योग्यताले त्यस कालमा ज्यादै कदर पाएको थियो। काठ र घातुको काम तथा उसमाथि पनि सूक्ष्म कलाहरुले विशेष स्थान पाएका थिए। खास गरेर काठ र घातुमा ज्यादै उच्च दर्जाको कलात्मक दक्षता देखिन्थ्यो।

हाम्रो मुलुक सबै उत्तर र दक्षिणको साँस्कृतिक विचारको सम्मेलन भूमि बनेको छ। यहाँ हिन्दू संस्कृति र बौद्ध संस्कृतिले परस्परमा खूब मजासित मिसिएर यहाँका मन्दिर र चैत्य, घर र महल, सामाजिक उत्सव, धार्मिक यात्रा-मेला, रीतिथिति र चालचलन तथा नाच-गानहरुमा चिन्ह्न पाइने एउटा भिन्नै संस्कृति खडा गरेका छन्।

हाम्रो मुलुकले ईसाको एघारौं शताव्दीमा दक्षिणबाट विघर्मीको धक्का खप्न नसकी भारीतारी लिएर शरण पर्न आएका बौद्ध विद्वान्हरुलाई आश्रय दिएको छ। अर्को तिर दक्षिणमा दुष्प्राप्य

पुस्तकहरुलाई हामीहरुले संरक्षित राखेका छौं। यी सब कुराहरुबाट हाम्रो देशले इतिहासमा प्रभावशाली मुख्य भाग लिएको स्पष्ट देखिन्छ।

यो उज्वल आदिकालपछिको अन्धकार युगल हामीलाई अनभिज्ञ पारिदियो र हामील आफ्नो महत्व विर्स्यौं। हाम्रो इतिहास विदेशीहरुको हातमा पऱ्यो। अहिले उनीहरुले हामीहरुलाई शिक्षा र प्रकाश दिने काम हातमा लिए र विदेशीहरुको झलमिलाउँदो तेजको आगाडि हाम्रो ज्योति टिमटिमाउँदो देखियो। यसरी हामहिरुले हाम्रा जिम्मेवारीहरुलाई भुसुक्कै विसिदियौं।

**ऐतिहासिक दृष्टिबाट शिक्षाको विकाश**

नेपालमा शिक्षाको विकासल यो दशलाई आर्यहरुको ब्राम्हनवाद, नेपालीहरुको बौद्धमत र भोटे-बर्मी जातिको बनपोवादमा भ्रातृभाव राख्न सिकाउने शिक्षकको रुपमा प्रतिबिम्बित पार्छ।

कुनै अर्थमा पनि ज्यादै प्रचार भएको वा विश्वव्यापी नभए तापनि, पचहत्तर वर्षभन्दा कमअगाडि भारतबाट पैठारी भएको अंग्रेज िपद्धतिको आगमन र लगभग दश वर्षअगि गांधीको आधार शिक्षा प्रणालिलाई प्रयोगमा ल्याउनुभन्दा पहिले कैयन् शताव्दीसम्म यिनै शिक्षापद्धति उन्नत थिए। अचेल नेपालमा भएका स्कूलहरु धेरैजसो प्रचारमा सधै अरु किसिममाथि प्रभुत्व जमाएको आर्य साँस्कृतिक प्रभावमा परेका देखिन्छन्।

नेपालको उत्तरी सीमानामा अझसम्म रहिरहेका केही गुम्बाहरुमा बौद्ध प्रभाव स्पष्ट देखिन्छ , तैपनि यो शैषिक पद्धतिको साँच्चि नै अध्ययन गर्न चाहनेले अब भोट जानैपर्छ। भारतमा आर्य आक्रमण र नेपालमा आर्य संस्कृत पद्धतिको प्रवेशले धेरैजसो नेपालमा उन्नत भएको शुरुको पद्धतिलाई विस्तारै उत्तरतिर ठेल्यो। पुराना शिलालेखहरुमा नामशेष हुनुबाहेक मातृभूमिबाट हराइसकेको नेपालका शैक्षिक संस्थाहरुमा परम्परालाइ भोटले आजसम्म कायम राखेको छ। तिव्वतमा नै ठूल्ठूला बौद्ध मठ (गुम्बा) हरु स्थापित भएका थिए।

यार्लुङ् र चोङ्धीका गुम्बा तथा ल्हासा र यार्पाका मन्दिरहरु बनेपछि ईसवी सन् ७०१ मा ल्हासादेखि तीन दिनको बाटोमा स्थित सम्यामा अर्को विद्यापीठ स्थापित भएको थियो। त्यसपछि गाण्डेन, द्रेपुङ् र सेरा जस्ता विश्वविद्यालय नगरहरुले विद्याप्रचारको काम गरेका थिए। यिनीहरुमा क्रमैसित ३३००, ७७०० र ५५०० छात्र तथा शिक्षकहरु बस्तथे। पन्ध्रौ शताव्दीको पहिलो तचुर्थाशमा यिनीहरु स्थापित भएका थिए। भोटभर र नेपालको उत्तर प्रदेशमा समेत छरिएर रहेका अरु असंख्य साना ठूला गुम्बाहरुसित यिनीहरुको सम्बन्ध थियो। भोटका संस्थाहरु खँदुवा चट्टानमा साह्रो ढंगाले बनेका थिए। कीराहरुको बिलकुल अभाव हुनाले भोटका ठूल्ठूला घरहरु नेपालका इमारतहरुभन्दा राम्ररी कालको खियाड्मा जड्नसकेका छन्।

प्राचीन नेपालका मठहरु र मठसम्बन्धी व्यवस्थाको झलक देखाउन भोठका केही गुम्बा र तत्सम्बन्धी व्यवस्थाको वर्णन गर्नु स्वोंकृष्ट उपाय छ।

गुम विहार (बुद्धनाथ), गणिचैत्य (स्वयम्भूनाथ), खज्जवहि (खर्जुरिका विहार), पाटनको मानदेव संस्कारित विहार र मृंगरिश्वर (मृंगीविहार) जस्ता प्राचनि श्रद्धाका पवित्र स्थानहरुलाई छोडेर नेपालबाट अन्यश्रद्धाबाहेक मठीय शिक्षा परम्परा बिलकुल हराएको छ।

नेपालका प्राचीन शिलालेखहरुबाट यस देशका पुराना राजाहरु वैदिक देवताहरुको मूर्ति कुँद्न लगाएर मन्दिर निर्माण गरी तनि वेदलाई जति मान्दथे उति नै विहारहरु खडा गरेर तिनका निम्ति गूठी राखी बोद्धमतको पनि सम्मान गर्दथे भन्ने स्पष्ट देखिन्छ। नेपालका बौद्ध विहारहरुका मुख्य मुख्य विलक्षणताहरु भोटका गुम्बाहरुमा पठाइए जहाँ तिनले विद्या र संस्कृतिका केन्द्र भएर प्राचनि शिषाका सारा विशिष्टतालाई आजसम्म थामिराखेका छन्। आफ्ना गूढ विचारमा मग्न भएका नेपालका बौद्ध शिक्षकहरुले साधारण ज्ञानको लागि आम नेपाली  जनताको आवश्यकतातिर केही ध्यान दिएको थिएन।

यद्‌यपि नेपालका राजाहरुको उदार दानले बोद्ध विहारहरुको उन्नती र संख्यामा बृद्धि हुँदै गयो तापनि आर्य वैदिक धर्म र (घण्टा, स्तुति तथा सुवासित धूपहरुसमेतको आकर्षक पूजाविधिले युक्त मूर्ति तथा राम्रा र भव्य मन्दिरहरुसहितको) बाम्हणवादको पहिलो धक्काले नेपालका बौद्ध विहारहरुको दशमांशलाई नाश गर्‍यो।

राजा मानदेवपछि राजा बसन्तदेवका समयमा आर्य बौछ दवताहरुको संयुत्तत लक्षण भएका मास्येन्द्र जस्ता द्‌वेध देवको पूजा गर्ने प्रथा चल्यो। यस प्रथाले विद्‌योपार्जनका अनेकौं संस्थाहरुको स्थापना गर्‍यो। ईसाको सातौं शताव्दीका शुरुमा प्रधानमन्त्री अंशुवर्माले संख्यामा बढ्‌दै गयका यो संस्थाहरुको वर्गीकरण गरे। उनको वर्गीकरणअनुसरा नेपालमा शैव, वैष्णव र बौछ सम्प्रदायका भिन्नै विद्‌यालय थिए।

यो कुरा लिइएको शिलालेखले पारस्परिक सम्झौताको शुद्ध आधारमा कल्पना गरिएको आफूखुशी कर-निर्धारणको रुप प्रकट गर्दछ। देवकुल र राजकुल, गुरुकुल र ऋषिकुल आदिबाट अनुसरण गरिएका स्पष्ट आर्य विद्‌या-पीठहरु थिए। सोही प्राचीन विद्‌यापीठहरुका अनुसरणबाट गुरुकुल र ऋषिकुलहरु नेपालका पोखरा, डोटी, दिङ्ला इत्यादि विभिन्न भागमा पाउने स्वतन्त्र आधारमा खडा भएका थिए। पछिबाट म्याकलेको सिफारिश अनुसार यिनीहरु पाश्चात्य ढंगका विद्‌यालयमा परिणत गरिए। मन्दिरहरु स्वयं पनि विद्‌यामन्दिर थिए र व्याकरणलाई अगि बढाउनमा अंशुवर्माको अघिबाटैको ढल्काइबाट राज्यका केही ज्यादै

प्रभावशाली व्यक्तिहरु स्वयं शिक्षक थिए भन्नृ अनुमान हुन्छ। तर विद्यार्थीहरुले उनीहरुका शिक्षाको रुचिअनुसार आफैं शिक्षकहरु खोज्नुपर्दथ्यो। बौद्धहरुको उल्टो आर्य शैक्षिक संस्थाहरु क्र संगठित थिए र बौद्ध साथ िस.स्थाहरुको भन्दा थोरै मद्दत पाउँदथे।

वैयाकरण पांणिनिले संस्कृतलाई व्यकारणका ज्यादै कडा नियममा बाँधे। यसल गर्दा त्यो भाषा साधारण मानिसको पहँचदेखि बाहिर भयो। त्यसको व्याकरणका नियमहरुमा पोख्त बन्न विद्यार्थीहरु धेरै समय बिताउँदथे। यसमा ८ वर्षभन्दा बढता समय लाग्ने शिक्षाको प्राथमिक र माध्यमिक अवधिपछि पनि ६ वर्षभन्दा बढी समय बितथ्यो। यसपछि पनि उनीहरुले वेद, मोमांसा, साहित्य, ज्योतिष वा विशिष्टता हासिल गर्न चाहने जुनसुकै विषयका ग्रन्थ अथवा पाठ्यपुस्तकहरु घोकेर कण्ड पार्नुपर्दथ्यो। यसको परिणामस्वरुप उनीहरुले पढिरहेका विषयको अर्थ र प्रकरण नबुझीकनै जीवनको ठूलो हिस्सा विद्याभ्यासमा लगाउनुसपर्दथ्यो। कुनै पनि परीक्षा, आलोचनात्मक अध्ययन, प्रतियोगिता उपयुत्तत संस्थाहरु र कला तथा विज्ञानका विभिन्न शाखाहरुको विशेष योग्यता प्राप्त शिक्षकहरुको अभावले धार्मिक विधि र प्रार्थना, टुनामुना  र अनेक रुपमा देवताहरुको पूजासित सम्बन्धित गतिरोधक नियमष्ठितालाई स्थान दियो भन्ने पनि कसैको धारणा छ। यस समितिका एक सदस्य पण्डित श्री सोमनाथ शर्माले स.स्कृत शिक्षाको झुकाउको विवरण यस प्रकार दिनुभएको छ -

"नेपाल राष्ट्रमा पुराकालको शिक्षाको पूर्वमा के कस्तो थियो भन्ने विषयमा यथार्थ निर्धारण गर्न आनुक्रमिकइतिहास दुर्लभ र प्रकीर्ण वृतान्तहरु पनि पूरा प्रकाशित नहुनाले साधनको कमी छ।"

"पहाडी प्रदेशतिर डोटी, जुम्ला, पाल्पा, तनहुँ जस्ता पश्चिमी प्रसिद्ध प्रादेशिक राज्यहरुमा अगि पनि केही संस्कृतका विद्वान्हरु भएका सुनिन्छ। तिनका खानदानका घरमा पाइने संस्कृत पुस्तकहरुले सो कुरा प्रमाणित गर्दछन्, तर विशेषतः ज्योतिष, पुराण, कर्मकाण्ड, वैद्यक, केही व्याकरणको ज्ञान थियो। वेद, वेदाङ्गदर्शनहरुको परिज्ञान विशेष थियो भन्न सकिदैन। पछिको समयमा पोखरातिर काशी, मिथिलाहरुमा पढेर आएका वैयाकरण आदि कोही विशिष्ट विद्वान् भएको सुनिन्छ। पूवी पहाडमा दिङ्ला जस्ता कुनै ठाउँमा मात्र पछिको कालमा केही संस्कृत विद्या प्रचलित थियो। पूर्वी भागमा भन्दा पश्चिमी भागमा केही सभ्य राज्यहरु हुनाले तिनमा केही विद्या अगिदेखि थियो। पहाडी प्रदेशमा प्रायः वैदिक पौराणिक शैवधर्म नै मान्ने जनताको अधिकता हुनाले थोरबहुत यहाँ जति विद्या थियो संस्कृत विद्या नै थियो। अरु साधारण पहाडी भागमा साक्षरताको मात्रा बहुतै कम थियो। त्यतातिर क्रमशः साक्षरता केही बढ्दै आएको भए पनि साक्षरतालाई निरक्षरताले नै अझ जितिराखेकै छ।

"तराई प्रदेशमा मिथिलाको नजीकतिर विशिष्ट विद्वान् थिए। अहिले पनि महोत्तरी जनकपुरतिर दार्शनिक वैयारण आदि प्रसिद्ध विद्वान्हरुको परम्परा पाइन्छ। मिथिला प्राचीन विद्यापीठ हुनाले त्यसको आसपासमा संस्कृत विद्याको प्रभाव पर्न आउनु स्वाभाविकै हो। वर्तमानमा तराईका अरु भागमा पनि कही कही विद्याको ज्योति झुल्केको देखिन्छ तापनि अगिको समयमा सर्वसाधारण तराई प्रदेशमा विद्याको प्रचार थियो भन्नलाई प्रमाण पाइँदैन।

"नेपाल खाल्डामा अगि वैदिक पौराणिक मर्म र कालक्रमले तान्त्रिक धर्मको प्रचार थियो। तदनुसार वैदिक पौराणिक तान्त्रिक पद्धति तत्सम्बन्धी देवताका पूजा उपासना चले, मन्दिरहरु निर्माण भए। बौद्धधर्म प्रवेश भएपछि सो पनि पूर्व धर्मसंग अविरोधी भएर प्रचलित हुन आयो। यी धर्मवालाहरुले संस्कृत भाषा नै अपनाएका हुनाले यी सबै धार्मिक सम्प्रदायको विधिविधानमा संस्कृतको घनिष्ट सम्बन्ध थियो। जो जति शिक्षित कहलाउँदथे तिनमा न्यूनाधिक मात्रामा स.सकृतको परिज्ञान थियो।

"यहाँको पूर्व परिस्थितिको विचार गर्दा धैरै अगिका निर्णयक साधनहरु विशेष उपलव्ध भएका छैनन्। वैक्रम छैटौं शताव्दीका मानदेव, सातौं शताव्दकिा अंशुवर्मा, आठौं शताव्दीका जयदेव आदिका उपलव्ध शिलालेखहरुमा प्रौढ कक्षाको संस्कृत लेख देखिनाले त्यसभन्दा पूर्व समयदेखि नै संस्कृतको जग बसेको रहेछ भन्नुपर्छ। अंशुवर्माले स.स्कृतको व्याकरण बनाएका थिए भन्ने चीनी यात्री ह्युएन-सांगको इतिवृत र गोपलि वंशावलीको लेखबाट पाइन्छ। जयदेवले श्री पशुपतिमा कमल चढाएको शिलालेखमा खुद जयदेवले नै बनाएका सुन्दर संस्कृत श्लोक पनि छन्। यसबाट पूर्व राजाहरुमा पनि संस्कृतको विशेष ज्ञान प्रमाणित हुन्छ। पछिपछिका शिलालेखमा नेवारी नेपाली भाषाका पनि अभिलेख पाइन्छन् तापनि अगिका शिलाभिलेखहरु संस्कृतकै देखिन्छन्। प्रजाहरुमा केही रकम माफी आदि सर्वसाधरण उपभोगका शिलालेख पनि अनि संस्कृतमै लेखिएका पाइनाले संस्कृत सर्वसाधारण बोध गराउने भाषा थियो भन्न सकिन्छ। राजाहरुका प्रशस्तिमा पनि लामा लामा समास भएका प्रौढ संस्कृत शव्दको प्रयोग देखिनाले संस्कृत अगिदेखिको आदरणीय पवित्र भाषा थियो भन्नमा अत्युक्ति छैन। पूर्वपरम्पराबाट आइरहेका संस्कृत शव्दको उपयोग आजसम्म लिखित घनिक नाम, ऋणिक नाम, वादी प्रतिवादी साक्षी, स्वस्तिश्री, शुभम् इत्यादि व्यवावहारिक कागतहरुमा, पदकहरुमा, कार्यालयका नामहरुमा यस्तै विषयान्तरमा पनि प्रचुर मात्रामा हुँदैछ। चिरस्थायी गराउने लेखहरु अझ पनि प्रायः संस्कृतमा लेखिदैछन्।

"पछिका मल्ल राजाहरुका समयमा पनि संस्कृतको आदर प्रचार रहेछ भन्ने दृष्टिलाई संस्कृतका उत्कीर्ण अभिलेखहरुले समर्थन गर्दछन्। भत्ततपुरका मल्ल राजाहरुले भाषमिश्रित

संस्कृतमा रचना गरेका नाटकहरु पाइन्छन् । १७०० वैक्रमाव्दका राजा जयप्रताप मल्ल स.स्कृतका विशिष्ट कवि थिए जसको नाममा कवीन्द्र उपाधि जोडिएको छ। यिनका धेरै शिलालेखहरुमा आफ्नै स.स्कृत रचना छन्। ठबहिल विक्रमशील विहारमा रहेको शतसाहसिका प्रज्ञापारमिता पुस्तकको परिशेषमा उनले र उनकी रानी लालमतीले रचना गरेका २।२ श्लोक देखिनाले राजपरिवारमा पनि संस्कृत शिक्षा चलेको रहेछ भन्ने स्पष्ट हुन्छ। यिनका छोरा पाथिवेन्द्र मल्लको पनि संस्कृत रचना शिलालेखमा उपलव्ध छ। ठाउँ ठाउँमा चलेका भजन, नाटक, नृत्यसंगीतहरुमा पनि समयले अपभ्रष्ट भएका संस्कृत वाक्यहरुको प्रचुरता पाइन्छ।

"अर्वाचीन गोरखाली राजाहरुको समयमा त अनेक शास्त्रका विद्वान्हरुले नेपालमा संस्कृतको विकास गराएको देखिन्छ। १८ रौ वैक्रम शताव्दीको आरम्भमा पर्वत राज्यमा राजा मलैबमका आश्रित प्रेमनिधि पन्त विशिष्ट विद्वान् भए जसका रचना मल्लादर्श (शिवताण्डवतन्त्रको टीका), प्रायश्चित्तप्रदीप, श्राद्धकर्मविधि, कार्तवीर्यपद्धति, शव्दार्थचिन्तामणि (शारदातिलक व्याख्या) आदि अनेक प्रौढ ग्रन्य छन्। श्री ५ पृथ्वीनारायण शाहका समयमा भक्तविजय, पृथ्वीन्द्रवर्णनोद् काव्यका कर्ता ललितावल्लभ कवि, कवितानिकषोपलका कर्ता लक्ष्मण कपि, विजयतिलकका कर्ता अग्निधर पण्डित, प्रशस्तिरत्नका कर्ता रामचन्द्रोपाध्याय। १८५० वैकमाव्दतिर श्री ५ रणबहादुर शाहका समयमा जयरत्नाकर नाटक, पुरश्चरण दीपिकाका कर्ता शक्तिबल्लभ अर्ज्याल, वाणीविलास सिद्धान्त, वार्षिक रत्नावली, पुरश्चरण पद्धतिहरुका कर्ता वाणी विलास पण्डित। रत्नदीप, पलमायन्त्र आदि ज्योतिष ग्रन्थका कर्ता लक्ष्मीपति इत्यादि अनेक विद्वान् भए। १९ औं वैक्रम शताव्दीमा विशिष्ट विद्वान् महादेव पाण्डेयका पूत्र चिरन्जीवी पाण्डेय व्याकरण न्यायहरुमा धुरन्धर विद्वान् भए जो प्रसिद्ध विद्यापीठ काशीमा पनि सूप्रतिष्ठित र ब्रिटिश सरकारबाट समेत समादृत भई आगरा संस्कृत विद्यालयमा र काशी संस्कृत महाविद्यालयमा पनि प्राध्यापक भए। पण्डित नीलदेव पन्त नव्यन्याय आदि दर्शन विद्यामा प्रौढ विद्वान् काशीमा पनि प्रतिष्ठित विद्वान्मा अग्रगण्य थिए, जसका शिष्यमध्ये वेदान्तमा सुप्रसिद्ध महामहोपाच्याय चित्रधर मिश्र मिथिलामा प्रसिद्ध थिए। यिनै नीलदेवका पुत्र वाचस्पति पण्डित नेपालमा स.स्कृत विद्याको प्रचारमा अग्रसर थिए। नेपालमा सुप्रतिष्ठित सुकृतिदत्त पन्तको रचना कार्तवीर्यविजय महाकाव्य नैषयको टक्कर दिन्छ। २० औं शताव्दीमा सरदार छविलाल सूरिले कुशलवोदय नाटक, सुन्दरचरित्र नाटक, वृत्तालंकार, विरक्तितरंगिणीहरु बनाई प्रकाश गरेका छन्। विशिष्ट वैयाकरण खकु-याल पण्डित, नव्यन्यायका विद्वान् हृदत्त जीवनाथ, काव्य साहित्यका विद्वान् विद्यानाथ चालिसेहरु प्रसिद्ध थिए। पछिको समयमा व्याकरण र षडदर्शनका विद्वान् गंगादत्त गोताये, व्याकरणका

विशिष्ट विद्वान् विष्णुहरि रिमाल, विश्वनाथ रिमाल इत्यादि अनेक विद्वान्हरुले नेपालमा स.सकृत विद्याको गौरव बढाएका छन्।

"नेपालमा अगिदेखि कुन विद्या कति मात्रामा थियो भन्ने विषयमा अनुसंधान गर्दा पहाडतर्फ वेदमा संहिता, गृहस्थी कर्मकाण्ड, कथा पुरान, ज्योतिष, काव्य, केही व्याकरण, धर्मग्रन्थ, यतिसम्म विषयका विद्वान्को नाम पाइन्छ। त्यतातिरका पुस्तक पनि यिनै विषयका पाइन्छन्। कही कुनै समयमा एकाब विशिष्ट विद्वान् भएन हुन् भन्न त सकिदैन। तराई भागमा मिथिलाको वातावरणले भेट्टाएसम्म दर्शन, व्याकरण, ज्योतिष, धर्मशास्त्रहरुको विद्या प्रचलित थियो। नेपाल खाल्डामा त नेपालमा लेखिएका यनुःसंहिताबाहेक अरु वैदिक ग्रन्थ, दर्शन ग्रन्थहरु अगिका देखिदैनन्। व्याकरण, धर्मशास्त्र, पुराण ज्योतिष, काव्य, वैद्यक, थोरबहुत वेदान्तहरुको प्रचार थियो। पुस्तक पनि पुराना यिनै विषयकमा पाइन्छन। तन्त्र विषयमा भने अति प्राचीन ताडपत्रमा लेखिएका समेत पाइने र बन्धुदत्त आचार्य आदि अगिका विशिष्ट तान्त्रिकहरुको ख्याति पनि हुनाले तांन्त्रिक युगदेखि यहाँ तन्त्रविद्याको विशेष महिमा र प्रचार रहेछ भन्ने बुझन्छ। मिथिलातिरबाट विश्रमीहरुको आक्रमणको भयले कति दार्शनि र बौद्ध विद्वान्हरु नेपालमा शरण लिन आएछन्। तिनीहरुको प्रवेशले गर्दा मैथिलाक्षर मागवाक्षरहरुमा लेखिएका न्यायग्रन्थ बौद्ध दार्शनिक ग्रन्थहरु नेपालमा प्रविष्ठ भएका सरकारी पुस्तकालयमा देखिन्छन्। भक्तपुरमा विश्वनाथ भट्टाचार्य आदि केही तान्त्रिक बंगदेशी र मैथिली विद्वान्हरु आई तन्त्रको प्रचार गरेको सुनिन्छ। भक्तपुरतिर तान्त्रिक प्रयोगहरुको अति प्रचार हुनाले मल्ल राजाले गरेको तान्त्रिक कोट्याहुति देवप्रतिष्ठा प्रयोगको एउटै विधि ठूल्ठूला तनि ठेली, २०००/२४०० पत्रको राजकीय पुस्तकालयमा छ। काष्ठमण्डप, भक्तपुर, ललितपतनहरुमा धेरै तान्त्रिक देवमन्दिर र प्राचीन राजभवनहरुमा देवदेवीहरुका शिल्पपूर्ण मूर्तिहरु पदपदमा जडिएका, कुँदिएका, लेखिएका देखिनाले आस्तिक सम्प्रदाय यही पूर्वकालदेखि चिरकालसम्म प्रभावशाली रहेछ भन्नमा अत्युक्ति हुँदैन। बौद्धकालमा बौद्धधर्मका विद्वान् आचार्यहरु पनि यहाँ धेरै सुप्रतिष्ठित भए। प्राचीन संस्कृत बौद्धग्रन्थ पनि यहाँ प्रशस्तै पाइन्छन्। भारतको तिव्बतसित धनिष्ठ सम्बन्ध गराउने माध्यमिक काश्मीर र नेपाल थियो। यही मार्गबाट यताका कैयन् विद्वान्हरु तिव्बतमा गएर बौद्धधर्मको प्रचार गर्दथे, त्यसबाट पनि यहाँ बौद्धसम्प्रदाय बौद्ध पुस्तकहरुको अभिबृद्धि भयो। पाली ग्रन्थको यहाँ प्रचार नभएकोले संस्कृतको प्रचारमा बौद्धसमप्रदाय पनि सहायक हुन आयो।

"नेपालमा पठन-पाठन विद्यालयहरुको प्रबन्ध कहिलेदेखि कुन रुपमा हुन आय। भन्ने विषयमा विचार गर्दा यो विदित हुन्छ कि - आर्यद्विजहरुको वर्णश्रम नियमानुसार ५ देखि ८

वर्षसम्ममा उपनयन भएर गुरुकुलमा बह्मचर्याश्रममा रहेर प्रायः २०/२५ वर्ष विद्याव्ययन गरेर स्नातक भई गृहस्थाश्रयमा प्रवेश गर्ने नियम थियो। ब्रम्हाचर्याश्रमको संयम पालन गर्ने शक्ति क्षीण हुँदा चाँडै नै समावर्तन गर्ने चलन भए पनि आफ्नै घरबाट वा देश परदेशमा गई गुरुको घरमा गएर पढ्ने गर्दथे। साधारण अध्ययन आफ्नै निवासमा बसेर गरे पनि विशेष विद्याका निमित्त व्याकरणहरु काशीमा, न्यायहरु नवद्वीप, मिथिला आदि प्रसिद्ध स्थानमा गएर विशिष्ट विद्वान्सँग पढ्ने गर्दथे। विद्वान्हरु पनि श्रघालुहरुले अर्पण गरेका अन्नवस्त्रहरुबाट सीदासादा दैहिक पारिवारिक जीवन निर्वाह गर्दै आफ्ना घर आँगन पिंडीमा बसेर पढ्न आउने शिष्यहरुलाई पुत्रवत् प्रेम गरी निःस्वार्थ अध्यापन गर्ने गर्दथे। सुमिष परिस्थिति, सीदासादा रहनसहन, सन्तोषी वृत्ति भएका विद्वान्हरु र तिनीहरुलाई हरतरह सहायता गर्ने श्रद्धालु जनता हुनाले विद्यामय जीवन सहजै निर्वाह हुन्थ्यो। भृतकाव्यापन हेय सम्भिक्न्थ्यो। विद्यार्थीहरु पनि जहाँ अनुकूल पर्दथ्यो गुरुकहाँ गएर पढ्ने गर्दथे। काशी नवद्वीप, मिथिलाहरुमा पढ्न जानेहरुले केही अगिको कालसम्म पनि खर्चको प्रबन्ध गरेर जानुपर्दैनथ्यो। उहाँ पुगेर पढ्न थालेपछि उदार जनताको आधारमा विद्यार्थीको जीवनयात्रा चल्दथ्यो।

"यही प्रथा अनुसार नेपालका विद्वान्हरु पनि आफ्ना घरैमा बसेर पढाउँथे। तिनको जिवन निर्वाह राजा र श्रद्धालु जनहरुले दान अर्पण आदिद्वारा चलाइदिन्थे। विद्वान्हरुको व्यवहार साधारण हुनाले विशेष संचयको आवश्यकता पनि थिएन। श्रीमान्हरु विद्वान्हरुलाई मद्दत गर्नु अक्षय कोष स्थापना सम्झन्थे। यसैले यहाँ सर्वसाधारण पाठशालाको स्थापनामा प्रयत्नको आवश्यकता देखिन्थ्यो। घर घरमा पठन-पाठन चल्दथ्यो। खकुर्‍याल पण्डित, विद्यानाथ चालिसे आदि कुनै विद्वान् आफ्नो निवासस्थान संक्रीर्ण हुनाले दिउँसो टुँडिखेल, वाग्मती तटमा गएर पढाउँथे भन्ने पनि सुनिन्छ। नीलदेव पण्डित पनि काशीमा बस्ता गंगातट, केशवको बगैचाहरुमा गएर पढाउँथे भन्दछन्। त्यसैले सर्वसाधारण पाठशालाहरुको प्रथा यहाँ अगि भएन। विद्वान्हरु छात्रका घरमा गएर पढाउने पनि गर्दैनथे। आफूकहाँ पढ्न आउनेलाई निःशुल्क पढाउँथे। कहीँ योगीहरुका मठहरुमा विद्याव्यवसाय चलिरहन्थ्यो। यसैले मठश्छात्रादि निलयः भन्दथे, न वा कोही राजकीय परीक्षा प्रथा थियो। पढिसकेपछि गुरुले योग्यताअनुसार केही प्रमाणलेख दिन्थे। पढेकाहरु समागम भएमा परस्पर शास्त्रार्थ गरी प्रतिष्ठा पाउँथे। त्यहीअनुसार लोकले कदर गर्दथ्यो। हाम्रो यहाँ सरकारतर्फबाट मौका मौकामा विद्वान्हरुलाई जम्मा गरेर शास्त्रार्थ गराई त्यसको निष्कर्षअनुसार नम्बरी अर्थात संख्यावान -गण्य भन्ने कदर गरी कक्षाअनुसार दक्षिणा दिने व्यवस्था पछि चल्न आयो।

"पहिले जेनरल जितजड.राजराजेश्रवरीमा विष्णुहरि पण्डितलाई आफ्ना तर्फबाट नियुक्त गरी पाठशाला खडा गरेर पढायन लगाएका थिए। पछि त्यो  पनि केही कालमा टुट्यो।। महाराज रणद्दीपसिंह कम्याण्डर इन चीफ श्री वीर शम्शेरले थोरै खर्चबाट धेरैको उपकार हुने विषयमा गुरुज्यु लोकराज पण्डित, नीलदेव पण्डित वाचस्पिति पण्डितहरुसंग परामर्श गरी यहाँ पाठशाला खडा गर्ने , पहाडी छात्रहरुलाई विहार बेलुका भोजन गराउने पाठशाला स्थापना गर्ने सद्विचार भयो। पाठशालामा नियुक्त भई पढाउन चाहने पण्डितको कमीले सो पाठशाला केही समय गुरुज्यूको बैठकमा केही समय वागमतीतटमा  रही विच्छिन्न भयो। फेरि रणउद्दीपसिंहबाट रानीपोखरीको उत्तरतिर टहरामा ७८ अध्यापक नियुक्त गरी १९३४ सालतिर व्यवस्थित रुपमा पाठशाला खडा गरी सर्वसाधारण विद्यार्थीहरुलाई व्याकरण, काव्य, ज्योतिष आदि इच्छाअनुसार संस्कृत शिक्षा दिने प्रबन्ध भयो। पछि संवत् १९४२ मा त्यो पाठशाला त्यहाँबाट राणमुक्तेस्वरमा सर्‍यो। त्यहाँ राम्रो किसिमसंग चल्न नसकेकोले महाराज वीर शमशेरले रानीपोखरीको पश्चिम भागमा लामो ठूलो भवन बनाई दरबारमा रहेको अंग्रेजी पढाउने स्कूल र संस्कृत पाठशाला पनि त्यही भवनमा तलमाथि तलामा गरी संवत् १९४८ मा सुव्यवस्थित गरी राखिंदा सर्वसाधारण शिक्षाको राम्रो जग बस्यो। त्यस पाठशालामा वेद, व्याकरण, काव्य, ज्योतिष आदि पढाउने १० जना विद्वान् नियुक्त थिए। प्रधान पण्डितको पदमा विष्णुहरि पण्डितको नियुक्ति भयो। इच्छानुसार पढेको विषयमा वार्षिक परीक्षा लिने चलन पनि भयो।

"संस्कृत छात्रावासमा (पाकशालामा) पहिले ५४ छात्र मात्र रहेकोमा वीर शमशेरबाट थप गरी १०८ छात्र रहने भए। पछि चन्द्र शम्शेर, जुद्ध शमशेरका समयमा श्री ५, श्री ३ का नाममा छात्रहरु थप हुँदै आई २००४/५ सालसम्ममा २१० छात्रसम्म रहने भए। हाल अगिको खर्चले नपुग हुँदा करीब १०० छात्र मात्र रहने भएका छन्। त्यही विहान बेलुका पढाउने घोकाउने पण्डित ४ जना पनि पहिलेदेखि नै नियुक्त रहेका छन्।

"यस पाठशालामा इच्छानुसार स्वतन्त्र पढाइ गरी परीक्षा लिने गरेकोमा ५५ सालदेखि गभर्नमेन्ट संस्कृत कलेज, बनारसमा व्याकरण मध्यमा आदि परीक्षा दिई उत्तीर्ण भए। यही क्रमैले बढी वर्ष वर्ष २०/२५/३० व्याकरण मध्यमा परीक्षा दिन जाने भए। पछि ज्योतिष र वेदमा पनि कोही परीषा दिन गए। शास्त्री आचार्य पढ्ने छात्रका निमित्त काशीमा पढ्ने नेपाली छात्र १० जनालाई छात्रवृत्ति दिने प्रबन्ध पनि वीर शमशेरबाट भएकोमा पछि बढ्दै गएर २०/२५ जनासम्मले सो छात्रवृत्ति पाउने भए। यहाँ रानीपोखरी पाठशालामा मध्यमासम्म मात्र पढाउने व्यवस्था थियो, तापनि ८० सालदेखि प्रधान पण्ढित सोमनाथल्े आफूखुशी विभिन्न विषयमा

शास्त्री आचार्यसमेत पढाई २/४जना उत्तीर्ण गराउन लाग्दा अरु अध्यापकहरुले पनि कसैले शास्त्रीहरु पढाई परीक्षा दिलाउने गर्दा सालसालै १०/८ जना शास्त्री आचार्यखण्ड परीक्षा दिने हुन लागेकोले यस पाठशालाल् उन्नति गर्दै आयो। पछि जुद्ध शमशेरबाट ८९सालमा यस पाठशालाका अध्यापकहरुको वेतन वृछि र ९० सालमा अध्यापकहरु पनि डबल गराएको हुँदा वेद, व्याकरण, न्याय, ज्योतिष, साहित्य यी ५ विषयमा मध्यमा परीक्षा दिलाउने व्यवस्ा भएकोले पाँच विषयमा मध्यमा दिने छात्रहरु र स्वतन्त्ररुपले नाना विषयमा शास्त्री आचार्य दिनेहरुको पनि स)ख्या वृद्धि हुँदै आई यस पाठशालाले राम्रो प्रगति देखाउन लाग्यो। यहाँबाट उत्तीर्ण भएका व्यक्तिहरुले पहाडतर्फ यत्रतत्र विद्याको प्रचार बढाउनको ालगि संस्कृत शिक्षाको प्रचार बढ्न लाग्यो।

"५८ सालमा देव शमशेरले जताततै शिक्षाको प्रसार गराउने उद्देश्यले चार भन्ज्याड.भित्र र पहाडतर्फ पोखरा, पाल्पा, धनकुटा आदिमा सम्त गरी ५७ प्रारम्भिक पाठशाला खडा गरकोमा परिस्थितिवश चन्द्र शमशेरका समयमा घट्तै आई १०/८ मात्र बाँकी रहे तापनि पछि समय समयमा ठाउँ ठाउँमा प्रारम्भिक पाठशालाहरु खुल्दै आए। तराईतर्फ मटिहानी जनकपुरमा गूठीको शेष आयबाट पाठशाला पाकशाला खडा भई संस्कृतमा उच्च शिक्षा दिंदै आउँदा विहारतर्फको संस्कृत मध्यमा शास्त्री आचार्य परीक्षासम्मको पढाइ हुन लाग्यो। तौलिहवा, कलैया, मौत्सरीमा पनि केही उच्च शिक्षा दिइने हुन आयो। पहाड पोखरा, दिड.लामा पनि संस्कृत शिक्षाले प्रगति देखाउन लाग्यो। यही क्रमले नेपालमा र पहाड मधेसतर्फ क्रमसँग सानातिना पाठशालाहरु बढ्दै आउँदा संस्कृत शिक्षाको सूचना साना ठूला थुंगा थपिदै आएर राष्ट्रले ज्ञानमाला लाउन लाग्यो।

**उपसंहार**

आदिकालका बौद्ध विहारहरु अनेक देव-देवीहरुका पुजाविधान र रुपहरुलाई अर्पण गरिएका साथी आर्य स.स्थाहरुभन्दा बेस संगठित थिए भनी माथि उल्लेख गरिसकिएको छ। भारतको प्रायः सम्पूर्ण गंगातटमा ब्राम्हणधर्मले अधिकार जगाएको समयमा सेतो हिमालयका केही अत्यन्त तीक्ष्ण बुद्धिबाट निस्केको बुद्धधर्म एक वैज्ञानिक धर्म थियो। बुद्धधर्म देखापरेपछि आफ्नो स्थिरत्वको निश्चित अवधि तोकिदिएर मानव जातिको अगाडि अथाह कालसागरमा भविष्यको भावना र वितिसकेका हजारौ वर्षको लेखामा ब्राम्हणहरुको आश्चर्यमय अनादिताको प्रतियोगितामा खडा भयो। आफ्ना मठहरुको एकलासमा स्वतन्त्र-विचारक बौद्धहरुले यो प्रयोगात्मक संसारका् सारहीन वास्तविकताहरुका बीचमा सर्वव्यापी नास्तित्वको मृगतृष्णामा आफूलाई नै छकाएनन्।

स्वस्थ मानव सम्प्रदायको सदस्य र त्यसका हितको जिम्मेवार भएर उनीहरुले रैती र राजाहरुबाट पाएका दान तथा विशेषाधिकारी दर्ता किताबहरुलाई जतनसाथ राखेका छन्। विहारहरुले तिनीहरुको रेकार्ड र मठहरुले दैनिक टिपोटलाई सुरक्षित राखेका छन्। क्रमागत कूलपतिहरुबाट सम्बधित, बौद्ध परिषद्बाट व्यवस्थित र प्रसिद्ध राजाहरुबाट संरक्षित, अनेकौं बुद्ध र उनका चेलाहरुबाट स्थापित र शुरु गराइएको शिक्षापद्धति तथा मठीय संस्थाहरुले उसको बढ्दै गइरहेका प्रतिष्ठाका क्रमिक स्थितिहरुलाई नेपालको अगाडि राखे। परिणामस्वरुप, ऐतिहासिक प्रत्येक बुद्धमाका अन्तिम सिद्धार्थ गौतमले, किराती राजा सूर्यमीका शासनकालमा नाला गाउँमा बसेर पहिलेका बुद्धहरुले ओगटेका पवित्र स्थानहरुको पूजा गर्दै एक वर्षऋतु विताए भन्ने उल्लेख भएको एक संलग्न वंशावलीको नेपालले गर्व गर्न पायो।

२३८ वर्ष ईसापूर्व भारतीय राजा अशोकले बुद्ध कनकमुनिको स्मृतिमा निर्मित स्तूपको जीर्णेद्धार गर्न शुरु गरेर २५० वर्ष ईसापूर्व स्वयं त्यस तीर्थस्थानको यात्रा गरे। त्यस समय उनले खडा गरेका शिलास्तम्भका लेखहरुबाट उनको बाटो अझसम्म चिन्हिदै छ। यो शिलास्तम्भहरु दुइ राज्यका बीचको प्रदेशमा छन्। यहाँ उनले धेरै बुद्धहरुका स्मृतिमा निर्माण गरका स्तूपहरुका ब्राम्ही अक्षरका शिलालेखहरुबाट इतिहासको पहिला पाठ पढे।

सिपालु इतिहासकारहरुले जीवनका वास्तविकताहरुप्रति हिन्दूहरुको सर्वथा उपेक्षाको भावनादेखि अरुचि नै अशोकका यात्राको मुख्य कारण स्थिर गरेका छन्। उत्तर पश्चिम संस्थाहरुबाट पाएको शिक्षाबाट नै उनले आफ्ना मुलुकमा स्तूपहरु बनाएर तत्कालीन भारतका देवताहरुलाई मिथ्या सिद्ध गरी आफूले हालै पाएको बुद्धधर्मको अनुसरण गरे।

महान् सिकनदरको आक्रमणपछि अशोक भारतमा बुद्धधर्मको सर्वप्रथम संरक्षक थिए। त्यसपछि एक हजार वर्षसम्म बुद्धधर्मले भारतका असभ्य बिजेताहरुलाई कोमल, शान्तछ र मिल्न सक्ने पारेको गौरव पायो। दुर्भाग्यवश, भारतमा हिन्दूधर्म र बुद्धधर्म मिलेर बस्न नसकी बीच बीचमा झगडा गरिरहन्थे।

अर्कातिर, भारतमा धेरै पहिलेदेखि छुट्टिएका र प्रतिद्वन्दी हिन्दू तथा बुद्धधर्म नेपालमा सबैतिर फैलिएर लिच्छवि संवत्को अरुणोदयमा करीब करीब मिलेर अहे। बौद्ध भिक्षुहरुले अनेकौं स्तूप र विहारहरु कैयन् स्वतन्त्र विचारवान् बुद्धहरुलाई अर्पण गरेका छन्। त्यस्तै, आर्यदेवता शंकर र विष्णुले दोलादि (चाँगु नारायण) र देव ग्राम (देवपाटन) को पवित्र उँचाइमा देवकुल (तोकिएका देवताको पूजाविधि र खास प्रार्थना सिकाउने विद्यालय) हरुसमेत आफ्नो बास स्थिर गरेका छन्।

यी दुइ मुख्य देवताहरुका बीचमा र वरिपरि स्थानीय पुरोहित, ब्राम्हण र लामाहरुका अरु साना देवताहरु थिए। यिनका बेग्लाबेग्लै मन्दिर, पूजाविधि र अनुयायी थिए। सँगसँगै सार्वभौम सत्ताका प्रतिरोधक सामन्ती सरदार र राजसत्ताको उत्तराधिकार छोरामा जाने प्रणालि भएको ठाउँमा उनीहरुलाई राजा र मुलुकको राजनैतिक संगठनप्रति भक्ति सिकाउने राजकुल (राजनीति शिक्षणलय) हरु थिए। त्यसपछि हामीहरु सन्तान दरसन्तानलाई मुलुकको इतिहास सिकाउने पितृकुलहरु पनि पाउँदछौं।

शिलालेख र वंशावलीहरुले हामीहरुलाई ईसाको सातौं शताव्दीसम्मको विकास देखाउँछन्। यस समयमा नेपाल गौरवको उच्च शिखरमा पुगेको थियो। आर्य धार्मिक विश्वासको प्रभावमा परिसकेका लिच्छविहरुले स्थानीय प्रचलित किराती भाषाको अपेक्षा संस्कृत भाषालाई लिइसकेका र स्वदेशी प्रान्तीय भाषाको अस्वीकारमा मुलुकको भाषासम्बन्धी एकता देखेका थिए। राजा मानदेवका शिलालेखदेखि नै हामी यो आर्य भाषालाई पुष्ट विचार र ललित साहित्यको माध्यम पाउँदछौं। सातौं शताव्दीदेखि यो भाषा एशियाई जगतभरी तर्क भावना र सौन्दर्यको सामान्य आदर्शरुपमा प्रचार भएको थियो। व्याकरणका कडा नियमहरुले यत्नपूर्वक परिष्कृत र अनेकौ देवकुल, राजकुल ऋषिकुल र गुरुकुलहरुसित सम्बन्धित यो भाषा कालान्तरमा साधारण मानिसहरुले बुझ्न ज्यादै जटिल भयो।

यस समयतिर घटनाक्रमले कसरी नेपाललाई फेरिउठेको तिव्बतसित सहभागी हुन मद्दत गऱ्यो र यो घटनाले कसरी उसको सम्पर्क हुन आयो जसबाट उसको राजनैतिक चाल फैलियो भन्ने कुरा हामीले माथि उल्लेख गरिसकेका छौं। अगाडिका हूणहरुका अकस्मातका प्रचण्ड आक्रमणले यो नयाँ आक्रमणकारीहरुबाट सम्झना गराइएको र हालैमा अरबहरुका उत्थानले चीनले भारतमा आफ्ना कर्मचारी र जात्रुहरु पठायो जसबाट उ ती असभ्यहरुका ताँती टुटाउन सक्तथ्यो। राष्ट्रहरुको यो नयाँ सम्बन्धमा हिमालयका कैयौं घाटीबाट वारपार गर्ने सजिलो बाटो दिन स्वीकार गरेर नेपाल ती दुइ जगतको मिलन केन्द्र बन्यो।

नेपालले भारतलाई बुद्धधर्म दियो। त्यसबाट उसले भिन्नै किसिमको उपमहाद्वीपमा धार्मिक एकता कायम राख्न मद्दत पायो। उसै गरी, अब नेपालको तिव्बतसित वैवाहिक सम्बन्ध भयो, जो साधारण मानिसको भाषा बोल्दथ्यो, जसले नेपाली लिपिको नकल लियो, उसका धर्मग्रन्थहरुको अनुवाद गऱ्यो र देवताहरुको प्रतिष्ठा गरेर गुम्बाहरु फेरि खडा गऱ्यो जसमा आजसम्म पनि प्राचीन परम्पराको छाप लागेको छ। नेपालको संस्कृति साहित्य, निर्माण र मूर्तिकलाले सभ्य चीनियाँहरुलाई समेत छक्क पारेर प्रेरणा दियो। उदार दानहरुले थेगिएर तथा सुहाउँदो गरी प्रोत्साहन पाएर विज्ञान उन्नत भयो। कैयन् विहारहरुमा विद्वान् लामाहरुले

धर्मग्रन्थ र आदेशात्मक लेखहरु रचेर तिनका प्रतिहरु वितरण गरे र स्वयं पनि कठोर अध्ययनबाट हटेर सुन्दर रंगीन चित्र र साना चित्रहरु लेख्नेतिर लागे।

तर नेपालका साधनहरु उसको गइरहेका आवश्यकताहरुका निम्ति पर्याप्त थिएनन्। इस्लामको आक्रमणले भारतमा अराजकता र अव्यवस्था फैलियो, चीन र भोट आफै लगातारको लडाइले थाके। स्रङ-सन्-ग्याम्-पोका उत्तराधिकारीहरुका शक्तिको मद्दत पाएका नेपालका लिच्छवि राजाहरु त्यो विप्लवमा गायब भए।

लिच्छविहरु हराएपछि मल्ल राजाहरु नेपालका प्रभू भए। लिच्छविहरुले बौद्ध र आर्य दवताहरुलाई मिलाएका थिए। तर मल्लहरुले दुवै धर्मलाई छुट्याए, व्यवसायीवर्ग र जातिहरुका निम्ति व्यवस्था र कानून ठेकिदिए तथा नाप र तौलको नयाँ प्रणालि चलाए जसले नेपाललाई एक अवधिसम्म अर्थसम्पन्न गरायो। इतिहासमा फेरि एकपल्ट हामी चीनी राजदूतहरुले एशियाको महापथबाट यात्रा गरेको र नेपालका राजाहरुसित सौगात तथा प्रतिनिधि मण्डलहरुको सट्टापट्टा गरेको पाउँदछौं। साहित्य निर्माण, कौशल, मूर्तिकला र चित्रकारीमा नेपाल श्रेष्ठ भयो। मल्ल राजाहरुसमेत नाटक रच्थे र स्वयं नाटकका पात्र भएर अभिनय गर्थे।

गोरखालीहरुको विजयले नेपालको संयोजन गर्ने ब्राम्हणवादको आदर्शलाई उसको लागी इतिहासमा दोस्रो पटक पूरा गऱ्यो। किरातीहरुका मिश्रित जातिबाट बसेको मुक्तिवादी बुद्धहरुबाट परिवर्तित र सभ्य गराईको तथा शुरुका आर्य सम्प्रदायको ब्राम्हणवादमा लीन भएको नेपाल आफ्नो चहकिलो राष्ट्रिय इतिहासका विभिन्न अवस्थाहरुबाट गुज्रयो। यसपछि आफ्नो राष्ट्रिय इतिहासको गतिलाई कायम राख्दै यूरोपका आर्यहरुको सम्पर्कमा आयो। "बेपारीले बाइबल ल्याउँछ र बाइबलले संगीन ल्याउछ"भन्ने गोरखाली आहान छ। तैपनि, श्री पृथ्वीनारायण शाहले प्राधान्यसित तोप, बन्दुक, पिस्तोल इत्यादि आग्नेय शस्त्रास्त्रहरुको प्रयोग गर्दा र नेपाली पल्टनमा युरोपीय अनुशासन घुसाउँदा गोरखालीहरुले विज्ञानको निष्पक्षतालाई माने र घोषित गरे। अहिलेलाई नेपालको इतिहासको प्रारम्भिक र आवश्यक मतलब यही अजोड रुपमा यथार्थरहेको छ। अहिलेसम्म नदेखिएको एउटा नयाँ सामीय (सेमिटिक) विचारधाराले[5] निरोपण नभएका दक्षिणी मैदानतिरबाट जति नै हिमालयका सयौं बाटोबाट ढोका घचघच्याइरहेको हुनाले यसको महत्व झन् बढेको छ। यसैकारण, हजारौं वर्षका कालको अनुकूल र प्रतिकूल प्रवाह हुँदा हुँदै पनि अकेला अडेको नेपालको इतिहास र संस्कृतिले उदार र हाल बढता भएको मानव समाजमा ठूलो प्रभाव पार्नुपर्दछ।

[5] देश देशावरको बयानमा "यहूदी जाति" शीर्षक लर्ख-पृष्ठ, ३६५-३८७

अर्कोतिर, बुद्धधर्मले आवश्यक रक्षा गर्न नसक्दा भारत इस्लामसितको कलहमा अल्भिक्यो। अन्त्यमा यूरोपको बलजफ्तीको घुसाइलाई कारण मानेर त्यसको विरुद्ध लड्दा लड्दै भारत हिन्दू-मुलसमान दंगाको झन खराब पाप-पंकमा फस्यो र पछि सन् १९४७ मा अंग्रेजहरुले स्वतन्त्रता प्रदान गरेपछि हिन्दुस्थान र पाकिस्तानको विभाजनमा प-यो। इस्लामको अधीनतामा धार्मिक खेदोको त्रासले त्रस्त र विदेशी आधिपत्यको प्रभाव र शक्तिको अति सन्तुलनले पथभ्रष्ट भएर भारत दुइ संसार र दुइ विचार-धाराहरुको बीचमा धरमरायो।

तर असहिष्णुता र धर्मोन्माद यी दुइ विचार नेपालमा अज्ञात छन्। नेपाली सबै देवतालाई खुशीसाथ मानदछ। आक्रमणकारीहरु मूर्तिभन्जक थिए र नेपालका देवदेवीहरुको मूर्तिमुटाल्थे, यसकारणले मात्र उसले इस्लामसित लडाइ खेल्यो। तैपनि, दुइ लाख मुसलमान नेपाल राज्यका प्रजा छन् र हिन्दु तथा बौद्ध दाज्यू-भाइहरुकै जति सतर्कताले उनीहरुको नागरिक हक, सम्पत्ति र धार्मिम स्वतन्त्रताको रक्षा गरिएको छ। फेरि, मल्ल राजाहरुमाका एक राजाले ईसाको अठारौं शताव्दीमा इटालीका धर्मप्रचारकहरुलाई उनीहरुका धर्मको प्रचार गर्न र नेपाली प्रजालाई त्यस धर्ममा दीक्षित गर्न पूरा अधिकार पनि दिएका थिए, तर सो काम धर्म परिवर्तन चाहनेको स्वेच्छाले हुनुपर्दथ्यो, जबर्जस्ती होइन।

नेपालमा बुद्धधर्ममाथि कुनै आपद परेको थिएन। राष्ट्रका निम्ति बाँच्ने अधिकार गुमाएपछि मात्र बुद्धधर्म खस्कँदै गएर अन्त्यमा लोप भयो। भिक्षुहरुको कठोर र एकनासको मर्यादा बौद्ध भिक्षुहरुका निम्ति मात्र अनुकूल थिया, ज्यादै चतुर र पृथक साधारण समाज तिनीहरुबाट फुत्क्यो। यसरी नेपालीहरु आफ्नो राष्ट्रको स्वतन्त्रतामाथि आघात गर्ने वा गर्न चाहनेहरुप्रति मात्र असष्णिु भएका छन् भन्ने स्पष्ट देखिएको छ।

आफ्ना निम्ति नयाँ बाटो बनाउनको लागि गोरखालीहरुले राष्ट्रिय स्वतन्त्रता कायम राख्न आर्य ब्राम्हिणधर्मको पुनरुद्‌वार अत्यावश्यक छ भन्ने राम्ररी बुझे। कैयन् शताव्दीसम्म बुद्धधर्मले सारा मोहडाहरुमा शत्रुहरुलाई निर्धो पारेर आफ्नो पितृभूमिको सन्तोषजनक सेवा गरेको छ। नेपालको मध्यभागमा बौद्ध जगत्ले धार्मिक भक्ति राख्ने सारा प्रमुख बौद्ध तीर्थस्थानहरु हुनाले बुद्धधर्मले दक्षिण-पूर्वी एशियाको सम्मिलनमा मुख्य भाग लिएको छ। ई.पू. छैटो शताव्दीमा बुद्धधर्मले हिन्दूधर्मलाई ललकारेको छ त इस्लामको आक्रमणसम्म बारंबार जितेर भारतलाई अधीनमा राखेका असभ्यहरुको फौजलाई कोमल र सभ्य गराउन उत्तिकै मदत पनि गरेको छ। कुनै प्रतिद्‌वन्दीलाई क्षमा नगर्ने अल्लाहका धर्मयोद्धाहरुको सामना गरेर बुद्धधर्म उसको उपयोगिताभन्दा बढ्ता अडेको छ। बौद्ध विहारहरुको दहनदेखि भारतबाट बुद्धधर्म अदृश्य भयो। आफ्नो लामो इतिहासमा दोस्रो पटक नेपाल र भोटले अगि

बढेर परम्परालाई कायम राखेका छन्। कैयन् ऐतिहासिक बुद्धहरु आर्य देवताहरुसित मिसिएर सँगसँगै पूजिन्छन्।

त्यसपछि पनि गोरखालीहरुले व्यावाहारिक प्रयोजनका निम्ति संस्कृत भाषा अप्रचलित भएको देखे र आर्यपरम्परलाई फेरि जगाउन तथा कायम राख्न पश्चिमबाट कैयन् अरु आर्यहरु आए। धेरै कालदेखि अलग रहनाले विर्सिएका उनीहरुले छिमेकको भारतमा आफ्ना भाषा र स.स्थाहरुको प्रचार गरे, जुन अहिले चिन्ह्न नसकिने भएका छन् तापनि, कैयौं शताव्दीदेखि नेपालले धार्मिक विश्वास र आफ्ना विचारहरुको माध्यमरुपमा लिएको स.सकृतका पहिला सन्तान छन्।

परम शक्तिशाली बिटिश आर्य साम्राज्य नेपालको सीमानासंग जोरिएको थियो। समता र शक्तिको समतोलनका निम्ति गोरखा चीनको भर परेको थियो जसलाई उसले सन् १७९२ को नेपाल-चीन युद्धपछि बिटिश साम्राज्य जत्तिकै शक्तिशाली ठानेको थियो। तर नेपाल सरकारबाट पाँच पाँच वर्षमा पेकिङ् जान खटिएका नेपाली राजदूतहरुका रिपोर्टले चीन साम्राज्यको शक्ति र भावनाप्रतिको गोरखालीहरुको विश्वासलाई हल्लाइ दियो।

संवत् १८७१-७३ को अंग्रेजसितको लडाईबाट वास्तविक शक्ति बुझेको नेपालले आफ्नो सैनिक शक्तिको निकासका निमित्त तिव्बतमाथि आँखा लगायो। बी.एच्. हगसनले ब्रिटिश साम्राज्यका अधीनस्थ राज्यहरुका अनिष्टको खतरा देखेर दबाउनालाई हल्का पार्न गोरखालीहरुलाई ब्रिटिश सेनामा भर्ना गर्न शुरु गरे। यसले मात्र खतरा हटेन। चीनको अनुपस्थितिमा रुसले दलाई लामा र भोटका बौद्ध मन्दिरहरुमा पहरा गर्ने अभिभारा लियो।

भयंकर हिमालयका बारहरु हुँदा हुँदै पनि, युरोपीय अनुशासन र युद्धकौशलमा पूरा तालीम पाएका र त्यस समय नेपालका हतियारखानाहरुले लगातार उत्पादन गरिरहेका गोलीगठ्ठा तथा जङ्गी असबाबहरुले सज्जित गोरखालीहरु सजिलैसित भोटमा रुसको मनसुबालाई राक्न सक्तथे। दक्षिणका सारा आक्रमणकारीहरुमध्ये नेपालीले मात्र सफलतापूर्वक भोटमाथि हमला गरेर त्यसको रक्षासमेत गर्न सकेका थिए भनी भोट र नेपालका लेखहरुले साबीत गरेका छन्। यसमा धार्मिक प्रभावसमेत थियो, भोटे र मंगोलहरु भोट र मंगोलियामा भएका बौद्ध, शैक्षणिक संस्था संगसंगै नेपालका बौद्ध स्तूपहरुका प्रति पनि भक्ति राख्तथे।

तर नेपाललाई दिएको प्रोत्साहनले रुससित झगडा गर्ने भयो जसलाई इंगल्याण्डले जतिसुकै हानि सहेर पनि रोक्न खोज्यो। सबभन्दा बढ्ता पहाडी घाटीहरुबाट भारत र मध्य एशियाको बीचमा व्यापारको लागि सोझै बाटो हुनाले नै नेपालको ज्यादा महत्व भएको इंगल्याण्डले मात्र

देख्यो। कालिम्पोङ् र सिक्किमबाट जेलेप-ला र नाबुलाको नयाँ व्यापारी बाटो खोलेर नेपालको बडत्वलाई धमिलो पारी अंग्रेजले सन्तोष मान्यो। भोटका दरिद्र मानिसहरुले अंग्रेज व्यापारीहरुलाई थोरै सुविधा मात्र दिन सक्तथे। अंग्रेजी पूजी नेपाल र भोटका खनिज सम्पत्तिको उपयोगलाई तयार थिएन। अंग्रेजहरुबाट भोटमाथिका आकांक्षाहरु कुण्ठित गरिएको नेपाल संसारको सम्पर्कदेखि बिलकुल छुट्टा भएर शिथिल हुन अपहती राणाहरुका हातमा गयो।

रुससितको संसर्गबाट हटाउन धूर्त अंग्रेज शासकहरुले बौद्धमतका दुइ पुराना शाखा महायान र हीनयानलाई फेरी उठाए र यी दुवै यानहरु एशियामा युरोपीय राजनैतिक चालका अपर्झटका दरकारमा प्रयोग गरिनाका निमित्त फ्रि देखा परे। समुद्रहरुको निर्विवाद अधिपति इंल्याण्डले बुद्धधर्मको  हीनयान मतबाट वर्मा र लङ्का दखल गर्‍यो र स्यामलार्य पनि आफ्नो प्रभावमा पार्‍यो। उत्तरतिर रुलले मध्य हिमालयमा पवित्र जंग भएको बुद्धधर्मको महायान सम्प्रदायका लामाका गुम्बाहरुको छरिएका टुक्राहरुलाई आफ्नो आधिपत्यमा संगठित गर्‍यो। सीमाविस्तारका आकांक्षाले प्रेरित भएका क्याथेरिन र जोन नेपाली राजकुमारी हरितारा र भविष्यका बौद्ध उद्धारक मैत्रेय बुद्धको अवतारको रुपमा देखा परे।

अन्तरराष्ट्रिय राजनीतिको संतुलनमा गम्भीर परिवर्तन ल्याउने दोस्रो महाबुद्धका परिणामहरुलाई रोक्न इंगल्याण्ड शक्तिहीन थियो। यसैकारण भारत, पाकिस्तान, लंका र बर्मालाई स्वरक्षको भार सुम्पेर ठूलो ब्रिटिशशक्ति एशियाबाट हटयो।

**आजको नेपाल**

चीन र भारतको विशाल राज्यको बीचमा नेपाल ठूला समस्याहरु भएको एक सानो मुलुक बयान गरिएको छ। सांस्कृतिक पैतृक सम्पत्तिले धनी, संसारप्रसिद्ध गोरखाली र शेर्पा, अतुलनीय गिरिशिखर र प्राकृतिक दृश्यहरुले गोरवास्थित यस देशमा हालै आफ्नो अधिकार पाएर अब शताव्दिहरुको अन्धकार युगका भासबाट भर्खर निस्कन बल गरिरहेका उद्यमी, उत्सुक र उद्यत जनता बस्तछन्। हिलो बाक्लो छ, प्रयत्न ढीला र बोझा गह्र।

आज नेपाल थोरै साहस, थोरै बल र थोरै धैर्य भएका मानिसहरुलाई दस्तर देखिने समस्याहरुको सामना गरिरहेछ। यिनमा कुनै सुल्भिक्सकेका छन्। कुनै हामीले भोलि सुल्झाउनुपर्छ। केही ज्यादै कडा समस्याहरु तल दिइएका छन्।

(१) नेपाललाई बीसौं शताव्दीको प्रगतिसम्म पुग्न मद्दत गर्ने कैयन् समस्याहरु हल गर्न तालीम प्राप्त व्यक्तिहरुको घोर कमी छ। ९८ प्रतिशत मानिस निरक्षर छन्। सम्पूर्ण

नेपालमा प्रत्येक वर्ष थोरै छात्रहरु मात्र विभिन्न परीक्षाहरुबाट उत्तीर्ण हुन्छन्। शिल्पकला वा इन्जिनीयरिङ्गसम्बन्धी स्वीकृत महाविद्यालय कुनै छैन, व्यवापारप्रबन्ध शिक्षण, औषधिसम्बन्धी वा दन्त्य अथवा परिचारक शिषण स.स्था छैन विश्वविद्यालय छैन। शिक्षित व्यक्ति, शैक्षणिक पद्धति र शिक्षण स.स्थाहरुको अभाव नेपालको सबभन्दा ठूलो समस्या छ।

(२) आफ्ना समस्याहरु हल गर्न नेपालसित उपयुक्त पूँजी छैन। यहाँका प्रजा गरीब छन्। धेरै जो बल्लतल्ल हातमुख जोरेर दरिद्र अवस्थामा बसतछन्। धेरै पूँजी ठूल्ठूला महलहरु र अरु नाफा नहुने सम्पत्तिमा बन्द छ। धेरै पूँजी हाम्रो पुलुकबाट ओसारिएर हाम्रा विदेशी छिमेकीलाई पोसिरहेछ। प्राकृतिक साधनहरुले सम्पन्न् भए तापनि उन्नतिकारक पूँजीको अभावले राष्ट्रको हितका निम्ति तिनीहरुको उपयोग रोकिएको छ। यहाँका मानिस कठोर परिश्रमसित काम गर्छन् तापनि उनीहरुका मेहनतलाई नाफा हुने आधुनिक ज्यावल र सरसामानहरुको अभाव विदेशी पूँजीको लगानीलाई रोक्तछ।

(३) २००८ सालदेखि लगातार मन्त्रिमण्डलको परिवर्तन भइरहेकोछ। एकतन्त्रबाट प्रजातन्त्रमा परिवर्तन हुँदा यस्तो त हुन्छ नै, तर यसले सारा मुलुक र विद्यमान समस्याहरुलाई उग्र गराउँछ र सरोकारी साराको असरकारितालाई कम पार्दछ।

(४) यहाँ यातायात र संचारको जालसूत्र बिलकुल अपर्याप्त छ। व्यापार र कृषिका अधिकांश भारीहरुको ढुवाइ मानिसहरुका पिठयूँबाट गरिन्छ। सम्पूर्ण राज्यभरमा १३९ कोस मात्र सडक हुनाले धेरै मानिसहरुले आफ्नो माल ओसार्नको लागि पङ्ग्रे बाहनको उपयोग गर्न असम्भव छ। यसरी यातायातले ज्यादै अयोग्य रीतिबाट अत्यधिक मात्रामा जनशक्ति खिच्तछ र उत्पादन मूल्यमा अत्यन्त बढी प्रतिशत बृद्धि गर्दछ। अति सीमित हुलाक व्यवस्था, टेलीफोन र रेडियोको अल्पसंख्या र समाचारपत्रहरुको कमीले सरकारलाई विकाश योजनाहरुको तरक्कीका निम्ति उपयुक्त सम्पर्क स्थापित गर्न र राष्ट्रका विभिन्न भागहरुमा शासन र उचित नियन्त्रण राख्न मुश्किल पारेको छ। त्यस्तै राष्ट्रको सुरक्षको दृष्टिबाट पनि यसले ज्यादै असुविधा पारेको छ।

(५) धेरै मानिस दासवृतिमा रहेका छन्, उव्जा हुने जग्गाहरु उव्जनी गर्नबाट रोकिएका छन् र भूतकालको अन्धकार युगदेखि वर्तमानकालसम्म चलिआएको सामन्ति प्रथाले गर्दा झण्डै आधा जमीन सर्वाङ्ग माफी बिर्ता छन्। नेपालको आर्थिक समस्याहरुलाई पुरानो कर र भूमि व्यवस्था, बढी व्याजको दर र परम्पराप्राप्त ऋणहरुमा राख्न सकिन्छ।

(६) नेपालमा रोगहरु अनियन्त्रित छन्। जीवनको अनुमान बिलकुल छोटो छ। संसारका थोरै ठाउँहरुमा मात्र नेपालका कुनै कुनै भागहरुमाभन्दा बढ्ता औलो, हैजा र अरु अमनवृत्तीय रोगहरुको फैलाउ होला। तर यी अवस्थाहरुको सामनाको सम्पूर्ण राज्यभरमा शिक्षाप्राप्त चिकित्सक, दन्तिस्, परिचारक र औषधिनिर्माताहरु मुट्ठीभरी

पनि छैनन्। अस्पतालहरुमा जम्मा ६०० विछयौना छन्, जुन हजारमा एकभन्दा कम मानिसले मात्र पाउन सक्तछन्।

माथि लेखिएदेखि बाहेक नेपाललाई अन्धकारमा राख्नसक्ने अरु समस्याहरु पनि छन्। अरु केही परिच्छेदहरुमा तिनीहरुको उल्लेख गरिनेछ। तर शिक्षा नै पहिला कदम छ। आफ्ना समस्याहरु यसबाट नै हामीहरु हल गरेर नेपालको पहिलेको गौरवलाई पहिल्याउन सक्तछौं।

शिक्षा मन्त्रालय

# परिच्छेद ३

## नेपालमा शिक्षाको प्रसार

**प्राक्कथन**

नेप|लम| शिक्षाको यो पहिलो निरीक्षणमा भूतकालका तथ्याङ्कहरुको कुनै वैज्ञानिक वा क्रमबद्ध सँग्रहको आभावले आयोग काठोर विघ्नमा पऱ्यो। सन् १९२१ मा लिइएको प्रथम जनसंख्या एक अनुमानभन्दा बढ्ता मानिएको छैन। संवत् २००९-१० मा सर्वप्रथम ठीक ठीक जनगणना लन शुरु गरिएको थियो जसको पूरा अंक अहिलेसम्म पाइएको छैन। केही वर्षअगिसम्म यस विषयका समाचार संग्रह गर्ने कुरा त परै रहोस् शिक्षा संचालन गर्ने कुनै केन्द्रिय अड्गा थिएन। धेरैपछि संवत् २०१० मा पाठशालाहरुसित सोझै संपर्क राख्न राष्ट्रिय निरीक्षण प्रणाली खडा गरियो, तैपनि तथ्याङ्क र समाचारहरु लिन सकिने उल्लेखका एकनासे पद्धति अझसम्म छैन। यथार्थमा,नयां पाठशालाहरु खूब छिटो खुल्दै गइरहेका छन् र तिनमा केही त तिनका उद्घाटनको उल्लेख राखिनु भन्दाअगि नै प्राय बन्द भइसक्छन्, यसकारण पनि तिनको ठीक ठीक संख्या पाउन असम्भव छ। निरीक्षकहरुबाट बराबर नयां खबरहरु आइरहेका हुनाले शिक्षाविभागको अंक समेत दिनहुं प्रशस्त फरक परेको छ।

यस परिच्छेदमा प्रस्तुत गरिएका तथ्याङ्क आयोगले सकेसम्म ठीक पारेका छन्। यसमा खूब होश र जांच गरिएको छ। कुनै कुनै अवस्थमायी अनुमान मात्र मानिएका छन्। शिक्षाका तथ्याङ्कहरु २०११ भाद्र देखि लिइएका छन् र यो विवरण लेखिने वा प्रकाश हुनेसमयसम्ममा ती पनि पुरान मानिने सम्भव छ।

राष्ट्रिय जनसंख्या गोस्वारा र शिक्षाविभाग प्राप्य तथ्याङ्क जुटाइदिन र तिनको व्याख्या गर्ने काममा मदद गर्न ज्यादै सहयोगी भएका छन्। प्रौढ शिक्षा, ग्रामविकास योजनाको कार्य विस्तार र अरु तथ्याङ्कहरु विभिन्न् मुहानहरु - विशेष गरेर योजना-विकास मन्त्रालयबाट आए। यिनले आयोगको काममा धेरै मद्धत गरेका छन्।

**प्रबन्धीय संगठन**

आज नेपालमा शिक्षा केन्द्रीय सरकार र केही हद ( अर्थात् केही स्कूलहरुका निदिष्ट पुस्तकावली) सम्म उत्तर भारतमा मान्यता दिने पटना विश्वविद्यालयको मातहतमा स्वतन्त्र रुपले संगठितछ|केन्द्रीय मन्त्रालयको नियन्त्रणको हद विद्यालयहरुलाई दिइएको आर्थिक सहायताको रकमबाट निश्चित हुन्छ। यस कुराको निश्चय गर्न विद्यालयहरुलाई तीन वर्गमा बांड्न सकिन्छः (१) सरकारी विद्यालय, अर्थात् सम्पूर्णतया केन्द्रीय सरकारबाट

प्रबन्ध र सहायता गरिएका विद्यालय पाठशालाहरु, (२) पहिले स्वतन्त्र खुलेका, तर अब कुनै प्रमाणमा पुगेका र केन्द्रीय सरकारबाट भित्र भित्र परिमाणमा आर्थिक सहायता पाइरहेका सरकारी सहायता-प्राप्त विद्यालय पाठशालाहरु र (३) प्रबन्ध र अर्थ दुवैमा स्वतन्त्र चलिरहेका स्वतन्त्र विद्यालयहरु। प्रजातान्त्रिक रीतिबाट रोजिएको शिक्षासमिति वा प्रबन्धक समितिमार्फत केन्द्रीय सरकार र ग्राम सरकारी अधिकारीहरुको संयुक्त प्रबन्ध र अर्थबाट चल्ने राष्ट्रिय नाम दिइएको चौथो किसिमको विद्यालय पाठशाला यस विवरणको दोस्रो भागमा प्रस्तुत गरिएको छ। वर्तमान समयमा सरकारी विद्यालय पाठशालाहरुबाहेक अरु सारा शिक्षणालयहरु प्ाढाइ शुल्कको संग्रहबाट पनि केही मदद पाउदछन्, चौथो किसिम निःशुल्क शिक्षा दिने प्रस्ताव गर्छ।

शिक्षामन्त्रीको मातहतमा एक शिक्षासचिव, दुइ उपसचिव, तीन सहायक सचिव मन्त्रीय तहमा छन्। यिनका अतिरिक्त जनशिक्षाका मुख्य संचालक, दुइ अरु संचालक, विद्यालय निरिक्षकहरु तथा अन्य पदाधिकारीहरु छन्। सरकारको शैक्षिणिक नीति र कार्यक्रम यो मन्त्रालयबाट निर्धारित र कोर्यान्वित गरिन्छ।यस काममा सहायत गर्न २० सदस्यहरुको एक राष्ट्रिय शिक्षा समिति छ।

प्रबन्धीय कार्यविभाग मोटामोटी दुई शाखामा विभक्त छ (अ) अंग्रेजी अथवा वर्तमान शिक्षाका संचालक (डाइरेक्टर) को पद र (आ) संस्कृत शिक्षाका संचालकको पद। नेपालको शिक्षापद्धति केही हदसम्म भारतको नमूनाबमोजिमको छ र साथै अरु अनेकौं विभिन्न किसिमका शिक्षा पनि विद्यमान छन्। अंग्रेजी शिक्षाको तर्जुमा कुनै कालमा अक्सफोर्ड र केम्ब्रिज परीक्षाका आधारमा मान्यता पाएको भारतको ब्रिटिश ढांचाको अनुसरण गर्छ।(कहिले कही पाठशाला कहिने) संस्कृत, नेपाली र हिन्दी पद्धति सरकारी नोकरीसस्ममा पु-याउने उच्च प्राचीन शिक्षा प्रस्तुत गर्छ।(यसले सामाजिक चलन चल्तीका कर्मकान्ड गराउने र पुराण भन्ने वृत्तिको पुरोहित्याई शिक्षा पनि दिन्छ)।अझ अर्को किसिम,भारतको गांधीवादी आर्दशमा ढालिएकोआधार शिक्षाले ग्रामीण व्यवसायिक शिक्षणलाई जोड. दिन्छ।ती सारा विद्यालय पाठशालाहरु प्राथमिक, माध्यमिक र उच्च शिक्षाका तहलाई मान्दछन्।[6]

संवत् २००९ मा एक निरीक्षक, ३ उपनिरीक्षक र आवश्यक मददहरुसहित सात प्रादेशिक विभागमा यी विद्यालय पाठशालाहरुको निरीक्षण र प्रवन्धको व्यवस्था गरियो। यी प्रदेशहरु पृष्ठ ४ (चित्र ३।१ र तालिका ३।१) मा देखाइएका छन्।

[6] यिनमा थप,उत्तर सीमानामा बौद्ध भिक्षुहरुबाट चलाइएका बौद्ध लामाबादको शिक्षा दिने अनिश्चित संख्याका गुम्फाहरु छन् । यी पाठशालाहरु सरकारको अधिकारभित्र छैनन् ।

यी प्रादेशिक निरीक्षक र उनका उपनिरीक्षकहरुसहायक जनशिक्षा संचालकप्रति उत्तरदायी छन्। प्रत्येक सरकारी पाठशालाका प्रधानाध्यापक निरीक्षण अड्डा र प्रायः सल्लाह समिति भएको एक प्रवन्ध समिति -विद्यालय समिति) प्रति जवाफदेही छन्। प्रत्येक सरकारी सहायता-प्राप्त विद्यालयका प्रधानाध्यापक र प्रवन्धसमिति, निरीक्षण,सल्लाह र सरकारी रकमको हिसाबका निम्ति निरीक्षण अड्डाप्रति जवाफदेही छन्। सरकारी सहायता प्राप्त गर्न पहिला आवश्यक निरीक्षणका निम्ति स्वतन्त्र विद्यालयहरु पनि निवेदन गर्न सक्छन्।यी स्वतन्त्र विद्यालयहरुमा प्रबन्ध समिति धैरै मात्रमा प्रबन्धीय नियन्त्रण राख्तछ।प्रबन्ध समिति धैरै जसो ७ देखि १५ सदस्यको हुन्छ, यसमा शिक्षक, आमा-बाबु, प्रधानाध्यापक र स्वतन्त्र गृहस्थी वा उनाउ मानिसहरु प्रतिनिधित्व गर्छन्।

**तालिका ३।१ विद्यालयहरुको क्षेत्रीय संगठन**

| क्षेत्र | केन्द्रीय कार्यालय | जिल्लाहरु |
|---|---|---|
| (१) | धनकुटा | इलाम,धनकुटा,मोरङ। |
| | जनकपुर | पूर्व २,३,४ नम्बर, सिन्धुली,सप्तरी ,महोत्तरी। |
| | काठमाडौं | पूर्व १ नं०, पश्चिम १ नं०, काठमाडौं, चिसापानी गढी,बारा,पर्सा, रौतहट। |
| | पोखरा | पश्चिम२,३,४ नं०, थाक,मुस्ताङ, चितोन, नवलपुर, पाल्ही। |
| | तौलिहवा | पाल्पा, प्यूठान, माझखण्ड, शिवराज,खजहरी। |
| | नेपालगंज | जुम्ला,दैलेख, सल्ल्यान, दाङ -भन्सार), बांके, बर्दिया। |
| | डोटी | बैतडी, डडेलधुरा, डोटी, कैलाली, कंचनपुर। |

**आर्थिक सहायता**

यी विद्यालयहरुका निमित्त अनेकौ स्रोतबाट आर्थिक मद्दत आउंछ। केन्द्रीय सरकारले -मालपोत, निकासी महसूल भन्सार, जंगल, शुल्क, जनोपयोगी चीजहरु र अरु किसिमका करहरुबाट हुने) सामान्य आम्दानीबाट २००९-१० सालका निम्ति लगभग १८,००,००० (अठार लाख) रुपियां (२,२५,००० डालर) दिएको थियो। केन्द्रीय मन्त्रालयका अड्डा र क्षेत्रीय निरीक्षण अड्डाहरुको खर्च, सरकारी विद्यालयहरुको खर्च (पढाइ शुल्कको मद्दतले), सरकार-सहायित विद्यालयहरुलाई सहायतादान र शिक्षक शिक्षण तथा अन्य काम कार्रबाईहरुका निम्ति यो रकमको उपयोग गरिएको थियो। (मोटामोटीमा यो यस प्रकार बाँडिएको थियो - सरकारी

अंग्रेजी विद्यालय, रु २ लाख, आधार पाठशाला, रु ३ लाख, सरकारी भाषा संस्कृत पाठशाला, रु ४ लाख, महाविद्यालयहरु, रु २ लाख, सहायता - दान, रु ३ लाख, सरसामान, रु २ लाख, प्रबन्धीय खर्च, रु २ लाख।) स्थानीय सहायता मुख्य गरेर २ स्रोतबाट आउँछ- (१) स्थान र श्रेणी अनुसार पढाइ शुल्क मासिक मो.रु।५० देखि ६। सम्म प्रतिविद्यार्थी (६सेण्टदेखि ७२ सेण्ट) र (२) यथार्थमा ऐच्छिक, तोकुवा अनुरोध, अथवा शिक्षामा चाख भएका या तिर्ने सामर्थ्यको आधारमा कर-निर्वारण तथा विद्यालय पाठशालामा पढ्ने केटाकेटीका आमा-बाबु र अरुबाट आएका दान - चन्दा ) हरु । धेरै विद्यालय पाठशालाहरुले पढाइ शुल्क तिर्न नसक्ने गरीवहरुका निमित्त निःशुल्क स्थान राखेका छन्। कुनै वर्गमा बलजफतीको कर निर्धारणबाट स्थानीय चन्दा उठाएको थाहा छैन, तर अनेक किसिमका सामाजिक दबाउ पार्न सकिन्छ। यी चन्दाहरु प्रायः मासिक आधारमा मागिने हुनाले स्थानीय सहायता केही अनिश्चित छ। सथानीय मुहानहरुबाट उठेका पैसाको ठीक ठीक मोठ अंक अप्राप्य छ, तर गत वर्ष पढाइ शुल्कबाट रु २० देखि २२ लाख ( २,७५,००० डालर ) र राष्ट्रभर १ देखि २ लाख ( २४,००० डालर ) सम्म दानहरुबाट प्राप्य भएको अनुमान गरिएको छ।

माथिका अंकलाई ठीक मानेको पक्षमा संवत् २००९-१० मा केन्द्रीय र प्रादेशिक प्रबन्धीय खर्चबाहेक रु ३६,५०,००० (४,५५,००० डालर) सोझै पाठशाला, विद्यालय र महाविद्यालयहरुमा खर्च भएको अनुमान गर्न सकिन्छ। यो प्रतिवर्ष प्रतिविद्यार्थी लगभग रु ५० को सरदर छ। अनुमानको आधारमा यो अझ घट्न सक्छ। - तालिका ३.२ हेर्नुहोस् )

**तालिका ३।२ प्रतिविद्यार्थी खर्चको अनुमान**

| | शिक्षकहरुको अन्दाजी संख्या | प्रतिवर्ष प्रति शिक्षक आनुमानिक खर्च | वार्षिक आनुमानिक खर्च | विद्यार्थीहरुको अन्दाजी संख्या | प्रतिविद्यार्थी आनुमानिक औसत वार्षिक खर्च |
|---|---|---|---|---|---|
| प्राथमिक पाठशाला | १२८० | ४८० | ६ ,१४,००० | २६,२०० | २३ |
| माध्यामिक | १३२५ | ९६० | १२,७२,००० | ३३,४०० | ३८ |
| विद्यालय | ९२० | १,५०० | १३,८०,००० | १२,७०० | १२२ |
| महाविद्यालय | १३० | ३,००० | ३,९०,००० | १,३०० | ३०० |
| जम्मा | ३६५५ | ५,९४० | ३६,५६,००० | ७३,६०० | |

| | | |
|---|---|---|
| औसत | १,००० | ५० |

**नेपालको जनसंख्या**

कुनै शैक्षणिक योजनाको लागि सामान्य जनसंख्याको ज्ञान अत्यावश्यक छ। संवत् २००९ सम्म अहिलेसम्म पूर्व नेपालको मात्र पूरा तथ्याङ्क प्राप्त भएको छ। यसकारण, तलका अंकहरुलाई बढाइएका अनुमान मात्र आवश्यक छ।

दुई भागमा प्रकाशित नेपाल मा श्री पर्सिभल ल्याण्डनले सन् १९१० र १९२० का जनगणनाको अंक उद्धत गरेका छन्। यस प्रमाणअनुसार सन् १९२० मा २८,००,०४२ पुरुष र २७,७४,७१४ स्त्री अर्थात् ५०.२३ प्रतिशत मानिस तथा ४९.७७ प्रथिशत स्वास्नीमानिसले झण्डै बराबर विभाजित सम्पूर्ण नेपाल राज्यको जनसंख्या ५५,५४,७५६ थियो।

जनसंख्या गोस्वाराबाट सं० २००९ का जनगणनाको पूर्णाङ्क प्राप्त क्षेत्र पूर्व नेपालको जनगणनाको मोठ अंक प्राप्त भएको छ। यसबाट हामीहरु यही दरबार अन्यत्र पनि वृद्धि भएको मानेर मुलुकका बाँकी हिस्साको जनसंख्या अन्दाज गर्न सक्तछौं। -तालिका ३।३ हेर्नुहोस् )

**तालिका ३।३ नेपालको आनुमानिक जनसंख्या**

| साल | पूर्व नेपालको जम्मा | पहिलेको जनसंख्या भन्दा प्रतिशत् वृद्धि | बाँकी नेपालको अनुमान | सम्पूर्ण नेपालको जम्मा अनुमान |
|---|---|---|---|---|
| १९२० | २२,६२,७१९ | | ३३,१२,०३७ | ५५,७४,७५६ (ल्याण्डन-१९२० को जनगणना) |
| १९४१ | २३,६७,३२७ | ४.२ | ३४,५१,१०१ | ५८,१८,४२८ |
| १९५२(२००९) | ३२,५४,८२५ | ३७.१ | ४७,३१,४५९ | ७९,७६,२८४ |
| १९५५(२०११-१२) | ३५,७३,२०१ | १०.१२[7] | ५२,१०,२२३ | ८७,८३,४८४[8] |

यद्यपि कुनै अनुमान एक करोडसम्म पुग्दछ तापनि, वर्तमान समयमा सम्पूर्ण नेपालको जनसंख्या लगभग पचासी लाख देखिन्छ। - जनसंख्या विभागले सं० २००९ का निम्ति ८५,९६,५१२ अनुमान गरेको थियो। ) जनसंख्यामा वर्तमान दरबाट वृद्धि डरलाग्दो र आकर्षक कुरा छ। सन् १९२० का अंकहरु भूलबाट थोरै थिए, यसकारण सन् १९२० देखि १९४१ को २१

[7] ३.३७ % प्रतिवर्ष

[8] २०१२ वैशाख मा प्रकाशित गोरखापत्रमा जनसंख्या विभागले दिएको राज्यभरको जनसंख्या ८४३१५३७ छ ।

वर्षका निमित्त देखाइएको ४.२% वृद्धि ( प्रतिवर्ष, २% ज्यादै बढ्ता थियो भनी ठान्न सकिन्छ। संसारका अरु मुलुकहरुले पनि सन् १९४० देखि १९५० सम्म भयंकर वृद्धि अनुभव गरे। तैपनि, नेपालका निम्ति देखाइएको प्रतिवर्ष ३.३७% वृद्धि असाधारण बढी छ। पश्चिम नेपालमा भन्दा पूर्व नेपालमा घना बस्ती छ र यसकारणले पूर्व नेपाललाई शुद्ध मानिएको वृद्धि को दर पश्चिमका निम्ति लाग्न सक्तैन। सन् १९४१ मा धैरै सैनिकहरुको अनुपस्थिति र गणना गर्दा बढी गणना गरिनुभन्दा मानिसहरुको गन्ती छुट्न जानु ज्यादा स्वाभाविक हुनाले १९४१ को जनसंख्या कम हुन सक्छ र यो भूल सुधारले अवश्य पनि वृद्धिको प्रतिशत दरलाई घटाउँछ। तर, जे भए पनि, यसले अहिलेको कुल अनुमानमा कुनै परिवर्तन गर्दैन।

विभिन्न राजनैतिक जिल्लाहरुमा वृद्धिको यो प्रतिशत दर नियमित छैन। पूर्वका पहाडी जिल्लाहरुमा सन् १९४१ द्येखि १९५२ सम्म वृद्धिको दर यस प्रकार थियोः पूर्व १ नम्बर,५०.५%, पूर्व २ नंबर,५४.८%,पूर्व ३ र ४ नम्बर,३२.२%, धनकुटा, ३४.४% इलाम,२५.९%। पूर्वी भित्रि मधेसमा १२९.३% थियो।पूर्व तराई प्रदेशका बारा, प्रर्सा, रौतहटमा १३.९%, सिराहा र हनुमाननगरमा १८.६% झापा र विराटनगरमा २७.७०% थियो। अनेकौ आर्थिक र अरु वास्तविकताहरु निःसन्देह यो महान् अन्तरका कारण छन् र अर्को दश वर्षीय जनगणनाको अंक कल्पना गर्दा वृद्धिको यस्तै दरको प्रयोग गर्न हुन्छ हुँदैन, यो सन्देहयुक्त छ। तैपनि, सुध्रदै गएको जीवन-स्तरले मृत्युको दर घटेर जन्मको दर बढाउने सम्भव छ र दुवैले जनसंख्याको वृद्धि गराउँछन् भन्ने मान्न सकिन्छ। असन्दिग्धरुपले, यस्ता अन्तर र अज्ञात कुराहरुले जुटाइने विद्यार्थीहरुको संख्या वा पाइन सकिन आर्थिक साधनहरुको सम्बन्धबाट यौ क्षेत्रहरुका निम्ति शैक्षणिक योजनाको विकास गर्न ज्यादै नै गार्हों पर्दछ। पश्चिम नेपालका निम्ति यस्ता अंकहरु प्राप्त छैनन्।

**परिवारको संख्या**

कुनै एक क्षेत्रमा परिवारको संख्या शैक्षणिक योजनामा अर्को अर्थपूर्ण सूची छ। सं० २००९ को जनगणनाले पूर्वी क्षेत्रमा ६,२७,१३२ परिवार वा ५.३३ व्यक्ति प्रतिपरिवार देखाउँछ। यस औसतबाट सम्पूर्ण नेपालको जम्मा परिवारसंख्या सं० २००९ मा १४,८०,२९८ र संवत् २०११ मा १६,४७,९३३ हुन आउँछ। ३.३७% प्रतिवर्ष २०१२ वैशाख मा प्रकाशित गोरखापत्रमा जनसंख्या विभागले दिएको राज्यभरको जनसंख्या ८४,३१,५३७ छ।

**घरको संख्या**

संवत् २००९ को जनगणनाले पूर्व नेपालमा जम्मा ७,४६,४०४ घर (परिवारको संख्याभन्दा घरको संख्यामा १।६ खण्डको वृद्धि कसरी भयो यो भनिएको छैन) र १९९८ देखि २००९ सम्म घरको संख्यामा प्रतिशत वृद्धि देखाएको छ। कैयन् जिल्लाहरुमा यो एघार वर्षको वृद्धि यस प्रकार छ। पूर्व १ नम्बर, पूर्व २ नम्बर,४५.८%, पूर्व ३ र ४ नम्बर, २७.९%, धनकुटा, ३२.६%, इलाम, ८०.८%, पूर्व भित्री मधेस, १४४.५%, बारा, पर्सा र रौतहट, १४४.३%, सिराहा र हनुमाननगर, १२५.७%, झापा र विराटनगर, १०१.१%। यी अंकहरु समान छन् र कुनै कुनै जिल्लाहरुमा जनवृद्धिको अंकलाई समर्थन गर्दछन्, तर अरु जिल्लाहरुका निमित्त ज्यादै फरक हुनाले यिनीहरुको पुष्टयाइँमा सन्देह हुन्छ। तैपनि, तिनीहरु यी क्षेत्रहरुमा शैक्षणिक योजनाका केही अफ्ठ्याराहरुलाई दृढ गर्दछन्।

**वस्तीको घनत्व**

वस्तीको घनत्व अर्को झन् चाखलाग्दो सूचि छ। जनगणनाको अंक पाइएको पूर्वी क्षेत्रमा हामी हरेक वर्गमीलमा निम्न संख्यामा मानिसहरु बसेका पाउँदछौंः पूर्व १ नम्बर, २४.८०, पूर्व २ नम्बर, १९०.८, पूर्व ३ नम्बर, १३५.२, पूर्व ४ नम्बर, २५७.६, धनकुटा, १३४.५, इलाम, २१७.१, सिन्धुली र उदयपुर ( पूर्वी भित्री तराई ) ११३.१ र ९७.७, पर्सा, २४९.८, बारा, ४०९५। रौतहट, ४५५.५, सिराहा र हनुमाननगर, ४७३.२, झापा र विराटनगर २००.७, औसत, २०६.२। ९७.७ देखि ४७३.२ का यी अन्तरहरुले शैक्षणिक योजनाका समस्याहरुलाई झन् बढाउँछन्।

गाउँहरुका परिमाण र संख्या अर्को विचारणीय कुरा छ। नेपालका प्रायः सबै मानिस गाउँ अथवा शहरहरुमा बस्तछन्। छुट्टै एकलासमा बसेको घर क्वचित् मात्र पाइन्छ। पूर्वी नेपालमा एक गाउँमा ३०३ व्यक्तिको सरदरका ११,०२१ गाउँ छन् । यस प्रमाणबाट योजना गर्दा सं० २००९ मा नेपालराज्यभर अन्दाजी २६,०४० गाउँ थिए।

ठूला बस्तीहरुले औसत खलबल्याइदिने हुनाले गाउँको परिमाणका औसत शैक्षणिक योजनाका निम्ति ज्यादै असन्तोषजनक चित्र उपस्थित गर्दछन्। प्रायः आधा आधा कोशका फरकमा बसेका यस्ता धेरै साना साना गाउँहरुका समूह हुन सक्छन् जुन प्रत्येकले एउटा पाठशाला राख्न सक्तैन, तर सबैलाई पाइक पर्ने बीच ठाउँमा राखिएको एउटा सामूहिक विद्यालयका निम्ति राम्रा समूह हुन सक्छन्। पूर्वतिरका बस्तीहरुको अन्तर देखाउन परिमाणको औसत दिइएको छ, जुन यस प्रकार छः पूर्व १ नम्बर, २४६; पूर्व २ नम्बर, २८३; पूर्व ३ नम्बर, २०२; पूर्व ४ नम्बर, २२१; धनकुटा, २७८; इलाम, २८७;सिन्धुली, १६४;उदयपुर, १६४; पर्सा, ४७३; बारा, ४९५; रौतहट, ७४७; सिराहा र हनुमाननगर, ४९७; झापा र विराटनगर, ३६५; अनुपात, ३०३; माथिका अंकको (सारांश) तेरीज तालिका ३।४ मा दिएको छ।

**तालिका ३।४ पूर्व नेपालको जनसंख्याको तेरीज**

| जिल्ला | २००९ को जनसंख्या | १९९९-२००९ मा प्रतिशत बढेको जनसंख्या | १९९९-२००९ मा घरको प्रतिशत वृद्धि | घनत्व प्रति वर्गमील मानिसको संख्या | गाउँको औसत परिमाण |
|---|---|---|---|---|---|
| पूर्व १ नं. | ३,७०,२४८ | ५०.५% | ४५.२% | २५९.७ | २४६ |
| पूर्व २ नं. | २,५०,४४७ | ५४.८% | ४५.८% | १९०.८ | २८३ |
| पूर्व ३ नं. | २,७५,५०३ | ३२.२% | २७.९% | १३५.२ | २०२ |
| पूर्व ४ नं. | १,३८,५३३ | | | २५७.६ | २२१ |
| धनकुटा | ५,१३,३९८ | ३४.४% | ३२.६% | १३४.५ | २७८ |
| इलाम | १,१५,०७५ | २५.९% | ८०.८% | २१७.१ | २८७ |
| सिन्धुली | १,०२,१०१ | १२९.३% | १४४.५% | ११३.१ | १६४ |
| उदयपुर | ९०,५३९ | | | ९७.७ | १६४ |
| पर्सा | १,१४,१६८ | | | २४९.८ | ४७३ |
| बारा | २,१०,८७८ | १३.९% | ११४.३% | ४०९.५ | ४९ |
| रौतहट | १,८९,५०० | | | ४५५.५ | ७४७ |
| सिराहा, सर्लाही र हनुमाननगर | ५,६५,९९९ | १८.६% | १२५.७% | ४७३.२ | ४९७ |
| झापा,विराटनगर | ३,०८,४२८ | २७.७% | १०१.१% | २००.७ | ३६५ |
| सरदर | | ३५.६% | १११.३% | २०६.४ | ३०३ |
| जोड | ३२,४४,८२५ | | | | |

**नमूनात्मक विवरण**

शिक्षा मन्त्रालय

संवत् २००७ मा जनसंख्या विभागले जनगणनाको लागि संयुक्त राष्ट्रहरुले सिफारिश गरेका ११ प्रश्नहरुलिएर पूर्व १ नं० मा बनेपाको दौडाहा जाँच गऱ्यो। संवत् २००९ को जनगणनामा बारा जिल्लाको एक इलाका सिमरौनगढको लागि पनि यस्तै अंकहरु पाइए।यी नमूनाहरु नेपालका अन्य क्षेत्रहरुका निम्ति अनुमान गर्नाको लागि ठीक मात्र ज्यादै सीमित छन् तापनि यिनले जनताका कुनै कुनै विलक्षणताहरुमा चाखलाग्दो प्रकाश पार्दछ।

सिमरौनगढमा ३,१३४ स्त्री र ३,०५८ पुरुषको १,२५१ परिवारले चर्चको २,१७८ घरसहित सरकारी मालपोत बुझाउने २१ एकाङ्ग छन्। ६७४ जनसंख्या भएको इन्चवल गाउँ सबभन्दा ठूलो र केवल ७ व्यक्तिको एउटा समाज सबभन्दा सानो एकाङ्ग छ। बनेपामा ३,३२४ स्वास्नीमानिस र ३,२९९ लोग्नेमानिस छन्। यिनमध्ये ४,८३२ सवर्ण हिन्दू, ३५३ परिगणित जाति र १३४ अन्त्यजहरु छन्।

तालिका ३।५ मा यी दुइ संयुक्त समूहका आयुको वितरण देखाएको छ र यसैको आधारमा

**तालिका ३।५ जनताको आनुमानिक आयु वितरण**

| आयु | सिमरौनगगढ र बनेपा | | | प्रतिशत | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|
| | परुष | स्त्री | जम्मा | | २०११-१२ को |
| ० | १३२ | १४१ | २७३ | २.१२% | १,८६,२१० |
| १ | १६२ | १६० | ३२२ | २.५०% | २,१९,५९७ |
| २ | १७८ | १६४ | ३४२ | २.६५% | २,३२,७६२ |
| ३ | १७२ | १९६ | ३६८ | २.८५% | २,४९,३३२ |
| ४ | १९० | १९८ | ३८८ | ३.०१% | २,६४,३५३ |
| ५-९ | ८८१ | ८३० | १,७११ | १३.२९% | ११,६७,३२५ |
| १०-१४ | ७२६ | ६५४ | १,३८० | १०.७२% | ९,४१,५८९ |
| १५-१९ | ५४५ | ५५६ | १,१०१ | ८.५५% | ७,५०,९८८ |
| २०-२४ | ५३६ | ५९८ | १,१३४ | ८.८१% | ७,७३,८२५ |
| २५-२९ | ५७५ | ६०८ | १,१८३ | ९.१९% | ८,०७,२०२ |
| ३०-३४ | ४८० | ५१९ | ९९९ | ७.७६% | ६,८१,५९८ |
| ३५-३९ | ४५६ | ४३४ | ८९० | ६.९१% | ६,०६,९३९ |
| ४०-४४ | ३३४ | ३७० | ७०४ | ५.३९% | ४,७३,४३० |
| ४५-४९ | ३२४ | २९१ | ६१५ | ४.८२% | ४,२३,३६४ |
| ५०-५४ | २९४ | २३७ | ५३१ | ४.१२% | ३,६०,८८० |
| ५५-५९ | १३४ | १५१ | २८५ | २.२१% | १,९४,११५ |
| ६०-६४ | ११८ | १४७ | २६५ | २.०५% | १,८०,०६१ |
| ६५-६९ | ६७ | ८७ | १५४ | १.१९% | १,०४,५२३ |
| ७०- | १०० | ८९ | १८९ | १.४९% | १,३०,८७४ |
| नदिएको | १५ | २८ | ४३ | ३४.००% | |
| जम्मा | ६,४१९ | ६,४५८ | १२,८७९ | ९९.९७% | |

यो नमूनामा राखिएका १२,८७७ मानिसको शैक्षणिक अवस्थाको तेरीज तालिका ३।६ मा दिएको छ।

शिक्षा मन्त्रालय

**तालिका ३।६ जनताको शैक्षणिक अवस्थाको नमूना**

| | **सिमरौनगढ** | | **बनेपा** | | **जम्मा** | | |
|---|---|---|---|---|---|---|---|
| | **पुरुष** | **स्त्री** | **पुरुष** | **स्त्री** | **पुरुष** | **स्त्री** | **जम्मा** |
| पढ्न सक्ने | ३६ | ३ | १३२ | १३ | १६८ | १६ | १८४ |
| लेख्न पढ्न सक्ने | ९७ | ११ | ७९१ | ४१ | ८८८ | ५२ | ९४० |
| प्राथमिक पाठ्यक्रम पूरा गरेका | ६ | - | ५० | ९ | ५६ | ९ | ६५ |
| माध्यमिक पाठ्यक्रम पूरा गरेको | ५ | १ | १७ | २ | २२ | ३ | २५ |
| विद्यालय पाठ्यक्रम पूरा गरेको | १ | - | ३ | १ | ४ | १ | ५ |
| उच्च शिक्षामा रहेका | १ | - | - | - | १ | - | १ |
| जम्मा साक्षर | १४६ | १५ | ९९३ | ६६ | १,१३९ | ८१ | १,२२० |
| जम्मा जनसंख्या | ३,१२० | ३,१३४ | ३,२९९ | ३,३२४ | ६,४१९ | ६,४५८ | १२,८७७ |
| प्रतिशत साक्षर | ४.७% | .५% | ३०.१ | १.९% | १७.८% | १.३% | ९.५% |
| पाठशालामा जाने उमेरका जम्मा[9] | ७२० | ७२३ | ७६१ | ७६६ | १,४८१ | १,४८९ | २,९७० |
| पाठशालामा संख्या | ७ | १ | ५० | ९ | ५७ | १० | ६७ |
| पाठशालामा प्रतिशत | १% | १४% | .७% | १.२% | ४% | .७% | २.३% |

सिमरौनगढको ग्रामीण क्षेत्रभन्दा बनेपा शहरको शैक्षणिक अवस्था साक्षरता र पाठशालामा छात्र छात्राहरुको प्रतिशत दुवै कुरामा आशा गर्न सकिने जस्तै धेरै अनुकूल छ। तैपनि, यी नमूनाहरु ज्यादै सीमित छन् र यिनलाई बढ्ता महत्व दिन यिनका अंकको यथार्थता ज्यादै प्रश्नीय छ। अवश्य पनि यी सम्पूर्ण नेपालको नमूनारुप मानिन सक्तैनन्। उदाहरणका निमित्त यद्यपि यी क्षेत्रहरु ९.५% साक्षरता देखाउँछन् तापनि, नेपालराज्यभरमा २ प्रतिशतभन्दा बढी साक्षरता छैन भन्ने अनुमान गरिएको छ।

यी मानिसहरुबाट बोलिने भाषा शैक्षणिक योजनाको निम्ति परम महत्वको कुरा छ। सिमरौनगढमा ९९ प्रतिशत मानिस स्थानीय भोजपुरी बोली बोल्दछन्। बनेपामा २२.५% नेपाली, ७६.८% नेवारी, .५% तामाङ, र .२% उर्दू बोल्दछन्। नेपाली राष्ट्रभाषा घोषित भएको हुनाले पाठ्यपुस्तकको निर्देशनमा शिक्षा दिइने भाषाको माध्यमलाई लिएर एकनासे जनता भएको सिमरौनगढ बनेपाकै जात समस्या खडा गर्दै छ।

यी परिमित नमूनाहरुमा देखाइएको शिक्षामा प्रभाव पार्ने अर्को कुरा ग्रामीण ( सम्भवतः बढ्ता अनुन्नत) क्षेत्रमा अति मात्रमा पाइएको बालविवाह प्रथा थियो। - तालिका ३।७ हेर्नुहोस्। )

[9] तालिका ३।५ बाट अएको प्रतिशतको आधारमा अनुमानित

**तालिका ३।७ बालविवाह प्रथाको नमूना**

| उमेरको समूहमा विवाहित संख्या र प्रतिशत | सिमरौनगढ | | बनेपा | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | पुरुष | स्त्री | पुरुष | स्त्री | पुरुष | स्त्री |
| **५-९** | ९ (२.१%) | १८ (४.३%) | २ (६%) | ३ (१%) | ११ (१४%) | २१ (२.९) |
| **१०-१४** | ३८ (१४%) | ८० (३५%) | १५ (३.४%) | ४७ (११%) | ५३ (७.३%) | १२७ (१९.४%) |

जनताको धर्म शैक्षणिक योजनाका निम्ति अझ अर्को महत्वको विषय छ। बनेपाका ७७.६% र सिमरौनगढका ८५% मानिस हिन्दू छन्। बनेपामा २१.२% बौद्ध र सिमरौनगढमा १५% मुसलमान छन्।

अन्त्यमा, तालिका ३।८ ले जनताको व्यवसायिक विभाजन देखाउँछ।

**तालिका ३।८ व्यवसायिक विभाजनको नमूना**

| | सिमरौनगढ | बनेपा | जम्मा |
|---|---|---|---|
| **खेती** | ५,९२६(९५.५%) | १,२४० (६२% ) | ७,१६६(८७.६% ) |
| **व्यापार** | ५,९२६(९५.५%) | १,२४०(६२% ) | ७,१६६( ८७.६% ) |
| **गृहोद्योग** | ८५(१.४%) | २५३(१२.६%) | ३३८( ४.२% ) |
| **निर्माण** | २८(५%) | २४६(१२.३%) | २७४(३.४% ) |
| **नोकरी** | ४ | ३२( १%) | २६ ( .४% ) |
| **व्यवसाय** | १११ ( १.८%) | ८९( ४.५%) | २०० (२.५%) |

यद्यपि यी अंकहरुको ठूलो जनसंख्याका निमित्त ठीक ठीक योजना गर्न सकिदैन तापनि, जनताका झुकाउको केही ज्ञान गराउँछन् र शैक्षणिक योजनामा प्रभाव पार्ने केही कुराहरु द्येखाउँछन्।

**नेपालमा शिक्षाको विस्तार**

केही वर्ष यतादेखिको तथ्याङ्कहरुको कमी र क्रमबद्ध समाचार संग्रहको अभावले गर्दा आज नेपालमा चालु भइरहेका पाठशाला विद्यालयहरु र तिनमा पढ्ने छात्रहरुको यथार्थ संख्या

पाइँदैनन्। आज पनि काठमाडौं र टाढाका भागको बीचमा संवहनलाई एक महीना वा बढ्ता समय चाहिन्छ र कुनै क्षेत्रहरु पूर्णतया केन्द्रीय सरकारको राजनैतिक वा निजामती नियन्त्रणमा छैनन्। गत वर्षमा निरीक्षण प्रणाली खडा गरिएको थियो तापनि, निरीक्षक र उनका सहायकहरुले आफ्नो क्षेत्र भित्र सारा पाठशालाहरुको सर्वांगीण जाँच गर्न सकेका छैनन्।

अर्को कठिनाइ पाठशालाको अर्थ बुझाउन र छात्रहरुको संख्या बताउने प्रयत्नमा रहेको छ। एक व्यक्ति बराबर धेरै लडकाहरु जम्मा गरेर पढ्न सिकाउँछ, के यो पाठशाला हुन सक्छ? फेरी, प्रायः हाजिरी बहीमा उपस्थित विद्यार्थीहरुको संख्याभन्दा दोबर लेखिएको हुन्छ। यस्तोमा पाठशालामा पढ्ने विद्यार्थीहरुको संख्या कति बताउने?

एउटा कुरा निश्चय छ, गत केही वर्षमा पाठशाला र पढ्न जाने विद्यार्थीहरुको संख्यामा प्रशस्त वृद्धि भएको छ। २००५-६ सालमा नेपालमा ६ वटा मात्र विद्यालय ( हाई स्कूल ) थिए आज लक्षणमा निर्भर रहेका ७७ देखि ८४ विद्यालय छन् भन्ने विवरण छ।

दुइ स्रोतबाट पाठशालाका तथ्याङ्कमा प्राप्य ज्यादा विश्वस्त अंकहरु पाइएका छन् एउटा शिक्षामन्त्रालयबाट प्रकाशित शिक्षासमाचार छ। यसले अगिल्लो वर्षको तेरीज कसेको छ। अर्को विद्यालय पाठशालाहरुका प्रधान निरीक्षकको कार्यालयबाट पाइएको एक टिप्पणी छ। यसले आजसम्मका अंक र पाठशाला भर्नाको सूचना दिन्छ। यी दुइ ठाउँ र संवत् २००९-१० को आयोजित जनसंख्याबाट आएका अंकहरु तालिका ३।९ र ३।१० मा मिलाइएका छन्।

यी तालिकाहरुबाट १,३२० विद्यालय पाठशालाहरुमा ७२,२९१ केटाकेटीहरु भ्ार्ना भएका देखिन्छन्। यसले पाठशाला जाने उमेरका ३.५% केटाकेटीहरुको प्रतिनिधित्व गर्छ। अथवा तहबाट जाने उमेरका ३.७%। माध्यमिक पाठशालाका ३.३%। विद्यालयका ३.९% र महाविद्यालयको उमेरमा पुगेका २% लडका लडकीहरु शिक्षणालयहरुमा छन् भन्ने देखिन्छ।

यद्यपि क्षेत्र क्षेत्रका पाठशालाहरुमा भर्ना भएकाको संख्या प्राप्य छैन तापनि, पाठशालाहरुको संख्या जनसंख्याको अनुरुप छैन भन्ने देखिन्छ। क्षेत्र संस्था १ मा प्रत्येक ७,५८८ मानिसमा एक पाठशाला छ। क्षेत्र संख्या २ मा ६,६३३ मा एक, ३ मा २,४०० मा एक र नेपालराज्यको बाँकी भागमा ९,९९३ मानिसमा एक पाठशाला छ।

तालिका ९ बाट यी शिक्षणालयका आकार परिमाणको केही कल्पना गर्न सकिन्छ। प्रत्येक अंग्रेजी स्कूलमा २.९%, संस्कृत पाठशालामा १.३ र आधार पाठशालामा ५.१% शिक्षकको सरदर छ। एउटा प्रारम्भिक पाठशालामा १.४, माध्यमिकमा ६.२ र विद्यालयमा ११.१ शिक्षकको औसत छ।

धैरै पाठशालाहरुले विद्यालयसम्मको पढाइमा  सहशिक्षाका सुविधाहरु दिएका छन् र अहिले कन्याहरुका निम्ति विराटनगरमा २ र काठमाडौं ३ गरी जम्मा  ५ विद्यालय छन्।

शिक्षा मन्त्रालय

**तालिका ३।९ नेपालमा पाठशाला, शिक्षक र विद्यार्थीहरुको संख्या**

| पाठशालाका भेद | संख्या | शिक्षक | | जम्मा | विद्यार्थी संख्या | | जम्मा | प्रतिशिक्षक |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | स्त्री | | पुरुष | स्त्री | | विद्यार्थी |
| **अंग्रेजी** | **१०२८** | **२८९९** | **५५** | **२९५४** | **५६४०८** | **१९५४** | **५८३६२** | **२०** |
| प्राथमिक नेपाली | ६६७ | १००० | ७ | १००७ | १९४४६ | ५६४ | २००१० | २० |
| माध्यामिक | २९६ | ११८४ | १७ | १२०१ | २९६१७ | ७१३ | ३०३३० | २५ |
| माध्यामिक | २९६ | ११८४ | १७ | १२०१ | २९६१७ | ७१३ | ३०३३० | २५ |
| विद्यालय | ६५ | ७१५ | ३१ | ७४६ | ७३४५ | ६७७ | ८०२२ | ११ |
| **संस्कृत** | **२४३** | **३१८** | **२** | **३२०** | **६३२६** | **५४०** | **६८६६** | **२१** |
| प्राथमिक | २३३ | २३३ | - | २३३ | ४६६० | ४६६ | ५१२६ | २२ |
| माध्यमिक | ५ | २० | २ | २२ | ४९३ | ३५ | ५२८ | २४ |
| विद्यालय (प्रधान | ५ | ६५ | - | ६५ | ११७३ | ३९ | १२१२ | १९ |
| **आधार** | **४९** | **२४४** | **६** | **२५०** | **६३१५** | **७४८** | **७०६३** | **१८** |
| प्राथमिक | २१ | ३८ | - | ३८ | ९७५ | ७५ | १०५० | २८ |
| माध्यमिक | १५ | १०२ | - | १०२ | २०४० | ५१० | २५५० | २५ |
| विद्यालय | १३ | १०४ | ६ | ११० | ३३०० | १६३ | ३४६३ | ३१ |
| **जम्मा** | **१३२०** | **३४६१** | **६३** | **३५२४** | **६५०४९** | **३२४२** | **७२२९१** | **२१** |
| प्राथमिक | ९२१ | १२७१ | ७ | १२७८ | २१०८१ | ११०५ | २२१८६ | २० |
| माध्यमिक | ३१६ | १३०६ | १९ | १३२५ | ३२१५० | १२५८ | ३३४०८ | २५ |
| विद्यालय | ८३ | ८८४ | ३७ | ९२१ | ११८१८ | ८७९ | १२६९७ | १४ |
| **माथिल्ला संस्थाहरु** | | | | | | | | |
| महाविद्यालय | ७ | ४९ | २ | ५१ | ७०३ | ४२ | ७४५ | १५ |
| माथिल्ला | ७ | ३५ | - | ३५ | १७० | - | १७० | ५ |
| अन्य | ७ | ५६ | १ | ५७ | ३८० | २१ | ४०१ | ८ |
| जम्मा | २१ | १४० | ३ | १४३ | १२५३ | ६३ | १३१६ | ९ |

तैपनि, कन्याहरुको संख्या ३,२४२ अथवा मोठ अंकको ४.४% छ। महिलाहरु त्रि-ण्चन्द्र महाविद्यालयमा भर्ना गरिन्छन् तापनि,एक भिन्नै महिला महाविद्यालय छ। दुवै महाविद्यालयमा गरेर महिलाहरुको संयुक्त भर्ना संख्या ६३ छ।

शिक्षामन्त्रालयको समाचारअनुसार गत ज्येष्ठ २०११ मा सम्पूर्ण राज्यभरमा ५४ पुस्तकालयहरु थिए।यी सबै स्थानीय केन्द्र र ठूला वस्तीहरुमा रहेका छन्।

## तालिका ३।१० पाठशाला र जनसंख्या क्षेत्रीय विवरण

| क्षेत्र | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| २००९ को जनगणना बाट अनुमान गरिएको | १०,६९,९४१ | १६,२५,२०५ | १०,१०,४३४ | - | ५०,७७,९०४ | - | - | ८७,८३,४८४ |
| **पाठशालामा जाने उमेरका लडकाहरुको आनुमानिक संख्याः-** | | | | | | | | |
| प्राथमिक ६-८ | ८५,३८१ | १,२९,६९१ | ८०,६३२ | - | ४,०५,३८३ | - | - | ७,०१,०८७ |
| माध्यमिक ९-१३ | १,२१,६५२ | १,८४,७८५ | १,१४,८८६ | - | ५,७७,६०६ | - | - | ९,९८,९२९ |
| विद्यालय १४-१५ | ३९,८०१ | ६०,४५७ | ३७,५८८ | - | १,८८,९७३ | - | - | ३,२६,८१९ |
| जम्मा | २,४६,८३४ | ३,७४,९३३ | २,३३,१०६ | - | ११,७१,९६२ | - | - | २०,२६,८३५ |
| **पाठशालाको कुल संख्याः-** | | | | | | | | |
| प्राथमिक | ७२- | १४६ | २७३ | १७१ | ७७ | ९३ | ८९ | ९२१ |
| माध्यमिक | ५४ | ८६ | १०० | २६ | २१ | ९६ | ९ | ३१६ |
| विद्यालय | ११ | १३ | ४८ | ३ | ३ | २ | ४ | ८४ |
| जम्मा | १४१ | २४५ | ४२१ | २०० | १०१ | १११ | १०२ | १३२१ |
| **अंग्रेजीः-** | | | | | | | | |
| प्राथमिक | ५८ | १०१ | १८८ | ११३ | ५९ | ८३ | ६५ | ६६७ |
| माध्यमिक | ५७ | ८० | ९४ | २१ | १९ | १६ | ९ | २९६ |
| विद्यालय | ९ | ११ | ३७ | १ | ३ | २ | २ | ६५ |
| जम्मा | १२४ | १९२ | ३१९ | १३५ | ८१ | १०१ | ७६ | १०२८ |
| **संस्कृतः-** | | | | | | | | |
| प्राथमिक | १३ | ३८ | ७४ | ५८ | १७ | १० | २३ | २३३ |
| माध्यमिक | - | - | ३ | १ | १ | - | - | ५ |

शिक्षा मन्त्रालय

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विद्यालय | १ | २ | २ | - | - | - | - | ५ |
| जम्मा | १४ | ४० | ७९ | ५९ | १८ | १० | २३ | २४३ |
| आधारः- | | | | | | | | |
| प्राथमिक | १ | ७ | ११ | - | १ | - | १ | २१ |
| माध्यमिक | १ | ६ | ३ | ४ | १ | - | - | १५ |
| विद्यालय | १ | | ९ | २ | - | - | २ | १४ |
| जम्मा | १७ | ५३ | २३ | ६ | २ | - | ३ | २० |

(एउटा हालसालै बन्द भएको छ। )

शिक्षा मन्त्रालय

**सारांश**

यो परिच्छेदमा प्रस्तुत गरिएको शैक्षणिक अंकहरुले नेपालको जनसंख्या तीव्र गतिले बढ्दै गइरहेको र शैक्षणिक सुविधाहरु खति सीमित देखिन्छन्। यी दुइ कुराले आयोगलाई ललकाछैन्। बढ्दो जनसंख्याले कामको महत्ता प्रकट गर्दछ, शैक्षणिक सुविधाहरुको अपर्याप्ति समस्या प्रस्तुत गर्छ। अर्को परिच्छेदले नेपाल र उसका युवाहरुको वास्तविक आवश्यकताहरुको विचारमा बर्तमान शिक्षाको लक्षण प्रकट गर्नेछ।

शिक्षा मन्त्रालय

# परिच्छेद ४

# आजको नेपालमा शिक्षाको किसम

**प्राक्कथन**

अघिल्लो परिच्छेदले आजको नेपालमा शिक्षाको परिमित विस्तार दखाएको छ। नेपालम पाठशालाहरु अति अल्प संख्यामा भएका मात्र होइनन्, तर जति छन् ती पनि ठूला ठूला शहर र धेरै बस्ती भएका केन्द्रहरुमा मात्र छन्। यसकारण राष्ट्रको ठूलो हिस्सा आधुनिक अर्थमा शिक्षाबाट अलग रहेको छ।

शिक्षाको यो अभाव अँध्यारो ओडार जस्तो रित्तो र छिचोल्न गाह्रो छ। यहाँ शिक्षकहरु छान्न सकिने ज्यादै थोरै शिक्षित व्यक्ति छन्, पाठशालाहरुको विकासका निमित्त शिक्षकहरु ज्यादै आवश्यक छन्, नयाँ शिक्षालयहरुको विकासका प्रयत्नमा आड मद्दत दिने शिक्षाको व्यापक परम्परा छैन ,बाटो देखाउने आदर्शहरु छैनन्। अर्कोतिर एक पल्ट छिचोलिएपछि यो रिक्त स्थानले कार्यक्रमको विकास गर्न उत्तिकै सफा वातावरण प्रस्तुत गर्छ। हामीहरु स्वमं शिक्षकहरु तालीम गर्ने पुराना तरीका छोडी नयाँ तरीका निकाल्न सक्छौ, हामीहरु बाहिरिया क्रमका परम्पराबाट पथ-प्रदशित हुनुभन्दा वैज्ञानिक सिद्धन्त र प्रणालीअनुसार शिक्षाका नयाँ नमूनाहरु स्वयं विकास गर्न सक्छौ।

यद्यपि हामीहरु सामान्य पक्षपात,दबावट र परम्पराबाट मुक्त रहेर शिक्षाको राष्ट्रिय कार्यक्रम फैलाउन स्वतन्त्र छौ तापनि, हामीले हाल भइरहेका पाठशाला विद्यालयहरुका स्थापित महत्वको उपेक्षा गर्न हुँदैन।यिनका माहात्म्यलाई तुच्छ मान्नु बेकूफी र हानिकारक हुनेछ। अझ यी विद्यमान पाठशालाहरु विस्तारै स्थापना गरिने नयाँ ढाँचामा ढल्दै जानेछन् भन्ने आशा गर्न सकिन्छ, यसकारण सम्भावनीय परिवर्त्तनलाई सजिलो पार्न हामीले यिनीहरुका ढाँचाको बारेमा केही जानिराख्नु पर्दछ।

**सामान्य वर्णन**

नेपाली जीवन गाउँको वरिपरि केन्द्रित छ। ठूला शहरहरुमा समेत शहरका भागहरु पहिलेका गाउँहरु बढ्दै गएर छिमेकका गाउँहरुमा जोरिएका अझ चिन्हिदै छन्। यसरी, सर्वप्रथम,अधिकांश प्राथमिक पाठशालाहरु ग्रामपाठशाला छन्। सामान्यतः उत्तर प्राथमिक र माध्यमिक श्रेणीका पाठशालाहरु गाभिएका विद्यालय ( हाई स्कूल ) हरु प्रायः ठूला शहरहरुमा पाइन्छन्, यिनले ठूलो प्रदेश वा क्षेत्रलाई ढाकेका छन्। तैपनि, गाउँको प्राथमिक पाठशाला आधारता व्याप्त गरिएको छ।

दोस्रो, शिक्षालाई मद्दत गर्ने साधारण चन्दा बटुल्ने प्रणालीबद्ध र केन्द्रीयभूत सुविधाहरु र चलनको अभावले पाठशालाहरुको खर्च थेक्न पढाई शुल्क लिने प्रथालाई कानूनी मान्यता दिएको छ। धेरैजसो पाठशालाहरुमा प्राथमिक श्रेणीको प्रत्येक छात्रका निम्ति मासिक मो. रु.। ५० देखि विद्यालय श्रेणीको प्रत्येक विद्यार्थीलाई मो. रु. ६। पढाई शुल्क बिलकुल समान्य छ। केन्द्रीय सरकारको सहायता-दानबाट कहिले कहीं यो आम्दानी बढ्दछ र कूनै शिक्षालयहरुले शैक्षणिक झुकाउ भएका गरीब लड्काहरुका निम्ति निःशुल्क स्थान राखेका छन्। तैपनि,नेपालका पाठशालाहरुलाई छानि छानीकान विद्यार्थी भर्ना गरेर पढाइ शुल्क लिने निजी पाठशाला भन्नुपर्छ, ती (सामान्यतः) प्रायः सबै जनता निम्ति एकनासले खुला छैनन्। वास्तवमा,ती पाठशालाहरु आर्थिक स्थिति अनुकुल भएका वर्गहरुका निम्ति मात्र खडा भएका जस्ता छन्।

तेस्रो, यहाँ पाठशालाहरुअल्प संख्यामा छन् र तिनमा पढाइने पुस्तकहरु लक्षणमा प्रायः पाण्डित्यपूर्ण हुनाले केही हदसम्म ती सिर्फ साहित्यिक शिक्षा दिने कार्य सम्पादन गर्दछन् वर्तमान तिनीहरु ज्यादै छनौटा र शास्त्रीय शब्दमा, जीवनदेखि बिलकुल हटाइएका छन्।

चौथो, वर्तमान पाठशालाहरु मानवीय शक्ति र माहात्म्यका अपव्ययी छन्। धेरै पाठशालाहरुमा ठूलो मात्रामा जीवनको क्षति छ। यद्यपि प्राथमिक र माध्यमिक पाठशालाहरुमा असफल भएका विद्यार्थीहरुको संख्या देखाउन अंक पाइएका छैनन् तापनि, विद्यालयमा अन्तिम परीक्षा दिनेहरुमध्ये ३०% देखि ४०% मात्र सफल छन् भन्ने राम्ररी जानिएको छ। वर्तमान समयमा प्राथमिक पाठशालाबाट शुरु गर्ने प्रत्येक लडकाले सफलतापूर्वक विद्यालयसम्मको पढाइ पूरा गर्नुपर्छ भन्ने आशा वा इच्छा गर्न सकिदैन, तर यस्तो कुनै प्रामाणिक सीमाबिन्दु हुनु आवश्यक छ जसमा शिक्षाको हरेक तहमा कुनै न कुनै आवश्यकताहरुको लागि केही न केही तालीम पाओस्। यी पाठशालाहरुमा न त साहित्यिक गुण भएका छात्रहरुले राम्रो तालीम पाउँछन् न शुद्धबुद्ध ग्रामीण छात्रहरुको उद्धार हुन्छ। विद्यालय र महाविद्यालयहरुका अन्तिम परीक्षाहरुमा छात्रहरुको उच्च असफलता र छात्रहरुको दैनिक पढाइमा निरन्तर अनियमित रुपले भइरहेको नोक्सान आर्थिक दृष्टिकोणबाट मात्र होइन मानसिक दृष्टिकोणबाट समेत देशको क्षतिजनक छ।

पाँचौ, धेरै पाठशालाहरु भाषा ( बिदेशी,राष्ट्रभाषा र मातृभाषासमेत) को शिक्षण र अन्तिम परीक्षाको तउारीका निम्ति वाहियातमा धेरै समय खर्च गर्दछन्। पाठ्यक्रमका समयको ४०% देखि ८०% भाषाशिक्षणले लिइदिन्छ।

धैरैजसो प्राथमिक र माभ्यमिक पाठशालाहरु हरेक यषको आखिरी एक वा महीना परीक्षाको तयारीमा बिताउँछन्। धैरै पाठशाला विद्यालयहरुमा समाजशास्त्र, विज्ञान, स्वास्थ्य, ललित कला, संगीत र यस्तै अरु ज्ञानहरुको विचारणीय अभाव छ।

छैटौ, पाठशालाहरु प्रायः  लडकाहरुले पूर्ण छन्। केही लडकीहरु सामेल छन् तापनि, ती ५% सम्म को अल्प संख्यामा हुन्छन्। यिनीहर प्राथमिक र माध्यमिक विद्यालयहरुमा स्वतंत्र रुपले र कुनै विद्यालय तथा महाविद्यालयहरुमा केही हदसम्म सहशिक्षाको आधारमा सामेल हुन्छन् । तर साधारणत: लडकीहरु विद्यालयको तहदेखि नै अलग पढाइएका हुन्छन् ।

सातौं, धैरै पाठशाला विद्यालयहरु प्राय ११ बजेदेखि ३ अथवा ४ बजेसम्म, दिनको ३ देखि ५ घण्टातक, प्रतिसप्ताहमा साढें पाँच दिन र वर्षमा दश महीना काम गर्छन् । तैपनि बारबारको विदा र चाडबाडले पाठशाला खुल्ने वास्तविक दिनको संख्या घटाउँदछ । गरम प्रदेशमा ग्रीष्मऋतुमा र ठण्डा प्रदेशमा हिउँदमा प्राय: लामो विदा पर्दछ ।

सीमित भवन, साजसजावट र अपर्याप्त तालीमप्राप्त शिक्षकहरुसहितका यी विलक्षणताहरुले आजको नेपालमा शिक्षाका अधिकांश सामान्य मूल कुराहरु बताउंछन् ।

**घर र सरसामान**

धैरै पाठशालाहरु असल शिक्षा दिन सुविधाहरुमा ज्यादै सीमित छन् । दक्षिण तराईको मैदानमा घरहरु प्राय: फूसको छाना र चारैतिर खुला भएका वा छहारी र हावा छेक्नाको लागि स्याउला र मान्द्राले ढाकिएका बाँसका टहरा छन् । पशुहरुलाई रोक्न बाँसको बार हालिन्छ । उत्तरतिर पहाडमा ईट अथवा ढुंगाको गारो भएका घरहरु छन् तथा तिनीहरुमा धैरै कम झ्यालहरु र कोठाका भुइँ धुले हुन्छन् । उपत्यकामा यी दुवै किसिमका घर पाइन्छन् ।

कैयन् पाठशालाहरु ठूलो खेल्ने ठाउँ (प्राय: वास्तवमा चलन नगरेको) चउरसहित सुन्दर ग्रामीण साधनले युक्त छन्; कुनै गाउँ वा शहरको मध्यभागमा कोचिएका र सिर्फ सडकहरु नै केटाकेटीहरुलाई खेल्ने ठाउँ भएका छन् । कुनै घरहरु ग्रीष्मऋतुको गर्मीबाट बच्न राम्रो ओजेल परेका छन्; अरु हिउँदमा घाम ताप्नका निमित्त खुला घाममा रहेका छन् । कुनै कुनै खेल्ने ठाउँ राम्रो निकास भएका सुक्खा छन् र कुनै खाल्डो परेका सेपिला अथवा सडकका कसिङ्गर त्यादिल फोहोर छन् ।

धेरै घरहरु एक कोठे छन् । तिनमा एक अथवा शायद दुइ शिक्षक हुन्छन् । बाँस फूसको घरमा पातलो मान्द्रोले कोठाहरु छुट्याएका छन् । थोरै पाठशालाहरु, विशेषत: विद्यालयहरुमा धेरै कोठाहरु होलान्, जस्तो कि दरबार हाई स्कुलमा ३० कोठा छन् । यी कक्षाहरु सानामा ८x१० फीट र ठूलामा १६x२५ फीटसम्मका होलान् । चाहिंदो माफिकका विभिन्न नापका झ्याल र भित्ताका प्वालहरुबाट प्राकृतिक प्रकाश पुर्‍याएको हुन्छ । धेरै घरहरु बिलकुल सफा र असल हालतमा राखिएका छन् ; थोरै मात्र विद्यार्थीहरुका निम्ति अस्वास्थ्यकर अवस्था र घीनलाग्दो फोहोरका शोचनीय नमूना छन् । तैपनि, तिनीहरु शिक्षाका निम्ति यथोचित सन्तोषजनक परिस्थिति प्रस्तुत गर्दछन् ।

अधिकांश पाठशालाका साजबाज बिलकुल थोरै छन् । खेलका कुनै मैदानमा पीङ र धेरै पाठशालाहरु, खास गरेर विद्यालयहरुमा भकुण्डो, बास्केट बल, भलीबर, हकी, क्रिकेट र यस्तै खेलकूदका साधनहरु पाइन्छन् ।

प्रकृति अध्ययन र विज्ञान, कला र संगीत, भूगोल र इतिहास इत्यादि तथा योजनाहरु कार्यान्वित गरिने शिक्षाको निम्तिका साधनहरु प्राय: छँदै छैनन् । आधार शिक्षालयहरुमा मात्रै कला अथवा व्यवसायिक शिक्षाका निम्ति केही साधनहरु छन् ।

पुस्तक लगायत शिक्षासम्बन्धी सामानहरुमा साँच्चिकै न्यूनता छ । तिनमा पनि खास गरेर नेपालीमा लेखिएका पुस्तकहरुको अभाव छ । नेपालीमा थोरै पुस्तकहरु मात्र छापिएका छन् र धेरै पाठशालाहरुमा यी प्राप्त पनि छैनन् । कुनै पाठशालाहरुले हिन्दी, अंग्रेजी वा संस्कृतका पुस्तकहरु लिएका छन् तर जतिले लिएका छन् तिनीहरुमा समेत संख्या र गुणमा यी बिलकुल थोरै छन् । पाठ्यपुस्तकहरु सामान्यतया साना, कागतको जिल्ला भएका र कमसल छपाइका पुस्तिका जस्ता पाइन्छन् । नेपालीमा विश्वकोश र निर्देश पुस्तक (रेफरेन्स बूक)हरु छैनन् ।

देख्ने सुन्ने साधारण कुराको सहायतासमेत छैन । खरीपाटी, सूचना पाटी (बुलेटिन बोर्ड) मानचित्र, नक्शा, भूगोल, स्याण्ड टेबुल र यस्तै सचित्र सामग्रीहरु धेरै कम पाइन्छन् । गणित सम्बन्धी र अरु ढाँचाहरु प्रयोगका निम्ति कदाचितै पाइन्छन् । बिजुली भएका तीन शहरमा बाहेक अन्यत्र विद्युत-शक्ति चाहिने साधनको उपयोग हुन सक्तैन तर यी तीन शहरका पाठशालाहरु पनि यस्ता सामानहरु निम्न अर्थसम्पन्न छैनन् ।

साधारण शब्दमा, नेपालमा  शैक्षिक निरीक्षण अति संकीर्ण मात्रामा छ । वास्तवमा शिक्षकलाई आधुनिक पाठशालाहरुमा पाइने शिक्षा दिने साधनहरुबिना नै व्याख्यान दिन र शिक्षाको निर्देश गर्न बोलाइन्छ । यसले केही मात्रामा केटाकेटीहरुमा मौलिकता र कल्पनाशक्तिको विकाश गरे तापनि, शिक्षकहरुको अपूरो शिक्षणले गर्दा वास्तवमा आधुनिक सभ्यतालाई चाहिने मानव प्रतिभाको पूर्ण विकाश गर्न सक्दैन ।

**शिक्षक र उनीहरुको शिक्षण**

वर्तमान पाठशालाहरुका ३५०० शिक्षकहरुको शिक्षण विस्तारका सम्बन्धमा कुनै खास कुरा प्राप्य छैनन्। तैपनि, पाठशालाहरुको निरीक्षण गर्ने र यी शिक्षकहरुसित सम्पर्क भएका शिक्षा अधिकारीहरु सामान्य अवस्था बताउँछन्। माथिल्लो तहमा, महाविद्यालयहरु शास्त्री (ब्याचलर) र आर्चाय (मास्टर) उपाधिप्राप्त ब्यक्तिहरुले युक्त छन् भन्ने ज्ञात छ। यस अतिरिक्त थौरैको ब्यवसायिक शिक्षण थप छ, धैरैको छैन।

शिक्षाको क्षेत्रमा, सम्पूर्ण नेपालभर एक जना मात्र शिक्षाको आर्चाय (मास्टर अफ एडुकेशन) को उपाधिले युक्त छ र शायद अरु बाह्र जना शिक्षा शास्त्री (ब्याचलर अफ टीचिङ) वा त्यस बरावरको उपाधि प्राप्त छन् भन्ने अनुमान गरिएको छ। यस अतिरिक्त करीब बाह्र जना आधार शिक्षामा स्नातक (ग्र्याजुएट) छन्। यी सारा ब्यक्तिहरु शिक्षा मन्त्रालय या शिक्षक शिक्ष्ँण केन्द्रको काममा नियुक्त गरिएका छन्।

भारतका शिक्षक शिक्षण संस्थाहरुमा यी शिक्षा हासिल गरिएको थियो। यो सिकाउने तरीका,शैक्षिण मनोविज्ञान,पाठशालाप्रबन्ध र संगठन, देखरेख, जाँच र परिमित प्रमाण, निदिप्ट पुस्तकावली (र आधार शिक्षामा तालीम पाएकाहरुका निम्ति शिल्पकार्य) इत्यादि गाभिएको सामान्य शिक्षा बिधानका क्रमको छ र यस्ता तालीम पाएका मानिसहरुका निम्ति पूर्ण सन्तोषजनक मानिनु पर्दछ

विद्यालयको तहमा शास्त्री (ब्याचलर) को उपाधि पाएका शिक्षकहरु बान्छनीय छन् तर ठूला ठूला केन्द्रहरुमा मात्रै शास्त्रीको उपाधि पाएकाहरु बहुसंख्यामा पाइन्छन्। विद्यालयका ९२० जवान शिक्षकहरुमध्ये १०० जवानले मात्र शास्त्री (बी० ए०) को उपाधि हासिल गरेका होलान् भन्ने अनुमान गरिन्छ। तिनीहरुमध्ये पनि शिक्षक शिक्षण केन्द्रबाट तालीम पाएका त ज्यादै कम छन्। यी उपाधि पाएकाहरुमा अधिकांशले भारतीय संस्थाहरुबाट र थोरैले त्रि-चन्द्र महाविद्यालयबाट आफ्ना उपाधि लिएका छन्।

माध्यमिक र प्राथमिक पाठशालाहरु सिर्फ साक्षरतादेखि विद्यालयको प्रवेशिका (एस.एल.सी.) परीक्षासम्मको शिक्षा पाएका शिक्षकहरुल युक्त छ। प्रदेशिका परीक्षामा उत्तीर्ण भएका शिक्षक ज्यादै कम छन् भन्ने मानिएको छ। अधिकांश शिक्षकहरुले ५ देखि ८ औ श्रेणी वा त्यस बराबरको पाठ्यक्रम पूरा गरेका छन् र केही, विशेष गरेर प्रारम्भिक पाठशालाहरुमा, पाठशालीय शिक्षा नपाएकाहरु पनि अलि अलि लेखपढ. गर्न पानेको वलमा पढा.उँछन्।

आधार पाठशालाहरु धेरैजसो प्रवेशिका वा त्यस नजीकको परीक्षामा उत्तीर्ण भएका ब्यक्तिले मुक्त छन्। यिनीहरुल करीब ३ वर्षदेखि काठमाडौंमा खुलेको आधार शिक्षा शिक्षण केन्द्रमा एक अथवा २ वर्ष ब्यवसायिक शिक्षण पाएका छन्।

यी शिक्षकहरुमध्य कुनै अवकाशप्राप्त सैनिक (पल्टनियाँ) छन्, जो केटाकेटीहरुलाई उनीहरुका प्रदेशदेखि बाहिरको संसारको अलिकति ठाडो ज्ञान दिन सक्छन्। तर धेरै शिक्षकहरु आफ्नो जिल्लादेखि बाहिर नगएका छन्। दश वर्ष अगि यहाँ अति अल्पसंख्यामा पाठशाला विद्यालयहरु हुँदा यिनीहरुमा धेरैजसोले सुब्यवस्थित पाठशालाका शिक्षाको लाभबिना घरैमा शिक्षा पाएका थिए।

साधारण किसिमले भनौं भने, शिक्षकका सुविधाहरु असन्तोषजनक छन्। गाउँका प्रारम्भिक पाठशालाका शिक्षकहरु मासिक रु. २५। कमाउछन्, यो पनि शिष्यहरुले तिर्ने पढाइ शुल्क वा कहिल कहीं आउन दानमा आधारित हुनाले प्रायः अनिश्चित छ। येतन पनि अक्सर नगदमा भन्दा जिन्सी (धान, चामल, कपडा. इत्यादि) मा हुन्छ। विद्यालयको प्रवेशिका परीक्षामा उत्तीर्ण भएकाहरुको निम्ति सरकारी बेतनक्रम यस प्रकार छ।

प्रारम्भिक पाठशालाका शिक्षकहरुलाई मासिक रु. ६०।

माध्यमिक पाठशालाका शिक्षकहरुलाई मासिक रु. ८०।

विद्यालयका शिक्षकहरुलाई मासिक रु. १२०।

तर चतुर्थाशभन्दा बढ्ता शिक्षकहरु सरकारी जागीरदार छैनन्।

शिक्षकको अवस्था पनि विशेष अनुकूल छैन। उसले आफ्नो थोरै आम्दानीको पूर्ति गर्न अरु काम गर्नुपर्छ। यसकारण गाउँको शिक्षक भए प्रायः खेती र ठूलो केन्द्रको निजी अध्यापन कममा लाग्ने हुन्छ। पढा.उने कामबाट हुनेभन्दा उसको अरु आम्दानी प्रायः बढता हुन्छ। अरु साथीहरुको तुलनामा उसको रहनसहनको स्तर उच्च छैन र आफ्नो जमातमा उ बिरलै बढ्ता इज्जतदार मानिन्छ। यी परिस्थितिहरुले न्यूनता पूर्तिलाई मुश्किल पार्दछन् शिक्षक बन्न चाहनेको योग्यतामा अपजस लाउँछन् र ब्यवसायिक तहमा शिक्षणकार्यको स्तर वृद्धिगर्न

अनुत्साहित पार्छन्। प्रायः जनताहरु शिक्षकको कामलाई रुचाउँदैनन्। अक्सर गरी उसले अरु कुनै रोजगार पाउन नसकेर शिक्षणको  काम लिएको हुन्छ। सारांशमा शिक्षकको स्थिति कत्ति पनि आकर्षक छैन।

**पाठशालाका पाठ्यक्रम**

यी पाठशालाका पाठ्यपुस्तकहरु किसिममा  धेरै फरक छन। अघिल्लो परिच्छेदमा उल्लेख गरिएका तीन मुख्य किसिमहरु प्रारम्भिक पाठशालादेखि विद्यालय वा सहरका तहसम्म नाममात्रको शिक्षा दिन्छन् र यसको  अवधि सामान्यतः दश वर्षको छ भन्न्ा सकिन्छ। संस्कृत र अंग्रेजी दुवैका महाविद्यालय छन्।अंग्रेजीको अध्ययनमा बी० ए० सम्मको उपाधि पाइन्छ।

वर्तमान समयमा प्रभावशाली भएको अंग्रेजी शिक्षालयका पाठ्यपुस्तकावली, इंगल्याण्डका शिक्षालयहरुको नमूनामा ढालिएका भारतका अंग्रेजी विद्यालयहरुका नमूना अनुसारको छ। पाठशालाको वर्गीकरण यस प्रकार छः- प्रारम्भिक पाठशाला, पहिलो ३ श्रेणी, प्राथमिक, चौथो र पाँचौ श्रेणी, माध्यमिक, छैटौदेखि आठौ श्रेणी र विद्यालय, नवौ तथा दशौं श्रेणी।पाठ्यक्रममा भाषा पनि राखिएको छ। तेस्रो श्रेणीदेखि अंग्रेजी छ। विद्यालयमा शिक्षाको माध्यम प्रायः अंग्रेजी,साधारणतः नेपाली र मातृभाषा छ। यद्यपि,योग्यता प्राप्तिको तह प्रायः धेरै माथिल्लो नरहे तापनि, यी भाषाहरुमा ज्यादा महत्व दिन्छ र धेरैजसो त शिक्षकहरुले नै उच्च दर्जाको योग्यता हासिल नगरेका हुनाले विद्यालयको पाठ्यक्रम पूरा गर्दा पनि अंग्रेजीको ज्ञान विशेषतः थोरै हुन्छ।

तल्लाश्रेणीहरुमा हिसाब सिकाइन्छ। माध्यमिक र माथिल्ला श्रेणीहरुमा बीजगणित, रेखागणित र अलिकति त्रिकोणमिति राखिएका छन्। प्रायः प्रयोगशाला वा वैज्ञानिक सरसामान र उपकरणहरुको लाभबिना माथिल्ला श्रेणीहरुमा विज्ञानको शिक्षा दिइन्छ। अलिकति भूगोल र (प्रायः भारत र इंगल्याण्डको) छोटो इतिहास पढाइएको हुन्छ। शरीरविज्ञान र खेलकूद पाठ्यक्रमबाट उपेक्षित छन्। कुनै पाठशालाहरुमा प्रार्थनाको निम्ति दैनिक समय राखिएको छ, पाठशालीय वार्षिक पत्रिका निस्केका होलान्, अदालती र साँस्कृतिक कार्यक्रम पनि होलान्। अभ्यास, कण्ठ गराउने र वक्तृता दिने पद्धतिहरुले ज्यादा महत्व राख्त छन्।

प्रत्येक वर्षको अन्त्यमा लिइने वार्षिक परीक्षाबाट विद्यार्थीका प्रगतिको निर्णय गरिन्छ। अन्तिम दुई वर्ष अघिल्ला प्रवशिका परीक्षाहरुका प्रश्नपत्रको अध्ययनमा लगाइन्छ र प्रायः आखिरी अग्निपरीक्षाको केही महीना अगिदेखि परीक्षाको अभ्यास गराइन्छ।

अंग्रेजी पाठशालाहरु नेपालका निम्ति बिलकुलै नरचिएको पद्धतिको चुल्थो रुपान्तर कहिन्छन्। सफल स्नातक (ग्र्याजुएट) हरुले नेपाली र अंग्रेजीमा लेखपढ. गर्ने सामर्थ्यको बलमा सरकारी कारिन्दाको जागीर भेट्टाउन सम्भव छ तर अधिकांश पाठ्यसूचिको ब्यवसायिक महत्व छैन। विद्यालयको पढाइ पूरा हुनुभन्दा अगि पढ.न छोड्नेले लेखपढ गर्न जान्नुबाहेक बहुतै थोरै मात्रा ब्यावहारिक योग्यता हासिल गरेको हुन्छ।

त्रि-चन्द्र महाविद्यालयले अंग्रेजी पाठशालीय शिक्षालाई टुग्याउँछ भारतका महाविद्यालयहरुका ढाँचाको यस महाविद्यालयमा साहित्य र विज्ञान दुवैका विभाग छन्। हाल यो महाविद्यालय पटना विश्वविद्यालयसित सम्बिद्धत छ। यो मध्यवर्ती तह (पहिलो दुइ वर्ष ) र आखिरी तह (माथिल्लो दुइ वर्ष) मा विभक्त छ। पाठ्यसूचि सामान्य क्रमको छ, मुख्यतया ब्याख्यान पद्धतिले शिक्षा दिइन्छ र माध्यमिक तथा आखिरी तहको अन्त्यमा, भइरहेकै चलनअनुसार अन्तिम परीक्षाहरुबाट प्रगतिको अड.कल गरिन्छ।

संस्कृत पाठशालाका पाठ्यपुस्तकहरुको सूचिले भाषाहरुमा अंग्रेजीको भन्दा बढ्ता महत्व दिएको छ। यद्यपि मातृभाषामा शिक्षा दिइन्छ तापनि, संस्कृतका पायः शुरुका धार्मिक ग्रन्थहरुका पताका पाता घोकेर कंठ गराउनमा धैरै समय खर्च गरिन्छ। केटाकेटीहरु भुइंमा पलेंटी कसेर,लय कायम राख्न अगाडि. र पछाडि.झुल्दै घण्टौसम्म दोहोऱ्याई तेहऱ्याई ती पाताहरु कण्ठ पार्दछन्।

यी पाठशालाहरु दृढ.तासित श्रेणीबद्ध छैनन्। विद्यार्थीको उमेर वा पाठशालमा आएको समयको विचारभन्दा उसको पढने (बाचनको) योग्यताअनुसार कक्षाको विभाजन छ। प्रायः सब केटाकेटी एउटे कक्षामा राखेर पढाइन्छन्। यी विषय यी पाठशालाहरुमा २००८ सालमा बनारस र काठमाडौं महाविद्यालयहरुले गणित,विज्ञान, समाजशिक्षा अनिवार्य गर्नुभन्दा अगि केहीमात्र पाइन्छन्।

विद्यालयको अध्ययनकालसम्म यो काम गरेपछि विद्यार्थीहरु काठमाडौंको संस्कृत महाविद्यालयमा जान सक्छन्। महाविद्यालयका अधिकांश स्नातकहरु, परिवार र साना जनसमूहमा पुराण भन्ने धार्मिक कार्यमा प्रविष्ट हुन्छन्।

आधार शिक्षाका पाठशालाहरुको पुस्तकावली अरु पाठशालाहरुको भन्दा बिलकुल भिन्न्ौ छ। यसले भारतमा स्थापित गाँधीवादी ढाँचाको अनुसरण गर्छ र प्रत्येक ब्याक्तिलाई हरेक कुरामा आत्मनिर्भर गराउन यसको रचना भएको छ। यस सम्बन्धबाट यो ब्यवसायिक शिक्षणका साथ

जीवनका आधारभूत आवश्यकताहरुको पूर्ति गराउने भएको छ।नेपाल र भारत जस्ता मुलुकमा ग्रामीण जीवनका निम्ति तोकिएर नै यसको रचना भएको छ।

शिल्प कार्य पाठ्यक्रमको मुटु छ। हरेक लडका आफ्नो पाठशालीय जीवनभर आफ्नो मौलिक दक्षताको रुपमा कताइ, बुनाइ, काठको काम, खेती सिक्नमा दिनको कैयन् घण्टा बिताउँछ। उसको शिल्पका अनुभवबाट निस्केका समस्याहरु जस्तै,एक दिनमा उ कति धागो कात्न सक्छ, कति खेत नाप्न सक्छ,इत्यादिबाट उ हिसाब सिक्तछ। यसै गरी भाषा,बाचन र अलिकति भूगोलको ज्ञान हुन्छ। इतिहास, नागरिक शास्त्र र स्वास्थ्य पाठ्यक्रमका आवश्यक अंग छन् ,प्रार्थना, शारीरिक शिक्षण, साँस्कृतिक र मनोरञ्जक कार्यक्रम तथा ग्राम सुधार योजना साधारण मात्रमा पाइन्छन्।

वास्तविकतासंग मिल्दोजुल्दो पार्न नसक्नु नै, शायद आधार शिक्षाको सबभन्दा ठूलो आलोचनाको विषय छ। प्रायः सारा कपडा पैठारी हुने गाउँहरुमा कताइ र बुनाइ पाठ्यक्रममा राखिएका छन्। सिएका लुगाले धोतिको ठाउँ लिएको प्रदेशमा सूचीकारी राखिएको छैन। आधार शिक्षालाई शहरिया जीवनको उपयुक्त बनाउन कुनै फेरफार गरिएको छैन। अरु किसिमहरुभन्दा यस किसिमको पाठशाला धेरै केटाकेटीहरुका निम्ति उपयोगी हुन सक्छ, तर यसको कठोरताले नै यसको महत्व घटाउँछ।

उत्तरी सीमानाहरुमा मात्र पाइने गुम्फाहरुको पाठ्यसूचि बौद्ध धर्मका धार्मिक नेताहरुको शिक्षण र कम प्रयोगमा दैनिक जीवनका ब्यावहारिक आवश्यकताहरुको शिक्षा दिन तर्जुमा गरिएको छ। यी मठीय संस्थाहरुले काञ्ज्युरका र ताञ्ज्युरका भोटे पुस्तकका ठेलीहरुमा संग्रह गरिएका कैयन् ऐतिहासिक बुद्धहरुका आन्तरिक भावनाहरुलाई सौझै हिमालयका जातिहरुमा फैलाएका छन्। लामा पण्डित,गायक र चित्रकारहरुले विभिन्न भाव र रुपमा चित्र विचित्रका द्वेध देवताहरुको सृष्टि गरेर तथा नरकका र सांसारिक प्रवासपछिको प्रयासका असत्य दृश्यहरुका रङ्गन चित्रहरु लेखेर उत्तरीय जातिहरुका प्रवल आवश्यकतालाई सन्तुष्ट पारेका छन्। यसकारण, विभिन्न वर्गका गोरखालीहरुलाई, विश्वयुद्धका विभिन्न क्षेत्रहरुमा युद्धप्रिय कार्यहरु देखेपछि आफ्ना विचारको स्वर्गमा सम्मानित स्थान भेट्टाउने मौका सुधानँ र आध्यात्मिक धारणका निम्ति मोटका गुम्फाहरुतिर झुकेको पाउनु असामान्य छैन।

यी गुम्फाहरुका निर्दिष्ट पुस्तकावलीले जनताको दैनिक प्रयोजनको व्यवस्थ ागर्ने धार्मिक आचारका सारा दृष्टिकोणलाई अंगाल्दछः कोही वाविशक्षणमा पटु हुन सक्छ, व्यापारमा प्रवृत्त उमेदवार मठका सम्पत्तिको प्रबन्ध गर्न वा स्वयं व्यापारमा लाग्न सक्दछ, चित्रकारहरु भोटे रङ्गिन कागतका मुठाहरुमा चित्र लख्न सक्तछन् , स्वप्नद्रष्टाहरु दैवी प्रकाशमय रुपको दर्शन

पाउन र आफ्ना एउटै श्रेणीका विद्यार्थीहरुलाई बाटो देखाउन वा तन्मय भएर भजन गाउन सक्तछन्।

अरु पाठशालाहरुको छोट्करी उल्लख गर्न सकिन्छ। काठमाण्डौको मण्टेसरी शिक्षालय प्रसिद्ध यूरोपीय ढाँचाको अनुसरण गर्छ। यसले शिशुहरुको निम्ति योजना र कार्यशीलतामा जोड. दिन्छ, नतीजा र कार्यशीलताको एक रुपतामा प्रायः ज्यादा मोहित भएर बयकतालकहरुको व्याक्तिगत आवश्यकता, सामर्थ्य र अभिरुचिहरुको वास्ता गर्दैन।

नेपाल खाल्दोमा विदेशी धार्मिक संस्थाहरुबाट चलाइका पाठशालाहरु पनि त्यही ढाँचाका छन् र प्रथम श्रणीदेखि नै अंग्रेजीको माध्यममा शिक्षा दिन्छन्। हालसम्म काठमाडौंमा करीब, करीब विद्यालय तहको एउटा व्यावसायिक विद्यालय (टेक्निकल स्कूल) छ। यसमा ललित कला, खेती,इञ्जिनीयरिङ र कपडा बुन्न कामको शिक्षा दिइन्छ। आर्थिक सहायताको अभावले केही काम अरु संस्थाहरुमा गाभिए, अहिले सूक्ष्मकलाका मुट्ठीभर छात्रहरु छन्।

**माध्यमिक स्तरको**

काठमाडौंमा माध्यमिक तहको एउटा स्रोस्ता पाठशाला पनि छ। यसले निजामती मध्यम परीक्षा दिएर सरकारी नोकरी गर्न चाहनेहरुका निमित्त प्रारम्भिक पाठशालाको काम दिन्छ। यसमा नेपाली भाषा, साहित्य, हिसाब, भूगोल, इतिहास, स्याहा-स्रेस्ता, सरकारी कार्यप्रणाली, नेपाली ऐन र प्रकृति परिचयको शिक्षा दिइन्छ।

**पुराना तरीका छोडी नयाँ तरीका निकाल्न सक्छौं**

विद्यालय र महाविद्यालयहरुका अन्तिम परीक्षाहरुमा छात्रहरुको उच्च असफलता उच्च आशा र छात्रहरुको दैनिक पढाइमा निरन्तर अनियमित रुपले भइरहेको नोक्सान आर्थिक दृष्टिकोणबाट मात्र होइन मानसिक दृष्टिकोणबाट समेत देशको क्षतिजनक छन्।

**सारांश**

आजको नेपालमा शिक्षाको यो छोट्करी बयानले दुइ कुरामा जोड दिन्छ, पहिलो, शिक्षालयहरुको न्यूनताले गर्दा तिनीहरुले जनताको संस्कृति, संख्या र परम्परामा अति अल्प प्रभाव पार्न सकेका छन्। यसकारण नयाँ राष्ट्रिय शिक्षालय पद्धतिको विकाशलाई परम्पराले विपरीत तरीकासंग दबाउ नपरोस्। दोस्रो, नयाँ कार्यक्रममा हरेक किसिमको शिक्षालयले केही दिन सक्छ, अंग्रेजी शिक्षालयहरुको प्रणालीबद्ध ब्यवस्था, संस्कृत पाठशाला र गुम्फाहरुको धार्मिक महत्व, आधार पाठशालाका ब्यावसायिक र ब्यावहारिक महत्व र मण्टेसरी शिक्षालयको कार्यशीलयोजनाको सामीप्य उल्लेख्य छ।

वर्तमान शिक्षालयका अनुभवहरुको कदर गर्न र योजना बनाउन स्वतन्त्र भएर हामीहरु यी शिक्षालयहरुका, पुराना, अञ्पावहारिक तथा सीमित महत्वहरुलाई फालेर यिनमा असल र उपयोगी विलक्षणताहरु ल्याउने राष्ट्रिय शिक्षा योजनाको विकाशमा अगाडि कदम बढाउन सक्तछौं।

शिक्षा मन्त्रालय

# परिच्छेद ५

# जनताको राय

**परिचय**

गएका परिच्छेदहरुमा नेपालमा शिक्षाको स्थापनाको र भइरहेका शैक्षिक योजना, स.स्था तथा अवस्थाहरुको व्याख्या भइसकेको छ। सन् १९५४ को मार्च महीनामा पहिलो बाजि आयोगको बैठक भयो। त्यस बखत जनताको धारणा तथा विश्वास अध्ययन गर्ने, उनीहरुको विचार लिन र उनीहरुको शैषिक समस्याहरु थाहा पाउन राष्ट्रभरिका प्रतिनिधिहरुसँग कुनै संबन्ध नजोडिकन शिक्षासम्बन्धी कुनै पर्यालोकन ९कगचखभथ० पूरा हुन सक्तैन भन्ने बुझयो। प्रजातन्त्रको युगमा जनताको समर्थन नभइकन कुनै योजना कार्यान्वित गर्न सकिंदैन भन्ने आयोगले विचार गऱ्यो। शिक्षा जनतासंग ज्यादै संबन्ध राख्ने विषय भएकोले उनीहरुको शिक्षासम्बन्धी के विचार गऱ्यो। शिक्षा जनतासंग ज्यादै संबन्ध राख्ने विषय भएकोले उनीहरुको शिक्षासंबन्धी के विचार छ, र उनीहरुको आवश्यकता तथा इच्छा के छ त्यो जान्न जनतासंग समपर्क राख्न पर्दथ्यो।

छलफल हुँदा दुइटा सुझाउ निस्क्यो डाँक, हुलाक, समाचार-पत्र, रेडियोद्वारा विस्तृत रुपमा फैलाउने एउटा प्रश्नावली तयार पार्ने स् र अवस्था बुझ्न, मानिसहरुसंग कुराकानी गर्ने र त्यो प्रश्नावलीमा उनीहरुको उत्तर लिन आयोगका सदस्यहरुमध्येबाट खटाएर सीमानाभित्रका इलाका इलाकासम्म पठाउने। जनताको।राय बुझ्न मुख्य मुख्य ठाउँमा शिक्षामा चाख भएका मानिसहरुको सम्मेलन गर्नु पर्ने हुनाले एउटा प्रश्नावली तयार भयो र भ्रमण गर्ने प्रबन्ध भयो।

भ्रमणमा जाने आयोगका सदस्यहरुले आफूले ल्याएका सुझाउहरुको रिपोर्ट गर र पूरा प्रश्नावली फिर्ता ल्याउनु भयो। अनि ती सामग्रीहरु प्रश्नावलीको तालिकामा मिलाइयो। त्यसको बारे यस परिच्छेदमा सविवरण विचारविमर्श गरिएको छ। निम्नलिखित ठाउँहरुमा आयोगका सदस्यहरु पुगेका थिए -

(१) पश्चिमी तराई छेउका नेपालगंज र कोइलावास
विरगंजनिर मध्य तराईमा गौर र कलैया
पश्चिम ४ नंबर पहाडहरुमा पोखराखाल्डो
पूर्व छ नंबरमा धनकुटाका पहाडी किल्लाहरु
पूर्वी पहाडका महोत्तरी जिल्लामा जनकपुर शहर
काठमाडौंसहित नेपालको केन्द्रयि खाल्डो, काँठहरु, पाटन र भादगाउँ
पश्चिम ५ नंबरमध्ये सोत्ते जग्गा, डोटी सिलिगढी

पश्चिमी तराईको तौलीहवा

यसबाहेह क्षेत्रीय स्कूल निरिक्षक र उपनिरिक्षकहरुले आफू रहेका क्षेत्रका मानिसहरुसंग सम्पर्क राखेर विस्तृत रिपोर्टहरु पढाए। ती रिपोर्टहरु पनि यस रिपोर्टमा गाभिएका छन्।

यी पद्धतिसंग सम्पर्क राख्नृ मुलुकका सबै भाग दर्शाउने हजारौ शिक्षित वा अशिक्षित जनताको शैक्षिक विश्वास र विचारधारा पद्धतिबद्ध उपस्थित गर्नु यस परिच्छेदको मुख्य ध्येय हो।

**प्रश्नावली - कार्यावधि**

शुरुमा खडा तीनवटा समिति (पाठ्यक्रम, व्यवस्था र शिक्षकतालिम) मार्फत आयोगका सदस्यहरुले प्रश्नावली तयार पारेका थिए। समितिले ती प्रश्नहरु पेश गरे, आयोगले समष्टिरुपमा विचारविमर्श गरी प्रकाशनको निम्ति तिनलाई परिष्कृत तुल्यायो। जनसंख्याका सबै कक्षाबाट उत्तर लिने विचार भएको हुनाले अव्यक्त उत्तरदाताको शिक्षाको विस्तार अनुसार भिन्न भिन्न तीन प्रश्नावली तयार पारिए। चार अधारभूत प्रश्न हद सरल रुपमा सोधिए। सब प्रश्न शिक्षित उपरियाको निमित्तको फारममा सोधिएका थिएस र २८ पूरक प्रश्नहरु व्यवशायी शिक्षा विशेषज्ञहरुका निम्तिको फारममा गाभिएका थिए।

संचार र यातायातका समस्या तथा निरक्षरताको उच्च मात्राले गर्दा प्रश्नावली प्रणालिबद्ध आधारमा बाँड्ने प्रयत्न गरिएन। सजिलैसंग पहुँच पुग्ने हरेक जनालाई जवाफ दिन अनुरोध गरियो।

सिधै वा स्कूल प्रधान निरिक्षक मार्फत् नेपालका सबै कलेज, स्कूल, पाठशाला र अरु शैक्षिक तथा सांस्कृतिक संस्थाहरुमा प्रश्नावली पठाउने स्रबन्ध गरियो। नेपाल खाल्डोका स्कूलहरुका हेडमास्टरको सम्मेलन आयोजित गरियो र उनीहरुकाई प्रश्नावली बाँडियो। शिक्षामा चाख भएका प्रमुख जनताहरुलाई व्यक्तिगत रुपले प्रश्नावलीमा जवाफ दिएर मात्र होइन, सम्भव भए, छुट्टाछुट्टै राष्ट्रिय शिक्षाको बारे आफ्आफ्ना सुझाव पठाउन अनुरोध गरियो। काठमाडौंमा आइरहेका वडाहाकिमहरु पनि बोलाइएका थिए। निम्नलिखित समस्हहरुका सदस्यहरुलाई प्रश्नावलीका एक एक प्रति पठाएर परिपत्र ९अष्चअगबिच० पठाइएका थिए :

(१) ३२ जिल्लाका वडाहाकिमहरु

(२) नगरपालिका लगायत सबैजसो पञ्चायतहरु

(३) पुलिसका इन्स्पेकटर जनरल मार्फत् सबै पुलिस चौकी र अफिसहरु

(४) सबै स्कूल इन्सपेक्टरहरु, यिनीहरु पनि आफ्आफ्नाृ क्षेत्रमा दौडाहा गरेर त्यहाँका जनताहरुबाट प्रश्नावलीको उत्त।र संग्रह गर्न नियुक्त भएका थिए

(५) वन विभाग मार्फत् वनका उच्च कर्मचारीहरु

(६)	माल अड्डा मार्फत् जमिन्दार, पटवारी र मोहीहरु

(७)	बजार अड्डा मार्फत् महाजनहरु

(८)	ग्राम विकाश संस्था र कृषि विभाग मार्फत ग्रामीणहरु

(९)	स्वास्थ विभाग मार्फत् औषद्यालय र अस्पतालहरु

(१०)	पव्लिक वर्क्स मंत्रालय मार्फत सबै इन्जिनीयर र ओभरसियरहरु

(११)	यातायात र संचार मंत्रालय मार्फत् सबै डाँकघरहरु

(१२)	सोझै सबै मंत्रालयहरु

(१३)	नेपालखाल्डाका छात्रसंघ र संस्थाहरु

(१४)	प्रधान न्यायलाय र अमिनी गोश्वारा मार्फत् अदालतहरु

नेपाल खाल्डामा आफ्नो काम विशेषल आएका जिल्ला गौंडाका मानिसहरुसित पनि राय लिइयो र उनीहरुलाई प्रश्नावली दिइयो। त्यो प्रश्नावली खूब प्रचार भएको अखबारमा पनि छापिएको थियो। त्यसबाहेक माथि सूचना गरिएबमोजिम आयोगद्वारा दौडाहामा पठाइएका सदस्यहरुले बाहिर रहेका क्षेत्रहरुमा यही काम गरे। यसरी जनताको मन छाम्ने हरेक सम्भवको उपाय प्रयोग गरिएको थियो।

प्रश्नावली पठाउँदा हुलाकी टिकट टाँस्न नपरोस् भनी सरकारसंग निवेदन गरियो। हुलाकीहरुले मुलुकको टाढा टाढाका कुनासम्म, कोही त राजधानीबाट महीना निको बाटो पर्ने ठाउँसम्म् पनि खालि फारम लगी उत्तर भरेर ल्याए। प्रश्नावलीको उत्तर दिनुहोस् भन्ने जनतासंग दोहऱ्याई दोहऱ्याई निवेदन गरियो। रेडियो नेपालबाट हप्तैपिछे प्रसार गर्ने बन्दोबस्त गरियो र जनतालाई प्रश्नावली किन निकालिएको हो, यसलाई कसरी भरेर आयोगमा पठाउने भन्ने कुराको बोध गराइयो। शिक्षाको महत्वको व्याख्या गरियो र भिन्न भिन्न स्थानबाट आएका मूल्यवान् सुझाउहरु पढेर सुनाइयो। फारम यसरी भर्नु पर्दछ भन्ने कुरा छापेर जनतामा प्रचार गरियो। प्रश्नहरु लोकप्रिय तुल्याउनालाई अखवारहरुमा लेख दिइयो, आफ्नो आफ्नो राय आयोगलाई दिनुहोला भन्ने निवेदन गरी मान्छे पठाएर प्रमुख शिक्षा विशषज्ञहरु र अंगहरुसंग सोझ सम्पर्क राखियो।

सबै गरी बाह्र हजार जति प्रश्नावली बाँडिए। धेरैजसोमा त छोटकरी उत्तरमात्र दिइयो। ३०० देखि ४०० जतिले सविवरण उत्तर दिए, र थोरैले प्रश्नावलीसित १००० शव्ददेखि ७५०० शव्दसम्मको लम्बे बयान र सुझाउ नत्थी गरे। आफ्ना आफ्ना गाउँलेहरुलाई भेला गरी, तिनीहरुलाई प्रश्नावली पढेर सुनाई, तिनीहरुलाई परेको प्रभाव बुझी, तिनीहरुको जवाफ लेखी, उपस्थित भएका सबै जवानका ल्याप्चे सही गराउने गाउँका ठालूहरुबाट पठाइएका उत्तर ज्यादै थोरै थिए। १९५७ जनाले राय दिएका जम्मा १६४७ प्रश्नावली फिर्ता आए। (तालिका ५.१ हेर्नोस्)

**तालिका ५.१ बाँडिएका र फिर्ताआएका प्रश्नावलीहरु**

| किसिम | बाँडिएको संख्या | फिर्ताआएको संख्या | रायदिएका व्यक्तिको संख्या |
|---|---|---|---|
| निरक्षरहरुको निमित्तको सरल फारम | ५००० | ५५१ | ५५१ |
| निरक्षरहरुको निमित्तको सरल फारम | ५००० | ५५१ | ५५१ |
| शिक्षित उपरियाहरुको निमित्तको फारम | ४००० | ९६० | १२७० |
| शिक्षा विशेषज्ञहरुको निमित्तको फारम | ३००० | १३६ | १३६ |
| | १२००० | १६४७ | १९५७ |

तर दुर्भाग्यवश यस वर्ष असाधारण वर्षाले गर्दा ठूलो बाढी आई पहिरोसमेत गएको हुनाले धेरैसम्म बाटोघाटो बन्द भयो। त्यसैले हामी कामको संपादनमा नचिताएको बिलम्ब हुन आयो र निःसन्देह बाढ िपिडित क्षेत्रबाट उत्तर घटी भयो। मुलुकको हरेक कुनाकाप्चाबाट जनताले जवाफ द्लान् भन्ने दावा गर्न नसकिए तापनि करीब करीब हरेक भागमा पुगियो र नयाँ शैक्षिक चेतना पैदा गरियो भन्न सकिन्छ।

उन्नत मुलुकहरुका संख्यामा ध्यान दिंदा परिणाम बिल्कुलै असन्तोषजनक छैन। निःसन्देह नै यो साबित भउको छ कि राष्ट्र शिक्षाको निमित्त साँच्चिकै भोको छ। जसको निमित्त सबैतिरबाट साह्रै ठूलो माग छ। आफलाई आर्थिकरुपले आत्मसम्पन्न तुल्याउने, आफ्नो मुलुकलाई साँस्कृतिक रुपले र औद्योगिक रुपले आफ्नो ठूलो सांस्कृतिक परंपरागत धनको राष्ट्रिय परिचयलाई नगुमाएर उन्नत गराउने शिक्षाको निमित्त जनता अधिर भएको देखिन्छ।

**सर्वसाधारण राय**

जनतालाई दिएको प्रश्नहरु जाँचेदेखि थाहा हुन्छ - आयोगल् यथार्थ कुरा संबन्धी प्रमाणिकृत विषयहरुभन्दा राय खोजेको छ, किनभने ठीकसंग तालिका बनाउन नहुने गरी त्यस्ता विषयहरु ज्यादै खरिएका हुन्छन् र तिनले योजनाको निमित्त आधारको रुपमा प्रयोग गर्नालाई दुनियको राय जस्तो दिन सक्तैनन्। त्यसैले तथ्याङ्कित विषयभन्दा विस्तृत विचार प्राप्त् गर्नाको उद्देश्यले ती उत्तरहरु अध्ययन गरिएका छन्। तालिका बनाउन हुने उत्तर तालिकासमेत दिएर सर्वसाधारण विचारमध्ये केही यहाँ संक्षिप्त गरिएको छ।

शिक्षा मन्त्रालय

केही उत्तरदाताहरुले नयाँ सुझाउ पठाएका छन्, केही क्षेत्रमा, पूर्व र पश्चिम दुवैका पहाडहरुका खास गरी भित्री भागमा, केही ग्रामीणहरुले जीवन धान्ने हाम्रो दिनहुँको काममा खाग गरी गाई भैंसी र भेडा बाख्रा चराउनालर्या हामीलाई हाम्रा केटाकेटीको आवश्यकता पर्दछ, त्यसैले हामी शिक्षापट्टी चासो लिन चाहन्नौं भन्ने आपत्ति उठाएका छन्। एक दुइ जनाल विहानका स्कूल हुनु पर्दछ भन्ने सुझाउ गरेका छन्। अरुले चाहि पहिला वर्षलाई हिउँदमा मात्र स्कूल चालु गर्ने दोस्रो वर्ष छ महीना मात्र, अनि पूरा अवधिको स्कूल चालू गरे हुन्छ भन्न सुझाउ दिएका छन्। छोटो पाठ्यक्रमको शिक्षाले आफ्ना केटाकेटीहरुको जीवनमा परिवर्तन भएको बुझेपछि जनताले स्वभावतः लामो चाहि प्रणाली अपनाउने छन्। बाली लगाउने वा काटने मौसिमभरि स्कूलमा हाजिरी ज्यादै कम हुन्छ भन्ने अनुभवबाट पत्ता पाइएको छ। धेरैजसो गाउँहरुमा, जहाँ गरियो छ, त्यहाँ शिषाको मागै छैन भने पनि हुन्छ। स्कूलै नरहेको ठाउँमा स्कूलहरु नखोलिनाका कारणहरुबाट तालिका ५.११ मा यो कुरा झल्काइएको छ।

**तालिका ५।११ स्कूलहरु नखोल्नका कारणहरु**

| कारण | नेपाल खाल्डो | पश्चीम नेपाल | पूर्वी नेपाल | तराई | औसत् |
|---|---|---|---|---|---|
| सरकारी सहायता नहुनाले | ६९% | ६७% | ६५% | ६१% | ६६% |
| स्थानीय मद्दत नहुनाले | ५९% | ५१% | ५५% | ४८% | ५३% |

त्यसकारण हामीले पाठयक्रमको योजना गर्ने र कार्यसंचालनको यन्त्र तर्जुमा गर्ने मात्र होइन, ज्यादै पछि परेका क्षेत्रमा जनतालाई शिक्षाको आवश्यक र महत्वमा प्रतित पारेर त्यस विषयमा चाख उत्पन्न गराउनु पनि नितान्त आवश्यक छ।

प्रायः जतातते जनताले स्कूलको स्थापना गर्नालाई केही न केही प्रदान गर्ने ृत्सुकता देखाएका छन् । चाहे नगद चाहे जिन्सी, चाहे परिश्रम, चाहे जग्गा जमीनको रुपमा होस्, यदि सरकालरले आफ्नो तर्फको काम गर्दछ र शिक्षँकहरु जुटाइदिन्छ भने, जुन शिक्षकहरुको सर्वत्र साह्रै अभाव छ, कसैले, जग्गा जमीनमा शैक्षिक कर लगाउने प्रस्ताव गरका छन्। कसैले बाली काट्ने समयमा अन्ननै चन्दा बटुल्ने प्रस्ताव राखेका छन्। कसैले चाहि बिलाषी चीजबीजमा महशूल लगाउने सिफारिस गरेका छन्। स्थानिय सहायता पाृन सकिने र त्यस्तो सहायता चाहिने हद तालिका ५.३ मा संक्षेप गरिएको छ।

**तालिका ५।३ पाइने र चाहिने स्थानिय सहायताको परिमाण**

| गाँउले दिन सक्ने सहायताको किसिम | नेपाल खाल्डो | पश्चीम नेपाल | पूर्वी नेपाल | तराई | औसत् |
|---|---|---|---|---|---|
| शिक्षक | ४३% | १२% | २५% | ३८% | ३०% |
| भवन | ५०% | ६२% | ७५% | ६४% | ६३% |
| पुस्तकहरु | १८% | १०% | १२% | २३% | १६% |
| खर्च | १८% | २८% | ५५% | ९% | २७% |

मुलुका प्रायः सबैजसो भागबाट शिक्षकको माग व्यक्त गरिएको छ, र कुनै कुनै क्षेत्र त शिक्षकहरु राख्ता लाग्ने खर्च टार्नसमेत तयार छ। यस्तो देखिएको छ भारतयि सिमाना नजिकका जिललाहरु बडो सचेत छन् र तिनीहरुको शिक्षकहरुको पूर्ति भारततिरबाट भइरहेको छ। स्वभावतः अरु मुलुकबाट आएका मानिसहरुलाई बढी तलब दिए काम लगाउनु पर्ने हुँदा शिक्षा स.स्थाको. खर्च बढ्न जान्छ। अन्यत्र कतै देखाए अनुसार शिक्षकहरुको तालिमलाई पहिलो स्थान दिनु पर्दछ भन िआयोग सिफारिस गर्दछ। यस समस्या हल गर्नाको निमित्त यस कुराको अति आवश्यक छ।

नेपालको धेरैजसो भागमा जाडो प्रशस्त नहुने हुनाले कुनै कुनै शिक्षा विशेषज्ञले खुला ठाउँमा स्कूल चलाउने सिफारिस गरेका छन्। जङ्गल, पहाडले यस्तो धनि भएको मुलुकमा छाप्रे स्कूलको निमित्त बनाउने सामान अप्राप्य हुँदैनन्। यदि हामिले ताकत लगाउन सकयौ र प्रत्युत्तरको आवाजले देखाएको उत्साहलाई निर्देशन गर्न सक्यौं भने उपयुक्त शिक्षालय निमित्तको घर उठाउन कठीन हुँदैन होला भन्ने हामीलाई लाग्दछ।

मुलुकको कुनै कुनै हिस्सामा अंग्रेजी पढ्ने धून छ र यो प्रणालि कायम राख्नाको लागि दिइएको कारण सरकारी नोकरिमा अंग्रेजी पढेका मानिस रोजिनाले हो। उचित मार्गमा आधारशिक्षाको विस्तार चाहनेहरु पनि छन्। तिनीहरु त्यो शिक्षा उपयोगी र आर्थिक जीवनमा आत्मसम्पन्न साँचिकै गराृने हुनु पर्दछ भन्ने कुरामा जोड दिन्छन्। सविवरण योजना पेश गर्नेमध्ये धेरै जना संसारका उन्नत भागसित हाम्रो मुलुक दाँज्दछन् र यसलाई केही स्तरमा उठाउने व्यग्रता देखाउँदछन्।

उत्तर र पूर्वका सीमाप्रद्दश भाषासंयन्त्री र साँंस्कृतिक रुपले तिव्बतसंग मिल्दछन्। त्यस कारण मेनाड.मा पठाइएको हाम्रो प्रतिनिधि रिपोर्ट गर्दछन् - प्रत्येक परिवारमा एक जनाले कुनै

गुमबामा लामा शिक्षा पाउँदछ, अनि बाँकि चाँहि कुने किसिमको शिक्षा प्राप्त गर्न चाहँदैनन्। पूर्वी नेपालका सीमाप्रदेशमा पनि त्यही अवस्था छ।

कुनै किसिमका स्कूल रोज्ने मानिसहरुले आफू परिचित भएका स्कूलहरुबाट मात्र छात्र पाउँदछन् भन्ने कुरा संझनुपर्दछ। कुनै खण्डमा उच्च प्रतिशत र फिरिस्तमा चढका अरु कुनै रोज्न नपाउने हुनाले तिनीहरुले यस रिपोर्टको दोस्रो भागमा आयोगले प्रस्ताव गर्ने राष्ट्रिय स्कूलको विरुद्ध भाव देखाउँदैनन्। प्रश्नावली भर्दा जनतालाई थाहा नभएको यस योजनाले ती सबै स्कूलको रुप सम्मिलित पार्दछ। तालिका परिच्छेद ५ नंबर ४ मा संक्षिप्त रुपमा देखाइएको छ।

**तालिका परिच्छेद ५ नंम्बर ४ चाहना गरिएको स्कूलको किसिम**

| **किसिम** | **नेपाल खाल्डो** | **पश्चीम नेपाल** | **पूर्वी नेपाल** | **तराई** | **औसत्** |
|---|---|---|---|---|---|
| अंग्रेजी स्कूल | ४८ | ४८ | ६५ | ५९ | ५५ |
| संस्कृत स्कूल | ४७ | ५२ | ५५ | ४८ | ५० |
| भाषा स्कूल | ४९ | ४३ | ४५ | ५० | ४७ |
| आधार स्कूल | ४६ | ३० | ५० | ४९ | ४४ |
| औद्योगिक स्कूल | ५८ | ४१ | ४८ | ६९ | ५४ |

यस मुलुकका स्त्रिजातिले शिक्षाको क्षेत्रमा उत्रनु नै यसको नयाँ जागृतिको अर्को ठूलो चिन्ह हो। अब त सयौं लडकीहरुले सेख्न-पढ्न थालेका छन् र उमेर पुगिसकेका स्वास्नी मानिसहरु पनि आफ्नो उमेर छँदा नीच मारेकोमा पश्चाताप गर्दछन्। लडकीहरु शिक्षा-प्राप्तिमा लडकाहरुसित प्रतिद्वन्दिता गर्दछन् र समयको माँग पनि सबैको निमित्त शिक्षा नै छ। शुरुको अवस्थामा देशले बेग्लै शिक्षासंस्था दिन नसक्ने हुनाले सानो उमेरको सहशिक्षामा कसैले पनि बाधा गरीइनन्। माध्यमिक अवस्थामा समेत केही त सहशिक्षा अनुमोदन गरिएको छ, तर कुनै अवस्थामा, खास गरी पूर्ण यौवनमा केटाकेटीहरुलाई छुट्टाछुट्टै स्कूलमा शिक्षा दिन विचारणीय देखिन्छ।

तालिका परिच्छेद ५ नंबर ५ मा सहशिक्षाप्रतिको धारणा देखाइएको छ।

**तालिका परिच्छेद नम्बर ५ सहशिक्षाप्रतिको धारणा**

| धारणा | नेपाल खाल्डो | पश्चीम नेपाल | पूर्वी नेपाल | तराई | औसत् |
|---|---|---|---|---|---|
| विरोधमा | १३% | ७% | २५% | ८% | १३% |
| सामान्यतः पक्षमा | ७४% | ६७% | ५५% | ८४% | ७०% |
| प्राथमिक स्कूलमा मात्र पक्षमा | ६१% | ५१% | ५१% | ५९% | ५६% |
| माध्यमिक स्कूलमा पनि पक्षमा | २९% | ३६% | १२% | १९% | २४% |
| हाइ स्कूल पनि पक्षमा | १२% | ११% | २०% | ७% | १२% |

आफ्नो जीविकाको निमित्त जनताले साह्रै कडा परिश्रम गर्नु पर्ने तराईमा बाहेक (किनभने पढाइको निमित्त थोरै समय उबानीलाई पनि तिनीहरुलाई साह्रै मुश्किल पर्दछ। प्रश्नावलीले प्रौढशिक्षाको निमित्त पनि माँग छ भन्ने देखाउँदछ। तर त्यस्तो हो तापनि सबैमा केही आग्रह पाइन्छ र योग्य प्रबन्ध र नेतृत्वमा ज्यादा कठिन नपरीकनै साक्षरता फैलन सक्तछ। कुरा साँचो हो कि आफ्नो नामको दस्कत गर्न सक्ने व्यक्ति हजारमा उक पाउन पनि दुर्लभ हुने क्षेत्रहरु छन। खास गरी भोटे, दनुवार, माजी र थारुहरुको बस्ती भएको ठाउँमा यो अवस्था छ। यी जातिहरुको निमित्त पनि साक्षरताको कार्यक्रमको योजना हुनुपर्दछ।

मुलुकको कुनै भागमा पनि शारीरिक शिक्षाको निमित्त कार्यक्रम छैन भन्ने कुनै कुनै प्रश्नावलीहरुको उजुरी छ। कवायद, शारीरिक व्यायाम, पौडी इत्यादि शिक्षाको अङ्गको रुपमा सूचित गरिएको छ। गोरखालीहरुको लड्ने जोशलाई जीवित राख्न केही व्यक्तिले सबै बालकहरुलाई अनिवार्य सैनिक शिक्षा दिनुपर्दछ  भन्ने शिफारिस गर्न समेत पुगेका छन्। विद्यालयसंबन्धी जीवनको नियमित रुप खेलकुद हुनुपर्दछ र मुलुकभरिकै शैक्षिक संस्थाहरुले हाम्रा युवकहरुको विकाशको निमित्त यी सबै कुराहरुलाई लोकप्रिय पार्नुपर्दछ।

तराईका कुनै भागहरुबाट बाहेक प्राथमिक शिक्षा प्रादेशिक भाषामा दिइनुपर्दछ, माध्यमिक शिषा राष्ट्रिय भाषामा र उच्च शिषा या त अंग्रेजी या राष्ट्रिय भाषामा दिनुपर्दछ भन्ने धेरैजना चाहन्छन्। कुनै हाताहरुमा, शिक्षाका सबै अवस्थामा हिन्दीलाई नै बिल्कुल प्राधानयता दिइएकोछ , तर मुलकभरिको धेरै क्षेत्र राष्ट्रभाषा नेपालीमा नै माध्यमिक र माथिल्लो प्राथमिक अवस्थाको शिक्षाको माध्यम रहोस् भन्ने जोड दिन्छन्। यी रायहरु तालिका परिच्छेद ५ नम्बर ६ मा देखाइएका छन्।

**तालिका परिच्छेद ५ नंबर ६ शिक्षाको चाहना गरिएको माध्यम**

| प्राथमिक स्कूल | नेपाल खाल्डो | पश्चिम नेपाल | पूर्वी नेपाल | तराई | औसत |
|---|---|---|---|---|---|
| स्थानीय | ७१% | ४८% | ७५% | ७९% | ६८% |
| राष्ट्रिय | ३८% | ४४% | १३% | १६% | २८% |
| अंग्रेजी | १२% | १७% | ७५% | ४% | २७% |
| माध्यमिक स्कूल | | | | | |
| स्थानीय | १८% | २२% | २५% | ५१% | २९% |
| राष्ट्रिय | ८१% | ६९% | ५०% | ५०% | ६३% |
| अंग्रेजी | २६% | २५% | १२% | १६% | २०% |
| हाइ स्कूल | | | | | |
| स्थानीय | २०% | २२% | ५% | ५४% | २५% |
| राष्ट्रिय | ६८% | ६७% | ७५% | ४५% | ६४% |
| अंग्रेजी | ५२% | ३५% | ७३% | २६% | ४६% |

मुलुकका सबैजसो भागबाट योग्य पाठ्यपुस्तकको अभाव र अप्राप्यताको बारेमा कडा उजुरी छ। कितापहरु पाठयक्रममा राखिन्छन् तर उचित वितरणको निमित्त र भित्रका स्कूलकरुमा समयैमा पुर्‍याउने कुनै बन्दोबस्त गरिंदैन। कुनै विषयमा सुहाउँदो पाठयपुस्तक पाइँदै पाइँदैन भन्ने पनि देखाइएको छ। कसै कसैको रायमा पछि परेका र दरिद्रताले आहत भएका क्षेत्रहरुमा घुम्ती पुस्तकालयद्वारा विद्यार्थीहरुलाई पुस्तक जुटाउने बन्दोबस्त गर्नुपर्दछ।

नेपाली भाषा प्रकाशिनी समिति र नेपाली भाषानुवाद परिषद् (साहित्यिक संस्था अथवा सरकारको तर्फबाट बिक्री गर्ने) लाई बढ्ता जोडदार पार्नुपर्दछ र सुयोग्य साहित्यिकहरु बन्दोबस्त गरेर अरु भाषाका उत्तम पुस्तकहरुको नेपालीमा अनुवाद गर्ने कामको अभिभारा लिन सक्ने हुनुपर्दछ। सबै कक्षालाई खुल्ने रिडर र पाठयपुस्तकहरुको क्रमैसंग गाह्रो हुँदै गएको सिलसिला निकाल्नपट्टि प्रयत्न हुनुपर्दछ। विद्यार्थी तथा सर्वसाधारण जनतालाई समेत काम लाग्ने अरु अरु पुस्तकहरु पनि प्रशस्त मात्रामा हुनुपर्दछ।

शिक्षा मन्त्रालय

स्कूलप्रणालिको संगठनमा कुनै बलियो विश्वास भएको जस्तो बुझदैन। प्राथमिक, माध्यमिक र हाइ स्कूलको अवधिको विषयमा समेत समानै जस्तो रुपले राय विभाजन भउको छ। प्राथमिक र माध्यमिक स्कूलहरुलाई ३/३ वर्च र हाइ स्कूललाई ४ वर्ष, जम्माजम्मै १० वर्ष हुनुपर्छ भन्ने मतमा केही बर्ता भुकाउ तालिका परिच्छेद ५ नंबर ७ मा देखिन्छ तैपनि बढी प्रतिशतले छोटो र कम प्रतिशतले लामो अवधि रुचाउँछन्।

**तालिका परिच्छेद ५ नंबर ७ स्कूल प्रणालिको संगठन**

| | वर्ष संख्या | नेपाल खाल्डो | पश्चिम नेपाल | पूर्वी नेपाल | तराई | औसत |
|---|---|---|---|---|---|---|
| प्राथमिक स्कूल | २ | ४६% | २६% | २५% | ३०% | ३२% |
| | ३ | ३९% | ३०% | ३८% | ३१% | ३५% |
| | ४ | १४% | १९% | ५% | ३४% | १८% |
| माध्यमिक स्कूल | २ | ४४ | २८ | २५ | २९ | ३२ |
| | ३ | ४३ | ३३ | ६५ | १२ | ३८ |
| | ४ | १५ | १२ | २५ | २९ | २० |
| हाइस्कूल | २ | ३५ | ३३ | १३ | २९ | ३० |
| | ३ | ३८ | २२ | ३८ | ४० | ३५ |
| | ४ | ३४ | २२४ | ६५ | ८६ | ५२ |

कुनै कुनै लेखकहरुले शैक्षिक शासनव्यवस्थाको विकेन्द्रीकरण आवश्यक मानेका छन्। जिल्ला गौडाका शिक्षापरिषद्हरुले जिल्ला गौडामा शिक्षाको रखेदेख गरे हुन्छ र पञ्चायत क्षेत्रमा निरीक्षण गर्ने काम स्थानीय बोर्डहरुलाई सुम्पे हुन्छ।

तर अरुहरु कमसे कम वर्षको दुइ पटक विभागीय इन्स्पेक्टरहरुद्वारा उचित निरीक्षणको आवश्यकतामा जोड दिन्छन। जान्ने बुझ्नेहरुमा सबैजसो अनुशासन र सर्वसाधारण स्तर घटेको छ र समयमा नै त्यसलाई सुधार्नुपर्दछ भन्ने उजूर गर्दछन्।

प्रश्नावली साधारण किसिमले हेर्दा पूर्वीय विद्‌वान्‌हरुले अध्ययनमा सबैभन्दा बढ्‌ता चाख लिएका छन र पश्चिमी क्षेत्रबाट आएको जवाफ साह्रै कम उत्साहजनक छ भन्ने देखिन्छ। राष्ट्रिय शिक्षाले नेपाली संस्कृतिको विशिष्ट लक्षण राखिछोड्‌नुपर्दछ र त्यो शिक्षा देशको शरीर र आत्मा दुवैलाई विकाश गर्ने किसिमको हुनुपर्दछ भन्ने कुराको सुझाउ दिनमा शिक्षित उत्तरदाताहरु झण्डै एक मत छन्।

**व्यक्तिगत सुझाउ -**

विशेष प्रश्नहरुको जवाफ दिनुबाहेक प्रश्नावलीका उत्तरदाताहरुलाई हाफ-आफ्ना साधारण सुझाउ र राय दिने अनुराुध गरिएको थियो। कसैकसैले सविवरण लेखेर धेरै समस्याहरुको सामाधान गरे। धेरैले खूब प्रयोगात्मक सुझाउ दिए। ती सुझाउहरु आयोगले आफ्नो शिफारिस गर्नमा प्रयोग गरेको छ। धेरै चाख लाग्दा् र सहायता  दिने जवाफहरुको दृष्टान्तको रुपमा यो बयानहरुमध्ये चारौटा सविवरण उद्धृत गरिएका छन्। पहिलो चाहिं गाउँको द्‌वारेबाट आएको हो। उनले आफ्ना रैतीहरुसँग छलफल गरेर एउटै जवाफ मात्र लेखे, अनि त्यसमा सबैले आफ-आफ्ना औंठाको छाप लगाए : -

प्रश्नावलीका जवाफ उचित रुपले कार्यमा परिणत गरिए भने समय र प्रजातन्त्र सुहाउँदो शिक्षाको चाँडै उन्नति हुनेछ। स्वेच्छाचारी शासनको योजना र सच्चा प्रजातान्त्रिक सिद्धान्तहरुसंग मिल्ने गरी चालु गरिने योजनामा आकाशजमीनको फरक छ। वास्तवमा अहिले जनताले लामो निन्द्रापछि पूर्व दिशामा लालिमाको झलक देख्न थालेको छ। निकट भविष्यमै उषाकालको पूर्ण गौरब र पवित्रतामा सूर्यका किरण चम्कने छन् भन्ने आशा गरिन्छ। साधारण जनताले वर्तमान कालमा मात्र होइन कि पछि पर्यन्तसम्म शिक्षा-तर्जुमा-आयोगले उठाएको पहिलो कदमको हृदयैदेखि गुणगान गर्नेछन्। जनता र सरकारले यो तर्जुमा साँच्चिकै कार्यमा परिणत गर्नमा पूर्ण रुपले सहयोग दिए भने अहिले आफ-आफ्ना निन्द्राबाट विस्तारै बिउँझन लागेका निरक्षर दुनियाले  साधारण शिक्षाको लक्षण बुझेपछि नयाँ सरकारलाई विश्वास र आदर गर्नेछन्।

यस क्षेत्रमा संसकृत, अंग्रेजी, मातृभाषा अथवा आधार स्कूल कुनै पनि किसिमका प्राथमिक, माध्यमिक अथवा हाइ स्कूलहरु छैनन्। सरकार र जनता दुवैको सहयोगको कमीले गर्दा यहाँ कुनै किसिमका स्कूल अथवा शैक्षिक संस्थाहरु छैनन्। यस क्षेत्रमा न कुनै किसिमका स्कूल न शैक्षिक स.स्थाहरु नै भएको हुनाले -

एउटा प्राथमिक र माध्यमिक स्कूलको आवश्यकता छ।

जिन्सी माल दिएर तथा श्रमदान गरेर साँच्चिको सहायता गर्नमा हामी सहयोग दिन सक्तछौं र ती स्कूलहरुलाई प्राप्य पार्न सक्तछौं।

शैषिक स.स्थाको आरम्भ र यसको बन्दोबस्त गर्नको निमित्त शिक्षक र आर्थिक सहायता आवश्यक छ।

छात्रछात्राहरु दुवैथरीलाई एकै किसिमको शिक्षा समर्थन गरिएको छ।

बाह्र वर्षको उमेर नपुगुन्जेल छात्राछात्रा दुवैथरीलाई सह-शिक्षा दिनमा केही बाधा छैन। नैतिक स्तर कायम राख्ने हो भने उमेरको यो हद नाघेपछि बेग्लाबेग्लै शैक्षिक संस्थाको इन्तजाम गरे हुनछ। शैक्षिक संस्थाहरुमा छात्रावास पनि हुनुपर्दछ। मुलुकभर शिक्षा फैलाउनका निमित्त निम्नलिखित कुरा हुनुपर्दछ : -

(क) निःशुल्क शिक्षा

(ख) अनिवार्य शिक्षा

उच्च शिक्षाको निमित्त हाम्रा छिमेकमा शैषिक संस्था छैन। काठमाडौं यहाँबाट ३४ कोस जति पर्दछ र त्यहाँ सजिलोसंग पुग्न पनि सकिदैन। तसर्थ मध्य भागमा रहेको गोरखा र प्रान्तीय सरकारका प्रधान कार्यालय (हेड क्वाटर) हरुमा समेत जिल्लाका संपूर्ण जनता पुग्न सक्ने गरी त्यस किसिमको शैक्षिक संस्था रहनुपर्दछ। सजिलैसंग खान र बस्न पाउने गरी त्यहाँ सरकारको आफ्नौ छत्रावासहरु हुनुपर्दछ। त्यसमा अनाथ तथा गरीबहरुको निमित्त जगेडा सीट हुनुपर्दछ र तिनीहरुले त्यहाँ विना पैसामा खान र बस्न पाउनुपर्दछ। बाँकी बचेको सोट खान र बस्नको निमित्त सरकारबाट तोकिउको दर लिई मानिसहरुमा बाँडिनुपर्दछ।

प्राथमिक, माधयमिक र उच्च शैक्षिक संस्थाहरुमा शिक्षाको माधयम राष्ट्रभाषा हुनुपर्दछ, किनभने लिङ्ग्वा फ्राङ्का बनाउन नसकिने र अदालतमा कानूनी कारवाईमा उपयुक्त नहुने कुनै भाषाले पनि स्थान पाउनुहुँदैन। त्यस्तै, केवल विदेशी भाषाको रुपमा पढाइने अंग्रेजी पनि शैक्षिक संस्थाहरुमा शिक्षाको मुख्य माध्यम मानिन सक्तैन। राष्ट्रभाषाको प्रयोगले सबै जातिका जनतामा एकता ल्याउन सक्तछ, नेपाली राष्ट्रियताको निमित्त ठूलो लंगूर हुन सक्तछ र साहित्यको उन्नतिको निमित्त मुख्य हतियार हुन सक्तछ।

माध्यमिक र उच्च शिक्षाको वर्तमान प्रणालीले देशमा केही उन्नति जरुरै ल्याएको छ र केही हदसम्म जनताको आर्थिक अवस्थाको स्तर उच्च पारेको पनि छ, तर साथसाथै यसबाट नेपालीहरुले आफ्नो आचारसंबन्धी सामर्थ्य धेरैजसो गुमाएका छन्। त्यो आचारसंबन्धी वातावरण सुहाउने गरी त्यो प्रणाली बदल्नै पर्दछ। आधुनिक शिक्षाप्रणालीमा भाषा सिक्नको निमित्तको विषयमा पनि पुस्तकहरु नेपाली भाषामा उल्था हुनुपर्दछ।

जनताको बहुसंख्याको आर्थिक अवस्था विचार गर्दा माध्यमिक शिक्षाको अवधि छुटयाउनु उचित छ। बुनाइ इत्यादि जस्तो शिल्पकला अनिवार्य तुल्याउनुपर्दछ तर उच्च शिक्षामा भने अवधि घटाउनुहुँदैन, न त्यसमा शिल्पकला अनिवाय नै तुल्याउनुहुन्छ। साधारण स्कूल वा पाठशालाको शिक्षा सिद्धयाएपछि हाम्रा छोराछोरी देशको उन्नतितर्फ र त्यहाँको साहित्यतर्फ लागुन् तथा आफ-आफ्ना गुण अनुसार काम पाएर आफ्नो जीविका चल्ने गरी कमाउन सकून भन्ने हामी चाहन्छौं।

माथि लेखिएका सुझाउमा एक मतले सही गर्नेहरुको नाम (यहाँ ७८ गाउँलेहरुको नाम लेखिएको छ)।

**नेपालको पश्चिमछेउको एक जनाले दिएको दोस्रो उदाहरण : --**

हाम्रो मुलुकको उन्नति आधुनिक समयको राजनैतिक, सामाजिक र औद्योगिक विकाशसित दाँज्दा ज्यादै पछाडि परेको देख्तछौं। पछि पर्नको वास्तविक कारण शैक्षिक स.स्थाहरुले आफ-आफ्ना कर्तव्य उचित रुपले नचुकाउनाले र शिक्षाको सच्चा लक्षणलाई हेला गर्नाले हो।

दुनिया भन्दछन् - यहाँ प्रजातन्त्र आइसकेको छ। यसको साथमा धैरै नयाँ समस्याहरु खडा भएका छन्, त्यसको निमित्त हामीले शिक्षाको नयाँ योजना रच्नु छ र त्यसलाई कार्यान्वित गर्नु छ। हाम्रा देशबासीहरुले प्रजातान्त्रिक परिस्थितिमा प्रजातन्त्रको मूल्य थाहा पार्नु आवश्यक छ। प्रजातन्त्रमा हरेक व्यक्तिको केही उत्तरदायित्व रहन्छ र त्यसतर्फ उसका कर्तव्य हुन्छन्। मुलुकलाई प्रजातन्त्रिकरण तुल्याउनमा ठूल्ठूला शक्ति लागेका हुन् किन भने झै देखिन्छ, तर मुलुकका हामी बासिन्दाहरुले तयसको निमित्त शिक्षा पाएका छैनौं। हामी त त्यसको उल्टो असहिष्णुताको भाव, सहयोगको अभाव र स्वार्थताले बढ्ता प्रेरित भएका छौं। मुलुकमा व्याप्त भ्रको शिक्षा प्रणालीले हाम्रो दृष्टिकोणलाई विस्तृत पारेको छैन्।

वर्तमान शिक्षाप्रणालमिा धैरै त्रुटिहरु छन्, तीमध्ये मुखय दुइ यि  हुन्ः- (क) नागरिक शास्त्र र सामाजिक विज्ञान पढाउन केही पनि गरिएको छैन, (ख) जनताका लागि जीवनवृत्तिको साधन जुटाउने केही बन्दोबस्त छैन। जवान विद्यार्थीहरु यी स्कूलबाट उत्तीर्ण भई निस्केपछि अझै अँध्यारोमा छाम्-छाम्-छुम्-छुम् गर्दछन् र अन्धोलाई जस्तै तिनीहरुलाई आफ्नो जीवनवृत्तिको उपाय पत्ता लगाउनु परेको हुन्छ। तिनीहरु कुनै सरकारी विभागको निमित्त योग्य छन्, छैनन्, त्यसको केही परवाह हुँदैन। आफ्नो जीवनवृत्तिको लागि कुनै एक विभागमा काम गर्ने तिनीहरुको एकमात्र उपाय रहन्छ। त्यसको परिणाम नेपाली जाति जीवनको वास्तविक आनन्दबाट बिलकुलै बंचित रहन्छ।

व्यक्तिहरुभन्दा जनसमूहलाई बढ्ता महत्व दिन आवश्यक छ। त्यसकारण शिक्षाको योजना जनतालाई आवश्यक छ।

राष्ट्रले ज्यादै धेरै शिक्षा दिएर म लादिएको छु भन्ने भावना नागरिकलाई पर्नु हुँदैन। हरेक नागरिकले आफ्नै रोजीका विषयहरु छान्ने र पढ्ने मौका पाए भने मात्र यो कुरा संभव हुन सक्तछ। समाजको हरेक व्यक्तिले आफ्नो शिक्षा आवश्यक छ भन्ने ठान्नु पनि पर्दछ। आफू र समाजको बीचको संयन्त्र जोड्ने साधन स्थापित गर्नको निमित्त शिक्षा हतियार हो भन्ने त्यस व्यक्तिले मनमा धारण गर्नुपर्दछ।

जीवन-व्यवसायिक जीवनसित एकैनासको तुल्याउनलाई प्रयत्न हुनुपर्दछ। हामीले शिक्षाका योजनाहरु र साधनहरु यस्तो रच्नुपर्दछ, जसले निसन्देह नै समाजको हरेक व्यक्तिलाई शिक्षाको निमित्त सुअवसर अंगाल्न सक्ने पारोस्।

मुलुकमा बेकारी सँधै बढ्दो छ, दिइएको शिक्षा समाजलाई बोझको रुपमा होइन र सहायताको रुपमा काम लाग्ने हुनुपर्दछ भन्ने कुरा साह्रै महत्वको छ। त्यसकारण व्यक्तिले आफ्नो व्यक्तित्व जोगाइ राख्नलाई मात्र समर्थ भएर पुग्दैन, साथसाथै आफ्नो मुलुकको गौरव बचाउनु पनि पर्दछ। यस किसिमको शिक्षाको हामीलाई ज्यादै खाँचो छ। मुलकको अवस्था र हाम्रो आफ्नो प्रतिभालाई सुहाउने योजनाको विचार गर्नुपरेको छ। अगिबाटै सुझाउ दिएको योजना शैक्षिक संस्थाहरुले चालु गरे भने मुलुक धेरै चाँडै समृद्धिशाली हुनेछ भन्ने आशा गरिएको छ।

नागरिक शास्त्रमा मैले ज्यादै जोड दिएको छु किनभने हाम्रो जीवनमा नागरिकताको ज्ञानको बिलकुल अभाव छ। हाम्रो सामाजिक जीवनको कल्याणको निमित्त हामी अलिकति पनि बलिदान दिन सक्तैनौ। हाम्रो स्वार्थी कामकरवाईमा हामी यति विध्न डुबेका छौ कि आफ्नो उद्देश्य प्राप्त गर्न सक्तछौं भने त्यसबाट अरुलाई हानि भएकोमा हामी परवाह राख्तैनौ। प्रजातन्त्रमा यस्तो नीचता रहन सक्तैन। त्यसको विपरीत, यो एउटा पारिवारिक जीवनको किसिम हो, जसमा लिनु-दिनुको नीति र अरुमाथिको सहानुभूतिले महत्वको पाठ पढ्दछ।

मैले राष्ट्रिय शिक्षा योजना आयोगको ध्यान आकृष्ट गर्न खोजेको शिक्षाले मानिसलाई आफ्नो व्यक्तित्व जोगाउन र आफूलाई एकदमै सामाजिक व्यक्तिमा परिणत गर्न सक्ने तुल्याउला भन्ने लाग्दछ। यसले त्यस मानिसलाई समाज (जुन केवल व्यक्तिको समूह मात्र हो) मा आत्मत्यागको अर्थ पनि सिकाउनेछ र समाजमा पारिवारिक जीवनकै आनन्दको सहभागी तुल्याउनेछ।

व्यवसायीरुपमा हाम्रो मुलुक संसारका अरु मुलुकको धेरै पछाडि परेको छ। यो अहिले भोकले पीडित र नङ्गा जनताको मुलुक हो, हुनत यसका ठूला-ठूला मुहानहरु छन्। व्यवसायी शिषा उचित रुपले व्यवस्थित गरियो भने हामी हाम्रो व्यवसायलाई द्रुतगतिमा विकाश गर्न सक्तछौं। हाम्रो जनतालाई हामी तालीम, व्यवसायविकाश र शिल्पकलाको निमित्त पठाउन सक्तछौं र थोरै नै वर्षमा हाम्रो मुलुकको दुःख र दारिद्र्य हटाउन सक्तछौं।

शिषा योजना आयोगद्वारा भएको योजना मुलुकलाई सुहाउँदो र लाभदायक हुनेछ भन्ने आशा गरिएको छ। आम दुनियामा साक्षरताको प्रेरणा धकेल्नलाई मात्र होइन, प्रौढ-शिक्षा फैलाउनलाई पनि पहिलो कदम सार्नु अत्यावश्यक छ।

काठमाडौंबाट धेरै नै टाढा रहेका र यातायातको अभावबाट सताइएका यी क्षेत्रहरु सँधै केन्द्रीय सरकारको हद बाहिर छन्। अहिलेसम्म काठमाडौंबाट यहाँ पठाइएका कुनै कर्मचारीहरुले पनि कुनै किसिमको शैषिक सुधार गरेका छैनन्, न गर्ने प्रयास नै गरेका छन्। तिनीहरुको काम खालि मालपोत जम्मा गर्नु र आफ्नो तलबभत्ता पकाउनु मात्र हुन्छ। यहाँका थोरै शिक्षित जनताले पनि आफ्नो शिक्षा हिन्दुस्थानमा पाएका छन्, सरकारको कुनै संस्थामा होइन। कारण बिलकुल प्रत्यक्ष छ। हिन्दुस्थानी शहरहरु काठमाडौंभन्दा उनीहरुलाई नजिक पर्दछन्। तर पुगीसरी आउने दुनियाको थोरै प्रतिशतले के गर्न सक्तछ, विचारणीय कुरो छ।

केन्द्रबाट निकै नै टाढाको जिल्ला गौडामा रहेको जनता अज्ञान र दारिद्र्यबाट सताइएको छ। पाठयपुस्तको अभाव छ। काठमाडौंबाट ती पुस्तक पाउन कठिन छ। शुरु गर्ने स्कूल वा पाठशालाहरुको निमित्त पर्याप्त संख्यामा अध्यापकहरु प्राप्त छैनन्। बाहिरबाट आएका अध्यापकहरुले बढ्ता तलब माँग्दछन् र दुनियाको चन्दाबाट खर्च पुऱ्याउन साह्रै कठिन छ। पुगेकै खण्डमा पनि सरकारी स्वीकृति पाउन कठिनै छ। गौडा जिल्लाका अवस्थालाई कर्मचारीहरु वास्ता गर्दैनन् र आफूलाई काठमाडौंकै कर्मचारीहरु जस्तो ठानेर काम गर्दछन्।

सरकारले हिन्दुस्थानमा शिक्षा पाएका जनतालाई प्रोत्साहन दिए जस्तै देखिदैन। टाढा टाढाका स्थानहरुको निमित्त शिक्षाका विषयहरुमा चाँडचाँडै निर्णय र केन्द्रबाट त्यहाँ पठाइएका व्यक्तिहरुको निमित्त बढ्ता सुगमताको आवश्यकता छ। शिक्षा योजना आयोगले आफ्नै शिफारिस सहित अहिलेसम्म वास्ता नगरिएका हाम्रो जस्तै टाढा टाढाका क्षेत्रहरुमा सुगमता दिने आवश्यकतालाई सरकारको ध्यान आकृष्ट गर्ला भन्ने हामीलाई पूर्ण विश्वास छ।

उपमा रुपको तेस्रो रिपोर्ट पूर्वी नेपालका स्कूलका एक जना इन्सपेकटरबाट आएको छ। उहाँसित संपर्क भएको जनताको तर्फबाट उहाँ बोल्नुहुन्छ : -

नेपाली, संस्कृत, अंग्रेजी र हिन्दी पढाइने एउटा शैक्षिक स.स्था रहनुपर्दछ, चाहे त्यसलाई स्कूल भन्नोस या विद्यालय। हरेक लोअर र हाइ स्कूलमा शिल्पको अनिवार्य शिक्षा दिइनुपर्दछ, तर विषय हरेकमा फरक-फरक हुनुपर्दछ। प्राथमिक अवस्थामा मातृभाषा, अङ्कगणित, नागरिक शास्त्र र प्रकृति-अध्ययनको साधारण ज्ञान आवश्यक छ।

हिजोआज दिइने संस्कृत-शिक्षाको प्रणाली र भाषापाठशालाहरुमा (जहाँ संस्कृत पनि पढाइन्छ) शिक्षकहरुले पठाएको मैले देखेको हिसाबले कर्मकाण्ड गराउने पुरोहितको रुपमा काम गर्न विद्यार्थीलाई तयार पारिन्छ। छात्राहरुको वास्ता गरिदैन, किनभने कर्मकाण्ड गराृने पुरेतको रुपमा काम गर्ने स्त्रिजातिलाई अधिकार छैन। पण्डितहरु लौकिक विषयमा भन्दा पुरेत्याइँको अध्ययनमा बढ्ता ध्यान दिन्छन्।

चन्दाको कुराले नेपालीहरुको सातो लिन्छ। त्यसकारण पञ्चायतले शिक्षा-शुल्क लाउनु बढिया होला जस्तो लाग्दछ। एकचोटि लाएपछि त्यो तिनै दुनियाँहरु बिलकुल इच्छुक हुन्छन् जस्तो लाग्दछ। नेपालीहरुले अजिमाना, अरु लागु पेय पदार्थ र जुवामा आफ्नो पैसा वेफ्वाँकसंग खर्च गरेको र मुद्दामामलामा कर्मचारीहरुलाई भ्रष्ट पार्न आफूलाई दरकार पर्दा आफ्ना घरजग्गा बन्धक राखेको देख्ता अनौठो लाग्दछ। तर आफ्ना छोराछोरीको निमित्त स्कूल फी तिर्न लगाइयो भने तिनीहरु बेसरी आवाज उठाउँदछन्। तिनीहरुलाई शिक्षित पार्नुपर्दछ भन्यो भने दुनियाँहरु जवाफ देलान् "हाम्रो वस्तुभाउको कसले हेरचाह गरिदिने?"

यस कुराले शिक्षातर्फ नेपालीहरुको कस्तो धारणा रहेछ भन्ने कुराको स्पष्टीकरण गर्दछ। उनीहरुको लागि विद्योपार्जन सरकारी जागिर पाउने अथवा धन कमाउने साधन हो। एकचोटि तिनीहरले आफ्नो पढाइ खतम गरेपछि र जागिरे भएपछि आफू वा आफ्ना छोराहरुले खरदार, डिट्ठा र सुव्बाहरुका जस्ता व्याज लगाउन सक्तछन् र पैसा कमाउन सक्तछन् भन्नृ तिनीहरु ठान्दछन्। कारण खोज्न टाढा जानुपर्दैन। गए दिनमा र अझै पनि एक वर्ष मात्र पनि खरदार भई धेरै ठाउँमा काम गर्ने मान्छे उग्रसंग धनी भएका देखिन्छन् र तिनीहरुलाई फेरि सरकारको नोकरी गर्ने केही आवश्यकता नै रहँदैन। सरल दिल भएका गाउँलेहरुले आफ्ना आँखाअगाडि तिनीहरुको चक्चकी देख्तछन्।

त्यसकारण शिक्षालाई वास्तविक प्रेरणा दिने हो भने गरीब गाउँका ठिटाठिटीहरुलाई छात्रवृत्ति दिनुपर्दछ। अहिलेसम्म धनीधनीका छोराहरुले मात्र छात्रवृत्तिबाट लाभ उठाउन पाएका छन्। काठमाडौंका धेरैजसो व्यक्तिहरु र जिल्लाका धनी मानिसहरुका कोही नातेदारहरु शिक्षाको निमित्त विदेशी मुलुकमा पठाइएका छन्। त्यसकारण गरीबको अवस्थामा कुनै देखिन सुधार भएको छैन्। तिनीहरु जस्ताका तस्तै छन्। शिक्षाको निमित्त तिनीहरुलाई कुनै मौका दिइएको

छैन। सरकारी कारवाईको हद काठमाडौंखाल्टो पार गर्दैन, गरिहाल्यो भने पनि जिल्लाका केन्द्रहरुमा मात्र सीमित हुन्छ। धनीवर्ग पाखा, पर्वत र देहात शैक्षिक रुपले उन्नतिशील हुन् भन्ने वास्तवमा चाहँदैन भन्ने देखिन्छ।

हामी जनतालाई शिक्षा दिन चाहन्छौं, तर त्यो दिने साधन छैन। धेरैजसो जनताले प्राथमिक शिक्षा समेत पाउन मुश्किल छ। प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य अथवा थोरै शुल्क र अनिवार्यता सहितको चाहिएको छ। हाल स्कूलहरु साह्रै थोरै र कही कही मात्र छन्। हाम्रो बस्तीबाट धेरै टाढा पर्ने नेपालखाल्टोमा बाहेक कही पनि कलेजहरु छैनन्। फेरि नेपाली मुद्राको घटबढ हुने विनिमय दरले गर्दा उच्च अध्ययनको निमित्त धेरै जनाको मौकालाई एकदमै बिगारिदिएको छ। म बसेको क्षेत्रमा भारतीय मुद्राको चलन छ, नेपाली रुपियाँ भरखर पहिलो पटक देखिन लागेको छ, तर अझै चलेको छैन। यहाँ सटनी गर्ने व्याङ्क छैन। पहाड पर्वतबाट विराटनगर र धरानमा केटाकेटी पठाउन असम्भव छ, भारतको त कुनै छाडिदिउँ।

धनकुटा जिल्लामा आठराई र तेह्रथुम वा मादी। इलाममा इलाम गौंडा, करफोक वा जीतपुर। मोरडमा घरान झापामा, भद्रपुरमा शिक्षण संस्था खोल्नुपर्दछ।

कलेजको अध्ययनको निमित्त भर्ना हुनलाई चाहे धनी होस् वा गरीव होस, हरेक जनालर्या एकनाससंग मौका दिनुपर्दछ। पथप्रदर्शनको रुपमा प्रतिभा परीक्षा लिइनुपर्दछ। हाम्रो मुलुकको धन बढाउन भन्नका लागि केही छात्रहरुलाई शिल्पकलापट्टि लाउनुपर्दछ। बढी गुण भएका छात्रछात्राले छात्रवृत्ति पाउनुपर्दछ। अध्ययनको कुनै योजनाबमोजिम विद्यार्थीहरुलाई बाहिर पठाउँदा तिनीहरुलाई छान्नमा ज्यादै होश पुऱ्याृनुपर्दछ। धनीधनीका छोराछोरी वा काठमाडौं मात्रका जनतालाई मात्र होइन, हरेक गाउँका गरीबका केटाकेटीहरुलाई पनि छान्नुपर्दछ। सरकारले धनी विद्यार्थीहरुलाई बढी अध्ययनको निमित्त स्रोट दिलाउनमा सहायता गरे हुन्छ तर गरीब विद्यार्थीहरुलाई मात्र पैसाको मद्दत दिनुपर्दछ। आजकाल शिषा अर्थशास्त्रको समस्या भएका हुनाले देहात वा काँठकाँठका क्षेत्रमा सानसाना छात्रवृत्ति दिनु झन बढ्ता महत्वको कुरा हुन आउँदछ। कुनै विभागले त्यो छात्रवृत्ति प्रयोग गर्न सकतैन भने त्यस वृत्तिलाई अर्को विभागमा सार्नु पर्दछ। मैले यो कुराको सुझाउ राखेको कारण काठमाडौंका जनता आफ्नो रमाइलो शहरिया जीवन छोड्न निको मान्दैनन्, न धनकि छोराहरु सरकारी जागिर खान वास्ता गर्दछन्। पछिल्ला किसिमका उस्तो मानिसहरुलाई अवैतनिक सेवा गर्न फुर्सतै हुँदैन। वर्तमान सरकारको शिक्षासंबन्धी नीति मुलुकभरि नै कुनै लाभ प्रदान गर्ने जस्तो देखिदैन।

आधारशिक्षामा शिल्पकलाको रोजाई अनिवार्य हुनुपर्दछ। यी विषयमा अनुत्तीर्ण भएका माथिल्लो कक्षामा चढ्न दिनुहुँदैन। शिल्पकला सिक्नाले धरै भलादमी मानिसहरुको मनमा टाँस्सिरहेको लाजको भावना हराएर जान्छ र मुलुकको निमित्त बढ्ता सारगर्भित कामको देन गर्दछ।

यस क्षेत्रका जनतालाई घरबाहिर काम गर्नमा बढ्ता चाख लिने तुल्याउने मात्र होइन कि ती काम कसरी गर्ने त्यो पनि सिकाउनुपर्दछ। धैरै पैसा कमाउन सकिने फलको खेतीको निमित्त सुगमताको तालीम, फलको बोट रोप्न सकिने माटोको रोजाई, गाई-बाख्रा र चराचुरुङ्गीको खेतीको उत्तम पद्धति, छाला पाको गर्ने काम र त्यसलाई प्रयोग गर्ने विधि, रुवाको बोट रोप्न, सूती बुनाई, मिश्रित मल बनाउने काम, सिकर्मी काम, टीन र फलामका माल मरम्मत गर्ने काम र साबुन बनाउने काम पनि राखिनुपर्दछ। शिल्पको निमित्त शिक्षक-शिक्षण केन्द्र पनि रहनुपर्दछ। यहाँबाट आवश्यक ज्यावलहरु र टेक्निकलले सुसज्जित भएमा शिक्षकहरु तोकिएको अवधिसम्मलाई हरेक गाउँको आवश्यकता अनुसार मुलुकका भिन्न भिन्न भागहरुमा खटिनुपर्दछ। तिनीहरुको काम सकिएपछि तिनीहरुलाई अर्को ठाउँमा सरुवा गर्नुपर्दछ। यसरी खालि भएको ठाउँ अर्को ठाउँबाट एउटा मानिस झकाएर पूर्ति गर्नुपर्दछ, त्यसो गर्नाले त्यस क्षेत्रका जनतालाई नीजले कुनै अरु व्यवसाय सिकाउन सक्तछन्। यो योजना पन्ध्र वर्षसम्म लागू भयो भने सिपालु मानिसको कमी हुनेछैन र बेकारी-समस्या धेरैजसो हल हुनेछ।

आफ्आफ्ना शैक्षिक संस्थामा छँदा प्रत्येक बालकबालिकाहरुले उचित सैनिक शिक्षा पाउनै पर्दछ। छात्राहरुले पनि घरेलु विज्ञानमा अनिवार्य शिक्षा पाउनुपर्दछ। बालक र बालिकाहरुको छुट्टाछुट्टै शिक्षण-संस्था हुनुपर्दछ भन्ने धेरैको राय छ, तर नेपालको वर्तमान अवस्थालाई हेर्दा त्यसो गर्नु मेरो विचारमा असम्भव जस्तो लाग्दछ। एउटा मात्र स्कूल पनि मुश्किलले धान्न सक्ने ठाउँहरुमा समेत बालक-बालिकाको निमित्त बेग्लाबेग्लै स्कूलको उद्घाटन भएको हामी देखिरहेका छौं। परिणामतः एउटा स्कूल पनि राम्रोसंग चलेको छैन।ती स्कूलहरु भङ्ग हुने अवस्थामा छन्। अध्यापकहरु पर्याप्तमात्रामा पाइँदैनन् भने दुई किसिमका शैक्षिक संस्थाको निमित्त स्वीकृति दिनु हुनसम्मको मूर्खता हो। शुरुदेखि नै कन्या स्कूलमा शिक्षा पाएका लडकीहरु लज्जाशील स्वभावले गर्दा वाक्शक्तिहीन देखिएका छन्।

यस क्षेत्रका जनता निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा गर्न एकदमै इच्छुक छन्। पढ्दा लाग्ने खर्च दिन पनि उनीहरु राजी छन्। निरीक्षण कार्यको मेरो भ्रमणमा धेरै ठाउँका मानिसले सबैलाई अनिवार्य शिक्षा दिने ऐन लागू गराउनको निमित्त सरकारलाई रिपोर्ट दिइयोस् भन्ने मसित अनुरोध गरे।

एक विद्वान् तर केही पुरानु विचारका कलेजका अध्यापकका दृष्टिकोणस्वरुप चौथो रिपोर्ट यस प्रकारको छ : -

"मेरो राय सोध्नु भएकोमा तपाईहरुलाई धन्यवाद छ। गरीबी र निरक्षरताको कारण हाम्रो देश अत्यन्तपछि परिको छ भन्ने कुरामा दुइ मत हुन सक्तैन। प्रजातन्त्र भनेको सबै साधारण दुनियाहरुको प्रतिनिधित्वको जग हो। यस्तो प्रजातन्त्र आएको बखतमा शिक्षा आयोगको यो सामयिक कदमलाई हामी स्वागत गर्दछौं र सबैमा विद्याप्रचारको विषयउपर एक सिद्धान्त तथा एक लक्ष्य रहोस् भन्ने अपील गर्दछौं।"

"अहिलेको अनिश्चित अवस्था, जसमा सर्वसाधारणले आन्फो जिम्मेवारी र उत्तरदायित्व संझनुपरको छ, प्रत्येक व्यक्तिबाट आएका समलोचना र रायको पूरा विवेकविचार गर्नु आवश्यक छ। देशको इज्जत बचाउने अभिभारा हामीउपर परिआएको अहिलेको सारो समयमा छोटो किसिमको प्रतिस्पर्धा र टीका टिप्पणीले हामीहरुको बीचमा स्थान पाउनुहुँदैन। हामीहरु र हाम्रो देशउपर परिआएका कठिन समस्याहरु सबैको सल्लाहबाट समाधान गर्नु पर्ने अवस्था हाम्रो अगाडि उपस्थित भएको छ। मुख्य यही उद्देश्यले मैले मेरो मनको तितो पोख्ने साहस गरेको छु। आशा गर्दछु कि कमिशनले मेरो रायको कदर गर्नेछ।"

"निरक्षरता हटाउनको निमित्त न ता यथेष्ट प्राथमिक पाठशालाहरु छन् न विशषध्ययनका निमित्त विश्वविद्यालय नै। अब पनि दुवै कामका निमित्त ठोस कदम न उठाएमा समस्त नेपाल देश गारत हुने सम्भावना देखिन्छ। शिक्षा प्रचारको निम्ति आजसम्म कुनै ठोस आयोजना भएको छैन। यस्तो भयंकर स्थितिमा सरकारतर्फबाट एकै ठाउँमा ५ अथवा ६ प्रकारको प्राथमिक शिक्षा प्रचार गर्ने प्रथा अत्यन्त हाँसो उठ्दो काम भइरहेको छ। यसबाट अकार्य शिक्षक र विद्यार्थीहरुको बहुमूल्य समय, धन र मेहनतको अपव्यय भइरहेको छ।"

"एकै प्रकारको व्यापक शिक्षा सारा देशभर प्रचार गर्ने लक्ष्यले शिक्षा-आयोगद्वारा नयाँ बन्दोबस्त भइदिएमा नेपालको कायापलट हुनेछ। सर्वसाधारणको राय संकलन गर्ने उद्देश्यले ठुलो संख्यामा प्रश्नावली सर्वत्र पठाई विभिन्न जिल्लाका मानिसहरुको राय माँगेकोमा शिक्षा आयोग धन्यवादको पात्र भए तापनि बहुमतबाट मात्र नयाँ शिक्षापद्धतिको जग बनाउन युक्तिसङ्गत होओइन। सर्वसाधारणको दृष्टिकोण सारै संकुचित हुनाले उनहिरुको रायलाइ अधिक प्राधान्यता दिनु पर्ने सम्मको प्रयोजन छैन। मेरो रायमा शिक्षा-आयोगले आधुनिक उन्नत देशहरुका शिक्षा विशेषज्ञहरुका सामुन्ने समय, स्थान र अवस्थाको प्रतिकूल हाम्रा समग्र समस्याहरु उपस्थित गरौ उनीहरुका सल्लाहबाट देशव्यापी शिक्षाको योजना तयार गर्नु पर्ने आवश्यक देख्तछु।"

"यो एउटा अनौठो लाग्ने कुरा हो कि हाम्रो गति सानु देशको कुनै परिमित क्षेत्रहरुमा ५/६ किसिमका प्राथमिक शिक्षापद्धति प्रचलित भएका छन् औ कतै त्यस्ता ठाउँहरु छन् जहाँ शिक्षा कुन चिडियाको नाम हो भन्नेसम्म पत्ता छैन। कमिशनले सकेसम्म चाँडो यस्तो अव्यवस्था हटाउने प्रबन्धका साथै धेरै किसिमका शिक्षापद्धति हटाई एकै किसिमको देशव्यापी शिक्षाशैली चालु गरी सर्वत्र समान शिक्षा-प्रचार गर्ने प्रयत्न गरोस्।"

राष्ट्रभाषा अथवा मातृभाषा कुन चाहि भाषाको माध्यमद्वारा प्राथमिक पाठशालाहरुमा शिक्षा दिने सिद्धान्तमा धेरैको राय बाझेको छ। मातृभाषाको पक्षमा देहायका रायहरु आएका छन् : -

(१) मातृभाषाको माध्यमद्वारा शिक्षा दिएमा केटाकेटीहरुले चाँडै लेखपढ गर्न सक्तछन्।

(२) मातृभाषाउपर त्यही हदसम्म प्रेम हुनुपर्दछ जसबाट राष्ट्रभाषाउपर अरुचि पैदा नहोओस्।

(३) मातृभाषाको माध्यमद्वारा शिक्षा दिनाले देशका अवनत भाषाहरुको उन्नति हुनगई राष्ट्रको सर्वतोमुखी विकाशका साथै सबै जात समाजका मानिसहरुको सहयोग प्राप्त हुन्छ।

(४) मातृभाषामा सबै जातसमाजका मानिसहरुलाई पाठयपुस्तक प्रकाश गर्ने अधिकार दिनाले सरकारको सुकीर्ति फैलिन्छ।

**राष्ट्रभाषा माध्यम बनाउने पक्षमा तपसिलका रायहरु प्राप्त भएका छन्ः-**

(१) राष्ट्रभाषाको माध्यमबाट शिक्षा दिने सिद्धान्त मानेका खण्डमा विभिन्न मातृभाषाहरुमा पुस्तक प्रकाश गर्ने टन्टा हाराई सरकारले एकदम पुस्तकहरु प्रकाश गरी आफ्नो आयोजना कार्यरुपमा परिणत गर्न सक्तछ। विभिन्न मातृभाषाहरुमा व्याकरण र कोषहरु छैनन् र सो तयार गर्न धेरै समय लाग्दछ।

(२) बहुभाषाभाषी हाम्रो सानो देशमा सबै किसिमका मातृभाषाहरुलाई एकै पटक समान स्थान दिन अफ्ठयारो पर्दछ। त्यसकारण अधिकांश मानिसहरुले बोल्ने र बुझ्ने भाषालाई नै सर्वोच्च स्थान दिनु पर्ने आवश्यक पर्दछ। यस्तो गरीब देशमा विभिन्न जातिको जनगणना र तथ्याङ्क संकलनको नयाँ समस्या समाधानका निमित्त बहुमूल्य समय र धन खर्च भई देशको सर्वतोमुखी विकाशको गतिरुद्ध हुन्छ।

(३) हिन्दीभन्दा नेपाली राष्ट्रभाषा सबैलाइ बुझन र पढ्न सजिलो हुन्छ। हिन्दी मातृभाषा भएका मानिस नेपालको कुनै जिल्लामा पनि छँदै छैनन्।

(४) धेरै कालसम्म देशको शासकीय भाषा भइरहेकोले नेपाली भाषा देशका सबै जिल्लाबासी स्थानीय जनतालाई बुझ्न गहारो पर्दैन।

(५) नेवार, मगर, लाप्चा, गुरुङ्ग, चेपाङ्ग, थारु, खस, किराती, बाहुन, राजपुत आदि गरिएका विभिन्न जात समाजका नेपालनिवासीहरु सहजैसंग नेपाली राष्ट्रभाषा

बुझ्दछन् र यसको माध्यमद्वारा आफ्नो राय व्यक्त गर्न सक्तछन्। तसर्थ सबै भागका नेपाली बालकबालिकाहरुलाई प्राथमिक पाठशालाहरुमा नेपाली राष्ट्रभाषाको माध्यमद्वारा पठनपाठन गराइको खण्डमा कसैलाई गहारो परोइन भन्ने धेरैको राय देखिन्छ।

(६) अरु स्थानीय भाषाहरुभन्दा नेपाली र हिन्दी निकटतम भाषाहरु छन्। उक्त दुवै भाषाहरु मैथिली, नेवारी र तिव्बत िभाषाहरुसंग मिल्दाजुल्दा छैनन्। सबै भाषाहरुको वर्णमाला देवनागरी छ।

(७) प्राचीन इतिहासको अध्ययनबाट नेपालको सीमाना कायम गर्ने साधन र नेपालीहरुको मेलमिलाप तथा संबन्धको सूत्र नेपाली भाषा भइरहेको छ। नेपालका प्ाचीन राजाहरुले समयसमयमा नेपालको बाहिर दक्षिण गङ्गातट, उत्तर भोट, पश्चिम काश्मिर र पूर्व कामरुकामाक्षसम्म जीती अधिकार जमाएको भए तापनि भाषाको कारण विजित देशहरु स्वतन्त्र कायम भई आजभोलिको सीमाना कायम हुन आएको छ।

शिक्षा सबैका निमित्त सुलभ हुनुपर्दछ। दुरन्त गाउँलहरु र शहरको छोइ छिटो हाल्नु पर्ने जातका निमित्त शिक्षा दुर्लभ भइरहेको छ। साँझसवेरको छाक टार्न उनीहरुलाई दिनभर काम गरी रहनुपर्दछ। तसर्थ छोटा जातहरुका निमित्त रात्रिपाठशालाका साथै उचित पाठयपुस्तकको तर्जुमा र अल्प समयमा विद्योपार्जन गर्ने साधनको बन्दोबस्त हुनुपर्दछ।

"प्रत्येक मानिसका निमित्त एक बास, गाँस र बस्त्र पुगोस्"भन्ने श्री गान्धिजीको आदर्शउपर खडा भएका आधार स्कूलहरुमा उहाँले आशा गरे जति उन्नति हुन सकेको छैन्। सर्वसाधारणका निमित्त उपयोगी हुन नसकेकोले भारतमै पनि आधार स्कूलहरुको अवनति हुँदै गएको छ। धनी वकिलको छोराले जुत्ता सिउने काम सिकौ सार्कीसंग सरल सम्बन्ध जोड्नाले जात, वर्ग र ठूलो सानो भन्ने भेद बिर्सी भारतमा सबैको समान अधिकारका साथै सबैको एकता हुनेछ भन्ने उहाँको ठूलो विचार कार्यान्वित हुन सकेको छैन। भनाइको मतलब शिल्पी शिक्षा नदिई सैद्धान्तिक शिक्षा दिइयोस् भनेको होइन। विशेषरुपको सैद्धान्तिक शिक्षा लिन चाहने गाउँले विद्यार्थीहरुका निमित्त शिल्पसम्बन्धी शिक्षाले मात्र उसको विचार संकीर्ण हुनगई विकाशको गति रोकिन्छ। त्यसकारण प्रत्येक विद्याथीैले पाँच वर्षसम्म माध्यमिक शिक्षा हासिल गरिसकेपछि मात्र, देशमा नेतृत्वको लक्ष्यले विशेषज्ञहरुको सैद्धान्तिकतर्फ ढल्कन उचित पर्दछ।

प्रजातान्त्रिक सरकारले कस्तै मानवअधिकार विषयको ऐन तर्जुमा गरी सामाजिक भेदभाव खारिज गरे तापनि परंपरागत गरिआएको पेशाबाट कुनै शिल्पकारको संबन्ध विच्छेद गराउनु सामयिक र युक्तिसंगत हुँदैन। "तेलिको काम तमौटेले गरेमा दैवले मार्नु पर्दैन आफै

गर्दछ"भन्ने नेपाली एक उखान छ। तसर्थ सार्कीलाई अझ असल जुत्ता बनाउने र कामीलाई अझ असल खुकुरी बनाउन सिकाई उनीहरुले तयार गरेका मालहरु सर्वत्र संसारमा प्रचार गराई उनीहरुको जीवनस्तर उँचो पारिदिने लक्ष्यले काम सिकाउनु युक्तिसंगत हुनेछ।

नेपालका धेरै ठाउँहरुमा विशेषता प्राप्त पेशाहरुको उन्नतिका निमित्त सालबसालि घुम्ति स्कूलहरु पठाई त्यस्ता शिल्पहरुका उन्नतिको निमित्त बराबर शिक्षा दिइरहनुपर्दछ। खेतीका विषयमा माटो, मल, बाँधपेन, कुलो, हवापानी र लेखव्याँसी उचनीच जगाहरुको राम्रो विचार गरी स्थानीय जनतालाई सुहाउँदो खेती गर्न सिकाई अन्नको उव्जनी बढाउने प्रबन्ध हुनुपर्दछ। अज्ञानवश दुरन्तर पाखा पर्वतका गाउँलेहरु एक बाली मकैको खेती गरी वर्षभर सोही उव्जनिउपर कठिनले निर्वाह गर्दछन्। खेतीको राम्रो शिक्षाका साथै बाटोको बन्दोबस्त भएका, नेपालका कृषकहरुले पेस्ता, कागजी बदाम, अनार अंगूर, आप, सुन्तला, केरा, उखु, मसाला र अरु फलफूलहरु उत्पादन गरी आफ्ना जीवनस्तरको उन्नति गर्न सक्तछन्। नेपालीहरुले आजसम्म हिमालयशैलमालाका किसिमकिसिमका रुखहरु जडीबूटी, लहरा, किसिमकिसिमका खनिज बस्तुहरु र जानवर आदि प्राकृतिक देनबाट लाभ उठाउन जानेका छैनन्।

आजभोलिको शिक्षाप्रणालि देश सुहाउँदो छैन। यसले नेपालका विभिन्न शिल्पमा लागेका नेपालीहरुलाई निजी कामबाट हटाई बेकारकिो समस्या खडा गरेको छ। यस किसिमको शिक्षाशैली चालु रहन दिई, देश सुहाउँदो नयाँ शिक्षापद्धतिको तर्जुमा नगर्न सकेमा, समस्त नेपाल समुद्रको सतहमा डुव्नेछ। चरित्र, देशभक्ति, जातीय जागरण, निजी संस्कृतिउपरको प्रेम, आत्मबलिदान र देशसेवाको भाव जाज्वल्य गराउने किसिमको शिक्षा प्रचार गर्नुपर्दछ।

कुनै प्राचीन नेपाली विद्वान् लेख्तछन्ः-"निष्ठूर व्यक्तिको सेवामा रही कमाएको विद्याभन्दा बरु अज्ञानी रहनु नै असल छ। विषसंग मिसिएको अमृत लिएर कसलाई लाभ हुन्छ र?"मेरो विचारमा आधार शिक्षा देश र समयको प्रतिकूल हुनुपर्दछ। मौरी पाल्ने फलफूलबाट रसनिचोरी सुकाउने काम, गोठ पाल्ने, रुख लगाउने, रुखको संरक्षण गर्ने काम, लुगा बुन्ने, फलामको काम, कुमालेको काम, वैज्ञानिक व्यवसायिक अनुसन्धान, मूर्तिकला, बाँडाहरुको कामका साथै संगीत र नृत्य-विद्या भएको हाम्रो पाठयक्रमको तर्जुमा हुनुपर्दछ। अरुहरुको देखासिकिको शिक्षा प्रणालिबाट हाम्रो देश र हाम्रा मानिसहरुलाई हानि सिवाय केही हुँदैन।

स्त्रिशिक्षा नभएको देशमा कुनै किसिमको उन्नतिको सपना देख्नु निरर्थक छ। मानिस त्यस समयसम्म अर्धशिक्षित रहन्छ जबसम्म उसको स्त्रीले शिक्षा पाउदीन। नेपालमा पुरुषको शिक्षाभन्दा स्त्रिशिक्षाउपर जोड दिनु आवश्यक छ। पारिवारिक कलह, दाजूभाईमा वैमनस्य र सामाजिक रुढिबुढिमा अन्धविश्वास आदि सबै दोष स्त्रिशिक्षाको अभावले भएको हो।

मानिसभन्दा स्त्री बढ्ता जन्मिने देशमा स्त्रिशिक्षाको महत्व ज्यादै रहन्छ। तर अहिले चलिरहेको शिक्षाको परिणाम स्वास्नी मानिसहरुको मन बिग्रने र यस विषयमा अहिले नै उचित कदम न उठाएमा देशको भविष्य खतरामा पर्नेछ। तसर्थ स्त्रिजातिको आत्माको विकाश हुने किसिमको शिक्षापद्धतिका तर्जुमा हुनुपर्दछ जसबाट पारिवारिक जीवन, बालबच्चाको भरणपोषण, ललित कला तथा संगीततर्फ उनीहरुको मन ढल्कियोस। बालकका निमित्त कवायद र बालिकाका निमित्त नृत्य संगीत अनिवार्य हुनुपर्दछ।

सहशिक्षाका विषयमा मेरो विचारमा पुराना विचारका आमाहरुले यस विषय विध्न बाधा खडा गरेकाले धेरै केटीहरुले पढ्ने मौका पाएका छैनन्। उमेर पुगेका केटीहरुका निमित्त छुट्टै प्रौढ स्त्रिशिक्षालयहरु खोल्नु पर्ने ठूलो जरुरी देखिन्छ। नेपालमा विवाहको स्थिति अरु देशहरुको भन्दा विरला किसिमको हुनाले आफ्नो रीतिथितिअनुसार माताहरुको संकुचित विचार हुनु स्वाभाविके हो। परन्तुमा शिक्षिता स्त्रीहरु आफे आमा भएपछि उनीहरुले नै सहशिक्षाका विषयमा पुनः विचार अवश्य गर्नेछन्।

विद्वान्हरुको रेखदेखमा देशमा शिक्षाको संगठन हुनपर्दछ। पञ्चायत र नगरपालिकाहरुर्ला शिक्षा सञ्चालनको ठूलो जिम्मेवारी सुम्पनुहुँदैन। प्रत्येक जिल्लाका सरकारी कर्मचारी बुद्धजीवी, जिल्ला पञ्चायत र नगरपालिकाहरु भएको बन्दोबस्ति कमिटीको निर्माण गरी उनीहरुको संरक्षतामा जिल्ला २ का शिक्षासंस्थाहरुको सञ्चालन गर्न र राष्ट्रको मुख्य बन्दोबस्ति कमिटीबाट समस्त देशका शिक्षा संस्थाहरुको रेखदेख हुनुपर्दछ।

विद्याप्रचारका निमित्त प्रत्येक गाउँमा प्राथमिक पाठशाला र हरेक शहरमा हाइ स्कूल हुनुपर्दछ। हाइ स्कूलमा पढ्ने विद्यार्थीहरु योग्य भई लाम कस्न सक्ने किसिमका हुनुपर्दछ। उच्च शिक्षाका निमित्त हाइ स्कूलबाट उत्तीर्ण अत्यन्त योग्य विद्यार्थीहरुले मात्र स्थान पाउनुपर्दछ।

बीसौं शताव्दीमा पनि नेपाल जस्तो देशमा एक विश्वविद्यालयसम्म नहुनु एक लाज लाग्दो कुरा हो। थोरै मात्र कलेजहरु छन् तर तिनीहरुको पनि राम्रो प्रबन्ध हुन सकेको छैन। हालै खोलेको संस्कृत कलेजको निजी भवन र पुस्तकालयसम्म छैन्। प्रत्येक देशमा विद्याप्रचारभन्दा जङ्गी बन्दोबस्तका निमित्त सरकारका आयको ठूलो रकम खर्च हुन्छ सही हो तर हामीले सोही नीति अपनाउनुपर्दछ भन्ने कुनै कर छैन्। नेपालको बजेट तयार हुँदा यो कुरा उठाउनुपर्दछ। मेडिकल कलेज नभएकोले नेपालमा डाक्टरहरुको कमी छ।

राणाहरुले बनाएका ठूला २ घरहरु किफायत भाडामा ५ अथवा १० वर्षको अवधिका निमित्त सरकारले लिने गरेमा स्थानाभावको समस्या सहजै समाधान हुन्छ। त्यस्ता घरहरु सम्हाल्न राणापरिवारहरु असमर्थ भएमा जातीय सम्पत्ति भनीसरकारले घोषणा गरिहाल्नुपर्दछ। तर कुनै हालतमा पनि त्यस्ता घरहरु भत्काई त्यहाँ भएका ईट र काठपात बिक्री गर्न दिनुहुँदैन। त्यस्ता विशाल भवनहरुमध्ये कुनैमा चलचित्र चलाउने र कुनैमा होटल राख्नै लाइसेन्स सरकारले धेरैलाई दिएको छ। जाउलाखेल र लालदरबार भत्की चुही अत्यन्त हीनावस्थामा छन्। उक्त घरहरु देशका सम्पत्ति र गहनाहरु हुन्। चाहिएमा काठमाडौमा यथेष्ट भवनहरु छन् जहाँ विश्वविद्यालयहरुको स्थापना सहजै हुन सक्तछ।

समय आयो। अब ढिला गर्नु हुँदैन। एक म्यानेजिङ्ग कमिटीको गठन गरी जातीय विश्वविद्यालयको स्थापना गरिहाल्नुपर्दछ। त्यस्ता कमिटीहरुमा हाम्रो पथप्रदर्शनको निमित्त विदेशी विशेषज्ञ राखेमा केही आपत्ति छैन। अर्थाभावले यो बृहत्कार्य सम्पन्न हुन सकेन भनेर अल्मलिने र अल्झने समय छैन। राष्ट्रिय विश्वविद्यालयका निमित्त ऋणको भार नेपाली जनता बोक्न समर्थ छ।

**विशेष सुझाव -**

धेरै सुझाउको अवशेषमध्ये केही यस रिपोर्टमा छलफल भउका सर्वसाधारण विषय र समस्याबमोजिम मोटामोटी हिसाबले विभाजित गरिएका छन्। कुनै कुनै चाहि कैयन क्षेत्रमा दोहोरिएका छन्, तर साधारणतः तिनीहरु शिक्षाको विशेष रुपसंग संयन्त्र राख्तछन्। यी सुझाउहरुलाई तालिकाबद्ध पानृलाई कुनै प्रयास गरिएको छैन। ती सुझाउ एकै जनाबाट मात्र पनि आउन सक्तछन्, धेरै जनाबाट पनि।

**भाग १, शिक्षासंबन्धी बयान-**

आजकालको शिक्षाले हुल्याहापन पैदा गर्दछ र हाम्रा होनहार युवकलाई यसले सत्यानाशतिर लगिरहेछ।

संस्कृतको शिक्षाप्रणालीले छात्रहरुको मन खालि स्वर्ग र नर्कको ख्यालले भर्दछ।

संस्कृतले पेटको समस्या हल गर्दैन। त्यसले अन्धविश्वास र जातिभेद पेदा गर्दछ।

आजकालका सुशिक्षित जनताका विचार गाउँका पण्डितहरु र बुढापाकाका विचारसंग बाझ्दछन्। तिनीहरु ज्यादै प्रगतिशील भएका छन्।

शिक्षाविरुद्धका कुराहरु यी हुन्: - गरीबी शिक्षकको अभाव, पाठयपुस्तकको अभाव, अन्यविश्वास र बुढीरुढी अर्थमा कँजूसी, स्कूलबरको अभाव, यातायातको दुर्व्यवस्था, पढाइको अपर्याप्त पाठयक्रम र शिक्षाविभागको शिथिलता।

मुलुक बिलकुल असभ्यता र अज्ञानताको अवस्थामा छ।

आफ्ना छोराछोरीलाई स्कूलमा नपठाएकोमा आमाबाबुलाई जरिवाना वा कैदको सजायँ हुनुपर्दछ।

शिक्षित भनाउँदा मानिसहरु नेपाली साहित्य बुझ्दैनन् र शुद्धसंग उच्चारण गर्ने र लेख्न सक्तैनन्।

हिजोआज स्कूलहरु कमजोर छन्, किनभने त्यहाँ सामाजिक अध्ययन, रोजगारी शिक्षा अथवा फुर्सदको समयको तालीम छैन्।

संस्कृत र अंग्रेजी शिक्षा गाउँको आवशयकतालाई सुहाउँदैनन्। हाम्रा जनताको निमित्त नया प्रणालि स्थापित गर्नुपर्दछ।

शिक्षित जनतामा ८० प्रतिशत नेपालखाल्डामा बस्तछन्।

आजकाल शिक्षा पाउने हरेक जना हामलिाई काम दिन सरकार बाधय छ भन्ने ठान्दछन्।

निर्मल चरित्र, देशभक्ति, राष्ट्रिय भावना, आदरको भावना, बलिदान र सेवाको जोश साधारणतः गाउँमा बस्नेहरुमा पाइन्छन्, तर शिक्षितहरुमा भने विरलै देखिन्छन्।

आधार शिक्षाले स्वाबलम्बलाई उत्साहित पार्दछ, त्यसैले त्यस शिक्षालाई बलियो पार्नुपर्दछ।

कुनै कुनै क्षेत्रमा माध्यमिक र हाइ सकूलहरु खोलिएका छन्, जहाँ प्राथमिक स्कूलहरु अझै छैनन्।

संस्कृत पाठशालाका धेरै पण्डितहरुले आफ्नो जागिरलाई बसीबसी खाने भत्ता सँझेका छन्। त्यस्ता कुनै कुनै पाठशालामा त एउटा विद्यार्थी पनि छैनन्, यद्यपि तिनीहरुले सरकारबाट तलब पाइरहेकै छन्।

शिक्षाको निमित्त देशव्यापी आग्रह सृष्टि गर्नुपर्दछ।

प्राथमिक स्कूलदेखि कलेजभरी नै शिक्षाको माध्यम नेपाली हुनुपर्दछ।

व्यक्तिहरुलाई आफ्आफ्नो चाख र योग्यताअनुसार विषयहरु रोज्न दिनुपर्दछ।

हाम्रो मुलुक प्राकृतिक पूंजीमा धनी छ, तर हामी पर्याप्त रुपले शिक्षित नभएसम्म ती पूजीलाई हामी दक्षतापूर्वक प्रयोग गर्न सक्तैनौ।

हामीलाई खान लाउन, आश्रय दिने र आफैमा भर पर्ने तुल्याउने शिक्षा चाहिएको छ।

नेपालीहरु हिमालयको आनन्ददायी पानी मात्र पिउँदछन्, फलतः तिनीहरुको तीखो मानसिक शक्ति हुन्छ।

**परिच्छेद ७, शिक्षाको राष्ट्रिय योजना**

शारीरिक शिक्षा र सैनिक तालीम हरेक स्कूलमा अनिवार्य हुनुपर्दछ।

इतिहास, भूगर्भशास्त्र, कृषि र खनिज सम्पत्तिमा वैज्ञानिक अनुसन्धान निमित्तका संस्थाहरु सम्भव भएसम्म चाँडो खुल्नुपर्दछ।

१००० जनसंख्याको हरेक एकांशको निमित्त प्राथमिक स्कूल, १०,००० जनसंख्याको हरेक एकांशको निमित्त माध्यमिक स्कूल र हरेक जिल्ला गौडामा एक या बढी हाई स्कूल सरकारले राख्नुपर्दछ।

शैक्षिक सिनेमा, रेडियो, नाटक र प्रदर्शनीहरु जनतालाई शिक्षा दिन अझ विस्तृत रुपले प्रयोग गरिनुपर्दछ।

शिक्षा सबैको खाँचो टार्ने गरी बहुमुखी हुनुपर्दछ।

गरीब र अशिक्षित तर होनहार केटाकेटीहरुलाई खाने र बस्ने देशको बन्दोबस्त हुनुपर्दछ।

स्कूलहरु पहिले ठूल्ठूला केन्द्रमा खोलिनुपर्दछ किनभने शिक्षकहरु टाढाटाढा गाउँमा चुत्थो डेरा लिएर बस्न मान्दैनन्।

टेक्निकल तथा व्यवसायी शिक्षक संस्थाहरु तुरुन्त खुल्नुपर्दछ।

नयाँ शिक्षाले छात्रहरुलाई अफ्नो दाना कमाउने कुरा सिकाउनुपर्दछ।

सरकारले आफ्ना नवयुवकहरुको निमित्त कलेजहरु खोलिदिनुपर्दछ।

शिक्षामा योजना र अवच्छिन्नता निश्चित रुपले ल्याउनलाई शिक्षाका भिन्न भिन्न तहलाई सावधानीपूर्वक परस्पर सम्मिलित पार्नुपर्छ।

प्रौढहरुमा निरक्षरता हटाउनको निमित्त दश वर्षे योजना हुनुपर्छ।

शिक्षा फैलाउने एउटा बाटो शैक्षिक विषयहरुमा पञ्चायत र समितिहरुको प्रबन्ध गर्ने सल्लाह र उत्साह दिंदै मुलुकैभरि दौडाहा गर्न शैक्षिक संगठनको व्यवस्था गर्नुपर्छ।

हिजोआज शैक्षिक प्रयत्नहरु छरिएका छन्। ती सबैलाई बलियो राष्ट्रिय एउटै प्रयत्नमा मिलाउनुपर्दछ।

टाढाटाढा फैलिएका शिक्षाले "सेतो कठाले"बेकारीमा नलैजाओस् भन्ने हामीले होश राख्नुपर्दछ।

शिक्षाको विदेशी प्रणालिको नक्कल गर्नु भूल हुनेछ।

बेकारी हटाउनलाई इच्छाधीन टेक्निकल शिक्षा सबैको लागि प्राप्य हुनुपर्दछ।

यस समयमा साधारण शिक्षाभन्दा टेक्निकल शिक्षाको चौपटृ खाँचो छ।

शिक्षालाई उत्साह दिन माध्यमिक स्कूल समाप्त गरेको छैन भने त्यस युवकको अंशमा हक रहनेछैन भन्ने सरकारले एउटा ऐन नै बनाउनुपर्दछ।

अखिल नेपाली शिक्षक संघको व्यवस्था हुनुपर्दछ र वर्षको एक पटक राष्ट्रिय सभा हुनुपर्दछ।

स्त्रिशिक्षामा जोड दिइनुपर्दछ।

**परिच्छेद ८, प्राथमिक स्कूलको पाठ्यक्रम**

पहिला दुइ ग्रेडपछि शिक्षाको माध्यम नेपाली हुनुपर्छ। प्राथमिक स्कूलमा अंग्रेजी र हिन्दी दिनुहुँदैन।

हाम्रो मुलुक कृषिप्रधान हो। त्यसकारण हाम्रा स्कूलहरुले छात्रछात्रालाई जीविका चलाउन सिकाउनुपर्दछ।

नेपालमा आधार शिक्षा चलाउनको निमित्त त्यसको सुधार हुनुपर्दछ।

हाम्रा स्कूलहरुमा पाठयक्रममा नेपाली, हिसाब, भूगोल, सामान्य ज्ञान र घरेलु उद्योग राख्नुपर्दछ।

सरकारको निमित्त प्रधान कार्यहरुमध्ये एउटा हाम्रा स्कूलहरुमा पाठयपुस्तक जुटाउनु हो।

संस्कृत पाठशालाहरुको उपयोगिता हराइसक्यो। तिनीहरुमा दिइने शिक्षाले जनतालाई अन्धो बनाउँदछ र वृत्ति कमाउने समस्यालाई हल गर्दैन।

प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्छ।

**परिच्छेद ९, माध्यमिक शिक्षाको पाठयक्रम**

माध्यमिक शिक्षा बेकारी बढाउने किसिमको हुनुहुँदैन।

माध्यमिक शिषा सरकारी जागिरको निमित्त तयारपर्ने कामभन्दा विस्तृत हुनुपर्दछ।

लगातारको मूल्यांकनको पक्ष लिई एस.एल.सी.परीक्षा खारिज गर्नुपर्दछ।

माधयमिक शिक्षाका विद्‌यार्थीहरुले हस्तशिल्प र कृषिमा ज्ञान र कलापूर्ण दक्षता प्राप्त गर्नु पर्दछ। व्यवसायको विकाश हुनुपर्दछ।

माध्यमिक स्कूलको तहमा रोजगारी शिक्षा अनिवार्य हुनुपर्दछ।

पाठयक्रम बाहिरका कारवाईहरु कार्यक्रमका निश्चित भाग बन्नुपर्दछ।

हाम्रा स्कूलहरुको निमित्त पाठयपुस्तक लेख्नलाई सरकारले विद्‌वान्‌हरुलाई प्रोत्साहन दिनुपर्दछ।

शिक्षाको माध्यमको निमित्त अंग्रेजी अनिवार्य हुनुहुँदैन। हाइ स्कूलमा अंग्रेजी इच्छाधीन हुनुपर्दछ।

पाठयक्रममा समाजिक विज्ञान, कृषि, वाणिज्य वा उद्‌योगको सर्वसाधारण ज्ञान, ज्यामिति र बीज गणित र नेपाली रहनुपर्दछ।

हाइ स्कूलको तहमा संसकृत, अंग्रेजी र हिन्दी इच्छाधीन विषय हुनुपर्दछ। विदेशको इतिहासभन्दा नेपालको इतिहासलाई प्राधान्य दिनुपर्छ।

**परिच्छेद १०, विश्वविद्‌यालयको शिक्षा**

नेपालको आफ्नै विश्वविद्‌यालय नभएसम्म उच्चशिक्षामा समानता आउन सक्तैन।

हाम्रो जस्तो सानो मुलुकमा किसिम किसिमका स्कूल र कलेज राख्न हामीलाई पुगीसरी आउँदैन। एउटा ठूलो विश्वविद्‌यालयको मातहतमा हामीले एकनासेपन ल्याउनुपर्दछ।

विश्वविद्‌यालय-योजना-आयोग योजना खडा गर्न र चालु गर्नको लागि तुरुन्तै खडा गर्नुपर्छ।

समानता ल्याउने विश्वविद्‌यालय सिर्जना गर्नलाई हाम्रा कलेजहरुमा कुनै ठूलो परिवर्तन गर्नु वा खर्च बढाउनु आवश्यक पर्दैन।

तक्षशिला, नालन्दा र विक्रमशिला (करीब २०० वि.सी. देखि १४०० ए.डी.सम्मका भारतीय विश्वविद्‌यालयहरु) का आदर्शमा एउटा विश्वविद्‌यालय हामीले खोल्नुपर्दछ।

पूर्व र पश्चिम नेपालमा तथा काठमाडौंमा पनि हामीले कलेजहरु राख्नु पर्दछ।

विश्वविद्‌यालय तुरुन्त स्थापित हुन सक्तैन भने अन्तरिम कालको निमित्त एउटा शासन समिति नियुक्त गरियोस्।

**परिच्छेद ११, प्रौढशिक्षा**

प्रौढ-साक्षरता-प्रेरणा व्यवस्थित हुनुपर्दछ।

सबै स्कूलका शिक्षकहरु र ग्राम विकाश कार्यकर्ताहरुलाई प्रौढ-साक्षरता कलास चलाउन काइदा सिकाउनुपर्दछ।

प्रौढशिक्षा समूहको निमित्त बेलुकीपख स्कूल र पुस्तकालयहरुको चलन गर्नुपर्दछ।

खेतीको काम घरधन्दा, शिल्पकला र अरु उपयोगी विषयहरुमा प्रौढ क्लासहरु शुरु गर्नुपर्दछ।

रेडियो शिक्षा, फिल्म, व्यङ्गचित्र, कथा र अरु आधुनिक विधि प्रौढशिक्षामा प्रयोग गर्नुपर्दछ।

पाठयपुस्तकहरु, पाक्षिक पत्रिका र सजिला पर्चाहरु प्रौढसाक्षरहरुको निमित्त तयार पार्नुपर्दछ।

हाइ स्कूलका विद्यार्थीहरुलाई साक्षरता क्लासमा पढाउने फाइदा सिकाउनुपर्दछ। यसरी साक्षरता छिटो छिटो फैलाउनुपर्दछ।

**परिच्छदे १२, शिक्षकहरुको तालीम**

नेपालमा सबै शिक्षकहरुको निमित्त पढाउने आधुनिक विधिका विषयमा पाठयपुस्तकको ज्यादै जरुरत छ।

शिक्षकहरुलाई तालीम गर्न छोटो अवधिका पाठयक्रम तुरुन्त राख्नुपर्दछ।

हामीलाई प्राथमिक स्कूलमा पढाउने हजारौं शिक्षकहरुको दरकार छ।

तालीम भएका शिक्षकहरु पाउनलाई प्रेरणाको रुपमा शिक्षकहरुको तलब तालीममा निर्भर रहनुपर्दछ।

नयाँ शिक्षकहरुलाई तालीम गर्न र पुराना शिक्षकलाई फेरि तालीम दिन शिक्षक शिक्षण केन्द्र चाहिएको छ।

शिक्षकले काम गर्ने गाउँहरुमा उनीहरुलाई तालीम गर्न र काम गर्दागदै तालीम दिन नेपालका सबै भागहरुमा शिक्षक शिक्षण फैलाउनुपर्दछ। धेरै केन्द्रहरुमा शिक्षक शिक्षण हुनुपर्दछ।

नमूना रुपका स्कूलहरु शिक्षक शिक्षण केन्द्रको भाग हुनुपर्दछ।

शिक्षण केन्द्रमा युवक जनतालाई अझ राम्ररी आकृष्ट पार्न शिक्षकहरुलाई बढी तलब दिनुपर्दछ।

**परिच्छेद १३, शिक्षाविषयक साधन**

पाठयपुस्तक र अरु पढ्ने साधनको रुपमा प्रयोग गर्नको निमित्त अंग्रेजी, हिन्दी, उर्दू, संस्कृत, बंगाली र अरु कुराहरु नेपालीमा अनुवाद गर्ने काममा काम नपाएका शिक्षित जनताहरुमध्ये केहीलाई लगाउनुपर्दछ।

काठमाडौं खाल्डो बाहिर पाठयपुस्तकहरु र पढ्ने कुराहरुको ठूलो अभाव छ।

सस्ता पाठयपुस्तकहरुको निमित्त सस्तो कागत उत्पादत गर्ने नेपालमा कागज बनाउने कलहरु (पेपर मिल्स) राख्नुपर्दछ।

पुस्तक र साधनहरु वितरण गर्ने राम्रो योजनाको व्यवस्था नभएसम्म अरु सबै योजनाहरु व्यर्थ हुनेछन्।

हाम्रो पढाउने काइदा मिलाउने तुल्याउन हामीले म्याजिक ल्यान्टर्न, रेडियो, नक्शा र लेखाचित्रसंबन्धी कुराहरु र संप्रदायको पूजीको प्रयोग गर्नुपर्दछ।

नेपाली पाठयपुस्तकहरुको तयारी र छपाइले पहिलो स्थान पाउनुपर्दछ।

**परिच्छेद १४, शिक्षाको शासनव्यवस्था र निरीक्षण**

हरेक जिल्ला, गौडाको त्यस जिल्ला गौडाभरिकै निमित्त एउटा छुट्टै पूरा अधिकार भएको व्यवस्था गर्ने समिति हुनुपर्दछ र त्यही समिति शिक्षाको प्रादेशिक शासनव्यवस्थाको निमित्त उत्तरदायी हुनुपर्दछ।

सरकारी सहायता पाएको र प्राइभेट स्कूलहरु दुवैमा शिक्षा शासनव्यवस्थाको निमित्त सुझाउ, नियम र विधान दिनलाई एउटा नयाँ शिक्षा कानून तयार गर्नुपर्दछ।

केन्द्रिय सरकारले शिक्षाको निमित्त निर्देशन सिद्धान्त कायम गर्नु त पर्दछ तर शासनव्यवस्था भने प्रादेशिक र गाउँका अख्तियारवालाहरुलाई छोडिदिनुपर्दछ।

स्थानीय स्कूललाई शासन गर्न हरेक गाउँ वा सानासाना गाउँहरुको समूहको एक एकोटा प्रबन्धक समिति हुनुपर्दछ। यस समितिमा स्थानीय जनताको प्रतिनिधि हुनुपर्छ र शिक्षा कानून लगाउनको निमित्त जवाफदेही हुनुपर्दछ।

हरेक जिल्ला गौडाको निमित्त एक एकोटा स्कूल इन्स्पेक्टर नियुक्त गर्नुपर्दछ, तर स्कूल इन्स्पेक्टरहरुले वर्तमान मण्डलीय (जोनल) इन्स्पेकटरहरुप्रति जवाफदेही हुने गर्नुपर्दछ।

शिक्षकहरुको अभावले धैरै स्कूलहरु बन्द भएका छन्। केन्द्रीय सरकारले विस्तृत मात्रामा शिक्षक शिक्षण जुटाउनुपर्छ।

कुनै स्कूलहरुलाई केन्द्रीय सरकारले अहिले दिएको मनपरीका दान (तिनमध्ये कुनै त चालु पनि भएका छैनन्), खालि खारेज गरेर वास्तविक आवश्यक स्थानीय दान र त्यस्तै कुराहरुमा आधारित बढ्ता एकनासको प्रणालि खडा गर्नुपर्छ।

सरकारी सहायताको अभावले अथवा निकासा भइसकेको खर्च सरकारले चाँडै दिन नसक्ता धेरै स्कूलहरुलाई ठूलो चिन्ता परेको छ।

इन्स्पेकटरहरुलाई सवारीको रुपमा सरकारले जीप मोटर वा हात्ती दिनुपर्दछ।

केन्द्रीय सरकारको शिक्षा निमित्तको खर्चको ८३ प्रतिशत काठमाडौं खाल्डोमा खर्च भएको छ। बराबर गर्नलाई यो कुरो तुरुन्त हटाउनुपर्दछ।

शिक्षाको अविलम्ब प्रसारको निमित्त सरकारले शिक्षामा खर्च गरिएको पूजीको प्रतिशत बढाउनुपर्दछ। आवश्यक पऱ्यो भने पल्टनको खर्च घटाउनुपर्दछ।

**परिच्छेद १५, शिक्षाको खर्च**

शिक्षाको अविलम्ब प्रसारको निमित्त सरकारले शिक्षामा खर्च गरिएको पूजीको प्रतिशत बढाउनुपर्दछ। आवश्यक पऱ्यो भने पल्टनको खर्च घटाउनुपर्दछ।

शिक्षालाई खर्च पुऱ्याउनको लागि केन्द्रीय सरकारले विर्तामा र गुठीको आम्दानीमा कर लगाउनुपर्दछ। विलासका मालहरुमा पनि कर लगाउनुपर्दछ।

रुपियाँमा २ पैसादेखि ४ पैसासम्म सबै आम्दानीमा शिक्षासंबन्धी कर लगाउनुपर्दछ।

सरकारले बुझ्ने मालपोतको चतुर्थाश शिक्षासंबन्धी कामको निमित्त छुटयाउनुपर्दछ।

अहिले सरकारले कद र गुणको वास्ता नराखी स्कूलहरुलाई दान दिने गरेको छ। छात्रहरुको संख्या, शिक्षकहरुको संख्या खर्च र स्कूललाई मद्दत दिनमा गाउँको इच्छुकता र यस्तै कुराहरुको आधारमा सरकारले सहायता बाँडिदिनुपर्छ।

हामीले किफायतको निमित्त सहशिक्षालाई स्वीकार गर्नुपर्दछ किनभने छात्र र छात्राको लागि बेग्लाबेग्लै स्कूल हामी राख्न सक्तैनौ।

थप आम्दानी जुन जिल्ला गौडामा उठाइको छ त्यो शिक्षासंबन्धी काममा त्यही राखिनेछ भन्ने संझौतामा स्थानीय मालपोत सयकडा १० बढाउनुपर्दछ।

धनीसाहूमहाजनहरुमा धेरै धेरै तलब पाउने कर्मचारहिरुमा ठूल्ठूला र विर्तावालहरु र अरु धनी मानिसहरुमा सरकारले शिक्षासंबन्धी कर लगाउनुपर्दछ।

गुठीको जमीनबाटको आम्दानीमा अरु जग्गाजमनिकै जस्तो गरी तिरी लाउनुपर्छ।

धार्मिक दानदालव्य, मठहरु, देवालयहरु र त्यही किसिमको आम्दानबिाट केही शिक्षामा लाउनुपर्दछ।

**परिच्छेद १६, शिक्षासंबन्धी वातावरण**

जग्गा, घर, सजावट र खपत हुने मालको पूर्ति

अस्थायीरुपले घरको सट्टा खुला जग्गा हामीले प्रयोग गरे हुन्छ, तर स्कूललाई स्थायीत्व र खँदिलोपन दिने हुनाले सम्भव भएसम्म चाँडो घर पाइनुपर्दछ।

जहाँ गाउँहरु सानासाना छन् र एकै ठाउँमा गुचमुच्च परेका छन् त्यहाँ छात्रहरु एउटै पारिएको स्कूलघरमा धेरै जना संगसंगै गए हुन्छ।

छरिएका सानासाना गाउँहरुमा धेरै क्लासहरुलाई एउटा शिक्षक पनि एउटै कोठामा गाभे हुन्छ त्यस गाउँका सबै मानिसहरुले सहयोग दिएर एउटा स्कूल घर बनाउनुपर्दछ।

टाढाटाढाबाट आएका घर लिएर बस्ने विद्यार्थीहरुको हेरचाह गर्नलाई उच्च हाइ स्कूलहरुको निमित्त छात्रावास राख्नुपर्दछ।

सबै स्कूलघरहरुमा स्कूल र संप्रदायको निमित्त पुस्तकालय राखिनुपर्दछ।

संप्रदायको केन्द्र पारेर स्कूल बनाउनुपर्दछ।

प्रत्येक स्कूलमा पानी जाने ठूलो विकाश भएको खेल्ने ठाउ र खेतीपाती गर्नको निमित्त जग्गा हुनुपर्दछ।

**परिच्छेद १७, खास बन्दोबस्त**

मध्यान्हको पौष्टिक तातातो खाना सबै केटाकेटीले पाउनुपर्दछ र मोल तिर्न नसक्नेहरुलाई निःशुल्क दिनुपर्दछ।

प्रत्येक स्कूलमा क्लब र स्काउटिङ्गको बन्दोबस्त हुनुपर्दछ।

शिक्षासंबन्धी विषयमा छलफल गरी सजिलो पार्नेलाई र स्कूल चलाउन मद्दत दिनलाई संरक्षकहरुको क्लबको व्यवस्था हुनुपर्दछ।

**सारांश**

आयोगलाई सुम्पिएको प्रधान कार्यहरुमध्ये एउटा अहिले चलेको शिक्षासंबन्धी यथार्थ कुरो र रायको निरीक्षण गर्नुथियो। प्रश्नावली र व्यक्तिगत भेटघाटद्वारा रायको अध्ययन गरियो। यस परिच्छेदमा सबै प्रमुख नेपाली प्रतिनिधिका रायहरु संक्षिप्त गरिएका छन्।

छोटकरीमा शिक्षाको निमित्त ज्यादै तिर्सना छ, हालसालका स्कूलहरुसित असन्तोष, संस्कृत र अंग्रेजी र शिक्षाको विदेशी किसिमसित वैमनस्य र प्रयोगात्मक केही कुरोको निमित्त इच्छा छ। करीब करीब हरेक जना केन्द्रीय सरकारको नेतृत्वमा, तर स्थानीय संप्रदायसित शासन व्यवस्थाको रुपले साझा गरी एउटै जोडदार प्रणालि चाहन्छ। आधारको रुपमा देशव्यापी प्राथमिक शिक्षा, त्यसपछि बढ्दै जाने ठूलो संख्यामा माध्यमिक शिक्षा र शिरमा चाँहि नेपालको आफ्नौ राष्ट्रिय विश्वविद्यालयको मातहतमा समान रुपका कलेजहरु राख्नेमा करीब सबै जना सहमत छन्।

अरु धेरै विचारहरु पेश गरिएका छन् र प्रत्येकलाई आयोगले विचार गर्नुपर्दछ, तर धेरै मानिसले तिनलाई समर्थन गरे तापनि सबैलाई प्रयोग गर्न सकिंदैन। अध्ययनको यो खण्ड अतिमहत्वको छ। यहाँ पत्ता लागेका कुराहरुले बाँधिएका रिपोर्टहरु पथप्रदर्शक खम्बाको रुपमा काम दिनेछन्।

शिक्षा मन्त्रालय

## परिच्छेद ६

## आजको नेपालमा शिक्षाको आवश्यकता

यस विवरणको पहिलो भागमा आजको नेपालमा शैक्षिक सुविधाहरुको पर्यालोचन र सिहावलोकन गरिएको छ। परिणाम उत्साहपद छैन, तर साँच्चिकै ललकार्दो छ। यी हाँक पूरा भएको पक्षमा, तुरन्त अगाडिका वर्षहरु भविष्यका इतिहासकारहरुद्वारा "शिक्षाको स्वर्णयुग"कहिनेछ। यस कालमा सेवा गर्ने सौभाग्य पाएकाहरु आफ्नो सेवाका निम्ति सन्तान दरसन्तानबाट आर्शिवाद र ठूलो पुरस्कार पाउनेछन्।

पहिलो परिच्छेदमा शिक्षाधिकारीहरुले शिक्षाको आवश्यकतालाई कति बुझेका छन् र यी समस्या हल गर्न कसरी आयोगको नियुक्ति भयो भन्ने हामीले देख्यौं। दोस्रो परिच्छेदमा नेपालको असाधारण सांस्कृतिक परम्परा र राष्ट्रिय शिक्षा योजनाको निर्माणमा त्यसले गर्नु पर्ने सहयातातिर लक्ष्य गर्‍यौं। तेस्रो परिच्छेदले नेपालका पाठशालामा जाने उमेरका ३।७ प्रतिशतभन्दा थोरै युवकहरुका निमित्त हाल प्राप्य दयनीय अपर्याप्त सुविधाहरु र अर्थ तथा सम्पूर्ण जनसंख्यामा अनुमान गरिएको २ प्रतिशतमात्र साक्षरताको दर प्रकाश गर्‍यो। चौथो परिच्छेदबाट केटाकेटीको यस सानो संख्याका निम्ति समेत पाठशाला पुरानो संकीर्ण, साहित्यिक र सामान्य रुपमा हाम्रो मुलुक  र हाम्रा युवकहरुका वास्तविक आवश्यकताका निम्ति प्रतिकूल छ भन्ने जान्यो। अनयमा पाचौं परिच्छेद केटाकेटी र प्रौढ -दुवैमा समान रुपले शिक्षाका निम्तिको अत्यधिक तृष्णा र सर्वप्रयत्नले यसलाई मद्दत गर्ने जनताको अनुराग प्रकट गर्दै अन्धकारबाट प्रकाशको किरण जस्तो चम्कन्छ। एउटा योजना तजुमा गरेर त्यसलाई कार्यान्वित गर्नलाई नेतृत्व दिनु नै अहिले हामी एकमात्र आकांक्षा छ।

### शिक्षाको आवश्यकता

नेपालमा व्यापक शिक्षाको आवश्यकता स्पष्ट छ। पहिलो, नेपालले रोजेका प्रजातान्त्रिक सरकार र जीवनज्ञान प्राप्त नागरिकतामा आधारित छ, ज्ञानान्धकारमा यिनको अस्तित्व रहन सक्तैन। वास्तवमा हामीहरुमा विस्तृत ज्ञान नभए सम्म यिनलाई हासिल गर्न सकिंदैन। अहिले त हामीहरुले प्रजातन्त्रका नमूनाहरु मात्र पाएका छौंस् यसलाई पूरा तवरले हासिल गर्न जनताको पूर्ण शिक्षालाई पर्खनुपर्छ। मत दिने ज्ञान र निर्णय गर्ने अधिकार, जिम्मेवारीको अभिभारा आफ्ना अधिकारको बुद्धिपूर्वक प्रयोग, सहकारी कार्य - सब शिक्षामा निहित छन्।

दोस्रो, शिक्षाविना व्यवसायिक कलाको बृद्धि हुन सक्तैन, नयाँ नयाँ कुरा पत्ता लाउन वा अरुले पत्ता लाएका कुराहरुको उपयोग गर्न जान्ने तालीम प्राप्त अगुवाहरु हुँदैनन्। ग्राहक शिक्षित

नभएसम्म व्यवसाय कला व्यर्थ हुन्छ। बीसौं शताव्दीलाई अलादीनको उपहार, विज्ञान र कला, अज्ञानी जनतामा वास्ता र चाहना नगरिएकै हुन्छ। अरु मुलुकहरुको प्रगतिलाई शीध्र गति प्रदान गर्न हामी शिक्षित भयौ भने हामीलाई अन्धकारबाट हटाउने उपहारलाई हामी कहिल्यै अस्वीकार गर्नेथिएनौं।

तेस्रो, शिक्षा र व्यवसाय कलाको सहायताविना हामी आर्थिक अवस्था बुझ्न सक्तैन। वैज्ञानिक ज्ञान र मद्दतविना हामी हाम्रा प्राकृतिक साधनहरुको प्रयोगसमेत गर्न सक्तैनौ। हाम्रो ठूल्ठूला उद्योग खडा गर्न, खानि चलाउन, खेतहरुमा अत्यधिक उब्जनी गराउन, जंगलहरु भर्न र जल-शक्तिको प्रयोग गर्न, मूल सडक र रेलका बाटाहरु बनाउन सक्तैनौं - अर्थात् शिक्षाविना हाम्रो आर्थिक परिस्थिति सुधार्न सक्तैनौ।

चौथो, हामी इच्छा गरी या नगरौ, हामी संसारको एक हिस्सा बनेका छौं। अब हामीहरु अझ पनि छुट्टा रहन सक्तैनौ, संसार हामीकहाँ आएको छ। विना शिक्षाल हामीहरु कसरी संसारलाई भेट्न सक्छौं। कुनै कालमा सभ्यताको मूल बाटो भएका हामीले संसारका यात्रीहरुका समुन्ने के शिर निहु-पाउनुपर्छ? हामीहरु कसरी हामीलाई नयाँ विचारधारा, नयाँ चालचलन आविष्कार र नयाँ अद्भूत संसार अर्पण गरिरहेका वरदानहरु को परिमाण निश्चित गर्न सक्छौं? हामीहरु हाम्रो मुलुकका स्वार्थलाई हानिकारक नारा (आवाज) र विचारहरुको विरुद्ध कसरी आफूलाई बचाउन सक्छौं? हामीलाई डोर्‍याउने बल र बुद्धि दिने शिक्षाविना हामीहरु केही पनि गर्न सक्तैनौ।

पाचौं, हामी छुट्टापनले हामीहरुलाई अहंकारी र राष्ट्रवादी गराएको छ र हामी यस्तै रहन चाहन्छौं। हामीहरु संसारका अरु राष्ट्रहरुका बीचमा हाम्रो राष्ट्रिय व्यक्तित्व, वीरता र कीर्ति बढाउन चाहन्छौं। गत केही शताव्दीदेखि हामीहरुले आफूलाई अन्धकारमा पर्न दिएर सारा बलिया राष्ट्रहरुका अत्यावश्यक लक्षणहरु - राष्ट्रिय गर्न, पौरख र व्यक्तित्वको उपेक्षा गर्दै आएका छौं। शिक्षाले हाम्रो मुलुकमा यिनका महत्वलाई फेरि पहिलेको अवस्थामा फिराउनुपर्छ।

छैटौं, शिक्षाको संसारमा हामीले फेरि आफ्नो ठाउँ पाउनुपर्छ। नेपाल जस्तो सांस्कृतिक परम्पराले धनी मुलुक थोरै न्। तर आफ्नो बेहोशियारीले गरेर हामीहरुले त्यसलाई झण्डै झण्डै गुमाइसकेका छौं। यसलाई पत्ता लगाएर हामीलाई र संसारलाई फिर्ता दिन अनुसन्धानका धेरै वर्ष लाग्छन्। यसले उच्च शिक्षा पाएका अन्वेषकहरु र यस्तो अनुसन्धानलाई मद्दत गर्ने तथा त्यसका खोजहरुलाई रुचाउने शिक्षित मानिस माँग्दछ।

शिक्षाको निम्तिका अरु पनि धेरै कारणहरु छन्, हासिल गर्नु पर्ने महत्व पनि प्रशस्त छन्। तर पहिले नै भनिएका कारणहरुमध्ये जुनसुकै एउटा पनि राष्ट्रिय विकाश योजनामा शिक्षालाई पहिलो र सर्वोच्च स्थान दिन प्रशस्त छ। शिक्षाविना हामी त्यसै अड्न सक्तैनौं।

**शैक्षिक योजनाको आवश्यकता**

हामीलाई राष्ट्रिय क्रममा शिक्षा चाहिने भए त्यो योजना गरिएको हुनुपर्छ। अहिले हामी मुलुकमा शिक्षाका अनेकौ विभिन्न प्रणालि प्रचलित छन्। कुनै हाम्रो प्रारम्भिक छुट्टा जीवनलाई स्वदेशीय छन्, कुनै बाहिरबाट पैठारी गरिएका छन्। नेपालका निम्ति कुनै पनि तर्जुमा गरिएका होइनन् भन्ने आज थाहा पायो।

महाराज जङ्गबहादुर राणा इङ्गल्याण्डबाट फर्केर आएपछि नेपालमा अंग्रेजी शिक्षापद्धति चालु गरिएको थियो। वर्तमान शिक्षापद्धतिले राष्ट्रिय जीवनका ज्यादै तात्कालिन र परमावश्यकताहरुको पूर्ति गर्न नसक्ने देखिएपछि हालसालै आधार वा वर्वा प्रणालि लागु गरियो। शासन प्रबन्धमा तल्लो दर्जाको निजामती कर्मचारीहरु भर्ना गर्न तोकिएर नै निजामती परीक्षा प्रणालिको सिर्जना भएको थियो। हो, संस्कृत भने अवश्य अनादि कालदेखि भाषापाठशालाहरुद्वारा पढाइन्थ्यो। शिक्षाको कुनै प्रणालिले यस मुलुकको हित गरेको छ, यो भन्न गाह्रो छ तर अब राष्ट्रका अभिलाषा, आवश्यकता र अभावको पूर्ति गर्ने राष्ट्रिय कितापको शिक्षा हुनुपर्छ भन्ने सामान्यतया बुझिएको छ। आज प्रजातान्त्रिक नेपालमा हाम्रा राष्ट्रिय र अनतर्राष्ट्रिरय जीवनमा समेत खूब छिटो तथा दीर्घगामी परिवर्तत भइरहेछ। यसकारण शुरुमा नै आयोगले जनताको रुचिअनुकूल राष्ट्रिय लक्षणको शिक्षाप्रणालि फैलाउन अत्यावश्यक देखेको छ।

यो प्रणालि शुरुमै इन्तिजाम गरिएको हुनुपर्छ र जति जति हाम्रा अभावहरु हट्दै जान्छन् जति जति हामी नयाँ किसिम र तरीका लागु गर्दै र राम्रा उपायहरु सिक्दै जान्छौं उति उति बराबर तिनको अन्दाज गर्दै नयाँ तर्जुमा गर्ने विधान बनाउनुपर्छ। निम्न कारणहरुबाट आज नेपालमा शैक्षिक योजनको प्रचण्ड आवश्यकता छः-

(१) मुलुकमा काम कारवाइहरुमा जनताको बुद्धियुक्त सक्रिय भाग भयो भने मात्र शिक्षाले सफलतासित काम गर्न सक्ने हुनाले प्रजातान्त्रिक सरकारमा शिक्षाको भाग संकटमय हुन्छ।

प्रजातन्त्रमा योजनाको सफलता, सहयोगको बृद्धि, अनुशासित नागरिकता र अगाडिका निम्ति योजना बनाउन कतिसम्म जनताको हौसला बढाउन सकिन्छ त्यसमा निर्भर रहन्छ।

शैक्षिक कार्यक्रमलाई समेत सफलतापूर्वक कार्यान्वित गर्न योजना आवश्यक छ।

शैक्षिक योजनाले जनतालाई आफ्ना अधिकारको अगाडि आफ्ना जिम्मेवारीहरुलाई राख्ने शिक्षा दिन सहायता गर्दछ र मुलुकमा शैक्षिक विकाशको कामको दायित्व बोक्न तयार पार्दछ।

शैक्षिक योजना राष्ट्रिय प्रयासमा जम्माजम्मीको एक अंश छ।

योजना नगरेको असमान र छयासमिसे प्रयासमा हुने नोक्सानीलाई योजनाले सबभन्दा सानो परिमाणमा ओह्राल्छ र हाम्रा प्रयास र शक्तिलाई ठकि बाटोमा लगाउँछ।

राष्ट्रिय शिक्षाको आयोजित प्रणालिले सृजनात्मक प्रतिभाको बृद्धिलाई प्रोत्साहन दिन्छ, उपभोगको परिमाण बढाउँछ र कला, साहित्य तथा अन्य उत्पादक काम कारवाईहरुको सूक्ष्म पारख गर्ने भावनाको विकाशलाई बढाउन मद्दत गर्छ।

यी र अरु पनि असन्दिन्ध कारणहरुबाट क्रमबद्ध योजना हुनै पर्छ। हामीहरु अहिलेसम्म हामीलाई साँच्चिकै उपयोगी शिक्षाबाट बञ्चित राख्ने फाल्टु छयासमिसे प्रयत्नलाई अब कायम राख्न सक्तैनौ।

**शिक्षाका लक्षण**

नेपालका निम्ति शैक्षिक योजना बनाउँदा हामीहरु जहाँसुकैका पाइए जति असल शिक्षाका जुनसुकै विलक्षणताहरुलाई स्वीकार गर्दछौं। यिनीहरुलाई नेपालको योजनामा पानुृपर्छ।

पहलो कुरा, शिक्षा व्यापक हुनुपर्छ। यो थोरैलाई मात्र नभई सबैलाई सुलभ हुनुपर्छ। यसमा बहुसंख्याले मात्र पुग्दैन। शिक्षा कमसेकम सम्पूर्ण जनतालाई प्राप्य हुनुपर्छ। यसको मतलब सबैले पुग्न सक्ने ठाउँमा शिक्षालयहरु रहे भने, यातायातको अभावले शिक्षालाई रोक्ने छैन्। शिक्षा निःशुल्क भइदिएमा कसैलाई गरीबीले शिक्षा पाउन रोक्तैन। यो अनिवार्य भयो भने लापरबाट आमाबाबु आफ्ना सन्तानलाई शिक्षाको लाभबाट बञ्चित राख्न सक्तैनन्। केटाकेटीहरुको वैयक्तिक विभिन्नताअनुसार शिक्षाको संचालन हुनुपर्छ, त्यसो भए यो बहुसंख्यकभन्दा पाठशालीय वा अरु अरु किसिमबाट अनुकूल अल्पसंख्यकहरुका निम्ति मात्र रोक्का रहँदैन।

दोस्रो, शिक्षा उद्देश्य राख्ने जनताका आवश्यकताहरुलाई मिल्दो हुनुपर्छ। पैठारी गरिएका योजना हाम्रा आवश्यकताहरुलाई अनुकूल हुनु सम्भव छैन्। हाम्रा प्रजाका शैक्षिक आवश्यकताहरुको विश्लेषण गरेर मात्र यी खास आवश्यकताहरुका निमित्त पाठयक्रमको रचना हुनुपर्छ। अझ सब मानिसका सारा आवश्यकताहरुको पूर्ति हुनुपर्छ। शास्त्रीय विद्या मात्र पर्याप्त छैन। शिक्षाले छात्रलाई जीविकोपार्जन गर्ने योग्य तुल्याउनको साथसाथै उसको सामाजिक कर्तव्यसमेत पूरा गर्न सिकाउनुपर्छ।

तेस्रो, शिक्षा सहयोगी कार्य हुनुपर्छ। कसैका केटाकेटी पाठशालामा छन् कि छैनन्, यसमा उसको चाख छ कि छैन्, अथवा यस्तै अरु कुनै कारणले भन्दा साराले आफ्नो आर्थिक सामर्थ्यअनुसार यसको खर्च सहनुपर्छ। शिक्षाको अधिकांश भार गाउँका जनताले बोक्नुपर्दछ। केन्द्रीय सरकारले नेतृत्व र बन्दोबस्ती व्यवस्था मिलाइदिन सक्तछ, तर उसले सानो अंशमा सिवाय आर्थिक भार बहन गर्न सक्तैन। बालकबालिका, शिक्षक, आमाबाबु, परिचालकगण र प्रबन्धसमिति सबले यसमा भाग दिनुपर्छ। प्रत्येकले आफ्नो भागको बोझा उठाउनुपर्दछ।

चौथो, विशेषसमूहको लागि शिक्षाको प्रबन्धका निम्ति सरकार जिम्मेवार हुँदैन। पुरोहित र लामाहरुको शिक्षण, अंग्रेजी शिक्षा अथवा अन्य खास शिक्षणको निम्तिका शिक्षालयहरु आय चन्दाबाट चल्नुपर्छ। गैरसरकारी पाठशालाहरुलाई हतोत्साह पार्न हुँदैन, तर सरकारी पैसा सर्वसाधारणको शिक्षाका निम्ति जगेडा रहनुपर्छ।

शिक्षाका सामान्य विलक्षणताहरु स्पष्ट गर्ने अरु पनि लक्षयणहरु छन्। आयोगका प्रस्तावहरुको रुपरेखा देखाउने दोस्रो भागका विभिन्न परिच्छेदहरुमा यिनको उल्लेख भएको छ। शिक्षाको आवश्यकता स्पष्ट छ। स्वतन्त्र राष्ट्रको रुपमा हाम्रो देशको अस्तित्व, हाम्रो आर्थिक उन्नति, सामान्य प्रगति, सांस्कृतिक बृद्धि र संसारका अरु राष्ट्रहरुका बीचमा हाम्रो स्थानको मान्यता साराले शिक्षाको माँग गर्छन्।

शिक्षा मन्त्रालय

# दोस्रो भाग

# नेपालको लागि शिक्षाको राष्ट्रिय योजना

शिक्षा मन्त्रालय

# परिच्छेद ७

# योजनाको साधारण रुपरेखा

## परिचय

यस रिपोर्टको पहिलो भागमा तयार गरेको रुपरेखाअनुसार नेपालमा शिक्षाका वर्तमान सुविधाहरुले हाम्रो मुलुकको छिटो उन्नति र विकाशलाई राजनैनितक, आर्थिक, सामाजिक अथवा सांस्कृतिक तरीकाबाट उत्साह दिएका छैनन्। सर्वथा अयोग्य र अन्य संस्कृति तथा अर्कै समयबाट उधारो लिइएका वर्तमान स्कूल, चलन, दर्शन तथा सुविधाहरु मध्य बीसौं शताव्दीमा नयाँ नेपालको आवश्यकतालाई बिलकुलै खुल्दैनन्।

वर्तमान शिक्षासंबन्धी इन्तजामहरु सन्तोषप्रद मासिएका छैनन् भन्ने कुरा राष्ट्रिय शिक्षा आयोगको गठनले नै प्रमाणित गर्दछ। यस कुराको निश्चय गर्नलाई परिस्थितिको केवल सरसरी परीक्षाको आवश्यकता थियो। यस प्रकार आयोगले आफ्नो दोस्रो तथा अत्यन्त महत्वपूर्ण कामको जिम्मा लियो। त्यो हो नेपालको लागि राष्ट्रिय शिक्षाको योजना तयार पार्ने काम।

आयोगले नेपालका वर्तमान शैक्षिक योजनासित संबन्धित तथाकथित परम्परा र उदाहरण हरुबाट प्रभावित नभई ती योजनाहरुको असल रुपलाई सपार्ने दृड़ निश्चय गऱ्यो। नयाँ योजनाभित्र समिलित भएर कायम रहनाको निमित्त तिनीहरुको महत्वले आफ्नै योग्यतामा अड्नुपर्ने भयो। यस सिद्घान्तअनुसार काम गर्दा हामी नयाँ योजनामा आधार शिक्षाको रोजगारी बल, मन्टेसरी स्कूलमा शिक्षा हासिल गर्ने कार्यतत्परताको तरीका, पाठशाला तथा गुम्बाको धार्मिक प्रभाव र संस्कृत तथा अंग्रेजी प्रणालिको विद्यालयसंबन्धी स्तर पाउँदछौं।

आयोगले विदेशी शिक्षाप्रणालीहरु र अरु मुलुकमा चालु गरिएका शिक्षासंबन्धी अनुसन्धानको अध्ययन गर्ने निर्णय गऱ्यो। तर त्यो विदेशी प्रणालि पूर्णतया अथवा त्यसको कुनै हिस्साले नेपालको खाँचो टार्न नसक्ने भएमा त्यो प्रणाली नअपनाउने ठहरियो। विदेशी मुलुकहरुबाट हामी सिक्तछौ, तर नक्कल गर्दैनौ। यस सिद्घान्तको अनुसरण गरेर आयोगले विदेशी प्रणालिहरुबाट कामको प्रबन्धसंबन्धी कुनै कुनै विचार, मनोविज्ञानका कुनै कुनै धारणा र केटाकेटीहरुसंग काम गर्ने तरीका, छात्रहरुको बृद्धि तथा उन्नतिको मूल्यांकन गर्ने सिद्घान्त इत्यादिलाई स्वीकार गरेको छ।

अन्त्यमा आयोगले हाम्रो नेपाली संसकृति, हाम्रा जनता, हाम्रो मुलुकलाई चाहिदो बेग्लै किसिमको शिक्षाको योजना बनाउने संकल्प गऱ्यो। यसका निमित्त हामीले हामीलाई परेको

खाँचो र हाम्रा जनता, हाम्रो सामर्थ्य तथा भविष्यको अध्ययन गरिसकेका छौ। हामीले परिस्थितिको जाँचबुझ र सल्लाह गरिसकेका छौ, हामीले अध्ययन र निरीक्षण गरेका छौं। हाम्रो शोधगतिले बदलिरहेको आवश्यकतालाई बुझेर हामीले हाम्रो योजनामा आवश्यकताअनुसार हेरफेर गर्ने ठाउँ राखेका छौं।

यस अध्यायमा हामीले योजनाको सर्वागपूर्ण चित्रण गर्ने प्रयास गरेका छौं। यसको विस्तृत वर्णन यसपछिका परिच्छेदहरुमा हुनेछ। हामी आशा गर्दछौं कि हामीले केही नम्रतापूर्वकको वास्तविक तारो खडा गरेका छौं।

**नेपालको लागि राष्ट्रिय शिक्षाको विशिष्ट लक्षण**

(१) शिक्षा देशव्यापी हुनेछ। प्रजातन्त्रको निमित्त यो जरुरी छ। नागरिकको हैसियतले आफ्नो जिम्मेवारी पूरा गर्न प्रत्येक व्यक्तिमा न्यूनतम शिक्षा हुनै पर्दछ। सबैले प्राथमिकलाई शिक्षा दिएर तथा सबैलाई प्रौढसाक्षरताद्वारा दुइतिरबाट शिक्षा फैलाउनुपर्दछ। पच्चीस वर्षभित्रमा हाम्रो मुलुकबाट इच्छाविनाको अज्ञानता र निरक्षरता मेटिन सक्तछ।

शिक्षा राष्ट्रिय हुनेछ। सर्वसाधारण जनता तथा सरकारी सहायता प्राप्त शिक्षाको एउटै प्रणालि हुनेछ। हाम्रो जनता र समाजको आवश्यकतालाई एउटा पूर्ण एकनासको कार्यक्रममा मिलाइनेछ। यो अगिल्ला परिच्छेदहरुमा वर्णन गरिएको हाल चलिरहेको छुट्टाछुट्टै किसिमको शिक्षाबाट निस्कनेछ। तर यसले नेपालमा हाम्रो राष्ट्रिय जीवनको आदर्शलाई पूरा गर्नेछ। त्यस योजनालाई नेपाल राष्ट्रिय शिक्षा योजना, नयाँ स्कूलहरुलाई राष्ट्रिय स्कूल, नयाँ पाठयक्रमलाई राष्ट्रिय पाठयक्रम इत्यादि भनियोस् भन्ने हामी प्रस्ताव गर्दछौं।

शिक्षा निःशुल्क हुनेछ। यस किसिमको शिक्षा पूर्णतया थोरै मुलुकमा मात्र पाइन्छ, तर अरु धेरै देश यस शिक्षाको नजिकै पुग्दैछन्। निःशुल्क प्राथमिक शिक्षा नै सबैको निमित्त समान आधार, न्यूनतम तथा विश्वव्यापी भएको हुनाले नेपालमा तुरुन्तै यस किसिमको शिक्षा दिनमा आयोग जोड दिन्छ। परिस्थितिअनुसार माध्यमिक शिक्षा सकेसम्म निःशुल्क नै हुनुपर्दछ। धेरै वर्षसम्मलाई हाइ स्कूलहरुले छात्रावाससहितको स्कूल (Residential School) हुनु आवश्यक छ। छात्रावासको खर्च चुकाउनको निमित्त योग्य विद्यार्थीहरुलाई सहायता दिनुपर्दछ। खर्च लाग्दछ भनेर कुनै पनि योग्य विद्यार्थीलाई निरुत्साह पार्नुहुँदैन। प्रौढहरुलाई साक्षर तुल्याउने शिक्षा निःशुल्क हुनुपर्छ। अरु प्रौढशिक्षा सकेसम्म कम खर्च लाग्ने हुनुपर्दछ।

निःशुल्क शिक्षा हुनुपर्दछ भन्ने आयोगको राय त छ तर वास्तविकतालाई बिर्सनुहुँदैन। यसले सकेसम्मको सस्तो अरु स्तरको साथसाथै निःशुल्क प्राथमिक तथा साक्षर तुल्याउने शिक्षालाई समर्थन गर्दछ।

(२) शिक्षाको अवधि बेग्लाबेग्लै हुनेछ। मुलुक अथवा संप्रदायको शिक्षा दिने आवश्यकता, योग्यता र आर्थिक सामर्थ्यअनुसार ६ महिनादेखि १७ वर्ष अथवा त्यसभन्दा पनि बढीसम्म शिक्षाको अवधि बेग्लाबेग्लै हुनेछ। धेरै प्रौढ व्यक्तिहरु साक्षरतामा ६ महिनाको नियमानुसारको शिक्षा लिएर सन्तुष्ट हुनेछन् र त्यसपछि पुस्तकालय, रेडियो, अनि अआखिरमा सिनेमाद्वारा आत्मशिक्षा चालु राख्नेछन्। डाक्टर, इन्जिनीयर र अरु पेशावाल व्यक्तिहरु हदसेहद १७ वर्ष अथवा त्यसभन्दा बढीसम्म नियमअनुसारको स्कूलबाट शिक्षा प्राप्त गर्नेछन्। यिनै हदहरुको अन्तमा प्रत्येक लाखौं व्यक्तिहरुले न्यूनतम प्राथमिक स्कूल शिक्षाको लाभ उठाउनेछन्, हजारैले माध्यमिक शिक्षाद्वारा फाइदा उठाउनेछन् र अरु सयौंले उच्च शिक्षा पाउनेछन्।

क "५-५-४/७-+ प्रणालि, - यो प्रणालि हालसालको लागि योजना गरिएको हो। यसको मतलब हो, प्रौढहरुको निमित्त पाँच वर्षसम्ममा प्राथमिक, पाँच वर्ष माध्यमिक, चारदेखि सात वर्षसम्म कलेज र विश्वविद्यालयको शिक्षा र अरु थपुवा शिक्षा। यो कुरा आदर्श तथा आर्थिकरुपले प्रयोगात्मक, दुवैको बीचमा मेल हो भन्ने सरकार छ, कुनै दिन, शायद पच्चीस वर्षमा प्राथमिक शिक्षा सात वर्षसम्मलाई बढाइनेछ र त्यो प्रभावकारी दुई वर्षको लागि हाम्रा धेरैजसो जनताको निमित्त उत्तरमाध्यमिकको कार्यक्रम राखिनेछ भन्ने आयोग आशा गर्नछ। यसको अर्थ, "७-५-२/७+ प्रणालि हो। शिक्षासम्बन्धी खुड्किलोको निमित्त आयोगले सिफारिस गरेको चित्राङ्क ७।१ हेर्नुहोस्।

धेरै तथा अगल अलग दरकारअनुसार शिक्षा दिइनेछ।

(क) नेपालका धेरैजसो मानिस, शायद ९८ प्रतिशतले नै आफ्नो तथा आफ्ना परिवारका जीवीकाको निमित्त कमाइ गर्नु पर्ने हुनाले यो शिक्षा रोजगारी शिक्षा हुनेछ। यहाँका थोरै व्यक्तिलाई मात्र अल्छी भएर बस्न पुग्दछ नत्र धनीहरुले समेत आफ्नो हैशियत कायम राख्नलाई अक्सर काम गर्नुपर्दछ। त्यसो हुनाले बहुसंख्यकको लागि खेतीपाती तथा घरधन्दामा जोड दिइएको शिक्षा हुनुपर्दछ। विभिन्न अल्पसंख्यकहरु जस्तै औद्योगिक कामदार, पेशावाल, व्यवसायी, कारिन्दा सरकारी कर्मचारी इत्यादिलाई चाहि अरु अरु रोजगारी शिक्षाको मौका दिनुपर्दछ। यसको रोजगारी शिक्षाको महत्वमा शिक्षाको बढी समर्थन पाइनुपर्दछ।

(ख) शिक्षाले नागरिकताको विकाश गर्नेछ। हामी सबै नागरिक भएका हुनाले यो एउटा देशव्यापी माँग हो। हामीहरु कुनै गाउँ, जिल्ला तथा नेपालका नागरिक हो। ती प्रत्येकको लागि गर्नु पर्ने हाम्रो कर्तव्य र जिम्मेवादी छ। शिक्षाले हामीलाई यिनै

कुराहरु सिक्न र तिनलाई पूरा गर्न मद्दत दिनेछ। शिक्षाले नागरिकलाई मतदान दिन, कर तिर्न, सहयोग गर्न, संयुक्त निर्णय गर्न र जीविकाको निमित्त कमाइ गर्न सिकाउनुपर्दछ। त्यसो भए मात्र प्रजातन्त्रमा नागरिकबाट आशा गरिएका अरु अरु कुराहरु त्यसले गर्न सक्तछ।

(ग) शिक्षाले व्यक्तिको विकाश गर्नेछ। सांस्कृतिक, सुन्दर र शारीरिक किसिमबाट यो काम हुनेछ। यसले उसलाई बढी मात्रामा जिन्दगीको मजा लिन, बडो निरोगी भएर बाँच्न जीवनको स्तर गतिलो तुल्याउनमा मद्दत दिनेछ। यसले उसलाई सौन्दर्यसंबन्धी आनन्दको उपभोग ल्याइदिनेछ, हाम्रो सांस्कृति परम्परालाई सजीव तुल्याउनमा सहायता दिनेछ र हाम्रो संप्रदायलाई बस्न लायकको ठाउँ बनाउनेछ।

शिक्षाले मानिसको आदर गर्नेछ। यो शिक्षा छात्रलाई आफ्नो निम्ति जीवनका रहस्य तथा सरल कुराहरु प्रकट, विकाश र अनुभव गराउन सहायता दिने विधि हुनेछ। यो शिक्षा रीतभाँतमा बाँधिएको, विद्यालयी र अवास्तविक हुनेछैन। प्रचार वा प्रश्नोत्तरद्वाराको शिक्षा हुनेछैन। शिक्षा मनोविज्ञान र दर्शनका आधुनिक सिद्धान्तहरुमा आधारित हुनेछ। यो प्रयोगात्मक सोझो, लौकिक र उपयोगी हुनेछ।

प्राथमिक स्कूलले जनसमूहलाई सर्वसाधारण न्यूनतम शिक्षा दिनेछ। हालसाललाई ६ वर्षदेखि ११ वर्षसम्मका केटाकेटीहरुका निमित्तको प्राथमिक पाठयक्रम पाँच वर्षको रहनेछ। अन्त्यमा यसलाई बढाएर सात वर्षसम्मको गराइनेछ। यस छोटो अवधिभित्र बालबालिकाहरुलाई तिनीहरुको समस्या, अधिकार, कर्तव्य तथा नागरिक जिम्मेदारीमा पूर्णतया सचेत हुन र आफूले रोजेको रोजगार लिनलाई पूरा तयार रहनको निम्तिमा मद्दत दिन प्रयास गरिदैछ। पाठयक्रमभित्र सामाजिक अध्ययन, विज्ञान, लेख-पढ, गणित, शिल्प, सौन्दयसंबन्धी कला र शारीरिक विकास पर्नेछन्।

नेपालमा शिक्षाको पहिलो लक्ष्य देशव्यापी प्राथमिक शिक्षा हुनुपर्दछ भन्ने आयोगको राय छ। लक्ष्यको रुपमा आयोग यो तलको कुराहरुको सुझाउ दिन्छः- सन् १९६५ सम्ममा प्रत्येक १००० व्यक्तिका निम्ति कमसेकम एउटा प्राथमिक स्कूल। सन् १९६५ सम्ममा ३००,००० केटाकेटीहरुलाई प्राथमिक स्कूलको शिक्षा (अहिले प्राथमिक स्कूलमा पढ्ने उमेरका केटाकेटीहरुको संख्याको यो एक चौथाई हो)। सन् १९७५ सम्ममा आफखुशीको देशव्यापी प्राथमिक शिक्षा (अर्थात इच्छा भएका सबैलाई भर्ना हुन पुग्ने जति स्कूल)। सन् १९८५ सम्ममा देशव्यापी अनिवार्य प्राथमिक शिक्षा (अर्थात् प्राथमिक स्कूलमा पढ्ने उमेर भएका गैह्र केटाकेटीलाई पुग्ने स्कूल)।

माध्यमिक स्कूल रोजगारी नेतृत्वको शिक्षाबाट उठाउन सक्ने बढ्दै जाने ठूलो जमातलाई साधारण तथा रोजगारी शिक्षा दिने बहु उद्देश्यको हुनेछ। अहिलैलाई र पछिलाई पनि यस कार्यक्रमको म्याद पाँच वर्षको हुनेछ र यसले प्राथमिक स्कूल पूरा गर्ने उत्तीर्ण छात्रहरुलाई मात्र भर्ना गर्नेछ। पाठयक्रमभित्र साधारण शिक्षा (सामाजिक अध्ययन,

विज्ञान, भाषा, गणित इत्यादि), व्यक्तित्वको विकास (शारीरिक तालिम, स्वास्थ्य, सौन्दर्यसंबन्धी कला इत्यादि र खेतीपाती, घरधन्धा, उद्योग, व्यवसाय, व्यपारिक शिक्षा, परिचारक (नर्सको) काम अध्यापन, अरुअरु पेशाको निमित्त तयारी र कलेजको मामूली शिक्षा पर्दछन्। हाइ स्कूलको शिक्षाले धेरै विद्यार्थीहरुलाई नागरिक र रोजगारी दुनियाँमा नेतृत्वको स्थान प्राप्तिको निमित्त योग्य तुल्याउनुपर्दछ। बढी शिक्षा लिनलाई कसैकसैले उच्च शिक्षण संस्थाहरुमा पढाइ चालु राख्नेछन्। माध्यमिक स्कूलहरुले देशमा साधारण आर्थिक विकाशलाई चाहिने दक्षता र नेतृत्वको बृद्धि गराउनुपर्दछ। यसो गर्नेलाई तिनीहरुले बहुसंख्यकलाई पूर्ण सीमित शिक्षा दिनुपर्दछ।

लक्ष्यको रुपमा आयोग यी तलका कुराहरुको सुझाउ दिन्छ - सन् १९६५ सम्ममा प्रत्येक ३२ वटा राजनैतिक जिल्लाहरुको निमित्त बहु उद्देश्यको कमसेकम एउटा हाइ स्कूल दिने। अझिलेसम्म कुनै हाइ स्कूल नभएका जिल्लाहरुमा नयाँ स्कूलहरु र परम्परादेखि अहिलेसम्म चलिरहेको हाइ स्कूल भएका जिल्लाहरुमा त्यो पूरानो स्कूल बदल्ने वा एउटा नयाँ स्कूल नै खडा गर्ने। प्राथमिक स्कूलमा पढिसकेका २० प्रतिशत जतिले सन् १९६५ सम्ममा हाइ स्कूलमा भर्ना हुने। प्रत्येक १०,००० व्यक्तिको निमित्त सन् १९७५ सम्ममा शु उद्देश्यको कमसेकम एउटा हाइ स्कूल राख्ने।

उच्च शिक्षाको व्यवस्था राष्ट्रिय विश्वविद्यालयको मातहतमा हुनेछ। कलेज तथा उत्तरमाध्यमिक शिक्षण संस्थाहरुले हाम्रो मुलुकमा उच्चस्तरका नेतृत्वहरुको विकाश गर्नेलाई प्रयोगात्मक व्यवसायी र रोजगारी शिक्षा दिनेछन्। अहिले भएका कलेजहरु पढाउने विश्वविद्यालयको मातहतमा व्यवस्थित हुनेछन् र मनासीब ठहरिनेवित्तिकै आवश्यकताअनुसरा काठमाडौं तथा भरमुलुकमा नयाँ कलेजहरुको स्थापना हुनेछ। विशेष तालीम दिनाका निमित्त प्राथमिक र माध्यमिक शिक्षालाई उच्च शिक्षाको जालोल ढाक्नेछ, जुन अहिले हाम्रा देशबासीहरुले विदेशमा पाएका छन्।

लक्ष्यको रुपमा अहिले भइरहेका कलेजहरुलाई दुइ तीन वर्षभित्रैमा विश्वविद्यालय संगठनको रुप दिनुपर्दछ र सन् १९६५ सम्ममा पूर्ण विश्वविद्यालय भइसक्नुपर्दछ भन्ने आयोग सुझाउ दिन्छ। केही वर्षको निमित्त विश्वविद्यालयमा १५०० विद्यार्थीहरुलाई भर्ना लिनुपर्दछ भन्ने आयोगको सल्लाह छ। त्यसमा पनि सन् १९६५ सम्ममा ३००० र हाइ स्कूलमा नाम लेखाएकाहरुमध्येबाट अर्को पच्चीस वर्षसम्मलाई सयकडा ५ भन्दा बढी गर्नु हुँदैन। शिक्षासंबन्धी कार्यक्रमका अरु अवस्थामा उचित जोड दिन र "सुकुल गुण्डे"बेकारीबाट बचाउ गर्नेको निमित्त यो तयारी आवश्यक छ भन्ने हामीलाई लाग्दछ। यी दुई कुराले फैलावटलाई हानि गरेनन् भने यस लक्ष्यलाई मुनासीब माफिकसित बढाउने काममा आयोग पनि राख्तछ।

प्रौढशिक्षा सबैलाई प्राप्त हुनेछ। प्रौढशिक्षाले नपढेका हाम्रा अहिलेका प्रौढहरुलाई छोटो बाटोको शिक्षा दिने मात्र होइन कि प्राथमिक पढाइ मात्र हुनेहरुको शिक्षालाई भविष्यमा पूरा गर्नेछ। यो कार्यक्रम प्रौढ साक्षरताको साथसाथै चल्नुपर्दछ। देशव्यापी साक्षरताको

लक्ष्यलाई आयोग प्राथमिक शिक्षाभन्दा मात्र कम प्रयोग ठान्दछ। तर कार्यक्रमले प्रौढशिक्षाको तमाम क्षेत्र जस्तै, खेतीपाती, घरधन्दा, हस्तशिल्प, ललित तथा सांस्कृति कला, विस्तृत साहित्य इत्यादिलाई ढाक्नुपर्दछ।

लक्ष्यको रुपमा आयोग यी तलका कुराहरुको सुझाउ दिन्छः- सन् १९६० सम्ममा १००,००० नयाँ साक्षरहरु। सन् १९६५ सम्ममा वर्षको १००,००० व्यक्तिको निमित्त साक्षरताका क्लासहरु सन् १९६० सम्ममा केही व्यक्तिका निमित्त अरु प्रौढशिक्षाका क्लासहरु। त्यो शिक्षा लिन चाहने जति सबैका निमित्त सन् १९६५ सम्ममा त्यस शिक्षासंबन्धी क्लासहरु र त्यसको साथसाथै सबैका निमित्त ग्रामीण पुस्तकालय तथा रेडियोहरुको पनि व्यवस्था हुनुपर्दछ।

शिक्षासंबन्धी यस कार्ययक्रमलाई बढाउने शिक्षकहरुलाई पेशावाल तथा साधारण शिक्षा दिइनेछ। यस कार्यक्रमलाई बढाउन हजारौं शिक्षकहरुको आवश्यकता पर्दछ। शिक्षकहरुका निम्ति आकर्षक रमाइला तरीका, आवश्यक परेको बेलामा आफ्नो मुलुकलाई भर मद्दत दिनका निम्ति अगि सबै महिलाहरुसित साग्रह अनुरोध र एक महान् तथा उच्च पेशाको रुपमा शिक्षण कार्यको क्रमशः विकाशद्वारा तालीम पाएका शिक्षक अथवा तालीम लिनका निम्ति पठित व्यक्तिहरुको अहिलेको अभावलाई पूर्ति गर्नुपर्दछ।

माथि सुझाउ गरिएका शिक्षाको फैलावटको माँग पूरागर्न न्यूनतम लक्ष्यको रुपमा तल लेखेअनुसार शिक्षा दिनुपर्दछ भन्ने आयोग सुझाउ दिन्छ : - आउँदो दश वर्षसम्मलाई वर्षको कमसेकम १००० प्राथमिक शिक्षकहरुलाई, त्यसपछि नयाँ स्कूलहरुको निमित्त भर्नागर्न र अवकाश ग्रहण गर्ने शिक्षकहरुको ठाउँमा राख्नलाई लगातार वर्षको २००० देखि ४००० सम्म शिक्षकलाई आउँदो दश वर्षसम्मलाई वर्षको कमसेकम १०० जना माध्यमिक स्कूल शिक्षकहरुलाई त्यसपछि सठ्टाभर्ना र बृद्धि गर्नको निमित्त लगातार वर्षको २०० देखि लिएर ४०० सम्म शिक्षकलाई। वर्षको १० देखि २० जनासम्म कलेजका शिक्षकहरुलाई शिक्षा दिने र अहिले भइरहेका शिक्षकहरुको स्तर उठाउने। आवश्यकतापूर्ति नभएसम्म वर्षको ५०० देखि १००० सम्म प्रौढ साक्षरताका शिक्षकहरुलाई शिक्षा दिने। त्यसपछि प्रौढशिक्षाका अरु अवस्थालाई गाभ्न यस तालीमलाई बढाउँदै लैजाने।

पाठयपुस्तक र शिक्षासंबन्धी बस्तुहरु, खपत हुने सामान र सामग्री सुहाउँदो भवन र स्थानहरु दिइनेछन्। शैक्षिक वातावरण प्रशस्त भएन भने प्रभावकारी विद्या ज्यादै कम हुन सक्तछ। यसभित्र शिक्षक संप्रदायबाट प्राप्त हुने कुराहरु (जुन कुरा बुद्धिमान् शिक्षकहरुले चाहे भने सजिलैसंग प्रशस्त प्राप्त हुने गरी अहिले तयार छन्), पाठयपुस्तक र अरु छापिएका कागतपत्र, मानचित्र र अरु आलैखिक सहायता, कर्णगोचर र दुष्टिगोचर हुने सहायता, प्रयोगशाला र ज्यासलका सरसामान, खेल्ने मैदान, न्याने र ओस नआउने भवन तथा प्राकृतिक वातावरण जुटाउने अरु कुराहरु

पर्दछन्। यो विना राम्रो विद्या प्राप्त हुन सक्तैन। स्वतन्त्र विश्वव्यापी शिक्षाका यी अङ्ग हुन्, तयसैले छात्रहरुलाई सितैमा दिनुपर्दछ।

चित्राङ्क ७।२ शिक्षाको राष्ट्रिय योजनाको निमित्त संगठनीय तालिका

यसबाहेक हामीले निकट भविष्यमा मध्यदिनको गरम खाना, स्वास्थ्यसेवा, क्लबका काम र स्काउटिङ्ग, पुस्तकालय, सामाजिक सेवा, बाबु-आमा-शिक्षक संगठन र असल स्कूल बनाउनमा सहायता गर्ने अरु धेरै विशेष सेवाहरुको आशा गर्नुपर्दछ।

संगठन, शासन र नियन्त्रणमा शिक्षाको विकेन्द्रीकरण हुनेछ। केन्द्रीय सरकारको शिक्षामंत्रालय संगठन गर्ने शक्ति बन्नेछ। यसले नै नेतृत्व र आवश्यक एकनासेपन प्रदान गर्नेछ, न्यूनतम स्तर ठीक गर्नेछ र शिक्षकहरुको शिक्षालाई निर्देश गर्नेछ, तर प्रत्येक गाउँले आफ्आफनो क्षेत्रभित्रको शिक्षामा शिक्षामन्त्रालयले भन्दा बढ्ता जिम्मेवारी दिनुपर्दछ। सामानयतः शिक्षाको निरीक्षण र संगठनको निमित्त प्रत्येक गाउँमा एकएकोटा शिक्षाको बोर्ड अथवा शिक्षासमिति रहनेछ र यसले स्कूल चलाउनलाई योग्य शासन नियुक्त गर्नेछ।

गाउँहरुलाई संगठित पार्नको निमित्त मद्दत गर्न र नयाँ स्कूलहरु खोल्न प्रत्येक जिल्लामा एक एकोटा आफ्नै शिक्षासमिति र शासनकार्यमा सहायता पुऱ्याउन जिल्लाध्यक्ष र उनका मातहतका कर्मचारहिरु रहनेछन्। केही कालसम्म माध्यमिक शिक्षा जिल्ला समितिको मातहतमा रही विशेषतया जिल्लाकै विषय हुनेछ। केन्द्रीय मन्त्रालयले अनुसन्धान अपनाउनेछ, राष्ट्रिय हदमा शिक्षालाई सम्मिलित गर्नेछ, शिक्षकहरुलाई तालीम दिनेछ, उच्च शिक्षाको निरीक्षण गर्नेछ, न्यूनतम पाठयक्रमहरु र चाहिने कुराहरुको सुझाउ दिनेछ र समान पार्ने र अपनाउने आर्थिक सहायता दिनेछ। (आयोगले शिफारिस गरेको शिक्षाव्यवस्थाको लागि चित्राङ्क ७।२ हेर्नुहोस्।)

शिक्षामा उपयुक्त रुपले खर्च दिइनछ, तर धेरैजसो स्थानीय आयस्तरबाट। स्थानीय प्रबन्धक समितिहरुलाई शैक्षिक कर लाउने र संग्रह गर्ने अधिकार दिइनेछ। केन्द्रीय र जिल्लाको सरकारी चन्दा धेरैजसो माध्यमिक र उच्च शिक्षाको निमित्त र नयाँ प्राथमिक स्कूलहरु खुलाउन सहायता दिनलाई खर्च गरिनेछ। यो शैक्षिक कार्यक्रम चलाउने हो भने प्राथमिक शिक्षाको निमित्त धेरैजसो मद्दत जुन गाउँमा शिक्षा दिइने हो सोही गाउँहरुबाट आउनुपर्दछ। केन्द्रीय सरकारले यति विस्तृत कार्यक्रमलाई कुनै हालतमा पनि समर्थन गर्न सक्तैन।

मालपोतको नयाँ बाटे खोल्नुपर्दछ र शिक्षानिमित्तको मद्दत, तिर्ने सामर्थ्यको आधारमा समान रुपको तुल्याउनुपर्दछ। अब आउने पच्चीस वर्षमा शिक्षानिमित्तको खर्च धेरै गुना बढ्नेछ। खर्च न्यायपूर्ण रुपले बाँडिनुपर्दछ।

**सारांश**

हाम्रो योजनाका मुख्य मुख्य विशिष्ट लक्षण यी हुन्। अब आउने परिच्छेदहरुमा धैरैजासो विवरणहरु दिइएका छन्, तर तिनीहरुमध्ये धैरै योजनाको सिलसिला साथै खुल्दै जानछन्। आयोगले यहाँ योजनाको मोटामोटी रुप मात्र दिने कोशिश गरेको छ। नक्शाबमोजिम काम गर्नलाई "निरीक्षक कालिगढहरु हुनुपर्दछ।

शिक्षा मन्त्रालय

**तालिका ७।९ शिक्षाको राष्ट्रिय योजनाका लक्ष्य**

| | **जरुरी** | **१९६०** | **१९६५** | **१९७५** | **अन्तिम** |
|---|---|---|---|---|---|
| प्राथमिक शिक्षा (उमेर ६-१०) | नयाँ स्कूलहरुको खोल्न शुरु गर्ने। भइरहेका स्कूलहरुलाई बढल्ने | १५०,००० केटाकेटी स्कूलमा | ३००,००० केटाकेटी स्कूलमा। प्रत्येक १००० जनसंख्याको निमित्त कमसेकम एउटा स्कूल | व्यापकरुपमा आफूखुशी | व्यापकरुपमा अनिवार्य |
| माध्यमिक शिक्षा (उमेर ११-१५) | भइरहेका स्कूलहरुको पाठयक्रमलाई क्रमैसंग परिवर्तन गर्दै लाने | बहु उद्देश्यका केही नयाँ हाइ स्कूलहरु खोल्ने | प्रत्येक जिल्लाको निमित्त कमसेकम एक एकोटा बहु उद्देश्यका हाइ स्कूल। स्कूलमा २० प्रतिशत | प्रत्येक १०,००० जनसंख्यालाई कमसेकम एक एकोटा बहुउद्देश्यका हाइ स्कूल | क्रमैसंग माध्यमिक शिक्षाको विस्तार |
| उच्च शिक्षा (उमेर १६-२२) | भइरहेका कलेजहरुलाई विश्वविद्यालयको मातहतमा नियमीकरण गर्ने | थप कलेजहरु विस्तारकारी कार्य। खास विश्वविद्यालयमा १५०० जति | टाढाका केही केन्द्रहरु र वरपर फैलिएका विस्तारकारी कार्यहरुसहित पूर्ण विश्वविद्यालय। खास विश्वविद्यालयमा ३००० जति | खास गरी प्रौढ शिक्षाको क्षेत्रमा फैलाउँदै जाने कार्य हाइ स्कूलमा भर्ना हुने कामको ५ प्रतिशत जति भर्ना गर्ने | |
| प्रौढ शिक्षा | प्रतिवर्ष ६०० साक्षरताका क्लासहरु | १९६० सम्ममा १००,००० नयाँ साक्षर व्यक्ति, केही उरु प्रौैढ शिक्षा | प्रतिवर्ष १००,००० नयाँ साक्षर व्यक्तिहरु।अरु प्रौढशिक्षा फैलाउने। सबैलाई ग्राम्य पुस्तकालय र रेडियोहरु | देशव्यापक आफूखुशीको साक्षरता। पूणै प्रौढ शिक्षाका कार्यक्रम देशव्यापक रुपले प्राप्त हुनसक्ने | |

शिक्षा मन्त्रालय

| | | | | | |
|---|---|---|---|---|---|
| शिक्षकलाई शिक्षा | प्रतिवर्ष ३०० प्राथमिक शिक्षक। प्रौढ साक्षरताका ३०० शिक्षक | प्रतिवर्ष १००० प्राथमिक शिक्षक, प्रतिवर्ष १०० माध्यमिक शिक्षक। प्रतिवर्ष १० देखि २० सम्म कलेजका शिक्षकहरु र तिनीहरुको स्तर उकास्ने। लगातार प्रतिवर्ष ५०० देखि १००० प्रौढ शिक्षा - शिक्षण | | प्रतिवर्ष २००० प्राथमिक शिक्षक। प्रतिवर्ष २०० माध्यमिक शिक्षक। लगातार प्रतिवर्ष २० देखि ३० सम्म कलेजका शिक्षक | प्रतिवर्ष ४००० प्राथमिक शिक्षक। प्रतिवर्ष ४०० माध्यमिक शिक्षक |
| पाठयपुस्तक, इत्यादि | अनुभवको लागि छपाइ | प्रतिवर्ष २००,००० | प्रतिवर्ष ४०००,००० | शैक्षिक वस्तुहरुको कमी नगर्ने | |
| खर्च | प्रतिवर्ष ७५ लाख रुपियाँ | प्रतिवर्ष २ करोड रुपियाँ | प्रतिवर्ष ४ करोड रुपियाँ | प्रतिवर्ष ८ करोड रुपियाँ, भर्ना बढेमा बढाउने गरी | |

शिक्षाको व्यवस्था चित्राङ्क ७।१ र ७।२ मा संक्षेप गरिएको छ। लक्ष्यहरु चाहि तालिका ७।१ मा संक्षेप गरिएका छन्। अगाडि गएका विशिष्ट लक्षणसहित यो चित्र र तालिकाले नेपालको निमित्त राष्ट्रव्यापी, निःशुल्क, पूरा प्रयोगात्मक शिक्षाको निमित्त राष्ट्रिय योजना सर्वसाधारण रुपमा बयानगर्दछ।

शिक्षा मन्त्रालय

# परिच्छेद ८

## प्राथमिक स्कूलको पाठयक्रम

**परिचय**

प्राथमिक शिक्षा नै ज्ञानको मूल जग हो। कसैको निमित्त यो प्राथमिक शिक्षा शैक्षिक जीवनको आधार मात्र हो तर धरै कालसम्म हाम्रो देशका बहुसंख्यक बालबालिकाहरुको निमित्त केवल यही मात्र शिक्षा प्राप्य हुने हुनाले सबैतिर ढाक्ने र यही नै टुँङ्गिने पनि हुन्छ। प्रारम्भिक शिक्षा नै बालकबालिकाको पहिलो उपयुक्त तरीकाबाट संगठित भएको शिक्षासंबन्धी अनुभव हो। जति जति यी प्राथमिक स्कूलहरु दुनियाँको निम्ति प्राप्य हुँदै जानेछन्, उति उति नै तिनीहरु मूल कार्यचतुरता, समक्ष, झुकाउ र राम्रो आनीबानी जस्ता शिक्षित नागरिकहरुको निमित्त आवश्यक गुणहरुको संगठित केन्द्र बन्नेछन्।

प्राथमिक शिक्षा कुनै भवनको जग जस्तो हो, जसको अभावमा कुनै स्वस्थ शिक्षापद्धतिको आशा गर्न सकिदैन र विपरीत वातावरणको सामना गर्नसक्ने मजबुत नागरिकता संभव हुँदैन। प्राथमिक शिक्षाले अज्ञानलाई हटाई सार्वजनिक समझ र प्रयासमा एकता ल्याउन सक्छ र यसरी यसले हाम्रो नवजात प्रजातन्त्रलाई यसको विरोधी तत्वहरुको सामना गर्ने शक्ति प्रदान गर्नेछ।

प्राथमिक शिक्षाले ६ वर्षदेखि ११ वर्षसम्मका बालकबालिकामाथि रेखदेख गरी चाहिदो उपदेशद्वारा पथ प्रदर्शन गर्नेछ। बालजीवनको अवस्थाले आफ्नै अपूर्व महत्व राख्दछ। यो अवस्थामा बालकबालिकाको शारिरिक, मानसिक, नैतिक र संवेगात्मक विकाश अत्यन्त वेगसँग भइरहेको हुन्छ। यो यही अवस्था हो जसलाई हामी उनीहरुको प्रतिभा र चरित्रको व्यक्तिगत विकाशको साथसाथै स्वस्थ सामाजिक लक्ष्यको निम्ति सजिलैसंग मोड्न सक्तछौं। वास्तवमा यो जता पनि मोडिने प्रवृतिले बालकलाई बिगार्न खोज्ने खराब तत्वहरुलाई हटाउन मद्दत गर्दछ। तसर्थ यो हानिकारक तत्वहरुको सामना गर्नको निमित्त एउटा रचनात्मक तथा संगठित प्राथमिक स्कूलको प्रबन्ध हुनु नितान्त आवश्यक छ।

यसबाहेक व्यत्तिगत तबरले विद्यार्थीलाई अत्यन्त आवश्यकीय मनोवैज्ञानिक तत्वहरुको साथसाथै प्राथमिक शिक्षा राष्ट्रको सामाजिक, राजनैतिक, धार्मिक, आर्थिक र सांस्कृतिक विकाशको निमित्त पनि आवश्यक छ। शिक्षाको मतलब अगाडि बढाउनु हो, तर समाजले यो कुराको निर्णय गर्नुपर्छ कि कुन दिशामा ती केटाकेटीलाई डोर्‍याउने हो। मानिस सामाजिक प्रार्णी हो। यसको उत्पत्ति समाजमै भयो, ऊ यसमा नै रहन्छ। यसैमा मर्दछ। ऊ आफ्नो असंख्य

आवश्यकीय बस्तु र इच्छापूर्तिको निमित्त आफू जस्ता अरु मानिसमा भर पर्दछ। यसको बदलामा ऊ पनि आफ्ना अरु साथीहरुको सुख र इच्छापूर्तिको निमित्त केही कुरा प्रदान गर्दछ। त्यसैले उसमाथि समाजको असर सँधै परिरहेको हुन्छ र उसले पनि आफ्नो मन्द गतिले, कहिले काही द्रुत गतिले र संयोगवशले पनि समाजमाथि असर पार्दछ। ऊ बहुतै कम मात्रामा मात्रै समाजभित्र दबिएको हुन्छ। उसले आफ्नो वरिपरिको सामाजिक वातावरणलाई आफ्नो इच्छा, अभिरुचि र अभिप्राय अनुसार बदल्न चाहन्छ।

आज हामी नेपालको जुन समाजमा रहन्छौ, त्यो बिलकुलै संतोषजनक छैन। वास्तवमा केही वर्ष अगाडि यो यति असंतोषपूर्ण थियो कि हामीले व्यक्तिगत या सामूहिक तबरले यसलाई बदल्नुपरयो। अब हामी यसलाई झन् उन्नत बनाउन र सर्वगुणसम्पन्न तुल्याउन कोशिश गरिरहेछौ। यो कुरा हाम्रो नागरिकहरुप्रतिको कर्तव्य नै भएकोले हामीले भावी नागरिक हाम्रा बालकबालिकाहरुलाई समाजको भलाइको निमित्त सामाजिक कुरीतिहरु हटाउन सिकाउनुपर्छ तर, यो गर्नको निमित्त हामीले व्यक्तिको स्वभावैले मतलबी हुँदै जाने मिजासलाई खारी स्वस्थ बनाउनुपर्छ। साधारण शिक्षाको कमीले गर्दा बालकबालिकाहरुमा अवसर अस्वास्थ्यकर व्यक्तिगत र अभद्र गुणहरु उत्पन्न हुन्छन्।

आजको नेपाल हिजोको भन्दा बिलकुलै फरक छ। यसले प्राजातान्त्रिक प्रणालि अपनाएको छ। यसले गर्दा राष्ट्रका जनताले राष्ट्रको पूर्ण उत्तरदायित्व समात्नुपरेको छ। यसको सफलता र असफलता जनतामा नै निहित छ।

त्यसकारण आज जनताको निमित्त धैरै नै आवश्यक कुरो हुन आएको छ कि उनीहरुले आफ्ना हक र अधिकार तथा कर्तव्य र जिमेदारी बुझ्न सकुन् र उनीहरुले राष्ट्रोन्नतिको निमित्त काम गर्न सकून्। उसमा पनि एशियाली देशहरुमा भएको हालसालको राजनैतिक परिवर्तनले गर्दा हाम्रो देश ज्यादै असजिलो स्थितिमा पर्न गएको छ। दुई ठूला शक्तिशाली देशहरुका माँझमा रहँदा एउटा आफ्नै सिद्धान्त र ध्येय भएको नेपालले आफ्नो इतिहासमा सबभन्दा संकुचित अवस्थाबाट पार गर्नु परिरहेछ। नेपालले यस्ता समस्याहरुलाई साहसपूर्वक तथा युक्तियुक्त तरीकाबाट सुल्झाउन परिरहेछ। उसैले नेपालका हरेक सन्ततिहरुले यस्ता समस्याहरुलाई बुझी सामना गर्नको निमित्त शिक्षित भई अगाडि बढनुपरेको छ।

देशमा अहिले आर्थिक संकट परेको छ। देशको धैरैजसो पूंजी झण्डै सखाप भई बाहिर पुगिसकेको छ। सरकारलाई घाटा-बजेटको सामना गर्नु परिरहेछ। ऐश आरामका बस्तुहरुको त कुनै छाडौं, जीवनको निमित्त नभई नहुने बस्तुहरु पनि हामीले बाहिरबाटै पैठारी गर्नु परिरहेछ यसले गर्दा देशको आर्थिक जग नै खलबलिइरहेछ। हाम्रो देशमा खानीहरु निस्केका छैनन्, न त

कलकारखाना नै छन्। तर हामीसंग प्राकृतिक साधन र मानवशक्तिको कमी छैन। सजिलैसंग खानी पत्ता लगाउन सकिन्छ र कलकारखाना पनि चलाउन सकिन्छ। देशमा पर्ती जग्गा र मानवपरिश्रमको कमी छैन। तत्परतासंग काम गर्‍यौं भने चाँडै हामीले देशलाई खान, लाउन र बस्नको निमित्त आत्मनिर्भर बनाउन सक्नेछौ.। निःसहाय र आधारहीन भई विदेशतिर आर्थिक खाँचोको निमित्त भर पर्न छाड्ने हो भने जनतालाई शिक्षित तुल्याउनु नै पर्दछ।

आज नेपालका मानिसहरुको जीवन ज्यदै अव्यवस्थित देखिएको छ। अन्ठानव्बे प्रतिशत मानिसहरु अशिक्षित छन्। उनीहरुलाई हाम्रो सुनौला गौरवपूर्ण संस्कृतिको ज्ञान हुन सकेको छैन। उनीहरुको निमित्त देशको सांस्कृतिक क्षेत्र बाँझो तथा शून्यप्राय नै छ। आर्थिक जाँतोमा पिसिइ रहनुपरेको हुँदा उनीहरु अलिकति पनि फुर्सत पाउँदैनन्। उनीहरुको जीवनमा सांस्कृतिक आमोद प्रमोद भन्नु शून्यप्राय नै छ। यस किसिमको हेय अवस्थालाई केवल शिक्षाद्वारा मात्रै परिवर्तन गर्न सकिन्छ। प्राथमिक शिक्षाको मोटामोटी उद्देश्यलाई छोट्करी रुपमा तल प्रस्तुत गरिन्छ : -

(१) देशबाट अशिक्षाको जरो लखेत्ने।

(२) राष्ट्रका अधिकांश युवकहरुलाई कमसेकम नभई नहुने शिक्षा प्रदान गर्ने।

(३) आउने युगमा नेतृत्व गर्ने सक्ने किसिमका केही युवकहरुको निमित्त उच्च शिक्षाको जग बसाल्ने।

(४) योग्य नागरिक बन्न सकून भन्ने ध्येयले सानै उमेरदेखि बालकलाई संतोषजनक तथा उचित ढंगले विकशित गराउने।

(५) नेपालको राजनैतिक, आर्थिक तथा सांस्कृतिक पनरुत्थानको निमित्त साधन जुटाउने।

**प्राथमिक शिक्षाको उद्देश्य**

माथि उल्लेख गरिएका दफाहरुमा शिक्षाको मोटामोटी उद्देश्यको खास गरी प्रारम्भिक स्तरका विवेचना गरिएको छ।

अब प्रश्न उठ्न सक्दछ, कसरी हामीहरुले यो उद्देश्यहरुलाई पूरा गर्ने? हरेक किसिमको शिक्षापद्धतिमा आफ्आफ्नै ढंगको लक्ष्य र उद्देश्य हुन्छ। भएका विभिन्न ढंगका शिक्षा प्रणालि(आज नेपालमा प्रचलित) वास्तवमा राष्ट्रिय दृष्टिकोणबाट आधारहीन छन् भने पनि हुन्छ। यीमध्ये कुनै किसिमको शिक्षापद्धतिले पनि देशको राष्ट्रिय समस्या सुल्झाउन सकेको छैन। देशको संकष्ट हल गरी राष्ट्रलाई नयाँ रुप दिन सकेको छैन। यसैले हाम्रो राष्ट्रिय शिक्षापद्धतिलाई माथिको वृहत् उद्देश्यको आधारमा पूर्ण तथा संशोधित गर्नुपरेको छ। यसरी

संशोधित शिक्षाप्रणाली देशका बालकहरुको निम्ति तल दिएको ध्येय पूर्ति गर्नलाई सहायक हुनुपर्छ।

(१) पारस्परिक विचारको आदान प्रदानको लागि भाषा र गणित जस्ता विषयहरुमा प्रवीणता हासिल गराउने।

नागरिक गुणको विकाश गराउने - उत्तरदायित्व र सहयोगको भावना बढाउने, प्रजातन्त्रका निमित्त हाम्रे संघर्षको लागि परेका हाम्रा राष्ट्रिय वीरहरुको महत्व दर्शाउने, प्रजातान्त्रिक प्रणाली चिनाउने, नागरिक चहलपहलमा योग्यता हासिल गराउने, राष्ट्रिय एकता तथा अक्षुण्णताको भावना पैदा गराउने, आत्मनिर्भरता तथा परस्पर सहयोगिताको भावना बढाउने।

आर्थिक प्रवीणता बढाउनु - सकेसम्म उच्च स्तरबाट आफ्नो जीवन चलाउन सक्ने गरी कमाउनु र आफ्नो अवस्था सवारी राष्ट्रको हितमा मद्दत गर्नु।

सौन्दर्यको विज्ञानमा निपुणता ल्याउनु - कला, संस्कृति, नाच, गान, साहित्य र पुराना कथा कहानीहरुको पारख गर्नु।

आत्मविकाशमा निपुणता ल्याउनु - मानसिक, भावात्मक, शारीरिक, नैतिक, आध्यात्मिक आदि क्षेत्रहरुमा पूर्णतया निपुणता ल्याउनु।

जुनसुकै बालकको अविकशित विशेष गुण र शक्तिहरुको विकाश गराउनु जसबाट समाजको सकेसम्म फाइदा होओस्।

आफ्नो जीवन विकाश गर्नु, संसार र यसको वातावरणको वृहत् रुपमा ज्ञान दिलाउनु, वरपरका रहस्यमय कुराहरु बुझ्नसक्ने बनाउनु, बालकहरुमा उत्सुकता प्रयोगात्मक प्रणाली, खुला भावना अनुसन्धान आदिमा प्रेम बढाइदिनु।

जीवनमा फुर्सद र त्यसबाट हुने उपयोगी ज्ञानको महत्व दर्शाउनु - यी माथिका उद्देश्यहरु परिपूर्ण छैनन् तापनि प्राथमिक शिक्षामा ज्यादै जोड दिनु पर्ने कुराहरु यिनै हुन्, सबै कुराहरु परिपूर्ण हुन सअम्भव प्रायः छ तापनि शिक्षा आयोगको विश्वास छ कि प्राथमिक शिक्षामा यही तरीका नै राम्रो हुनेछ र यसबाट राष्ट्रको उन्नति हुनेछ।

**प्राथमिक शिक्षाको साधारण रुपरेखा**

उक्त उद्देश्यहरु पाँच वर्ष भित्रमा नै सफलीभूत हुन सक्तछ भन्ने आयोगलाई निश्चय छैन, तर आफ्नो देशमा शिक्षाको निमित्त पाउन सकिने आर्थिक साधनहरुको आधारमा शिक्षासम्बनधी महान् उद्देश्यहरु निर्धारित गर्नुपरेको छ। हुन सक्तछ पाँच वर्ष भनेकाृमा बढाएर ६ वर्ष पनि गर्न सकिन्छ। माध्यमिक शिक्षा बढाएमा ८ वर्ष पनि हुन सक्नेछ। आयोगको विचारमा ६ देखि १२ वर्षभित्रका बालकबालिकाहरुका निमित्त प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्दछ। निःशुल्क शिक्षा स्थानीय जनताहरुको चन्दा र सहायताबाट चाँडै नै पनि चलाउन सकिन्छ तर

अन्दाजी ५०,००० जति तालीम प्राप्त शिक्षकहरु नभएसम्म प्रारम्भिक शिक्षा अनिवार्य गर्न सकिदैन।

प्राथमिक स्कूलहरुमा स्तर मिलेका कक्षा हुनुपर्दछ। विद्यार्थीहरुमा, ती कक्षाहरुमा बालबालिकाको शारीरिक, मानसिक तथा सामाजिक परिपक्वताको अनुसार विभाजन हुनुपर्दछ। हरेक कक्षामा बेग्लाबेग्लै शिक्षकहरु रहनाको निमित्त धेरै नै स्कूलमा त प्रशस्त विद्यार्थीहरु हुनेछन्, तर कुनै कुनै स्कूलमा विद्यार्थी नपुग्ने भएमा पाँचै कक्षाको निमित्त एक दुइ शिक्षकबाट पनि काम लिइनेछ। यस्तो हालतमा हरेक कक्षाका लडाकाहरुले लिएका विषय (खेल, कला, संगीत तथा उद्योग) को हिसाबबाट लडकाहरुलाई सबै ठाउँमा राखेर पनि शिक्षा दिइनेछ। यसले गर्दा थोरै समयमा नै अध्ययन गर्नु पर्ने विषयहरु हरेक स्तरमा सिध्याउन प्रशस्त समय पाइनेछ।

जनसंख्या ज्यादै थोरै भएका गाउँहरुमा एककोठे स्कूल खोल्ने अरु देशमा पनि चलन छ र यस प्रणालीमा एक शिक्षकले ३० छात्रभन्दा बढी लिन नपरेमा परिणाम सन्तोषजनक हुनसक्छ। पाठयपुस्तकमा मात्र जोड नदिई बालकको आनीबानीअनुसार एक शिक्षकले शिक्षा दिएको खण्डमा बालकहरुले मिश्रित वर्गमा या एकैनासको वर्गमा रहेर पनि नयाँ कुरा सिक्न सक्दछन्, शिक्षालाई जीवनको बाटो देखाउने साधन ठानेमा एककोठे स्कूलबाट पनि केही फाइदा हुन आउँदछ।

यसले अनौपचारिक र क्रियात्मक अनुभवलाई प्रोत्साहन दिन्छ। हरेक उमेरका केटाकेटीहरु एकैचोटि खेल्न र काम गर्न सिक्दछन्। एउटाले जानेको कुरा अरुलाई पनि सिकाउने र आपसमा समाजसेवाको भाव बढाउने बानी ठूलो स्कूलका केटाकेटीहरुमा जस्तै यस किसिमका स्कूलका छात्रछात्राहरुमा पनि बढ्न सक्दछ। यसकारण आयोगको विचारमा जनसंख्या थोरै भएका गाउँहरुमा यस किसिमका स्कूलहरु खोलाउन उत्साह दिनुपर्दछ।

आयोगलाई अरु पनि विश्वास छ कि हाम्रो आर्थिक अवस्थाले गर्दा करीब आधा घण्टाको बाटोमा पर्ने गाउँघरमा छरिएका स्कूलहरुलाई एकै ठाउँमा गाभ्नुपर्दछ। यस्ता स्कूलले आर्थिक निर्भरतालाई बलियो पारी समाज र स्कूल एकत्रित गरेर शक्ति बढाउनेछ। आयोगले यो यो निर्णय गरेको छ कि सबै प्राथमिक स्कूलहरुसम्ममा सहशिक्षा दिइनेछ र साथै लडकालडकीहरुको संख्या बराबर रहनेछ। लडकीहरुलृ गृहप्रबन्धकको साथै नागरिक भएका हुनाले लडकाहरुले सरह नै शिक्षा पाउनुपर्छ। यहाँ यस कुरामा पनि जोड दिइन्छ कि शिक्षासम्बन्धी विषयमा र खेलकूदमा लडकालडकीहरुको लागि बेग्लाबेग्लै सोटको प्रबन्ध गर्ने प्रथा प्राथमिक स्कूलमा सकेसम्म छिटो बन्द गरिनुपर्छ।

नेपालको हावापानी हेर्ने हो भने मौसम हेरी कामको लागि केटाकेटहिरुलाई छुट्टी दिने आवश्यकताबाहेक अरु कुरामा त वर्षभर नै पनि देशका प्रायः जसो सबै भागमा सकूल चलाउन सकिन्छ। धेरै विदन दिइने प्रथा भए तापनि आयोग यस निर्णयमा आएको छ कि वर्षभरमा विदाबाहेक कमसेकम दुइ सय दिन स्कूल चलाउनसुपर्छ। अहिले चलिरहेको हप्ताको पाँच दिन पूरा क्लास लिने र आधा दिन समाजसेवाको काममा संलग्न हुने काम उचित भएकोले यो चालु नै रहनुपर्छ।

कार्यक्रम उचित ढंगबाट बनाइएको छ भने लडकाहरु कति पनि थकाइको अनुभव नगरी दिनमा ४ देखि ६ घण्टासम्म पढ्न सक्छन् भन्ने कुरा प्रत्यक्ष छ। त्यसकारण आयोगले पहिलो तीन वर्षको लागि ४ अथवा ५ घण्टाको कार्यक्रम राख्ने निधो गरेको छ। आयोगले यो कुराको विश्वास गरेको छ।

तोकिएको समयमा हाजिर रहनु र रुजु हाजिर रहनु, ती गुण हुन् जसमा स्कूलले प्रशस्त जोड दिनुपर्दछ। लडकाहरुको हाजिरीमा यी दुइ गुणको समावेश हुनु लाभदायक छ। प्रशस्त मात्रामा छात्रछात्राहरु भर्ना हुन नपाएर अडिरहनुपरेको खण्डमा भर्ना भई सकेका बालबबालिकाहरु आफै विरामी र आफ्नो नजिकैको नातेदार विरामी भएमा वा मरेमा स्कूल आउन नसकेबाहेक अरु छात्रछात्रालाई झकेर नयाँ भर्ना गर्नु उचित देखिन्छ।

**पाठयक्रम**

पाठयक्रमभित्र  रहेको विषयहरु नेपालको संस्कृति र जनताहरुको माँग सुहाउँदो हुनुपर्छ। हालको नेपाली जीवनको स्थिति लिने हो भने हरेक व्यक्ति र प्रदेशलाई आफ्नै खुट्टामा टेक्न सक्ने बनाउनुपरेको छ। अर्को विचारणीय कुरा यो पनि छ कि जनताको जीवनमा एकाकीपन ल्याउने किसिमको पाठयक्रम हुनुहुँदैन, किन कि भविष्यमा यातायातको विकाशले संसारका अरु भागसँग नेपालको दूरतालाई पनि छुटयाउनेछ, साथै प्रशस्त मात्रामा व्यापारिक मालताल, सेवा र संस्कृतिको आदान प्रदान हुनेछ। वर्तमान अवस्थामा यो देखिएको छ कि बच्चाहरुले सानै उमेरदेखि नै जीविकाको लागि कमाउन परेकोले ज्यादै थोरैले मात्र माध्यमिक शिक्षा लिने मौका पाएका छन्। यसकारण हरेक प्राथमिक स्कूलले केही साधारण व्यावसायिक तालीम दिने जिम्मेवारी दिनुपर्छ। कुनै एक विषयमा विशेष प्रवीणता दिने भन्ने कुरा पाठयक्रममा राख्न सकिन्न तर प्रारम्भिक उद्योग सिकाउनुपर्छ किन कि सयकडा ८५ व्यक्ति आफ्नो जीविकाको लागि यसैमा भर पर्छन्।

प्राथमिक स्कूलको पाठ्यक्रमबाट व्यक्तितवमा सर्वांगीण विकास गराउनुपर्छ। जीवनोपयोगी उद्योगमा सफलता ल्याउन र सहयोगको भावना ल्याउनको निमित्त कामका हरेक क्षेत्रमा यी गुणहरुको नितान्त आवश्यक पर्छ।

वर्तमान समयको आवश्यकता र संस्कृतिअनुसार प्राथमिक स्कूलको उद्देश्य र लक्ष्यको पूर्ति गर्नको लागि पाठयक्रममा तल दिइएका विषयहरु सबै लडकाहरुले पढ्ने पाउने गरिराखिनुपर्छ।

(१) सामाजिक शिक्षा - मानिसहरुको रहनसहन।

विज्ञान - प्राकृतिक अध्ययन, स्वास्थ्य र शारीरिक विज्ञान।

भाषा - मातृभाषाको आधारमा नेपाली भाषातिर ढल्काउँदै जाने।

गणित - साधारण नियमहरु र प्रश्न चातुर्य।

उद्योग - शिक्षा

(क) खाद्य-विज्ञान - उव्जनी, खाना पकाउने तरीका, बालीनाली लगाउने, त्यसलाई जोगाउने।

(ख) गृहनिर्माणकला - बास तथा अरु सहायक चीजहरु।

(ग) वस्त्रनिर्माणकला - उव्जाउनु र कपडा तयार गर्नु, लुगा बनाउनु।

सौन्दर्य विज्ञान

(क) ललित कला - रङ्ग चित्रणकला, रेखाङ्कन कला, मूर्तिकला, इत्यादि।

(ख) संगीत र उत्सवादि।

(ग) लोकनृत्य।

(घ) साहित्य।

आत्मविकास

(क) शारीरिक शिक्षा।

(ख) नैतिक तथा आध्यात्मिक शिक्षा।

यी विषयहरु बेग्लाबेग्लै तथा परस्परमा संबन्ध नभएको भनी धारणा लिनुहुँदैन। हुन पनि धेरै विषयहरु छुटयाउने सकिंदैनन्, उदाहरणार्थ गाउँमा पानीको प्रबन्धको अध्ययनमा वैज्ञानिक र सामाजिक विषय छन्। यसले फेरि गणित, भाषा, ललित कला र अरु विषयको निपुणतालाई कार्यमा ल्याउन अवकाश दिन्छ। खाद्यविज्ञान, लुगाको सफाइ, उत्सव सिंचाइ इत्यादिसंग पनि यसको घनिष्ठ संबन्ध छ। प्राथमिक शिक्षा समन्वयात्मक हुनुपर्दछ भन्नेमा आयोग विश्वास गर्दछ। जहाँसम्म हुन्छ, यी विषयहरु ३ हप्ता देखि ६ हप्तामा (अथवा त्यसभन्दा बढ्ता अवधिमा) सकिने कुनै विस्तृत विषयमा केन्द्रीभूत हुनुपर्छ र जहाँसम्म हुनसक्छ धेरै कार्यलाई अंगालिएको हुनुपर्दछ।

माथिको उदाहरण अलि विस्तृत गर्नु पर्‍यो भने पानी सफा गर्ने तरीकाको साथसाथै केटाकेटीहरुले आवश्यक परेमा पानीको प्रबन्ध लाभ (जुटाव) बढाउनु र सुधार गर्नु अनि नेपालीको अरु भागमा र विदेशमा पनि पानीको प्रबन्ध गर्नको निम्ति ग्राम्य सहयोगको अनुसन्धान गर्न सक्छन्। तिनीहरुले आदर्श इनारको नमूना बाटोबाटेमा तयार गरेर स्वास्थ्यदायक र अस्वास्थ्यदायक इनारको दृश्य चित्रण गर्न र बताउन सक्दछ। फेरि गार्हस्थ्य उपयोगको निम्ति र सिचाईंको निम्ति चाहिने परिमाण र पानीढुकुटीको शक्तिको पनि हिसाब लाउन सक्दछन्। खाने पानी र भाँडो सफा गर्ने पानी उमाल्नको महत्व र पाचन क्रियामा पानीको असर इत्यादि विषयहरुमा छलफल गर्न सक्दछन्। नवीन इनारको उद्घाटन समारोह मनाउन संगीत, नाटक र अरु उतसवका कार्यहरु पनि तयार पार्न सक्दछन्। इनारको विषयमा कहानी लेख्न सक्छन् र इनारमा हुनु पर्ने शिष्टाचारको विवेचना गर्न सक्छन्। यसरी शिक्षणका सबै कायको महत्व तथा मतलब हुन्छ भन्ने सावित हुन्छ। माथिका कुराहरु कार्यरुपमा विकशित गरियो भने तिनको मूल्य हुन्छ। तर अरु विषयहरुसंग संबन्ध नराखी छुटै सिकायो भने केवल सैद्धान्तिक जटिलता मात्र आउँछ।

माथिको भूमिका र तल दिइएको पाठयक्रमको विवेचना पाठयक्रमको क्षेत्रमो निम्ति व्यवस्थात्मक नभई पथप्रदर्शक हुनुपर्छ। व्यवस्थित प्राथमिक स्कूलमा शिक्षकहरु र यस विषयमा प्रवीणता प्राप्त गरेका मानिसहरुले बनाउँछन् र सबै प्राथमिक स्कूलमा पथप्रदर्शक पुस्तिका तथा पत्रपत्रिका पुस्तिकाका रुपमा उपलव्ध हुनुपर्दछ।

सामाजिक शिक्षाको अनुभव गरी केटाकेटीले स्वाभाविकैले प्रयोग गर्ने मानिसको सामाजिक कार्यहरु वरिपरी केन्द्रीभूत हुनुपर्छ। यसले केटाकेटी र प्रौढहरुको बीचमा हुने सहयोग र रचनात्मक कार्यहरुमा जोड दिनुपर्छ। सामूहिक रहन-सहन, बृद्धि हुने, उचित सामाजिक भावना ल्याउनुपर्छ। आफ्नै र अरु संस्कृतिको ज्ञानबृद्धि गर्न सहायक हुनुपर्छ। प्रजातान्त्रिक जीवनको ढंग र प्रजातन्त्रको उत्तरदायितवको महत्व दर्शाउनुपर्छ।

यी उद्देश्य पूर्ति गर्न आयोगले निम्नलिखित विषयमा सुझाउ दिन्छ : -

| | |
|---|---|
| प्रथम कक्षा | स्कूल तथा घरको जीवनी। |
| द्वितीय कक्षा | छरछिमेकीको जीवनी। |
| तृतीय कक्षा | प्रदेश, खाल्टा, तराई र पहाडको जीवनी। |
| चौथो कक्षा | नेपालका अरु भागको जीवनी। |

| | |
|---|---|
| पाँचौ कक्षा | नेपाल बाहिरको जीवनी। |

यी विषयहरुले बालको दृष्टिकोणलाई विस्तारै उसको नजिकको वातावरणबाट उठाएर यथाशक्य विश्व विचारधारातिर लैजान्छन्। तिनीहरु नजिकका कुराहरुबाट परस्परका कुराहरु अनि परिचितबाट अपरिचिततिर प्रवेश गर्छन्।

यी विषयहरुले अरु विषयहरुको बारेमा जान्ने चातुर्थ र विकाशका निमित्त चाहिने आधार जुटाइ दिन्छन्। जस्तो छिमेकको जीवन अध्ययनले बालकबालिकाहरुलाई विज्ञान, प्रकृति अध्ययन र स्वास्थ्य विषयमा जानकारी गर्ने मौका दिन्छ। गाउँको दृश्य चित्रण गर्ने काम, पैसाको उपयोग गर्ने खुला बयान, गाउँमा घटेको घटना हेरी लेख्ने वा बयान गर्ने कुरा र ग्राम्य जीवनको कथा पढ्ने आदि कुराहरुले आफ्नो ललित कलामा अभ्यास बढाउँछ। विज्ञानको अनुभवहरुले अरु पाठयक्रमबा खण्डहरुको अनुभव एकचित गर्ने मौका दिन्छ। प्राथमिक कक्षामा विज्ञानले बालको वरिपरिका साधारण प्राकृतिक घटनाहरुमा जोड देओस्, यसले पृथ्वीको, विश्वको, मौसिमको र भूगर्भका बस्तुहरुको सृष्टिको विषयमा साधारण व्याख्यान देओस्। यसले बालकबालिकाहरुमा जनावरहरु र विशाल बाहिरी क्षेत्रमा प्राकृतिक कुराहरुमा जिज्ञासा ल्याओस्। विज्ञानका अनुभवहरुमा मनुष्यको शरीरको ज्ञान र वरिपरिको अवस्थाले मानिसको स्वास्थ्यमा के असर पार्छ भन्ने कुरा निहित होस्। व्यक्तिगत स्वास्थ्य, सफाइ र गाउँघरको सुधारमा जोड दिइयोस्। तिनीहरुले उत्सुकता र उदार हृदय आविष्कार गर्ने शक्तिलाई बढाइ दिऊन, अन्धविश्वासको विरोधमा विज्ञानलाई आदर गर्ने सिकाऊन्।

**यी उद्देशयहरु पूरा गर्नेलाई आयोगले तल दिएका कुरामा जोड दिन्छ : -**

| | |
|---|---|
| पहिलो कक्षा | व्यक्तिगत सफाइ, घरपाला जनावर, चराहरु, समय र ऋतुहरु। |
| दोस्रो कक्षा | सफाइ स्वास्थ्यमा रहने बानी, प्राकृतिक अध्ययन, साधारण सुरक्षा, प्रारम्भिक उपचार र खाद्य उत्पादन गर्ने काम। |
| तेस्रो कक्षा | साधारण शारीरिक विज्ञान, पौष्टिक विज्ञान, मौसिम र ऋतु विज्ञान, तारा र नक्षत्र विज्ञान। |
| चौथो र पाँचौ कक्षा | दुइ वर्षमा भएको प्रारम्भिक साधारण विज्ञान, शरीरविज्ञान, ज्योतिषशास्त पौष्टिक पदार्थ विज्ञान, भूगर्भशास्त्र। |

यी साधारण विषयलाई वृहत् विषयमा बढाइयोस् जसले बालकलाई विज्ञानको सम्पूर्ण स)सार नै खोलिदेओस्। बालकको पाकोपनको अभावले र समयको अभावले विज्ञानको सबै तह पूरा बढ्न न दिई रोक्दछ। तर व्यक्तिगत आधार र उसको चाख मुताबिक प्रत्येक बालकलाई

विज्ञानको महत्वको आवश्यक खोज पत्ता लाउन हौसला दिइयोस्। पठनपाठनको सबभन्दा मुख्य साधन भाषा नै हो। भाषाकै दक्षता र प्रणाली नै सामाजिक जीवनको आधार हो। यसविना मानिसहरु एकै साथ रहन सक्तैनन। यी दक्षताको विकाशको असरले अज्ञानका अरु अरु क्षेत्रमा पनि कम सफलता ल्याउँदैन। भाषाको निमित्त विचारको आदान प्रदानलाई नै जोड दिइन्छ। विचारको आदान प्रदानमा जथाभावी कुरा मात्र नगरियोस् भन्ने जोड गरिन्छ।

प्रत्येक मानिसले आफ्नो मनको भाव बोलेर र लेखर स्पष्ट जोडदार सुव्यवस्थित र सृजनात्मक ढंगले प्रकट नर्ग सकोस्। त्यसै गरी उसले अरुहरुका भनाइ बुझाउन सकोस्। यसो गर्नलाई बोलाइ, लेखाइ, ध्यान दिई सुन्ने र पढ्न सक्ने हुनुपर्छ। पालैसंग लेखाइमा, व्याकरणमा र हिज्जे गर्नमा चातुर्य आओस्।

यी तरीका र दक्षताहरुमा निपुणता ल्याउन हरेक विषय सिकाउन खास समय निर्धारित हुनुपर्दछ। तर उनीहरुलाई धैरै पटक समाजशास्त्र, सेवा र अरु संमिलित शिक्षाका क्षेत्रमा अभ्यास हुनुपर्छ। बालकरुलाई आफ्नो चिठ्ठी लेख्न लाउनुपर्छ। विना उद्देश्यको अभ्यासले शिक्षा ढिलो र अर्थहीन हुन्छ। तिनीहरुले शव्दहरु कसरी चिन्ने यो कुरा जान्नुपर्छ। प्रत्येकबाट विचार लिन सक्ने हुनुपर्छ। राष्ट्रिय वीरहरुको बारेको पढाइले र सुघर सफाइको बारेको पढाइले बालकबालिकाहरुमा हामीले इच्छा गरेको आदत बढ्न जान्छ। यसरी भाषामा

प्रयोगात्मक अनुभवको निमित्त समाज, शिक्षा, विज्ञान र अरु विषयहरु पनि आउँदछन्। आयोगले भाषा विकाशको निमित्त निम्नलिखित विभिन्न अध्यापन तरीका र दक्षतालाई जोड दिन्छ।

दर्जा १ बोल्न, सुन्न र पढ्नमा ध्यान दिनु र तत्परता। अनुभवी भई सरल मौखिक रचना र लेख्ने प्रारम्भ।

दर्जा २ पठन, लेखन, लिखित, रचनाको प्रारम्भ तथा काइदा र दक्षताहरु।

दर्जा ३ हिज्जे गर्नु, साधारण व्याकरण तथा काइदा र दक्षता।

दर्जा ४ मौखिक रचना र लिखित रचना, विज्ञान अध्ययन, अरु काइदा र दक्षताको चालु।

दर्जा ५ अधिकाधिक व्यक्तिगत रुपमा भाषाको काइदा र दक्षता प्राप्त गराउनु।

असल सहित्य पढ्ने, बुझ्ने र प्रशंसा गर्ने अभ्यास, जानकारी र ज्ञानको प्रस्फुरणका निमित्त प्रभावपूर्ण अध्ययन, विद्यार्थीहरुले रचिएका साधारण गद्य, नाटक, उद्देश्यपूर्ण पत्रलेखन, सफा शुद्ध लेखाइ, शुद्ध हिज्जे गर्नु र व्याकरण उक्त अनुभवहरुका यिनै परिणाम हुन्। नेपालको विभिन्न भौगोलिक क्षेत्रमा विभिन्न किसिमका मातृभाषाअनुसार प्राथमिक कक्षाहरुमा भाषा

शिक्षा मन्त्रालय

विकाशको स्तर परिवर्तनशील हुनुपर्छ। भाग्यवश यसमा विभिन्नता धेरै छैन र आवश्यक पऱ्यो भने राष्ट्रिय नेपाली भाषामा सजिलो र छिटोसंग लैजान सकिन्छ। यो परिवर्तन जति चाँडो गऱ्यो उति बेस छ। पढ्ने, पाठन र लेखनको तरिका नेपालीमा नै विकाश गर्नुपर्छ भन्ने आयोगको विश्वास छ। नेपाली नबोलने क्षेत्रहरुमा पहिलो दर्जाका शिक्षकले शुरुशुरुमा विद्यार्थीहरुसंग उनीहरुकै मातृभाषामा विचारको आदान प्रदान गर्नुपर्छ, तर शिक्षकले चाँडै नै नेपाली भाषाको शव्द भण्डार बढाउँदै लैजान सक्छन्।

**उदाहरणार्थ : -**

कक्षाको भित्तामा टाँगिएको सजिलैसंग पढ्न सकिने तसवीरहरुमा नेपालीमा छापिएका वर्णात्मक शव्दहरु हुन्छन्। शिक्षकले मौकिल रुपले स्थानीय भाषाको साथसाथै नेपाली शव्दको परिचय दिन सक्छन्। त्यसले नेपाली शव्दहरु कार्यको ज्ञान जस्तो "बस""उभिय"इत्यादिको परिचय दिनुपर्छ। यदि केही महीना मौखिक नेपाली शव्द भण्डार बनाउन र पढ्नमा बिताइसकेपछि वर्षको मध्य महीनामा केटाकेटीहरुले नेपालीमा पढ्न शुरु गर्न तयार हुनुपर्नेछ। केटाकेटीहरुले नयाँ शव्द चाँडै सिक्छन् र उनीहरुले घरमा बराबर बोल्ने गर्दछन्। यदि आमाबाबुले उनीहरुलाई सहयोग र साहस दिए भने शिक्षकले पनि अरु विषय पढाउँदा जति सक्यो उति शव्दकै ज्यादा मात्रामा प्रयोग गर्नुपर्छ। शव्द भण्डार बढाउन यस किसिमको औपचारिक प्रयोग काममा ल्याइएमा पहिलो वर्गदेखि नै धेरै छात्राहरुले आफ्नो मातृभाषामा निर्भर हुन छोड्नेछन्। दोस्रो वर्गको अन्तदेखि पढाइको माध्यम बिल्कुल नेपाली हुनसक्छ। यदि नेपाली भाषालाई सच्चा राष्ट्रिय भाषा गर्न जोड दिने हो भने यसको प्रयोग प्राथमिक स्कूलमा गराउन हामी कटिबद्ध हुनुपर्दछ। यदि नेपाली भाषा शिक्षकको मातृभाषा नभएदेखि उनको निमित्त केही सुविधा दिनुपर्दछ। जसबाट उनी स्थानीय भाषामा मात्र जोड नदिन र पहिलो र दोस्रो कक्षामा जति सक्यो उति छिटो नेपाली भाषाको प्रयोग गर्न उत्साह देखाउँछन्। होइन भने सिकेको भए तापनि नेपाली भाषा बालकको मूल विचार गर्ने भाषा नभई विदेशी भाषा भएर रहनेछ। नेपाली भाषाबाहेक अरु स्थानीय भाषा, उपभाषालाई लडकाको जीवनसम्बन्धी मुख्य स्कूल र खेल्ने मैदानबाट शीध्रातिशीध्र हटाउन आवश्यक छ। आयोगले यस कुराको पनि विचार गरेको छ कि कुनै केटाकेटीहरु साहित्यको भण्डारले परिपूर्ण अरु भाषाहरु पनि सिक्न, पढ्न र लेख्न खोज्छन् जस्तो कि हिन्दी (यो कसैकसैको मातृभाषा पनि हो) या अंग्रेजी। आयोगले प्राथमिक पाठशालाहरुमा यी भाषाहरु इच्छाधीनको रुपमा राख्ने सुझाउलाई ठीक ठानेको छ, तर निम्नलिखित कारणहरुले गर्दा यसको सम्भावनालाई स्वीकार गरेको छनैन्।

(१) यो विचार गरिएको छ कि आउने २०।३० वर्षमा बहुनै अल्पसंख्यक केटाकेटीहरु मात्र हाइ स्कूल र कलेजमा पढ्न जानेछन् र यसरी अरु भाषाहरुको व्यावहारिक उपयोगिता रहनेछैन्।

नेपाली भाषाबाहेक नेपालका अरु स्थानीय भाषाको अध्ययनले नेपाली भाषाको प्रभावपूर्ण विकाशमा बाधा दिनेछ, किनभने घरमा र समाजमा विद्यार्थीले नेपालीभन्दा अरु भाषालाई बढ्ता प्रयोगमा ल्याउने भएमा नेपाली एक बिरानु भाषा हुनेछ। यदि केटाकेटीहरुलाई प्रारम्भिक भाषाका रुपमा नेपाली नै सिकाइयो भने अरु भाषाहरु क्रमशः गौण हुँदै जानेछन्। फलतः राष्ट्रिय बल तथा एकतामा बृद्धि हुनेछ।

अनुसन्धानात्मक प्रमाणहरु प्रशस्त्र दिन सकिन्छ कि धेरैजसो केटाकेटीहरु अनेकन् भाषाहरु राम्ररी सिक्न सक्तैनन्, तैपनि यदि हिन्दी र अंग्रेजी पाठय विषयमा राखिए भने धेरै संरक्षकहरुले यो महसूस गर्नेछन् कि उनीहरुका बालकबालिकाहरुले यी भाषाहरुलाई विद्वताको प्रदर्शनको निमित्त सिक्नुपर्दछ।

समयको सीमित अवधिउपर तथा प्ाथमिक स्कूलको पाठयक्रममा विसाइएको ठूलो बोलाउपर विचार गर्दा बढ्ता भाषा राख्ने कुरालाई उचित ठहऱ्याउन सकिंदैन। हिन्दुस्थानमा ४०% स्कूलको समय छ ३।४ भाषा पढाउनमा लगाइन्छ। यदि आम जनतालाई शिक्षा दिने हाम्रो लक्ष्य हो भने कुनै अवस्थामा पनि भाषाको निमित्त मात्र यतिको समय लगाउन न्यायोचित ठान्न सकिंदैन।

छैठौ दर्जादेखि इच्ताधीन भाषाहरु राख्न सकिन्छ। यतिञ्जेलमा नेपाली भाषाको सुदृढ जग बसिसकेको हुन्छ र जसको मातृभाषा नेपालीबाहेक अर्कै हुन्छ तिनहिरुले पनि लिखित मातृभाषा चाँडै नै सिक्न सक्नेछन्। इच्छुकहरुले अंग्रेजी, संस्कृत या हिन्दी पनि पढ्न सक्छन्।

आयोगले यो समस्याबारे राम्रोसंग विचार गरिसकेको छ र यस कुरामा मनोवैज्ञानिक तथा शैक्षिक दृष्टिकोणले मात्रै होइन कि तेस्रो अध्यायमा वर्णित प्रश्नावलीमा देखाए झै जनमतले र सरकारले पनि यही इच्छा प्रकट गरेको छ। प्राथमिक स्कूलहरुमा अनेक भाषाद्वारा भाषा विगार्ने वा भाषा समस्या जटिल हुनुभन्दा अगाडि नै आयोग समस्याको हल गर्न चाहन्छ।

प्राथमिक स्कूलमा हिसाबको ज्ञान दैनिक जीवनको आवश्यकताहरुसंग मात्र सम्बन्धित भएको हुनुपर्छ। गणित वासतवमा विचार विनिमयको अर्को रुप हो र यही विचार गरेर सिकाउनु पनि पर्छ। गणित विषयक चिन्हहरु भाव प्रकट गर्ने छोटकरी साधन हुन् र यसले हामीलाई परिमाणात्मक ढंगले विचार गर्ने समर्थ गराउँछ। सरल गणितमा जम्मा जोड, घटाउ, गुणन, भाग, सरल, भिन्न तथा दशमलवका ृ ज्ञान हुनुपर्छ। यी नियमहरुको व्यावहारिक प्रयोगमा सिक्का, जोखतौल, नाप, दैनिक समय, पात्रो, सरल साँवाव्याज इत्यादि विषयका सिद्धान्तहरु हुनुपर्छ। यसबाहेक छात्राछात्राले परिमाणात्मक रुपले विचार गर्नु, ठीक ठकि अडकल गर्नु,

हिसाबको छोटकरी नियमहरु प्रयोग गर्नु, यसमा शीघ्रता र यथार्थता ल्याउनु र प्राकृतिक र भौतिक संसारमा गणितको महत्व बुझ्नुपर्दछ।

**आयोगले निम्नलिखित स्तरको सुभाउ राख्तछ : -**

| | |
|---|---|
| प्रथम श्रेणी | १०० सम्मको गन्ती र जोड, साधारण सिक्का नाप, तौल भिन्न र समयको ज्ञान। |
| द्वितीय श्रेणी | ४ अंकको सरल जोड र घटाउ, तौल र नाप, भिन्नको मतलब, पात्रो सिक्का तथा क्षेत्रफलको हिसाब। |
| तृतीय श्रेणी | १,००,००० सम्मको गन्ती, १० सम्मको दुनोट, जोड र घटाउ, सरल गुणन, सरल भाग, भिन्न तथा तौल, नाप र सिक्काको रुपान्तर गर्ने विधि, धनात्मक चित्रहरु। |
| चतुर्थ श्रेणी | पूर्ण संख्या र साधारण भिन्नहरुको भिन्न जोड, घटाउ, गुणन र भाग, साधारण दशमलब, साधारण रेखा। |
| पञ्चम श्रेणी | पूर्ण संख्या भिन्न र दशमलबहरुको जोड, घटाउ, गुणन र भाग, साधारण व्याज, प्रति सयकडाको हिसाब, साधारण रेखा गणित र नाप, व्यक्तिगत र घरेलु आम्दानीखर्चको हिसाब। |

जहाँसम्म सकिन्छ अङ्कगणित सिकाउँदा अङ्कगणितकै ज्ञानको आवश्यकता पर्ने अरु विषयहरुको साथसाथै सिकाउनुपर्छ। हुनत घटाउने हिसाब विशेष ज्ञानको रुपमा सिकाइन सकिन्छ, तापनि घटाउको राम्रो ज्ञानको लागि अभ्यास आवश्यक छ र हाम्रो पाठयक्रमका अरु विषयहरुको अनुभवबाट पनि यस विषयमा अभ्यास गर्ने मौका प्ाप्त हुनेछ। साधारण सर्भे (नापी) पनि कुनै गाउँको नक्शा बनाउने या धानको उत्पादनको अन्दाज गर्ने काममा ल्याउन सकिन्छ। एउटा सुन्तलालाई भाग छुटयाएर भिन्न हिसाब सकिन्छ। तर जहाँ पनि अङ्कगणितको प्रत्यक्ष प्रयोगमा जोड दिनुपर्छ।

**उद्योग –**

हाम्रो भोजन, गृह र वस्त्रनिर्माणसम्बन्धी तरीकाहरुको निपुणता र ज्ञानलाई उद्योग भन्दछन्। पाँच वर्षभित्रमा केटाकेटीहरु उद्योगद्वारा स्वाबलम्बी हुन सक्नेछन् भनेर हामीले संझनुहुँदैन। तर उनीहरुले जति सक्यो उति त्यस सम्बन्धी आवश्यकताको पूर्ति गर्न सक्ने हुनुपर्छ। संसारभरका मानिसहरु नै जीवनका ती भागसित सम्बन्धित हुन्छन् र नेपालमा पनि विशेषतः गाउँहरुमा यससम्बन्धी जरुरतको पूर्तिको लागि ग्रामीणहरु आफूआफूमा नै निर्भर छन्। आफूले कपडा नबुन्ने र बजारैमा किन्ने भए पनि असल माल छान्ने र आफूलाई जुन कामको लागि कपडा चाहिएको छ सो कामलाई सुहाउने किसिमको कपडा छान्ने इत्यादि पनि जान्नु आवश्यक छ। कसैले पैसा खर्च गरेर अरुहरुको मद्दतद्वारा घर बनाए पनि आफ्नो

खर्चको पूरापूरा फाइदा उठाउनको लागि गृहनिर्माण कलाको केही पूर्व ज्ञान हुन पनि अत्यावश्यक छ।

अतएव उद्योगले लडकालडकीहरुमा स्वालम्बन, उत्पादनको गुण र कार्य कुशलतालाई राम्ररी संझन्न बुझ्न्न सक्ने योग्यता, सुन्दर र आदर्शपूर्ण जीवन बिताउने भावना, श्रमको गौरव, सुग्धरको आदत, हाम्रो दैनिक जीवनमा आइपर्ने कार्यमा कुशलता इत्यादि गुणहरुको विकाश पर्छ। केवल प्राथमिक स्कूलले मात्र कृषि, काष्ठकर्म, ईटको काम, सुजीकारी, पाकविद्या इत्यादिमा पूर्ण ज्ञान दिन सक्तैन तर उन्नतिशील जीवनको लागि अरु विषयहरुको केही ज्ञान आवश्यक छ। संसारका अरु देशका मानिसहरु उक्त काम कसरी गर्छन भन्ने अनुभवसम्बन्धी ज्ञान समाजशास्त्रमा गाम्न सकिन्छ। विज्ञानको पढाइमा जीवविज्ञान र वनस्पतिविज्ञान विषयका अनुभवहरु गाभ्न सकिन्छन्। खास गरेर अरु ज्ञानहरु प्रोजेक्ट (समस्यामूलक कार्य) र अरु कार्यमा पर्ने छन्। हाम्रो पाठयक्रमको कुनै भागमा उद्योगहरु एकै ठाउँमा मिलाए पनि हुन्छ। जस्तो कि कपास र ऊन प्रदा गर्ने, कात्ने अथवा थान पैदा गर्ने र भात पकाउने इत्यादि। कुनै ठाउँमा तिनीहरु बिलकुल अलग नै राख्न सकिन्छन्। तल दिएका रुपरेखाहरु केवल जोड दिनका लागि दिइएका हुन्।

| **कक्षा** | **खाद्यनिर्माण** | **गृहनिर्माण** | **वस्त्रनिर्माण** |
|---|---|---|---|
| १ | साधारण बगैंचा काम, पशुपालन, सफासुग्घर भोजना। | खेलघर, घरेलु उत्तरदायित्व, विभिन्न सामानहरुको निर्माण। | खेलौना, पुतली, जनावर बनाउने, घागो काती कपडा सिउने। |
| २ | फूल र सागपातको काम, पंक्षिपालन, साना साना पशुपालन। | कोठाको श्रृङ्गार, खेलघर, भँडार कोठा बनाउने, घरको सामानहरु बनाउने, माटाको भाँडाकुँडाहरु बनाउने। | घागोले कपडा बुन्ने, सिउने, घरको सामान बनाउने, घागोको बुट्टा भर्ने, डोरी बाट्ने। |
| ३ | अनाज, सागपात, पशुपक्षिपालन, खाद्यान्न संकलन, हानिकारक कीराहरुको अध्ययन। | कितापको जिल्ला बनाउने, साधारण सरसामान, खेलौना बनाउने, अलबम (चित्रसंकलनिका) तयार गर्ने। | रेशादार चीजको उत्पति, कपडा कपास उमार्ने, तयार गर्ने, कपडा रंगाउने घरेलु सामान र लुगा तयार गर्ने सबै विधि जान्ने। |
| ४ | जोत्ने र डयाड( पार्ने, मल हाल्ने, अनाज खेती, फलफूल | किसिम किसिमको घर, घरको निमित्त चाहिने | विश्वका विभिन्न जातिका मानिसहरुको पोशाक तयार |

| | | | |
|---|---|---|---|
| | खेती, पशुपालन, भोजन तयार गर्ने र साधारण पाकशास्त्र। | सामान बनाउने, घर, सिगार्ने, साधारण काठका सामान बनाउने। | गर्ने विधि, सिउने, दोलाई, सिरक बनाउने। |
| ५ | सबै किसिमको खेती गर्ने, पशुपालन, खाद्य, पौष्टिक खाना, खाना खर्चको फाँटवारी तयार गर्ने, कृषिशालाको बहीखाता तयार राख्ने। | घर बनाउने, सरसामान बनाउने, ईट पार्ने, काठ र बाँसको प्रयोग गर्ने, साधारण फर्निचर बनाई समाप्त गर्ने, सानो सानो घर बनाउने। | छाला र अरु वस्त्रको सामान, वस्त्रको गुण र प्रयोग, टालटुल गर्ने र रफ्फू भर्ने, बुन्ने काम। |

माथि बताइएका सबै सुझाउहरु नेपालको सबै ठाउँमा लागु नै हुनुपर्छ भन्ने केही देखिदैन। नेपालका विभिन्न स्थानहरुमा सुहाउँने हुनुपर्छ। उदाहरणको निमित्त सिरक बनाउने काम तराईमाभन्दा पहाडमा आवश्यक देखिन्छ। बाँसको घर बनाउने काम उपत्यका र पहाडमा अनावश्यक देखिन्छ।

उद्योगको उद्देश्य पूरा गर्नको निमित्त हरेक स्कूलले फूलवारी, सागपात लगाउन र पशुपालन गर्नको निमित्त प्रशस्त जमीन पाउनुपर्छ या बहालमा लिनुपर्छ। स्थानीय प्रयोगमा आइरहेका साधारण ज्यावलहरु नै स्कूलहरुमा प्राप्त हुनुपर्छ - कताइ, बुनाइ, सिलाइ र पाकशास्त्र सिकाउन चाहिने सामानहरु इत्यादि। किनभने कुनैकुनै प्राथमिक शिक्षकहरुले ती उद्योगहरुमा पूर्ण दक्षता हासील गरी नसकेका हुन सक्दछन् र स्थानीय कालीगढ किसानबाट सहायता प्राप्त गर्न सकिनेछ। ग्राम विकाश केन्द्र स्थापना भएका स्थानमा ग्राम विकाशका कर्मचारीहरुबाट सहयोग प्राप्त गर्न सकिन्छ। स्कूलको काम र ग्राम विकाशमा पूरा सम्बन्ध देखिन्छ।

उद्योगले स्थानीय जीवन र स्कूलको बीचमा घनिष्ठता स्थापना गर्छ। यसरी यो पाठयक्रममा प्रयोगात्मक र समाजसेवा केन्द्रीभूत भएका हुन्छ। यसले गर्दा उच्च शिक्षाको ढोका खोलिनेछ र शिक्षा र जीवन एक सूत्रमा बाँधिन आउनेछन्।

सौन्दर्य कलाले गर्दा बालकहरुको जीवनको सूक्ष्म र सांस्कृतिक अंगलाई विकाश गराउने मौका दिन्छ। यसले गर्दा बालकहरुलाई दैनिक जीवनको रुखो कार्यक्रमबाट माथि उचाल्ने, फुर्सतको समयको उपयोग गर्न, जीवनलाई मामूली स्तरदेखि माथि उठाउन सहायता दिन्छ।

उक्त अनुभवहरु ललित कला, संगीत, नाच र साहित्य र अरु सौन्दर्य कलासम्बन्धी विषयहरुमा पाइन्छन्। जीवनको सौन्दर्य र असल उद्देश्यलाई बढाउन र उठाउन पूरा जोड दिनुपर्छ। यो लक्ष्यलाई पूर्णतया प्राप्त गर्न लडकाहरुको बृद्धिअनुसार उनीहरुले उक्त भाग व्यक्त गर्ने साधनहरुमा पनि निपुणता हासिल गर्नुपर्छ। निपुणताका अभावमा उक्त साधनहरुको ज्ञान हुनुपर्छ। ललित कलाको हकमा रंग भर्ने, मूर्ति तयार पार्ने अथवा अरु रचनात्मक नमूना तयार गर्ने काममा आफ्नो योग्यता देखाउन सक्नेछन्। बाजाद्वारा वा मौलिक रुपबाट गानामा जिज्ञासा देखाउने मौका पाउनेछन्।

सौन्दर्य कलाको उद्देश्य अरु सम्बन्धित विषयलाई मद्दत गर्ने हुनुपर्छ। उदाहरणार्थ, सिलाइ, रफ्फु भर्ने, बुन्ने काम राम्रो ढंगको र कलात्मक दर्शाउने हुनुपर्छ। फूलवारीमा सौन्दर्यको प्रदर्शन हुन सक्छ, सौन्दर्य कलाको सिद्धान्त प्रकृतिमा रहेको रंग र रुपको अनुकरण गर्ने होस्। सामाजिक अध्ययनमा चाहिएको सामलोचना, रुचि, ज्ञान इत्यादिलाई साहित्यले मद्दत दिन सक्छ।

भिन्दाभिन्दै कक्षाहरुको निम्ति कुनै विशेष जोड दिनु पर्ने जसतो देखिंदैन। हरेक उमेरका केटाकेटीले चित्र लेख्नु, रंग भर्नु, गाउनु, नाच्नु र पढ्न मन पराउँछन्। तिनीहरुलाई यी कामहरुमा तिनीहरुको बुद्धिले भेट्टाएसम्म उतसाहित तुल्याउनुपर्दछ। यी कामहरुमध्ये धेरैजसो चाड, पर्वहरु र छुट्टीका दिनहरु र त्यस सालका ऋतुहरुसंग सम्बन्धित तुल्याउन सकिन्छ। यस्ता पर्वदिन तथा छुट्टीका दिनहरुमा भिन्न भिन्न कक्षाका केटाकेटीहरु एक साथ भेला हुने भई त्यस समयले ल्याएको आनन्द या यी उमंगहरुको मजा लुट्न सक्तछन्।

व्यक्तिगत विकासका अनुभवहरु धेरैजसो स्कूलको पाठयक्रमको सूचीमा अन्तर्गत हुन्छन्। तिनीहरु लडकालडकीको मानसिक, शारीरिक, स्वास्थ्यसम्बन्धी, नैतिक, आध्यात्मिक विकाशसित सम्बन्ध राख्दछन्। धेरैजसो ज्ञान अरु अनुभवबाट निस्किनेछन्। जे भए तापनि शारीरिक शिक्षा, खेलकूद, शारीरिक व्यायाम जस्ता साधारण स्वास्थ्य र शारीरिक विकाशतिर लैजान कार्यहरुसंग धेरैजसो स्कूलले हरेक दिन केही समय प्रार्थना अथवा अरु धार्मिक तथा आध्यात्मिक अनुभवका निमित्त राख्न चाहून्।

उच्च नैतिकता र चरित्र कुनै विशेष पठनबाट विकशित गर्न सकिंदैन। तिनीहरु ठीकसंग बन्दोबस्त गरिएका र शुद्ध दैनिक जीवनका उत्पति क्षेत्र हुन्, तथापि तिनीहरु प्रारम्भिक स्कूलका पाठयपुस्तकको उक महत्वपूर्ण हिस्सा हुन् भन्नृ मान्नुपर्दछ।

पाठयक्रमको विभिन्न क्षेत्रहरुको भिन्दाभिन्दै ठाउँहरुको समयको विभाजन निश्चित रुपले तोक्न सकिंदैन। त्यो कक्षा-कक्षै स्कूल-स्कूलै र समाज-समाजै पिच्छे फरक हुन्छ। आयोगले तल लेखिएको समय पथप्रदर्शनका निमित्त मात्र सूचित गर्दछ।

शिक्षा मन्त्रालय

| कक्षा | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| समाजशास्त्र | | | | | |
| विज्ञान | | | | | |
| भाषा | | | | | |
| गणित | | | | | |
| उद्योग | | | | | |
| सौन्दर्य कला | | | | | |
| आत्म विकाश | | | | | |

आयोगले शिक्षालाई जीवनको एउटा पथप्रदर्शक अनुभव हो भन्ने विचार गर्दछ। केटाकेटीहरुलाई स्कूलको दैलो पार गर्न लाग्दा अर्को संसारमा बलैसंग घकेल्नुहुँदैन। प्राथमिक स्कूलले केटाकेटीहरुलाई उनीहरुको शिक्षासम्बन्धी चाहनालाई संतुष्ट तुल्याउनमा मद्दत गर्ने, प्रयोगात्मक उपयोगी कार्यहरु वरीपरी केन्द्रित गरी साधारण स्वस्थ्य जीवन व्यतीत गर्न मद्दत गर्नुपर्दछ।

केटाकेटीले जब ज्ञानोपार्जन कार्यमा स्फूर्तिले भाग लिन्छन्, तब तिनीहरुले झन् बढ्ता प्रभाव पर्ने गरी झन् छिटो र झन् बढ्ता दिगो रहने गरी सिक्दछन्। आलस्यपूर्ण र जीवनमा काम नलाग्ने शुगा पढाइले उस्तै आलस्यपूर्ण, अनुपयोगी चाल-चलन उत्पन्न पार्दछ। यसले प्रगतिशील र संचरणशील, स्फूर्तिपूर्ण आत्मनिर्देशक चाल, उत्तरदायित्व र नेतृत्वपूर्ण कार्यतिर विरलै लैजान्छ।

यसकारणले प्राथमिक स्कूलले समस्या-हल-विधि अपनाउनुपरेको छ, जसमा बालकहरुलाई आफ्ना समस्याहरु पत्ता लगाउन, त्यसको उपाय, साधन तयार गर्न र त्यसबाट आएको फल आफैले तौल्न सक्ने हुनुपर्दछ। छात्र र शिक्षकका सहयोगबाट भएको योजना र समस्यापूर्ण कार्य जीवन तुल्य हुन्छ र त्यसले कला कोठालाई एउटा कार्यशाला बनाउँछ, जहाँ केटाकेटीहरु काम गरेर सिक्तछन्।

शिक्षकहरु पथप्रदर्शक हुनुपर्दछ न कि व्याख्यानदाता वा तानाशाह। शिक्षा व्यक्तिगत हुनुपर्छ न कि सार्वजनिक। यसरी हामीहरुले पहिलो दर्जालाई ओथर बसेको र चल्ला छोपेको कुखुरी झै अथवा पफूलबारी या पुतलीवर झै पाउने आशा गर्दछौं। हामीहरु ती बालकबालिकाहरुबाट

शिक्षा मन्त्रालय

गाउँको सुग्घर सफाइ आन्दोलनमा सहायताको आशा गर्न सक्तछौं। साथै पाँचौ दर्जाका २।४ जना विद्यार्थीहरुको समितिलाई गाउँको पञ्चायतको मुखियासँग त्यस गाउँको स्थानीय शासनपद्धतिको विषयमा सोधपूछ गरी रहेको पाउनेछौं। अरु पनि केही विद्यार्थीहरुलाई गाउँको बीचमा टास्नको निमित्त एकपत्रे समाचार-पत्र तयार गर्नमा व्यस्त भइरहेको देख्न पाउनेछौं।

आयोगलाई यस कुरामा विश्वास छ कि प्राथमिक स्कूलहरु माउरीको चाका झै चहल पहलको केन्द्रस्थान हुनेछन्। एकेक विद्यार्थी वा विद्यार्थीहरुका मण्डलहरु आफ्ना आफ्ना उद्देश्यपूर्ण कार्य अथवा चहल पहलमा लागेका हुनेछन्। उनीहरुसंग के गरिरहेको वा किन यसो गरिरहेको भनी सोधेमा हामीहरु यही उत्तर पाउनेछौ कि उनीहरुलाई यस कार्यमा आनन्द लाग्दछ। यदि स्कूलले यस प्रकारको आकर्षण विद्यार्थीहरुमा दिन सकेन भने हामीहरुले यही ठान्नुपर्नेछ कि उक्त स्कूलले शिक्षाको उद्देश्य र ध्येयलाई बुझ्नै सकेको रहेनछ।

शैक्षिक सामानहरु

उचित पाठयपुस्तकहरु र शैक्षिक सामानहरुको नितान्त कमीले गर्दा शिक्षलाई र छात्रछात्रालाई बहुतै अपठयारो पर्नेछ। उनीहरु आफैले शैक्षिक सामानहरुको साथै तरीकामा पनि सुधार ल्याउन पर्नेछ। कच्चा मालको कमी त कुनै पनि समाजमा पाइँदैन। तिनैबाट उनीहरुले आफूलाई चाहिने मालसामानहरु तयार गर्न सक्नेछन्। मालसमान राख्ने दराज नै भर्नु वा सुकुलको निमित्त पराल नै अथवा श्यामपट पुछ्ने डष्टरको निमित्त झुम्रै भनूँ। त्यस्तै समाजमा बिताइने जीवनको महत्व बुझाउनको निमित्त जनताहरु पाइनेछन्। उनीहरुलाई नागरिक जीवनको महत्व पनि बुझाउन सकिन्छ। उनीहरुको बीचमा कविता पाठ हुनसक्तछ। त्यस्तै फेरि प्रकृतिको अध्ययनको लागि प्रश्स्त मात्रामा पशुपंक्षी तथा फलफूलहरु जुटाउन सकिन्छन्। भौगोलिक निर्माणका कुराहरु भए, खेत बजारहरु भए तथा मूर्तिनिर्माणको निमित्त माटो नै भए - यी कुराहरु त जतासुकै उपलव्ध हुन्छन। यी सब बस्तुहरुलाई जुटाई स्कूल र समाजलाई ज्ञान प्राप्तिको निमित्त एउटा जीउँदो जाग्दो प्रयोगशाला नै बनाउन सकिन्छ। वास्तवमा ज्ञानको संबन्ध त पद्धितिसंग छ, न कि मालसामानसंग। यी पद्धतिहरु त जहाँ पनि प्रयोगमा ल्याउन सकिन्छन्।

आयोगले सामानहरुको कमीलाई उपेक्षा गर्दैन। यसले १२ अध्यायको समस्याको सामना गर्छ र त्यसको समाधानको सुझाउ दिन्छ। तर यो हुनलाई समय लाग्छ। यस बीचमा शिक्षक र विद्यार्थीले अभावको यथार्थरुपमा सामना गर्नुपर्छ। पूर्ति गर्ने परिस्थिति बनाउँछ र यथाशक्य कोशिश गर्नुपर्छ। निःसन्देह हरेक समाजमा ५ वर्षको उद्देश्यपूर्ण ज्ञान दिनलाई धेरै रुचिकर तत्वहरु प्रशस्त मात्रामा छन्।

कुनै गाउँको समाजमा अब स्कूल वा पुस्तकालय या दुवै खुलेका छन् र धिनीहरुलाई प्रोत्साहन दिनुपर्छ। नेपालीमा पढ्ने सामानहरु यथाशीघ्र प्राप्त हुँदै गएपछि पुस्तकालयहरुले प्राथमिक शिक्षामा महत्वपूर्ण स्थान लिनेछन्। यदि शिक्षा कितापमा मात्र आधारित भयो भन यो शिक्षाप्रणालि घातक बन्नेछ। सबै स्रोतहरुबाट यसले ज्ञानको सामानहरुलाई प्रयोगमा ल्याउनुपर्दछ।

**विद्यार्थीहरुको जाँच र प्रगति**

हामीहरुले भनेका छौं कि शिक्षा उत्तम जीवनको तरक्की हो र विद्यार्थीहरुले त्यस कार्य प्रणालिमा सक्रिय भाग लिनुपर्दछ। हामीहरुले प्राप्तिको लागि केही संकल्प र उद्देश्य राखेका छौं हामहिरुले बालकबालिकाहरुको निमित्त उमेर, शारीरिक, मानसिक र समाजिक परिपक्वताअनुसार मण्डल विभाजन गर्ने सुझाउ दिएका छौं। पढ्न तयार भएका बालकबालिकाहरुलाई यी अनुभवको निमित्त एकैसाथमा राख्नुपर्दछ। खेलकूद र शारीरिक काम गर्नको निमित्त करीब एउटै कक्षाका बालकबालिकाहरुलाई एकै मण्डलमा राख्नुपर्छ।

अब यो स्वाभाविक हुन आउँछ कि बालकबालिकाहरु आफूले तोकेको लक्ष्यमा पुग्न सकेका छन् कि छैनन्, पुगेका छन् भने कहाँसम्म पुगेका छन्। शिक्षक, मातापिता र स्वयं बालकबालिकाहरु पनि जान्न चाहन्छन्। तर यदि हामीहरु सर्वतोमुखी र पूर्ण शिक्षामा विश्वास गर्दछौं भने हामीहरुले सबै लक्ष्यको विचार गर्नुपर्छ। मानसिक उद्योग र स्कूल कलेजबाट प्राप्त गरिने ज्ञानलाई मात्र शिक्षाको लक्ष्य मान्ने बहुसंख्यक शिक्षक र मातापिताहरुले भूल गर्छन्। किनभने यी लक्ष्यहरु नाप्न सजिलो छ भनेर विश्वास गरिन्छ।

शारीरिक, सामाजिक, मानसिक, दृष्टिकोणहरु, छात्रप्रगतिको विकाशमा अन्तर्गत हुनुपर्छ। विचार गर्ने शक्ति, जिज्ञासा, अग्रसरता, उत्तरदायित्व, चार्टर नक्शाहरु पढ्ने योग्यता, ईमान्दारी, राम्रो स्वास्थ्य, बन्धुत्व, सहयोग, जुन कि शिक्षाको ध्येयमध्ये केही नमूना मात्र हुन, शुगा पढाइबाट कण्ठ गरेको कुराभन्दा ज्यादै नै महत्वपूर्ण छन्। यी विभिन्न श्रेयहरु नाप्न वा जाँच्न कागती परीक्षाभन्दा अरुको आवश्यकता छ। यदि हामी छात्रप्रगतिको सहायक बन्ने हो भने निरीक्षण, आत्मदिग्दर्शन कार्य र अरु उपायको प्रयोग बराबर हुनुपर्छ। परीक्षा बराबर हुनुपर्छ जसबाट उसको प्रगति कसरी भइरहेछ, त्यो थाहा पाउन सकियोस्। यो भएको खण्डमा अन्तिम परीक्षाको परम्परा रहने कम आवश्यकता पर्छ, किनभने शिक्षकले अगाडि नै थाहा पाउँछ कि त्यो छात्रले वर्गका अरु औसत विद्यार्थीको साथमा कसरी अगाडि बढेको छ।

यस्तो विशेष परिस्थिति पनि हुन सक्छ कि कुनै छात्र, आफ्नो मण्डलमा मानसिक, शारीरिक र सामाजिक दृष्टिकोणले एकदम बेकम्मा हुन सक्तछ। यस्तो भएको खण्डमा उसलाई त्यस वर्गबाट झकेर अर्को वर्गमा राख्नु मात्र एक मनुष्योचित एक कार्य हुन्छ जसले गर्दा त्यो वर्गका साथीसंग घुलमिल हुन सकोस्। तर यस कार्यलाई असफल भएको वा मण्डलबाट गिरेको संझनुहुँदैन, जबसम्म त्यो बालक आफ्नो लापवाही र आलस्यले अमिल्दो हुन आउँदैन। अतः साधारण तबरले प्रायः प्राथमिक स्कूलको पाँच वर्षको अवधिमा हरेक केटाकेटी आफ्नो मण्डलको साथमा उन्नति गर्दै जानेछ। असफल अथवा योग्यतापूर्वक काम गर्न नसक्ने बालकलाई बारम्बारको परीक्षाद्वारा तिनीहरु बिग्रनुभन्दा अगाडि नै चाँडै पत्ता लगाइनुपर्छ। यदि असफल भए भने तापनि सालको अन्तमा ज्यादै थोरै मात्रामा मात्र हुनुपर्दछ।

प्रारम्भिक शिक्षा समाप्त हुँदा प्रत्येक बालबालिकालाई उनीहरुको दक्षता जनाएर प्रमीणपत्र दिनुपर्दछ र उसको कामको योग्यता, उसको कमजोरी र ल्याकत मुताबिक भविष्यमा हुने उन्नतिलाई ध्यानमा राखी कार्यकुशलता र गुणको शिफारिस गर्नुपर्दछ।

**पाठयक्रमको योजना**

आयोगले आजको नेपालको बदलिरहेको सांस्कृतिक लक्षण र मुलुकको विभिन्न आवश्यकतालाई मान्यता दिन्छ, आजको अथवा भोलि हुने प्रत्येक स्थानीय आवश्यकतालाई लिएर कुनै एक पाठयक्रम बनाउन सकिदैन। अतः यस अध्यायमा अङ्कित गरिएको पाठयक्रमको रुपरेखालाई स्थायी समान्य तथा न्यूनतम संझनुपर्छ। यो भविष्य र वर्तमानको प्रत्येक अवस्था सुहाउँदो हुनुपर्छ। शिक्षामन्त्रालयले सामान्य तबरले यस पाठयक्रमको रुपरेखालाई कार्यान्वित गर्ने र बखत बखतमा हेरफेर गरी मिलाउने भार लिएको छ तापनि प्रत्येक स्थानीय शिक्षकवर्गले यहाँ लेखिएको रुपरेखा अनुसार स्थानानुकूल र वर्गानुकूल गराउने स्वतन्त्रता पाउनुपर्दछ। यसको निमित्त बराबर स्कूलशिक्षकगण र शिक्षकसमितिको बैठक जिल्ला र केन्द्रीय कर्मचारीहरुको साथ सम्मेलन तथा लडकाहरुको संयुक्त योजनाको दरकार पर्छ।

**सारांश**

सारांशमा यी परिच्छेदद्वारा आयोगले निम्नलिखित सुझाउ दिन्छ : -

(१) प्राथमिक शिक्षाका उद्देश्यहरु।

(क) निरक्षरता हटाउनु।

(ख) सबै केटाकेटीहरुलाई न्यूनतम अत्यावश्यक शिक्षा प्रदान गर्नु।

(ग) होनहार बालकबालिकालाई उच्च शिक्षा प्राप्त गराउनु।

(घ) केटाकेटीलाई सुयोग्य नागरिक बनाउन सहायता दिनु।

(ङ) हाम्रो समाजको राजनैतिक, आर्थिक तथा सांस्कृतिक पुनरुत्थान गराउन सहयोग दिनु।

(२) प्राथमिक शिक्षाको अभिप्राय निम्नलिखित कुराको विकाश गर्ने हुनुपर्छ।

(क) आधारभूत दक्षता।

(ख) नागरिक, आर्थिक, सौन्दर्य, कलात्मक, वैज्ञानिक र व्यक्तिगत योग्यता।

(ग) सुषुप्त बृद्धि लाई जागृत गराउन र सामाजिक आवश्यकता।

(घ) फुर्सदको राम्रो उपयोग।

(३) प्राथमिक शिक्षा पाँच वर्षको हुनुपर्छ। हरेक कार्यमा ४ देखि ६ घण्टासम्मको २०० दिन कार्य हुनुपर्दछ। यदि राष्ट्रिय कोषले बेहोर्न सकेछ भने त्यसभन्दा (धेरै) वर्षसम्म बढ्नुपर्दछ।

(४) प्राथमिक स्कूल अब तुरुन्तै निःशुल्क हुनुपर्दछ। जति जति चाँडो शिक्षकहरु पुऱ्याउन सकिन्छ उति उति अनिवार्य पनि हुनुपर्दछ।

(५) एक या दुइ कोठा भएका स्कूलहरु कम बस्ती भएको ठाउँमा खोल्न प्रोत्साहित गरिनुपर्दछ। तर हिडाइको दूरी आधा घण्टाभन्दा बढी नभएका ठाउँमा एकचित स्कूल हुनु बेस छ।

(६) प्राथमिक स्कूलहरुमा सहशिक्षा अबाधित हुनुपर्दछ। लडकाहरुको जति संखया छ त्यति लडकीहरुको पनि हुनुपर्दछ। एक ठाउँमा साथ साथ बस्ने प्रबन्ध इत्यादि हुनुपर्दछ।

(७) हाजिरीमा सयकडा सय नै हाजिरी हुनुपर्दछ। विदाको हकमा १००% भन्दा कम हाजिरको कारण आफ्नो बिरामी या आफ्नो निकट परिवारको बिरामी या मृत्यु मात्र हुन सक्तछ।

(८) नेपालका जनसाधारणको वास्तविक आवश्यकतालाई ध्यानमा राखी पाठयक्रम बनाउनुपर्छ।

(९) प्राथमिक स्कूलको पाठयक्रममा सामाजिक, शिक्षा, विज्ञान, स्वास्थ्य, भाषा, गणित, काष्ठकला, ललित कला र व्यक्तिगत आत्मविकाश, सामान्य ज्ञान आदि विषय अनिवार्य रुपले बालबालिका दुवैलाई पढाउनुपर्दछ। व्यक्तिगत योग्यता, चाख, अभिरुचि आदि गुणहरु पनि एउटा साधारण पाठयक्रमको भित्र नै समावेश गराउनुपर्दछ। इच्छाधीन विषय बनाउनुहुँदैन।

(१०) प्राथमिक स्कूलको पाठयक्रम केटाकेटीहरुको धेरै प्रोजेकट (समस्यामूलक कार्य) र कार्यहरु भएका विस्तृत संयुक्त खण्डमा आधारित हुनुपर्दछ।

शिक्षा मन्त्रालय

(११) सामाजिक शिक्षा र विज्ञानको अध्ययनलाई विकाश गर्न एकीकरण गरेर समावेश गराउनुपर्छ।

(१२) भाषा र अङ्कगणित त्यस्तै विषय हुन् जसले पाठयक्रमका अरु अरु विषयलाई मद्दत दिन सक्छन्।

(१३) नेपाली भाषा नै पढाइको माध्यम हुनुपर्दछ। सकभर पहिला दुवै श्रेणीमा पनि लागु गर्नुपर्दछ।

(१४) १४. अर्को कुनै भाषा प्राथमिक स्कूलमा इच्छाधीन गरेर पनि पढाइनेछैन किनभने थोरै केटाकेटीहरुलाई मात्र त्यसको आवश्यकता पर्दछ। राष्ट्रिय नेपाली भाषा अगाडि बढाउन बाधा दिन्छ। आमाबाबुहरुलाई कम योग्यता र कठिनाइ भए तापनि उनीहरुमा यो प्रवृत्ति लगाउनुपर्दछ। अरु जरुरी र मूल ज्ञानको लागि समयको दरकार छ। जसले भाषाको बढ्ता ज्ञान चाहन्छ उसले छैटो दर्जादेखि शुरु गर्दछ।

(१५) ८५% जनताले बुनियादी दस्तकारीद्वारा जीवन निर्वाह गर्ने हुनाले ती विषयहरु सकेसम्म ज्यादा मात्रमा विकाश गर्नुपर्छ।

(१६) सौन्दर्यात्मक कलाले व्इक्तिगत विकाश गराउँछ, जीवनलाई अति आनन्दित पार्दछ। त्यसकारण यसको उन्नतिको लागि पनि पूर्ण रुपेश प्रोत्साहन दिनुपर्दछ।

(१७) समयको अवधि घटबढ हुन सक्ने हुनुपर्दछ। तर पाँच सालको अवधिको निमित्त सामाजिक शिक्षा अन्दाजी २०% विज्ञान १०%, भाषा १५ देखि २० प्रतिशत, गणित ५ देखि १०% दस्तकारी १० देखि २०%, सौनदर्यकला १०% व्यक्तिगत विकाशको निमित्त १०%, समय हुनु आवश्यक छ।

(१८) पढाउने पद्धति अनौपचारिक र उद्देश्यपूर्ण कार्यमा आधारित तथा बालकबालिकाको रुचिकर तथा सुहाउँदो हुनुपर्दछ।

(१९) कुनै उचित पाठयपुस्तकको अभावमा यो कुराको आवश्यकता छ कि समाज र यसका साधानहरुलाई ज्ञानको प्रयोगशाला झै उपयोग गरियोस्।

(२०) विद्यार्थीहरुको विकाशको अङ्कनहरु मापदण्डअनुसार र ठीक ठीक तरीकाले नापिएको भई बहीमा अङ्कित गरिएको हुनुपर्दछ। यसले असफल बन्ने कुरालाई सकेसम्म कम मात्रामा ल्याउनेछ।

(२१) लगातार पाठयक्रमको योजना बनाउने र परिवर्तन भइरहने आवश्यक बस्नुहरुको अनुसार हेरफेर गर्न सक्ने व्यवस्था हुनुपर्दछ।

# परिच्छेद ९

## माध्यमिक स्कूलहरुको निमित्त पाठयक्रम

कमसेकम अर्को बीस वर्षको लागि नेपालमा माध्यमिक शिक्षालाई महाविद्यालयमा जाने हाम्रा अल्प संख्यक युवकहरुका निम्ति मध्यवर्ती सिढीको रुपमा, केही ठूलो समूहको लागि अन्तिम कार्यक्रम जस्तो र प्राथमिक पाठशालाको शिक्षा पूरा गर्ने अधिकांश केटाकेटीहरुको पहुँचदेखि बाहिरको जस्तो मान्ने पर्छ।

आयोगले माध्यमिक तहमा ज्यादै विस्तृत पार्नुभन्दा देशव्यापी प्राथमिक शिक्षाको लक्ष्यलाई बारबार रुचाएको छ। त्यसो हो, तापनि मुलुकको मितव्ययिताको साधारण उन्नतिमा चाहिने दक्षता र नेतृत्वको बृद्धि गराउन तथा महाविद्यालयहरुमा उच्च शिक्षाको निमित्त चाहिने आधाररुपको ज्ञान दिन सकेसम्म धैरै केटाकेटीहरुका निमित्त माध्यमिक पाठशालाहरु खोल्नुपर्दछ।

यस प्रकार माध्यमिक शिक्षामा कैथन् कार्यको संपादन रहेको छ। यस शिक्षाद्वारा ज्यादा लाभ उठाउन सक्नेहरुमा सुगमता सीमित हुनु पर्ने हुनाले यो शिक्षा बिलकुलै कार्यकारी र प्रभावकारी हुनुपर्दछ।

यस अवस्थामा माध्यमिक पाठशाला निवेवेकतासित विद्यार्थीलाई भर्ना गर्न वा धैरैलाई अनुत्तीर्ण गर्न सक्तैन। माध्यमिक पाठशालामा अनुत्तीर्ण हुने प्रत्येक विद्यार्थी र आफ्नो मुलुकको उन्नतिमा ज्यादा सहयोग गर्न नसक्के हरेक स्नातकलाई त्यस पाठशालाको र त्यस पाठशालाको संचालन गर्ने अध्यापकवर्गको असफलता मान्नुपर्दछ।

**माध्यमिक शिक्षाको अभिप्राय**

यी प्रश्नको आधारमा माध्यमिक शिक्षाको अभिप्राय विचार गरिनुपर्दछ। नेपालको वर्तमान अवस्थाको निमित्त ती अभिप्राय स्वीकृत हुनुपर्दछ। हाम्रा केटाकेटीहरुको अझ बढी प्रतिशतलाई योग्य बनाउन सकिने अभिप्रायको बढी उदार व्याख्या चाँड नै निस्कन सक्तछ भन्ने आयोगले आशा मात्र गर्न सक्तछ।

**माध्यमिक शिक्षाको पहिलो अभिप्राय**

अर्को पुस्तामा नेपालका राजनैतिक र नागरिक नेता हुने छात्रछात्रालाई यसले सुहाउँदो अनुभव गराउनुपर्दछ। सम्भवतः यो जवानहरुले राष्ट्रहितको कामको कुनै अंगमा विशेष ज्ञान लाभ गर्नको साथसाथै महाविद्यालयबाट आफ्नो शिक्षा चालु राख्नेछन्। तिनीहरुले दूरदर्शी

जेहेनदार, लोकहितैषी, नागरिक विचारका हुनु आवश्यक छ। तिनीहरुले धेरै भाषामा, नेतृत्वको कला र तरीकामा, उद्योगको कुनै खास क्षेत्रमा निपुण हुनुपर्दछ। संसारका अरु मुलुकसम्बन्धी र विश्वमा एकता ल्याउनमा नेपालले लिन सक्ने भागसम्बन्धी विस्तृत ज्ञान तिनीहरुलाई हुनुपर्दछ। नेपालका भावी राजनैतिक र नागरिक नेताहरुको शिक्षामा माध्यमिक शिक्षाले जिज्ञासु यौवनवस्थाभित्र मार्मिक सम्बन्ध कायम गर्नुपर्दछ।

**माध्यमिक शिक्षाको दोस्रो अभिप्राय**

हाम्रो राष्ट्रिय विकाशको व्यावसायिक र आर्थिक समस्यामा ज्यादै सिपालु नेता हुने छात्रछात्राको धेरै ठूलो समूहलाई यसले सुहाउँदो अनुभव गराउने हुनुपर्दछ। यी छात्रछात्राहरुमध्ये कसैकसैलाई प्रधान पाठशालाले पर्याप्त शिक्षा दिएर आफ्नो पूरा सामर्थ्यमा समाजको सेवा गर्न सक्ने तुल्याउनेछ। बाँकीले महाविद्यालय वा खास प्रधान पाठशालोत्तर शिक्षण संस्थामा आफ्नो शिक्षा चालु राख्नेछ। यी छात्रछात्रालाई पनि जेहेन र परोपकारी दृष्टिकोणको आवश्यकता पर्नेछ। यिनीहरुलाई आफूले रोजेको क्षेत्रमा योग्यताको उच्च मात्रा र अरुहरुसंग आफ्नो योग्यताद्वारा शरीक हुने सीपको आवश्यकता पर्नेछ। तिनीहरुमा भावना र ती भावनालाई सत्य तुल्याउने मौलिकता हुनुपर्दछ। यिनै छात्रछात्रा भोलि हामीलाई ज्यादै खाँचो परेमा वैद्य, परिचारक, अध्यापक, इन्जीनियर, वकील, हाम्रा घरेलु अर्थशास्त्रज्ञ र व्यापार विशेषज्ञ हुनेछन्। नेपालको भावी अर्थव्यवस्थाको स्थिति बसाल्न सहायता गर्ने यिनै छात्रछात्रा हुन्।

**माध्यमिक शिक्षाको तेस्रो अभिप्राय**

बीसौं शताव्दीको अर्थव्यवस्थालाई अत्यावश्यक दक्षतामा व्यवसायी शिक्षा दिनु माध्यमिक शिक्षाको तेस्रो अभिप्राय छ। नेपालमा साँच्चीकै योग्य सचिव, कामदार कारिन्दा, कालिगढ र घातुको काम गर्नेहरु, निर्माण व्यवसायक, सुजीकारी काम जान्नेहरु र अरु अरु सिपालु कामदारहरुको बढ्दो माँग छ। यी कामदारहरुले माध्यमिक पाठशालका छात्रछात्राहरुबाट निस्कनुपर्दछ। तिनीहरुमा अरुहरुसंग मिलेर काम गर्नमा, कुराकारी गर्नमा र नागरिक नेतृत्वमा सर्वसाधारण योग्यता पनि हुनुपर्दछ। तर आफूले रोजेको व्यवसाय र रोजगारमा भने तिनीहरुले ज्यादै निपुण हुनुपर्दछ। दक्षताको उच्चमात्रा चाहिने काममा अलिकति वा कममात्रको शिक्षा पाएका कामदारहरु नेपालले बेहोर्न सक्तैन। यी पटुताका शिक्षाको विस्तारले वर्तमान शिशिक्षु (अप्रेन्टिन) को अनुभवको प्रभावशाली प्रयोग गर्नुपर्दछ।

माध्यमिक शिक्षाको यी तीन प्रधान अभिप्रायलाई चौथोले समर्थन गर्नुपर्छ। त्यो चौथोलाई उपसिद्धान्त वा सहकारी अभिप्राय भने होला। माध्यमिक शिक्षाले नेपालको साधारण संस्कृतिको प्रगतिमा सहयोग दिनुपर्दछ। यसले सुशिक्षित व्यक्तिहरुको संख्या बढाउन सक्तछ र आर्थिक मुहानले भेटेसम्म छिटो शैक्षिक सुगमतालाई फैलाउने इच्छा उत्पन्न गर्न सक्तछ। यसले शिक्षा र शिक्षणको निमित्त आदर खडा गर्न सक्तछ। यसले प्रौढ साक्षरतामा अप्रत्यक्ष किसिमबाट चाख पैदा गर्न सक्तछ। वर्षौंसम्म माध्यमिक शिक्षाका स्नातकहरुको वर्द्धमान संभावित बल र संचय गर्ने प्रभाव नेपाललाई "प्रबद्ध"राष्ट्र बनाउनमा बलियो शक्ति हुन सक्तछ।

अन्ततः तर निश्चय नै कम महत्वको होइन, माध्यमिक शिक्षाले प्रजातान्त्रिक विचार जीवनमार्गको रुपमा प्रजातन्त्र र सरकारको प्रजातान्त्रिक रुपलाई बढाउनुपर्दछ। शिक्षाका सारा तहको साधारण अभिप्राय यही हो, तापनि उमेर पुगेकाहरुको आदर्शवादीपट्टिको ९ल्काइले माध्यमिक पाठशाला कर्मचारीको लागि प्रजातान्त्रिक आदर्शको विकाश गर्ने निमित्त विशेषतः संकटपूर्ण काल खडा गर्दछ। शिक्षाको यस तहमा पुग्दा यस अभिप्रायमा हामी सफल भएनौं भने हामी मुलुकको प्रधान धर्मको पत्यारमा पनि हामी असफल हुन्छौं। यस प्रकार अभिप्रायहरु विस्तृत र भिन्न भिन्न तापनि यस बखतमा चाहिएका सुगमताको विस्तार सीमित छ। यी अनेकौं भिन्न भिन्न किसिमको खाँचो टार्नलाई एउटा विस्तृत पाठयक्रम खडा गर्नुपर्दछ। प्राथमिक पाठशालाको पाठयक्रमसित दाँज्दा यो चाँहि बढ्ता खर्च पर्ने त हुन आउने नै भयो तर विद्यार्थीहरुको संख्या सीमित हुनाले प्रत्येक विद्यार्थीलाई खर्च परे तापनि असल पुग्दो कार्यक्रम बनाउन संभव हुन्छ।

**पाठयक्रमको सर्वसाधारण व्यवस्था**

माध्यमिक पाठशालाको पाठयक्रमले धान्नु पर्ने आवश्यकताको विस्तृत क्षेत्र उपर्युक्त अभिप्रायहरुले सूचित गर्दछन्। यो विदित हुनेछ - यी आवश्यकताहरुमध्ये कुनै त प्रधान पाठशालामा पढ्न सबै छात्रछात्रालाई सामान्य छन्, कुनैचाहि एकदमै विशिष्ट छन्। दोस्रो श्रेणीमा कुनै व्यावसायिक आवश्यकताका हुनाले नितान्त आवश्यक छन्, कुनैचाहि मामूली वृत्ति-उद्यमका हुनाले थोरबहुत हरेक व्यक्तिको इच्छाधीन छन्। यी आवश्यक र अभिप्राय राम्ररी पूर्ण गर्नलाई पाठयक्रमले सबै युवकहरुका निमित्त साधारण विद्याको मूल र आफ्ना आफ्ना पेशाको रुचि र जीवनयात्राबमोजिमका हरेक छात्रछात्राका लागि विशिष्ट विद्या गाभ्नुपर्दछ।

पाठयक्रमको मूल विषय अथवा सामान्य विद्याले सामाजिक अध्ययन, प्रयोगात्मक विज्ञान, नेपाली, प्रयोगात्मक गणित र व्यक्तिगत शारीरिक विकाश गाम्नुपर्दछ। यी विषयले क्रमैसंग मानिसको आफ्ना देशबन्धुहरुसितको संबन्ध, मानिसको आफ्नो सेरोफेरो र विश्वसितको संबन्ध, मानिसको व्यवहार शक्ति (माया र परिमाण वा गणितसम्बन्धी ख्यालसमेतको), मानिसको आफ्नो शारीरिक, मानसिक र आचरणसम्बन्धी विकाशसित सरोकार राख्छन्।

विशेष रोजगारी विषय धेरै छन् । तिनीहरुलाई खास खास जातिको माँगअनुसार मुख्य मुख्य समूहमा विभाजन गर्नुपर्दछ। नेपालका सबै प्रधान पाठशालीय समुदायहरुको विचार गर्दा, हरेक पाठशालामा कैयन निम्नलिखित मुख्य वर्गको माँग हुनेछ भन्ने विचार गर्न सकिन्छ (एकभन्दा बढी प्रधान पाठशाला भएका समुदायमा आवश्यक विषय साँच्ची नै नरहेको खण्डमा कैयन् पाठशाला प्रदान नदोहोरियोस् भन्ने राम्ररी विचार राखी योजना बनाउनुपर्दछ ):- रोजगारभन्दा अगि पढ्ने (शिक्षण औषधि, परिचर्या ऐन, इन्जिनीयरी काम र राजनीति निमित्त), वाणिज्यसम्बन्धी (सचिव, एकाउन्टेन्ट, बहिदार सरकारी अड्डाका कर्मचारीहरुको निमित्त। कृषि (कृषि र वन विज्ञानका सबै अङ्गहरुको निमित्त)। औद्योगिक व्यवसायी (साना र ठूला उद्योगहरु र खानि विद्याको निमित्त)। घरभन्दा (घरयसी अर्थव्यवस्थाका सबै पक्षको निमित्त) र उच्च शिक्षामा पुऱ्याउने सर्वसाधारण कार्य।

मुख्य व्यावसायिक विषयहरुमा कुनै कुनै खास उपव्यावसायिक हुन सक्छन्। (जस्त, बुनाई र काठको काम औद्योगिक वर्गभित्र पर्दछ), अथवा ती विषय मूल विषयले दर्शाएका क्षेत्रहरुमा उच्चशिक्षा पाठयक्रमका हुन सक्तछन् (उदाहरणार्थ, पाश्चात्य साहित्य, आर्थिक भूगो, यूरोपको इतिहास, प्राचीन भाषा, गणितशास्त्रको कलात्मक विज्ञान), अथवा त ि(नाटक, लोकनृत्य जस्ता) उचित उपव्यवसाय गराउन प्रशस्त चाख हुनाले मात्र विकाश गराइने विषय हुन सक्तछन्।

यी तीन व्यापक समूहका प्रत्येक प्रधान विषयहरुको सविस्तर बयान गरिन्छ।

**मूल विषय वा सामान्य विद्या**

समाजिक अध्ययनका ती शिक्षा हुन्छन् जसले युवकहरुलाई मनुष्य जातिमा प्रजातान्त्रिक संबन्ध राम्ररी बुझ्न, कदर गर्न तथा (अभ्यास) कायम गर्न मद्दत गर्दछ। प्रत्येक विद्यार्थीले नेपाल, एशिया र संसारका अरु देशका राजनैतिक र आर्थिक भूगोल, नेपाल र एशियाका ऐशियाका ऐतिहासिक घटना र विश्व इतिहासका महत्वपूर्ण अवस्था। संस्कृति, उत्पत्ति, उद्देश्य र विकाश तथा संसारका विभिन्न मानिसहरुको संस्कृति। राजनीति र तिनको उत्पति।

व्यापार, उद्योग, कृषि, वाणिज्यको अर्थशास्त्र, नेपाल सरकारको सविस्तृत र अरु मलुकमा सरकारको सामान्य सिद्धान्त। नेपालमा सामुदायिक जीवन । सामाजिक समस्या, धर्म र मनुष्य जीवनमा प्रभाव पार्ने अरु समाजिक समस्याहरु थाहा पाउनुपर्छ। प्रत्येक विद्यार्थीले सामाजिक अन्वेषण, समस्याहरुको सामना र हल गर्ने तरीका, सामुदायिक सोध-खोज, अरुसित मिलेर काम गर्ने रीति संसदीय कार्यविधि, आत्माभिव्यक्ति, आत्मविश्लेषण तथा विचार लिन र प्रगट गर्नलाई नक्शा, समयक्रम, ग्राफ, तालिका, चित्रमय प्रदर्शनी इत्यादिको ज्ञानमाथि जोड दिइएको होइन, युवकहरुलाई स्वतन्त्र, प्रतिभाशाली र प्रौढ समाजका उपयोगी सदस्य भएर तत्कालै आइपर्ने दैनिक आफैले निर्देशन गरिएको तथा अभिप्रायपूर्ण आवश्यकयुक्त तुल्याउन राखिएको हो।

यी लक्ष्य प्राप्त गर्न छैटो कक्षादेखि दशौं कक्षासम्म परम्परादेखि चलिआएका भूगोल, इतिहास र नागरिक शास्त्र इत्यादि विषयक्रमलाई काट्ने विस्तृत विषयको क्रमबद्ध सिलसिलामा सामाजिक शिक्षा व्यवस्थित गरिनुपर्छ। उदाहरणार्थ, "प्रजातन्त्रको इतिहास"नै एक विषय लिऊँ। यसमा कुनै युरोपीय मुलूकहरुको र संयुक्तराष्ट्र अमेरिकाको भूगोल, सरकार र राजनैतिक आन्दोलनको इतिहास, राजा जोहन, जोन अफ आर्क, प्याट्रिक हेनरी, महात्मा गान्त्री र नेपालका प्रजातान्त्रिक नेताहरुको जीवनी। म्याग्नाकार्टा, अमेरिकी स्वतन्त्रताको घोषणा र प्रजातन्त्रको निम्ति भएका संघर्षका अरु ठूलाठूला साहित्य, प्रजातन्त्रका वैज्ञानिक र आर्थिक सफलताप्राप्त, सरकारहरुको तुलनात्मक अध्ययन र धैरै अरु किसिमका सामग्रीहरु रहनुपर्छ। "यो भूगोल हो या "यो इतिहास हो"भनी कसले भन्न सक्दछ? आचारसम्बन्धी उद्देश्यमाथि जोड दिने, सामाजिक अध्ययन मानवजातिको विकाश वरिपरि बनेका विषयहरुबाट निस्कन्छ, शास्त्रीय शिक्षाक्रमको रुपमा व्यवस्थित ज्ञानको भरमा होइन।

यसबाहेक आचारको विस्तृत श्रृंखलालाई प्रोत्साहन अनुमति दिने विषयद्वारा मात्र आचारलाई इच्छित दिशातिर ढाल्न सुधार्न सकिन्छ। यदि विद्यार्थीहरु साँच्ची नै प्रजातान्त्रिक बन्न चाहन्छन् भने प्रजातन्त्रको बारेमा पढेर वा सुनेर मात्र पुग्दैन, तिनीहरुले त्यस्तै प्रजातान्त्रिक वातावरणमा बस्नुपर्छ। तिनीहरुले संगसंगै योजना बनाउनुपर्छ, स्वयं आफ्नो कामको निर्देशन गर्नुपर्दछ, सामुदायिक सोधखोज गर्नुपर्छ, विधानहरु लेख्नुपर्छ, सामाजिक योजनाहरुमा काम गर्नुपर्छ, रेखाङ्कित मानचित्र बनाउनुपर्छ, कथा र नाटकहरु लेख्नुपर्छ, आफ्नो सफलता र विफलताको मूल्यांकन गर्नुपर्छ, छोटकरीमा भर्ना, तिनीहरुले प्रजातन्त्रको ज्ञान हासिल गर्नुछ भने, प्रजातन्त्रको अनुभव गर्नुपर्छ। हो, हरेक वर्गमा, हरेक दलमा, हरेक दिन यस्तो ख्यालको जीवन विताउनमा जोड दिनुपर्छ जसले प्रभावकारी र योग्य नागरिक बनाओस्।

आयोगले पाठयक्रममा दिएका विभिन्न विषयहरुको विस्तृत वर्णन दिनु उसको काम ठान्दैन तैपनि सामाजिक अध्ययनको निमित्त (पहिलो पाँच कक्षासम्म बढाउँदै लगिएका विषयहरुलाई पढाउन र बलियो पार्न अगिल्लो परिच्छेद हेर्नुहोस्) निम्नलिखित विषयहरु सुझाउ दिन्छ।

| कक्षा | विषय |
|---|---|
| ६ | मानिस कसरी जीवन निर्वाह गर्दछन् (खाने कुरा, घर, लुगा, व्यवसाय इत्यादि)। |
| ७ | नेपालको निर्माता, महापुरुष र महिलाहरु |
| ८ | एशियाली मुलुकहरुको जीवन। |
| ९ | नेपालको सामाजिक, आर्थिक र राजनैतिक जीवन। |
| १० | विश्वसँस्कृति र सरकार। |

प्रयोगात्मक विज्ञानमा प्रकृतिको वनस्पति र पशुजगत्, पृथ्वीको बनोट र उत्पत्ति, प्राकृतिक नियम र घटना, मानिसको उत्पत्ति र शरीर विज्ञान, व्यक्तिगत र समाजिक स्वास्थ्यविज्ञान, मानिसहरुका आविष्कारमा प्रयोग गरिएका वैज्ञानिक सिद्धान्तका कार्य र अरु प्रयोगात्मक वैज्ञानिक कुराहरु बुझ्ने र कदर गर्ने ज्ञान सम्मिलित रहन्छ। ज्ञानले विज्ञानका सिद्धान्त र घटनाहरु प्रयोग गर्ने बानी र निपुणताको पनि विकाश गर्नुपर्छ। रोगको विषयमा थाहा पाएर मात्र पुग्दैन, युवकहरुले दिनहुँ सफासुग्घर र रोगनिरोधक सिद्धान्तहरुको अभ्यास गर्नुपर्छ। अझ तिनीहरुले उदारता, उत्सुकता दृढता, अविश्वास र परीक्षणप्रति प्रवृत्तिको विकाश गर्नुपर्छ।

यो उद्देश्य पूरा गर्न नवयुवकहरुले वैज्ञानिक तरकिाबाट जीवन धान्नुपर्छ, सोझै चट्टान, झारपात र प्राकृतिक घटनाहरुको अध्ययन गर्नुपर्छ, स्वास्थ्यदायी बानी बसाल्नुपर्छ, दैनिक समस्याको आफैले हल गर्नुपर्छ। तिनीहरुले आफैले आफ्नो गाउँघरको पानी र आरोग्य व्यवस्थाको खोजखबर राख्नुपर्छ। तिनीहरु आफैले पुराना पुराना संस्कृतिमा प्रशस्त पाइने बूढीरुढी र दन्त्यकक्षा निराधार झूटो हो भन्ने साबीत गर्नुपर्छ।

यसरी फेरि प्राणिशास्त्र, रसायन शास्त्र, भौतिक शास्त्र, भूगर्भशास्त्र आदिको परम्परागत विभागहरु विज्ञानसम्बन्धी कार्यक्रमको व्यावस्था गर्नलाई अधूरा आधार छन्। प्रयोगात्मक विज्ञान यस्तो चट्ट छुट्टिने विभाग आउँदैन। यसमा "खाने कुराबाट सकेसम्म पौष्टिक पदार्थहरु पाउनु""रोगव्याधिको निरोध"हाम्रा प्राकृतिक साधनहरुलाई उपयोगी तुल्याउनु हाम्रा जस्ता

विस्तृत विषयहरु हुन्छन्। केही विद्यार्थीहरुले माध्यमिक पाठशालामा प्रत्येक वर्ष प्रयोगात्मक विज्ञान पढ्न चाहे तापनि अरु सामान्य शिक्षाको दबाउ हुनाले प्रत्येक विद्यार्थीलाई केवल तीन वर्ष मात्र विज्ञानको पढाइ भए पुग्दछ भन्ने आयोगको राय छ। पहिलो दुइ वर्ष प्रारम्भिक विज्ञान र पछिल्लो वर्ष उन्नत विज्ञान हुनुपर्छ। सुझाउ गरिएका विषयहरु निम्न छन्ः-

| कक्षा | विषय |
|---|---|
| ६ | स्थानीय सेरोफेरो (प्रकृति अध्ययन, गाउँको स्वास्थ्य इत्यादि) |
| ७ | पृथ्वी र विश्व (भूगर्भविद्या, ज्योतिष शास्त्र, माटो इत्यादि) |
| १० | उन्नत प्रयोगात्मक विज्ञानः- (सामुदायिक स्वास्थ्यसंबन्धी ज्ञान, व्यक्तिगत स्वास्थ्यसंबन्धी ज्ञान, प्राकृतिक नियमहरु र प्राणिशास्त्र इ.) |

नेपाली भाषा लेखापढीको मुख्य माध्यम हो। यो कुनै कुनै जिल्ला पहिला दुइ वर्षलाई छोडर मुलुकभरका सारा पाठशालाहरुमा शिक्षा दिने माध्यम पनि हो। यी कारणले गर्दा र यी राष्ट्रभाषा पनि हुनाले प्रधान पाठशालीय विद्यार्थीले यस भाषामा ज्यादै उच्च दर्जाको ल्याकत बढाउने आशा गर्नुपर्छ। यो तिनीहरुको विचार- गर्ने भाषा र बोलचाल तथा लेखापढकि माध्यम पनि हुनुपर्छ।

आधारभूत भाषाको रुपमा नेपाली भाषाको शिक्षाले चार मुख्य सिद्धान्तमा सिपालु गराउनुपर्छ। यी सिद्धान्त हुन् : - (१) गौरसित सुन्नु, (२) धारावाही तर प्रसंगानुकूल र छोटकरीमा बोल्न, (३) बुझेर छिटो पढ्नु र (४) ओजस्वी भाषामा भाव व्यक्त गर्ने गरी लेख्नु। यी किल्लीहरुमा पोखत हुन्, तिनीहरुले व्याकरण, अक्षर-विन्यास र लेखनकलामा दक्षता बढाउनुपर्दछ। यी किल्ली रसीपलाई बढाउँदा विद्यार्थीहरुले नेपालको साहित्यिक पैत्रिक सम्पत्ति चिन्नुपर्दछ र आधुनिक लेखकहरुसित सम्पर्क राख्नुपर्छ। राष्ट्रभाषामा उच्च दर्जाको योग्यता बढाउने महत्वलाई ज्यादा दबाउन सकिंदैन किनभने सम्पूर्ण शिक्षा कार्यक्रम यसैमा आधारित छ।

नेपाली माध्यमिक पाठशालाको हरेक वर्षमा अथवा योग्यता हासिल गर्नलाई आवश्यक परेसम्म पढाइनुपर्छ। विद्यार्थीहरुको प्रगति निश्चय गर्नलाई र भिन्न भिन्न आवश्यकता देखिएअनुसार रचना, वाचक, वणशुद्धि, लेखनकला, वाकपटुता अथवा साहित्यको कदरलाई जोड दिएर भिन्न भिन्न समूहपट्टि तिनीहरुलाई निर्देश गर्न वर्षेनी न्यूनतम दक्षताको परीक्षा लिए हुन्छ। नेपाली भाषाको निम्ति शायद साहित्यमा बाहेक प्रत्येक वर्षलाई एउटै विषय हुन सक्तैन किनभने प्रत्येक वर्षको कामले प्रगतिशील उच्चतर स्तरमा सारा प्रक्रिया र दक्षतामा जोड दिनुपर्छ। साहित्यको केही भाग अरु विषयको कामसित पारस्परिक संबन्ध राख्नलाई

शिक्षा मन्त्रालय

छानिनुपर्दछ, तर यसको धेरैजसो भाग साहित्यिक पुर्ख्यौली सम्पतिको कदरको विकाश गर्नलाई वा यसबाट आनन्द लिनलाई मात्र पढिनुपर्दछ।

व्यवहारद्वारा नै नेपाली भाषा सिकाइनुपर्दछ, यो भनिरहनुपर्दैन। केही लेख्ने सूचित आवश्यकताबाट रचना निस्कनुपर्दछ, केही भन्नु पर्ने आवश्यकताबाट बोली उत्पन्न हुनुपर्दछ र पढ्नुको कुनै अभिप्राय हुनुपर्दछ। जति गरे पनि नछुट्ने भूल शुद्ध गर्नलाई व्याकरणको रचना अध्ययन गर्नुपर्दछ, "रुपावली"को संबन्धमा पाण्डित्य झार्नलाई होइन। प्रतिकार या उपायको आधारमा अक्षर-विन्यास, लेखन स्पष्टताको विकाशलाई लेखनकला सिकाइनुपर्छ। दुवै कुरा सबै विद्याथीहरुलाई बराबरीले नसिकाएर आवश्यकताको आधारमा सिकाइनुपर्छ।

प्रयोगात्मक गणित एकदम काम लाग्ने किसिमबाट सिकाउनुपर्दछ, त्यो पनि न्यूनतम योग्यताको विकाश गर्नलाई आवश्यक परुन्जेल मात्र। यसमा पनि न्यूनतम योग्यता प्राप्त भयो कि भएन भन्नको निमित्त न्यूनतम दक्षताको परीक्षा बर्षेनी गरिनुपर्दछ। कदाचित् कोही विद्यार्थीहरु सातौं कक्षाकै अन्त्यतिर योग्यताको यो तहमा पुग्न सक्लान्, अरुलाई पूरा पाँच वर्ष लाग्ला।

व्यावसायिक अभिप्रायको निमित्त अथवा व्यक्तिगत आवश्यकताको निम्ति दरकार परेकालाई मात्र उच्चतर र टेक्निकल गणितका अतिरिक्त पाठयक्रम दिइनेछ। यस्तो विचार रहोस्। तर यहाँ प्रयोगात्मक गणितको साधारण शिक्षाको मात्र छलफल गरिन्छ। प्रयोगात्मक विज्ञानको विषयमा आयोगले न्यूनतम तीन वर्षको पाठयक्रम राख्ने राय दिन्छ, पहिलो दुइ वर्ष (छैटौं र सातौं कक्षा) मा पूर्ण अङ्क भिन्नांक, दशमलब र बढ्दो उच्चतर स्तरमा संबद्ध समस्याहरुका चार मौलिक दक्षतामा जोड दिनुपर्छ, तेस्रो वर्षमा चाहि साउँव्याजको हिसाब, करनिर्धारण क्षेत्रमिति, वाणिज्य इत्यादिको प्रयोगात्मक प्रश्नमा जोड दिनुपर्दछ। आठौं कक्षाको अन्त्यमा न्यूनतम योग्यता प्राप्त नगरेका विद्यार्थीहरुका निमित्त नवौं र आवश्यक परे दशौं कक्षामा पनि यो त्रुटि हटाउने किसिमको थप काम दिनुपर्छ।

नेपाली भाषामा जस्तै, पढाइ प्रयोगात्मक र काम चल्ने हुनुपर्छ (कवायदको अभ्यास हुनुभन्दा अगाडि),सर्वमान्य आवश्यकता पछि अभ्यास हुनुपर्छ र त्यो पनि प्रतिकारक अभिप्रायहरुमा मात्र प्रयोग गरिनुपर्छ। प्रश्नहरु जीवनबाट लिनुपर्छ, हिसाब दिनहुँ परिआउने काममा प्रयोग हुनुपर्छ।

व्यक्तिगत शारीरिक विकाशमा शारीरिक, मानसिक र आधारसम्बन्धी हित गर्ने सबै किसिमका ज्ञान रहन्छन्। यी शिक्षाले राम्रो शारीरिक गठन र असल स्वास्थ्य, आनन्ददायी

तथा स्वास्थ्यकर आमोद प्रमोद, सुस्थिर मानसिक दृष्टिकोण, आचारसम्बन्धी उत्तरदायित्वको उच्च भावनालाई बढाउनुपर्दछ। यो शिक्षाले नेपाली छात्रछात्रामा रुचि, व्यक्तित्व र बलियो चरित्रको विकाश गर्नुपर्छ।

अरु विषयका धेरैजसो शिक्षाले पनि यो उद्देश्यहरुलाई प्रत्यक्ष रुपले सहायता दिनेछन्। प्रयोगात्मक विज्ञानमा शारीरिक र मानसिक स्वास्थ्यसम्बन्धी धेरै ज्ञान र युक्ति रहनेछन्। साहित्यमा सुकर्मका कक्षाहरुले चरित्र निर्माणमा सहायता दिनेछन् त्यस्तै सामाजिक अध्ययनबाट राष्ट्रिय महापुरुषका जीवनीका कक्षाहरुले सहायता गर्नेछन्। भाषामा दखलले सुस्थिर व्यक्तित्व प्राप्त गर्न सजिलो हुनेछ।

व्यक्तिगत शारीरिक विकाश बढाउन शारीरिक व्यायाम, खेलकूद र शिकार, धार्मिक शिक्षा र प्रत्येक विद्यार्थीका निमित्त बुद्धि र सहानुभौतिक विभागीय प्रेरणा दिने रचनात्मक परामर्शदायी पथप्रदर्शनको पाठयक्रममा व्यवस्था गर्नुपर्छ। यी शिक्षा पञ्चवर्षीय अवधिसम्म जारी रहनुपर्दछ र यिनले क्रमशः उन्नतिशील उच्चतर तहमा व्यक्तिगत शारीरिक विकाशसित सम्बन्ध राख्ने आवश्यक बूझ, सामाजिक भावना र शारीरिक फूर्ति बढाउनुपर्दछ। यी शिक्षामा भूल सुधार गर्ने अभ्यास पनि हुनुपर्दछ, तर शारीरिक व्यायाम, विभिन्न क्रीडा तथा खेलकूद भन्दा आनन्द रविश्राम अधिक हुनुपर्दछ। चरित्र शिक्षण प्रत्यक्षभन्दा अप्रत्यक्ष शिक्षाबाट बढ्ता दिन सकिनेछ र अरु उद्देश्य सोझो किसिमबाट जत्तिकै साथसाथै बढ्नेछ।

**व्यावसायिक विषयहरु**

रोजगारी शिक्षान्तर्गत विचारपूर्वक विकाश गरिएको निर्देशक कार्यक्रम हुनुपर्छ। (क) यस कार्यक्रमले जीवनको हरेक पथमा चाहिने साधारण वा सामान्य निपुणतामा सामूहिक शिक्षा दिनेछ (जस्तैः अरु मानिसहरुसंग मिलेर काम गर्ने खूबी उत्तरदायित्व इत्यादि)। रोजगार पाउनु मौकाको साधारण पर्यवेक्षण, जीवनवृत्ति कसरी छान्ने, त्यस जीवनवृत्तिका निम्ति कसरी शिक्षा रोज्ने, काम कसरी पाउने इत्यादि र (ख) विद्यार्थीका यस्ता र यससम्बन्धी (निजी) समस्यामा, व्यक्तिगत सरसल्लाह दिने। यो कार्यक्रम प्रधान पाठशालाको पहिलो वर्षमै राखिनुपर्छ। यो कार्यक्रमले हप्ताको एक वा दुइ पल्ट कक्षासभाको रुप लिन सक्छ, अथवा सामाजिक कार्यक्रममा भिन्न भिन्न स्थानमा छुट्टै विषय बन्न सक्छ। यसले निश्चय नै एकनास तुल्याउने काम गर्नुपर्दछ र विभिन्न मुख्य विषय पढ्ने विद्यार्थीहरुको निम्ति साजा मिलन केन्द्र बन्नुपर्छ।

रोजगार पाउनुभन्दा अगाडि अध्ययन गर्ने मुख्य विषय : - यी विषयहरुले विद्यार्थीहरुलाई शिक्षणकला, औषधि विज्ञान, परिचर्या, ऐनकानून, इञ्जिनीयरिङ्ग, सरकारी शासन र अरु रोजगारमा माध्यमिकोत्तर शिक्षाका निमित्त तयार हुने ज्ञान दिनुपर्छ।

यो क्षेत्रमा विद्यार्थीहरुको हरेक विशेष काममा, नेतृत्वको शिक्षा, परोपकारी दृष्टिकोण, बोल्ने शक्तिको विकाश र महाविद्यालयी अध्ययन तथा व्यावसायिक जीवनको सफलताको निम्ति आवश्यक पर्ने तत्वहरुमाथि जोर दिनुपर्छ।

यी विद्यार्थीहरुमध्ये धेरैलाई खास गरेर परिचर्या र औषधिको निम्ति शरीरविज्ञान, जीवविज्ञान र रसायन शास्त्रमा इञ्जिनीयरिङ्गको निम्ति भौतिक शास्त्र र अरुका निम्ति साधारण र प्रयोगात्मक विज्ञानमा उच्च विज्ञानको पाठ्यक्रम आवश्यक पर्नेछ। यी विद्यार्थीहरुलाई कमसेकम एक या दुइ वर्ष उच्च विज्ञानको शिक्षा दिन सुझाउ गरिन्छ।

इञ्जिनीयरिङ्गपट्टि लागेकाहरुलाई उच्च टेक्निकल गणित शास्त्रको पनि आवश्यकता पर्नेछ र उच्च विज्ञानमा श्रेष्ठता प्राप्त गर्न साधारण गणितभन्दा माथिको गणित चाहिन्छ। यी सबै विद्यार्थीहरुको निम्ति कमसेकम एक वर्ष उच्च गणित र इञ्जिनीयरिङ्ग अगिको समूहको निम्ति दुई वर्ष उच्च गणित चाहिन्छ भन्ने राय दिइन्छ।

यी विद्यार्थीहरुलाई हिन्दी र अंग्रेजीमा बाँच्ने योग्यता अवश्य चाहिन्छ (कसै कसैलाई त बोलचालको पनि) किनभने यो क्षेत्रहरुमा यतिका साहित्यहरु नेपाली भाषामा अनुवाद गरिएका छैनन्। फेरि तिनीहरुलाई नेपाली भाषामा साधारण योग्यताभन्दा बढ्ता योग्यता चाहिन्छ। आयोगको रायमा हरेक विद्यार्थीलाई हिन्दी र अंग्रेजीमा पाँच वर्षको अध्ययन चाहिन्छ। दशौं कक्षामा नेपाली भाषाको एक विशेष पाठयक्रम चाहिन्छ।

यान्त्रिक रेखा, चित्रण, नेपाली ऐन, शिक्षा, परिचर्या आदिका विशेष पाठयक्रम धेरै किसिमका रोजगारलाई चाहिने साधारण परिचय र विशेष निपुणता दिनलाई राख्नुपर्छ। भिन्न भिन्न रोजगारमा क्रियात्मक अभ्यास गरेर हेर्ने र आफूले छानेको काम आफ्नै हातले गर्ने अनेकौं मौका पनि दिनुपर्छ। यसले समुदायमा रहेका आफ्नो रोजगारमा सफल भएका मानिस र स्वास्नीमानिसहरुसंग निकटको सहयोग चाहिनेछ। तर यी अनुभव रोजगारभन्दा अगाडिको तालीमका निम्ति अमूल्य हुनेछन्।

प्राथमिक शिक्षक र परिचारकहरुको ज्यादै अभाव भएकोले आयोग दशौं कक्षामा यी दुवै क्षेत्रमा पूरा एक वर्षको रोजगारी कार्यक्रम राख्ने राय दिन्छ। सहायता अथवा सहायताको रुपमा दुइ तीन वर्ष सफल अभ्यास गरिसकेपछि यी क्षेत्रमा विद्यार्थीहरुले महाविद्यालयी स्तरमा

व्यवसायिक उच्च शिक्षा चालु राखे हुन्छ। जो शिक्षण पाठयक्रम लिन्छन् तिनीहरुले पनि प्रौढ साक्षरता शिक्षापद्धतिको विशेष पाठयक्रम लिनुपर्छ, त्यस्तो भयो भने तिनीहरु ठूलो अभावको पूर्तिमा मद्दत गर्न सक्लान्।

**वाणिज्यसम्बन्धी मुख्य विषय**

यस विषयले ती विद्यार्थीहरुलाई यस्तो शिषा दिनुपर्छ जो प्रधान पाठशालीय शिक्षा समाप्त गर्ने वित्तिकै सचिवको, कारिन्दाको, हरहिसाबाको र अरु वाणिज्य काम लिन चाहन्छन्। ज्यादै समर्थ विद्यार्थीहरुले इच्छा गरे भने महाविद्यालयीय स्तरमा वाणिज्य शासन व्यवस्थाको पाठयक्रम अध्ययन गर्न पाउने नियम पनि राखिदिनुपर्छ।

यी विद्यार्थीहरुलाई टाइप गर्ने काम (स्टेनोग्राफी) संक्षिप्त लिपि विषयलाई कमसेकम दुई वर्ष र अथवा स्रेस्ता राख्ने कामको निम्ति दुइ वर्ष तथा व्यवापारको मालताल राख्ने शिक्षाका निम्ति एक वर्ष चाहिन्छ। यसका अतिरिक्त व्यवावसायिक नेपाली, व्यावसायिक गणित, वाणिज्य नियम र विज्ञापनकला इत्यादिको विशेष पाठ्यक्रम राख्नुपर्छ।

अन्ततः यी विद्यार्थीहरुलाई केही समय काम गर्ने अथवा पूर्ण समय काम गर्ने शिशिक्षु (अप्रेण्टिस) भएर कामै गरेर अनुभव पाउनु आवश्यक छ। यो शिशिक्षु (अप्रेण्टिस) को तालीम यी विद्यार्थीहरुको तालीमको अ.श संक्षिनुपर्दछ र पाठशालाका अधिकारहिरुकै निरीक्षणमा हुनुपर्दछ। यस्तै तालमिबाट नै र व्यापारीहरुकै्र पूर्ण सहयोगबाट र समुदायका अरु मानिससंगको हेलमेल नै व्यावसायिक तालीम साँच्ची नै काम लाग्ने हुन्छ।

आयोगले यो रायमा यी मुख्य विषयका धेरैजसो तालीम आठौं कक्षादेखि शुरु हुनुपर्छ र शिशिक्षुता (अप्रेण्टिस) को तालमि दशौं कक्षामा मात्र राखिनुपर्छ।

**कृषिसम्बन्धी विषय**

यो विषय, शायद सबै रोजगारी क्षेत्रमा सबभन्दा मुख्य छ। यसले कृषिसंबन्धी क्षेत्रमा युवकहरुलाई आफ्नो समाजको नेता बन्न सक्ने शिक्षा दिनुपर्छ। यो क्षेत्र समाप्त गर्ने विद्यार्थीहरुमध्ये कुनै अझ बढी तालीमको निम्ति कृषिमहाविद्यालयमा जालान्। तर तिनीहरुमध्ये धेरैजसो आफ्नो घर वरिपरिको कमोत गर्न हुने जग्गमा खेतीपाती गर्न लागिहाल्दछन्।

प्राथमिक पाठशालामा आफ्नै खाने कुरा पैदा गर्ने साधन हो भनेर कृषिमाथि जोड दिएकै छ। अनुमान गरिन्छ, नेपालका ८५ प्रतिशत मानिसहरुले आउँदो धेरै वर्षसम्म आफ्नो खाने कुरा पैदा गर्दै रहनेछन्। यसको मतलब यही हो जो विद्यार्थीहरु कृषिमा विशेषज्ञ बन्न चाँहदैनन्

तिनीहरुलाई पनि यी विषयमा केही अटूट शिक्षा चाहिन्छ। छात्राहरुले पनि प्राथमिक पाठशालादेखि नै दिनमा केही खास गरेर पालनपोषण, संकलन, खाने कुरो तयार गर्ने, खाद्यान्न सञ्चय र सानो बथानमा पशुपालन इत्यादि कामको शिक्षा पाउनुपर्छ।

कृषि विषय लिएका विद्यार्थीहरुका निम्ति, पहिलो दुइ तीन वर्षमा खूब जोडसंग शिक्षा दिइने गरी पाँच वर्षको अटूट कार्यक्रम हुनुपर्छ। यो कार्यक्रम प्रयोगात्मक हुनुपर्छ र समयको धेरैजसो माग पशुपालन, अन्नबीज तथा घरमा विद्यार्थीहरुले आफ्नै पूर्ण उत्तरदायित्व र अधिकारमा स्वयं साच्ची नै हाँस, कुखुरा, सुंगुर, भेडा, बाख्रा, गाई र भैंसी इत्यादि पाल्ने यस्ता योजनाहरुमा खर्च गर्नुपर्दछ। तिनीहरुसंग पाठशाला र घर दुवैमा अन्न, तरकारी र अरु खाने वस्तु उव्जा हुने सानातिना जग्गा हुनुपर्दछ।

गाउँको हरेक प्रधान पाठशालामा खेतीपातीको कामलाई आफ्नै अथवा कूतमा सम्बन्ध जीमनको एक टुक्रा र पशुपालनको निम्ति चाहिदो घर तथा सुविधाहरु हुनुपर्छ। यी सुविधाहरुलाई प्रयोगात्मक अनुसन्धान र प्रदर्शन गर्नको निम्ति प्रयोग गर्नुपर्छ। यी कुराहरु विद्यार्थीहरुलाई शिक्षा दिन, त्यस क्षेत्रमा प्रौढहरुलाई हेर्न र अनुसरण गर्नेको निम्ति नमूनारुपको हुनुपर्छ। यी खेत र ग्राम्य विस्तार कार्यक्रमले प्रदर्शनीको निम्ति लिएका खेतका बीचमा नजिकको संबन्ध हुनुपर्दछ। यी सुविधाहरु माध्यमिक पाठशालामा क्रियात्मक कृषि शिक्षालाई संभवनीय तुल्याउछन् र कार्यक्रमका निम्ति आवश्यक छन्।

अझ यी सुविधाहरुलाई पाठशालामै खेतबारीको उव्जनी बेच्ने पसल, विरुवा-संरक्षण घर, प्रयोगशाला र पुस्तकालयहरुले पूर्ण गर्नुपर्दछ। पाठशालाको सभामण्डप समेत यी सबै सुविधाहरु क्षेत्रका विद्यार्थी र किसानहरुको अधीनमा राखिनुपर्दछ। धेरै योजनाहरु लडका र उनीहरुको बाबुहरु मिली काममा ल्याउनुपर्दछ। यसरी संबन्ध बढ्नेछ जसले गर्दा लडकाहरुलाई खेतमै काम गर्ने रहर लाग्नेछ र आफ्ना ग्रामीण क्षेत्रका जनताको सेवामा तिनीहरुले आफ्नो भविष्य निहित रहेको देख्नेछन्। हुनत सम्पूर्ण पाठशाला समुदायमा केन्द्रित हुनुपर्दछ, तर कृषिको यस क्षेत्रमा जतिको होइन।

कृषिको कार्यक्रममा प्रकृति अध्ययन, प्राणिशास्त्र, वनस्पतिशास्त्र र नवौं दशौं कक्षालाई कृषिविज्ञान, उद्यानविद्या, पशुपालन, माहुरी र माछा पाल्ने, वन विज्ञान र क्षेत्रका खेतीपातीको चलनअनुसारुको यस्तै किसिमका पाठयक्रमहरु, खेतको यन्त्र विज्ञान, यन्त्रसंबन्धी चित्र-विद्या, पर्यवेक्षण इत्यादि र खेतबारीको व्यवस्था, व्यापारको काम इत्यादि गाभिनुपर्दछ। यी व्यवस्था मिलिसकेका शिक्षालाई गोष्ठीका कामहरु र घरका योजनाले भरथेग गर्नुपर्छ र कार्यक्रमको अवधिभरी प्रयोगपट्टि जोड दिनुपर्छ। यी मुख्य विषयमा

लगाइएको समयको ५० प्रतिशत पसल, प्रयोगशाला र खेतमा लाउने गरिनुपर्छ। यिनीहरु नै विद्यार्थीहरुका निम्ति सच्चा कक्षा हुन्।

आयोगको रायमा, कृषिमहाविद्यालयमा जाने विद्यार्थीहरुका निम्ति अरु कुनै विशेष पाठयक्रम दिनुपर्दैन र यस क्षेत्रमा "सेतो गलपाश (व्हाइट कलर)"बेकारीलाई रोक्न निर्देशन र सल्लाहद्वारा उच्च शिक्षामा जाने विद्यार्थीको संख्यामा नियन्त्रण गर्ने प्रयत्न हुनुपर्छ। माथि उल्लेख भएअनुसारको प्रधान, पाठशालीय शिक्षाक्रममा असाधारण सफलता पाएका विद्यार्थीहरु विशेष प्रारम्भिक शिक्षाक्रमविना नै महाविद्यालयी कार्यमा बिलकुल उद्यत हुन्छन् भन्ने अनुमान गरिन्छ। शायद यी विद्यार्थीहरु साधारण पाठयक्रमबाटै बोल्ने कला इत्यादि विषय जुन साधारण तबरले महाविद्यालयमा उपयुक्त हुन सक्छ।

औद्योगिक विषयमा पाठशाला भएको क्षेत्रमा पाइने धेरै किसिमका औद्यौगिक व्यापारको लागि विद्यार्थीहरुलाई सुहाउँदो तुल्याउने शिक्षाहरु हुनेछन्। धेरैजसो क्षेत्रमा घरहरु र अरु भवनहरु बनाउन अथवा तिनको निर्माणलाई चाहिने मालतालहरु बनाउन व्यापारीहरुको आवश्यकता हुनेछ। तराईदेखि पहाडसम्मन् सिकर्मीहरुको कौशल फरक फरक हुनेछ र ईंट बनाउने काम र गाह्रो लाउने काम कुनै कुनै क्षेत्रमा मात्र पाइनेछन्। कुनै क्षेत्रमा काठको खाट बनाइनेछ त कुनै क्षेत्रमा बाँसको। कुनै क्षेत्रमा माटाका भाँडाको माँग हुनेछ त कहीं तामा र पित्तलका। अहिले त खालि काठमाडौमा र तराईका केही शहरहरुमा मात्र मोटर लरी इत्यादि यन्त्रहरु मरम्मत गर्ने कालिगढ आवश्यक हुनेछ। तर धेरैजसो क्षेत्रमा कामी र धातुको काम गर्ने मानिसहरु आवश्यक हुनेछन्।

यी विभिन्न चलन र माँगहरु भएकाले यस मुख्य विषयमा शिक्षा यो किसिम होस् भन्ने राय दिन मुस्किल छ। स्थानीय आवश्यकताहरुको निरीक्षण गरेर त्यहीअनुसार पाठयक्रम बनाउनुपर्छ। पाठशालाले हरेक आवश्यकतालाई पूरा गर्ने आशा लिन सक्तैन। त्यसले एक दुइ जना कुम्हलेलाई तालीम गर्न जतिको असम्भव छ त्यतिकै सचिवालयको काममा एक दुइ जनालाई तालीम गर्न शक्य छैन। अझ पाठशालाले आफ्नो कार्यक्रममा शिशिक्षुता (अप्रेष्टिस)को तालीम पनि राख्नुपर्छ। त्यसो गर्नाले तत्तत् क्षेत्रका कामदारहरुले आफ्नो कक्षाको ज्ञान दिन सक्छन् र कार्यक्रम प्रयोगात्मक हुन्छ।

यी मुख्य विषयमा छैटौं सातौ कक्षाका सबै लडकालाई परिचयात्मक काम सिकाउनुपर्छ भनी हामी सुझाउ गर्दछौं। यो काम समुदायको साधारण आवश्यकतालाई हेरेर छानिनुपर्छ। साधारण यान्त्रिक तथा औद्योगिक सीपको विकाश गर्न योजना गरिएको हुनुपर्छ। उदाहरणाथ, साधारण काठको अथवा धातुको काम त्यस क्षेत्रमा पाइन्छन् भने यसले प्रारम्भिक शिक्षाको मौका

दिन्छ। विद्यार्थीले ज्यावलको उपयोग र जतन गर्न सिक्ने सक्छन् र यान्त्रिक योग्यता प्राप्त गर्न पाउँछन्। (अथवा त्यसमा योग्यताको कमी देखिए अर्को मुख्य विषयमा लगाइन सक्छन्) केही रेखाचित्र र रङ्गीन चित्र लेख्ने काम र केही मूर्तिनिर्माण कला इत्यादि समेत भएको साधारण शिल्पविद्याका पाठयक्रम प्रयोग गरे हुन्छ। पछिल्लो तीन वर्षका निम्ति कुनै विषयमा विशेषज्ञता प्राप्त गर्नको निमित्त योग्य छ भन्नलाई आधार बन्ने निर्दिष्ट र विशेष योग्यता र पटुता पत्ता लाउन प्रयत्न गर्नुपर्छ।

स्थानीय आवश्यकताअनुसार आठौं, नवौं र दशौं कक्षामा पाठशालाले खास कामका निमित्त छुटयाइएका धेरै विशिष्ट कार्यक्रम राख्नुपर्छ। उदाहरणार्थ, सिकर्मी काम र आलमारी घर्ाहरु बनाउने काममा, कुम्हाले काम अथवा डकर्मी काम र ईटको काम अथवा लुग्गा बुन्ने, रङ्गाउने र छिप्ने काम अथवा त्यस क्षेत्रमा पाइने सानातिना उद्योग धन्धामा तीन वर्ष लाउनुपर्छ। त्यसबाहेक दशौं कक्षामा व्यवस्थासंबन्धी काममा उजजवल आशा भएका विद्यार्थीहरुलाई व्यापारसंबन्ध, हरहिसाब राख्ने काम र प्रबन्धसम्बन्धी पाठ्यक्रम राखे हुन्छ।

यी सबै पाठ्यक्रमहरुमा मुख्य चाहि शिशिक्षुता (अप्रेण्टिस) को तालीम हो। यो नवौं कक्षामा सीमित मात्रामा शुरु हुनुपर्छ र दशौं कक्षामा झन् विस्तृत आधारमा बढाउनुपर्छ। विद्यार्थीले थोरै परिश्रममा अधिकतम ज्ञान पाउने गराृन यो शिक्षणलाई पाठशालाको सूक्ष्म निरीक्षणमा राख्नुपर्छ।

घरधन्दाको मुख्य विषय छात्राहरुलाई विशेष रुचिकर हुनेछ। छात्र र छात्राको निम्ति बेग्लाबेग्लै शिक्षालय भएका ठाउँमा छात्रहरुको पाठशालामा यो विषय दिइनेछैन। तर छात्राहरु पनि घरधन्दामा शरीक हुने हुनाले उनीहरुको कार्यक्रममा पनि यसमध्येका कुनै शिक्षाहरु राख्नुपर्छ। छात्रहरुको पाठशालमा यी शिक्षा सामाजिक शिक्षा, विज्ञान र गणित इत्यादिमा गाभ्न सकिन्छ।

छात्राहरुका निम्ति घरधन्दनको मुख्य विषयमा तिनीहरुलाइृ असल घर गर्न सक्ने बनाउने र अरु आइमाईलाई झन् असलसंग घर गर्ने बनाउन तिनीहरुलाई मद्दत गर्ने शिक्षा हुनुपर्छ। शिक्षामा कोरा कपास र ऊनलाई तयारी लुगामा परिणत गर्ने अन्न र खाद्य बस्तुलाई स्वादिलो रुचिकर खाद्य पदार्थ बनाउन, घरको नाङ्गो भित्तालाई सिंगारेर आनन्दयायी बस्न हुने कोठा बनाउन, परिवारमा राम्राृ मानसिक र शारीरिक स्वास्थ्य कायम राख्न, विरामी र दुर्घटना परेको बेलामा स्याहार-सुसार गर्न र बालकहरुको राम्ररी पालनपोषण गरेर हुर्काई सफल जवान नागरिक बनाउन चाहिने सम्पूर्ण दक्षता र ज्ञान रहनुपर्दछ।

आयोगको रायमा, छैटौंदेखि नवौं कक्षासम्म आश्रय, खान कुरा, लुगाफाटा बनाउने योग्यतामाथि जोड दिनुपर्छ। आठौं र नवौं कक्षामा स्वास्थ्य र केटाकेटीको स्याहार-संभारसंबन्धी दक्षता र दशौं कक्षामा छात्राहरुलाई परिचर्या अथवा प्राथमिक शिक्षाविधि होम एक्स्सटेन्सन वर्करको (गार्हस्थ्यनिपुणताको) निम्ति चाहिने एक वर्षे विशेष पाठ्यक्रम लिनमा उत्साहित पार्नुपर्छ। पछिल्लो पाठ्यक्रममा उमेरदारहरुसंग काम गर्ने सीप, प्रदर्शन गर्ने पद्धति, जवानहरुका समूहहरुको संगठन, खाने, लाउने र बस्ने सम्बन्धी काममा उन्नत कार्यको शिक्षा राखिनुपर्छ। यी पाठयक्रममा स्नातकहरुले होम एक्स्टनस एड्सको (गार्हस्थनिपुणताको सहयोग) रुपमा काम गर्नेछन् र केही अनुभव भएपछि बढी शिक्षाका निम्ति गृह विज्ञान महाविद्यालयमा (होम साइन्स कलेज) मा भर्ना भए हुन्छ।

पढाउने काम अथवा गृहसंरक्षण कार्य (होम एक्स्टेन्सन वर्क) मा लागेकाले प्रौढ शिक्षा पद्धतिको पाठयक्रम पनि लिनुपर्छ, त्यसो गर्नाले तिनीहरु गाउँघरबाट निरक्षरता हटाउने काममा भाग लिन सक्ने हुनेछन्।

यो कुनै पनि रोजगारी क्षेत्रमा उत्रन नचाहने छात्राहरुको निम्ति वैकल्पिक विषय पनि राखिदिनुपर्दछ। कोही त पाठशाला छोड्ने साथ विवाह गर्न र घरधन्धामा लाग्न चाहने हुन्छन्। कोही सामान्य कला लिई महाविद्यालयमा जान खोज्नेहरु, कोही ललित कलामा विशेषज्ञ हुन र अरु नै वृत्ति लिन इच्छा गर्नेछन्। यी छात्राहरुका निम्ति व्यक्तिगत आधारमा आफ्नो र समाजको भलाइ गर्न सकुन भन्ने हेतुले पाठ्यक्रममा सुधार गर्नुपर्छ।

साधारण महाविद्यालयको प्रारम्भिक मुख्य विषय ल्याकत र महाविद्यालयमा जान रुचि भएका तर विशिष्टता प्राप्त गर्ने क्षेत्र निर्णय नगरेका विद्यार्थीहरुले पढ्नुपर्दछ। धेरैजसो विद्यार्थीहरु सामान्य लिई कला महाविद्यालयमा जान्छन् र शायद त्यस बखतमा विशिष्ट विषयको निर्णय गर्दछन्। यद्यपि सबै क्षेत्रमा विचारपूर्ण जीवनवृत्ति मार्ग प्रदर्शन र सल्लाहको प्रबन्ध रहनुपर्दछ, तापनि यहाँ यो विशेष महत्वको छ। विद्यार्थीले आफ्नो रुचिको जीवनवृत्ति स्थिर गर्ना साथ यो मुख्य विषयबाट अरु विषयहरुमा जान पाउने प्रबन्ध हुनुपर्दछ।

यो मुख्य विषयमा विद्यार्थीले महाविद्यालयका निम्ति र यथासम्भव कुनै निर्दिष्ट जीवन क्षेत्रमा सरुवा हुन सक्ने साधारण शिक्षा हुनुपर्दछ। यसमा रसायन शास्त्र र भौतिक शास्त्रतिर लैजाने सामान्य विज्ञान, बीजगणित, रेखागणित र त्रिकोणमितितिर लैजाने सामान्य गणित, नेपालीको अतिरिक्त एक वा दुइ भाषा, विश्व इतिहास र विश्व आर्थिक भूगोलतिर लैजाने सामान्य समाजशास्त्र र अध्ययनका व्यावसायिक समूहबाट छानिने विषयहरु हुनुपर्दछ। नवौ

र दशौं कक्षामा उच्चतर र बढी कलासम्बन्धी विषयहरु दिनुपर्दछ। अरु मुख्य विषयतिर सम्भवको सरुवालाई सजिलो पार्न साधारण विषय पहिले दिनुपर्दछ।

**थपुवा मुख्य विषयहरु**

आवश्यकताअनुसार खास खास पाठशालाहरुका निमित्त अथवा नेपालका सबै प्रधान पाठशालाका निम्ति थपुवा मुख्य विषयहरु राख्न सकिन्छ। व्यवसाय शव्दको अर्थअनुसार यी मुख्य विषयहरु विद्यार्थीहरुलाई कुनै काममा योग्उ तुल्याउनु अथवा आफूले छानेको क्षेत्रमा बढ्ता शिक्षा लिन सक्ने गराउनु हो।

**सानातिना रोजगारका विषयहरु**

यी सानातिना रोजगारका विषयहरु साधारण र व्यावसायिक शिक्षाको तालीममा परिशिष्ट रुपले राख्न मनसाय गरिएका छन्। यी विषयहरुले रोज्न पाउने आधारमा व्यक्ति व्यक्तिको उद्देश्य पूरा गर्नुपर्दछ। कोही विद्यार्थीहरु फुर्सतको समयमा अध्ययन गर्न, कोही आफूले छानेको विशेष व्यवासायिक विषयलाई पूर्ति गर्न , कोही केवल आफूलाई चाख भउको हुनाले लिन्छन् र कोही महाविद्यालयका शिक्षाको तयारीलाई आवश्यक हुनाले भिन्न भिन्न पाठयक्रम रोज्नेछन्।

यसकारण यी व्यावसायिक विषयहरुको शिक्षामा शिक्षले तिनका अनेकौ भिन्न भिन्न उद्देश्यहरु जानिराख्नुपर्द५ जसका निम्ति ती शिक्षाक्रमहरु रोजिएका छन्। सामान्य व्यावसायिक उदाहरणको निम्ति रङ्गीन चित्र लेख्ने पाठयक्रम छानेको विद्यार्थीले वाणिज्यको दृष्टिकोणबाट दक्ष आफूलाई समर्थ पार्नको लागि पूरा सिपालु हुन इच्छा राख्नेछ, अर्कोले चाहि रङ्गीन चित्र लेखेकोबाट प्ाप्त हुने आनन्द भोग्नमा इच्छा गर्नेछ। यी शिक्षाक्रममा सफलताको विभिन्न माँगलाई पुर्‍याउन स्तर फितलो हुनुपर्छ।

आयोगको विश्वास छ, अधिकांश प्रधान पाठशालाहरुले तपसीलका धैरै विषयहरुको माँग गर्नेछन् : -

अंग्रेजी, हिन्दी र संस्कृत प्रत्येकलाई ५ वर्ष। चित्रकला, मूर्तिकला, रेखाचित्रण, काचका मालताल बनाउने कला, छालाको काम, धातुको सुगम काम, बुनाइ र साधारण बुट्टा नक्शा लेख्ने काम प्रत्येकलाई २ देखि ५ वर्षसम्म, बाद्यसंगीत, कण्ठगीत, संगीतबोध र लोकनृत्य प्रत्येकलाई २ देखि ५ वर्षसम्म औ साहितयबोध, पत्रकारिता, नाट्यकला र अदालतसंबन्धी ज्ञान प्रत्येकको निम्ति १ अथवा २ वर्ष। यसबाहेक रोजगारी मुख्य विषयमा गाभिएका केही पाठ्यक्रमहरु, जस्तै, रसायन र भौतिकशास्त्र, विश्व इतिहास र संसारको आर्थिक भूगोल, यान्त्रिक

रेखाचित्रण, पाकविद्या, सिलाइ र प्रौढ शिक्षण कला यी छान्न इच्छा गर्ने र त्यसमा ल्याकत बढाउन चाहने विद्यार्थीहरुको निम्ति खुला हुनुपर्दछ।

कुनै शिक्षालय यस वर्गमा ती पाठयक्रम देला, जुन शिक्षालयमा पाठयक्रम बाहिरका कार्य हुनेछन्। जस्तै, धेरै किसिमका खेल र खेलकूदका काम, पाठशालीय खेल, वादविवाद इत्यादि, शिक्षालयको पत्रिका प्रकाशन, संगीत र सांस्कृतिक कार्यक्रम यी सानातिना व्यवसायविषयी ज्ञान कसरी गराइन्छन् भन्ने कुराको वास्ता नराखेर ती शिक्षालयहरुको मुख्य अभिप्राय विद्यार्थीहरुलाई उनीहरुका अरु शैक्षिक अनुभवहरुलाई एकत्रित पार्न मद्दत गर्ने हुनुपर्दछ।

**पाठयक्रमको समय निर्धारण**

शिक्षालयका निमित्त दैनिक कार्यक्रम अथवा समय-सारणी बनाउने काम प्रधानाध्यापक र उनका कर्मचारीको जिम्मामा रहेको हुन्छ, तर यो काम कुनै निम्नतम स्तरमा निहित हुनुपर्छ भन्ने आयोगको राय छ। साधारण पाठशालीय शिक्षाको निमित्त दश वर्ष अरु धेरै मुलुकमा भन्दा दुइ वर्ष कम छ भन्ने बुझेर आयोग नेपालको माध्यमिक पाठशाला -

(१) विदाका दिनलाई छोडेर वर्षमा २००,

सामुदायिक सेवा र सामाजिक कामको लागि थप आधा दिन वा बढीसहित हप्ताको पाँच दिभन्दा नघटाई र

विश्राम, चमेना इत्यादि छोडेर वास्तविक रेखदेखमा रही पढाइको काम दिनको ६ घण्टामा नघटाई काम गर्नुपर्दछ भन्ने आयोगको राय छ। यसबाहेक आयोग स्कूलमा पढाइने घण्टाको अवधि ५० मिनेटभन्दा कम हुनुहुँदैन, तर विभिन्न संबन्धित विषयहरुको शिक्षालाई एउटै विस्तृत विषयमा गाभ्ने हो भने त त्यो अवधिलाई लम्याउन दिनु जाति होला भन्ने सल्लाह दिन्छ। खास गरेर उदाहरणार्थ, प्रधान पाठशालाका तल्ला कक्षाहरुमा "सामुदायिक स्वास्थ्य" , "पृथ्वीको उत्पति र रचना"इत्यादि गाउँले विज्ञान र समाजशास्त्रलाई एउटै विषयमा गाभ्न सकिन्छ। रचना र साहित्यलाई कि समाज शास्त्र कि विज्ञान वा दुवैसित गाभ्न सकिन्छ। कृषि वा औद्योगिक पाठयक्रम वा घरधन्दा, धेरैजसो कामलाई विस्तृत विषयमा गाभ्न सकिन्छ। यी प्रयत्नहरुलाई प्रोत्साहन र दीर्घ वा अझ दोबर एउटै समयावधि दिनुपर्छ।

एक जना विद्यार्थीको कार्यक्रममा तलको नक्साबकोजिम क्रमैसँग सामान्य विद्याबाट रोजगारी विषयहरुमा सर्दै जाने जीवसहित पाठयक्रमका तीन किसिम गाभिनुपर्छ।

विषयवार आदर्शरुप विद्यार्थीको कार्यक्रममा तलका विषय पर्नुपर्दछ -

| | |
|---|---|
| छैटौं कक्षा | नेपाली १ |
| | समाजशास्त्र १ |
| | प्रयोगात्मक विज्ञान १ |
| | प्रयोगात्मक गणित १ |
| | व्यकितगत शारीरिक विकाश १ |
| | एक व्यावसायिक विषय |
| | एक सामान्य व्यावसायिक विषय |
| सातौं कक्षा | नेपाली २ |
| | समाजशास्त्र २ |
| | प्रयोगात्मक विज्ञान २ |
| | प्रयोगात्मक गणित २ |
| | व्यकितगत शारीरिक विकाश २ |
| | एक व्यावसायिक विषय |
| | एक सामान्य व्यावसायिक विषय |
| आठौं कक्षा | नेपाली ३ |
| | समाजशास्त्र ३ |
| | प्रयोगात्मक गणित ३ |
| | व्यक्तिगत शारीरिक विकाश ३ |
| | दुइ व्यावसायिक विषय |
| | एक सामान्य व्यावसायिक विषय |
| छैटौं कक्षा | नेपाली ४ |

शिक्षा मन्त्रालय

| | |
|---|---|
| | समाजशास्त्र ४ |
| | व्यक्तिगत शारीरिक विकाश ४ |
| | तीन व्यावसायिक विषय |
| | एक सामान्य व्यावसायिक विषय |
| सातौं कक्षा | समाजशास्त्र ५ |
| | प्रयोगात्मक विज्ञान ३ |
| | व्यकितगत शारीरिक विकाश ५ |
| | तीन  व्यावसायिक विषय |
| | एक सामान्य व्यावसायिक विषय |

छुट्टाछुटै विद्यार्थीका निमित्त र कुनै कुनै मुख्य विषयमा सबै विद्यार्थीको निमित्त कार्यक्रममा सुधार गर्ने आवश्यकता पर्नेछ। विभिन्न पाठ्यक्रम र मुख्य विषयमा बढेको गाभ्ने कामको संख्याले पनि कार्यक्रम बनाउने काममा असर पर्नेछ। शिक्षामन्त्रालयले तयार पारेको सानो पुस्तकमा यी विवरण अरु बढाउनुपर्दछ र यसले पथ प्रदर्शन गर्नुपर्दछ, तर एक एक विद्यार्थीको लागि अन्तिम कार्यक्रम बनाउने प्रत्येक शिक्षालयलाई छाडिदिनुपर्दछ।

**पाठयक्रमदेखि बाहिरका कारवाई**

पाठ्यक्रमदेखि बाहिरका कारवाईमा शिक्षालयको रेखदेखभित्र तर व्यवस्थित पाठ्यक्रमका विषय बाहिरका शिक्षा रहन्छन्। अरु मुलुकमा शिक्षालयहरुमा केटाकेटीको उदास छात्रजीवनलाई सजीव तुल्याउने विद्यालयको पाठ्य पुस्तकावलीलाई झन् व्यावहारिक र क्रियाशील बनाउने तथा जीवनको झन् झन् नजिकै ल्याउने साधनको रुपमा यी कार्यहरु लागु गराइएका थिए। यिनै कारणले गर्दा ती कारवाईहरु आज पनि धेरै शिक्षालयहरुमा रहेकै छन्।

पाठ्यक्रमदेखि बाहिरका कारवाईहरु प्रयोगात्मक आधारमा शिक्षासंबन्धी परिस्थितिको परिचय दिने काममा माध्यम पनि बन्दछन्। तिनीहरु सफल प्रमाणित भएर खाँचो टार्ने हुन सके भने नियमित पाठ्यक्रमभित्र पार्न पनि सकिन्छन्। होइन भने बारम्बार पाठ्यक्रम नै फेरिरहनुभन्दा पाठ्यक्रमदेखि बाहिरका कारवाईहरुको ज्यादै फितलो र रीत नपुगेको

कार्यक्रमद्वारा तिनीहरुको प्रयोगात्मक अनुसन्धानले पाठशालाको मूल दैनिक कार्यक्रममा क्रम विथोला पार्दछन्।

पाठयक्रमदेखि बाहिरका भनी हामीले ठानेका धेरैजसो शिक्षाहरु आजकालका पाठशालाहरुमा नियमित पाठ्यक्रमभित्र सम्मिलित गरिएका छन्। खेलकूद शारीरिक शिक्षाका कार्यक्रमको एक अङ्ग छ। पत्रकारिता सिकाउने नियमित कक्षामा अथवा भाषासंबन्धी पढाइ हुने कक्षामा खास योजनाको रुपमा पाठशालीय पत्रपत्रिका तयार गरेर प्रकाश गरिन्छ। वादविवाद, कवितापाठ इत्यादि अदालती अथवा भाषण अथवा भाषाको कक्षाका अङ्ग हुन्। सांस्कृति कार्यक्रमहरु संगीत, नाटक र नृत्यकलाका पाठ्यक्रमका विशेष कल्पना हुन्। यस किसिमको व्यवस्थामा यी कारवाईहरुको प्रतिष्ठा र स्थान रहन्छ। तिनीहरु समानताको आधारमा सबैलाई प्राप्त हुन्छन् र तिनमा भाग लिनको निमित्त नियमित पाठशालीय कार्यक्रममा प्रत्येकलाई समय रहन्छ।

त्यसो हो, तापनि एउटा कुरामा होश राख्नु जरुरी छ। पाठ्यक्रमबाहिरका कारवाईहरु संधै विद्यार्थीको तर्जुमा तथा कारवाईहरु र शुरु गरिएका योजनाहरुका नियन्त्रणको उच्च मात्राबाट लक्षित गरिएका छन्। नियमित पाठ्यक्रमसंबन्धी शिक्षाहरु पनि त्यही लक्षणले अधिकृत भएको हुनुपर्दछ, तर कहिले काही तिनीहरु त्यस्ता हुँदैनन्। अवश्य नै हामीले पाठ्क्रमबाहिरका कारवाईहरुलाई पाठ्यक्रमभित्र पारेर दैनिक कार्यक्रमले बाँधिएका, अवास्तविक तथा विद्यार्थी तर्जुमा र नियन्त्रणबाट अलग हुन दिनुहुँदैन। अरुचिकर यदि ती केवल शिक्षक शासित विद्यालयका अभ्यास मात्र बन्ने हुन् भने त तिनीहरुलाई पाठ्यक्रमबाहिरका कारवाईको रुपमा छोडिदिनु नै वेस हुन्छ।

आर्दशरुपमा वादविवाद, नाटक, शिक्षालयी प्रकाशनहरु र त्यस्तै अरु भाषासाहित्य (आर्टस) संबन्धी कार्यक्रमको अङ्ग हुनुपर्छ। क्षेत्र-दिन, प्रतियोगीय खेलबहाड तथा खेलकूद, नृत्य प्रदर्शनी, एकाउटिङ्ग, प्राथमिक चिकित्सा र त्यस्तै अरु व्यक्तिगत शारीरिक विकाश कार्यक्रमका अङ्ग हुनुपर्दछ। कक्षाको कामसित संबन्ध भएका गोष्ठी त्यसैको एक अङ्ग हुनुपर्दछ। उदाहरणार्थ, क्राफ्ट क्लब (शिल्प औद्योगिक गोष्ठी) कृषिपाठ्यक्रमको अङ्ग हुनेछ, सामाजिक गोष्ठी क्लब समाजशास्त्रको अङ्ग इत्यादि। सामुदायिक योजनाहरु समाजशास्त्र, विज्ञान, घरधन्दा अथवा त्यस योजनासित संबन्धित अरु कुनै पाठ्यक्रमको अङ्ग हुनुपर्छ। यस प्रकार यो कारवाईहरुको व्यावहारिक महत्व हुन सक्तछ र तिनीहरुले नियमित पाठ्यक्रममा शक्तिमान् यथार्थवाद दिन सक्तछन्।

हरेक असल पाठशालामा पाठ्यक्रमबाहिरका केही कारवाईहरु रहनेछन् भन्ने अनुमान गरिन्छ, किनभने पाठ्यक्रम शक्तिमान् हुनै पर्छ र निरन्तर परीक्षण भइरहयो भने मात्र यो हुनसक्छ। यसरी नयाँ नयाँ कारवाईहरुको संधै परीक्षा भइरहनेछ, कहिले काही पाठ्यक्रमको अङ्गको रुपमा, कहिले काही पाठ्यक्रमबाहिरका कारवाईको रुपमा। तर झुकाउ चाहि यो कारवाईहरुलाई पाठ्यक्रमभित्र गाभ्ने दिशातिर हुनेछ।

हुनत, कुनै कुनै शिक्षालयहरु यो कारवाइलाई समाजशास्त्रभित्रै गाभेर सफल भएका छन्, अरुहरु चाहि यसलाई कार्यक्रमको बेग्लै अङ्ग मानेको खण्डमा यसले झन् राम्रोसित काम गरेको पाऊँ तापनि शायद यसमा एउटा ठूलो अपवाद विद्यार्थी शासन हुनेछ। यो छात्रजीवनको एउटा मुख्य अङ्ग हो र यसले प्रजातान्त्रिक शिक्षालयी वातावरणको एक अङ्ग हुनै पर्दछ, यो भनिरहनपर्दैन।

**शिक्षापद्धति**

विस्तृत अर्थमा पढाइका तरीकाले पाठ्यक्रमको संबन्धमा शिक्षाको कामलाई सूचित गर्दछ। मोटामोटी किसिमबाट शिक्षकको कामलाई दुइ भागमा बाँड्न सकिन्छ : - (१) पाठयक्रमसंबन्धी शिक्षाहरुको तर्जुमा गर्नु र (२) वास्तविक शिक्षाको परिस्थितिमा तिनीहरुको विकाशको निरीक्षण गर्नु। (क) वर्षभरका कामको तजुर्मा गर्नु (यसमा शिक्षकले संयुक्त योजनामा संपूर्ण सह-कर्मचारीहरुबाट र शिक्षामन्त्रालयले निकालेका विधान वा पथदर्शनबाट सहायक त हुनुपर्दछ)। (ख) २ देखि ६ हफ्ता जतिको लामो अवधिभित्र गर्ने कामको तर्जुमा गर्नु। (ग) प्रत्येक कक्षामा प्रतिदिनको कामको तर्जुमा गर्नु, अन्य कार्यसूची तथा विद्यार्थीहरुको निमित्त शैक्षिक सहायताहरु तयार पार्नु, सामग्रीहरुलाई ठाउँमा राख्नु, आवश्यक बस्तुको व्यवस्था गर्नु यस्तै किसिमका अरु कारवाई गर्न सिकाउन तत्पर रहनु शिक्षापद्धतिको अङ्ग हो। अगि अगिका धेरै शिक्षकहरु यो महत्वपूर्ण तर्जुमाको बदला कुनै पाठय पुस्तक राखेर सन्तुष्ट भएका छन्। फलतः पाठ्यक्रम अव्यवहारी,निर्जीव र अनुपयोगी हुन गए समुदाय, पाठशाला र विद्यार्थीहरुमा रहेका व्यक्तिगत भिन्नताले शिक्षकको पक्षमा विचारपूर्ण विस्तृत पूर्व तर्जुमाद्वारा मात्र हुन सक्ने अनुकूलताहरुको माँग गर्दछन्।

शिक्षकले यो तर्जुमाबाट नै आफ्ना विद्यार्थीहरुसंग भेट हुँदा आफूले प्रयोग गर्न चाहेको कार्यप्रणालिलाई जोड दिनुपर्दछ। त्यो जता पनि फर्काउन र परिवर्तन गर्न सजिलो हुने हुनुपर्दछ किनभने असल पढाइमा पहिलो कदम विद्यार्थी तर्जुमा हो र तिनीहरुले शिक्षकको तर्जुमालाई फेरे हुन्छ। तर विद्यार्थीहरुले उत्तरदायित्व र आफ्नो जीवनसमस्याको पूर्ति गर्ने व्यवस्था मिलाउन र तर्जुमा गर्न सिक्नुछ भने त तिनीहरुले वास्तवमा तर्जुमा गरेर शिक्षकका तर्जुमाहरु

बदल्नै पर्दछ। अनुमानतः यो तर्जुमा गर्ने काम र समूहको निर्णयमा भाग लिने काम पहिलो कक्षादेखि नै शुरु हुन्छ, त्यसो गर्नाले छैटौं कक्षामै विद्यार्थीहरु यस काममा बिलकुल सिपालु हुनेछन्।

विद्यार्थीहरुले पाठ्यक्रमभित्रै अध्ययनका मुख्य विषयहरु छान्नु र छलफल गर्नुपर्छ, आफ्नो उद्देश्य के हुने निश्चित गर्नुपर्छ, प्रत्येक विषयका विभिन्न समस्याहरु थाहा पाउनुपर्दछ, आफ्नो अध्ययनलाई निर्देशन गर्नको निम्ति अन्वेषणका कामहरुको निर्णय गर्नुपर्छ, आफूले पत्ता लगाएका कुराहरु मिलाउनु र रिपोर्ट गर्नुपर्छ र नतीजाको मूल्यांकन गर्नुपर्छ। तिनीहरुले विशेष विषयमा सामुदायिक निरीक्षणका भ्रमण, रेखङ्कित मानचित्रका पूर्ण विवरणात्मक योजना बनाउनुपर्छ। तिनीहरुले कुशल आगन्तुकहरुलाई भेट्ने र तिनीहरुलाई शिक्षालयमा निम्त्याउने बारेमा आफ्नो अन्वेषणमा प्रयोग गरिने पुस्तकहरुको बारेमा र कसरी आफूले पत्ता लगाएका कुराहरुको व्यवस्था तथा आफ्नो प्रगतिको लेखाजोखा गर्ने भन्ने बारेमा निर्णय गर्नुपर्दछ। तिनीहरुले आफ्नै कक्षीय परीक्षाको रचना प्रबन्ध गरेर मिलाए नम्बर चढाए हुन्छ।

फेरि तिनीहरुले समुदायलाइ नै आफ्नो कक्षा बनाउनुपर्दछ। शिक्षाका सामग्री जीवन जत्तिकै फराकिला, शिक्षालय, वरिपरिका सेरोफेरो जत्तिकै विस्तृत हुनुपर्दछ। माथि बताए झै शिक्षालयले समुदायको भुरो बन्नुपर्दछ। शिक्षलयका प्रयोगशालाहरु, पसलहरु, पुस्तकालय, सभागृह र बाँकी सारा सुविधाहरु सबै समुदायले उपयोग गरिनुपर्दछ।

पाठशालाको सबभन्दा भहत्वको काम दशौं कक्षाको आखिरीमा स्थानीय उत्तरदायी जवान लोग्नेमानिस र स्वास्नीमानिस बन्नलाई चाहिने निर्देशन र मद्दतको निम्ति धेरैजसो सिर्फ शिक्षक नै भर पर्ने केटाकेटीलाई प्रथम कक्षामा लिनु हो। प्रधान पाठशालाका वर्षभरी शुरुदेखि अन्त्यसम्म तिनीहरुको लागि शिक्षकैले सबै निर्णय गरी नै रहे भने यो हुन सक्तैन। तिनीहरु साँच्चै नै प्रभावशाली नागरिक बन्न चाहन्छन् भने तिनीहरुले नै योजना बनाउनुपर्दछ, निर्णय गर्नुपर्छ र चुक्नु पनि पर्छ। पाठ्यपुस्तकको घोकाइ र व्याख्यानहरुले प्रजातन्त्रका निम्ति चाहिने गुणहरु दिदंनन्। कक्षाभित्र र बाहिर दुवैमा विद्यालय नै जिउँदो प्रजातन्त्र हुनुपर्दछ।

**विद्यार्थीहरुका निम्ति पथप्रदर्शन**

धेरै उद्देश्य भएको ठूलो प्रधान पाठशालामा विद्यार्थीहरुलाई उनीहरुको जीवनवृत्तिका क्षेत्र र विशेष पाठ्यक्रम छान्नमा, यी पाठ्यक्रममा तिनहिरुको प्रगति तथा निजी समस्यामा उमेर पुगेकाहरुको विचारपूर्ण पथप्रदर्शन चाहिन्छ। हरेक विद्यार्थीको गाह्रोगाह्रो पर्दा यो सल्लाह लिन जाने कमसेकम एक शिक्षक हुनुपर्दछ।

हरेक असल शिक्षले आफूसंग चिनाजानी भएका केही विद्यार्थीहरुलाई यस्तो निदृेशन दिन्छ यस्तै मद्दत दिने भावनाले उसको कक्षाको तत्वज्ञानलाई प्रभाव पारेको हुन्छ। निदृेशन नै शिक्षा हो, शिक्षा नै निर्देशन हो भन्ने कथन छ अर्थात् असल पढाइ र निर्देशन समानर्थक शव्द हुन्। (परमपरागत "अधिनायकरुप गुरु"को धारणाको विरुद्ध निर्देशनको भावनाले शिक्षणलाई ढाक्नुपर्छ र शिक्षकहरुले जहिलेसुकै पनि "निर्देशन"को प्रयोग गरिरहनुपर्दछ।

तैपनि ठूलो शिक्षालयमा क्रमिक योजना छैन भने कोही कोही विद्यार्थीहरु उपेक्षित हुनु सम्भव छ जसबाट तिनीहरु दोषी सल्लाहकारको फेला पर्दछन्। सकेसम्म विद्यार्थीहरुलाई नै आफ्नो परामर्शदाता छान्न दिनुपर्दछ, तर यो बाडफाड निश्चित छ र कितापमा छरिएको हुनुपर्छ जसमा विद्यार्थीको एक परामर्शदाता छ भन्ने प्रधानाध्यापकले जानोस्। मामूली हिसाबले हरेक अध्यापकले आफ्नो हिस्साका परामर्शार्थी जिम्मा लिनै पर्दछ, तर अस्वीकारका कारण पनि हुन सक्तछन्। प्रायः ६ देखि १० कक्षासम्म विद्यार्थीहरु एउटै परामर्शदातासंग रहन्छन्।

वर्षको शुरुमा परामर्शदाताहरुले विद्यार्थीहरुलाई उनीहरुको शैक्षिक कार्यक्रम बनाउन, बाबुआमासंग बसो जीवनवृत्ति छान्नमा उनीहरुको व्यक्तिगत समस्याहरुमा र असफल जस्तो देखिएमा आवश्यक हेरफेर गर्नमा उनीहरुलाई सहायता दिनुपर्दछ। विद्यार्थीहरुलाई उनीहरुका समस्या लिएर परामर्शदाताकहाँ आउनलाई प्रोत्साहन दिनुपर्दछ, तर कदाचित् उनीहरु आएनन् भने परामर्शदाताले तिनीहरुमाथि दृष्टि राखी गोलमाल उठ्न खोज्दा कुराकानी गर्नको निमित्त आफ्नो आफिसमा बोलाउनुपर्दछ।

**विद्यार्थीहरुको प्रगति**

शिक्षाको सबभन्दा महत्वपूर्ण स्वरुपमध्ये एउटा शिक्षालयमा यथाविधि सफल प्रगतिका निम्तिको विधान र स्नातक भएपछि वास्तविक सिद्धिको भावना हो। युवकका वास्तविक र मानिएका आवश्यकता पूरा गर्ने उचित रुपले रचना गरिएको पाठ्यक्रम भए तिनीहरुका सामर्थ्यले भेट्ने गरी सुहाउँदो रुपले कक्षा मिले (अर्थात् अप्ठ्यारो पर्दा त्यहाँ रहेका विषय प्रगतिशील रुपले बढ्दै जाने भए) र शिक्षाको उद्देश्यसंग त्यसको मिलान भए मात्र यो परिणाम निस्कन सक्तछ।

यस परिच्छेदको शुरुमा उल्लेख गरिएका उद्देश्यहरु हामीले मंजूर गर्‍यौं भने, आदत, मनोभाव, बोध (उत्तरदायित्व, आत्मनिर्देशन, समयनिष्ठता, पूर्णता, कल्पना इत्यादि) कुशलता र ज्ञानमा पनि हामीले जोड दियौं भने र संक्षेपमा छात्रको यथार्थ कुराको निदिष्ट सिद्धान्त कण्ठस्थ गर्ने सामर्थ्यभन्दा निजको संपूर्ण आचरणमा हामीले जोड दियौं भने - शिषालयबाट

उसको साधारण प्रगति गराउनमा कुनै समस्या रहनेछैन। हामी शिक्षालाई उचितरुपले निर्देशन गरिएको जीवन नै मान्दछौ भने, अरुसित काम गर्ने सामर्थ्य राख्नु, आफ्नो निजी समस्या हल गर्न सक्नु, समुदायको नागरिक जीवनलाई सहायता गर्नु जीविकोपार्जन र कुशल गृहस्थ बन्नु- हामी लक्ष्य राख्छौं भने हामीहरु स्वयं युवकको शास्त्रीय पाण्डित्यसित मात्र होइन, उसको आचरणको विकाशसित समेत सरोकार राख्तछौं।

पाठशालामा पढ्ने केटाकेटीको सामान्य प्रगति उसको शारीरिक बृद्धि, समाजिक विकाश, भावुक नियन्त्रण, मानसिक शक्तिबाट अनुमान गर्न सकिन्छ। केटाकेटीको जम्माजम्मी बृद्धि र विकाशमा यिनीहरुमध्ये एउटा विषय अर्कोभन्दा कम महत्वको छ भनेर को भन्न सक्तछ? आधुनिक शिक्षाको उद्देश्यद्वारा यी सबै दर्शाइएका छन्। त्यसकारण छात्रप्रगतिको मूल्यांकनको जुनसुकै प्रणालिले पनि यी चार तत्वलाई अपनाउनुपर्दछ। परीक्षाले बृद्धिको एउटा मात्र होइन, सबै अङ्गलाई नाप्नुपर्दछ। हरेक वर्षको अनत्य र प्रधान पाठशालीय कार्यक्रमको अन्त्यमा हामीले सोध्नुपर्दछ।, यो विद्यार्थीले शारीरिक, सामाजिक, भाबुक र बौद्धिक मामूली बृद्धि र विकाश देखाएको छ त? उ एक कुरामा मात्र पनि कस्तो छ भने हामीले सोध्नुपर्दछ, "उसो भए, हामीले उसलाई उसका सहपाठीहरुसित अघि बढाउनु अथवा नयाँ जमातसंग मिलाएर नयाँ साथीहरु बनाउन लगाई उ र उसका सहपाठीहरुले असफलता सम्झने दुःखदायी हार भोग्न लाउनु के गर्न बेस होला?"समय समयमा कक्षाको वर्गीकरणमा फेरफार गर्न वा वाञ्छनीय र आवश्यक पर्न आउँदछ। कुनै केटाकेटी शारीरिक रुपले पूर्ण विकशित छैन भने उसलाई उसले राम्ररी स्पर्धा गर्न सक्ने समूहमा राखे बेस हुनेछ अथवा उ धेरै विषयमा न्यून विकशित छ भने त्यसमा अदल बदल गर्नुपर्दछ। हदै पुगेको अवस्थामा आफ्नो सामर्थ्यले भ्याएसम्म पनि काम नगर्ने विद्यार्थीलाई सारिदिनुपर्दछ (तर पहिले उसमा भएका न्यूनताको कारणका लागि शायद डाक्टर वा वैद्य द्वारा उसको परीक्षण गराउनुपर्छ)।

काम लाग्ने किसिमबाट रचिएको पाठ्यक्रम र विद्यालयी नभई आधारसंबन्धी उद्देश्यलाई लिएर प्रचलित शिक्षालयमा प्रतिवर्ष ३ देखि ५ प्रतिशतभन्दा बढी "असफलता"वा परिर्वतन हुन हुँदैन भन्ने आयोगको धारणा छ। योभन्दा बढी संख्याले शिक्षकहरु र शैक्षिक कार्यक्रमप्रति उत्तरदायी हुनेहरुलाई दोषी गराउछ। हरेक विद्यार्थीको असफलता उमेर पुगेकाहरुको एक या बढी असफलता हो।

विद्यार्थीको मूल्यांकन शिक्षाको जम्माजम्मी उद्देश्य जस्तै विस्तीर्ण र व्यापक हुनुपर्दछ। हामीहरुले काम लाग्ने कुशलता र ज्ञानको विकाश मात्र नाप्न होइन, शारीरिक सहनशक्ति र बल, चरित्र, व्यक्तितत्व, भावसंबन्धी मिलन, मित्रता, सहयोग, समान व्यवहार र यस्तै

किसिमका उद्देश्यहरुको पनि लेखा गर्नुपर्दछ। यिनीहरुलाई नाप्ने भौतिक साधनको अभावमा हामीहरुले निरीक्षण, सम्मेलन, स्वास्थ्य परीक्षा, आत्ममूल्यांकन र यस्तै साधनको सहारा लिनुपर्दछ। प्रगति पत्रका महलहरु मा यी सबै विषयहरु देखिनुपर्दछ र शिक्षक र विद्यार्थीले सहयोगपूर्वक सतत निर्धारणको प्रमाण राख्नुपर्दछ। यसो भएमा प्रत्येकले जुनसुकै बखतमा पनि विद्यार्थीको विकाशको स्तर थाहा पाउँदछ।

यहाँ उल्लेख गरिएको आधुनिक शिक्षा शास्त्रभित्र एशिया र युरोपका कुनै कुनै मुलुकहरुमा सामान्यतः मानिएको अर्थमा अन्तिम परीक्षा लाई ठाउँ छैन। यस्तो परीक्षा दिनै पर्दछ भने शिक्षाको अभिप्राय जत्तिकै धेरै नै व्यापक हुनुपर्दछ र शारीरिक, सामाजिक, उमंगसंबन्धी तथा मानसिक विकाशमाथि पनि उत्तिकै भार दिनुपर्दछ र यसले कण्ठस्य पारेको निर्दिष्ट सिद्धान्तको विपरीत मासिक शक्ति नाप्नुपर्दछ। तर वर्षभरि वारंबार गरेको प्रगति र अवच्छिन्न निर्धारणको विवरण छ भने त व्यापक अन्तिम परीक्षाबाट पाइन सकिने सबै सुचना थाहा भएको हुन्छ।

विद्यार्थीको प्रगतिको गणना राख्ने कामलाई प्रणालिबद्ध गर्न संयुक्त राष्ट्र अमेरिकाका शिक्षालयले पास प्रणालि अपनाएका छन्। एक वर्षमा सफलतापूर्वक अध्ययन गरिएको एक विषयलाई एक पास मानिएको छ। एकैचोटि विद्यार्थी आफ्नो विषयमा उत्तीर्ण भयो भने यस वापत उसलाई पास दिइन्छ, उसले प्रधान पाठशालाको वर्षभरि चाहिने पासको चाहिदो संख्या प्राप्त गर्दा उसलाई अधिकारपत्र दिइन्छ। यस परिच्छेदमा उल्लेख गरिएको माध्यमिक शिक्षाको पाठ्यक्रममा यो सिद्धान्त लगाए, एउटा विद्यार्थीले वर्षभरमा ६ या ७ पास पूरा गर्नुपर्दछ, ३० देखि ३५ पास पूरा गरेपछि अर्थात् पाँचै वर्ष पूरा गरेपछि अधिकारपत्र पाउनेछ।

यो प्रणालिअनुसार एक विद्यार्थीलाई संपूर्ण कक्षा नै नदोहोर्‍याई एक विषयमात्र दोहार्‍याउन लाउन सकिन्छ, अथवा आवश्यक परे विद्यार्थीले कार्यक्रम सिध्याउन पाँच वर्षको साटो ६ वर्ष लगाउनेछ। यो प्रणालिले शिक्षालयबाट बृद्धिको अरु स्वरुपमा होइन, केवल मानसिक विकाशमा मात्र विचार राख्ने भएकोले अनियमित ढंगबाट आफ्नो प्रगति बढाउन यी प्रणालिलाई प्रयोगमा ल्याउन विद्यार्थीहरुलाई दिनुहुँदैन।

अन्तिम परीक्षा हटाउनु भनेको स्तरलाई घटाउनु भनेको होइन। अझ खास गरेर हामीले यहाँ छलफल गरेको आचार र प्रगतिको विषयमा स्तर झन उच्चतर हुनुपर्छ। हरेक विद्यार्थीले प्रत्येक दिन आफ्नो शक्तिले भ्याएसम्म काम गर्नुपर्छ। यसमा कुनै कमी हुन गयो भने त्यो सफल मानिनेछ। तर यहाँ समर्थन गरेका पाठ्यक्रम र पद्धतिको किसिमले आयोगालाई विश्वास छ - विद्यार्थीहरु समार्थ्यले भ्याएसम्म काम गर्न चाहनेछन्, तिनीहरुलाई चाख

लाग्नेछ र शैक्षिक विधिमा उनीहरु उत्सुक हिस्सेदार बन्नेछन् तथा असफलता ज्यादै कम भएर बृद्धिमा बिलकुल थोरै अडकाउ हुनेछ।

यसबाट क्रमिक बृद्धिको समयमा प्रधानाध्यापक र शिक्षकहरु बढी र उच्चतर शिक्षाबाट विद्यार्थीले लाभ लिन सक्छ वा सक्तैन भनी राय प्रकट गर्न सक्ने स्थितिमा हुनेछन् र महाविद्यालय तथा माध्यमिककोत्तर विद्यालयहरु उच्चतर संस्थाहरुमा विद्यार्थीहरुलाई भर्ना गर्न यस्ता शिफारिसहरु स्वीकार गर्नेछन् भन्ने आशा गरिन्छ। महाविद्यालयहरुले चाहेमा ती विद्यार्थीहरुले विद्यार्थीहरुको श्रेणी र वर्गीकरणका निम्ति मात्र प्रयुक्त हुनुपर्छ।

**पाठयक्रममा लगातार सुधार**

यो परिच्छेद समाप्त गर्नुभन्दा अगाडि पाठ्यक्रममा लगातार सुधारको कार्यक्रम बारे केही कुरा भन्नुपर्दछ। परिवर्तनशील संसारले स्थानीय अवस्थाको अनुकूल पार्नलाई शक्तिशाली पाठ्यक्रम र लगातारको संयोजन पाइन्छ। दिनहुँ युवकहरुको सम्पर्कमा हुने र तिनीहरुका आवश्यकता र समस्याहरु बुझेका शिक्षकहरु नैं यी परिवर्तन राम्रोसंग मिलाउन सक्छन्। त्यसकारण आयोगले राय दिन्छ, हरेक शिक्षालयमा कर्मचारीवर्गले पाठ्यक्रमको परिवर्तन र सुधारमा क्रमानुसार ध्यान दिने व्यवस्था मिलाउनुपर्दछ। यस कुरालाई समितिहरु, शायद मासिक वा पाक्षिक सभाहरु, विशेष समाचारपत्र इत्यादि चाहिन्छ। कैयन् पाठशालाबाट निस्केका सुझाउहरुलाई बराबर भइरहने सभाहरुमा जिल्लाको शैक्षिक पदाधिकारी प्रधानाध्यापकहरुले समन्वित गर्नुपर्दछ।

**सारांश**

सारांशमा आयोगले राय दिन्छ : -

(१) माध्यमिक शिक्षाका उद्देश्यले नागरिक र राजनैतिक नेताहरु, व्यवसायी नरनारी र मुलुकको आर्थिक जीवनको नेताहरु तथा अड्डाखानाहरुमा सिपालु कर्मचारीहरु र औद्योगिक क्षेत्रमा शिल्पीहरुको शिक्षालाई जोड दिनुपर्दछ। साथसाथै मुलुकको सर्वसाधारण संस्कृति र प्रजातान्त्रिक आदर्श तथा भावनाको विकाशलाई सहायता हुनुपर्दछ।

माध्यमिक शिक्षालयको पाठयक्रमले तीन किसिमका आवश्यकतालाई मान्नुपर्दछ? - सर्वसाधारण ज्ञान, व्यवावसायिक दक्षता, सानातिना रोजगारी धन्दा।

(क) सर्वसाधारण ज्ञान वा सामान्य शिक्षामा सबै विद्यार्थीका निमित्त समाजशास्त्र, प्रयोगात्मक विज्ञान, नेपाली भाषा, प्रयोगात्मक गणित र व्यक्तिगत शारीरिक विकाश रहनुपर्दछ।

(ख) व्यावसायिक शिक्षामा हरेक विद्यार्थीले एक मुख्य विषय रोज्ने गरी व्यवसाय अधिको शिक्षा, वाणिज्य, कृषि, व्यवसाय, घरधन्दा र सर्वसाधारण महाविद्यालयको निम्ति प्रारम्भिक कामका मुख्य विषयहरु रहनुपर्दछ।

(ग) सानातिना रोजगारी शिक्षा अथवा इच्छाधीन विषयहरुमा विद्यार्थीहरुले इच्छा राखे छान्न सक्ने, तर तिनीहरुका समयको १/७ भागभन्दा बढ्ता खर्च नहुने गरी सामान्य र व्यावसायिक वर्गबाट कुनै पाठयक्रम र विदेशी भाषाहरु, ललित कला र हस्तशिल्पकला, संगीत र लोकनृत्य तथा प्रयोगात्मक भाषासंबन्धी कला हुनुपर्दछ।

माध्यमिक शिक्षालयको पाठयक्रमको शिक्षा परम्परादेखि चलिआएको विषय श्रेणीलाई काट्ने, फराकिलो, प्रयोगात्मक विषयभित्र व्यवस्थ्ा गरिनुपर्दछ।

व्यावसायिक शिक्षामा विद्यार्थीहरुलाई उपयुक्त जीवनवृत्तिको क्षेत्रमा विचारपूर्ण निर्देशन दिनलाई र जीवनवृत्तिको रोजीमा आवश्यक परे मूलहरु सुधार्न एक मुख्य विषयबाट अर्को संख्या हुन पाउने प्रबन्ध हुनुपर्छ।

व्यावसायिक शिक्षा समुदायको वास्तविक व्यवसायी आवश्यकताहरुमा आधारित हुनुपर्छ, यसमा ज्ञान र व्यवहारपटुता गाभ्नुपर्छ र सम्भव भएको बेला बेलामा शिशिक्षुता (अप्रेण्टिस) को शिक्षा पनि कार्यक्रममा राख्नुपर्छ।

सानातिना रोजगारी पाठ्यक्रममा योग्यता र अभिरुचिबाट उत्पन्न भएको विद्यार्थीहरुका व्यक्तिगत विभिन्नतालाई समाधान गर्ने र विभिन्न जीवन-यात्रामा भएका विद्यार्थीहरुको व्यक्तिगत कार्यक्रमहरु एकत्र गर्ने साधन हुनुपर्दछ र यसैले शिक्षकको योग्य निर्देशनसहित यी सानातिना रोजगारी विषयहरु निर्वाचित हुनुपर्दछ।

माध्यमिक पाठशालाको पाठ्यक्रम छैटौदेखि दशौं कक्षामा विद्यार्थीहरुको प्रगतिअनुसार सामान्य शिक्षाबाट रोजगारी शिक्षातिर विस्तार विस्तार सार्नमा जोड दिंदै, घण्टाको ५० मिनेट, दिनको ६ घण्टा, हप्ताको ५ देखि ५ १/२ दिन, वर्षको कमसे कम २०० दिनको निश्चित गरिनुपर्दछ।

पाठ्यक्रमबाहिरका कारवाईहरु, यथासंभव, प्रयोगात्मक आधारमा राखिएका छात्रहरुको शासन र कारवाईहरुबाहेक सकेसम्म पाठ्यक्रमभित्र पार्नुपर्दछ (अर्थात नियमित पाठ्यक्रमको अङ्ग बनाउनुपर्दछ)।

शिक्षाविधिले मनोविज्ञानका आधुनिक सिद्धान्तहरुको अनुसरण गर्नुपर्दछ र योजना तथा कक्षाभित्रका कारवाईहरुको निर्देशनमा, शुद्ध जीवनका ज्ञानको विस्तृत श्रृंखलामा समुदायको जीवन जति नै व्यापक शैषिक वातावरणमा र शिक्षक तथा विद्यार्थीहरुको प्रतिभाले बनाउन सके जति भिन्न भिन्न ज्ञान सामग्री र साधनहरुमा विद्यार्थीहरुले भाग लिन जोड गर्नुपर्छ।

विद्यार्थीको लागि शिक्षकहरुले नै अधिनायक नभएर पथदर्शक हुनुपर्दछ र आवश्यक परेमा प्रत्येक विद्यार्थीको व्यक्तिगत सल्लाह दिने एक निर्दिष्ट सल्लाहकार हुनुपर्छ।

शिक्षालयबाट विद्यार्थीहरुको शारीरिक, सामाजिक, भावुक र बौद्धिक विकाशलाई ढाक्ने प्रगति एक अविच्छिन्न विधि भएकोले विद्यालयसंबन्धी सिद्धिको मात्र होइन, संपूर्ण लक्ष्यहरुमा प्रगतिको अविच्छिन्न निर्धारण हुनुपर्दछ। यसले "अन्तिम परीक्षा"को आवश्यकता हटाउनेछ र विफल हुनेहरुको संख्या प्रतिवर्ष ३ देखि ५ प्रतिशतभन्दा बढी हुन हुँदैन।

"पास प्रणालि" लागु गर्नुपर्छ। यसबाट विद्यार्थीले सफलतापूर्वक पूर्ण गरेको प्रत्येक शिक्षाक्रम "पास" मा चढाइनेछ। कार्यक्रमको रचनामा बढ्ता नमनीयता ल्याउन, व्यक्तिगत भिन्नताहरुलाई अधिक स्वीकृति दिन र महाविद्यालय प्रवेश विधिलाई झन् सजिलो पार्न प्रोत्साहनको निम्ति यो प्रणालिको प्रयोग हुनुपर्छ।

हरेक शिक्षालयका कर्मचारीवर्गबाट निरन्तर स्थानीय अनुकूलता सुधार र पाठ्यक्रम अध्ययनको व्यवस्था हुनुपर्छ।

शिक्षा मन्त्रालय

# परिच्छेद १०

# उच्च शिक्षा

## भूमिका

राष्ट्रिय शिक्षा आयोग शुरुदेखि नै उच्च शिक्षाका योजनाको आवश्यकतामा सचेत छ। शायद यसको कामका अरु समस्याहरुमा यतिको एकमत भएको छैन। राष्ट्रिय पद्धतिको शिक्षालाई साँच्चिकै विस्तृत र पूर्ण पार्न उच्च शिक्षाका निम्तिको सुविचारपूर्ण योजनाभित्र संयुक्त गर्नै पर्छ भन्ने कुरामा सारा सहमत छन्।

नेपालका जनतामा एउटा राष्ट्रिय विश्वविद्यालय रहनै पर्छ भन्न ज्ञान ढीलो भए तापनि बढ्दै गइरहेछ। विश्वविद्यालयविना न त स्वतन्त्र मुलुकको प्रतिष्ठा रहन सक्छ, न समयको प्रचलित गतिसंग चल्न सकिन्छ। हरेक वर्ष सयमडौं विद्यार्थीहरु उच्च शिक्षाका निम्ति विभिन्न भारतीय विश्वविद्यालयहरुमा जान्छन्, यसले उनीहरुलाई प्रशस्त असुविधा र खर्च गराएको छ। फेरि कैयन् विद्यार्थीहरु सरकारी छात्रवृत्ति दिएर यी विश्वविद्यालयहरुमा पठाइन्छन्, यसरी सरकारको धन पनि उतातिर खिचिन्छ। एउटा विश्वविद्यालय नभएसम्म नेपालले विभिन्न जीवनमार्गमा सँधै अगुवाहरुको अभाव सहनुपर्नेछ। हामीहरुलाई शासक, चिकित्सक, यान्त्रिक, वकील, प्राध्यापक इत्यादि आवश्यक छन् र भारतीय विश्वविद्यालयहरुमा शिक्षा दिलाएर नै हामीहरु प्रशस्त संख्यामा यिनीहरुलाई पाउँला भन्ने आशा गर्नु व्यर्थ छ। फेरि बिलकुल बेग्लै काललाई केन्द्रित गरिएको ज्ञान हाम्रा शासकहरुमा छ र यही नै आज जनताका माँग र आवशयकता तथा हाम्रा शासकहरुमा निस्सन्देह ज्ञानको मिलानमा अभावको कारण छ।

यी र अरु अनेकौं कारणहरुबाट पुरानो शासनमा समेत विश्वविद्यालयको आवश्यकता ज्ञात भएको थियो र यस विषयमा गम्भीर विचार पनि गरिएको थियो। नयाँ राजनैतिक निर्माणमा विभिन्न किसिमका उच्च शैक्षिक संस्थाहरु निकै छिटो खडा हुँदा पनि यिनका कारवाईमा समानता ल्याउने कुनै प्रयत्न नहुँदा यी अनेक थरीका संस्था रपद्धतिहरुको मिलानका निम्ति मात्र भए पनि उक विश्वविद्यालय हुनु नितान्त आवश्यक भएको छ।

यी कुराहरुको विचारबाट आयोग नेपालमा सकेसम्म चाँडो एउटा विश्वविद्यालयको स्थापना हुनै पर्ने ठान्दछ। आयोग बेग्लाबेग्लै तहहरुमा विश्वविद्यालय खडा गरेर हेर्नु आवश्यक मान्दछ। तत्कालै विद्याका सम्पूर्ण शाखाहरुले युक्त एक सर्वाङ्ग विश्वविद्यालयको स्थापना

वाञ्छनीय भए तापनि असम्भव होला, तर सानो किन्तु सार्थक विश्वविद्यालय तुरुन्त खडा गर्नुपर्छ।

तर त्यसपछि पनि विश्वविद्यालयको शिक्षालाई विस्तृत राष्ट्रिय आदर्श र उद्देश्यहरुले युक्त पार्नु आवश्यक छ। अहिलेका नेपाली छात्रहरु राष्ट्रिय प्रकृतिदेखि अलि बाहिर छन्। यसबाहेक तिनीहरु राष्ट्रको हितलाई ज्यादै हानिकारक कुनै पक्षलाई बढाउनु पट्टि ढल्केका छन्। विदेशी चश्माद्वारा केही अवास्तविक किसिमबाट नेपाललाई हेर्न उनीहरुको प्रवृत्ति छ। शारीरिक श्रम र पैतृक व्यवसायमा अरुचि बढाउँछन्। यसको परिणामस्वरुप उनीहरु देशका उत्पादन नागरिक हुनुको बदला परोपजीवी वकबके मात्र बन्दछन्। उनीहरु विश्वासले प्रगतिपथमा बढिरहेका कमेठ, निर्माता, संसारका व्यवहारकुशल मानिस नभएर बढ्ता निरुद्योगी, सिद्धान्तवादी, कुस्रीबाज राजनीतिक र अलि ध्वंसात्मक आलोचक मात्र छन्।

भारतमा जस्तै बाह्य जगतबाट टाँसी लगाएको प्रत्येक हुलले अर्को निम्न हुलमाथि प्रभुत्व जगाउने हाम्रो शिक्षापद्धति यसको मुख्य कारण छ। पटना विश्वविद्यालयले महाविद्यालय (कलेज) माथि, महाविद्यालयले विद्यालय (हाइ स्कूल) माथि र विद्यालयलृ माध्यमिक र माध्यमिकले प्राथमिक पाठशालामाथि प्रभुत्व जनाएको छ। यी त्रुटिहरुलाई हटाउन हाम्रो विश्वविद्यालय, माथिबाटको अथवा बाहिरबाट पैठारी गरिएको सस्तो तयारी ठहरलेभन्दा राष्ट्रिय आदर्शहरुको प्रतीक वा सदुश र नयाँ महत्वपूर्ण भावनाले प्रेरित भएको हुनुपर्छ भन्ने निश्चय गर्नु आवश्यक छ।

राष्ट्रिय प्रतिभा व्यक्त गर्ने मनसायले र राष्ट्रिय आवश्यकता तथा परिस्थितिहरुबाट खुलेको होस्, तापनि विश्वविद्यालय सर्वोच्च राष्ट्रिय विद्यापीठ हो। विश्वविद्यालयले नै राष्ट्रको बौद्धिक भावलाई स्थिर गर्छ। यो कर्तव्य राम्ररी पूरा गर्न त्यसले सरकारको अनुचित हस्तक्षेपविना आफ्नो बौद्धिक र सामाजिक जीवनगठन गर्न स्वायत्तता पाउनुपर्छ।

उच्च शिक्षा, त्यसको अभिप्रायहरु, कार्य, संगठन र प्रबन्ध तथा यिनका निम्तिको खर्च, घरहरु, छात्रवास, पाठ्यक्रम, हिसाब, छात्रगणना र अन्य सम्बन्धित समस्याहरुको ठीक ठीक सामना गर्ने योजनाको रुपरेखा तयार पर्न यो परिच्छेदको उद्देश्य छ।

पूर्वी जगत् आफ्ना विश्वविद्यालयका कार्यहरु स्थितर गर्न यूरोप र अमेरिका दुवैबाट प्रभावित भएको छ। आफ्ना अधिकार क्षेत्रभित्रका अनेकौं महाविद्यालयहरुलाई प्रमाणिकता दिनु संसारको यस भागका धैरै विश्वविद्यालयहरुको प्रधान कार्य छ। यसमा वार्षिक परीक्षाको

व्यवस्था, पाठ्यतालिका, पढाउने तरीका, उपयोग गरिएका पाठ्यपुस्तकहरु स्थिर गर्ने तथा साधारणतः संस्थाहरुको गुण निधो गर्ने काम गाभिएको छ।

अरु विश्वविद्यालय केवल शिक्षण स.स्था छन् र संख्याको अनुपात तथा एकीकरणका निम्ति सँगै व्यवस्था गरिएका साजा पुस्तकालय, प्रायः साजा घर र खेलकूदका साजा मैदानहरुको उपयोग गर्ने एउटै क्षेत्रमा केन्द्रित विद्यालय या महाविद्यालयहरुका समूहले बनेका छन्। यी महाविद्यालयहरु एकांश जस्तो भएर काम गर्छन् र विश्वविद्यालय आफूमै पूर्ण हुन्छ। पाठ्यावली, परीक्षा, स्तर इत्यादिमा विश्वविद्यालयको प्भुत्व हुन सक्छ, तर यो विषयहरुको नियन्त्रण गर्ने व्यक्तिहरु विभिन्न महाविद्यालयका हुन्छन् र अघिल्लो अवस्थामा जस्तो तिनीहरुले खास अध्ययन कक्षादेखि छुट्टिएर अथवा टाढा बस्नृ पर्दैन।

एक तेस्रो किसिमको विश्वविद्यालयले यी कार्यहरुलाई एउटैमा मिलाउँछ। यसमा मध्यवर्ती महाविद्यालयका समूह र केन्द्रबाट टाढा रहेका महाविद्यालयहरु गाभिएका हुन्छन्। यी सबै त्यही एक विश्वविद्यालयप्रति जवाफदेही हुन्छन्। आयोगको विचारमा नेपालका निम्ति यो तेस्रो किसिमको विश्वविद्यालय ज्यादा आशास्पद छ।

भौगोलिक र जनसंख्याको विचारबाट नेपाललाई अहिले र जहिले पनि एउटा दृढ मध्यवर्ती शिक्षण विश्वविद्यालय आवश्यक छ। यसमा विद्याका सारा आवश्यक क्षेत्रका महाविद्यालयहरु गाँभिएको हुनुपर्छ। यस अतिरिक्त उदारकला महाविद्यालय अथवा कसले कम महाविद्यालयका शुरुका दुइ वर्षलाई थेग्न सक्ने कुनै कुनै बाहिरका केन्द्रहरु छन्। फेरि व्यावसायिक शिक्षा शायद परिचर्या इत्यादि क्षेत्रमा शिक्षणको ज्यादा भाग भएसम्म बाहिरका केन्द्रहरुमा कुनै यस्नै पाठयतालिका दिन सकिन्छ। थपुवा पाठयक्रमबाट अस्यायिरुपमा राजधानीबाहिर केही काम दिन सकिन्छ र अरु कामहरु स्थायी रुपमा स्थापित भएका "अबर"(जुनियर) महाविद्यालयहरुद्वारा दिन हुन्छ।

सारा विद्यालयोत्तर शिक्षालाई एउटै प्रबन्धीय संस्थाको अन्तर्गत पारेर एक केन्द्रबाट नेपालका सब महाविद्यालयहरुको सञ्चालन हुनुपर्छ। यसरी सारा आवश्यक महाविद्यालयहरुले युक्त काठमाडौंमा स्थित एउटा सुदृढ अध्यापन विश्वविद्यालयको आयोग कल्पना गर्दछ। यसबाहेक हरेक महाविद्यालय आवश्यकताअनुसार आफ्ना वरिपरिका क्षेत्रमा फैलिदै जानेछ र यी थपुवा भागहरु स्थायी वा अस्थायी जे होउन् आफ्ना छुट्टै महाविद्यालय र विश्वविद्यालयको निरीक्षणमा रहनेछन्। खास तबरबाट उदार कलाका अवसर महाविद्यालयहरु (शुरुका दुइ वर्षको काम अथवा माँग प्रशस्त छ भने अझ बढ्ता) बाहिरका ३।४ केन्द्रहरुमा स्थायी रुपमा खडा गर्न सकिन्छ। एक शहरबाट अर्को शहरमा जाने

घुमुवा दलहरुद्वारा शिक्षक महाविद्यिालयले विशेष पाठ्यक्रम दिन सक्छ। कृषिमहाविद्यालयले बाहिरका केन्द्रहरुमा प्रयोगात्मक खेत वा शाखा विद्यालय अथवा विशिष्ट पाठ्यक्रम राख्न सक्दछ। तर हरेक अवस्थामा काठमाडौंदेखि बाहिरका कामको निर्देशन राष्ट्रिय विश्वविद्यालयसित सम्बन्धित महाविद्यालयहरुबाट हुनेछ।

विश्वविद्यालयका अधिकारीवर्गले बाहिरको क्षेत्रका स्वतन्त्र महाविद्यालयहरुलाई मानयता दिनु आयोग वाञ्छनीय मान्दैन। यस्ता संस्थाहरुले विशवविद्यालयसित सम्बन्धित महाविद्यालयहरुको क्षेत्रीय कार्यमण्डल बन्नु राम्रो हुनेछ। हो, यसबाट बाहिरका केन्द्रहरुप्रति हेलचेक्रयाई पैदा हुन दिनु हुँदैन। यो संस्थाहरुतल्लो दर्जाका अनुभवहीन न्यूनवैतनिक व्यक्तिहरुबाट काम चलाउ नभएर केन्द्रीय महाविद्यालयका अध्यापकहरुले युक्त हुनुपर्छ। यदि बाहिरका महाविद्यालय या पाठ्क्रम युक्तिसंगत छन् भने तिनीहरुले समान सुविधा र कर्मचारी दल पाउनुपर्छ। पुस्तकालय राख्नै पर्छ, सरसामान र घरहरु दिनैपर्छ इत्यादि। कुनै महाविद्यालयको गुण या स्तर निश्चय गर्दा हाताभित्रको काम जत्तिकै क्षेत्रको कामलाई पनि विचारपूर्वक हेर्नुपर्छ।

यसरी मान्यता दिंदा उत्तरदायी केन्द्रीय महाविदालयमार्फत घर र मैदान दुवैमा शैक्षिक कारवाईहरुको निरीक्षण गर्नु विद्यालयका कार्यहरुमध्येकै एक कार्य हुन आउँछ।

शिक्षण, साँच्ची नै विश्वविद्यालयको ज्यादै महत्वपूर्ण कार्य हो। यसका निम्ति सुशिक्षित कर्मचारीवर्ग, योग्य व्यवसायी नेतृत्व, उत्तम पुस्तकालय र अन्य शैक्षिक सुविधाहरु हुनु आवश्यक छ। आयोग, उपाधिलाई नै प्रभावशाली शिक्षणको प्रमाण मान्दैन, तर आचार्य वा तत्सम उपाधिलाई स्थायी कर्मचारी सदस्यहरुका निम्ति योग्यताको तल्लो स्तर स्वीकार गर्दछ। आफ्ना विशिष्टताका क्षेत्रमा बढ्ने गएको संख्याले अझ बढ्ता शिक्षा पाएको हुनुपर्छ। शास्त्रीको उपाधिमात्र पाएका होनहार युवक र युवतीहरुले शिशिक्षु (अप्रेण्टिस) शिक्षकको रुपमा सेवा गर्न सक्छन, तर कर्मचारीहरुको लगातार श्रेणीबृद्धि हुनु प्रत्येक महाविद्यालयको एउटा मुख्य लक्षण हुनुपर्छ। महाविद्यालयको प्राध्यापकले नै छात्रका निम्ति ज्ञानको नयाँ बाटो पहिल्याउँछ। यसकारण विज्ञलाई नै सेवा गर्ने मौका दिनुपर्दछ।

अनुसन्धान विश्वविद्यालयको अर्को काम हो। नेपालमा अनुसन्धानको क्षेत्र झण्डै असीमित छ, तसर्थ, नेपाल राष्ट्रिय विश्वविद्यालयले अनुसन्धानका निम्ति कर्मचारीवर्गको समय, भौतिक आवश्यकता, अर्थ इत्यादिको पर्याप्त सुविधा जुटाइ दिनुपर्छ। दुइ तीन हजार वर्षभन्दा अधिक समयको आघातपूर्ण इतिहास भएको नेपाल एउटा पुरानो मुलुक छ। यसको इतिहासमा अनुसन्धानको प्रकाशले चहकिलो पार्नु पर्ने धेरै अस्पष्ट परिच्छेदहरु छन्। भौगोलिक दृष्टिबाट

पनि नेपाल एक सम्पन्न राज्य छ। आफ्ना अरण्य र जंगलहरु सहित हिमालय तथा तराई मैदानका विशाल विस्तरमा यति छन् भन्न नसकिने गुप्ती छन्। अनुसन्धानको मद्दतले कृषिमा उब्जनीलाई कैयन् गुणा बढाउन सकिन्छ। हाम्रा पहाडहरु पनि विशाल खनिज क्षेत्र पडिरहेका होलान्। पुरातत्वको क्षेत्र खोलिएकै छैन। यहाँभन्दा बहुमूल्य संस्कृत ग्रन्थको संग्रह संसारमा कही छैन्। यद्यपि लडाइँ र झगडाले धर्म र प्रदेशहरुको इतिहासलाई शुरु पारेको छ, तापनि यस कुरामा नेपाल खास भाग्यमानी छ। विभिन्न धर्ममा निष्ठा भएका मानिसले कसरी एक अर्काको धर्मको सत्यतालाई आत्मसात गरेका छन्, कसरी उनीहरु परस्पर आत्मसम्मान र सहिष्णुताको भावनामा दाजुभाइ जस्ता भएर बसी रहेछन्, यो नेपालको इतिहासमा अनुसन्धानको लागि अर्को अध्ययन छ। साँच्ची नै नेपालमा अनुसन्धानको काल अगाडि आएको छ र अनुसन्धानद्वारा यी रहस्यहरुको उद्घाटन गर्नु विश्वविद्यालयको काम हो। प्रत्येक महाविद्यालयले मुलुकलाई सांस्कृतिक वैज्ञानिक औद्योगिक, आर्थिक हरेक प्रकारबाट सम्पन्न गराउने विस्तृत अनुसन्धानिक कार्यक्रम दिनु पर्छ। यस कामको महत्वमा यसभन्दा ज्यादा जोर दिन सकिन्न।

अनुसन्धानका निम्ति ठाउँ नभएको शिक्षापद्धति निथेष्ठ र चाँडै नै गतिहीनसमेत हुन जाने सम्भव रहन्छ, यो सम्भिक्राख्नुपर्दछ। विश्वविद्यालयमा अनुसन्धान कार्यको विकाशलाई उक असल पुस्तकालय र सुसज्जित प्रयोगशाला हुनु अत्यावश्यक छ। यी दुवै नभई नहुने कुरा हुन्, तापनि विश्वविद्यालयमा अनुसन्धानका निम्तिको अनुकूल वातावरण पैदा गर्नु पुस्तकालय र प्रयोगशालाहरुभन्दा बढ्ता महत्वको कुरा छ। छात्रहरुले जुनसुकै अनुसन्धान कार्यको लागि अत्यावश्यक सोधपूछ र विश्लेषणको भावनाबाट प्रेरित हुनै पर्छ। यी सारा सुविधाहरु दिइएपछि धेरै स्नातकहरु अनुसन्धानको अभिलाषा लिएर अघि सर्नेछन् र एउटा नयाँ वातावरण पैदा हुनेछ तर यत्तिले पुग्दैन। अनुसन्धानको लागि खर्च गर्न नसक्ने सुयोग्य छात्रहरु र तिनका गुण पुरस्कृत गरिएको अनुभव गराउन प्रशंसनीय छात्रहरुका निमित्त केही अनुसन्धान छात्रवृत्तिहरु दिइनुपर्छ।

अझ विश्वविद्यालयको अर्को काम जनसेवा छ। विभिन्न महाविद्यालयहरुले समुदायिक र राष्ट्रिय कार्यक्रमहरुमा सहयोग दिनुपर्छ। लौकि विचारबाट उनीहरुले राजनीतिदेखि बिलकुल अलग रहनुपर्छ, मुलुकको सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक उन्नतिमा हरदम तत्पर रहनुपर्छ।

विशेषतः अनेकौ महाविद्यालयहरुले विभिन्न कार्यहरुमा वक्तृता दिन सक्ने वक्ताहरु दिन वक्ताविभागको व्यवस्था गर्नुपर्छ र सामुदायिक पर्यालोचन र त्यस्तै कामहरु सञ्चालन गर्न

भनिएमा गर्न चाहने समूहका निम्ति विस्तृत पाठयक्रम दिनुपर्छ। कर्मचारी सदस्यहरुले आफ्आफ्ना क्षेत्रको विषयमा पुस्तक र लेखहरु लेख्नुपर्छ। कसैले संगीत र अनय सांस्कृतिक मनोरञ्जन दिनुपर्छ। छोटकरीमा विश्वविद्यालयका कर्मचारीहरुले लोकसेवक र आफअफ्ना क्षेत्रमा नेताको रुपमा समाज र राष्ट्रको सेवा गर्न तत्पर रहनुपर्छ। यसलाई उनीहरुले त्याग्न वा पन्छयाउन हुने कुनै "अतिरिक्त"काम नठानेर आफ्ना कर्तव्यको एक अंश मान्नुपर्दछ।

लोकसेवा कार्यको एक अंगले अबर महाविद्यालयहरु र भरमुलुकमा हाम्रा टाढा रहेका स्थानहरुमा विस्तार केन्द्रको स्थापन गराउँछ। माग बलियो भएर सुविधाहरु प्राप्त हुनासाथ प्रत्येक महाविद्यालयले क्षेत्रमा आफ्नो काम बढाउने शीघ्रतातर्फ विचार गर्नुपर्दछ। अनुक्रम वा पूर्ण संस्थाको निम्तिको प्रत्येक उचित अनुरोधलाई यथासम्भव पूरा गरिदिनुपर्छ। सारा यो क्षेत्रीय काम काठमाडौंमा स्थित प्रमुख महाविद्यालयबाट संयुक्त र नियन्त्रित हुनुपर्छ। विश्वविद्यालयले कामको सारा मान्यता सम्बन्धित महाविद्यालयमार्फत दिने, ठाडै दिनेछैन। आयोगले अहिल्यै यस्तो क्षेत्र-कार्यको विस्तार सोच्नु असम्भव छ। जे होस्, यो विश्वविद्यालयका मुख्य कार्यहरुमध्येको हो र चाँडै पूरा गरिनुपर्छ।

**ठाउँ र घर**

ठाउँ र घरको रोजाइ तथा प्राप्ति विश्वविद्यालयको स्थापनासित सम्बन्धित मुख्य समस्याहरुमध्ये एउटा छ। यो काम एउटा विशेष समितिले अथवा स्थायी ठाउँ छानिनुभन्दा अघि नै विश्वविद्यालय खोलिने भए विश्वविद्यालयको अभिकारीवर्गले नै लिनुपर्छ। आयोग, यो कामलाई अस्वीकार्य मान्दैन। यस काममा ज्यादा महत्व दिन सकिन्न। विश्वविद्यालय सामान्य .....(टोन), महाविद्यालयहरुको बीच सम्बन्ध, पुस्तकालयको बल, अनुसन्धानको कार्यक्रम, पाठ्यावली र विश्वविद्यालयको प्रतिष्ठा निश्चय गर्न ठाउँ र घरको सानो महत्व हुँदैन।

आयोगको धारणामा सकेसम्म सारा महाविद्यलयहरुलाई एउटै घेराभित्र वा नजीक नजीकमा एकत्र गर्नुपर्छ। यसले एउटा साजा पुस्तकालय राख्न र पुस्तकहरुका २।३ प्रतिका निम्तिको खर्च बचाएर एउटै प्रबन्धीय कार्यकारी दलबाट काम लिन सकिने हुनाले पुस्तकालयलाई सुसम्पन्न पार्नसमेत शक्य गराउँछ। यसै गरी एउटै कार्यालय, एउटै रजिष्ट्रारको अफिस र संयुक्त छात्र निरीक्षक आदिलाई समेत यो उपाय उपयुक्त छ।

शायद पाठ्यक्रमको आदान प्रदानको चलनलाई अनुमति दिनु नै सगोल हाताका निम्तिको महत्वपूर्ण कारण हुनुपर्छ। उदाहरणार्थ, उदार कला महाविद्यालयले भाषा, गणित, समाज

शास्त्र र विज्ञानका पाठ्यक्रममा सारा महाविद्यालयहरुलाई सहायता दिएर सेवा गर्न सक्छ। शिक्षक महाविद्यालयले मनोविज्ञान र शिक्षाको सामान्य किसिम सुन्ने देख्ने साधन इत्यादिका निर्माण जस्ता विशिष्ट अध्यापन विद्याका पाठ्यक्रममा सब महाविद्यालयहरुको सेवा गर्न सक्छ। यसै गरी व्यावसायिक महाविद्यालयहरु उनीहरुका शिक्षणको व्यावसायिक दृष्टिकोणको महत्व बुझाउन सक्छन् र उदार कला महाविद्यालयले सारा छात्रहरुलाई सामान्य शिक्षा दिन सक्छ।

सम्भवतः आर्थिक समस्याबाहेक सामान्य कलाको पाठ्यावलीमा उद्देश्य र तर्क दिनु यो प्रबन्धको असाधारण लाभ छ। आजकालका धेरै छात्रहरु बी..ए. (शास्त्री) को उपाधि पूरा गरेर पनि जीविकोपार्जनका योग्य हुँदैनन्। केही मुलुकहरुले सख्त शिक्षित बेकारी भोगेका छन् किनभने उदार कला महाविद्यालयहरु हजारौका संख्यामा शिक्षित तर व्यावसायिक रीतिबाट असहाय स्नातकहरु तयार गरिरहेका छन्। नेपालमा शिक्षित बेकारीको अनुभव हुनुभन्दा अगि ६०० लाई भर्ना गरेर त्रि-चन्द्र महाविद्यालय कतिसम्म अड्न सक्ला यो एक प्रश्न हुन सक्दछ। सामान्य शिक्षा दिन उसका साधनहरुलाई लक्ष्य गरेर उदार कला महाविद्यालयका वरिपरि व्यावसायिक महाविद्यालयहरु घेरा लगे भने यसलाई हटाउन सकिन्छ।

सारा महाविद्यालयहरुलाई एकै घेराभित्र राख्नु अव्यवहारिक पनि हुन सक्छ भन्ने आयोग मान्दछ। जस्तै, कृषिमहाविद्यालयका निम्ति पशुगोठ र महाविद्यालयको नजीकै ठूला खेतहरु आवश्यकै छन् भने प्राप्य स्थाने यस्ता सुविधाहरु दिन नसक्ला (चिकित्सा र परिचर्या महाविद्यालयको नजीकमा कुनै ठूलो अस्पताल हुने पछ्र, के त्यस्तो नजीकैमा अस्पतालका सुविधाहरु भएको कुनै ठाउँ पाइएला?)

यस्ता समस्याहरु छन्, तापनि अरु मुलुकका ठूलठूला विश्वविद्यालयले सारा महाविद्यालय हरुलाई एकै घेराभित्र मिलाउन सकिने पारेका छन्। परिवर्तनीय तालिका, यसको आवागमन र अन्य प्रबन्धहरुबाट प्रयोगशाला, खेत, उपचारगृह, अस्पताल र यस्तै अन्य संस्थाहरुका बीच दूरीको समस्यलाई हल गरेका छन्। यसकारण आयोगको रायमा, अहिल्यै प्रशस्त्र ठूलो वा पछि सारा महाविद्यालयहरुलाई राख्नका निमित्त हाता बढाउन सकिने ठाउँ खोज्ने मुख्य प्रयत्न हुनुपर्छ।

किफायतको लागि यस्तो ठाउँमा केही ठूलठूला घरहरु समेत भइदिए झन् बेस हुन्छ। नयाँ घरहरु बनाउनुभन्दा तयारी भवनहरु किन्न सस्तो पर्दछ। काठमाडौंमा पाइने ठूलठूला महलहरुका संख्याबाट शिक्षा र आफ्नो मुलुकको भविष्यमा अगाध श्रद्धा राख्ने कुनै दयालु लोकहितैषीले एउटा भवन र जग्गा दिएर आफूलाई आफ्ना देशबन्धु र सन्ताको प्रेमी गराउलान्

भन्ने आशा गर्न सकिन्छ। उनका छिमेकीहरुले एक सवीगपूर्ण विश्वविद्यालयको स्थापनालाई पर्याप्त सुविधाहरु दिन नजिकैका घर जग्गाहरु अर्पण गरेर उनको प्रयत्न बढाउन पनि सम्भव छ।

आयोगको विचारमा आगामी केही समयलाई काठमाडौं विश्वविद्यालयमा १५०० देखि १८०० छात्रसंख्या हुनुपर्छ। यसले छात्रहरुको रोजाइ र आर्थिक दृष्टिबाट अयोग्यहरुको छाँटकाँटमा बढ्ता विचार रहनेछ जसबाट उपाधिक्रम पूरा गर्ने वा अन्तिम परीक्षा दिनेहरुमध्ये प्रत्येक वर्ष स्नातक हुनेको वास्तविक संख्या करीब करीब ९५ प्रतिशत हुनेछ। तल विस्तारपूर्वक बहस गरिएको विश्वविद्यालयी मान प्रणालिद्वारा यो किसिम ल्याउन सकिन्छ। यसबाट बाहिर रहेका "अबर"महाविद्यालयहरु र विस्तारित पाठ्यक्रमद्वारा थप व्यक्तिहरु तालीम गरिने र पछिल्लोका अधिकांश उप-महाविद्यालयहरु र विस्तारित पाठ्यक्रमद्वारा थप व्यक्तिहरु तालीम गरिने र पछिल्लोका अधिकांश उप-महाविद्यालयी तहमा हुनेछन् भन्ने समेत आशा छ। यो संख्याले समेत संस्थाको कर्मचारीवर्गका निम्ति योग्य व्यक्ति र हाम्रो द्रव्यसाधनमा दुःख दिनेछ। शिक्षण, परिचर्या, ग्रामविकाश कार्यकर्ताका निमित्त तालीम प्राप्त व्यक्तिहरुको ज्यादा माँग भएका कुनै कुनै ठाउँहरुको लागि बाहिरका केन्द्रहरुमा बढी संख्यालाई तालीम प्राप्त व्यक्तिहरुको ज्यादा माँग भएका कुनै कुनै ठाउँहरुको लागि बाहिरका केन्द्रहरुमा बढी संख्यालाई तालिम गर्न सकिन्छ। फेरि आयोग, पश्चिमी मुलुकहरुमा जस्तै विद्यार्थीहरुले घरमा वा "भोजनालय"हरुमा बस्ने सम्भावनालाई पनि मान्दछ। यसरी छात्रावासको सुविधा घट्न आउँछ। यसै गरी पर्याप्त अध्ययन सुविधाका साधनले सुसज्जित पाही परेर बीचमा रहेको पुस्तकालयले कुनै कुनै देशमा पाइने जस्तो स्वतन्त्र अध्ययनको बढ्ता परिमाणबाट आठ या नौ घण्टको दैनिक पढाइका निम्ति चाहिने अध्ययन कक्षाको ठाउँ र आधुनिक महाविद्यालयको व्यवस्था र योजनाको उपयोगिता प्राप्त हुनेछ। बिलकुल संकुचित ठाउँमा १५०० छात्रहरुको विश्वविद्यालय राख्न सकिने हुत्छ। हालसाल सरकारी अतिथि गृहको रुपमा (अवश्य कहिले काही) चलन गरिएको शीतल निवास जस्तो घर महान् राष्ट्रिय विश्वविद्यालयको भव्य उद्घाटनलाई सुहाउँदो छ। यो घर कृषि क्षेत्रको नजीक सुहाउँदो ठाउँमा छ। यसमा छात्रावास बनाउन हुने घरहरु छन्, अध्ययन कक्षाको लागि ठूलठूला र कार्यालय (विश्वविद्यालयका अड्डा) हरुका निम्ति साना साना कोठाहरु पनि छन्, सभा सम्मेलनको ठूलो बैठक कोठा छ। पुस्तकालयलाई बुइगल छ, पौडी खेल्न पोखरी र आवश्यक परेमा घरहरु थप्न ठाउँसमेत छ। यसमा संरक्षणको लागि गूठीसमेत भएका राम्रा राम्रा चउर छन् र अझ बढाउन पर्ने आवश्यक परेमा आसपासमै ठूलठूला घरहरुसहितका जग्गा पाइन सकिन्छ।

आयोग, यसलाई ज्यादै उपयुक्त सुव्यवस्थित र अहिले सरकारको अधीनमा रहेकोले सजिलैसित पाइन सकिने स्थान र घर माँन्दै राष्ट्रिर विशवविद्यालयको लागि चाँडै नै यो घर अर्पण गर्ने सरकारमा सिफारिस गर्दछ। कदाचित यो हुन सकेन भने अनुकूल ठाउँ खोज्ने प्रयत्न हुनुपर्छ।

**विश्वविद्यालयको प्रबन्धीय नियन्त्रण**

विश्वविद्यालयले महान् हुन र स्वेच्छापूर्वक सच्चाइसित अफ्ना आश्रितहरुको सेवा गर्न राजनीतिक प्रभाव वा नियन्त्रणदेखि पूर्णतया रहनुपर्छ। शव्दको वास्तविक अर्थमा विद्यासम्बन्धी स्वतन्त्रता हुनुपर्छ। विश्वविद्यालयले उसको प्रभुत्वको जमानी हुने र आदर्शलाई स्थिर गर्ने विधान र अधिकारपनको आधारमा खडा हुनुपर्छ।

अर्कोतिर विश्वविद्यालयलाई सामान्य शिक्षा प्रणालिदेखि अलग रहन अथवा उसमाथि अधिकार जमाउन दिन हुन। उच्च शिक्षाले सामान्य पाठशालाहरुमा आरम्भ भएको विद्यालाई समेत नभएर गाढ रुपले त्यसमा मिलेको हुनुपर्छ। सम्पूर्ण शिक्षापद्धतिको अंशरुप भएर यसले बन्दोबस्ती र साथसाथै अरु किसिमबाट समेत पूरा पद्धतिसित सम्पूर्णतया सम्बन्धित हुनुपर्छ।

नेपालको वर्तमान शासनपद्धतिमा यी दुवै सिद्धान्तको संगै पालना हुन गाह्रो छ। दोस्रो सिद्धान्तले सामान्य शिक्षाको लागि उत्तरदायी शिक्षामन्त्रीबाट प्रबन्धीय नियन्त्रणको सुझाउ गर्दछ, तर उनी संगै राजनैतिक नियोगी हुन्छन्। पहिलो सिद्धान्तले स्वायत्त नियन्त्रण सुझाउँछ, तर यसले विश्वविद्याललाई सामान्य शिक्षालयहरुबाट अलग राख्तछ र तिनीहरुमाथि शासनीय र प्रायः कलहकारी शक्ति दिन्छ।

आयोगले सातौं परिच्छेदमा सारा शिक्षाका निम्ति यी दुवै सिद्धान्त पूरा गर्ने अभिप्रायले एउटा क्रम सुझाउ गरेको छ पहिला, यसले उच्च शिक्षाको लागि उप समितिसंगै एउटा सर्वोपरि शिक्षा समिति। (अहिलेको जस्तै) को हातमा प्रबन्धीय नियन्त्रण राख्तछ। दुवै समितिका नियुक्ति मन्त्रिमण्डल वा सल्लाहकार सभा (पछि जनताको निर्वाचन) बाट हुनेछ। यिनीहरुको कार्यकाल पाँच अथवा सात वर्षको रहन्छ र प्रत्येक वर्ष पंचमांश वा सप्तमाशले अवकाश लिनुपर्छ। यसले समितिलाई स्थिरता दिनेछ र रचनामा अधिकांशको अदलीबदलीलाई ३।४ वर्ष लामो भई चतुर राजनीतिज्ञबाट समितिका व्यक्तिहरुको शौच फेरफार गरिने सम्भावनालाई हटाउँछ।

उच्च शिक्षाको तहमा ज्यादै पेचिला र धैरै समय लाग्ने समस्याहरुको सामान गर्नुपर्छ। यसकारण आयोग उच्च शिक्षा उप-समिति राख्न सुझाउ गर्छ। सामान्य समितिले सामान्य

नीति निर्माण गर्छ, प्राथमिक, माध्यमिक र प्रौढ शिक्षा विषयक विशेषताहरुको काम गर्छ र विश्वविद्यालय उपसमितिको मुख्य मुख्य कामलाई स्वीकृति दिन्छ। सामान्य समिति र उपसमितिका बीचमा कामको मेल राख्न सामान्य समितिका कमसेकम पाँच सदस्य उपसमितिमा बसेका हुनुपर्छ। उपसमितिले (अ) विश्वविद्यालय बन्दोबस्ती कर्मचारी रोज्ने र खारीज गर्ने तथा निम्न कर्मचारीवर्गका सदस्यको नियुक्तिलाई स्वकिृति दिने, (आ) विशवविद्यालयको सञ्चालन र बन्दोबस्ती नीति निर्माण गर्ने, (इ) उपाधि दिने, (ई) स्तरको रेखदेख गर्ने, (उ) नयाँ महाविद्यालयहरु, पाठ्यावली, पाठ्यक्रमलाई प्रामाणिकता दिने र विश्वविद्यालयी प्रणालिको सञ्चालनका निमित्ति सामान्यतः उत्तरदायी हुने काम गर्नेछ।

शिक्षामन्त्रीले दुवै समितिको परामर्शदाता तथा विश्वविद्यालय र सामान्य शिक्षालयहरुको अवैतनिक कार्यकारी (कुलपति) भएर काम गर्नेछन्। विश्वविद्यालय उपसमितिले प्रधान कार्यकारी अधिकारी (उपकुलपति)को निर्वाचन गर्नेछन् र त्यसको अनुमोदन मन्त्रिमण्डल वा सल्लाहकार सभाको अधीन रहनेछ। उनले उपसमितिको अनुमोदनमा विश्वविद्यालय बन्दोबस्ती अधिकारीहरु छान्नेछन्। उनले विभिन्न महाविद्यालयका प्रधानहरुलाई मनोनित गर्नेछन् र तिनीहरुको नियुक्ति उपसमिति, मन्त्रिमण्डल र सरोकारी क्षेत्रका मन्त्रीका◌ृ अनुमोदनमा निर्भर रहनेछ।

उप-कुलपतिको मातहतमा उनका (उपकुलपतिका) प्रबन्धीय अधिकारीहरु (रजिष्ट्रार कार्यप्रबन्धक प्रधान शिक्षाधिकारी, छात्रवर्गका अध्यक्ष इत्यादि), विभिन्न महाविद्यालयका प्रा-प्राध्यापक (प्रिन्सिपल) हरु र विभिन्न महाविद्यालयका परिमाणअनुसार अनुपातको आधारमा उनीहरुका साथि (सहकार्यकता) हरुबाट निर्वाचित कर्मचारीहरुको समान संख्याबाट रचिएको एउटा परिषद्ले तत्काल काम चालु गर्नेछ। कमसे कम महीनाको एक पल्ट परिषद्को सभा बस्नुपछ, तर त्यसको बृहदाकारले गर्दा बराबर भेला भएर परिषद्का कामको योजना गर्न सदस्यहरुमध्ये नै निर्वाचित पाँच वा सात व्यक्तिको एउटा परिषदीय कार्यकारी समिति निर्माण गर्नुपर्छ। यो परिषदले उप-समितिसित सम्बन्धित काम कारवाईका विषयमा परामर्शदायी संस्था र सारा महाविद्यालयहरुका आन्तरिक र सामान्य सरोकारका कुराहरुमा नीति प्रस्तावक संस्था हुनुपर्छ।

यस अतिरिक्त परिषद्लाई सल्लाह दिन, कार्यका निम्ति प्रस्तावित उपायहरुमा बहस गर्ने र सम्पूर्ण विश्वविद्यायलाई असर पर्ने प्रस्तावित नीतिहरु स्वीकार वा अस्वीकार गर्ने विश्वविद्यालय विभागले पूर्णरुपमा बराबर भेला हुनुपर्छ।

अन्त्यमा उच्च अधिकारीमा निहित नभई सरोकारी महाविद्यालयलाइ मात्र असर पर्ने आन्तरिक कुराहरुमा प्रत्येक महाविद्यालयको प्रधान र उसको विभाग जिम्मेवार रहन्छ। खास गरेर पाठ्यावलीमा परिवर्तन महाविद्यालयका विभागहरुमा शुरु हुन्छन्। यहाँ स्वकृित भएपछि ती विश्वविद्यालय विभाग र परिषद्को तह चढ्दै अन्त्यमा उपसमितिमा पुग्दछन्।

यो प्रस्तावित प्रबन्धीय नियन्त्रण र प्रशासनको विस्तृत विवरण एक खास समिति अथवा विश्वविद्यालय र महाविद्यालय प्रबन्धीय अध्यक्षहरुले तयार गरेर सूचीकरण गरी अधिकारपत्रमा समावेश गरिनुपर्छ। रेखांक १०।१ मा साधारण योजना चित्रण गरिएको छ।

प्रत्येक महाविद्यालय विभागले स्वयं आफ्ना आन्तरिक कार्यहरुको सञ्चालनको जिम्मेवारी लिनुपर्छ र अनुसन्धानमा तथा अरु विषयहरुमा आफ्नो पाठ्यवलीको उन्नतिमा मौलिकता देखाउनुपर्छ। तर सम्पूर्ण विश्वविद्यालयको लागि एकनास सामान्य नीतिहरुद्वारा यसका क्रियान्वितिको पथप्रदर्शन हुनुपर्छ। पढाइ शुल्क, प्रवेशावश्कता, स्तर, दर्ता प्रणालि, मानपद्धति, शिक्षाविधि, छात्र मार्गदर्शन कार्य आदिमा सकेसम्म उचित एकरुपता हुनुपर्छ।

विश्वविद्यालयमा एक दलको भावना फैलिनुपर्छ, सहयोग हुनुपर्छ। पहिलो विश्वविद्यालय हुनुपर्छ, कुनै एक महाविद्यालयको स्वार्थ दोस्रो। रेखांकित संगठनले अनुभवद्वारा सारा सरोकारीहरुको निम्ति निविध्न कार्यकारी प्रबन्धीय बन्धुत्वमा परिणत हुनुपर्छ।

**सामान्य पद्धति**

विश्वविद्यालय अधिकारीहरुले विकाश गर्नु पर्ने अधिकतर सामान्य पद्धतिहरु इङ्गल्याण्ड र भारतका विश्वविद्यालय प्रशासन जानिराखेका जोसुकैलाई सामान्य र परिचित छन्। आयोगको विश्वास छ, नयाँ राष्ट्रिय विश्वविद्यालयको उद्घाटनले कुनै नयाँ नीति लागू गराएर गत दश बीस वर्षको विश्वविद्यालयी शिक्षा विषयक विभिन्नि विवरणहरुमा प्रायः आक्षेप गरिएका खराबीहरुलाई सुधार्न अत्युत्तम अवसर दिनेछ।

उपयुक्त प्रबन्धीय नियन्त्रण अन्तभन्दा पश्चिमी गोलार्द्धमा बहुमा पाइने सिद्धान्त र पद्धतिहरुमा आधारित छ। यसबाट संघशासित विश्वविद्यालयहरुमा प्रायशः पाइएका समस्याहरु हल हुने आशा गरिएको छ।

माध्यमिक शिक्षालय र महाविद्यालयहरुका बीचको सम्बन्ध बारे नवौं परिच्छेदमा आयोगले विद्यालयक्रमको समाप्तिमा विद्यालयान्त वा "अन्तिम"परीक्षाको प्रथा हटाउन गरेको सिफारिस लक्ष्य गरिनुपर्छ। विद्यालयका छात्रहरु एकांग रुपले हरेक कार्यक्रमलाई पार गर्दै "मान"प्रणालिमा अघि बढ्नेछन्।

माध्यमिक शिक्षाको पाँच वर्ष सफलतापूर्वक पूरा गर्ने प्रत्येक छात्रले क्रमिक बृद्धिको प्रमाणपत्र पाउनेछ। अनुत्तीर्णहरु ३ देखि ५ प्रतिशत रहनेछन्।

तात्पर्य यो हो कि अब महाविद्यालयहरुले आफ्नै प्रदेशिका परीक्षा चालु गर्नुपर्छ। अनुमानतः विश्वविद्यालयमा प्रवेशको जुनसुकै महाविद्यालयी र कुनै कुनै व्यवसायहरुका निम्ति योग्यता निश्चय गर्न बेग्लै अतिरिक्त परीक्षा जस्तै एक सामान्य परीक्षा रहन सक्ला। उदाहरणार्थ, बहुकला महाविद्यालयको लागि यान्त्रिक योग्यता जाँच र औषध महाविद्यालय निमित्त वैज्ञानिक योग्यता जाँच हुन सक्ला।

सामान्य प्रवेशिका परीक्षामा राम्रो योग्यता देखाउने धेरै छात्रहरुलाई आफ्नो जीवनवृत्ति रोज्न मद्दतको आवश्यक पर्ला। यसको लागि शिक्षक महाविद्यालयको मद्दतबाट विद्यार्थी कार्यकर्ता प्रधानको मातहतमा एक पथदर्शन विभाग खडा गर्न आयोग सुझाउ दिन्छ। विभिन्न महाविद्यालयहरुको सहायताबाट यो विभाग सारा प्रवेशिका परीक्षा र यसपछिका मनोवैज्ञानिक, योग्यता, पथदर्शन र यस्तै सब परीक्षाहरुको सञ्चालन प्रबन्ध, यो परीक्षाका आवश्यक उल्लेखहरु राख्ने र नतीजाबारे छात्रहरुलाई सल्लाह दिने कामको जवाफदेही हुनेछ। शास्त्रीय गणना वा शास्त्रीय परीक्षाहरुमा यसले जवाफदेही रहनुहुँदैन। विभिन्न महाविद्यालयहरुलाई आवश्यक परेका विशेष परीक्षाहरुको विकाशमा पथदर्शन विभागले सहायता गर्न सक्छ। यसले छात्रहरुलाई उनीहरुको योग्यता थाहा पाउन मद्दत गरेर कुप्रबन्ध र विद्यार्थीहरुमा अवःपतनको संख्या घटाउन सक्छ।

यो आयोग पाश्चात्य जगत्का विश्वविद्यालयहरुमा प्रयोग भएको र कुनै कुनै भारतीय संस्थाहरुमा हालसालै चालु गरिएको केन्द्रीभूत विद्वद-परिषदीय पास प्रणालि अंगीकार गर्न सिफारिस गर्दछ। यसले दुइ कुरालाई मिलाउँछ। पहिलो उपकुलपतिका अफिसको सोझै निरीक्षणमा रजिष्टारको एउटै अफिस रहनेछ। यस प्रकारसारा उल्लेख्यपत्रहरु एकै प्रणालिमा एउटै केन्द्रीभूत स्थानमा राखिनेछन्। रजिष्ट्रार त विश्वविद्यालयी कार्यको गणक मात्र हुनेछन्, उनीलाई विश्वविद्यालयी अंक, नीति निश्चय गर्ने इत्यादि कुनै अधिकार हुनेछैन। यो विधिवत् महाविद्यालयहरुको भागमा पर्नेछ। उनले त उल्लेख मात्र राख्नेछन्।

दोस्रो, यसले छात्र कार्यका निम्तिको गणनालाई "पास पद्धति"(क्रेडिट सिस्टम) अंगीकार गराउँछ। विश्वविद्यालयी अंकलाई दुइ (पाण्मासिक) या चार (त्रैमासिक) भागमा बाँड्न हुन्छ र तदनुसार "पास-अवधि"(क्रेडिट-हावर) को महत्व निश्चय गर्न सकिन्छ। दृष्टान्तको लागि, एक पाण्मासिक अवधिमा प्रतिसप्ताह पाँचघण्टा बस्ने कक्षामा पाँच "पास-अवधि"रहन्छ, एक सातामा दुइ पल्ट एक एक घण्टालाई बस्ने कक्षाले दुइ पास-अवधि पाउँछ। परीक्षा र महत्व

निर्धारणका अन्य उपायहरुद्वारा कक्षा-शिक्षक (क्लास-टीचर) ले यस्तो कक्षाको सफल समाप्तिको निर्णय गर्नेछन्। शिक्षकबाट छात्रले कक्षा उत्तीर्ण भएको सुचना पाएपछि रजिस्टारले छात्रका निम्ति पास-समयको उपयुक्त संख्या उल्लेख गर्नेछन्।यदि छात्रले सामान्य तथा प्रतिसप्ताह चार घण्टाका पाँच कक्षा लिन सक्यो भने उसका निम्ति बीस पास-समय सामान्य बोझ मानिनेछ र उसले छ महीनामा २० अथवा वर्षमा ४० घण्टा पाउने आशा गरिनेछ। यसरी क्रमिक बृद्धिका निमित्त १६० घण्टा आवश्यक पर्न सक्छ।

यस योजनामा धेरै लाभ छन्। यसलृ विद्यार्थीलाई आफ्नै गतिवेगमा बढ्न प्रोत्साहन दिनेछ। उसले चाहेमा उ आफ्नो खर्च पुऱ्याउन आंशिक समयमा कुनै काम गर्न सक्छ। उसलाई आवश्यक परेमा उ ६ महीनामा निम्ति हट्न सक्छ। कुनै कुनै महाविद्यालयहरुमा विदाका महीना वा बेलुकाको समयमा राखिएका विशेष पाठ्यक्रमहरुमा सहयोग दिएर उ आफ्नो पासको अंश पाउन सक्छ। यो योजना छात्र कार्यक्रमको निर्माणलाई धेरै परिवर्तनीय सिद्ध हुनेछ।

आवश्यक परेमा छात्रले पूरा वर्षको कामलाई न दोहऱ्याईकनै एउटा कक्षा मात्र दोहऱ्याउन सक्छ, यो यसको अर्को लाभ छ। यसबाट छात्र र संस्था दुवैको हानि घट्तछ।

अन्त्यमा, यो पद्धतिले लगातार निर्धारण र महत्व अंकन गर्दछ। कुनै विद्यार्थीलाई म महाविद्यालयको अयोग्य छु भन्ने ज्ञान हुनुभन्दा पहिले २।४ वर्ष महाविद्यालयमा बरबाद गर्ने मौका हुनेछैन। अधिकांश कार्यमा न्यून देखिने वित्तिकै उ बर्खास्त गरिनेछ। जसलाई परीक्षाको लागि रट्नुभन्दा अघि दुइ वर्षको समय बरबाद गर्ने मौका हुँदैन। कुनै कुनै महाविद्यालयहरु अन्तिम परीक्षाको चलन कायम राख्न खोज्लान्, तर लगातारको निर्धारण अनुकूल भएको छात्रहरु मात्र अन्तिम परीक्षामा बस्न पाउनेछन्। यस अवस्थामा नतीजाको संख्या न्यूनतम हुन आउँछ।

विद्वतपरिषदीय परिगनाको पास-समय प्रणालिको चलनले विश्वविद्यालय प्रचलित शिक्षण तरीकामा हितकारी प्रभाव पार्नुपर्छ। अन्तिम परीक्षाका निमित्त घोक्नुभन्दा आफआफ्ना कक्षाहरुको उत्तीर्णताबाट लगातारको निर्धारण र प्रगति गर्दै आधुनिक तरीकाको प्रयोगलाई प्रोत्साहन दिएर व्याख्यान र घोकन्तीको महत्वलाई घटाउँदै लानुपर्छ।

प्रयोगशालाको काम विज्ञानमा मात्र सीमित हुन हुँदैन। सामाजिक अध्ययन (सामुदायिक सोधखोज), शिक्षा (केटाकेटीहरुको सानो सानो समहसित काम गर्नु, उपचार गृह इत्यादि), खेती, भाषा (रेडियोबाट प्रसार गरिने कुरालाई नाटकको रुपमा तयार पार्नु), परिचर्या इत्यादि (अस्पतालको अभ्यास) र ज्ञानको हरेक क्षेत्रमा यसको लाभ लिनुपर्दछ। ज्ञानलाई प्रोत्साहन

दिन, कामलाई ज्यादा व्यावहारिक गराउन र शिक्षालाई बढ्ता प्रभावशाली पार्ने सम्मेलन (सेमिनार), अदालती, बहस, तसवीर, योजना, सानातिना भ्रमण, देखिने-सुनिने साधन, सामुदायिक योजना र यस्तै अन्य अनेक उपायहरुको प्रयोग गर्न सकिन्छ।

**चित्राङ्क १०।१ विश्वविद्यालयको प्रस्तावित प्रबन्धीय नियन्त्रण कअबल गरेर राख्ने पेज १५०**

अझ धैरै किसिमका शैक्षिक साधनहरुको प्रयोग गर्न सकिन्छ। नेपालीमा नयाँ पुस्तकहरु लेख्न र मुद्रित पुस्तकहरुको अनुवाद गर्नु पर्ने धैरै काम बाँकी छन्। नक्शा, भूगोल, सुचित्रित सामान, फिल्म, स्लाइड, प्रमाणलेख र अरु धैरै साधनहरु तयार गरिनुपर्छ। अनुसन्धान कार्यक्रमको अंगरुपमा यी सामग्रीहरु तयार हुनुपर्छ र विद्यार्थीहरुले यिनको निर्माणमा मद्दत गर्नुपर्दछ। विद्यालाई सम्पन्न र अर्थपूर्ण गराउनु छ भने ज्ञानसामग्रीको स्रोत र विस्तार बढाउने गर्छ।

यो विवरणको अरु कुनै पत्रमा आयोगले उका राष्ट्रिय शिक्षा छापाखाना राख्ने सिफारिस गरेको छ। यसले विश्वविद्यालय छापाखाना हुनुको साथै उपेक्षित वा दराजको खण्डहरुमा थन्किएर रहेका कैयन् हस्तलिखित पुस्तकहरुलाई नवजीवन दिनु र कर्मचारी सदस्यहरुलाई उनीहरुकै कक्षामा उपयोग गर्ने निमित्त मुद्रित साधनहरु तयार गर्न प्रोत्साहन दिने हुनुपर्छ। अनुसन्धानसम्बन्धी र वैदेशिक सहयतालाई फिल्म तथा अन्य धैरै खर्च लाग्ने साधनहरुको उत्पादनका निमित्त लगाउन सकिन्छ। तर प्रत्येक शिक्षक,प्रत्येक विभाग र प्रत्येक महाविद्यालयले आफ्नो स्वतन्त्र स्लाइड संग्रह। तसवीरहरुको सञ्चय गर्न र नवीन शिक्षणको लागि आफ्नै सरसामान बटुल्नुपर्छ।

कुनै पनि विश्वविद्यालयको अत्यन्त महत्वपूर्ण दृष्टिकोण त्यसको पुस्तकालय छ। नेपाल एशिया महाद्वीपको उत्तर दक्षिणका संस्कृतिहरुको मिलन भूमि छ। यसले ती संस्कृतिहरुमा आफ्नो छाप लाएर हिन्दु र बौद्ध दुवै थरीका विद्वान्हरुको लागि विचार-विनिमय र उच्चतम आदर्श व्यक्त गर्ने विचारशाला प्रस्तुत गरेको छ। आक्रमणकारीहरुको निष्ठुरता अथवा कीराहरुका उपद्रवहरुले गरेर भारतबाट लोप भएका भारतीय संस्कृतिका अमूल्य निधिहरु यहाँका हाम्रा मन्दिर र चैत्य, पुस्तकालय र गुम्बाहरुमा सुरक्षित छन्। वीर पुस्तकालय, भारती भवन पुस्तकालय र खण्डमा अनुसन्धानको दृष्टिकोणबाट यो एशियाभरमा सबभन्दा ठूलो र उत्तम पुस्तकालय हुनेछ। अझ यसमा अनुसन्धानका निमित्त चाहिने आवश्यक सरसामानसमेत राखिदिइयो भने यो स्थानीय विद्वान्हरुका निमित्त मात्र होइन, किन्तु तन्त्रवाद, बौद्धदर्शन, दैवज्ञ विद्या, खगोल विद्या, औषध-विज्ञान र ललित कला समेतमा चाख भएका संसारभरका विद्वान्हरुका निमित्त सर्वोत्तम अनुसन्धान केन्द्र हुन सक्तछ। यो विश्वविद्यालयको सम्पत्ति हुनेछ।

पुस्तकालय सबलाई पाही पर्ने मध्य स्थानमा राख्नुपर्छ। यसमा फिल्म, स्लाइड, चित्र, नक्शा, सुक्ष्मदर्शक (माइक्रो) फिल्म, ढाँचा, प्रामाणिक लेखहरुको संग्रह रहनुपर्छ। फेरी ज्ञानोपार्जनका साधनहरुका अरु किसिमका साथसाथै व्यावहारिक पुस्तक, पत्र-पत्रिका र पुस्तिकाहरुको संग्रह पनि राख्नुपर्छ। यो पुस्तकालयले सम्पूर्ण शैक्षिक साधनहरुको केन्द्र बन्नुपर्छ।

पुस्तकालयमा पुस्तकालय अनुसन्धानका निमित्त आवश्यक सरसामान पनि रहनुपर्छ। सूचीपत्र, निर्देश पुस्तक, सूक्ष्मदर्शक फिल्म खिँच्ने सामान, जिल्दबन्दीका सामान, लेखकहरुको लागि एकलै सुत्ने कोठा र अनुसन्धान कार्यलाई सम्पूर्ण शैक्षिक साधनहरुको केन्द्र बन्नुपर्छ।

आयोगले दृढतापूर्वक विश्वविद्यालयको स्तरमा शिक्षाको माध्यम विषयक समस्याको सामना गरेको छ। यसले नवौं परिच्छेदमा महाविद्यालयमा जान इच्छुक विद्यार्थीहरुका निमित्त अंग्रेजी र संस्कृत अथवा हिन्दीको आवश्यकता दर्शाएको छ। तैपनि विदेशी भाषामा बाहेक अन्य समय विषयहरुमा पूर्ण योग्य छात्रहरु महाविद्यालयमा प्रवेश चाहनेछन्। आयोग, नेपाली भाषामा सामग्री अभावलाई स्वीकार गर्दछ र यो कमीलाई हटाउन तत्काल प्रयत्न गरे पनि त्यसको पूर्तिलाई १०/२० वर्षको समय लाग्नेछ। त्यसपछि पनि संसारका अन्य भागबाट तयार भएका नयाँ सामग्रीहरुलाई नेपालीमा परिणत गर्ने काम बाँकी नै रहन्छ।

शिक्षाको माध्यम लौकिक भाषा नेपाली भयो भने विद्यार्थीहरु राम्ररी र ज्यादा जान्ने हुनेछन् यो निःसन्देश छ। कक्षामा हुने बहस, व्याख्यान र अरु मौसिक शिक्षाहरु अवश्य नेपालीमा हुनसक्छ। तर इतिहास, साहित्य र हाम्रा पैत्रिक ज्ञान सम्पत्तिको मुख्य उद्गम संस्कृत लेखहरुमा भएका हरु विषयहरुमा अनुसन्धान गर्न चाहने प्रत्येक विद्यार्थीले अंग्रेजी तथा संस्कृत वा हिन्दीमा अध्ययन गर्ने योग्यता राख्नै पर्छ।

आयोगले सोचेको अर्को नीति अनिवार्य सैनिक शिक्षाको विषयमा छ। अरु मुलुकहरुमा रक्षित सेनाको निर्माण गरी त्यसद्वारा स्थायी सेनाको परिमाण र तयसका निम्तिको चालु खर्च घटाउन अर्थीय साधनको रुपमा यो प्रथा प्रचलित छ। नेपाल प्रेम र शान्तिका दूत महात्मा गौतम बुद्धको जन्भूमि हुनाले हामीहरु स्वभावतः उनको सिद्धान्तद्वारा विश्वास राख्तछौं, तर कुनै मुलुक पनि आफ्नो केही सुरक्षाविना अड्न सक्तैन। यसकारण सैनिक मितव्यय र राष्ट्रिय हितको दृष्टिबाट विश्वविद्यालयमा जाने सारा मानिसहरुलाई एक सप्ताहमा पाँच घण्टको हिसाबले दुइ वर्ष सैनिक शिक्षा र सैन्य-विज्ञानको शिक्षा अनिवार्य गर्न आयोगको सुझाउ छ। उन्नत सैन्य-विज्ञानको अतिरिक्त शिक्षा इच्छाधीन हुन र सक्रिय नोकरीमा रहेका राष्ट्रिय सेनाका सदस्यहरुबाट यो शिक्षा दिइनुपर्छ।

सेनाका अधिकारीहरु अथवा सामान्य कला महाविद्‌यालयको व्यायाम शिक्षाविभागका कर्मचारीहरुले पहाड चढ्ने-आरोहण, हिउँमा चिप्लेटी खेल्ने, बाइसिकल आदि चढ्ने, उद्धार र प्राणरक्षा, पर्यटक पथप्रदर्शन, तसवीर खिच्ने इत्यादि कामको शिक्षा दिनुपर्छ। यो र अन्य अनेकौं क्रीडाहरु, सांस्कृतिक कार्य, संगीत, नाटक, वादविवाद, कुम्हाले काम इत्यादि व्यवासायिक अथवा सोखका कामहरुको रुपमा विद्‌यार्थीहरुलाई सिकाइनुपर्छ। यिनलाई पासका कक्षा वा पाठयावलीदेखि भिन्नका कार्य मान्नुपर्छ।

नीति र कार्यहरुको यो संक्षिप्त बहस झर्को लाग्दो वा मिश्रित पार्ने उद्देश्यको होइन। हामीहरुले हाम्रा पूवीय चलनदेखि आमूल वा मौलिक परिवर्तन ल्याउने केही पद्धतिहरुमा मात्र विचार गरेका छौं। विश्वविद्‌यालयले वास्तविक रुप लिएपछि त्यसका पदाधिकारीहरुबाट अन्य धेरै पद्धतिको विकाश हुनुपर्छ।

**विश्वविद्‌यालयको अर्थ प्रबन्ध**

विचारपूर्वक विभाजन गरिएन भने राष्ट्रीय विश्वविद्‌यालय सन्चालन खर्चको मोठ अंक विशाल हुनेछ। तर धेरै आवश्यक कुराहरुको पनि विचार राख्नुपर्छ। पहिलो, महाविद्‌यालयहरु र उत्तर माध्यमिक शिक्षाका निमित्त अहिले नै प्रशस्त ठूला रकमहरु खर्च भइरहेछन्, विश्वविद्‌यालय संस्थाको मातहतमा यो खर्च सम्भवतः कायम नै रहनेछन्।

दोस्रो, (कृषि, गृहविज्ञान, परिचर्या, शिक्षक, शिक्षण, विविध-कला विषयक र अन्य) थप महाविद्‌यालयहरु प्रस्तावित छन् र छुट्ै अथवा विश्वविद्‌यालयको अङ्गरुपमा नै भए पनि यिनका स्थापनालाई खर्च लाग्दछ। वास्तवमा आयोगले कल्पाना गरेको जस्तो साजा पुस्तकालय, साजा सामान्य कला महाविद्‌यालय र स्थान तथा घरसम्बन्धी सुविधाहरुमा सहभोगी भएको विश्वविद्‌यालयको मातहतमा उक्त महाविद्‌यालयहरु खडा गर्दा कम खर्च लाग्नेछ।

तेस्रो, आयोगको योजनाले साजा परिधिभित्र एक ठूलो घरको माग गर्दछ। दानको रुपमा यो प्राप्त हुन सकेन भने यसमा प्रशस्त ठूलो रकम खर्च हुनेछ, तर अलग अलग रहेका महाविद्‌यालयहरुका निमित्त बेग्लाबेग्लै घर बनाउनुभन्दा एउटै घर बनाउन कम खर्च पर्नेछ। फेरि अहिले भइरहेका महाविद्‌यालय र शिक्षण संस्थाहरुले नयाँ ठाउँमा सरेर बहाल योग्य ठाउँ छोडिदिन सक्छन्। अविभक्त अनुकूलताहरु आर्थिक चाल हुनेछन्।

चौथो, अहिले नेपालमा उच्च शिक्षाका संस्थाहरुमा १३०० छात्र भर्ना छन्। आयोग, (व्याप्तिक्रमबाट तालीम पाएकाहरुबाहेक) स्थानीय संख्यालाई १५०० देखि १८०० भन्दा माथि

बढाउने विरोधमा सावधान गर्दछ, तर यो बृद्धिलाई पनि त्यहाँ विश्वविद्यालय थियो कि थिएन भन्ने दबाव पर्दछ। बेग्लाबेग्लै महाविद्यालयहरुभन्दा एक विश्वविद्यालयले यी दबाबहरुलाई सजिलैसित निष्पक्ष भएर नियन्त्रण गर्नेछ।

पाचौं, वर्तमान खर्च वा बेग्लाबेग्ले महाविद्यालयहरु खडा गर्न अहिले भइरहेको खर्चहरुमा विश्वविद्यालयको प्रबन्धीय कार्यालय, उपकुलपति, कार्यप्रबन्धक, रजिस्टार, शिक्षाध्यक्ष र छात्राध्यक्षका अफिसहरुको खर्च मात्र थपिनेछ। अहिले यो काम गरिरहेका अनेकौ महाविद्यालयहरुको काम माथि लेखिएका अफिसहरुबाट गरिने हुनाले यो पथ खर्चको केही अंश ती महाविद्यालयहरुका बजेटबाट खिचिनेछ। जस्तै, रजिस्ट्रार र कार्यप्रबन्धकको अफिसले खर्चको केही बचत गरी उपकुलपतिको अफिसलाई चाहिने थप खर्चको अंश उमार्न सक्तछन्।

छैटौं, केन्द्रीय पुस्तकालयको स्थापना, भवनको एउटै खण्ड र संरक्षण तथा अनेकौं महाविद्यालयका कक्षाहरुको साजा उपयोग इत्यादिबाट पनि केही किफायत गर्न सकिन्छ।

विश्वविद्यालयको स्थापनाले नेपालमा उच्च शिक्षाको लागि एक रुपियाँसम्म पनि बढी खर्च लाग्नेछैन भन्ने आयोगको धारणा छ र साधारण खर्च - प्रतिछात्र खर्च - घटाउने प्रतिज्ञा गर्दछ। आगामी २० अथवा ३० वर्षको बीचमा नयाँ महाविद्यालयहरुको स्थापना, कामको विस्तार र बर्द्धमान भर्तीबाट उच्च शिक्षाका निम्तिको खर्च बढ्नेछ। यो बृद्धि अनिवार्य छन्। यिनीहरु राष्ट्रिय विश्वविद्यालय संस्थाका र बढी किफायती प्रयत्नद्वारा निस्केका उत्तम परिणाम हुन्।

उच्च शिक्षाको लागि खर्चको प्रबन्ध - चाहे त्यो बेग्लाबेग्लै महाविद्यालयहरु वा विश्वविद्यालयबाट होस् - ज्यादा खर्चालु र गाह्रो छ। तेस्रो परिच्छेदमा हामीहरुले उचच शिक्षाको लागि आज प्रतिविद्यार्थी रु. ३०० न्यूनतम खर्च भइरहेको पायौं। अथवा बुझेका सारा मानिसहरु यसलाई उग्र खर्च मान्दछन्। यसले वार्षिक खर्च रु. ४,००,००० चार लाख पुऱ्याएको छ। तैपनि घरको संरक्षा र बृद्धि, पुस्तकालको विकाश, अनुसन्धान, नयाँ सरसामान, पुग्दो तलब र नेपालमा उच्च शिक्षालाई विश्वव्यापी स्तरमा उकाल्नका निमित्त चाहिने अन्य अत्यावशयक खर्चहरु कुनै छैनन्।

पृथक्पृथक महावद्यालयहरु वा महाविद्यालय संगठनको विचार नगरी उच्च शिक्षाका निम्तिको कोश बढाउनुपर्छ। दुइ तीन वर्षभित्र यो कोश दोबर हुनुपर्छ र दस वर्षभित्र त्यसको

पनि दुगुना हुनुपर्छ यसले सादा किसिममा २।३ महाविद्यालयहरु खडा गरेर तथा ५० देखि ७५ प्रति प्रतिशत भर्ना बढाएर स्तर उकाल्न अनुकूलता प्रदान गर्नेछ।

आयोगको विचारमा उचित पढाइ शुल्क लाउनु उचित छ र हरेक विद्यार्थीले चाहे छात्रावास अथवा शहरमा खचस घरहरुमा जहाँ होस् अफ्ना निम्ति भोजन बासस्थानको लागि केही निर्तुपर्नेछ। विश्वविद्यालयले योग्य छात्रहरुलाई तीन उपायबाट सहायता गर्नुपर्दछ। (१) गरीब र योग्य छात्रहरुका निमित्त पूर्ण र आंशिक छात्रवृत्तिको प्रबन्ध हुनुपर्छ। (२) स्वयं शिक्षाको खर्च पुऱ्याउन मद्दत गर्ने आंशिक समयको (टाइप गर्ने, सानासाना उद्योगहरु इत्यादि) काम दिन आंशिक समयको व्यवस्ाय विभाग खडा गर्नुपर्छ र (३) थोरै थोरै सापट दिने कोश राख्नुपर्छ।

पढाइ शुल्कले उच्च शिक्षाको काम चलाउने खर्चको दशमाश वा पञ्चमाश दिनेछ। बँाकी खर्च वार्षिक आमव्ययिका (बजेट) को अंशरुपमा कौशीबाट आउनुपर्छ। यी र अनय शैषिक खर्चको निम्ति कोश खडा गर्ने अरु सुझाउहरु पन्ध्रौं परिच्छेदमा पाइनेछन्।

यी चालु खर्च पुऱ्याउनुको अतिरिक्त अयोग (अ) विश्वविद्यालयका निमित्त स्थान र घरहरुको प्राप्तिमा सहायता गर्न र आवश्यक परेमा दान माग्न, (आ) विविध पुस्तक र पाण्डुलिपिका संग्रहलाई एक विशाल केन्द्रिय पुस्तकालयमा सम्मिलित पार्ने र जरुरत परेमा पुस्तक-घर र सरसामानका निम्ति चन्दा उठाउन, (इ) स्थायी गूटको लागि दान प्राप्त गर्न, (ई) छात्रवृत्ति सहायता र छात्र-सापटी कोशलाई उपहार प्राप्त गर्न, (उ) मठीय र धार्मिक गूठीहरुको जगेडालाई शैक्षिक कार्यमा खर्च हुने कोशको रुपमा परिणित गर्न प्रभा पार्न र (ऊ) ठूलो पूँजी लगाउनु पर्ने कामलाई चन्दा बटुल्नेसमेत यस्तै अरु कामहरुमा सहायता गर्नको लागि जनसेवाको जोश र भावना भएका व्यक्तिहरुको समहलाई खटाउने सुझाउ दिन्छ।

**महाविद्यालयहरु**

आयोगले भविष्यतिर दृष्टि दिएर विश्वविद्यालयमा विभिन्न महाविद्यालयहरुका आवश्यकतालाई हेर्ने प्रयत्न गरेको छ। यसले आवश्यक संस्थाको परिमाण, भविष्यमा प्रत्येक महाविद्यालयले अथार्थता प्राप्त गर्ने समय ज्ञानका विभिन्न क्षेत्रअरुको अत्यन्त किफायती वर्गीकरणको अनुमान गर्ने कोशिश गरेको छ। यी कुराहरुमा मतभेद हुन सक्छन् र एक निश्चित समान नीतिको आधारमा हरेक समस्याहरु सुनेर तिनको व्यवस्था गर्ने एक अधिकारी संस्था हुने विश्वविद्यालयको सकेसम्म चाँडो स्थापनाता निमित्त हामीहरुले बल गर्नु यसको आंशिक कारण छ। हामीहरु महाविद्यिालयको वर्गीकरण पूरा तबरले योग्य ठान्दैनौ, तैपनि तिनीहरुको

स्थापना र गठनको अधिकार कुनै मन्त्रालयहरुलाई मात्र सुम्पन पनि उचित मान्दैनौ, किनभने त्यसमा अवश्य पनि पक्षपात हुन्छ र ती विश्वविद्यालयको बृहत् योजनामा प्रस्तावित महाविद्यालयको उपयुक्त स्थान ठहऱ्या्ृन असमर्थ हुन्छन्। विश्वविद्यालयहरुका साथ नयाँ महाविद्यिालयको सम्बनध गराउन त्यसका अधिकारीहरु उचित बाटो देखाएर सहायता गर्न सकून् भन्ने अभिप्ायले विश्वविद्यालयको स्थापना हुनुभन्दा अगि कुनै थप महाविद्यालय खडा नगरिउन् भनी आयोग अनुरोध गर्दछ। यदि यसमा वृथा विलम्ब भयो भने अहिले प्रस्तावित अथवा विदेशी सहायता सम्झौताबाट प्रबन्ध गरिएका नयाँ महाविद्यालयहरुले निर्धारित समयमा अघि बढ्नुपर्छ। यसको माने विश्वविद्यालयको रचनापछि खर्चालु पुनर्बास, पुनर्गठन र फेरी पूर्वस्थिति हुन सक्छ।

फोटो कअबल पेज १५४ पछिको

विश्वविद्यालयको शीध्र रचनालाई लिएर अहिले  भएका र प्रस्तावित महाविद्यालयहरुको सम्बन्धमा आयोग निम्न सुझाउहरु प्रस्तुत गर्दछ।

**सामान्य कक्षा र विज्ञान महाविद्यालय**

त्रि-चन्द्र कलेज विशिष्ट सामान्य कला र विज्ञान महाविद्यायका निम्ति भवन, परम्परा र कर्मचारविर्ग प्रदान गर्दछ। सामान्य शिषाको मुटुको रुपमा यी महाविद्यालय नयाँ विश्वविद्यलाय खडा हुने स्थानमा सारिने अनुमान छ। यहाँ यसले विशेष गरेर बीचका वर्षहरुमा आधारभूत पाठ्यक्रमहरुबाट सारा महाविद्यालयहरुको सेवा गर्नेछ। आधारभूत विज्ञान, गणित, भाषाहरु, साहित्य, सामाजिक अध्ययनहरु सिकाइनेछन् र अनुमानतः विश्वविद्यालयका अधिकांश छात्रहरुको लागि पहिलो वा दोस्रो वर्षलाई यी विषयहरु अनिवार्य हुनेछन्।

व्यावसायिक महाविद्यालयहरुका तेस्रो चौथो वर्षमा व्यावसायिक क्रममा बढ्दै गएको महत्वले सामान्य शिक्षाक्रमको भर्तीमा लक्षित न्यूनता हुनेछ। तर यो महाविद्यालयले विज्ञान, गणित र यी क्षेत्रहरुमा प्रमुखता लिइरहेका आफ्ना छात्रगण र व्यावसायिक महाविद्यालयहरुको सेवा गर्ने मानथी गुणका उन्नत क्रमहरु दिनुपर्छ। "श्वेत गलपाश"(व्हाइट कलर) व्यवसायलाई रोक्न सामान्य कला र विज्ञानमा स्नातकहरुका संख्याको विचारपूर्वक नियन्त्रण हुनुपर्छ र यो महाविद्यालयले कुनै कुनै व्यावसायिक क्षेत्रहरुमा भूतकालकोभन्दा अझ विशेष रुपमा आफ्नो कार्यक्रम निर्देश गर्नुपर्छ भन्ने आयोगको धारणा छ।

योग्य कार्यकर्ता र सरकारी कर्मचारहिरु तयार गर्न हामीहरु यो महाविद्यालयमा कार्य विज्ञान र प्रशासन विभाग खडा गर्न सुझउ राख्तछौं (यसका निम्ति अहिले भिन्ने महाविद्यालय आवश्यक देखिदैन)। सविच टाइप मुद्रकको लागि दुइ वर्षको शिक्षा र अवर (जुनियर) बन्दोबस्ती पदहरुमा शीघ्र प्रगतिको लागि ४ वर्षको तालीम क्रम राख्न सकिन्छ।

हामीहरु संस्कति वा ललित कला र संगीत विभागको स्थापना गर्नसमेत सुझाउ गर्दछौं। कालान्तरमा यो विभागले बेग्लै महाविद्यालयको रुप लिन सक्तछ किनभने इच्छाधीन आधारमा सांस्कृतिक, ललित कला र गुणागुण ज्ञानका क्रमहरुद्वारा सारा छात्रहरुको सेवा गर्नु यसको एउटा काम हुनेछ र कुनै दिन यो कामले विश्वविद्यालयका सारा छात्रहरुलाई आकर्षण गर्न सक्तछ। यद्यपि यसको अर्को कार्य वाणिज्यक र सोखी कलाकार तथा शिक्षकहरुलाई तालीम दिने हुनेछ।

यी थप विभागहरुले व्यावसायिक महतवलाई दृढ गर्छन र विज्ञान, राजनीति, सरकारी नोकरी, व्यापर तथा सांस्कृतिक कलाहरुका क्षेत्रलाई लक्ष् गर्छन्। त्यसपछि क्रमशः अरु क्रमहरुलाई विशिष्ट कामको मौकातिर सोझ्याउन सकिन्छ। यस किसिमले मात्र महाविद्यालयले सामाजिक परमुखापेक्षीहरुभन्दा उत्पादन कार्यकर्ता तयार गर्न सक्तछ।

प्रत्येक पुरुष छात्रलाई कमसे कम दुइ वर्षको अनिवार्य सैनिक शिक्षा दिन सैनिक विज्ञान विभाग पनि यस महाविद्यालयमा थपिनुपर्छ भन्ने आयोगको अर्को सुझाउ छ। यस क्षेत्रका छात्रछात्रा दुवैलाई अनिवार्य कार्यक्रम दिन स्वास्थ्य र शारीरिक शिक्षण विभागको पनि स्थापना हुनुपर्छ।

वर्तमान समयमा त्रि-चन्द्र कलेजको अतिरिक्त सामान्य कला महाविद्यालयका लक्षण भएका अरु ३ महाविद्यालय काठमाडौंमा छन्। आयोगको सुझाउमा अहिले नै सहशैक्षिक भइराखेको सामान्य कक्षा र विज्ञान महाविद्यालयमा महिला महाविद्यालय गाभिनुपर्छ। महिलाहरुका निम्ति उस्तै पाठ्यक्रम भएको एउटा छुट्टै सानो महाविद्यालयको माग गर्नु शैक्षिक र अर्थीय दुवै दृष्टिकोणबाट न्यायोचित भन्न हुँदैन।

यस परिच्छेदमा अगाडि जनकार्यको रुपमा व्यापक पाठ्यक्रमको आवश्यकता दर्शाइएको थियो। वर्तमान रात्रि-महाविद्यालय त्रि-चन्द्र कलेजमा गाभिएर उसको व्यापक कार्यको अंश बन्नुपर्दछ। बेलुकाको पढाइको वर्तमान कार्यक्रमलाई कायम राख्न र आवशयकताअनुसार बढाउन सकिन्छ।

हालैमा संस्कृत महाविद्यालले सामान्य कला र विज्ञान महाविद्यालयमा भइराखेको कैयन् शिक्षाक्रमहरु थपेको छ। वास्तवमा त्यसका अधिकांश क्रमहरु कुनै ज्यादै कडा र थकाउने भए तापनि दोहोरिएका छन्। यसकारण संस्कृत विषयका निमित्त मात्र पृथक् कर्मचारी-मण्डलसहित वर्तमान संस्कृत महाविद्यलयले विश्वविद्यालयको एक अंगरुपमा रहनुपर्छ भन्ने आयोगको सुझाउ छ। यसरी अनावश्यक खर्चालु शिक्षाक्रमको होदोरीलाई झकेर कामलाई बलियो गराउनुपर्छ। यो बचतलाई संस्कृतको अनुसन्धानतर्फ लगाएर विभागलाई संसारको सर्वोत्तम संस्कृत अनुसन्धान केन्द्र बनाउन सकिन्छ।

विश्वविद्यालयको प्रत्येक महाविद्यालयले अनुसन्धान कार्यमा धेरै समय र शक्ति लगाउनुपर्दछ। पुरातत्व, भूगर्भशास्त्र, संस्कृत, इतिहास, संस्कृति र नेपाली भाषाको श्रबिृद्धि गर्नु सामानय कला र विज्ञान महाविद्यालयका केही मुख्य अनुसन्धान प्रयत्न हुनुपर्छ। यो काम सरोकारी विभागको मातहतमा गरिनुपर्छ तापनि महाविद्यालय अथवा विश्वविद्यालयको अनुसन्धान शाखाबाट एकीकृत हुनुपर्छ।

संक्षेपमा आयोगको सुझाव छ। त्रि-चन्द्र कलेज, संस्कृत महाविद्यालय, रात्रि महाविद्यालय र महिला महाविद्यालयले भाषा, संस्कृत अध्ययन, सामाजिक अध्ययन, गणित, विज्ञान, सैनिक विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षण, व्यापार विज्ञान र प्रशासन, ललित कला र संगीत विभागहरुसहितको एउटा सुदृढ नयाा सामान्य कला र विज्ञान महाविद्यिालयमा विलयन भएर अनय महाविद्यालयहरुलाई कार्यक्रम दिन र बढी मात्राले विशिष्ट व्यावसायिक जविन-वृत्ति क्रममा आफ्नो कार्य संचालन गर्नुपर्छ। यी क्रमहरु विश्वविद्यालयमा सारा छात्रहरुलाई पुगेर यसलाई सबभन्दा ठूलो महाविद्यालय बनाउनेछन्। तर अर्को दस वर्षका निम्ति यस महाविद्यालयमा मुख्य हुने संख्या ३००-५० भन्दा बढी हुन हुँदैन।

**कानून महाविद्यालय**

आयोगको धारणामा हालै स्थापित भएको कानुन महाविद्यालयले विश्वविद्यालयको व्यावसायिक महाविद्यालयको रुपमा कायमै रहनुपर्छ। यसले स्वीकृत अनुपाधिक कार्यक्रम तयार गरेर पूर्व कानून-छात्रहरुको रेखदेख गर्न थाल्नुपर्छ जनकार्य र अनुसन्धानलाई सहायता दानस्वरुप भविष्यमा व्यवस्थापन, संविधान र नयाँ सरकारका निम्ति कानूनहरुको रचनामा यसले मुख्य भाग लिनुपर्छ। कानूनज्ञहरुको वार्षिक माँगको अनुमानबाट अर्को दश वर्षलाई यस महाविद्यालयमा छात्रहरुको संख्यामा ५०-७५ स्तरको नियन्त्रण रहनेछ।

**शिक्षक महाविद्यालय**

सन् १९५६ मा विदेशी सहायता (यु.एस.ओ.एम.) को मद्दतबाट एक शिक्षक महाविद्यालय खोल्ने प्रबन्ध भएको छ। बाह्रौं परिच्छेदमा विस्तारसहित वर्णित यस महाविद्यालयले (अ) प्राथमिक शिक्षकहरुका निमित्त अल्पकालीन शिक्षण, (आ) शिक्षा शास्त्री (वि.एड्.) सम्मको उपाधि-क्रम, (इ) शिक्षा आचार्यसम्म पुग्ने स्नातकोत्तर (पोष्ट-ग्याजुएट) क्रम र (ई) आवश्यकतानुसार विस्तारक्रम र क्षेत्रीय कार्यहरु दिनेछ। शिक्षक महाविद्यालयले यथासम्भव सामान्य कला र विज्ञान महाविद्यालयको सामान्य शिक्षाका क्रम उपयोग गर्नेछ र व्यावसायिक कार्य जत्तिमा आफ्नै महाविद्यालयमा केन्द्रित रहनेछ। शिक्षाशास्त्री उपाधिका कामको निमित्तको अनुमानतः दुई-तिहाइ अंश सामान्य शिक्षा हुनेछ। अहिलेका योजनाले उप-महाविद्यालयी स्तरमा अल्पकालीन शिक्षण पाउनेहरुबाहेक २५० जवानका निमित्त यस महाविद्यालयमा शिक्षा दिनेछन्।

**बहुकलासम्बन्धी संस्था**

अघि कला पाठशाला (टेक्निकल स्कूल) मा सिकाइएका हस्तकला र इंनिजीयरिङ्ग तथा कुटीर लघु उद्योग शिक्षणमा अहिलेको कामलाई गाभ्ने एक बहुकलासम्बन्धी संस्था खडा गर्ने प्रस्तावहरु तयार गरिएका छन्। यस्तो एक संस्थापक आवश्यता स्पष्ट छ। खेतीलाई छोडेर अहिलेको धेरैजसो किफायती एक बहुकलासम्बन्धी संस्थाले तालीम दिन सक्ने काममा आधारित छ र भविष्यको मितव्यय यस क्षेत्रको विकाशमा निर्भर छ। नेपालका खनिज साधनहरुको अन्वेषणको आवश्यकता स्पष्ट छ। यसको लागि एउटा सुदृढ खानि विभाग हुनु जरुरी छ।

आयोगको रायमा यो विषयहरुमा शिक्षा दिने वर्तमान प्रयत्न (यू.एस.ओ.एम., फोर्ड फाउण्डेशन र युनेस्कोबाट विदेशी सहायताद्वारा प्रोत्साहन दिइएको) चालु रहनुपर्छ, संस्थाको लागि चाहिने मूल अधिकारीवर्गलाई तालीम लिनका निमित्त तत्काल समुद्रपारी पठाउनुपर्छ र उनीहरु फर्केपछि २०१३-१४ सम्ममा एउटा बहुकलासम्बन्धी संस्थापनको स्थापना हुनुपर्छ। अहिले दिइरहेको प्रधान पाठशालोत्तर (पोस्ट हाई स्कूल) शिक्षणलाई तुरन्त रोकेर कालीगड तथा अरुहरुका निम्तिसमेत विशेष अल्पकालीन शिक्षाक्रमको रुपमा विस्तारित क्रम दिन सकिन्छ।

बहुकलासम्बन्धी संस्थामा इंजिनीयरिङ्ग, खानि खन्ने, घर बनाउने, साना उद्योग र हस्तशिल्पका दृढ विभागहरु रहनुपर्छ। यसले यी सारा क्षेत्रहरुमा अनुसन्धानको प्रबल कार्यक्रम बढाउँदै लानुपर्छ। खास गरेर लघु उद्योग र हस्तशिल्पहरुमा विशेष विस्तारित कामको अतिरिक्त, अनुमानित भर्ना लगभग २०० देखि ३०० हुनुपर्छ।

**कृषि र वन महाविद्यालय**

कुनै कुनै बहुकलासम्बन्धी संस्थाहरुले कृषिविभाग पनि गाभेका छन्, तर नेपालको ८५ प्रतिशत जनता खेतीमा लागेका हुनाले आयोगको विचारमा यसका निम्ति छुट्टै महाविद्यालय रहनुपर्छ। कृषिमहाविद्यालयले अन्य महाविद्यालयहरु जस्तै सामान्य कला र विज्ञान महाविद्यालयका आधारक्रमको उपयोग गर्नेछ, तर आफ्नै महाविद्यालयमा अनुसन्धान, क्षेत्रीय कार्य र प्रयोगशाला तथा सीमित शिक्षाक्रममा यसका कामको अधिकता रहेको हुन्छ। ग्रामविकाश कार्यकर्ता र अन्य कार्षिक (कुषि विषयक) विशेषज्ञहरुको शिक्षण यस महाविद्यालयको मुख्य काम हुनेछ। कृषिमा गुणसम्पन्न कार्यकर्ताहरुको भिन्न भिन्न आवश्यकताहरुलाई पुऱ्याउन यो महाविद्यालयले अल्पकालीन र विपुल शिक्षाक्रमसहित पृथक् पृथक् अन्तरका शिक्षाक्रम दिनुपर्छ।

यी कृषिमहाविद्यालयमा ग्रामविकाश कार्यकर्ता शिक्षण, पशुपालन, पशुचिकित्सा, उद्यान, वैज्ञानिक कृषिकला, कृषि अध्ययन, कार्षिक इंजिनीयरिङ्ग र वनविभाग सम्मिलित रहनुपर्छ भनी आयोग सुझाउ गर्दछ। भर्ना अन्दाजी ३००-३५० हुनेछ।

**गृहविज्ञान महाविद्यालय**

गृहविज्ञान र ग्रामविकाश तथा विस्तार कार्यकतृहरुको रुपमा स्त्रीशिक्षाको आवश्यकता विलकुल स्पष्ट छ। अहिलेलाई कलाविषयक विदेशी सहायता (फोर्ड फाउण्डेशन)को अध्ययनमा यस्तो विद्यालयका निम्ति आद्य कर्मचारीवर्ग तालीम गरिन लागेका छन् र संवत् २०१२-१३ को ग्रीष्म ऋतुसम्ममा महिला विस्तार कार्यकर्तृहरुको वास्तविक शिक्षण शुरु गरिनुपर्छ। यो कामलाई सकेसम्म चाँडो ४-५ वर्षभित्रै महाविद्यालयी स्तरमा बढाउनुपर्छ, तर पर्याप्त संस्थामा प्रधान पाठशाला उत्तीर्ण महिलाहरु नपाइन्जेलसम्म उप-महाविद्यालयी स्तरमा अल्पकालनि शिक्षण चालु गरिनुपर्छ। गृहविज्ञान महाविद्यालयले स्नातकको उपाधिमा टुङ्गिने वस्त्र, आहार र विहार (पालन पोषण) गृह-परिचर्या र स्वास्थ्य, गृहव्यवस्था, शिशु संरक्षणको काम तथा ग्रामविकाश कार्यकर्तृ र शिक्षिकाहरुका निमित्त व्यावसायिक शिक्षण दिनुपर्छ। यसमा अर्को १० वर्षलाई सम्भवतः शताधिक छात्रा होवैनन्।

**औषध र दन्त महाविद्यालय**

वैद्य र दन्टिस्हरुको नेपालमा ठूलो खाँचो छ। रोगले प्रजाको अपहरण भइरहेछ। औलो, हैजा र अन्य अयवृत्तीय (ट्रपिकल) रोगहरु यहाँभन्दा बढ्ता संसारको अन्य कुनै भागमा एकत्र छैनन्।

जीवनको अवधि ज्याद नै छोटो छ। यो परिस्थिति केवल शोधक र निरोधक औषधिहरुबाट सुघ्रन सक्छ तैपनि नेपाल जडीबूटी र अरु वनस्पतिहरुको उत्पत्तिमा धनी छ।

सकेसम्म चाँडो एउटा औषध दन्त महाविद्यालय खडा गरिनुपर्छ। विधिअनुसार चिकित्साका यी दुइ शाखाहरु बेग्लाबेग्लै छन् तापनि किफायतीको दृष्टिबाट केही समयको लागि दन्तविद्याले आयुर्वेद महाविद्यालयको एक विभागको रुपमा रहनु उचित छ। यो महाविद्यालयकले धेरैजसो सामान्य कला र विज्ञान महाविद्यालयमा तथा केही अंशमा आफ्नै संस्थामा उपाधि परीक्षोन्मुख छात्रहरुका शिक्षणको रेखदेख र निर्देशन गर्नुपर्छ। औषधि बनाउने विभाग पनि यो महाविद्यालयको एक अङ्ग हुनुपर्छ। यसमा अर्को १० वर्षको निम्ति सम्भवतः १००-१५० भन्दा बढी छात्र होवैनन्।

**परिचर्या महाविद्यालय**

वैद्य, दन्टिस् र औषध-निर्माताहरुकै जति परिचारकहरुको महान् आवश्यकता छ। यसमा औषधिका निम्तिभन्दा कम शास्त्रीय योग्यता चाहिने र यो वृत्ति मुख्य गरी महिलाहरुका निम्ति हुनाले आयोगले बेग्लै परिचर्या महाविद्यालय (नसिङ्ग कलेज)को सुझाव राखेको छ। अहिले परिचर्या महाविदि्यालयको स्थापनामा मद्दत गर्ने दुइतिरबाट विदेशी सहायता प्राप्त छ (यू.एस.ओ.एम्. र वि.स्वा.सं.) र अविलम्ब यो मौका समात्नुपर्छ।

परिचर्या महाविद्यालयले अनेकौं समहको सेवा गर्नुपर्छ। अभ्यसिक कार्यलाई काठमाडौंका अनेकौं अस्पतालहरुको उपयोग गर्दै परिचर्याशास्त्री (वी.एन्.) वा तत्सम उपाधियुक्त दर्तावाल परिचारकहरुको शिक्षण यसको मुख्य अन्तिम लक्ष हुनुपर्छ। यस सिवाय शासक, शिक्षक, निरीक्षक र जनस्वास्थ्य विशेषज्ञहरुका निमित्त उन्नत क्रम दिनुपर्छ।

शिक्षिता महिलाहरुको पर्याप्तिको वर्तमान अभावले निम्न स्तरमा शिक्षा दिनु आवश्यक गराउँछ। नवौं परिच्छेदमा आयोगले प्रधान पाठशाला (हाइस्कूल) को दशौं कक्षामा परिचर्याको एक बर्षीय शिक्षाक्रम राख्न सुझाउ गरेको छ। परिचर्या महाविद्यालयले यो शिक्षाक्रमको सञ्चालन गर्न र प्रधान पाठशालामा न पढ्ने महिलाहरुका निम्ति विशृषक्रम दिनुपर्छ। यी क्रम नेपालका परोपकार अथवा महाविद्यालयको विस्तार विभागद्वारा सकिन्छ। यो थपुवा कार्यहरु बाहेक महाविद्यालयी स्तरमा ७५-१०० को संख्यामा भर्ना अनुमान गरिएको छ।

**अन्य महाविद्यालयहरु**

भविष्यमा अन्य महाविद्यालयहरु आवश्यक होलान्। दृष्टान्तको लागि कार्य विज्ञान र शासन, सामान्य कला र विज्ञान महाविद्यालयको सूक्ष्म कला र संगीत विभागले बृहद्रप लिएर छुट्टै

महाविद्यालय न्याय गराउँलान् कुनै दिन पशुचिकित्सा, दन्तचिकित्सा, औषध-निर्माण वा वनसम्बन्धी छुट्टै महाविद्यालय वाञ्छनीय होला। तर यो कुराहरु भविष्यमा निर्णय गर्न सकिनेछन्। उप-युल्लिखित महाविद्यालयहरु तत्काल आवश्यक छन्। यिनीहरुलाई साकार गराउन सर्वप्रयत्न हुनुपर्छ (अन्दाजी भर्ना १३७५ देखि १८२५)।

**विश्वविद्यालय**

वास्तवमा कार्यान्वित गर्नु बाहेक नेपाल राष्ट्रिय विश्वविद्यालय सत्य देखिन्छ। केही महाविद्यालयहरु छँदैछन्, कुनै दुइ वर्षभित्र खडा हुनेछन्। अर्थीय प्रबन्धको समस्या गम्भीर देखिदैन। स्थान र घरहरु प्राप्त छन्। सिर्फ एक विश्लेषकको कारवाई आवश्यक छ।

विश्वविद्यालय निर्माण आयोगको स्थापना र विश्वविद्यालयमा प्रधान कर्मचारहिरुको शिक्षाका निमित्त विदेशी सहायता (यू.एस.आ.एम) दिने कुरा भएको छ। विश्वविद्यालयको कार्यपरिणतिको आरम्भरुपमा यो सहायता तुरुन्त स्वीकार गर्नुपर्छ। उपकुलपतिको नामनिर्देशको लागि मन्त्रिमण्डलबाट विशेष समिति वा उच्च शिक्षा उपसमिति निर्माण गरेर यसबाट छानिएका व्यक्तिको नियुक्ति सदर हुनुपर्छ। अनि उनले उपसमितिलाई एक रजिस्ट्रार, कार्यप्रबन्धक, छात्राध्यक्ष र शिक्षा अध्यक्षको नाम दिनुपर्छ र मन्त्रिमण्डलले तिनीहरुको नियुक्ति सदर गर्नुपर्छ।

विदेशी सहायता दान अन्तर्गत ६ देखि १२ महीनाको शिक्षाका निम्ति पाँच जनाको दललाई समुद्रपार पठाउनुपर्छ। यिनीहरुले आधुनिक विश्वविद्यालय हरुमा गएर विश्वविद्यालय घर, व्यवस्था, पाठ्यावली, छात्र-कर्मचारी प्रबन्ध, अर्थ, साधारण व्यवस्था, कर्मचारीगण, घर र जमीनको सुरक्षा तथा विश्वविद्यालयको सञ्चालनसित सम्बन्धित अनय अनेकौं समस्याहरुको अध्ययन गर्नुपर्छ। आदर्श विश्वविद्यालयहरु हेरिसकेपछि यिनीहरुले कुनै एक विश्वविद्यालयमा ३।४ महीना बसेर त्यस कार्यमा सिपालु व्यक्तिहरुको सहायताबाट हाम्रो विश्वविद्यालयका निम्ति विस्तृत योजना तयार गर्नुपर्छ।

दोस्रो क्रमको रुपमा प्रबन्धीय दलको अनुपस्थितिमा उपसमितिले स्थान र घरहरुको खोजी गरेर विश्वविद्यालय निम्ति ज्यादै उपयुक्त आशाजनक स्थान रोज्नुपर्छ। उपसमितिले वर्तमान सरकारको उपयोगबाट हस्तान्तरित हुने, दानको रुपमा पाउने, चन्दा माग्ने वा वैधानिक कारवाईको लागि सदस्यहरुमा प्रभाव पार्ने इत्यादि सुविधाहरु प्राप्त गर्न आवश्यक जुनसुकै उपायहरुमा अड्नुपर्दछ। दलको प्रत्यागमनपछि सुविधाहरु प्राप्त हुनेछन्।

वैदेशिक अध्ययनबाट दल फर्किन्जेलसम्ममा यस परिच्छेदको शुरुमा राखिएका नीतिको अनुरुप पूर्ण संख्यामा उपसमितिको बृद्धि गरिनु तेस्रो क्रम छ।

चौथो क्रम, आवश्यक पुनर्निर्माणपछि विश्वविद्यालय अड्डा खडा हुनुपर्छ र अहिलेका विभिन्न महाविद्यालयहरुलाई सकेसम्म छिटो नयाँ अनुकूलताहरुमा ल्याउनुपर्छ।

अन्त्यमा जति जति अर्थ (खर्च) र कर्मचारहिरु प्राप्त हुँदै जान्छन् र विश्वविद्यालयको रचना तथा संगठन जति जात खँदिलो हुँदै जान्छ उति उति थप महाविद्यालयहरु खुल्नुपर्छ।

यो कार्यपरिणतिलाई खर्च थेग्न केन्द्रयि सरकारले विश्वविद्यालयका प्रबन्धीय अधिकारी र तिनीहरुका सहायकहरुको तलबलाई पुग्ने मूलधन खडा गर्नुपर्छ।

यो धनको एक हिस्सा अहिले भइराखेका म.वि.हरुको (कार्य र रजिष्ट्रार अफिसको) काम घटने हुनाले यिनका प्रबन्धीय बजेटबाट झक्नुपर्छ, अरु अंश नयाँ धन हुनुपर्छ। यस उपरान्त प्रबन्धीय दलको प्रत्यागमन र उपसमितिको पूर्णतामा बृद्धि भएपछि सारा म.वि. हरुको धनलाई गोस्वारा मूलधनको रुपमा परिणत गर्ने पढाई शुल्क लाउने, वि.वि.को अर्थयि कार्यको जिम्मा लिने अधिकार उपसमितिलाई दिनुपर्छ। (माथि उल्लेख गरेअनुसार सारा म.वि. हरुको प्रयोजनीय धनमा प्रशस्त बृद्धि अत्यन्त आवश्यक छ ) तर वि.वि.को कार्य-परिणतिले अहिको जगेडा धनका वि.वि.को प्रबन्धीय अफिसका निमित्त केही थपेर प्रगति गर्न सक्दछ।

यी कार्य विधिहरुबाहेक उपसमितिले आफ्नो रचनापछि तत्कालै वि.वि. विकाशका एक अथवा धेरै दृष्टिकोणबाट विदेशी सहायताको लागि प्रस्तावहरु तैयार गर्नुपर्छ। दृष्टान्तको लागि, व्यवसायिक विनिमय कार्यक्रमको माग हुनुपर्छ। संसारका विभिन्न भागहरुमा अनुसन्धानको काममा हाल प्रशस्त वैदेशिक सहायता खर्च भइरहेको हुनाले अनुसन्धान सहायताको लागि र गृहविज्ञान तथा लघु उद्योगहरु (फोर्ड फाउण्डेशन र सं. रा. शि.वि.सा.स.सित) मा वर्तमान वैदेशिक सहायता (यू.एस.ओ.एम) बढाउना निमित्त प्रस्ताव गर्नुपर्छ। प्रत्येक क्षेत्रमा सहायताको माग हुनुपर्छ र सहायताको हरेक सम्मान्य मुहानमा सर्तक ध्यान दिनुपर्छ जसमा कुनै पनि नमागिएको र प्राप्य सहायता उपयोग नगरिएको नरहोस्। यस कामका निमित्त सम्मान्य मुहानहरुसित परिचित हुने सहायता प्रदान गर्नु, तत्पर भिन्न भिन्न संस्थाहरुको स्वार्थ बुझ्ने, सक्ने प्रस्तावहरु तयार गरेर तिनको अनुसरण गर्नमा सिपालु हुने, वि.वि.को लागि विशेष सहायता निम्तिका अनेकौ अनुरोधहरुलाई मिलाउन सक्ने कुनै विशेषज्ञलाई उपसमितिले राख्न सक्छ। यस्तो मानिसले काम गर्‍यो भने उसको खर्चको हजार गुना बढी

आर्जन गर्न सक्छ किनभने अहिले उपयोग गरिएकोभन्दा धेरै बढ्ता विदेशी सहायता नेपालको लागि प्राप्य छ। यो राम्ररी विदितै छ।

**यस परिच्छेदमा आयोगले निम्न सुझाउहरु पेश गरेको : -**

(१) राष्ट्रिय वि.वि. शिक्षा प्रणालिको एक अत्यावश्यक अङ्ग छ र तुरन्त स्थापना हुनुपर्छ। हाम्रा वर्तमान परसार्ने प्रबन्ध असन्तोषजनक छन्।

(२) वि.वि.का मुख्य मुख्य काम हुन्- (अ) प्रमाणित गर्नु, रेखदेख राख्नु, म.वि. हरुमा उचित सम्बन्ध गराउनु, (आ) शिक्षण (इ) अनुसन्धान र (ई) प्रसार तथा क्षेत्रीय कार्यसहितको जनसेवा।

(३) नेपाल राष्ट्रिय वि.वि.ले यो सारा कर्तव्य पूरा गर्नुपर्छ। यो गर्न उसका सारा म.वि.हरुलाई यथासम्भव एउटै गोस्वारा परिधिभित्र राख्नुपर्छ।

(४) काठमाडौंमा अझै पनि कुनै ठूल्ठूला महलहरु पाइन सकिने हुनाले वि.वि. का निमित्त एक अनुकूल स्थान र घर तुरुन्त पाउनुपर्छ। अहिले सरकारी अतिथि गृहको रुपमा कहिले कहीमात्र उपयोग गरिने शीतल निवास वि.वि.का निमित्त आदर्श प्रारम्भिक स्थान दिन्छ।

(५) प्रबन्धीय तरीकामा वि.वि.ले राजनैतिक प्रभावबाट बिलकुल मुक्त रही अन्य शैक्षिक कारवाईसित निकटतम सम्बन्ध राख्नुपर्छ। यसको पूर्तिका निम्ति शिक्षामन्त्रीको अवैतनिक कुलपतित्वमा शिक्षा समितिको मातहत उच्च शिक्षा उपसमितिको हालमा नियन्त्रण रहनुपर्दछ।

(६) उपसमितिले नियुक्त गर्ने वि.वि.का कार्यकारी अधिकारीहरुमा उपकुलपति, छात्राध्यक्ष, शिक्षाध्यक्ष, कार्यप्रबन्धक र रजिष्ट्रार रहनेछन्।

(७) आन्तरिक प्रबन्धमा कार्यकारी अधिकारहिरुले उक संसदबाट सहायित हुनुपर्छ। यो संसद महाविद्यालयका प्रधान र प्रतिनिधि विभाग सदस्यहरु सिङ्गै विश्वविद्यालय विभाग र आफ्आफ्ना महाविद्यालयहरुमा विभिन्न महाविद्यालयका विभागहरुद्वारा निर्मित हुनुपर्छ।

(८) विश्वविद्यालय र उसका महाविद्यालयहरुले प्रधान पाठशालीय पाठ्यावलीलाई आफ्नो ढाँचामा ढाल्ने प्रयतन गर्न हुँदैन। बरु तिनीहरुले विशिष्ट महाविद्यालयहरुका निम्ति आवश्यकतानुसार विशेष योग्यता परीक्षासहित विश्वविद्यालयको लागि एक सामान्य प्रवेशिका चालु गर्नुपर्छ।

(९) विश्वविद्यालयले सारा महाविद्यालयका छात्रहरुलाई वैयक्तिक र व्यावसायिक वृत्ति समस्यामा मद्दत गर्न अशास्त्रीय परीक्षाहरुमा अनुसन्धानको सञ्चालन र प्रेरणा दिन पथदर्शन विभाग राख्नुपर्छ।

(१०) अन्तिम परीक्षामा कम महत्व राख्न र छात्र कार्यक्रममा बढ्ता परिवर्तनीयता दिन बुद्धिमान् छात्र-कार्यसित संयक्त आधुनिक शास्त्रीय गणना तथा विश्वविद्यालयको

एउटै रजिस्ट्रारको मातहतमा छात्र प्रगतिका विधियुक्त केन्द्रभूत शास्त्रीय पास-प्रणालि खडा गर्नुपर्छ।

(११) नवीन प्रयोगमा मिल्दो गराउन शिक्षा प्रणालिमा सुधार्ने हुनुपर्छ। नयाँ शैक्षिक साधनहरु उपयोग गरिनुपर्छ र ज्ञानका सामग्री र प्रणालिहरुको अनेक प्रकार कुञ्जी हुनुपर्छ।

(१२) अध्ययन र अनुसन्धानको केन्द्र रुपमा एक विशाल केन्द्रीय पुस्तकालयको स्थापना हुनुपर्छ। निजी संग्रहहरुलाई पनि सकेसम्म चाँडो यस पुस्तकालयमा गाभ्ने प्रयत्न होस्। सम्पूर्ण किसिमका शैक्षिक साधन र अनुसन्धानका उपकरणहरुसमेत रहने गरी पुस्तकालयलाई बढाउनुपर्छ।

(१३) विश्वविद्यालयमा मौखिक र लिखिय शिक्षाको माध्यम नेपाल िहुनुपर्छ, तर हामीलाई संसारका विकाशहरुसित दाँजिनु छ भने हाल केही वर्षका निम्ति मात्र होइन, आगामी वर्षौसम्मलाई हिन्दी र अंग्रेजीमा वाचनको योग्यता अत्यावश्यक छ।

(१४) प्रत्येक पुरुष छात्रको लागि कमसेकम दुइ वर्षको अनिवार्य सैनिक शिक्षा र इच्छा हुनेका निम्ति थप दुइ वर्षको उन्नत सैनिक-विज्ञान इच्छाधीन राखिनुपर्छ।

(१५) विश्वविद्यालयका निम्ति अहिले चलिरहेका र प्रस्ताविक महाविद्यालयहरुमा भइरहेको खर्चमा ज्यादै थोरै खर्च थप चाहिनेछ। तर उच्च शिक्षामा अहिलेको जम्मा खर्च।

(१६) अन्य मात्रामा पढाई शुल्क र छात्रावास तथा पाकशालाको परल खर्च लिनुपर्छ, तर गरीब र योग्य छात्रहरुल्काई केही पूरा तथा आंशिक समयको काम पाउन मद्दत गर्नुपर्छ र तिनीहरुले सापट पाउने र कम मौजदात राख्नुपर्छ।

(१७) चन्दा जम्मा गर्ने कामहरुमा मद्दत गर्ने उक विशेष समिति राख्नुपर्छ।

(१८) त्रि-चन्द्र कलेजले सामान्य कला र महाविद्यालयको सत्व बन्नुपर्छ। महिलामहाविद्यालय, रात्रिमहाविद्यालय र संस्कृतमहाविद्यालय (त्रि-चन्द्र कलेज) मा विलीन गरिनुपर्छ। यसमा कार्य विज्ञान र प्रशासन, सैनिक-विज्ञान, स्वास्थ्य र व्यायाम शिक्षा, ललित कला र संगीत तथा संस्कृत अध्ययनका नयाँ विभागहरु थनिपुर्छ। विस्तार पाठ्यक्रम र अनुसन्धान पनि यसको नियमित कार्यक्रमको अंग हुनु पर्छ।

(१९) कानून महाविद्यालय (ल-कलेज) कायम रहनुपर्छ। यसले कानून अगिको कामलाई पुष्टि गरेर नयाँ सरकार खडा गर्दाको भिन्न भिन्न कानुनी स्थितिमा सेवा अर्पण गर्नुपर्छ।

(२०) बाह्रौ परिच्छेदमा बताए जस्तै प्रारम्भिक, माध्यमिक र महाविद्यालयी शिक्षकहरुलाई शिक्षा दिनाको लागि सवत् २०१३ सम्ममा शिक्षक शिक्षण महाविद्यालयको स्थापना हुनुपर्छ।

(२१) इंजिनीयरिङ्ग, कृषि, खानि, लघु उद्योग र हस्तशिल्पहरुमा शिक्षा किन संवत् २०१३-१४ सम्ममा बहुकलाविषयक संस्था स्थापित हुनुपर्छ।

(२२) ग्रामविकाश कार्यकर्ता, पशुचिकित्सा, वनसम्बन्धी र कृषिका सबै अंगहरु शिक्षा दिनको लागि कृषि महाविद्यालय स्थापना होस्।

(२३) पाकविद्या, बस्त्र, घर सजाउने इत्यादिमा महिला ग्रामविकाश कार्यकर्तृ, विस्तार क्रम शिक्षक, प्रधान पाठशालीय शिक्षक र अरुहरुलाई अल्प-कालीन तथा उपाधिक्रमद्वारा शिक्षा दिन गृहविज्ञान महाविद्यालय खडा गरिओस्।

(२४) ज्यादै नै खाँचो भएका वैद्य र दन्तिस्हरु तालीम गर्न सकेसम्म छिटो एउटा आयुर्वेद-दन्तमहाविद्यालय स्थापना गर्नुपर्छ।

(२५) परिचर्याको क्षेत्रमा परिचारक र परिचारिकाहरुको भयंकर अभावलाई हटाउन परिचर्यामा उप-महाविद्यालयी र महाविद्यालयी पाठ्यक्रम दिने र प्रधान पाठशालीय पाठ्यक्रमको रेखदेख गर्ने परिचर्या महाविद्यालयको स्थापना आवश्यक छ।

(२६) समुद्रपारका मुलुकहरुमा शिक्षा हासिल गर्न पठाइने विश्वविद्यालयका पाँच जना मुख्य कर्मचारीहरु छान्न, विश्वविद्यालयको लागि स्थान र घरहरु रोज्न, विश्वविद्यालयको व्यवस्था स्थापन गर्न, वैदेशिक सहायताका निम्ति प्रस्तावहरु तयार पार्न र त्यसपछि नेपाल राष्ट्रिय विश्वविद्यालयको काम चालु गर्न उच्च शिक्षामा एक उपसमिति (सब-वोर्ड) अथवा विशेष समिति तत्काल नियुक्ति हुनु अत्यावश्यक छ।

शिक्षा मन्त्रालय

# परिच्छेद ११

# प्रौढ. शिक्षा

**प्राक्कथन**

नेपाललाई पूर्ण प्रजातान्त्रिक मुलुक बनाउनु छ भने प्रौढ शिक्षा अत्यावश्यक छ। जहाँ ९८ प्रतिशत जनता निरक्षरी छन्, जहाँ शताब्दीयौंदेखि बाहिरका मुलुकहरुसंग कुनै सम्पर्क छैन, जहाँको जनता अर्काको ज्ञानबाट समेत लाभ लिन उपायहीन छ, त्यहाँ प्रजातन्त्र हुर्कन सक्तैन,निरक्षरता नाशकारी छ, जनता अन्यत्र भएका प्रगति र परिष्कृत पद्धति, सुविधा तथा सद्‌विचारको ज्ञानबाट पाइने उच्चतर जीवनको बारेमा बिलकुल अनभिज्ञ भएर आफ्नै पुराना परिपाटी कायम रहन्छन्।

नयाँ पद्धतिको शासनको अभाव यातायात तथा संचार सुविधाहरुको अभाव र मुलुकको दारिद्र हाम्रा जनतालाई अन्धकारमा राख्न एक भएका छन्। तिनीहरु सधैं सन्तुष्ट रहेका छैनन्, तर आफ्नो अज्ञानतामा शिक्षा र ज्ञानको बाटो पहिल्याउन सक्तैनन्।

नेपालमा प्रजातन्त्र आएपछि नयाँ सरकार र बढ्दै गएको जनसंख्याले शिक्षाको महत्व राम्ररी बुझेको छ। फलस्वरुप,मुलुकभर धेरै ठाउँमा नयाँपाठसालाहरु खुलेका छन्। तर ती पाठशालाहरु शिक्षित शिक्षकहरुको अभाव भोगिरहेछन्, तिनमा धेरैजसो त मुश्किलले लेख्न पढ्न मात्र सक्तछन। कुनै त बन्द हुन बाध्य भएका छन् र अरुहरु थप शिक्षकहरु पाउन नसकेर अत्यल्प संखयामा जेनतेन चलिरहेका छन्। यो समस्यामा आयोगको प्रहार अरु परिच्छेदहरुमा बर्णित छ, तर उत्तम प्राथमिक शिक्षाको अभाव प्रौढ शिक्षाको प्रचारलाई सहायक छैन। केटाकेटीहरुका निमित्त शिक्षा जति आवश्यक र अपरित्याज्य छ उत्तिकै प्रौढहरुका निम्ति पनि आवश्यक र अनिवार्यछ। यी दुबै संगसंगै हुन्छन्। साक्षर प्रौढहरुका मात्र केटाकेटीहरुका निम्ति शिक्षाको महत्व राम्ररी बुझदछन्। तिनीहरु साक्षरताको उपयोग, त्यसको लाभ बुझ्नेछन् र संसारका घटनाहरुमा भिन्दै दृष्टिकोण राख्नेछन्। तिनीहरु आफ्ना केटाकेटीहरुलाई साक्षर शिक्षित गराउन खोज्नेछन्। प्रौढहरु आफ्ना सन्तानहरु शिक्षित हुन लागेका देखेर स्वयं पनि कमसे कम साक्षरसम्म हुन उत्सुक हुनेछन्। जति जति तिनीहरु साक्षर हुन्छन् उति उति आफ्ना केटाकेटीहरुको लागि बढता शिक्षा चाहनेछन्।

धेरै प्रौढहरु जीवनका नया मार्गहरु जान्न वा आफ्नो सामाजिक अथवा राजनैतिक जीवनमा नयाँ विचारहरुमा पोखत हरन इच्छा गर्दछन्, तर तिनीहरु सम्माननीय प्रौढको प्रतिष्ठ गुमाएर आफ्नो ज्ञानभाव वा अयोग्यता देखाउन चाहँदैनन्। यसबाहेक, प्रौढजीवनमा सारा किसिमका

जिम्मेदारी र प्रवल स्वार्थ रहेका हुन्छन् र प्रौढले ज्ञानको आफ्नो सामान्य अंशभन्दा बर्ता केही जान्न वा प्राप्त गर्न खोज्यो भने पनि उसले आफ्ना ठूला जिम्मेदारीहरु र अस्तित्वका निम्तिको तीव्र संघर्षसमेत जीवनमा नयाँ तरीकाहरु जान्न र नयाँ दृष्टिकोणले विकाश गर्न समय र धन लगाउन सक्छ सक्तैन यो एउटा शंकास्पद कुरा र मुख्य बाधा छ। मानिसले जान्नुपर्ने आवश्यक विषयहरुमा पूर्ण ज्ञान प्राप्त गर्न कुनै पनि व्यक्तिले भ्याउन नसक्ने किसिमबाट खूब छिटो बदलिंदै गएको संसारमा ज्ञानको वृद्धि र सभ्यताको प्रगतिसंगसंगै मानव-जीवन झन् झन् पेचिलो हुँदै गएको छ। प्रौढहरु, उनीहरुको पृष्ठभूमि, प्रौढता र अनुभव छँदाछँदै पनि बढ्ता ज्ञान र विज्ञानका निम्तिको दौडमा पछि परेको थाहा पाउँछन् र यो अभाव वा अयोग्यताले उनीहरुलाई सिक्न वा स्वयं आफ्नो ज्ञानको अवस्था सुधार्न प्रलोभन दिने काम गर्नेछ। सारा प्रौढहरु पढ्न र समाजमा आफ्नो स्थिति सुधार्न खोज्नेछन् , यो मुख्य कुरा हो।

प्रौढसमाजलाई साक्षरतातिर आकर्षण गर्ने तीन किसिमका प्रलोभन छन् : -

(१) उनीहरु स्वयं विज्ञानको आवश्यकता अनुभव गर्नेछन्।

(२) अज्ञानता र निरक्षता उनीहरुको सामाजिक जीवनमा अपहेलन हुने कुरा हुन् भन्ने बुझनेछन्।

(३) उनीहरु प्रजातंत्रका प्रबुद्ध नागरिकको रुपमा आफ्ना कर्तव्य र जिम्मेदारीहरुलाई मान्ने र रुचाउनेछन्।

हाम्रो मुलुकमा प्रजातंत्रलाई जिउँदो राख्नु छ भने, निःशुल्क प्राथमिक साथ साथ प्रौढ शिक्षाको प्रचारलाई सर्वाग्रता दिनैपर्दछ। स्वयं आफ्नो निर्णय गर्न नितान्त असमर्थ हुनाले आरामी कुर्सीबाज राजनितिज्ञ, स्वार्थी दलहरु र शोषणहरुका हातको खेलौन मात्र बनेको हाम्रो मुलुकका अशिक्षित प्रौढहरुका बृहत् समाजको पूर्ण विस्तार नै प्रजातांत्रिक निमार्णमा मुलुकको प्रधान आवश्यकता छ। अहिले पूर्ण अज्ञानतामा डुबेका प्रौढहरुको विशाल संख्यालाई प्रजातांत्रिक राष्ट्रमा आफ्ना कर्तव्य र जिम्मेदारीहरु बुझने नगराईकन प्रजातंत्रको आडम्बरका सारा प्रयत्न हाम्रो समाजमा निष्फल हुनेछन्। यो काम विचारपूर्वक आयोजित तीव्र शिक्षा आन्दोलनबाट मात्र हुन सक्तछ।

राष्ट्रको प्रौढशिक्षा, नेपालको इतिहासमा सर्वप्रथम राष्ट्रव्यापी आधारमा - मतदान स्थनमा गएर ) लोकाभारबाट विधान बनाउन जिम्मेदार हुने विधान-परिषद खडा. गरी भविष्यमा हुने कामहरुको तर्जुमामा सोझै भाग लिन जाने भएको छ। हाम्रो मुलुक विधान निर्मितको इतिहास रच्न गइरहेको छ र यता वा उताको अल्प मात्र चूकले हामीहरुलाई चालबाहिर पारेर अन्तराष्ट्रिय दृष्टिमा घटिया पार्न सक्तछ। यसकारण, बर्तमान समयमा जस्तो प्रौढ समूहका

शिक्षा मन्त्रालय

शिक्षाको अनवश्यकता पहिले अहिल्यै पनि यति व्यग्रताले अपेक्षित र कटुतार्पर्वक ज्ञात भएको थिएन। तसर्थ, प्रौढ जनसनुहको  शीघ्र उद्धार आयोगलाई,जनतालाई, र प्रजातान्तिक नेपाल सरकारलाई एक हांक हो र यो हांकलाई सरोष बैनाको रुपमा स्वीकारगर्नैपर्छ।

अहिले हाम्रो मुलुकमा राजनैतिक उथलपुथलपछि खुलेका केही तथाकथित प्रौढ शिक्षालयहरु छन्।  तर अपना उद्देश्यमा ज्यादा आशक्ति र शुद्ध मानवप्रेमको जोश भएर पनि ती प्रौढ साक्षरताको काममा पर्ने व्यावहारिक विघ्नहरु देख्दैनन्। शिशु-शिक्षाको जस्तो आधारमा प्रौढ शिक्षाको व्यवस्था भइरहेछ र प्राथमिक पाठशालाकै पाठ्य पुस्तकहरु प्रौढ शिक्षालयमा पनि रहेका छन्। अर्थात स्वयं पढाऊ र पढको सूत्रमा संग्रहित प्रौढशिक्षाको मूल आधारभूत सिद्धान्त नै मानिएको छैन। यसबाहेक, अनुभवी शिक्षकहरु, शिक्षाका सुविधाहरु र उपयोगी गठन सामग्रीहरुको पूर्णतया अभाव छ। यो काम यस्तो अव्यवस्थित तरीकामा सामान्यतया चलिरहेछ जसले साक्षरता प्रचारकहरुको परम उत्साह भएर पनि कम मात्रामा कार्य सम्पन्न भएको छ।

प्रबुद्ध राज्यमा नागरिकलाई उ योग्य भएसम्म उसको रुचि र आवश्यकतामा मिल्ने किसिमको शिक्षा हासिल गर्ने मौका दिनुपर्छ। पाठशालामा शिक्षा लिने सौभाग्य नपाएकाहरुलाई पनि उनीहरुले चाहेको किसिमको प्रौढ शिक्षा लिने उत्तिकै अधिकार हुनुपर्छ।

जस्तै, प्राथमिक शिक्षको जगविना बलियो शैक्षिक धवन बन्न सक्तैन त्यस्तै शिक्षित प्रौढहरु प्राथमिक शिक्षालाई अड्याउने मूल जगका निर्माता वा वास्तुकार हुन्। आमाबाबुहरु आफ्ना छोराछोरीहरुका निम्ति उत्तमोतम शिक्षा चाहन्छन्।

यसरी, प्रौढ शिक्षा नेपालको लागि सम्पूर्ण शिक्षा योजनाको एक अंग बन्दछ। प्रौढ साक्षरताको वृद्धि मात्र होइन घरधन्धा, कृषि, शिल्प र उद्योग तथा जीवनका सांस्कृतिक रुपहरुमा समेत शिक्षा दिनुपर्दछ।

**प्रौढ साक्षरता कार्यक्रम**

प्रौढ साक्षरता कार्यक्रम शुरु भइसकेको छ। संब्त् २००८/२००९ मा संयुक्त राष्ट्र कार्यमण्डल (यू. एस. ओ. एम्.) संगको सहयोगमा शिक्षा मन्त्रालयले विश्व साक्षरता संस्थापन (डव्ल्यू. एल्. एफ.) का डाक्टर श्री फ्यांक लोव्याकलाई तीन शिक्षाविद् र दुइ कलाकारहरुका साथ नेपालमा बोलाएर छ महीनाको लागि सरकारबाट काममा नियुक्त गरेको छ। यो दलले प्रौढ साक्षरता शिक्षाको प्रारम्भिक पाठ्यमालाको रुपमा पाँच चित्रपट, एक पहिलो पुस्तक र ४ भागमा दोस्रो पुस्तकको एक ठेली तयार पारेको छ। पहिलो पुस्तकमा १३ पाठ र दास्रो पुस्तकको प्रत्येक

भगमा १५ पाठ छन्। पटमा सचित्र साउँ अक्षर दिइएका छन्। यी सामान छापिइसकेका छन्। यसबाहेक, तेश्रो र चौथो पुस्तकका ठ्लीहरुमा पनि केही काम भएको थियो।

साक्षरताको व्यापक प्रचार हुन सक्तैन यी पहिला सामग्रीहरु सीमित आधारमा निकालेर हेरी पछि संशोधन गर्ने र ठूलो परिमाणमा छापने विचार भएको थियो। जे होस् यो एक सूत्रपात मात्र हो। साक्षरताको पोषण भएन भने त्यो हुर्कन सक्तैन। यसको लागि अतिरिक्त सामग्रीहरु हुनुपर्छ। पाठ्यपुस्तकावली तत्काल पूरा गरिनुपर्छ जसमा पूर्ण साक्षरताको शिक्षा दिन सकियोस्। अनि अतिरिक्त सहायक प्रवेशिका र सरल पुस्तकहरु तयार पारेर छाप्नुपर्छ, त्यसो भए नवशिक्षितहरु आफूले भर्खर हासिल गरेको अक्षर ज्ञानलाई लगातारको अभ्यासद्वारा बढाएर आफ्ना अभिरुचिलाई सजीव राख्न पाठ्यसामग्री पाउनेछन्। अझ शिक्षितहरुको तहअनुसारका मासिकपत्र र साप्ताहिक अखबार पनि निकाल्नु पर्दछ। यिनले पढ्ने अभ्यास गराउने मात्र होइन, प्रौढहरुलाई सामयिक घटनाहरु बुझाउने र सामाजिक, राष्ट्रिय तथा विश्व महतवका चाखलाग्दा लेखहरु प्रस्तुत गर्नुपर्छ। अन्त्यमा, स्वास्थ्य, खेतीपाती, घरधन्धा, सांस्कृतिक कला आदिका विषयमा सूचनापत्र र पर्चा वा पुस्तिकाहरु तयार पारेर ज्ञान र खबरको व्यापक प्रसारका निमित्त यो नयाँ माध्यमको उपयोग हुनुपर्दर्छ।

यी सामग्रीहरु तयार पार्न कार्यकर्ताहरुको दल र प्रकाशन सुविधाहरु चाहिन्छ। पछिल्लोचाहिं तेह्रौं परिच्छेदमा प्रस्तावित राष्ट्रिय शिक्षा छापाखानाबाट पुर्‍याउन सकिने छ, तर सामग्रीहरु तयार पार्नाको लागि स्थायी आधारमा योग्य व्यक्तिहरुको खास संगठन आवश्यक हुनेछ। अखबार र पत्रिकाहरुलाई नियमित लेखक र सम्पादकहरु चाहिन्छन्, अरु लेख स्वत्वाधिकार वा कमिशन को आधारमा स्वच्छन्द लेखकहरुसित माग्न अथवा नियिमित लेखकहरुबाट लेखाउन सकिन्छ।

तर साक्षरताको प्रचारलाई सामग्रीहरु मात्र भएर पुग्दैन। शिक्षकहरु पनि चाहिन्छन्। यसका निम्ति यी शिक्षकहरुलाई तालीम गर्न पोख्त अगुवाहरु र संगठन चाहिन्छ। कैयन् अगुवाहरुलाई विशेष शिक्षाको लागि समुद्रपार पठाउनुपर्छ।तिनीहरु फर्केर आएपछि साक्षरता कक्षामा पढाउन सयकडौं शिक्षकहरुलाई तालीम दिने काम थाल्नुपर्छ। आयोगको विचारमा साक्षरता शिक्षकहरु लिन कमसे कम तीन मुहान खोतल्नुपर्छ। पहिले, नेपालमा अहिले सयकडौं शिक्षित ग्रामविकाश कार्यकर्ताहरु छन् र अरु बढ्ता तालीम गर्रिदैछन्। यी मानिसहरुलाई प्रौढ साक्षरता शिक्षाविशेषज्ञहरुबाट कार्यक्षेत्रमा एक सानो शिक्षाक्रम दिनुपर्छ र पछि भविष्यमा यो क्रमलाई ग्रामविकास कार्यकर्ताहरुका शिक्षाको अंग बनाउनुपर्दछ।

दोस्रा, बाह्रौ परिच्छेदमा उल्लिखित शिक्षकहरुको शिक्षानिम्तिको कार्यक्रममा प्रौढ साक्षरता शिक्षाको क्रम पनि थपिनुपर्छ। त्यसो भए हरेक तालीम-प्राप्त शिक्षक प्रौढ साक्षरताको समर्थ शिक्षक हुनेछ।

तेस्रो, अहिले कार्यक्षेत्रमा अनुभवी शिक्षक र सायद अरुहरु (फोर्ड फाउन्डेशनको सहयोगले चलिरहेको गृहविज्ञान कार्यक्रमको अन्तगर्त शिक्षा दिइने स्वास्नीमानिसहरु ) छन् जसलाई घुमुवा शिक्षक दलबाट शिक्षा दिन सकिन्छ। बीसदेखि चालीस घण्टामा यस उद्देश्यको शिक्षा दिन सकिएला र ३ देखि ६ महीनाभित्रको अवधिमा मुलुकभरी छरिएका ५०० वा बढी प्रौढ साक्षरताका तालीम-प्राप्त शिक्षकहरुको समूह हुन सक्ला भन्ने अनुमान गरिएको छ।

त्यसपछि व्यापक रुपमा कक्षाहरु खोलेर साक्षरता आन्दोलन शुरु गर्न हसकिन्छ। क्रम पूरा गर्ने र साक्षरता हासिल गरेकाहरुको संख्याको आधारमा शिक्षकहरुलाई अलिकति पूरक तलब दिन सकिन्छ। नयाँ साक्षरहरुलाई उनीहरुका सि्िद्धको प्रमाणपत्र दिनुपर्छ। यसरी ५ वर्षभित्र १,००,००० एक लाख प्रौढलाई यस्तो क्रम दिन सकिन्छ र त्यस समयसम्म मुलुकमा साक्षर हुन इच्छा गर्ने प्रायः हरेक प्रौढलाई साक्षरता सिकाउने कक्षाहरु सुलभ हुनेछन् भन्ने आयोगको विश्वास छ। नेपालबाट निरक्षरतालाई निर्मूल पारेर हटाउन कैयन् पुस्ता र दीर्घकालीन कार्यक्रम चाहिन्छ, तर यहाँ प्रस्तावित योजनाभित्र धेरै प्रगति हुन सक्छ।

प्रौढहरु पढ्न जान्नुको संगसंग लेख्न र साधारण हिसाब सिक्न पनि अवश्य चाहनेछन्। यी युक्तिहरु प्रौढ साक्षरता कक्षाहरुमा राखिनुपर्छ र यिनका निम्ति समेत आवश्यक सामग्रीहरु तयार गर्नुपर्छ।

आयोग, यस्तो कार्यक्रमका निम्ति सामग्रीहरुको घनघोर खर्चलाई मानेर अहिलेसम्म दिइएको विदेशी हियताको गुन मान्दै लगातार विदेशी सहायता पाइरहने प्रयत्न गर्न सुझाउ गर्दछ।

**कृषि र गृहोन्नति शिक्षा**

नेपालका गाउँहरुमा जीवनको अवस्था सुधार्नु ग्रामविकास कार्यक्रमको मुख्य उद्देश्य छ। अलि यो कामग्रामविकास कार्यकर्ताहरुबाट मौखिक र नयाँ तरीका तथा प्रक्रियाका प्रदर्शनद्वारा भइरहेछ। तर जनताको निरक्षताले गर्दा यो काममा ज्यादै असजिलो रढीलो भएको छ तसर्थ ग्रामसुधारको कामलाई बढाउन साक्षरता कार्यक्रम रचिएकको छ।

साक्षरताको प्रचार हुँदै गएपछि प्रौढहरुलाई पर्चा, अखबार र पत्र-पत्रिकाहरुद्वारा शिक्षा दिन सकिन्छ खेतीपाती र गार्हशास्थ्य अर्थशास्त्रको क्षेत्रमा यिनीहरुको रचना र प्रकाशन प्रौढ शिक्षाको मुख्य बाटो हो र सकेसम्म छिटो उपयुक्त मन्त्रालयले थाल्नुपर्छ।

यस किसिमको प्रौढ शिक्षाको अर्को रुप शुरु भइसकेको छ। ग्रामोन्नति कक्षाहरुमा प्रदर्शन बहस, व्याख्यान, तसवीर र अन्य आधुनिक प्रक्रियाहरुद्वारा किसान र शिल्पकारहरु पढाउन लागेका छन् । अब चाडै नै छापिएका साधनहरुद्वारा यिनीहरु पढाइनेछन्। तर यस किसिमको प्रौढ शिक्षालाई जति छिटो कार्यकर्ता र शिक्षकहरु तालीम गर्न सकिन्छ उति चाँडो फैलाउनुपर्दछ। अन्त्यमा, हरेक गाउँमा १०।२० मानिसले लिन चाहेको शिक्षाक्रम दिन सक्नुपर्दछ, चाहे त्यो कृषिविद्या, पशुपालन, हांसकुखुरा इत्यादि पाल्ने, माहुरीपालन, उद्यानविज्ञान, खाद्यसंरक्षण, पाकशास्त्र, सिउने,बुन्ने, माटाका भाँडा बनाउने, शिशुरक्षा, गृहप्रबन्ध,परिचर्या,लघु उद्योग वा अरु कुनै विषयमा होस्। गाउँहरुलाई सामान्य ज्ञान र मागअनुसारका विशेष शिक्षाक्रमले व्याप्त पार्ने ग्रामविकास कार्यक्रमको यो दीर्घ लक्ष्य हुनुपर्छ।

यी शिक्षाक्रम र प्रदर्शन इत्यादि विषय यिनका सरल व्यावहारिक महत्वको लागि राखिनुपर्छ। यिनका निमित्त कुनै शिक्षालयी मान दिने कुनै प्रयत्न हुन हुँदनै। तर शिक्षक वा विकास कार्यकर्ताहरुबाट सफलताको उपयुक्त प्रमाणपत्र दिन हुन्छ।

यी शिक्षाक्रमहरुबाट ग्राम कार्यकर्ता र उसकी स्वास्नी खेतीपाती तथा घरधन्धाको विषयमा जानकार हुनेछन्।तिनीहरुबढी खाद्यन्न उव्जाउन सिक्नेछन्। तिनीहरुलाई ग्रामविकास कार्यकर्ताहरुबाट कृषि, पशु उत्पत्ति र पशुपालनको बारेमा झन् राम्ररी बोध हुनेछ र ती उनीहरुका ज्ञानको सहयोगी भएर अहिलेसम्म अनुसरण गरिरहेका पुराना र गलत तरीकालाई सुधार्नेछन्। विभिन्न किसिमका मल, जमीन र खेतीका सामानहरुको उपयोग जानेर ती आफ्ना खेती सुधार्न सक्नेछन्। उनीहरु जस्त भास्वीय ( जिंक फस्फेट ) र डी. डी. टी.आदि विभिन्न पदार्थहरुको प्रयोग द्वारा वाली नोक्सान पार्ने कीराहरु हटाउने उपाय जान्न पाउनेछन्।

खेतीको सुधारका साथसाथै साक्षर प्रौढ राम्रो जीवन बिताउन समर्थ हुनेछ। पुस्तकहरुबाट उ असल स्वास्थ्यकर घरहरु बनाउन जान्नेछ, स्वास्थ्यविज्ञानको ज्ञान पाएर निरोगी हुने उपायहरु सिक्नेछ। उ आफू र आफ्नो परिवारको खाना, घर तथा लुगाहरुको विषयमा विशेष जानिफकार हुनेछ सादा र सस्तो आहारबाट ज्यादा पोष लिन सक्नेछ। यसबाहेक,उ नीरोग रहन र आफ्नो वासस्थानवरिपरि सफा सुधार राख्न जान्नेछ। उ सधै ताजा भोजनगर्नेछ र स्वच्छ पानी मात्र पिउनेछ। भित्र भित्र रोगहरुबाट बच्न खोपाउनेछ।

पर्याप्त संख्यामा शिक्षित कार्यकर्ताहरुको वन्दोवस्त पुर्‍याउनुमा नै यस्तो कार्यक्रमको मुख्य खर्च रहन्छ। हाललाई प्रत्येक तीन गाउँमा एक कार्यकर्ताको लक्ष्य राखिएको छ, यो संख्या बढाउन आवश्यक पर्नेछ। नेपालमा जम्मा २६,००० गाउँ छन् र १०,००० मात्र कार्यकर्ताहरुको

तलवले पनि चाँडैनै केन्द्रीय सरकारको टाट उल्टाउनेछ। स्थायी शिक्षालयहरुमा जस्तै यो कार्यत्र।मको लागि कुनै किसिमको कर वा ऐच्छिक दस्तुरद्वारा स्थानीय जनसमाजबाट आर्थिक सहायता आउनुपर्दछ।कक्षा शुल्क लगाएर यो खर्च उठाउन हुँदैन, अन्तिम परिणामले सारा गाउँ र त्यसबाट नेपालका सारा निवासीहरुको कल्याण हुँदा हरेकले यो खर्चको अंश बेहोर्नुपर्छ।

**सांस्कृतिक शिक्षा**

प्रौढ शिक्षाको अर्को लक्षणलाई हामीहरु अस्पष्टरुपमा सांस्कृतिक शिक्षा भन्न सक्छौ। प्रौढ साक्षरता र ग्रामसुधारपछि स्वाभाविकै यसको माग हुनेछ। धेरै प्रौढहरु आफ्नो र मुलुक्को त्यसपछि सारा संसारको भूगोल र इतिहास जान्ने गर्नेछन्। धेरैजसो कविता र साहित्य पढ्न, नाच गानका उत्सवको आनन्द लिन र सांस्कृतिक नाटकका कार्यक्रम राख्न चाहनेछन्। कोही स्थायी प्रौढ प्रधान पाठशालीय पाठ्यक्रम चालू राख्न खोज्नेछन्। साक्षर प्रौढलाई ललित कला, संगीत, संस्कृति र हस्तशिल्पहरुमा प्रेम हुनेछ। उ राम्रा राम्रा रंगीन चित्र लेख्ने, माटाका मूर्ति बनाउने र बुन्ने, तान लाउने र धागो कात्ने जस्ता कला सिकनेछ। उ आफ्नो परिवारलाई घर व्यवहारमा चाहिने सारा चीजहरु बनाउन सिकाउनेछ। उ स्वयं कुनै काम नगरेर समय खेर फाल्ने छैन र न आफ्नो परिवारको कुनै व्यक्तिलाई केही काम नगरेर बस्न दिनेछ। वैधिक पाठ्यक्रमले कसै कसैको खाँचो टार्नेछ, अरुका निम्ति अवैधिक संस्था र गोष्ठीहरु हुन्छन्।

कुनै कुनै क्रम सिकाउन गाउँको पाठशालाका शिक्षक बोलाइन सम्भव छ, नाटक र संगीतक्रो कारवाईहरुको निर्देशन गाउँका अरु मानिसले गर्नेछन्। आयोग, विश्वविद्यालयका विभिन्न महाविद्यालयहरुले आफ्ना उन्नत लिएर प्रत्येक प्रदेशमा पुग्न सक्ने दिनको सपना देख्तछ।

जस्तो यस किसिमको प्रौढ शिक्षा महत्वपूर्ण छ उस्तै महता र खर्चको प्रबन्धमा यसले साक्षरता र ग्रामसुधार शिक्षाको सामुन्ने निहुरनुपर्दछ। तैपनि यो दीर्घ-लक्ष्य प्रौढ शिक्षा कार्यक्रमको अंग हो।

**ग्राम पुस्तकालय**

यस विवरणमा ठाउँ ठायँमा ग्राम पुस्तकालयको उल्लेख भएको छ। आज पनि धेरै गाउँहरुमा कनीकुथी पढ्न सक्ने धेरै मानिसहरु छन्।तिनीहरु केही पढ्ने कुरा भए पढेर अर्कालाई भन्न सक्तछन्। साक्षरता र प्राथमिक शिक्षाक्रो प्रसारसंगै आनन्द र ज्ञानको तिर्खा मेट्न सामग्रीहरुको आवश्यकता झन् बढ्नेछ।

हाल काठमाडौंमा संयुक्त राष्ट्र सूचना विभागको एक पुस्तकालय, एक ब्रिटिश वाचनालय र अनेकौं अर्द्ध-सार्वजनिक पुस्तकालयहरु छन्।स्थानीय नेपालका अरु भागमा शायदै कमसे कम ५० सार्वजनिक, अर्द्ध-सार्बजनिक र/अथवा पाठशाला पुस्तकालय छन्। यी सारा पुस्तकालयहरुलाई अमेरिकी प्रकाशनका उपवर्गको प्रविनिधित्व गर्ने कागजको जिल्द भएका १०० पुस्तक र सयुंक्त सूचना विभागको कोषबाट अन्य मिश्रित प्रकाशनहरु प्रदान गरिएको छ। यस अतिरिक्त नेपाली वा हिन्दीका अलिकति पुस्तकहरु छन्।

यस विवरणमा अन्यत्र कहीं गाउँको पाठशालाले आफ्नो पुस्तकालयलाई प्रौढहरुका चाखका सामग्रीहरुसमेत थपेर बढाउन सक्छ भनी सुझाव गरेको छ। यसरी पाठशाला सामुदायिक पुस्तकालयको विकाश गर्न हुन्छ। गाउँमा पुस्तकालयबाट लाभ लिन सक्ने मानिसहरु हुनासाथ प्रत्येक गाउँमा एउटा पुस्तकालय राख्ने काम थाल्नुपर्छ। पाठशालाको शिक्षकले खण्डकाल पुस्तकालयाध्यक्ष भएर काम गर्न सक्छ र सरल हिन्दी साहित्यका साथ नेपाली भाषका केही ग्रन्थहरु संग्रहको बीउ बन्न सक्तछन्।

अहिले कर्मक्षेत्रमा रहेका अनुभवी शिक्षक र शिक्षक शिक्षण केन्द्रमा तालीम पाइरहेका नयाँ शिक्षकहरुलाई पुस्तकालयसम्बन्धी केही शिक्षा दिन सकिन्छ भन्ने आयोगको सुझाव छ। थ्यसपछि उनीहरु पुस्तकालयको लागि एउटा घर र दराजहरु जुटाउन गाउँहरुलाई उत्साहित गर्न सक्तछन, ठाउँठाउँबाट पठन सामग्रीहरु माग्न सकिन्छ र सरकार पनि केही वस्तु सित्तैमा बांड्न सक्तछ। यसले एउटा शुरुसम्म गरिदिन्छ।

**सिनेमा र रेडियो शिक्षा**

हामी इच्छा गरौं या नगरौं, नेपालका अधिकांश जनताका निम्ति सिनेमा र रेडियो धेरै वर्ष टाढाका कुरा छैनन्। अवश्य,रचनात्मक मार्गमा संचारका यी माध्यम उच्च शैक्षिक हुन सक्छन् तर अनिवार्यत-कमसे कम अरु मुलुकहरुमा -ण्यिनीहरुले गुणको साथसाथै दोष पनि ल्याएका छन्। यी साधनहरुले कहिले काहीं मानवताका मूल तहलाई नै आकर्षण गर्ने खरानीलाई अत्यन्त कडा परीक्षण ( प्रजातन्त्रलाई भयंकर धम्की ) ले समेत रोक्न सकेको छैन। प्रायः ज्यादा लोकप्रिय अभिरुचिका विषयलाई स्थान दिन शैक्षिक महत्वका विषयहरु पन्छाइन्छन्।

साक्षरताको शिक्षामा, ग्रामसुधारका भावना फैलाउनामा, काम राम्रा तरीकाहरुको प्रदर्शन गर्नालाई र हाम्रो विशाल सांस्कृतिक पुर्ख्यौली सम्पत्तिको पुनरुत्थापनका निम्ति यी साधनहरुका महत्वलाई आयोग मान्दछ। तैपनि, शैक्षिक कार्यक्रमहरुका निम्ति रेडियो

समयको राम्रो अनुपात राख्न र शैक्षिक फिल्मसित हरेक मरंनोजन फिल्मलाई समान गराउन दृढ कदम उठाएमा मात्र यी महत्वहरु लाभदायी हुन सक्छन्।

रेडियो कार्यक्रम र शैक्षिक फिल्महरु बनाउनानिमित्र विदेशी सहायता माग्न एक समिति खडा गर्नुपर्छ भन्ने हाम्रो धारणा छ। संयुक्त राष्ट्र व्यवस्था मण्डल (यू. एस. ओ. एम्.) सित सरकारको सहयोगद्वारा रेडियो शिक्षा शुरु गरिएको छ। केही संख्यामा रेडियो प्रति ग्राही जोडाहरु किनेर रेडियो कलाविद्हरुलाई विशेष कार्यक्रम बनाउन लाउनुपर्छ। रेडियो नेपालले सारा मुलुकभरमा आवाज पुऱ्याउन आफ्नो शक्ति बढाउने योजना गरेको छ। रेडियो शिक्षाको यो प्रयोग सफल भयो भने यसलाई झन् बढाउनुपर्छ।यसबाहेक, हाल ३ शहरले मात्र पाइरहेको बिजुली बाहिर पनि पुग्नेछ र व्यापारी सिनेमा घरहरु खुल्नेछन्। सरकारले शैक्षिक फिल्महरुको उपयोगलाई प्रोत्साहन दिन सिनेमा घरहरुले विनापैसामा ती फिल्महरु पाउने योजना योजना गर्नुपर्छ।

प्रौढ शिक्षाको यस क्षेत्रमा अझ खोजी र अध्ययनको आवश्यकता छ र प्रौढ शिक्षाका अरु खण्डहरुसित यसलाई विचार पुऱ्याएर मिलाउनुपर्दछ। चाँडै नै यस समस्याको खास अधययन गर्न आयोग सुझाव दिन्छ।

**प्रौढ शिक्षाका संस्थाहरु**

आयोगको विचारमा हालका अनकूलता र अवस्थाहरुले माथि उल्लेख भएका प्रौढ शिक्षाका अनेकौं रुपहरुका निम्ति बेग्ला बेग्लै संस्थाहरुको सुझाव गर्दछन्। साक्षरता कार्यक्रमको देखरेख र संचालन गर्न शिक्षा मन्त्रालय पूर्ण सुसज्जित छ। उ अगुवा भएको छ र अहिलेको क्रममा चलिरहनुपर्छ। ग्रामविकास कार्यकर्ता शिक्षण केन्द्र र शिक्षक शिक्षण केन्द्रसित संगसंगै काम गर्न शिक्षक शिक्षण नायब सचिव (डिपुटी सेक्रेटरी ) को मातहतमा प्रौढ शिक्षा संचालनको नियुक्ति हुनुपर्छ। गाउँहरुमा कार्यक्रम पुऱ्याउनालाई यिनल पाठशालाहरु-केन्द्रीय र मोफसलका तथा स्थानीय शिक्षा समिति र प्रबन्धकर्ताहरुसित सम्पर्क राख्न चौद्धौं परिच्छेदमा शिफारिस गरेको प्रबन्धीय संगठनको उपयोग गर्नुपर्छ।

(अ) सामग्रीहरुको निर्माण, प्रकाशन र वितरण,(आ) शिक्षकहरुको शिक्षा, (इ) कक्षाहरुको व्यवस्था र पूरा कार्यक्रमको समुचित संचालन भएको छ छैन हेर्नु यिनका मुख्य कर्तव्य हुनेछन्। यिनलाई पर्याप्त मद्दत र आवश्यक कोष दिनपर्दछ। अझ विदेशी सहायताको माग हुनुपर्छ।

योजना विकाश (कृषि) मन्त्रालयले प्रौढ शिक्षाको दोस्रो खण्डमा राम्रो कदम उठाएको छ र उसको हालको बन्दोबस्त र कार्यपद्धति चालू रहनुपर्छ। तराईतिर निम्ति अर्को शिक्षणशाला प्रस्तावित छ, यसले कार्यक्रम सफल तुल्याउनुपर्छ।

यस किसिमको शिक्षाको लागि साँच्चिकै माग भइन्जलमा महाविद्यालय र विश्वविद्यालय विकाश विभागको अधीनमा बिचल्लो खण्डको व्यवस्था हुने आशा छ। यो-कार्यक्षेत्रमा आफ्नो सहायता प्रदान गर्ने -महाविद्यालयहरुको मुख्य काम हुनाले उनीहरुलाई नै छोडिदिन सकिन्छ। यो हाँक र अभिारा उठाउन उनीहरु असफल भए भने मात्र शिक्षा मन्त्रालयले आवश्यक संस्था खडा गर्नलाई कारवाई गर्नुपर्छ।

रेडियो र सिनेमा शिक्षाको सम्बन्धमा यो विषयसित सम्बन्ध भएका सारा मन्त्रालयहरुको प्रतिनिधित्व गर्ने समितिबाट समस्याको साद्यन्त अध्ययन नभएसम्म वर्तमान नियन्त्रण कायम राख्न आयोग सुझाउ गर्दछ।

**सारांश**

(१) खास गरेर प्रजातन्त्रमा, प्रौढ शिक्षा, मुलुकको शैक्षिक योजनाको एक अत्यावश्यक र अभिन्न अंग छ।

(२) निरक्षरतालाई निर्मूल पारेर प्रौढ शिक्षाको बाटो बनाउन प्रौढ साक्षरता संचालन पहिलो महत्वको करा छ। यसलाई सामग्री र शिक्षकहरु तथा बराबरीको नेतृतव चाहिन्छ। यसमा लेख्नु, पढ्नु र गणित गाभिएको छ।

(३) नेपालका जनताको लागि कृषि र घरधन्धा-शिक्षा सबभन्दा बढ्ता महत्वका छन् र जति छिटो शिक्षक र कार्यकर्ताहरु तालीम गर्न सकिन्छ उही मात्रमा यिनलाई फैलाउनुपर्छ। यसमा प्रदर्शन, बहस, व्याखयान,दृष्य साधन र छापिएका सामग्रीहरुको उपयोगसहित व्यक्तिगत र कक्षाको कामसमेत रहन्छ।

(४) परिणाममा, सांस्कृतिक ज्ञान-हाम्रो सांस्कृतिक पुर्ख्यौली सम्पति, ललित कला र हस्तशिल्पहरुमा दक्षता र संगीत तथा नाच र चाडपर्वहरुबाट बढ्ता आनन्दको ज्ञानका निम्ति तिर्सना हुन्छ।

(५) प्रशस्त माग हुनासाथ गाउँहरुमा पाठशाला-सामुदायिक पुस्तकालयहरु खुल्नुपर्छ।

(६) रेडियो र सिनेमाले प्रौढ शिक्षामा धेरै मद्दत गर्दछन्, तर तिनीहरुका दुरुपयोगको विरुद्ध उचित नियन्त्रण र संरक्षणहरुको निश्चय गर्न विचारपूर्वक अधययन गर्नुपर्छ।

(७) प्रौढ शिक्षाको प्रभावहाली कार्यक्रमलाई प्रणालिबद्ध बलियो संगठन र बन्दोवस्त चाहिन्छ। हाललाई यी कारवाईहरु आफआफ्ना मन्त्रालयहरुका मातहतमा रहन सक्छन्।

शिक्षा मन्त्रालय

(८) अहिलेसम्म प्रौढ शिक्षाको प्रगतिलाई विदेशी सहायता प्रश्स्त उपयोगी भएको छ। यो कायम राखियोस् र हुन सक्छ भने अझ बढाइयोस्।

कुनै पनि शिक्षा-आन्दोलन शुरु गर्नुभन्दा अगाडि विस्तृत र व्यावहारिक योजनाको महतव तथा आवश्यकतालाई राम्ररी बुझ्नुपर्दछ। शैक्षिक आवश्यकताहरुको दृष्टिकोणबाट साक्षरता आन्दोलनलाई दुइ-कपि संचालनमा बाँड्न सकिन्छ, (१) लेख पढ र हिसाबको बारे केही पनि नजान्ने पटमूर्ख गर्न नसकेका अर्द्धशिक्षितहरुका निम्ति।

यसकारण, प्रौढ शिक्षाबाट यस्ता सारा जनतालाई लाभ हुने उपाय र साधनहरु प्रस्तुत गर्नु आयोगको मुख्य समस्या छ। तल लेखिएका केही कला र जुक्तिको प्रयोग गर्न सकिन्छ।

(१) साक्षरताको शिक्षापछि लेख पढ र हिसाब तथा त्यसपछि धार्मिक पाठ्यपुस्तक, सामयिक घटनाहरु र हरेक स्थान वा जिल्लाका आवश्यकता अनुसार व्यावसायिक शिक्षा लिनुपर्छ।

(२) प्रौढहरुको लाभका निमित्त केटाकेटीहरुको भन्दा बिलकुल बेग्लै किसिमका पाठ पुस्तकहरुको निर्माण सबभन्दा बढ्ता महत्वको छ। प्रशस्त अनुभव र यो विशिष्ठ लक्षणको शिक्षामा चाख भएका लेखहरुबाट सामग्रीहरु संकलन गरिनुपर्छ। साक्षरतापछिका उपयुक्त साहित्यको पनि अभाव छ। यो सामग्रीले अखबार, पुस्तक र मासिकपत्रहरु बुझेर पढ्ने आवश्यक कुशलता र बानी बसाल्नु तथा सर्वसाधारणको हितका विषय र समस्याहरुको ज्ञान तथा खबर प्रस्तुत गर्नुपर्छ।

(३) चाडपर्व र राष्ट्रिय विदाका दिनको लागि विशेषाङ्कहरुसहित भित्ते अखबार, शैक्षिक विज्ञापन र नक्साहरु अटूट निकालिरहनुपर्छ।

(४) घरघरमा बाँड्नाको लागि राष्ट्र, समुदाय र व्यक्तिगत हितका कुराहरुमा उपयोगी खबर दिने पर्चाहरु अत्यन्त सरल भाषामा लेखिनुपर्छ।

(५) गाउँ वा शहर सुधारका विभिन्न रुपहरुमा चाख जगाउन र शिक्षाको तिर्सनालाई उत्तेजित पार्न शिक्षा र मनोरंजनको समष्टि मिश्रणका निम्ति घुमुवा प्रदर्शनकारी गाडी र साधनहरु उपलब्ध हुनुपर्छ।

(६) परम्परागत जातीय कला र शिल्पहरु रचनातमक कार्य तथा शिक्षाको लागि मौका वा आनन्दका उत्पतिस्थान छन्। तसर्थ, प्रौढशिक्षाको संचालनमा एउटा महत्वको अंग मानेर यिनलाई प्रोत्साहन दिनुपर्छ।

(७) जनतालाई हाम्रो मुलुकमा शिक्षाको खाँचो र महत्व बुझ्ने गराउन विद्यार्थी, सामाजिक कार्यकर्ता र स्वयंसेवक संस्थाहरुको संयुक्त सहयोग माग्नुपर्छ।

# परिच्छेद १२

# शिक्षकहरुको तालीम

**प्राक्कथन**

शिक्षक नै शिक्षाको जग  हो। गुरुले जस्तो पढाउँछ त्यस्तै चेलाले सिक्तछ। ठूलो अंशमा शिक्षकहरुले नै शैक्षिक वातावरण रच्तछन्। यो विवरणमा लेखेको राष्ट्रिय शिक्षा- योजनको विकाशको प्रगति नेपालमा पाइने शिक्षकहरुमाथि निर्भर गर्दछ।

शिक्षण एउटा कला र विज्ञान हो। हरेक मानिस योग्य शिक्षक हुन सक्तैन।   योग्य शिक्षक जन्मन्छन्, बनाइँदैनन्  भन्ने कथन छ। कुनै मानिसमा पढाउने गुणको विशेषता पाइन्छ। साथसाथै त्यस्तो विशेष गुणको विकाश तालीमद्वारा हुँदै जान्छ। आजभोलि शिक्षकहरुले व्यावसायिक तालीम लिनै पर्दछ भन्ने सिद्धान्तले मान्यता पाएको छ। पढाउने व्यवसाय लिएको पाठकहरुमध्येबाट योग्य उम्मेदवार छान्नु जरुरी छ । तर तालीमबाट प्रभावशाली शिक्षकहरु बन्दछन्।

परिच्छेद ३ मा हामीले नेपालको स्कूलहरुमा शिक्षा व्यवसायको निम्ति कमसे कम योग्यता भएका एक शिक्षकसम्म रहनेछन् भन्ने उल्लेख गरेका छौं। समस्त नेपालमा एक एम.एड को उपाधिप्राप्त प्राध्यापक र शायद ६ जना जति बी.टी. अथवा बी.एड्. उपाधि पाएका स्नातकहरु र १२ जना जतिले आधार शिक्षाको खास तालीम पाएका छन्। भारतीय संस्थाहरुबाट यी सारा शिक्षा हासिल गरिएका छन्।

ई. सन् १९४९ आधार शिक्षा प्रचार गर्ने हेतुले शिक्षक तालीम गर्ने एक शिक्षण केन्द्र काठमाडौंमा खुलेको रहेछ। नेपालभर ५५ आधार स्कूलहरुमा पढाउने लक्ष्यले ४ वर्षसम्म शिक्षकहरुको तालीम भएको रहेछ। शिक्षकहरुमध्ये कसैले हाइ स्कूलसम्म संपूर्ण रुपले पढेका र धेरैजसोले त्यतिसम्म पनि नपढेका रहेछन्। ई.सं. १९५३ मा सो शिक्षण केन्द्र बन्द भएछ।

आजका नेपाली स्कूलका शिक्षकहरुमा कुनै किसिमको व्यावसायिक तालीम पाएको प्रमाण पाँइदैन। हाइ स्कूलका थोरै शिक्षकहरु बी.ए उपाधि प्राप्त र अधिकांश शिक्षकहरु त प्रवेशिका परीक्षामा उत्तीर्ण  वा आइ.ए. अनुत्तीर्ण, म्याट्रिक पास भएका र आइ.ए. फेल भएकाहरु मात्र छन्। प्रारम्भिक र माध्यमिक विद्यालयहरुमा त केही समयसम्म स्कूलमा पढेका तर कुनै किसिम शिक्षा व्यावसायको तालिम नपाएका शिक्षकहरु मात्र छन्।

माथि लेखिएबाट यो कुरा स्पष्ट हुन्छ कि नेपालका निमित्त हजारौंको संख्यामा शिक्षकहरु तालीम गर्नु नै एक ठूलो समस्या खडा भएको छ। शिक्षकहरु प्राय छँदै छैनन् र उम्मेदवारहरुको

पनि ज्यादै कमी छ। राणाशासनकालमा शिक्षा प्रचारको गतिरोध भएकोले थोरै युवक र अझ युवतीहरुले थोरै मात्र स्कूलमा शिक्षाको अवकाश पाएका छन्। अझ खेदको कुरा के भने अधिकांश विद्यार्थीहरुले त शुरु क. ख. को पाठसिवाय अरु केही जाने सुनेका छैनन्। प्रत्येक वर्ष प्रायः ३०० जति विद्यार्थीहरु नेपालको एस.एल.सी. परीक्षामा उत्तीर्ण हुन्छन् र यिनीहरुले कलेजमा पढ्नुपर्ने र सरकारी जागीरमा नियुक्ती हुने गर्दछन्। यही परिमित विद्यार्थीहरुमध्येबाट हामीले परिच्छेद ७ मा लेखेबमोजिम प्रत्येक वर्ष एक हजार शिक्षकहरुको अभाव पूर्ति गर्नुछ।

त्यसकारण एस्० एल्० सी० मा उत्तीर्ण भएका उम्मेदवारहरुबाट मात्र हाम्रो लक्ष्य पूरा हुन सक्तैन। अब प्रत्येक वर्ष जाँचमा अनुतीर्ण ७०० जति विद्यार्थीहरुको पनि लेखा गरौं। त्यसबाहेक आर्थिक परिस्थिति वा अरु कुनै कारण परी सातौं अथवा आठौं कक्षासम्म पढी छोड्ने विद्यार्थीहरुको पनि विचार गरौं। अहिले नेपालमा पाठ कण्ठ गरी जाँच पास गर्ने चलन जारी छ। मुखाग्र गर्न असमर्थ विद्यार्थीहरु यस किसिमको त्रुटिपूर्ण जाँचहरुमाफेल भए भन्दैमा उनिहरुले आधुनिक यथाक्रमवाल-विकाश सिद्धान्तउपर आधारित प्रारम्भिक स्कूलहरुका केटाकेटीहरुलाई पढाउन के सकोइनन्? विषय वस्तुको अतिरिक्त उक्त विद्यार्थीहरुलाई बालशिक्षाको काममा तालीम दिनु आवश्यक देखिन्छ। यही एक उपायले मात्र प्रारमिभक स्कूलमा तालीमी शिक्षकहरुको अभाव पूर्ति गर्न सकिनेछ।

योग्य शिक्षकहरुको तालीमका निमित्त प्राध्यापकहरुको ठूलो अभाव छ। अहिलेसम्म आधार स्कलका प्राध्यापकहरुले सोही विषयमा शिक्षकहरुलाई तालीम गरेका थिए। आधुनिक शिक्षा-प्रणालिको अनुरुप कुनै शिक्षकहरु तालीम भएक छैनन्। जुन तरहले सार्वजनिक विद्यालयहरुमा शिक्षकहरुले शिक्षाको स्रोत निर्धारण गर्दछन्, सोही तरहले शिक्षक तालीम गर्ने स्टाफले पनि शिक्षकको स्तर बढाई सार्वजनिक शिक्षापद्धतिको उन्नति गर्न सक्तछन्। राम्रो शिक्षापद्धतिको निमित्त योग्यता पूर्वक तालीम भएका शिक्षकहरु प्रतयेक संस्थाको शिरमा रहनु अनिवार्य छ।

शिक्षक तालीमको आवश्यक धेरै गुना बढेको छ। लगत्तै हामीलाई हजारौं प्रारम्भिक स्कूलहरुमा पढाउने शिक्षकहरु तालीम गर्नुपरेको छ। तर अहिले शिक्षक शिक्षण केन्द्रमा प्रारम्भिक विद्यालयका शिक्षकहरुको तालीमको निम्ति योग्य स्टाफ तालीम गर्नुपर्दछ। तसर्थ यस किसिमको स्टाफ तालीम गर्नका निमित्त अझ अधिकतर योग्य प्राध्यापकहरुको दकरि पर्दछ। अन्तमा अहिले भइरहेका शिक्षकहरुलाई ब्यावसायिक शिक्षा तुरुन्त दिई उनीहरुको स्तर बढाउनु अत्यन्त आवशयक पर्न आएको छ।

**शिक्षाका मूल सिद्धान्तहरु**

शिक्षा दिनु एक उच्च आदर्शको काम हो। शिक्षकलाई मानिसको आत्माको निर्माता भन्नुपर्दछ। जाँचमा पासगर्ने नियतले पाठ घोकाउनुको अतिरिक्त, शिक्षकले विद्यार्थीको विकाशका निमित्त विशेष किसिमको शिक्षा दिएको छ भने त्यसबाट मात्र दीर्घकालसम्म उसको चरित्र र आत्मामा त्यसको छाप रहन्छ। समाज सेवाको सच्च लगन तथा विश्वबन्धुत्व र मानिस उपरको सच्चा प्रेम लिई परिश्रमपूर्वक शिक्षा दिने शिक्षक वास्तविक देश-निर्माता भनेमा अत्युक्ति हुँदैन।

पृथ्वीको धैरै खण्डमा शिक्षा-पद्धतिको कायापलट भएरहेको छ। केही अघिसम्म शिक्षा केवल धनीहरुका निमित्त उपलब्ध थियो। धैरै मलुकहरुमा आजसम्म पनि थोरै बुद्धिजीवीहरुबाहेक शुरुको क. ख. को पाठसिवाय सर्वसधारणका निमित्त उच्चकोटिको विज्ञान उपलब्ध छैन। माध्यमिक शिक्षा हाइ स्कूलमा भर्ना हुने विचारले दिइन्थ्यो। वास्तविक जीवनसंग शिक्षाको सम्बन्धविछेद गरिएको थियो। व्यक्तितत्व विकाश, व्यवहार, प्रेरणा र सृजनात्मक शक्ति बढाउने लक्ष्यरहित निरन्दाजको शिक्षापद्धतिमा व्यासायिक शिक्षाको स्थान थिएन।

नेपालको अल्प शिक्षापद्धतिमा पनि उपरोक्त अवगुणहरु रहेकै छन्। विभिन्न किसिमको शिक्षापद्धति थोरैका निमित्त तर्जुमा भएको छ र ती अल्पसंख्यक शिक्षितहरुउपर पनि किसिमको विद्याको विपरीत प्रभाव परेको छ। संसारका विभिन्न देशहरुमा आज देश सुहाउने शिक्ष शैलीको उपलल्पना भैरहेको छ। सोही हिसाबले नेपालको जातीय शिक्ष आयोगले पनि देशअनुसारको भेषमा शिक्षाको वेहत् समस्या समाधान गर्न अँाटेको छ। एक प्रकारले थोरै मात्रामा भएकोले समूल देश सुहाउँदो शिक्षाको कार्यक्रमको अनुष्ठान गर्न आयव्गलाई सजिलो परेको छ। आयोगले तपसीलका ठोस सप्तसूत्र सिद्धन्तहरुको आधारमा योजना तयार गरेको छ :

(१) प्रजातन्त्रको अनुरुप नेपाली जीवन र नेपालको संस्कृतिको जगउपर नेपालको शिक्षा पद्धति उभिनुपर्दछ।

(२) नेपालीहरुको विभिन्न पेशा, चाहना, महत्वाकांक्षा र अभिलाषा पूरा गर्ने प्रयास हाम्रो शिक्ष पद्धतिमा रहनुपर्दछ।

(३) प्रजातान्त्रिक सिद्धान्तको आडमा उभिएको यो नयाँ शिक्षापद्धति क्रमैसंग सोही विकासको लक्षले उत्तरोत्तर लम्कदै जानुपर्दछ।

(४) शिक्षा भनेको एक जिउँदो तत्व हो जसको सम्बन्ध शिक्षकभन्दा विद्यार्थीसंग रहेको हुन्छ। यो निष्त्रिय वस्तु होइन। विद्यार्थीले आफूले खेखेको प्रत्यक्ष प्रमाण र भोगेको

अनुभवबाट शिक्षा लिँदै जानुपर्दछ। शिक्षकले भनेको कुरापछि मात्र सच्चा विद्यार्थी दगुर्दैन।

(५) स्कूलबाहिर, स्कूलभित्र र जताततै विद्यार्थीले शिक्षा पाउँदैजान्छ। पास भएपछि वास्तविक शिक्षा आरम्भ हुन्छ ।

(६) शिक्षाले मानिसउपर सद्भावनाको दृष्टिकोण उघार्दछ र अरुको दृष्टिकोणको ख्याल राखी मतभेद वा राय बाझेकोमा विवेक विचार गर्ने बानी पार्दछ।

(७) शिक्षकनै शिक्षाको सफलता र असफलताको मुख्य कारण हो। उसले राम्रो शैक्षिक वातावरण उत्पन्न गरेको छ छैन, त्यसउपर नै शिक्षाको सफलता र निष्फलता निर्भर गर्दछ।

प्राथमिक र माध्यमिक स्कूलहरुको राम्रो उञ्चालन होस् भन्ने लक्षले यी सप्तसूत्री आयोजन पूरा विचारले गरिएको छ। (यस विषय आठौं र नवौं परिच्छेदहरु हेर्नुहोस्)। आयोगले लक्ष गरेको स्कूलहरुका निमित्त आवश्यक शिक्षकहरुलाई तालीम गर्ने उद्देश्यले यो कार्यक्रम तर्नुमा भएको छ। यही नयाँ शिक्षापद्धतिको सफलताका निमित्त शिक्षकहरु तालीम गर्ने आयोजनाको मुख्य हेतु र तात्पर्य हो।

**शिक्षक शिक्षण केन्द्रको मुख्य हेतु**

नेपालका स्कूलहरुमा योग्य शिक्षकहरु रहुन् भन्ने मुख्य उद्देश्यले शिक्षक शिक्षण केन्द्रको स्थापना भएको हो। यो उद्देश्य पूर्तिको निम्ति यथेष्ट योग्य तरुण शिक्षक र तरुणी शिक्षिका उम्मेदवारहरुको आवश्यक पर्न आउँछ। योग्य शिक्षक शिक्षिकाहरु छान्ने काम, शिक्षकहरुका निम्ति पाठ्यक्रमको तर्जुमा, शिक्षकहरुलाई यथार्थ पथप्रदर्शन गर्ने काम साथै तालीम गरी सके पछि सन्धिसर्पनअनुसार शिक्षक शिक्षिकाहरुको स्थानीय नियुक्तिको काम मुख्य छन्।

अहिले भैरहेका शिक्षकहरुलाई उन्नत तालीमको जरियाबाट अझ योग्य शिक्षक बनाई उनीहरुद्वारा हाल भैरहेका स्कूलघर र क्लासरुमहरुको पुनर्निर्माण गराउने काम यसको उपसिद्धिस्वरुप हुन आउँछ। यसका निमित्त मन लगाई कामगर्ने किसिमका उमेदवार छान्नुपर्ने, स्कूलका प्रधान र संचालक समितिको सहयोग र शिक्षकहरु काम र परी बाहिर गएको अवस्थामासहकारी शिक्षकहरुले कामको अभिभारा लिइदिने इत्यादि आपस आपसैको सहयोग हुनुपर्दछ।

दोस्रो नेपालका सवै स्कूलहरुमा समान पाठ्यक्रम र समान किसिमले पढाउने तरीका हुनु आवश्यक छ। यसका निमित्त प्राथमिक र माध्यमिक स्कूलका पाठ्यक्रमहरुको पूरा ज्ञानका साथै तिनमा पढाउने तरीका र त्यहाँ उपयोग हुने पठन पाठनका सामग्रीहरुको यथार्थ ज्ञान नभै हुँदैन। व्यक्ति स्वातन्त्र्य र भिन्नता मिूल नष्टगर्ने ध्येय उक्त एकचित्तता ल्याउने किसिमको

शिक्षापद्धतिको मन्तव्य होइन। तर पनि उही स्कूलमा समान किसिमको व्यावसायिक शिक्षा पाएका शिक्षकहरुले निचोरका समान प्रभाव र साधनसम्म कायम गर्लान् भन्ने मनसाय हो।

उक्त दोस्रो मन्तव्यको उपसिद्धिस्वरुप बालबालिकाहरुको भिन्नता र स्थानीय स्थिति र वातावरण सुहाउँदो गरी पाठ्यक्रमको शिक्षा दीक्षामा चातुर्यपूर्वक हेरफेर गर्न सक्नु हो। यो कामका निमित्त शिक्षिकमा चातुर्य, उपाय-कुशलता र सृजनात्मक शक्ति हुनुपर्दछ। प्रत्येक गाउँर जिल्लाहरुको वातावरणको अनुकुल शिक्षा दिने गर्नुपर्दछ भन्ने सुझाउसम्म शिक्षक शिक्षण केन्द्रमा दिइन्छ।

शिक्षक-शिक्षणको तेस्रो मनसाय शिक्षापद्धतिमा बराबर उन्नति भइरहोस् भन्ने हो। शिक्षकले प्रयोगत्मक दृष्टिकोण धारणा गरी बराबर अनुसन्धान गरिरहनुपर्दछ। शिक्षकले बराबर नयाँ साधनको खोज गरिरहनुपर्दछ। शिक्षक शिक्षण केन्द्र प्रयोगशाला जस्तो हुनुपर्दछ जहाँ समयानुकुल पढाइने विद्यार्थीको जातीय विकाशलाई सुहाउँदो परिवर्तन भैरहनुपर्दछ।

उक्त मनसायहरुबाट शिक्षक शिक्षणका मूल सिद्धान्तहरुको उपकल्पन भएको छ। साथसाथै आयोगले नेपालमा शिक्षकको अभाव, देशको परिमित आर्थिक परिस्थिति र यो सव प्रजातन्त्रमा शिक्षाको आवश्यकता पूरा तौरले आफ्नू दृष्टिकोणमा राखेकोछ।

**शिक्षक शिक्षणको मूल लक्ष**

कक्षामा शिक्षकले गर्ने कारवाईको विश्लेषणबाट शिक्षक शिक्षणको लक्षहरु निर्धारित गरिन्छ। जवाफदेहीको भार बोकेका योग्य शिक्षकहरु कस्तो हुनुपर्दछ? शिक्षक मात्र नभै पितातुल्य शिष्ट पुरुष पनि हुनुपर्दछ, जसको आदर्शमा विद्यार्थीहरुले आफ्नू जीवन ढालून्। प्रत्येक चाहका साथै निदिष्ट लक्ष अगाडि राख्नुपर्दछ, र प्रत्येक लक्षको आगाडि प्रामाणिक अनुभवबाट उद्धृत सो लक्ष सफल गराउने साधन हुनुपर्दछ। प्राथमिक र माध्यमिक शिक्षालयहरुका शिक्षकहरुको माग र उपाय समानरुपको हुन्छ। अतएव आयोगले प्राथमिक शिक्षालाई प्राधान्यता दिएकोले, तपसिलका सिद्धान्तहरुका निमित्त प्राथमिक शिक्षकहरुलाई लक्ष गरिएको छ।

पहिलो शिक्षकले पढाउने व्यवसायमा पारंगत हुनुपर्दछ। शिक्षकलेः-

(१) केटाकेटीहरुको मनोभाव बुझी उनीहरुको लय तालसुरमा काम गर्न सक्नुपर्दछ
(२) सिकाइने वस्तुको प्रकृति आफैले पढे जस्तो गरी राम्ररी सिकी जानेको हुनुपर्दछ र युक्तिपूर्वक केटाकेटीहरुलाई स्वयं सिक्दै जाने प्रेरणा दिन सक्नुपर्दछ
(३) स्वभावै परोपकारी र तत्वज्ञानी हुनुपर्दछ

(४) खुला दिलको साथै शिक्षाका हतौडीको ज्ञान र अनुसन्धानका निमित्त चतुर हुनुपर्दछ
(५) प्रत्येक दिनको पढाइका साथै छात्र-गोष्टिको बराबर तर्जुमा गरिरहनुपर्दछ
(६) छात्रछात्रालाई स्वयं आफ्नू काम गर्न सक्ने बानी लगाइदिनुपर्दछ
(७) विद्यार्थीहरुलाई आत्मनिर्भरता प्रेरणाको दिनुपर्दछ र परेमा अनुशासन राख्न सक्नुपर्दछ
(८) विभिन्न विषय पढाउने दक्षताका साथै शिक्षा कुशल हुनुपर्दछ
(९) विद्यार्थीहरुलाई आफ्नू उन्नतिको तौल आफै गर्न सक्ने प्रेरणा दिनुपर्दछ
(१०) आवश्यकीय रेकर्ड राख्ने र अरु भै परिआउन शैक्षणिक शिक्षाचक्र चलाउने योग्यता हुनुपर्दछ

दोस्रो, शिक्षकमा शिक्षक र उमेर पुगेको व्यक्तिको हैसियतमा सेवा गर्न मोटामोटी साधारण शिक्षा हुनुपर्दछ। उ निम्नलिलखत कुरामा परिचित र दक्ष हुनुपर्दछ।

(१) नेपालको इतिहास,भूगोल,अर्थशास्त्र र संस्कृति
(२) एशियाइ छिमेकीराष्ट्रहरुको इतिहास,भूगोल,अर्थशास्त्र
(३) चुनिएका पश्चिमका मुलुकहरु र साधारण संसारको इतिहास,भूगोल,अर्थशास्त्र र संस्कृति,
(४) नेपालको दैनिक जीवनको आधार बनेको विज्ञानका सिद्धान्तहरु
(५) व्यतिगत तथा सामाजिक जीवनको निम्ति आवश्यक स्वास्थ्य र स्वास्थ्य-विज्ञानका सिद्धान्तहरु
(६) प्रथम उपचारको सिद्धान्त
(७) गणितको मौलिक विचार ( अयलअभउतक )
(८) नेपाली भाषामा र केही हदसम्म मातृभाषामा पढ्ने, लेख्ने,र बोल्ने र सुन्न्ेा भाषा संबन्धी टेकनिक
(९) नेपालको ललितकला, संगीत, साहित्य र साधारण संस्कृति
(१०) नेपाली कानूनको प्रारम्भिक सिद्धान्त

तेस्रो,शिक्षकहरु आफैं आधार व्यवसायसंबन्धी शिल्पमा योग्य र त्यस्ता शिल्प सिकाउनमा दक्ष हुनुपर्दछ। निम्नलिखित कुराहरुको परिआउने कार्यविधि बुझ्नुपर्छ र हुनुपर्छ।

(१) सफा र पौष्टिक ढङ्गले खानेकुरा उमार्नु, पकाउनु र आफैलाई खानेकुरा जुटाउनु
(२) कपाल र ऊनको खती कातने र बुन्ने ( अथवा बुद्धिमानी ढङ्गले किन्ने,) छांटने र सिउने, लाउने लुगा र त्यसका सदमिहरु (बअअभककयचष्भक ० र गृहस्थीमा चाहिने र, यस्तै आवश्यक बस्तु बनाउनेसमेत गरी आफूलाई लूगा जुटाउनु।
(३) कोरा मालहरु तयार गर्ने,घर व्यवस्था मिलाउने र बनाउने, फर्निचर र त्यसलाई चाहिने सदमि बनाउनेसमेत गरेर,बाँस,काठ, इँट अथवा अरु वस्तुले आफू बस्ने घर जोर्नु।

चौथो, शिक्षक व्यक्तिगत रुपले राम्ररी विकसित हुनुपर्दछ र अबच्छिन्न रुपले आफूलाई बिकास गर्न जान्ने कार्यविधिमा दक्ष हुनुपर्छ। उसमा निम्नलिखित कुराहरु हुनुपर्दछ।

(१) निर्दोस चरित्र

(२) मजालाग्दो व्यक्तितत्व

(३) राम्रो शारीरिक बनावट

(४) मानसिक र शारीरिक ढङ्गले स्वास्थ्यको पूर्णता

(५) उमङ्गको दृष्टिले सुसन्तुलित हुनुपर्छ

(६) व्यक्तिगत र व्यवसायसंबन्धी उच्च्ानीति लिएको हुनुपर्छ

(७) धार्मिक स्वतन्त्रा र सहिष्णुतामा विस्वास गर्ने र आफ्नो कामकारवाईमा देखाउने हुनुपर्दछ

(८) योग्य नागरिक नेता हुनुपर्दछ।

जसरी अभिप्रायहरुले उद्देश्यलाई निरधारित गर्दछन्, त्यसरीनै प्री उद्देश्यहरुले शिक्षक शिक्षण कार्यक्रम आयोजित गर्न आधार दिन्छ। तिनीहरुले उच्च आदर्शको लक्ष गर्दछन् शायद कसैले पनि तिनीहरुमा पूर्णता प्राप्त गर्न सक्तैनन्। जेभएता पनि तिनीहरु प्रत्येक तालीम पाउनेलाई निर्देशन र पथप्रदर्शन गर्दछन्। तालीमदिने शिक्षासंस्थाका स्टाफका सदस्यहरु उत्तरदायित्वको दृष्टान्त वन्दछन्।

**कार्यक्रको व्यवस्था**

शिक्षक तालीमको निमित्त चाहिने आवश्यकता होशियारी पूर्ण विश्लेषण र भैरहेको परिस्थितिबाट लाउनै परेको सीमाबन्धनले गर्दा ४ किसिमको तालीम सूचित गर्दछ। यी चार किसिमका तालीमहरुको, पहिले पनि र पछि पनि छँदाछँदै कार्यक्र हुनेछ। तर यी कार्यक्रम एउटै एजेन्सीको मातहतमा राख्नुपर्दछ।

प्रथम तथा सर्वप्रथम,प्राइमरी स्कूलका शिक्षकहरुको ठूलो संख्याको आवश्यकतालाई पूरा गर्न छोटो अवधिको तालीमी पाठ्यक्रम बनाएर पुरा गर्नु पर्दछ। आदर्श रुपले खासगरेर व्यवसायी तालीमलाई चाहिने आवश्यकता तर्फ मात्र ध्यानदिएर होइन, प्रतिभाशाली उम्मेदवारबाट दिइने साधारण शिक्षालाई चाहिने आवश्यकतालाई पनि विचार राखेर, यी पाठ्यक्रम कमसे कम एक वर्षको हुनुपर्दछ। सामाजिक अध्ययन,विज्ञान,स्वास्थ्य र व्यवसायी शिल्पमा केही पृष्ठभूमि राखिनुपर्दछ। तालीमको निमित्त फण्ड सीमित र अपर्याप्त भएकोले आवश्यकताको विचारले पाठ्यक्रम तयार गर्नुपर्दछ। पाठ्यक्रम छोटो गराइ ६ महीनामा न्यूनतम तालीम दिन सम्भव हुनेछ र शिक्षकहरुको संख्या दोबर हुनेछ र फण्डमात्र होइन,तालीम दिने स्टाफको परिश्रम पनि दोबर हुनेछ। धैरै वर्षको सिकाउने अनुभव भएकाहरु, आधा समयमा तुलनात्मक योग्यता

हासिल गर्ने छन् भन्ने विचार आयोगले गरेकोछ। यसकारण आयोगले सुझाउ दिन्छ, पहिलो आरम्भमा काठमाडौंमा र पछि मुलुकको विभिन्न भागमा शाखाहरुमा रहेको आवश्यकता शिक्षक शिक्षण केन्द्रमा छोटो समयको पाठ्यक्रमद्वारा पूरा गर्नुपर्दछ। कसो हुंदो रहेछ भनी एक या दुइ वर्षको अवधिभित्र ६ महिने आधारमा यी पाठ्क्रमहरु तयार पारिनुपर्दछ भन्ने सुझाउ दिन्छ। यदि यो अवधि जयादै छोटो ठहर्‍यो भने लम्बाएहुन्छ।

दोस्रो, शिक्षक शिक्षण केन्द्रको तालीमदिने स्टाफको सदस्यहरुलाई चाहिने पाठ्यक्रम तुरुन्त बनाइहाल्नु पर्छ। यो तालमि प्रयोगात्मक बनाउनलाई औ प्राइमरी स्कूले शिक्षकको तालीम ढीला नगर्नालाई, आधुनिक शैक्षिक तरीकामा पढाउने कुनै विदेशी मुलुकबाट एक अथवा बढी योग्य शिक्षक शिक्षणमा विशेषज्ञहरु नेपालमा ल्याउनुपर्दछ। ती विशेषज्ञहरुले शिक्षण केन्द्र स्थापना गर्नमा निर्देशन गर्ने औ साथसाथै शिक्षाको आधुनिक ढङ्गममा स्टाफलाई तालीम दिन र निरीक्षण पनि गर्नु सक्नुपर्दछ। आखिरमा यो तालीम शिक्षक महाविद्यालयले लिनेछ तर धैरै स्टाफका सदस्यहरुलाई विदेशी विशेषज्ञद्वारा व्यवसायमा तालीम दिन सकिन्छ।

तेस्रो, हाम्रा वर्तमान शिक्षकहरुलाई उच्च दर्जामा लैजा न जति सक्यो उति चाँडो पाठ्यक्रम तयार गर्नुपर्दछ। तीन महीने अथवा ६ महीने पाठ्यक्रम हुनुपर्दछ। यी पाठ्यक्रम शिक्षण केन्द्रमा अथवा आवश्यक समयको निम्ति मुलुकका धैरै भागहरुमा घुमती टीमद्वारा प्रसार गरिने छ। अथवा एउटा मुख्य समस्या अथवा शिक्षाको एक मुख्य अंगलाई मात्र ग्रहण गर्ने दुइ हप्ताको कार्यशाला (Workshop) हुनसक्छ।अथवा आठदेखि १२ हप्तासम्म हरेक पिरियरड्को दुइ घण्टा गरेर हप्तामा तीन पटक भेटने गरी विस्तृत आधारमा पाठ्यक्रम दिनसकिन्छ यदि आयोगले प्रस्ताव गरेको नयाँ पाठ्यक्रममा हाम्रा शिक्षकहरुले लिनु पर्दछ भने, यस्तै किसिमका धैरै प्रकारको व्यवस्था बनाउन सकिन्छ र बनाउनै पर्दछ। पढाउनेको नयाँ तरीकामा, व्यवस्थाको नयाँ ढाँचामा, सिकने नयाँ सामानमा र नयाँ पाठ्यक्रममा तिनीहरुलाई शिक्षादीक्षा ( ष्लकतचगअतष्यलक दिनुपर्दछ।

चौथो, यी सबै तालीमी कार्यहरुबाट निकट भविष्यमा डिग्री दिने शिक्षक महाविद्यालय स्थापना तर्फ संकेत गर्दछ। यो महाविद्यालय आधुनिक ढंगमा स्थापना होस् भन्ने हेतुले, यसलाई चाहिने स्टाफको मुख्य भाग-भनौं पाँचदखि १० सदस्यहरुको वर्षको तालीमलाई बाहिर पठाउनु पर्दछ। यस्तो समूहले बाहिर संगठनका किसिमका तरीकाहरु र यसै संवन्धित समस्याहरु जाँचन छ र साथसाथै बालमनोविज्ञान शिक्षणका तरीकाहरु,पाठ्यक्रम र स्कूलको शासन व्यवस्था इत्यादिमा विशेषज्ञ हुन सक्ने छ। फर्केर आएपछि,यी तालीमी कार्यहरुलाई एकनासे र समन्वय गर्नलाई-शिक्षक महाविद्यालयको आवस्यकता पर्दछ।

यस्तो महाविद्यालयले धैरै किसिमको कार्यक्रम दिन सक्नेछ

(१) बी० एड० डिग्री सम्म जाने हाइस्कूल प्रवेशिका परीक्षामाथि चारवर्षे सयुक्त लिवरल आर्टस (Liberal Arts) र व्यवसाय संवन्धी कार्यक्रम। त्रि-चन्द्र कलेज नजिकै शिक्षक-महाविद्यालय रहेमा, यी पाठ्यक्रमका केही अंश काममा ल्याउन र व्यवस्था मिलाउनु सकिन्छ तर यो ४ वर्षभित्र, भावी शिक्षकहरुले प्रयोग गर्न सक्ने आधुनिक तरिकामा यी पाठ्यक्रम सिकाउन सकिन्छ। भावी शिक्षकहरुको निम्ति सिक्ने अनुभव बढता क्रियात्मक बनाउनुलाई प्रारम्भिक र माध्यमिक स्कूलहरुमा पाइने किसिमका व्यवस्था जस्तै ढंगमा पाठ्यक्रम व्यवस्थित गरिनु पर्छ। यो कार्यक्रम समाप्त गरिसकेका व्यक्तिहरु निपुण-शिक्षक हुनु पर्दछ। र केही वर्षको अनुभव पछि ग्राजुयट तालीम शुरु गर्नुपर्छ र पछि उच्च कक्षाको व्यवसायी उत्तरदायित्व बोक्नुपर्छ।

(२) व्याचिलर डिग्री लिएकाहरुलाई र सफलतापूर्वक शिक्षण अनुभव भएकाहरुलाई एम्० एड्० डिग्री तिर लैजाने कार्यक्रमः-

(३) यस्तो किसिमको तालीमले छोटो अवधिको तालीमी पाठ्क्रमद्वारा तालीम भएका स्टाफमा भर्ना हुने निपुण व्यक्तिहरुको जगेरा समूहलाई जुटाउने प्रयत्न हुनुपर्दछ। औ यो तालीमले अरु कलेजको स्टाफमा भर्ना हुने ( अथवा भर्ना भैसकेकाहरुलाई) पनि मद्दत गर्दछ। यो खासगरेर व्यवसायी तालिम हुनुपर्दछ र विस्तृत साधारण शिक्षा भएकाहरुलाई मात्र लिइनु पर्दछ।आउँदो केही वर्षसम्म त नेपालमा पाइने सबभन्दा उच्च कक्षाको व्यवसायी डिग्री हुनेछ। यसकारण यसलाई धैरै उच्च स्तरमा राख्नुपर्छ औ उच्च दर्जाको उम्मेदवारहरुलाई मात्र भर्ति गर्नुपर्दछ।

(४) क्षेत्र पाठ्यक्रमको विस्तृत पाठ्यक्रम अथवा विस्तृत पाठ्यक्रम। यस्तो पाठ्यक्रम कि वी० एड्० कि एम्० एड्० डिग्री तिर लैजाने हुनुपर्दछ। तर यो पाठ्यक्रमनै डिग्री कार्यक्रम हुनुहुदेन। व्यवसायमा शिक्षकहरुलाई उच्च दर्जामा लैजानलाई तर्जुमा गरिएको हुनुपर्दछ। ( र माथि पृष्ठ सुझाव दिएको अस्थायी व्यवथा लिनु पर्छ ) नियमित पढाउने काम लिएका शिक्षकहरुलाई सुविधा हुनेगरी स्थान, दिन र घण्टामा पाठ्यक्रम दिनुपर्दछ। यसको मतलब बिहानको सबेरै बिहानको बेला अथवा साँझको बेला, शनिबार र छुट्टिको बेला र घुम्ती स्टाफ र पर्याप्त पुस्तकालयको निम्ति प्रशस्त माग पाइने काठमाण्डौं, विराटनगर, वीरगंज,पाटन,पोखरा,इलाम,पाल्पा अथवा मुलुकका अरु केन्द्रहरु हुन।

(५) ग्राजुयट नभएका विद्यार्थीहरुलाई र यदि पब्लिक स्कूलहरुमा क्लास लिने शिक्षकहरुको आवश्यकता पूर्ण गर्न आवश्यक परे हाइ स्कूलका म्याट्रिकसम्म पनि नभएकाहरुको निम्ति पनि पढाउने प्रमाणपत्र पाइने छोटो अवधिको पाठ्यक्रम कमसे कम वर्ष दिनको भए बढिया हुनेछ। यो पाठ्यक्रमले ७ पेजमा सुझाउ गरिएका अस्थायी कार्यक्रमलाई गाभ्नेछ।

शिक्षक-महाविद्यालयको मूख्य कामहरु यी हुनेछन्। राम्ररी व्यवथित गरिएको कलेजल कार्यक्रमको इज्जत बढाउने र आवश्यकीय समकक्षा संयुक्त पार्ने छ। आयोग विश्वास गर्दछ, एक मुख्य स्टाफ छान्ने र तालीम दिने तुरुन्त काम भए १९५६ मा शिक्षक-महाविद्यालय स्थापना हुनसक्छ।

यसै बीचमा, थोरै समय लाग्ने शिक्षक तालीम केन्द्रको स्टाफलाई तालीम दिने, प्रारम्भिक स्कूलका शिक्षकहरुलाई तालीम दिने र वर्तमान शिक्षकहरुलाई उच्च दर्जामा लैजाने अस्थायी अपर्झट कार्यक्रमको तर्जुमा हुनुपर्दछ।

**शिक्षक तालीमको निम्ति पाठ्यक्रम**

यी धैरै विभिन्न किसिमका कार्यक्रमहरुको पाठ्यक्रमहरु, पाठ्यक्रम पढाउने उत्तरदायी भएकाहरु र सिकनेहरुको स.युक्त प्रयासबाट विकाश हुनुपर्दछ। यो बन्ने अवस्थामा सहयोगात्मक योजनामा सिकारुहरुको नाम दर्ता गर्न दिने मौकालाई आँखा चिम्लि दिनुहुन्न। सिकारुहरुले योग्य मद्दतमात्र दिन सक्ने होइनन् तिनीहरुले यो कार्यक्रममा भागलिनेहरुको वास्तविक आवश्यकताहरुको विश्लेषणमा मद्दत र पहिलो ज्ञान दिन सक्छन्। यो सुझाव दिइन्छ, कार्यक्रमका स्टाफ शिक्षामन्त्रालयमा प्रतिनिधिहरु, विदेशबाट आएका शिक्षक शिक्षाका अनुभवी विशेषज्ञबाट प्रत्येक तालीमी कार्यक्रमको निम्ति चाहिने प्रारम्भिक योजना बनाउनुपर्दछ। कार्यक्रम बन्दाबन्दै, सिकारुहरुको मद्दतले पूर्ण विवरणको योजना बनाउन सकिन्छ। यो सुझाउलाई ध्यानमा राखेर यी कार्यक्रमहरुको निम्ति चाहिने पाठ्यक्रमको प्रकृति विषयमा सूक्ष्म सूचना (Hints) दिइन्छ।

प्रारम्भिक स्कूलका शिक्षकहरुलाई तालिम दिने छोटो अवधिको कार्यक्रम प्रारमिभक स्कूलका पाठ्यक्रमको सार र यो पाठ्यक्रम पढाउनामा व्यवसायी योग्यताको विकाशसंग परिचत हुनुपर्दछ। माथि दर्शाएझै, यस्तो तालीमको निम्ति ६ महीना (अथवा यो विषयको निम्ति एक वर्ष पनि ) ज्यादै छोटो अवधि हो, तर यो तालीम हप्ताको ६ दिन, दिनको आठ घण्टा, न्यूनतम विदाहरु दिएर दिएमा, सिकारुहरुलाई यस्तो तालीमको आधार भएको प्रारम्भिक ज्ञान दिन र सिकाउन सक्ने तुल्याउन र सिकाउदै पनि गर्‍यो आफू पनि सिक्दै जान सम्भव हुन सक्छ।

प्रारम्भिक स्कूलका पाठ्यक्रमले साधारण शिक्षा, व्यवसायी शिल्पशिक्षा र व्यक्तिगत विकाशमा विचार दिएको छ। शिक्षक तालीम पाठ्यक्रमले उक्त विषयहरुमा विचार राख्नुपर्दछ र यस बाहेक व्यवसायी शिक्षाका विषयमा एकमत हुनुपर्छ। साधारण शिक्षाको क्षेत्रमा धैरै जसो सिकारुहरुमा सामाजिक अध्ययन, खासगरेर नेपाल, एशिया र वाँकी संसारको, इतिहास र

सांस्कृतिक विकाशको विषयमा ज्यादै कम ज्ञान होला। यो रिक्तता सामाजिक अध्ययनको प्रारम्भिक पाठ्यक्रमको प्रौढ खतराको शिक्षाले भरिनुपर्दछ नकि इतिहास अर्थशात्र र बेग्लाबेग्लै विषयहरुले। ज्ञान र लिखित समाग्रीहरु ़कबतभचष्बकि ) को अभाव ( जस्तो कि नेपालको प्रारम्भिक सांस्कृति विकाश ) भएको क्षेत्रहरुले सोझै अन्वेषणका विषयहरु र अन्वेषणका तरीकामा तालीम दिन्छन्। स्टाफका सदस्यहरु र सिकारुहरुले यी क्षेत्रहरुमा प्रारम्भिक स्कूलका केटाकेटीहरु र उमेर पुगेका दुवैलाई पाठ्यपुस्तकका सामाग्रीहरु विकाश गर्न पिट्ट लाग्नुपर्दछ।

सिकारुको पक्षमा अर्को अगाडिबाटै विचार गरिएको अभाव नेपाली भाषामा छ। थाहा पाइएको छ नेपाली भाषमा योग्यभएका धेरै छैनन् र केही त बोलचाल गर्ने नेपाली भाषमा बिलकुल कमजोर छन्। यदि शिक्षकहरुले नेपाली भाषालाई उचाल्ने हो र यसलाई शिक्षाको माध्यम बनाउने हो भने तिनीहरुका बीच यसको प्रयोगमा प्रशस्त तालीम चाहिन्छ। भाषा (नेपाली) मा निपुणताको स्तर पत्ता लगाउनलाई वर्गीकरणको परीक्षा हुनुपर्दछ र तिनीहरुको आवश्यकताबमोजिम सिकारुलाई वर्गीकरण गरिनु पर्दछ।

धेरै जसो सिकारुहरुमा विज्ञान र स्वास्थ्यसंबन्धी ज्ञानको अभाव हुनु स्वभाविकै हो। प्राइमरी स्कूलका केटाकेटीबाट आशा गरिने ( समझको स्तरबाट कमसे कम माथि ) र सफल बयस्क जीवनलाई आवश्यक समझको स्तरबाट कमसे कम माथिको तहबाट सिकलाइ गर्नुपर्दछ। गणित पनि यो स्तरसम्म विकाश गरिनुपर्छ । यहाँ पनि न्यूतनम स्तरसम्म सिकारुहरुलाई ल्याउन चाहिने समय निर्धारित गर्नलाई वर्गीकरण परीक्षा कामलाग्दो हुनछन्।

धेरै जसो केटाकेटीहरुको निमित्त प्राइमरी शिक्षानै अन्तिम हुने हुनाले, न्यूनतन व्यवसायी तालीममा प्रशस्त जोड दिइन्छ। ज्यादै थोरै सिकारुहरु यस्तो तालीम पाएका होलान् अथवा व्यवसायी शिल्पसंग परिचित होलान्। सम्भव भएसम्म तिनीहरुको तालीमी कार्यक्रममा प्रयोगात्मक शिल्पकार्य राखिनुपर्दछ। सवभन्दा पहिले शिल्पको उद्देश्य र प्राइमरी शिक्षाको पाठ्यक्रमसंग परिचित हुनुपर्दछ। एउटा शिल्पमा दक्षताको केही हदसम्म निपुण गराउन सकिन्छ, तर धेरै जसो शिक्षकहरु आफ्ना पितापूर्खाले गरिआएको व्यवसायमा कामगर्ने ग्रामीण शिल्पकारबाट पाउने मद्दत उपर भर पर्नेछन्। स्थानीय शिल्पकारहरु निसन्देह केटाकेटीहरुलाई शिल्पमा दक्ष तुल्याउन ईच्छुक हुनेछन् र काममा लागिरहदा शिक्षकहरुले कार्यविधि स्वयं सिक्नेछन्। शिक्षकमा संबन्धित शिल्पको ज्ञान सिकाउन प्रशस्त पृष्ठभूमि हुनुपर्छ। आफूले खानेकुरा जम्मा गर्ने, घर जोरजाम गर्ने र लुगा जुटाउने कार्यक्रमको साधारण रुपरेखा तयार गर्नु पर्छ। तर ६ महीना अथवा एक वर्ष भरीमा यी कलाहरुको निमित

आवश्यकीय दक्षता विकाश गर्लान् भन्ने आशा गर्न सकिन्छ।व्यक्तिगत विकाशको क्षेत्रमा धेरैजसो सिकारुहरुमा केही अनुभव हुन्छ भन्ने विश्वास गरिएको छ। तिनीहरु मध्य धेरैजसोले खेलकुदमा भाग लिएका हुन्छन्। तिनीहरुको आफ्नै आध्यात्मिक र नैतिक पृष्ठभूमि हुन्छ। जे भएता पनि तिनीहरुलाई प्रारम्भिक स्कूलका केटाकेटीहरुको निम्ति प्रभावकारी कार्यक्रमको विकास गर्न यथेष्ट मद्दत चाहिन्छ। केटाकेटीहरुका निम्ति ढोकाभित्र र ढोकाबाहिरका दुबै किसिमका खेल सिक्न आवश्यक छ। देशभक्ति, उत्तरदायित्व र नतिक मूल्यहरु विकाश गर्न प्रयोग गरिने कथाहरु संग तिनीहरु परिचित हुनुपर्दछ।

धेर जसो सिकारुहरुको यस क्षेत्रमा समझ र कार्यविधिमाको बिलकुल असामाज्ञाय हुनेहुनाले, कार्यक्रमको धेरैजसो भाग शिक्षाको व्यवसायी रुपमा केन्द्रित हुनुपर्दछ। तिनीहरुको निम्ति केटाकेटीको मनसाय, तिनीहरुले सिक्ने तरिका, तिनीहरुको स्वास्थ्य र सामर्थ्य वोधका निमित्त मद्दतको आवश्यक पर्दछ। अनुभव गराउन, काम सिकाउन  र योजना गर्नमा सोझै शिक्षा र कार्यविधि चाहिन्छ। स्कूल व्यवस्था र स्कूल सम्प्रदायको शासनसंबन्धी समस्याहरुको समाधानका निमित्त निर्देशनको आवश्यक छ। शिक्षकमा तिनीहरुलाई प्रशस्त कार्यविधि, सिकाउने अनुभवको पनि आवश्यक छ।

संक्षेपमा,छोटो अवधिको तालीमी पाठ्यक्रमको निम्ति चाहिने पाठ्यक्रममा निम्नलिखित कुराहरु हुनुपर्दछः-

(क) सामाजिक अध्ययन, नेपालीभाषा,विज्ञान र गणितमाथि जोडदिएर साधारण शिक्षा,

(ख) शिल्प शिक्षा,

(ग) व्यक्तिगत विकाश र

(घ) शिक्षाको अभिप्राय, र सिकने कार्यविधिको  प्रकृति, पाठ्यक्रमको योजना शैक्षिक सरजामहरुको बनावट, सिकाउने साधारण र विशेष तरीकाहरु, स्कूल व्यवस्था र शासन,स्कूल र सम्प्रदायको संबन्ध र कार्यविधि-सिकने काममा जोड दिन व्यवसायी शिक्षा।

छोटो अवधिको निम्ति स्टाफलाई तालीम गर्ने पाठ्यक्रम कृयात्मक हुनुपर्दछ र स्टाफका सदस्यहरुको निश्चित आवश्यकताहरुसंग मिल्दोजुल्दो हुनुपर्दछ। शिक्षक शिक्षण केन्द्रको विकाशको लागि यो समूहलाई निर्देशन गर्न एक शिक्षाको विशेषज्ञ पाइए,प्राइमरी स्कूलका शिक्षकहरुलाई छोटो अवधिको पाठ्यक्रममा  तालीम गर्न र कार्यविधिमा धेरै प्रयोगात्मक तालीमका विषय राखी लाभ उठाउन सकिन्छ। धेरै प्रकारको व्यवसायी समस्याहरुको वास्तविक समाधानमा विशेषज्ञले स्टाफलाई मद्दत दिने छ। विशेषज्ञले त्यहाँको स्टाफ घटाउन

शिक्षा मन्त्रालय

र तिनीहरुको आवश्यकता हल गर्न् मद्दत गर्ने व्यवसायी पुस्तकहरु तर्फ तिनीहरुलाई निर्देशन गर्न समर्थ हुनेछ। उदाहरणार्थ, उक्त विशेषज्ञले तिनीहरुसंग बाल-मनोविज्ञानका आधुनिक विचारहरुका विषयमा छलफल गर्न समर्थ हुनुपर्छ। परिणाम शिक्षकहरु परन्तुमा तेस किसिमका विचारहरु विज्ञानर्थिहरुमा प्रचार गर्न सक्तछ। यस्तै तरीकाबाट, सदस्यहरु र विशेषज्ञहरुको सहयोग र प्रयत्नले माथि छलफल गरेको व्यवसायी हिक्षाको विभिन्न अवस्थाहरुको वृद्धिका साथै विकाश हुदै जान्छ।

संगठनको समयमा विशेषज्ञ प्राप्य भए,एक समूहको अगाडि काम गर्ने तरीकाहरु प्रदर्शन गर्न समर्थ हुनेछ। त्यो समूहले तालिम केन्द्रमा गई प्रदर्शन गर्नेछ। यही नै स्टाफका सदस्यहरुले सिकारुलाई सिकाउने तरीकाको आधार बन्नेछ। यस्तो व्यवस्थाले व्यवसायी शिक्षामा लागेका स्टाफका सदस्यहरुको प्रयागात्मक तालीमको निम्ति अपूर्व  मौका प्रदान गर्दछ। स्टाफले विशेषज्ञको अनुभवबाट आफ्ना समस्याहरु हलगर्न र शिक्षक शिक्षण केन्द्र स्थापना गर्नलाई फायदा मात्र उठाउदैन कि साथसाथै आफ्ना व्यवसायी ज्ञान र अनुभवको वृद्धिका साथै अरु लाभ हुन सक्तछ। तालीम केन्द्रको स्टाफका सदस्यहरुबाटै शिक्षक-महाविद्यालय स्टाफको मुख्य भाग छाने देखि, शिक्षण केन्द्र संस्थापना गर्दा र विशेषज्ञसंग लागेर काम गर्दाको अनुभवले बिदेशमा नै तालीम पाउनामा अपूर्वको भूमिका - उचभगिमभ ) बन्ने छ। छोटो अवधिको पाठ्यक्रमको लागि भएका तालीम स्टाफका सदस्यहरुको निम्तिको पाठ्यक्रमले, प्रारम्भिक अवस्था र शिक्षक-महाविद्यालय स्थापना भै सकेपछि पनि, व्यवसायी शिक्षामा जोड दिनु पर्दछ र अरु अनवश्यकताहरु कित हल गरिसकेको हुन्छ कित तालीममा भएका सदस्यहरुको आफ्नै उद्योगले हल गरिनेछ भन्ने अनुमान गरिन्छ।

शिक्षक-महाविद्यालयको स्टाफको मुख्य भाग बन्नलाई विदेशमा पठाइएकाहरुको निम्ति पाठ्यक्रम, विशेषज्ञबाटै र तिनीहरुले आफ्नो प्रधान कार्यालय बनाउने संस्थाको प्रधान अध्यापकबाटै तर्जुमा गरिनुपर्दछ। माथि दर्शाएझैं यो समूहको केही विशेष उत्तरदायित्व हुनेछ र यसकारण यी उत्तरदायित्व पूरा गर्नामा तिनीहरुलाई मद्दत हुने गरी यो पाठ्यक्रम तर्जुमा गर्नुपर्दछ। सर्वप्रथम शिक्षक-महाविद्यालयको पाठ्यक्रम र संगठनको पूर्ण विवरण तयार गर्नलाई सेमिनार (कझष्लबच  को आयोजना गर्नुपर्दछ। यस्ता सभाहरुको न्यूनता पूरा गर्नलाई अरु मुलुकहरुमा भएको जस्तो शिक्षक-शिक्षाको संगठनको विषयमा पाठ्यक्रम हुनुपर्दछ। यो समूहलाई संयुक्त राष्ट्र अमेरिका र यूरोपमा विशेष शिक्षक तालिम संस्था को पाठ्यक्रम र संगठन अध्ययन गर्न जाने मौका दिइनु पर्दछ। यो पाठ्यक्रमले बाल-मनोविज्ञानको नयाँ नयाँ

विचार,अध्ययनका तरीकाहरु, शिष्यको मूल्यांकन, स्कूलको शासन, सुन्न र देख्न मद्दत गर्ने साधानहरुका र सल्लाहमा जोड दिएर साधारण व्यवसायी तालीम दिनुपर्दछ।

यस बाहेक, यो नयाँ शिक्षक-महाविद्यालयका प्राध्यापकहरुलाई आफ्नो रुचिको क्षत्रमा विशेषज्ञ बन्न मौका दिनुपर्दछ। व्यक्तिगत रुपले तिनीहरुले बाल-मनोविज्ञान, स्कूलको शासन, पाठ्यक्रम तर्जुमागर्नमा, प्रारम्भिक स्कूलका तरीकाहरु, वयस्कशिक्षा इत्यादिको तोकिएको र उच्च कक्षाको पाठ्यक्रममा नाम दर्ता गराउनुपर्दछ।

अन्त्यमा, यी प्राध्यापकको विशेषज्ञता प्राप्तगर्ने क्षेत्रहरुमा दुई या तीन महीनाको इन्टर्निशिप ष्लतभचलकजष्उ अथवा काम गर्दागर्दै पाउने अनुभव हुनुपर्दछ। उदाहरणार्थ, स्कूल शासन व्यवस्थामा विशेषज्ञता प्राप्त गर्ने मानिसले आधुनिक प्रारम्भिक स्कूलका प्रधानसंग बसेर दुई या तीन महीना बिताउनुपर्दछ वा बाल-मनोविज्ञानमा विशेषज्ञता प्राप्त गर्ने मानिसले बाल-विकाश-प्रयोगशाला या क्लिनिकमा (Clinic) मा दुई या तीन महीना कामगरेर बिताउनु पर्दछ। पाठ्यक्रम तर्जुमागर्नमा विशेषज्ञता प्राप्त गर्ने मानिसले पाठ्यक्रम तर्जुमा समितिको सदस्य भएर दुई तीन महीना काम गर्नुपर्दछ। यसरी,यो समूहको निम्ति चाहिने पाठ्यक्रममा शिक्षक-महाविद्यालय, साधारण व्यवसायी शिक्षा, विशेष व्यवसायी शिक्षा काम गदगिदै जानिने अनुभवको तर्जुमा गर्न सभाहरुको संगठन गर्नुपदछ। विस्तृत कार्यक्रमको निमित कुनै पाठ्यक्रम चाहिदैन। समूहको रुपमा यी पाठ्यक्रम नै निर्दिष्ट पुस्तकावली हुनुहुदैन।बरु शिक्षकहरुको धेरै किसिमको मिूहको विशेष आवश्यकताहरुलाई पूरा गर्न विभिन्न व्यक्तिगत पाठ्यक्रमको आयोजना गर्नुपर्दछ। यी पाठ्यक्रममध्ये एउटाले नयाँ प्राइमरी स्कूल पाठ्यक्रमसंग संवन्ध राख्ने छ, दोश्रोले माध्यमिक स्कूलको पाठ्यक्रमसंग, तेश्रोले सिकाउने नयाँ तरीकासंग, चौथोले सुन्ने र देख्ने र देख्ने साधनहरु (Audio-Visual Aids) संग इत्यादि प्रत्येक हालतमा यो पाठ्यक्रम व्यवसायी तालीममा भर्ति भएका विद्यार्थीहरुको संपूर्ण व्यवसायी तालीमको केही भाग मात्र हुनेछ र यसकारण विस्तृत कार्यबाट दिइने संपूर्ण कार्यक्रम नै कुनै सिकारुको निम्ति एक निर्दिष्ट पुस्तकाबली अथवा कार्यक्रम हुनेछैन।

चार वर्षको डिग्री कार्यक्रमको निम्ति चाहिने पाठ्यक्रमले व्यवसायी शिक्षा सहितको साधारण लिवरल आर्टस्मा जोड दिनुपर्दछ। यो पाठ्यक्रम सामाजिक अधययन, विज्ञान, भाषा तथा गणित, स्वास्थ्य र व्यक्तिगत विकाशमा प्रभावपूर्ण तालीम दिनलाई विस्तृत रुपको हुनुपर्दछ। यो कार्यक्रमको तृतीयांश छोटो अवधिको पाठ्यक्रमको निम्ति सुझाउ दिएका विषयहरुसहित व्यवसायी शिक्षामा लगाइएको हुनुपर्दछ। विद्यार्थीहरुलाई स्कूलका केटाकेटीहरुसंग कामगर्ने मौका हुनुपर्दछ। तालीमको पहिलो वर्षमा पनि सानासाना योजनामा शिक्षकहरुलाई

केटाकेटीहरुसित कामगर्ने व्यवस्था (Arrangement) हुनुपर्दछ। दोस्रो वर्षमा विद्यार्थीहरुले स्काउट समूह र केटाकेटीहरुको क्लबहरुको अविभारा लिइ चलाउन सक्नेछन्। तेस्रो वर्षमा प्रयोगात्मक ढंगले सिकने छोटो अवधि राखे पनि हुन्छ र चौथो वर्षमा तीनदेखि छ महीनासम्मको इन्टर्निसिप (Internship) यो तालीमी कार्यक्रमको एक अभिन्न अंग हुनुपर्दछ। विदेशी मुलुकहरुमा यस्तै किसिमको विशिष्ट दृष्टान्टको रुपमा नमूना स्वरुप कार्यक्रमहरुको अध्ययन गर्नुपर्दछ। विदेशमा अध्ययनका निम्ति पठाइने मुख्य स्टाफमा नेपालको विशेष आवश्यकताहरुको पूरा ज्ञान हुनुपर्दछ। उक पाठ्यक्रमको विवरणहरु यो समूहले तर्जुमा गर्नुपर्दछ।

यी सबै पाठ्यक्रमहरुको विकाशमा, सिकलाइको आधुनिक तरिकामाथि जोड दिनुपर्दछ। यी तरीकाहरुको प्रदर्शन गर्नलाई सिकारुहरुलाई नयाँ तारीकाले सिकाइनु पर्दछ। तिनीहरुले आधुनिक नियमपद्धति (Methodology) को नयाँ टेकनिकहरु अध्ययन गर्नुपर्दछ र केटाकेटीहरुसंग प्रयोगात्मक ढङ्गले सिकाइने अनुभवहरुमा यी तरीकाहरु प्रयोग गर्नुपर्दछ। शिष्यहरुलाई आफ्नो कार्यनिर्धारण र निर्देशन गर्नमा, वादविवादको तरीका प्रयोग गर्नामा, लाभदायक भ्रमण गर्नामा, आँखाले देखेको प्रमाण प्रयोग गर्नामा, समाजको आवश्यकता र कार्यहरु सर्भे गर्नामा, प्रयोगात्मक रुपले बाली लगाउने (growing) काममा, उनीहरुको गाउँको इतिहास लेख्नामा गाउँका इनारहरु पुनर्निर्माण गर्नमा र यसै किसिंका  कार्यहरु गाभिएको वास्तविक योजनाहरु कार्यान्वित गर्नामा तिनीहरु निपुण (adept) हुनुपर्दछ। सिकारुहरुले उक्त विषयहरु र अरु पाइने शैक्षिक सहायताहरुसंग परिचित हुनुपर्छ। नयाँ साधनहरु विकाशगर्न मद्दत गर्नालाई उत्तरदायित्व लिनुपर्दछ। असल शिक्षादिन साधनहरुका कमी भएकोले शिक्षकहरुले आवश्यकता अनुसार आफै हतौडीहरु तयार गर्नुपर्दछ।

**सिकारुको प्रगातिको मूल्यांकन**

माथि छलफल गरिएका धेरैजसो कार्यक्रममा, सिकारु र उसको शिक्षकले प्रगतिको ढल्काइ र परिणाम थाहा पाउनलाई बेला बेलामा सिकारुको प्रगति नापनुपर्दछ। प्रगतिको विवरणबाट आवश्यक परेको खण्डमा पाठ्यक्रम दोहऱ्याउन र कार्यहरु पुनः निर्देशन गर्न आधार दिन्छ। स्टाफका सदस्यहरुलाई सिकाउने योजना र कार्यविधि दोहऱ्याउनको लागि आधार दिन विद्यार्थीहरुको मूल्यांकनको आवश्यक छ। प्रत्येक कक्षा प्रत्येक पाठ्यक्रम र प्रत्येय कार्यक्रमको निम्ति अनुमानतः लक्ष्यहरु राखिने छन्। विद्यार्थीहरुको मूल्यांकनबाट मात्र यी लक्ष्यतर्फको प्रगति थहापाउन सकिन्छ।

प्रगतिको परिणाम समय समयमा, वारम्वार थाहापाउनु आवश्यक छ।उम्मेदवारलाई ग्राजुयट गर्न प्रशस्त उन्नति गरेको छ वा छैन भनी निधो गर्नलाई लिइने अन्तिम परीक्षाको परम्परागत विचार आधुनिक शिक्षामा राखिएको छैन। परंपरागत तरीकाले मानवीय साधनको ठूलो नोकसान गर्दछ र विफल भएका विद्यार्थीहरुको बेइज्जत हुन्छ। विद्यार्थीहरु कुन किसिमको उन्नति गरी रहेकाछन् भनी दिनदिनै, हप्ताहप्तामा, महीनामहीनामा, र वर्षवर्षमा जानि राख्न धेरै असल हुन्छ। यसो भएमा नियत समयमा विद्यार्थीहरुलाई निर्देशन गर्नाको निमित्त मनासिव कदम उठाउन सकिन्छ। यसकारण, मूल्यांकन गर्ने धेरै किसिमको टेकनिक बराबर प्रयोग गर्नुपर्दछ। प्रगतिको मूल्यांकन गर्ने शिक्षक र विद्यार्थीहरु दुबैले कागत र सिसाकलम परीक्षा, मौखिक अभिव्यक्ति, कमिटीको रिपोर्ट विशेष योजना हेराइ, प्रयोगशालामा देखाइने प्रदर्शन, पुस्तकालयको उपयोग, साधारण मानसिक झुकाव र जोश, अरुहरुसंग सहयोग गर्ने र कामगर्ने योग्यता, र अरु धेरै किसिमको उपक्रमणिकाहरु र उपायहरु प्रयोग गर्नुपर्दछ। सिकारुको प्रगतिको विषयमा तिनीहरुको अभिभावकलाई सल्लाह दिन र प्रत्येक विद्यार्थीको कामको अवच्छिन्न सरसरी विवरण दिनलाई सिकारु र उनीहरुको अभिवाकलाई बेलाबेलाको रिपोर्ट दिनुपर्छ। विद्यार्थी र उसको फाकल्टी (Faculty) को सल्लाहकारले यो प्रगति रिपोर्टलाई होशियारी पूर्वक अध्ययन गर्नुपर्दछ। यसो गरेमा, सिकारुको तालीमबाट अत्याधिक किसिमले फाइदा उठाउन मनासिव माफिकको आवश्यकीय कदम उठाउन सकिन्छ।

अबच्छिन्न रुपले विद्यार्थी मूल्यांकनको प्रणालि प्रयोग गरेमा, हरहिसाब राख्ने एक समानान्तर प्रणालि पनि हुनुपर्छ। यो प्रणालिबाट पुरा गरिएको कामको परिमाणको अबच्छिन्न विवरण पाइन्छ। पाश्चात्य मुलुकमा यस किसिमको मुल्यांकन् क्रेडिट सिस्टम (Credit System) द्वारा गरिन्छ। उदाहरणार्थ कुनै संस्थाहरुले विद्यालयको वर्षलाई तीन खण्डमा वांडेकोछ शरेक खण्डमा,औसत विद्यार्थीले हप्तामा १५ देखि १८ घण्टा क्लासहरुमा जान्छन्। चौथाई समयको हप्तामा उपस्थित भएको प्रत्येक घण्टाको निम्ति उसले चौथाइ घण्टाको  क्रेडिट पाउँछ। यसरी चौथाइ समयमा उसले १५ देखि १८ सम्म चौथाइ घण्टाहरु कमाउँछ, अथवा वर्षमा ४५ देखि ५४ चौथाइ घण्टाहरु कमाउँछ।यसरी लगभग २०० चौथाइ घण्टाको ४ वर्षमा काम हुन्छ। यो हरहिसाब राख्ने प्रणालिको एक लाभ यो छ, विद्यार्थीहरुले लामे विदामा विशेष अवधि हाजिर भएर आफ्नो कार्यक्रम चाँडो गर्ने अथवा पार्ट-टायममा लाभदायक ढंगले आफूलाई उपरिया काम गर्न इच्छा भए कार्यक्रमलाई ढीलो ढीलो गरे पनि हुन्छ। विद्यार्थीले पूरा भार बोक्नु पर्दैन अथवा पूरा क्लासमा समय बस्नु पर्दैन। तर यसरी ढिलायमा, डिग्री हासिल गर्न धेरै समय लाग्ने छ। एक अवधिमा हप्ताको तीन पटक हाजिर

भएर, पाठ्यक्रम सफलता पूर्वक समाप्त गर्ने विद्यार्थीले चौथाई घण्टाको क्रेडिट पाउने छ। उसले अर्को अवधिमा अर्को पाठ्यक्रम लिएमा तीन (दुई वा ४ ) चौथाइ-घण्टाको क्रेडिट लाभ गर्नेछ। यसरी उसले आफ्नो आवश्यकताको विचार गरेर शिक्षाको गति मिलाउन सक्छ।

शिक्षक-महाविद्यालयको चार वर्षे डिग्री कार्यक्रम र एक वर्षे ग्राजुयट कार्यक्रम दुबैलाई, पूर्णताको निम्ति चौथाई घण्टाको क्रेडिट मुताविक केही आवश्यकीय कुराहरु हुनुपर्दछ। त्यसपछि कुनै व्उक्तिले विभिन्न फुर्सतका समयमा लिएको बिस्तृत पाठ्यक्रम द्वारा चाहिने क्रेडिट को केही अंश काम गरेर तिर्नेछ। यदि कुने व्यक्तिले मास्टर डिग्रीको निम्ति चाहिने तालिमलाई पूर्ण समय लगाउन सकेन भने उसले विस्तृत-कार्यक्रम,द्वारा यो क्रेडिटको केही भाग जम्मा गर्नसक्नेछ।

नेपालमा शिक्षकहरुलाई उच्च दर्जामा लैजान र चाँडो चाँडो तालीम गर्नालाई विद्यार्थीको यस प्रकारबाट हरहिसाब राखिने प्रणालि विलकुल आवश्यक हुनेछ।

यसबाहेक, यस किसमको प्रथाले अन्तिम परीक्षाको आवश्यकता हटाउँछ र अन्तिम परीक्षाको निम्ति दिइने विद्यालयको शिक्षा र कण्ठस्थ गर्नुमा जोड घटाउँछ। शिक्षक-महाविद्यालयका आयोजकहरुले उक्त हरहिसाब राख्ने प्रणालि उपर निग्रानी राख्नुपर्दछ। शिक्षक-महाविद्यालय स्थापना गरेमा यो प्रणालि लागु गरानइनु पर्दछ भन्ने सुझाउ आयोगले पेशगर्दछ।

**विद्यार्थीको भर्ती, छनौट र निर्देशन**

यो परिच्छेदमा शिक्षक तालीमको निम्ति निपुण उम्मेदवारको कमी छ भन्ने कुरालाई लिएर धैरै प्रमाणहरु दिइएका छन्।यो परिस्थिति निश्चयनै धैरै वर्षसम्म रहने छ। धैरै पाश्चात्त मुलुकहरुको प्राथमिक स्कूलमा शिक्षा दिने काम स्वास्नीमानिसको व्यवसाय हो र एक दुइ पिढीपछि नेपालमा यो पनि सम्भव होला भन्ने आशा गर्न सकिन्छ। त्यतिञ्जेल स्त्री शिक्षा लोकप्रिय भइसक्नेछ। पुरुषभन्दा स्त्रीजाति प्राइमरी स्कूलका केटाकेटीसँग मिलिजुलि काम गर्न सक्तछन्। वर्तममान समयमा यस कामका निमित्त स्त्री उम्मेदवारहरुको नितान्त अभाव रहन गएको छ भनने कुरामा दुइ मत हुनै सक्तैन।

धैरै किसिमको शिक्षक तालीम कार्यक्रमको कारवाइहरुमध्ये योग्य युवक र युवतीहरुलाई भर्ती गर्ने काम पनि एक हो। शिक्षक तालीम केन्द्र र शिक्षक महाविद्यालयका प्रतिनिधिहरुले वेला वेलामा नेपालका हाइस्कूलहरुमा गएर विद्यार्थीहरुसँग कुरा गरी सिकाउने व्यवसायमा चाख बढाउन कोशिश गर्नुपर्छ। शिक्षक तालीम संस्थाको निम्ति दर्खास्तवालाहरुको संख्या बढी हुँदै आएमा नियुक्तिको स्तर विस्तारै बढाएर लगे हुन्छ। तर त्यस समयसम्म विद्यालयमा

नियुक्तिका निपुण युवकयुवतीहरुलाई आकर्षण गर्ने निर्दिष्ट कार्यविधिहरुको बन्दोबस्त गरुन्।

तालीम कार्यक्रममा भर्ना हुन चाहने सिकारुहरुको छनाइमा पनि ध्यान दिनुपर्दछ। स्वीकार गरिन्छ कि उम्मेदवारको कमीले वर्तमान समयमा छनावट मुश्किल हुन्छ तर उममेदवारहरु जति पाइए पनि न्यूनतम स्तर त कायम राख्नैपर्छ। उममेदवारको अहिलेको अभावमा पनि अरु अरु काममा सफल हुन नसकेकाहरुको निम्ति यो रछान बन्न दिनु हुन्न। कुनै शिक्षक तालीम कार्यक्रममा शिक्षण व्यवसायको इज्जत थामन नसक्ने उम्मेदवारलाई भर्ना गर्नु हुँदैन। शिक्षकहरुबाट प्रभावित हुने केटाकेटीहरुलाई पहिले विचार पुऱ्याउनुपर्दछ। यसकारण उच्च आदर्श, नैतिकता र स्तर नपुगेकाहरु कसैलाई पनि छान्न हुँदैन।

उम्मेदवारको निष्पक्ष छनाइ हुनु सम्भव छैन। छान्ने कार्यविधिमा जतिसुकै होशियारी राखे पनि कुनै सिकारुहरुलाई आफ्ना कमजोरीहरु सुधार गर्न विस्तृत निर्देशन र सल्लाह चाहिन्छ र कसैलाई त कार्यक्रमबाटै हटाउनुपर्दछ। आफ्नै सुधारको लागि विद्यार्थीहरुलाई निर्देशन र सल्लाह दिनको निम्ति र असल निपुण उम्मेदवारको तालीम सम्भव बनाउने नियमित व्यवस्था हुनुपर्दछ।

**शिक्षकहरुलाई प्रमाणपत्र दिने काम**

अहिले नेपालमा कुन कक्षाको शिक्षकले सिकाए हुन्छ र कसले सिकाउनु हुँदैन भन्ने कुरामा केही बाधाहरु छैनन्। प्रायः शिक्षक हुँ भनी दावा गर्ने जोसुकैले पनि एक जागीर पाउन सक्छ र सुहाउँदो शिक्षण भए पनि नभए पनि तलब दिइन्छ। पहिले शिक्षकहरुको ज्यादै अभाव भएकोले परिस्थितिलाई नियन्त्रणमा राख्न खोज्नु संभव थिएन। अर्को पिंढीको लागि तालीम नपाएका र योग्यता नभएकाहरुलाई स्कूलमा पढाउन निषेध गर्नुपर्नेछ। जे भए तापनि शिक्षक तालीम कार्यक्रमको उद्‌घाटनको साथसाथै शिक्षामन्त्रालयले शिक्षकहरुलाई प्रमाणपत्र दिने प्रथा चलाउनु पर्दछ।यस प्रणालिले नयाँ पिंढीका मानिसहरुउपर राम्रो प्रभाव पार्दछ। नियमित तालीमी कार्यक्रम सफलतापूर्वक पास गरेका शिक्षकहरुलाई तालीमको स्तरमा उत्तीर्ण भएको प्रमाणपत्रका साथै नेपाली स्कूलहरुमा सिकाउन अधिकार दिनुपर्दछ। सफलतापूर्वक सिकाउने अनुभव भएका अरु मानिसहरुलाई पनि त्यस्तै सिकाउने प्रमाणपत्रहरु दिनुपर्दछ। तर प्रमाणपत्र दिंदा चाँडै नै व्यवसायी तालीम लिनुपर्ने वादा हुनुपर्दछ। शिक्षकहरुको अभाव राम्ररी पूर्ति नहुन्जेलसम्म क्षेत्रका इनस्पेक्टरहरुलाई न्यूनतम स्तरको योग्यतासम्म नभएका मानिसहरुलाई पनि अस्थायी शिक्षकको प्रमाणपत्रहरु दिने अधिकार दिन आवश्यक हुनेछ। जे

भए तापनि राम्ररी तालीम र प्रमाणपत्रहरुलाई  स्कूलमा पढाउन आशा नदिने समयको प्रतिक्षा शिक्षा मन्त्रालयले गर्नुपर्दछ।

सुझाउ दिइन्छ, शिक्षामन्त्रालयले शिक्षकहरुको प्रमाणपत्र दिने कामलाई आफ्नो विभागको विशेष र निर्दिष्ट कार्यरुपमा स्थापित गर्नुपर्दछ। अहिलेलाई यो काम योग्य सरकारी कर्मचारीका निमित्त खण्ड-समयको काम हुनेछ, तर पछि यो पूर्ण समयको उत्तरदायित्वको रुपमा परिणत हुनेछ। कुनै विशेष शिक्षक तालीमी कार्यक्रम समाप्त गरिसकेको व्यक्तिलाई प्रमाणपत्र दिने काम तथा अरु योग्य शिक्षकहरुलाई प्रमाणपत्र दिने र परीक्षा र स्तर उचो गराउने काम र आवश्यक परेमा क्षेत्रका शैक्षिक अफिसरलाई अस्थायी प्रमाणपत्र दिने अधिकार र सबै प्रमाणपत्र दिएका शिक्षकहरुको नियमित विवरण दिने काम इत्यादि सबै उक्त व्यक्तिलाई अधिकार दिनुपर्दछ। यस तरहले प्रमाणपत्र दिने काम परन्तुमा सरकारलाई नयाँ नियुक्तिका निम्ति भूमिका हुनेछ।

**शिक्षकहरुको नियुक्तिको काम**

आफ्नो तालीम प्राप्त गरिसकेपछि शिक्षकहरुलाई भर्ती गर्न शिक्षक तालीम संस्थाको अझ अर्को उत्तरदायित्व छ। केन्द्रीय सरकारले खण्ड आर्थिक सहायता दिएका स्कूलहरुमा धेरैजसो यी शिक्षकहरुलाई पठाए तापनि हुन सकेसम्म शिक्षक शिक्षण केन्द्रमै यी नयाँ शिक्षकहरुलाई आफ्नो योग्यतालाई सुहाउँदो पदमा नियुक्त गर्नु युक्तिसंगत हुन्छ। उनीहरुको स्वार्थ, इच्छा, योग्यता, व्यक्तित्व र भूत पृष्ठभूमिलाई वास्ता नराखेर शिक्षकहरुलाई स्वेच्छाचारी पदमा नियुक्त गर्दा असन्तुष्ट शिक्षकहरु र प्रभाव र प्रेरणारहित शिक्षण पैदा हुनसक्छ। शायद आरम्भको नियुक्ति शिक्षकहरुको निमित्त ज्यादै जवाफदेहीको पद भन्नुपर्दछ। यही पदमा रहेर शिक्षण तालीम संस्थामा सिकेका कुराहरुको प्रयोग गर्न सिक्नुपर्छ। अनुभवको पहिलो वर्षमै सिकाउने व्यवसायमा शिक्षकको सफलता र असफलताको निर्णय हुन्छ।

यसकारण शिक्षकहरुलाई प्रारंभिक पदमा शिक्षा विभागको राय लिएर नियुक्त गरी क्रमैसँग उत्तरदायित्व दिंदै जानुपर्दछ भन्ने आयोगले सुझाउ दिन्छ। यसलाई शिक्षा विभागले र खालीखाल्साको सूची तयार पार्ने शिक्षण संस्थाको नियुक्तिका अधिकारीले कार्यान्वित गर्दछन्। त्यस्ता खालीखाल्सामा भरखरै प्रमाणपत्र पाएका शिक्षकहरुको योग्यता रस्वार्थको विचार गरी नियुक्ति गर्न सकिन्छ।

**शिक्षकको हित**

साधारण तवरले सबैलाई थाहा छ कि नेपालमा शिक्षकको दुर्दशा दयनीय विषय छ। परिच्छेद ३ मा यसको उल्लेख भइसकेको छ। तर वर्तमान परिस्थितिमा कुन किसिमका मानिसलाई जीवनवृत्तिको निमित्त शिक्षणतर्फ आकर्षित गर्न सकिन्छ?

यो स्वयं सिद्ध छ कि हामीहरुले नवयुवतीहरुलाई हाम्रो शिक्षक तालीम संस्थाहरुमा भर्ना गर्ने हो भने शिक्षकहरुको सहुलियतमा तुरुन्त केही सधार हुनुपर्दछ। आयोगले विश्वास गर्दछ, शिक्षकहरुको बलियो राष्ट्रिय संघले शिक्षकको दयनीय अवस्थाको सुधार गर्न सक्छ। आजका शिक्षकहरु थोरै छरिएका र तालीम नपाएका छन् तापनि संघको प्रारम्भ सहज गर्न साध्य छ। शुरुशुरुमा यो निर्बलियो अवश्य हुन्छ तर शिक्षक शिक्षण केन्द्रमा शिक्षकहरु तालीम लिदै गई उनीहरुको बढ्दो संख्या उक्त संघको सदस्य भएपछि यो संस्था बलियो हुँदै जान्छ। यस्तो संघले शिक्षकको साधारण स्वार्थको मात्र लक्ष्य गर्नु हुँदैन। स्तरको उन्नतिको बिधान तयार गरी व्यवसायलाई बलियो पार्ने र अयोग्य र नालायक मानिसहरुलाई िझकी संघलाई सफा पार्नेपिट्ट पनि लक्ष्य गर्नुपर्दछ। जिल्लाका स्थानीय प्रतिनिधिहरु र मुख्य केन्द्रको परस्पर संबन्ध भएका संघहरु पनि हुन सक्तछन्। विभिन्न ठाउँहरुमा मासिक सभाहरु, जिल्लाजिल्लामा अर्ध-वार्षिक सभाहरु र वर्षवर्षमा प्रतिनिधिहरुको सभा बोलाउन सकिन्छ।

यस्तो संघ अथवा अन्तरिम कालमा विशेष कमिटीको पहिलो कर्तव्य यो हो कि तालस्म र अनुभवको आधारमा - न कि पदको किसिमको आधारमा) सबै शिक्षकहरुको निम्ति एकैनासको राम्रो एकै वेतनको स्केल खडा गर्नुपर्छ। शिक्षकको स्वार्थको सबै समस्याहरु हल गर्न नसके तापनि यस्तो संस्थाले शिक्षण व्यवसाय अधिक आकर्षक बनाउन सक्नेछ। यस्मा बिरामी विदा, वार्षिक विदा, कानूनी सरुवा, भ्रमण, पेन्सन इत्यादिको निम्ति स्थान राखिनेछ।

**सारांश**

यस परिच्छेदमा शिक्षकको तालीमको निम्ति एक कार्यक्रमको रुपरेखा तयार पार्ने कोशिश गरिएको छ। यसमा राखिएका  प्रस्तावहरुमा शिक्षकहरुको निम्ति जरुरी र तुरुन्त चाहिने आवश्यकताहरु र लामो अवधिको आवश्यकताहरुको पूर्तिको लक्ष्य गरेको छ। विशेषरुपले आयोगले निम्नलिखित सुझाउ दिएको छ।

(१) नेपालको निम्ति शिक्षकहरुको प्रभावकारी तालीम नै संम्पूर्ण शैक्षिक कार्यक्रमको केन्द्रबिन्दु हो। निर्देशन गर्ने शिक्षकभन्दा शिक्षा बढ्ता प्रभावकारी हुन सक्तैन र शिक्षक पनि आफ्नो तालीमले भ्याएसम्म मात्र प्रभावकारी हुनसक्छ। यसकारण प्रभावपूर्ण शिक्षकले तालीम कार्यक्रमको निम्ति प्रशस्त समय र ध्यान दिनुपर्दछ।

(२) यस कार्यक्रमले जरुरी र लामो अवधिको आवश्यकताहरु पूरा गर्नुपर्छ। शिक्षकहरु तालीम भए पनि नभए पनि आउने ६ वर्षमा विगत ६ वर्षमा भएको स्कूलको भन्दा विशेष उन्नति हुनेछ। यसकारण अस्थायी आभारमा भए तापनि जति सक्यो उति चाँडो कुनै किसिमको तालीम दिनु अत्यन्त जरुरी छ। यस्तो तालीम केन्द्र तुरुन्त उद्घाटन गर्नुपर्दछ र यथाशक्य स्थायी कार्यक्रमको जग पनि हाल्नुपर्दछ।

(३) शिक्षक तालीम शिक्षाको बलियो सिद्धान्त र प्रजातान्त्रिक कार्यविधिमा आधारित हुनुपर्दछ। यो नेपालको शिक्षकहरुको वास्तविक आवश्यकतामा आधारित हुनुपर्दछ। परिच्छेद ७ मा दिइएको ढगमा यसको रुपरेखा खिच्नुपर्दछ। आधुनिक शिक्षक शिक्षामा अरु मुलुकहरुको अनुभवको प्रयोग गर्नुपर्दछ। देश सेवाको भावले आयोजित यस किसिमको शिक्षा र संस्कृतिको राम्रो सम्बन्ध हुनुपर्दछ।

(४) शिक्षक शिक्षाको हभिप्राय निम्नलिखित हुनुपर्दछ। -क) भइरहेका शिक्षकहरुलाई उच्च दर्जा दिने र नयाँ शिक्षकहरुलाई तालीम दिई नेपालका स्कूलहरुको स्टाफमा योगयतानुसार शिक्षक बनाइदिनु -ख) स्थानीय परिस्थितिसंग उचित मेल राखेर सबै प्रकारको पाठ्क्रम र एकै प्रकारको कार्यविधिको विकाश गर्नु (ग) शिक्षाको अविच्छिन्न सुधारमा योगदान दिनु।

(५) शिक्षक शिक्षाको उद्देश्य निम्न प्रकारको हुनुपर्दछ। -क) व्यवसायी योग्यता -ख) फराकिलो साधारण शिक्षा -ग) व्यवसायी शिल्प सिकाउने योग्यता र (घ) समाजको नेता र व्यक्तिको रुपमा व्यक्तिगत योग्यता।

(६) तुरुन्तै प्राथमिक स्कूलका शिक्षकहरुको तालीमको निम्ति छोटो अवधिको पाठ्यक्रम व्यवस्थित गर्नुपर्दछ। शायद एक दुइ वर्षको निम्ति छ महीने आधारमा शिक्षकलाई तालीम दिन कोशिश गर्नुपर्छ तर यो प्रयत्न सफल नभएमा यस अवधिलाई एक वर्षसम्म लम्बाउनुपर्छ।यस कार्यक्रमबमोजिम निकट भविष्य १९५६ मा अथवा १९५७ पछि नै वर्षको कमसेकम १००० शिक्षकहरु तालीम गर्नुपर्दछ। यो कार्यक्रम आउँदो धेरै वर्षसम्म रहिरहने छ भनने आशा गरिएको छ। शिक्षक महाविद्यालयको स्थापना हुने वित्तिकै यो शिक्षक महाविद्यालयको संपूर्ण कार्यक्रमको एक अंग हुनुपर्दछ। शिक्षक भए शिक्षाका विशेषज्ञको आवश्यता परेमा विदेशबाट ल्याई यस कार्यक्रमको निर्देशर्न झन् वाञ्छनीय हुनेछ।

(७) छोटो अवधिको पाठ्यक्रमको कार्यक्रम सफल पार्नलाई पाठ्यक्रम सिकाउने स्टाफका शिक्षकहरुलाई तालीम दिनुपर्दछ। तुरुन्त यी पाठ्यक्रमहरु शुरु गर्नलाई तालीमको निम्ति बाहिर पठाउनुभन्दा शिक्षक तालीम केन्द्रमा काम गर्दागर्दै पाठ्यक्रम जान्ने गराउनु बढिया देखिन्छ। शिक्षक शिक्षाको विदेशी विशेषज्ञ बोलाई यस किसिमको तालीमको काम गराएमा छिटो चालु न सक्तछ।

(८) हुञ्जेलसम्म कलेजका प्राध्यापकहरुसमेत नोकरीमा भइरहेका शिक्षकहरुलाई माथिल्लो दर्जामा लैजाने विशेष पाठ्यक्रमहरु विभिन्न किसिमको आवश्यकतालाई

पूरा गर्न समय,ठाउँ र सारवस्तुको विचारबाट फरक हुन्छ। तालीमको मुख्य ध्येय उक्त व्यवसाय भए तापनि नयाँ शिक्षकहरुलाई तालीम दिने कामलाई अग्रगण्यता दिनुपर्दछ।

(९) लामो अवधिको योजनामा एक शिक्षक कलेजको स्थापना र संगठनमा जोड दिनुपर्दछ। यसको निम्ति योग्य नेपाली शिक्षा विशेषज्ञहरुको एक समूह शिक्षक शिक्षाको आधुनिक तरीकालाई अध्ययन गर्न बाहिर पठाउनुपर्दछ। यो समूह नै परन्तुमा शिक्षक महाविद्यालयको स्टाफ हुनेछ। यस महाविद्यालयले अन्त्यमा मुलुकको सबै शिक्षकलाई तालीम दिने कार्यहरु हातमा लिनेछ। यस कलेजले -क) चार वर्षको बी० एड० कार्यक्रम -ख) एक एम० एड० कार्यक्रम -ग) देशव्यापी एक विस्तृत पाठ्यक्रम -भहतभलकष्यल अयगचकभक ) र (घ) नयाँ प्राइमरी स्कूलका शिक्षकहरुलाई तालीमको निम्ति अण्डर-ग्रेजुयट गराउने कार्यक्रम राख्नुपर्नेछ।

(१०) माथि उल्लेखित ७, ८ र ९ दफामा दिइएका सुझाउहरु कार्यान्वित गराउन विदेशी मद्दतहरु लिनुपर्दछ। यस मद्दतमा शिक्षक शिक्षामा एक वा एकभन्दा बढी विशेषज्ञहरुको टेक्निकल मद्दत र यस परिच्छेदमा रुपरेखा खिंचिएको शिक्षक तालीमका कार्यहरु कार्यान्वित गर्न मद्दत हुनुपर्दछ।

(११) शिक्षामन्त्रालय, प्रस्तावित संस्थाहरुका स्टाफका सदस्यहरु यी संस्थाका सिकारुहरु र शिक्षक शिक्षाको विशेषज्ञको परस्परको सहयोगले यी कार्यक्रमको पाठ्यक्रम तर्जुमा गर्नुपर्दछ। यस पाठ्यक्रममा आवश्यकता र समयानुसार सर्वसधारण शिक्षा, शिल्पशिक्षा, व्यवसायी शिक्षा र व्यक्तिगत विकाश अन्तर्गत हुनुपर्दछ। यसभन्दा बढ्ता जसको निम्ति यो पाठ्यक्रम तर्जुमा गरेको छ ती सिकारुको आवश्यकतासँग यी पाठ्यक्रम होशियारपूर्वक मिलाउनुपर्दछ।

(१२) यी तालीमी कार्यक्रम थाहा पाइएसम्मका ज्यादै आधुनिक तरीकाल सिकाउनुपर्छ। सिकारुहरुले आफ्नो स्कूलमा प्रयोग गरे पनि हुने शिक्षणको बलियो तरीकाको मोडेल हुनुपर्दछ। तिनीहरुले शक्षिक सरसामानको अभाव स्वीकार गर्नुपर्दछ र नयाँ शैक्षिक मद्दतहरुको विकाश गरेर र सिकारुहरु गाउँघरतिर गएर नयाँ स्कूलहरु खोल्दा आइपर्ने अवस्थासँग मुकाविला र सुधार कसरी गर्नुपर्छ भनी तिनीहरुलाई सिकाएर समस्या हल गर्नुपर्दछ।

(१३) शिक्षक तालीमी कार्यहरु आधुनिक शिक्षासँग मिल्दो मूल्यांकन स्वरुप हुनुपर्दछ। अन्तिम परीक्षाको सट्टा अविच्छिन्न र विभिन्न प्रकारको मूल्यांकन गर्ने तरीका राखिनुपर्दछ। आधुनिक ढंगको विद्यार्थीको हरहिसाब राख्न र आफ्नो नियमित शिक्षण कार्य गर्दागर्दै खण्डसमय लगाएर आफूलाई उच्च दर्जामा लैजानमा इच्छा गर्ने शिकारुहरुलाई मद्दत गर्ने एक क्रेडिट आवर्स को प्रणालि चालु गर्नुपर्दछ।

(१४) शिक्षक भर्ती तालीम लिनेहरुको छनावट र अविच्छिन्न निर्देशनलाई होशियारीका साथ छान्न दिनुपर्दछ।

(१५) शिक्षकहरुलाई प्रमाणपत्र दिने प्रणालि चालु गर्नुपर्दछ। यस प्रणालिले स्कूलमा पढाउन योग्य शिक्षकलाई मात्र अनुमति दिनेछ र योग्य शिक्षकको केन्द्रीय विवरण राख्नेछ।

(१६) नयाँ शिक्षकहरुको प्रारम्भिक पदमा नियुक्तिको प्राधान्य भएकोले यी नवजवान शिक्षकहरुको निम्ति हुनसम्म योग्य स्थान निर्णय गर्न र शिक्षणको पहिलो वर्षमा यी नवजवानहरुको अनुभवदेखि परिचित स्टाफका सदस्यहरुको शिफारिसबाट उनीहरुको नियुक्ति हुनुपर्दछ। शिक्षण संस्थाहरुलाई यस उत्तरदायित्वको अविभारा सुम्पनुपर्दछ।

(१७) स्तर निर्णयको विधान तयार गर्न र शिक्षण व्यवसायलाई बलियो बनाउँदै लैजान एक राष्ट्रिय शिक्षक संघको गठन गर्नुपर्छ।

(१८) तालीम र अनुभवमा आधारित वेतनको स्केल, बिदा, नोकरीबाट अवकाश रअरु सुविधाहरु तुरुन्त मुकरर गर्नुपर्छ।

शिक्षा मन्त्रालय

# परिच्छेद १३

# शैक्षिक साधन

**प्राक्कथन**

केटाकेटीहरुको शैक्षिक अनुभवमा तीन कुराको सधै विचार हुनुपर्छ। पहिलो त निश्चय नै विद्यार्थी भयो । दोस्रो, शिक्षकको महत्व अगिल्लो परिच्छेदमा सूचित गरिएको छ। तर एउटा अर्को महत्वको कुरा छ , त्यो हो शिक्षाको प्राकृतिक र भौतिक परिस्थिति। निःसन्देह शिक्षक यो परिस्थितिको एक अंश हो - मानव शरीर, भवन र सरसामान (सोह्रौ परिच्छेदमा वर्णन गरिने) त्यसको एक अंश निर्माण गर्दछन्। तर पाठ्यपुस्तक, निर्देश पुस्तक, देख्न -सुन्न सकिने साधन र छोटकरीमा सामान्यतः"शिक्षासम्बन्धी बस्तुहरु" कहिने पनि केटाकेटीहरुको शिक्षामा अत्यन्त महत्वको भाग लिन्छन्। शैक्षिक परिस्थितिको यो दृष्टिकोणलाई लिएर यो परिच्छेद लेखिएको छ।

शिक्षाले ठाउँ पाउन कुनै कुरा वा समस्यामा लडकाको चाख हुनुपर्छ। उसकै कल्पनामा छोडिदियो भने उ स्वयं यो कुरा पत्ता लाउँछ र कुनै कुनै समयमा यस शिक्षाको उच्च बाञ्छनीय पद्धति खडा गर्दछ तर विद्यार्थीलाई बाटो देखाउन, समस्याको अध्ययन गर्ने उपाय, सूचना स्रोत इत्यादिको सुझाउ दिन शिक्षक प्रायः उपस्थित रहन्छ। तर शिष्य र शिक्षक दुवैलाई शिक्षाको राम्रो अनुभव बढाउन शिक्षासम्बन्धी साधन नपाउनु जस्तो निराशाजनक अरु कुनै कुरा हुँदैन। एकाकी अनुसन्धान र प्रयोग शिषाका प्रभावकारी पद्धति हुन्, परन्तु यी कार्यशीलता पनि शिक्षासम्बन्धी साधनहरुको अभावमा टुट्दछन्।

शिक्षकहरुको कमीपछि आज नेपालका शिक्षालयहरुमा सन्तोषप्रद शैक्षिक अनुभवका निम्ति शिक्षाविषयक साधनहरुको बिलकुल अभाव ज्यादै गम्भीर विध्न छ। विद्यालय तहमनिको प्रत्येक कक्षामा कति कागत, धुस्नु भएका पर्चाहरु ती पनि प्रायः नेपालीमा हुँदैनन्, यदाकदा एक या दुइ नक्शा (प्राय पुराना) र शायद केही सिलेट र एउटा सानो खरीपाटी मात्र शिक्षा दिने साधन पाइन्छन्। विद्यालयका कक्षाहरुमा जिल्ला भएका केही पाठ्यपुस्तकहरु पाइएलान्, तर नेपालीमा धेरै कम।अरु पनि पाठशालाहरुमा पुस्तकालयहरु किन्चितै पाइन्छन् र विश्वकोश, निर्देश पुस्तक, उपन्यास, आकर्षक तथा चित्रसहितका पाठ्यपुस्तकहरु, आधुनिक नक्शा र भूगोलहरु, चित्रसंग्रह इत्यादि छँदै छैनन्। पाठशालाहरुमा यस्ता किसिमका सामानहरुको प्रमाण पाइँदैनन् , तर कुनै कुनै सर्वोत्तम शिक्षालयहरुलाई एक पटक हेर्दैमा आगन्तुकलाई परिस्थिति यहाँ बयान गरे जस्तै खराब छ भन्ने प्रतीत हुन्छ।

आयोग शिक्षासम्बन्धी साधनहरुको यस अभावलाई राष्ट्रव्यापी शिक्षाको विकाशमा एक ठूलो समस्या स्वीकार गर्दछ। यसलाई अर्थ, शिक्षकहरुको शिक्षण, भवन र व्यवस्था आदि अरु समस्याहरुसँगै एकैपल्ट हल गरेर अन्त्यमा शिक्षालयहरुलाई सबै किसिमका उत्तम, आधुनिक, चाखलाग्दा र प्रभावकारी साधनहरुले परिपूर्ण पार्ने उद्देश्यबाट विभिन्न सझाउहरु दिइएका छन्।

शिक्षासम्बन्धी सामग्रीहरु शिक्षालाई सहायता गर्ने कुनै पनि वस्तु वा विषय जत्तिकै हुन् भन्न सकिन्छ। छलफलका निम्ति सजिलो पार्न तिनीहरुलाई कैयन् श्रेणीमा बाड्न सकिन्छ। पहिलो, शिक्षक छ, उ लडकालाई विद्योपार्जनको बाटो देखाउने मत्र होइन, दिनको कैयन् पल्ट सूचनाको स्रोतसमेत हुन्छ। उसले केटाकेटीका प्रश्नहरुको जवाफ दिन्छ, उनीहरुलाई पढेर सुनाउँछ, कथा हाल्छ, कहिले चालचलनको बारेमा संकेत दिन्छ त कहिले गणितको समस्या कसरी हल गर्नुपर्छ भन्ने सूचना दिन्छ। तर विद्यालय छोड्ने समयसम्ममा लडकाले शिक्षकदेखि स्वतन्त्र हुन सक्नुपर्छ। यसकारण प्रौढ जीवनमा पुऱ्याउने व्यक्तिगत र विना रेखदेखको प्रयोगका निम्ति अरु पनि शिक्षाको साधन हुनुपर्छ।

दोस्रो, शिक्षाको सेरोफेरोलाई परिपूर्ण पार्न प्रयोग गर्न हुने अरु मानवी र सामुदायिक साधनहरु छन्। जिल्लाबाहिर घुमेको कोही व्यक्ति भ्रमणको कुरा भन्न सक्ने होला। ग्राम विकाशको कर्मचारी माटो मलिलो तुल्याउने विज्ञान अथवा असल बीउहरुद्वारा बाली सुधार्ने तरकि वा हामीहरु किन डी.डी.टी.को प्रयोग गर्छौं त्यो बुझाउन सक्ने होला। केटाकेटीहरुलाई बुन्न, सिउन वा ईट पार्न सिकाउन सक्ने स्थानीय कालीगडहरु होलान्। प्रत्येक समुदायमा दक्षता र ज्ञानका धेरै मानवी स्रोत छन्, यस्ता व्यक्तिहरुलाई हाम्रा नयाँ ढंगका पाठशालाहरुमा बराबर बोलाउनुपर्छ।

यसका अतिरिक्त, हरेक समुदाय कार्यशीलता र चाखलाग्दा तथा शिक्षाप्रद स्थानले भरपूर छ जहाँ केटाकेटीहरुले आफ्ना शिक्षाको एक अंशरुपमा जानुपर्छ। एउटा घट्टको क्रिया सिकाउन एक सिंगै कक्षालाई लान सकिन्छ। कृषि, सानो उद्योग, नदीकाटका दृष्टान्त आदिका प्रदर्शनीहरु र धेरै यस्ता कार्यशीलतालाई लाभदायक शैक्षिक भ्रमणको आधार बनाउनुपर्दछ।

फेर कुनै गाउँलेहरुका घरहरुमा विलक्षण चीजहरु, ढुंगाको संग्रह, सानासाना पलुवा पशुपक्षी इत्यादि देखाउनाको लागि पाठशालामा ल्याउन सकिने चाखका वस्तुहरु हुन सक्छन्। प्रत्येक समुदाय मानवी र भौतिक साधनहरुले सम्पन्न छ र यसले शैक्षिक सेरोफेरोका अंग हुनैपर्छ। यी साधन र यिनका उपयोगबारे आठौं र नवौं परिच्छेदमा विस्तृत बहस गरिएको छ।

तेस्रो, मनुष्य- निर्मित -मुद्रित र अरु किसिमबाट बनेका चीजहरुको ठूलो राश छ। ती निम्नलिखित छन् : -

(१) पुस्तक- पाठ्यपुस्तक, विश्वकोश, अरु निर्देश पुस्तक, पूरक वाचन पुस्तक, प्रयोगशालासम्बन्धी पुस्तक (ध्यचप द्ययपप. वर्कबूक) इत्यादि।

(२) पत्रपत्रिका, अखबार, पर्चा इत्यादि।

(३) मानचित्र, भूगोल, नक्शा, रेखाचित्र, सचित्र र रेखांकित वस्तुहरु।

(४) चित्र, तसबीरहरु।

(५) (विस्तारक सामान (Projection equipment) प्रोजेक्शन इक्विपमेण्ट चाहिने) चलचित्र, फिल्म र ९कष्मिभक० स्लाइडहरु।

(६) (बजाउने साधन चाहिने) रेकार्ड र रेकार्डहरु भर्ने।

वर्तमान समयमा यिनीहरुको अभाव ज्यादै शोचनीय छ। यिनीहरुको बदलामा राख्न अरु कुनै चीज छैन। यिनका उपयोगका निमित्त सामुदायिक साधनहरु तयार छन् तर अधिकांश हिस्साका निम्ति यी बस्तुहरु तयार गर्नुपर्छ र बनाइनुपर्छ।

चौथो, कक्षा र प्रयोगशालाका भैतिक सामान छन्। डेस्क र बेञ्च अथवा सुकुल र लेख्ने पाटीहरु होलान्। तर एउटा खरीपाटी, सूचनापत्रपाटी, प्रारम्भिक खेलहरुका निम्ति (क्बलम तबदभि) स्याण्ड टेबुल, विज्ञानका सरसामान, खेतीका ज्याभल, चूहलाहरु इत्यादि हुनैपर्छ। कुनै किसिमको आश्रयको रुपमा ऋतुबाट अनुकुल सुरक्षा हुनुपर्छ। माथि उल्लेख गरेका अरु जस्तै यी सबले शैक्षिक सेरोफेरोलाई सम्पन्न बनाउन मद्दत गर्दछन्। भवन, सरसामान र सम्भरणहरुको उल्लेख सोह्रौं परिच्छेदमा भएको छ ।

**शैक्षिक साधनहरुको रोजाइ**

माथि उल्लेख गरेका केही शैक्षिक साधनहरुको सम्बन्धमा अनुकूल र प्रभावकारी वस्तुहरुको रोजाइ एक समस्या छ। यी चीजहरु पाइएसम्म यिनको उपयोग गर्नुपर्छ। तर नेपालमा धेरै अवस्थामा यिनलाई बनाउनु र रचना गर्नुपर्छ। कुनै दिन कैयन् चीजहरु एकै किसिमका पाइने हुन्छन्, अनि रोजाइको समस्या खडा हुन्छ। उदाहरणको लागि, पाँचौ श्रेणीलाई सामाजिक अध्ययनका ३,५, या ७ विभिन्न पाठ्यपुस्तक पाइएलान्। भिन्न भिन्न संस्थाहरुले बनाएका मानचित्रका अनेकौं खाल, अथवा बेग्लाबेग्लै बनोटका विज्ञानका सामान विक्रीका निम्ति प्रस्तावित होलान। कुन किन्ने? कसले यो निर्णय गर्ने? कुनै मुलुकहरुमा पाठ्यपुस्तकहरु सरकारबाट प्रकाशित हुन्छन्, अरुमा निजी प्रकाशकहरुबाट तयार भएर प्रतिस्पर्धी बजारमा बिक्तछन्। कुन योजनालाई प्रोत्साहन दिने? यी समस्याहरुले अहिले दबाउ हाल्दैनन् होलान्,

तर यिनीहरुलाई पहिले नै देखिराख्नुपर्छ, ठीक गर्नुपर्छ र वैज्ञानिक किसिमबाट भिडिएर यिनलाई हल गर्नुपर्छ।

रोजाइको बारेमा आयोगको सुझाउ छ-१) सबै किसिमका शैक्षिक साधनहरुको कसौटी बनाउने २) शिक्षालयहरुमा विक्रीका निम्ति प्रस्तावित सारा बस्तुहरुको जाँच गर्ने र ३) समय समयमा स्वीकृत वस्तुहरुको सूची निकाल्ने। यस काममा अनुभवी शिक्षकहरुको एक समूह नियुक्त हुनुपर्छ। उदाहरणार्थ, पाठ्यपुस्तकहरुको कसौटिमा यथार्थता, केटाकेटीका उचित उमेरको तहलाई मिल्दो, आकर्षणता, धेरै दिन खप्ने, चाखलाग्दो र चित्रहरुले भरपूर इत्यादि कुरा हुनुपर्छ। नक्शाको कसौटीमा आकार, रङ, शुद्धता, उद्देश्य, नवीनता इत्यादि जाँच्नुपर्छ। विज्ञानका सरसामानको कसीले औचित्य, सादापन, किफायत र धेरै कालसम्म टिक्ने इत्यादिको निश्चय गर्नुपर्छ। प्रत्येक कित्ताको वस्तुका निम्ति निर्माता र (उत्पादक) कालीगडहरुलाई उपयोगी वस्तुहरुको विकाश गर्ने बाटो देखाउने र रोज्ने समूहलाई नक्कली र प्रतिकूल वस्तुहरु हटाउन मद्दत गर्ने स्पष्ट तथा तोकुवा कसी हुनुपर्छ।

एउटै समूहले एउटँ कित्ताका वस्तुहरु जाँचेर निर्णय दिनु साध्य हुँदैन। यसकारण यो समूहले थप सदस्यहरु नियुक्त गर्न र तोकुवा कित्ताका वस्तुहरु रोज्न उपसमूह खडा गर्ने अधिकार पाउनुपर्छ। जस्तै, एउटा उपसमूहले विज्ञानका पाठ्यपुस्तक र सामनहरु जाँच्तछ, अर्कोले गणितका पाठ्यपुस्तक इत्यादि र तेस्रोले नक्शा इत्यादि।

कुनै कुनै राज्य र मूलकहरुमा सरकारी पदाधिकारीहरुद्वारा एक श्रेणीलाई एक विषयको एउटै पाठ्यपुस्तक छानिन्छ र शिक्षालयहरुमा यही एउटा पुस्तक पढाउनुपर्दछ। यसले शिक्षाको सेरोफेरोलाई संकीर्ण पार्दछ, किनभने आधुनिक नवीन शिक्षाप्रणालीको उपयोग गर्ने बेस तालिम पाएका धेरै शिक्षकहरु एकै विषयमा कैयन् पुस्तक पढाउन चाहान्छन्। कसौटीमा ठीक ठहरिएका सारा स्वीकृत वस्तुहरुको सूची बनाएर शिक्षकलाई नै उसैले आफ्नो कक्षाका निम्ति उत्तम ठानेका मालहरु रोज्न दिनु सर्वोत्तम योजना हुनेछ। यसरी स्वीकृत सूचीले वस्तुहरुको रोजाइमा शिक्षकलाई मद्दत दिन्छ, विध्न पार्दैन।

**वस्तुहरुको रचना र उत्पादन**

अगाडि सूचना गरिए झैं आज हाम्रा शिक्षालयहरुको निम्ति छान्न योग्य वस्तुहरु थोरै प्राप्य छन्। शिक्षाका साधनहरुका अनेकौं किसिम रच्ने र उत्पादन गर्ने महान् काम अगिल्तिर रहेको छ। यसमा १) रचना २) उत्पादन वा निर्माण र ३) वितरण तथा विक्री सम्मिलित छ। यो र माथि उल्लेखित वस्तुहरुको रोजाइ उच्च तहको शैक्षिक वस्तु आयोगको सहयोग र निरीक्षणमा

हुनुपर्छ र यस आयोगमा यस कामको पेशा, व्यापार र प्रबन्धीय अवस्थालाई राम्ररी बुझेका शिक्षाकार्यमा प्रवृत ५ वा ७ शिक्षानिपुण प्रमुख व्यक्तिहरु राखिनुपर्छ भन्ने आयोगको राय छ। यो (बस्तु रोजाइ) आयोग शिक्षामन्त्रीबाट नियुक्त हुनुपर्छ अथवा शिक्षासमिति वा राष्ट्रिय शिक्षक संघ जस्तो कुनै संस्था भए त्यसले रोज्नु पर्दछ। यसका नियमहरु अस्थिर हुनुपर्दछ जसमा तृतीयांशभन्दा बढी सदस्य कुनै समयमा नयाँ नहोऊन्। आयोगले सोझै जिम्मेदार रहेर पनि प्रारम्भिक, माध्यमिक र उच्च शिक्षाका जिम्मेदार उपसचिवहरुसित सहयोग राखेर काम गर्नुपर्छ। आवश्यक परेका समयमा आयोग बस्नुपर्छ र शुरुमा यसले कार्यकारी र सहयोगी आयोग हुनुपर्छ। आयोगको एक सदस्यलाई सभापति बनाएर आयोगले रोजाइ, रचना, वितरण र अरु कुरामा समितिहरु नियुक्त गर्नुपर्छ। यस किसिमले योग्य शिक्षानिपुण धेरै व्यक्तिहरुमा काम बाँडिने र छिटो छिटो कार्य सम्पादन हुनेछ।

आयोग र उसको समितिले वस्तुहरुको रचनामा अनुकूल पाठ्यपुस्तक र अरु वस्तुहरुको छिटो उत्पादनलाई प्रोत्साहन दिने साधनका तरीकाहरु सोच्नुपर्दछ। लेखकहरुलाई सोझै काम दिएर, स्वीकार योग्य पाण्डुलिपिमा एकमुष्ठ पुरस्कार दिएर तथा प्रकाशित पुस्तकहरुमा स्वत्वांश (Royalty) तिरेर आर्थिक प्रोत्साहन दिने गर्नुपर्छ। अझ अरु पनि हुनुपर्छ। समितिले आवश्यकताहरुको पर्यालोचन गरेर यिनलाई लेखकहरुबाट अनुसरण गरिने स्तर वा यही उद्देश्यले भर्ना गरिएका लेखकहरुबाट अनुवाद गराउने दृष्टिबाट अरु भाषाका पुस्तक तथा अन्य बस्तुहरुको जाँच गर्नुपर्छ। (राष्ट्रभाषालाई उन्नत पार्नु छ भने सारा सब नेपालीमा हुनुपर्छ भनीरहनुपर्दैन।) वस्तुहरुको रचनालाई रहेको समितिले शुरुमै लागू गरिने कार्यक्रमको विज्ञप्ति प्रकाश गरेर उसलाई यस काममा मद्दत गर्न चाहनेहरुलाई निर्देशन दिनुपर्छ।

पाठ्यपुस्तकहरुको रचनातर्फ लगाइएका मुख्य प्रयत्नका अतिरिक्त सांस्कृतिक र शैक्षिक फिल्म तथा स्लाइडहरुको निर्माणमा पनि अलिकति ध्यान दिनुपर्छ। यी साधनहरुद्वारा हाम्रा नौजवानहरुमा हाम्रो मुलकको धेरैजसो ऐतिहासिक र भौगोलिक अपूताली ल्याउन सकिन्छ। विज्ञान र कलाकौशललाई यी विषयमा अहिले पाइन सकिने विदेशी फिल्महरुमा नेपाली टीका थपेर सजीव पार्न सकिन्छ। आठौं,नवौं परिच्छेदमा सुझाउ गरिएका पाठ्यक्रमका अनेक अंशहरुलाई चित्रद्वारा देखाउन खास खास ठाउँहरुमा स्लाइडहरु बनाउन सकिन्छ। यद्यपि अधिकांश क्षेत्रहरुमा विद्युत शक्ति प्राप्य छैन तापनि यो विस्तारै शुरु गरिनेछ। यस बीचमा तेलले चल्ने विस्तारक (प्रोजेक्टर) प्रयोग गर्न सकिन्छ।

अझ शैक्षिक रेडियो कार्यक्रम तयार गरेर सस्ता व्याट्रीले चल्ने रेडियोका समाचारग्राही यन्त्रहरु सारा पाठशालाहरुमा बाँडिनुपर्छ। यी दुवै कार्यक्रमहरु ज्यादै महँगो पर्छन् र यिनलाई मद्दत गर्नका निमित्त विदेशी सहायता माग्नुपर्छ।

वस्तु उत्पादन समितिको र रचना समितिको घनिष्ठ सम्बन्ध रहनुपर्छ अथवा एउटैले दुवै काम लिए हुन्छ। यस समस्यामाथि तुरुन्त कारवाई गर्ने आयोग र उसको उत्पादन समितिले आधुनिक भारतीय छापाखानाहरुमा गर्नुपर्ने छपाइको कामको तल्लो परिमाणको प्रबन्ध मिलाउनुपर्छ। यो तात्कालिक कार्यक्रमको लक्ष्य हुन सक्छ -(ज्यादै नै खाँचो भएको ठाउँको)प्रत्येक प्रारम्भिक पाठशालाका श्रेणीहरुका निम्ति हरेक विषयमा (सम्भव छ भने रंगीन) चित्रहरुसहितको एउटा पाठ्यपुस्तक, एक वा दुइ अखवार र सकेसम्म थोरै नक्शाहरु। तर यो कार्यक्रम क्षणिक हुनु सर्वोत्तम हुनेछ।

यो समस्या हल गर्न आयोग नेपालमा एक नवीनतम शैक्षिक छापाखाना अत्याबश्यक ठान्दछ। यदि हामीहरु १० वर्षमा ३,००,००० (तीन लाख) केटाकेटी पाठशालाहरुमा पाउने आशा गर्छौं भने प्रतिवर्ष ३०,००,००० (तीस लाख) पाठ्यपुस्तक र अरु सामग्रीहरुको प्रकाशन आवश्यक हुनेछ। शिक्षाविधिमा यी वस्तुहरुले उपल्लो महत्व पाउनु छ भने यिनीहरु रंगीन चित्रहरुले भरपूर र आधुनिक क्रममा रचिएका हुनुपर्छ। यिनका निम्ति पूँजीको ठूलो लगानी र कार्यकारी कोषका साथ एउटा बृहत् प्रकाशन संस्था चाहिन्छ।

यस्तो कामका निमित्त विदेशी मद्दत पाइने आशा छ। विशेषतः प्रधान सम्पादक, कार्यप्रवन्धक, पसल जिम्मा लिने मान्छे र यन्त्रचालकहरु जस्ता मुख्य मुख्य व्यक्तिहरुको विदेशमा शिक्षण। माथि सुझाउ गरेका मालहरु प्रशस्त मात्रामा निकाल्नलाई चाहिने सरसामानको प्राप्ति र ती सामानहरु राख्नका निमित्त एक घर तथा छापाखानाले आफैंले टेकिने हुन नसकेसम्म शुरुको खर्चका निम्ति आयोग सुझाउ गर्दछ। यस्तो छापाखाना शिक्षामन्त्रालयको मातहतमा रहनुपर्छ र राष्ट्रिय शिक्षा छापाखाना कहिन सक्छ। बजेटको विचारबाट यसले सरकारका अन्य विभागहरुमा समेत आफ्ना उत्पादनहरु उत्पादन मूल्यमा विक्री गर्न परे तापनि विक्री गरेर ३ वर्षभित्र आफैं टेकिने हुन सक्नुपर्छ। यो उद्देशय पूर्ण गर्न समय र स्थानले नदिएसम्मलाई सरकारी वा गैरसरकारी अरु सारा काम लिन अस्वीकार गरेर छापाखानाले पाठ्यपुस्तक, प्रौढशिक्षाका साधन, पाठशालाहरुका निम्ति शिक्षा-समाचारहरु, नक्शा, शैक्षिक विवरण इत्यादिलाई अग्रता दिनुपर्छ। उद्घाटनकालपछि छापाखानाले सरकारी सहायता पाउन हुँदैन र व्यापारिक दरभाउभन्दा घटीमा सिर्फ शैक्षिक सामग्रीबाहेक अरु कुनै

काम लिन हुँदैन। खास गरेर यो छापाखाना खुलेको परिणाममा अहिले भइराखेका चलिरहेका कुनै छापाखानाहरु बन्द हुनु हुँदैन, नत्र यसको स्थापनाको मुख्य कारणलाई मानिनेछैन।

प्रबन्धकीय (बन्दोबस्ती) तरीकामा छापाखानाले एक व्यापारको रुपमा काम गर्न स्वतन्त्र हुनुपर्छ। प्रबन्धकहरुलाई बाधाहरुबाट मुक्त राख्ने नीति र कार्यप्रणाली खडा गर्न अस्थायी नियमहरुसहित एक संचालक समिति रहनुपर्छ। आयोग यस विवरणमा पेश गरेको सम्पूर्ण कार्यक्रममा यस प्रस्तावले सर्वाग्रता पाउनु पर्छ भन्ने मान्दछ।

छापिएका शैक्षिक साधनहरुको वितरणलाई राष्ट्रिय छापाखानाको एक छुट्टै विभाग वा बेग्लै गुमस्ताले जिम्मेदार हुनुर्छ। यो विभाग अथवा गुमस्ताले शैक्षिक साधन आयोगसित सहयोग राखेर काम गर्नुपर्छ। निजी (गैरसरकारी) मुद्रक र प्रकाशकहरुबाट सर्वसामान्य बजारमा सधैं केही सामग्री पाइने आशा छ। किफायतिका निम्ति, शिक्षालयहरुमा उपयोग गर्न स्वीकृत भएपछि यस स्रोतबाट पाइएका बस्तुहरु बेग्लाबेग्लै शिक्षालयहरुमा फेरी बाँड्न वा विक्री गर्न सरकारी गुमस्ताबाट अधिक परिमाणमा खरीद हुनुपर्छ।

राष्ट्रिय शिक्षा छापाखानाले कक्षाहरुको उपयोगका निम्ति पहिले नै स्वीकृत नभएको कुनै कुरा छाप्तैन भन्ने पनि धारणा छ। यसरी त्यसका सारा मुद्रित बस्तु महाविद्यालय वा विद्यालयहरुमा वितरण र विक्री गरिनेछ। यसकारण हामीहरु राष्ट्रिय शिक्षा छापाखानाको एक लटकनको रुपमा शैक्षिक साधन आयोग सारा यी शैक्षिक सामग्रीहरुको वितरणका निम्ति राष्ट्रिय पुस्तक भण्डार कहिन सक्ने एक वितरण गुमस्ता खडा गर्न सुझाउ प्रस्तुत गर्छौं। यस गुमस्ताले राष्ट्रिय छापाखानाको उत्पादन र शिक्षालयहरुमा उपयोग गर्न स्वीकृत भएका अन्य प्रकाशक वा संस्थाका मालहरु बिक्री गर्नेछ। यस गुमस्तालाई सानो प्रारम्भिक पूँजी र एक कायकारी कोषको आवश्यक पर्छ, तर यो चाँडै नै स्वाबलम्बी हुनेछ। सरकारी गुमस्ता हुनाले शिक्षालयहरु, शिक्षा विभाग, गाउँका पुस्तकालय र प्रौढशिक्षा कार्यक्रमको निमित्त भएको विक्रीमा नगदभन्दा माग र सोधभर्नाको ज्यादा प्रस्भाव पर्नेछ। तर असल व्यापरिक हितका निम्ति यो गुमस्ताले जुन विभागको बजेटबाट सित्तै दिएका मालको मोल कट्टा गरिन्छ त्यस विभागबाट सोधभर्ना हुने उचित लिखत बिना मोल नतिरीकन माल लिने अधिकार पाएका शिक्षालय र अरुहरुलाई त्यसै मालहरु दिएर चन्दा बाँड्ने गुमस्ता बन्नु हुँदैन।यस गुमस्ताले शिक्षालयको उपयोगका निम्ति फिल्म र स्लाइडहरु बालगिरी दिन सक्छ। शैक्षिक साधन आयोगको प्रबन्धीय संगठन अर्को पत्रको चित्रांक १३/१ मा सुझाउ गरिएको छ।

शैक्षिक साधनहरुको नियन्त्रण

अगाडि बहस गरिने शैक्षिक साधनहरुको नियन्त्रण विषयलाई छोट्याउन आयोग निम्न कुरा मान्दछ : -

अ) प्राथमिक, माध्यमिक, उच्च र प्रौढशिक्षा- सम्पूर्ण शैक्षिक कार्यक्रमभरी उपयोग गरिने बस्तुहरुको नियन्त्रण हुनैपर्छ र

आ) यो नियन्त्रण अनुभवी तथा व्यावसायिक रुपमा तालीम पाएका व्यक्तिहरुले बनेको राजनैतिक र अरु किसिमका दवाउबाट बिलकुल मुक्त एक आयोगका हातमा रहनुपर्छ।

यस्तो नियन्त्रणले जाँचको वैज्ञानिक नियम लगाएर विचार गर्नुपर्ने हरेक बस्तुसित परिचित भएको अनकौं शिक्षकहरुद्वारा प्रजातान्त्रिक रीतिबाट रोजाइ, सरकारी र गैरसरकारी उद्योगका रचना र उत्पादन तथा स्वीकृतिपछिको वितरणलाई गाभ्दछ।

निम्न कुरा गर्न यस नियन्त्रणको रचना हुनुपर्छ : -

(१) ठूलो परिमाणका उत्पादन र वितरणद्वारा किफायत,
(२) प्रतिस्पर्धी रचना, रोजाइ र पुनर्विक्रयद्वारा वस्तुहरुमा उच्च स्तर,
(३) निर्माताहरुको रेखदेखमा वैज्ञानिक तवरबाट विकशित नियमद्वारा विद्याका न्यायसिद्धान्तमा मिलेको व्यवसायानुकूल वस्तु,
(४) प्रचार तथा अन्य अवाञ्छित सन्तोषबाट स्वतन्त्रता।

यस नियन्त्रणले फेरफार गर्न नहुने वस्तुहरु र नयाँ वस्तुहरुको रचनामा अनुदारता आउन दिनु हुँदैन। केही नियन्त्रणविना हाम्रा युवकहरुलाई यो महान रहस्य खोल्नु आयोग बुद्धिमानी मान्दैन। तैपनि नियन्त्रणहरु भित्र रहेका खतराहरुलाई बुझेर यस्ता खतराहरुको विरुद्ध यिनलाई कार्यान्वित गर्न जिम्मेवार व्यक्तिहरुलाई सावधान गर्छ।

**शैक्षिक साधनहरुको उपयोग**

अगिल्ला परिच्छेदहरुमा शैक्षिक साधनहरुको उपयोगबारे प्रशस्त बहस भएको छ। यहाँ सारांश दिएको छ। शिक्षाविधिलाई शैक्षिक साधन अत्यावश्यक छन्। यिनमा सामग्री, मानिस, उद्देश्य र अरु धेरै कुराको एक विस्तृत सिलसिला सम्मिलित छ। यिनीहरु कतिसम्म विस्तृत रुपमा पाइन सक्छन् भन्ने कुराले पाठ्यक्रमको सम्पन्नतालाई सानो मात्रामा निश्चय गर्दैन।

सबै कित्ताको शैक्षिक साधनहरुको उपयोग हुनुपर्छ। यस विवरणमा प्रस्तावित पाठ्यक्रम यिनका पूर्ण र किसिम किसिमका प्रयोग चाहन्छन्। सामुदायिक साधनहरु तुरुन्त उपयोगलाई तयार छन् । मुद्रित र निर्मित साधनहरु नेपालका शिक्षालयहरुका निमित्त रचेर नेपाली

शिक्षा मन्त्रालय

भाषामा निकाल्नुपर्दछ। तर यी सामानका अभावमा शिक्षक र शिष्य स्वयं रच्न सक्तछन्। उनीहरु आफै कथा रर पाठ्यपुस्तकहरु लेख्न तथा सादा सस्तो जिल्द बाँध्न र आफूले पढिसकेपछि अर्को कक्षाका निम्ति तिनलाई पुस्तकालयमा राखिदिन सक्छन्। उनीहरु आफ्नो र अरुहरुको उपयोगका निम्ति समेत तसबीरहरु बटुलेर तिनीहरुलाई मड्याँएर क्रमबद्ध राख्न सक्छन्। उनीहरु स्वयं भित्तामा टाँग्ने नक्शा बनाएर तिनका सुरक्षाको लागि कपडामा टाङ्न सक्छन्। यी र धेरै अरु चीजहरु किफायतमा बन्न सक्छन् र यिनले विद्यार्थीहरुका निम्ति राम्रो विद्योपार्जन क्रियाशिलता खडा गर्दछन्।

अन्तिम सुझाउको रुपमा आयोग शिक्षक र निरीक्षकहरुलाई कुनै कुनै मुलुकहरुमा भएको जस्तै पाठ्यपुस्तकलाई असल विद्याका निम्ति लङ्गडाको लहुरो बन्न दिनु हुन्न भनी कडा चेतावनी दिन्छ। शिषकको शिक्षा विषयलाई लिएर लेखिएको परिच्छेदमा हामीहरु नयाँ प्रणालिको प्रयोग र नयाँ तरिकाको विस्तृत सिलसिलाले पाठ्यपुस्तक र वक्तृताको पूर्ति गर्न शिक्षकहरुलाई तालीम दिने महत्वलाई जोड दिन्छौं। शिक्षाका यी प्रारम्भिक आधारहरुबाट मुख फर्काउने शिक्षक अल्छी हो, यसको परिणामा हाम्रो अगिल्तिर रहेको मुलूकमा प्रजातन्त्रको विकाश गर्ने काम र वर्तमान युगलाई नसुहाउने हुन्छ। यस परिच्छेदमा सुझाउ गरिएकका वस्तुहरुको विशाल सिलसिलाको परिचय र विकाशले परम्परागत तरीकाहरुमा मात्र भर पर्नु अनावश्यक गराउँछ।

**सारांश**

यस परिच्छेदमा आयोगले निम्न कुराको सुझाउ गरेको छ : -

(१) शिक्षामा शिक्षक पछिको दोस्रो ज्यादै महत्वको परिणामप्रद कुरा शैक्षिक साधनहरु हुनाले राष्ट्रिय शिक्षण कार्यक्रममा यिनीहरुको प्रशस्त मात्रामा समावेश हुनुपर्छ।

(२) बुद्धिमान सुशिक्षित शिषकहरु नभएर मात्र त्यसै रहिरहेका सामुदायिक साधनहरु प्रचुर मात्रामा पाइन्छन् तापनि मुद्रित र निर्मित वस्तुहरुको घोर कमी छ। यिनीहरुविना शिक्षाको उन्नति हुन सक्तैन।

(३) यस अभावलाई शिक्षकको अभावसँगसँगै सपार्नुपर्छ। सुशिक्षित शिक्षक र वैज्ञानिक रीतिबाट विकशित भएका शैक्षिक सामग्रीहरुविना शिक्षाको विकाश हुन सक्तैन।

(४) ४) शैक्षिक साधन आयोगको नियुक्ति शिक्षामन्त्री, शिक्षा समिति अथवा राष्ट्रिय शिक्षक संघ (यदि यस्तो संस्थ ाबनेको छ भने) बाट हुनुपर्छ। यसका नियमहरु अस्थायी र सदस्यहरु कुनै पनि किसिमको "दवाउ"बाट मुक्त रहेका, अनुभवी र व्यावसायिक तरीकाले तालीम प्राप्त शिक्षकहरु हुनुपर्छ।

(५) यो शैक्षिक साधन आयोगले निम्न कुराको जिम्मेदारी लिनुपर्छः-

अ) उपसमितिका सदस्यहरुद्वारा वस्तुहरुको रोजाइ र समय समयमा स्वीकृत वस्तुहरुका सूचीको प्रकाशन।

आ) लेखक र अरुहरुलाई बाटो देखाउन वस्तु जाँचको नियम बनाएर सामानहरुको रचना।

इ) नवीनतम राष्ट्रिय शिक्षा छापाखानाको स्थापनाद्वारा मुद्रित साधनहरुको उत्पादन।

ई) छापाखानको एक अंगको रुपमा राष्ट्रिय वितरण गुमस्ता राखेर त्यसद्वारा वस्तुहरुको वितरण।)

शिक्षकहरुले धेरै किसिमका शैक्षिक वस्तुहरुको उपयोग गर्नु आवश्यक हुनुपर्छ र प्रभावकारी विद्याको उन्नतिलाई कसरी तिनीहरुको प्रयोग गर्ने यो उनीहरुलाई सिकाउनुपर्छ।

शिक्षा मन्त्रालय

# परिच्छेद १४

# शिक्षाको व्यवस्था र निरीक्षण

**प्राक्कथन**

शिक्षाको व्यवस्था र निरीक्षण जम्माजम्मी शैक्षिक प्रणालीको र व्यक्तिगत स्कूलहरुको सफलता र साधारण परिस्थितिलाई निकै ठूलो किसिमले निश्चित रुप दिने कार्य हुन्। भूतकालमा यी कार्यहरुलाई कुनै मुलुकहरुमा फौजी विद्यासंबन्धी वा सरकारी अफिससम्बन्धी रुपमा विकाश हुन दिइएका छन् र स्कूलहरुको सरल तथा प्रभावकारी कार्यलाई यी कार्यहरुले उत्साह दिनुभन्दा केही घटाएका छन्।

शिक्षा सरकारी अफिससम्बन्धी वा स्वेच्छाचारी शासनसम्बन्धी होइन भन्ने कुरा स्वयं प्रकृतिसिद्ध छ। स्कूल र शैक्षिक प्रणालिहरु राष्ट्रका युवकहरुलाई आफ्ना समाजमा अझ राम्ररी गाभिएको पार्न उनीहरुलाई मद्दत दिनको निमित्त मात्र रहेका हुन्छन्। विद्या शैक्षिक उद्योगको मूल कारवाई हो। केटाकेटीहरुको निमित्त पढ्नलाई सजिलो नपार्ने जुनसुकै नीति, व्यवस्थापक कार्य वा मानिस शिक्षाका शत्रु हुन्।

प्रजातान्त्रिक पद्धति सिक्न बल गरिरहेको नेपाल जस्तो मुलुकमा स्कूलहरु प्रजातान्त्रिक रुपले चलाइनु, तिनीहरु आफ्नो ठूलो सेरोफेरोभित्र सानो प्रजातन्त्र हुनु आवश्यक छ। भाग्यबश नेपालमा परम्परा रुपले चलाईने निस्तब्ध शिक्षासित संबन्ध भएको व्यवस्थापक नीतिको चलन छैन भने पनि हुन्छ।व्यवस्था र निरीक्षणका खँदिला, आधुनिक प्रजातान्त्रिक सिद्धान्तहरु चलाउने समय अहिले आएको छ।

**स्कूल व्यवस्थाका सिद्धान्त**

प्रजातान्त्रिक स्कूल व्यवस्थाका आधार सिद्धान्त केे के हुन्? साधारणतः तिनीहरु सरकार वा व्यापारका अरु रुपको निमित्त जस्तै हुन्। शिक्षाको निमित्त प्रयोग हुँदा तिनीहरुले कार्य र नीति निर्माणको निमित्त पथ-प्रदर्शक खम्बा जुटाउँछन्।

पहिलो कुरा शिक्षा लिने साह्रै उत्तम परिस्थिति संभव पार्नमा नै व्यवस्थाको अस्तित्व छ। यो नै सबै सिद्धान्तभन्दा प्रमुख रहन्छ। यही सिद्धान्तमा मात्र धेरै निर्णय गर्न सकिन्छ। स्कूल र कलेज शिक्षक, आमाबाबु, करतिर्ने वा हितकारीहरुका निम्ति नभई केटाकेटी र जवानहरुका निमित्त रहन्छ।

दोस्रो जीवित संस्थाको रुपमा स्कूलहरु सहयोगी उद्योग भएर उत्पन्न र विकशित हुन्छन् । तिनीहरु एउटै मानिसबाट बन्दैनन् वा चल्दैनन्। विद्यार्थी, बाबुआमा, शिक्षक, प्रबन्धक समितिका सदस्य र संप्रदायका उपरियाहरु सबैले आफ्नो पाठ खेल्नुपर्दछ र सबैलाई आफ्ना आफ्ना सामर्थ्य र चाखको अनुपातमा मौका दिनुपर्दछ। विद्यार्थीहरुले स्कूलका कारवाईको योजना मिलाउनमा भाग लिनुपर्दछ, बाबुआमाहरुले आफ्ना छोराछोरीको जीवनलाई आफ्नो गाउँको जीवन र आफ्नो राष्ट्रको कल्याणलाई प्रभाव पार्ने नीति बनाउनमा भाग लिनुपर्दछ। सबैले सहयोगी कार्य चलाउनुपर्दछ।

तेस्रो, जवाफदेही बाँड्नुपर्दछ, र जसजससँग बाँडिएको छ, तिनीहरुले यसलाई र यसका परिणामलाई स्वीकार गर्नुपर्दछ। हाइ स्कूलका छात्रमण्डललाई कारवाईको योजन ागर्नको निमित्त जिम्मेवारी दिएको छ भने शिक्षकहरु र हेडमाष्टरले हस्तक्षेप गर्नु हुँदैन, तर परिणामको लागि विद्यार्थीहरुले आफैलाई दोष वा जस दिनुपर्दछ। व्यवस्थापक योजनामा सल्लाहकार मण्डलहरुको स्थान हुन्छ। तिनीहरुलाई नीति बनाउने शक्ति छ भन्ने धारणा लिन दिनु हुँदैन, निषेध अधिकार अर्कै मानिसमा रहेको छ भन्ने तिनीहरुलाई थाहा हुनुपर्दछ। साधारण हिसाबले भन्ने हो भने सल्लाहकार मण्डलहरु कमजोर हुन्छन्। निश्चित जिम्मेदारी बोक्नु र तिनीहरुलाई कार्यान्वित गर्ने शक्ति हुनु तिनीहरुको निमित्त बढिया छ। जुन हालतमा पनि स्कूलहरुको कामकारवाईसित संबन्ध भएको हरेक मानिस वा मण्डलको निमित्त अख्तियारको लक्षण स्पष्टसित किटिएको हुनुपर्दछ।

चौथो, व्यवस्थापक कार्यहरु यथासंभव विकेन्द्रीकरण हुनुपर्दछ। परिणामतः गाउँका जनताले आफ्ना आफ्ना स्कूलहरुलाई निर्देशन गर्ने शिक्षा र अनुभव प्राप्त गरेपछि केन्द्रीय सरकारले शैक्षिक नेतृत्व दिनुपर्दछ, सर्वसाधारण आवश्यकताको पूर्ति गर्नुपर्दछ र शैक्षिक उद्योगको सर्वसाधारण निरीक्षण गर्नुपर्दछ। जिल्ला गौडाहरु र स्थानीय संप्रदायहरुले आफ्ना आफ्ना स्कूलको निमित्त ठूल्ठूलो व्यवस्थासम्बन्धी जबाफदेही बोक्नुपर्दछ।

पाँचौं, पथ-प्रदर्शनको रुपमा सर्वसाधारण नीति कायम हुनुपर्दछ र व्यवस्थाको निमित्त आधारको रुपमा कानून बनाउनुपर्दछ , भिन्न भिन्न मण्डल र उच्चतर अख्तियारवालाका नीति संपादन गर्न बोर्डहरु, प्रबन्धक समितिहरु र अरु मण्डलीहरुले कार्यकारी कर्मचारीहरुलाई काममा लाउनुपर्दछ। यी स्थापित नीतिहरुभित्र पर्ने निर्णयहरु कार्यकारी अफिसर वा उसले खटाएका प्रतिनिधिहरुले बनाउनुपर्दछ। निपुण र प्रभावकारी हिसाबले नीति प्रयोग गर्न नसकेमा संबन्धित कार्यकारी बदल्नुपर्दछ। यही सिद्धान्त हेडमास्टर र उनका शिक्षकहरु,

शिक्षक र उनका छात्रहरु, क्लासका सभापति र उनका सहपाठीहरुका बीचका संबन्धमा लगाउनुपर्दछ।

छैठौं, शिक्षकहरुलाई आफ्नो कामको उन्नति गर्न मद्दत दिनलाई प्रभावकारी निरीक्षणको योजना हुन्छ। बकस (उदाहरणार्थ महीनावारीमा थप) अथवा अनुशासन ( उदाहरणार्थ खप्की) को निमित्र उसलाई तौलने होइन। धेरै शिक्षकहरु इन्स्पेक्टर देख्दा डराउँछन् र एकै ठाउँमा काम गर्न लागेका धेरै छात्रहरु शिक्षक देख्ता डराउँदछन्। किनभने यो हाम्रो मद्दत गर्न आएको होइन, हाम्रो दोष देखाउन आएको हो भन्ने उनीहरुलाई थाहा छ। शिक्षकलाई सहायता दिने भन्ने मनसाय गरिएको मानिसको निमित्त इन्स्पेक्टर शब्द चुत्थो पदवी हो ।निरीक्षक भने अलिकति बेस हो। यसको नाउँ जेसुकै होस् उसको मुख्य काम खास सल्लाहकारको हो। शिक्षकको आफ्नै कार्यबाट आफ्ेनो तरक्की वा खारेजीमा असर पर्ने हुनाले उसको कामका मूल्यांकन गर्नमा हेडमास्टर नै जिम्मेदार छन्। निरीक्षण सफल तुल्याउने हो भने, तौलाइ र पथ-प्रदर्शन यी दुइ कार्यलाई बेग्लाबेग्लै राख्नुपर्दछ। हेडमास्टरले आफ्नो एउटा कार्यको रुपमा निरीक्षण गरे हुन्छ , तर उनले शिक्षकलाई खारेज गर्नुभन्दा उसलाई सप्रन मद्दत दिनु बढ्ता किफायत हुनेछ भन्ने मनमा लिनुपर्दछ र उसलाई सप्रन मद्दत दिने काममा आलोचना गर्नुभन्दा सहयता दिनु नै बढिया हुन्छ।

प्रजातान्त्रिक स्कूल प्रशासनभित्र रहेका सिद्धान्तहरुमध्ये केही यिनै मात्र हुन्। सरोकारी जति सबै तथा आफू रहेको दलको खैरस्वाही र इज्जतप्रति ध्यानको हकमा प्रजातान्त्रिक आचरण नै शायद सबभन्दा बढ्ता महत्वपूर्ण हो। विभिन्न व्यवस्थित उच्च कर्मचारीहरुको कर्तव्य र जिम्मेदारीको बारेमा हुने वादविवादले यही प्रजातान्त्रिक जोश निकाल्दछ।

**राष्ट्रिय तहमा व्यवस्था**

आयोगले प्रस्तावित गरेको शिक्षाको सर्वसाधरण व्यवस्था परिच्छेद ७ मा उल्लेख गरिएको छ। राष्ट्रिय तहमा व्यवस्थासंबन्धी नियन्त्रणको काम मंत्रिमण्डलले नियुक्त गरेको अथवा सभाले (अन्त्यमा जनताले) रोजेको राष्ट्रिय शिक्षा बोर्ड र शिक्षामंत्रीमा रहेको छ।

शिक्षा बोर्ड शिक्षासम्बन्धी निर्मित कानूनको घेराभित्र काम गर्ने नीति निर्माणक समूह हुनुपर्दछ। यसको बैठक नियमित रुपले हुनुपर्दछ , यसले राष्ट्रिय शिक्षाको बजेट र ठूल्ठूला नियुक्तिहरु स्वीकार गर्नुपर्दछ।

शिक्षामन्त्रीले बोर्डको अध्यक्ष बन्नु पर्दछ र यसको कार्यकारी अख्तियारवाला बनेर काम गर्नुपर्दछ। उनले व्यवसायी सल्लाह दिनुपर्दछ, ठूल्ठूला कार्यको निमित्त योग्य व्यक्तिहरु

मनोनीत गर्नुपर्दछ, स्वीकृतिको लागि बजेट तयार पार्नुपर्दछ, कामको नियमित रिपोर्ट बनाउनुपर्दछ , चालु गर्नको निमित्त नयाँ नयाँ नीतिहरु पेश गर्नुपर्दछ, बोर्डद्वारा सिफारिश गराउनलाई शिक्षासम्बन्धी निर्मित कानून ठीक पार्नुपर्दछ, सामान्य नेतृत्व दिनुपर्दछ र बोर्डले ठहऱ्याएको अरुअरु काम गर्नुपर्दछ।

शिक्षामन्त्रीप्रति प्रत्यक्ष उत्तरदायित्व भएको प्राथमिक, माध्यमिक, शिक्षक शिक्षा, व्यवस्था र खर्चको निमित्त एक जना शिक्षा सचिव र चार जना उपसचिव हुनुपर्दछ भन्ने सुझाउ आयोगले दिएको छ। यिनीहरु स्थायी, व्यवसायी रुपले नियुक्त भएका हुनुपर्दछ, राजनैतिक सौभाग्यको लहडमा परेका होइन। तिनीहरुको नियुक्ति मंत्रीको शिफारिशमा शिक्षा बोर्डद्वारा हुनुपर्दछ र तिनीहरुलाई राजनैतिक परिवर्तन भए बापत होइन कि उनीहरु आफैं अयोग्य भए मात्र खोसिने गरेर निरन्तरको बहाली दिनुपर्दछ। व्यवस्था अविच्छिन्न र प्रणालिवद्ध तुल्याउने जिम्मेदारी यिनै मानिसहरुमाथि पर्नेछ।

सचिव तथा उपसचिवहरुले बराबर बोर्डको सभामा उपस्थित हुनुपर्दछ। सचिव राम्ररी तालीम पाएको, अनुभवी, मुख्य व्यवसायी कार्यकारी कर्मचारी हुनुपर्दछ र उनी तथा उनका उपसचिवहरुले मुलुकको शैक्षिक प्रणालिमा माथिल्लो तहको नेतृत्व र निर्देशन दिनुपर्दछ। तिनीहरुले आफ्ना आफ्ना क्षेत्रमा उच्चतम तैनाथवालाको प्रतिनिधित्व गर्नुपर्दछ। धेरैलाई असर पर्ने कुराहरु अथवा शिक्षाको सबै रुपमा तिनीहरुले सहयोगात्मक किसिमबाट काम गर्नुपर्दछ, तर प्रत्येक उपसचिवले जिम्मेदारीको आफ्नो मनसाय गरिएको क्षेत्रसित सम्बन्धित कार्यलाई निर्देश गर्न र नीति प्रतिपादन गर्न आफ्नो विभागको संगठन गर्नुपर्दछ।

व्यवस्था र अर्थका उपसचिवलाई निम्नलिखित विषयहरुको कार्यमा निर्देश गर्न विभिन्न विभागका मुख्य व्यक्तिहरुको आवश्यकता पर्नेछः-

(क) बजेट र अर्थ मौज्दात बाँडफाँड र खर्च गर्ने तथा हरहिसाब राख्ने काम,
(ख) स्कूलघर, योजना बनाउने काम र संरक्षण,
(ग) अध्यापकहरुलाई प्रमाणपत्र दिने काम,
(घ) शिक्षकहरुको कल्याण, अकाश ग्रहणमा दिने मौज्दात, तलब स्केल,
(ङ) अनुसन्धान, सामञ्जस्य इत्यादि।

कहिले कहीं स्वतन्त्र रुपले काम गर्ने, यी पाँचजना व्यक्ति र तिनका सहकारीहरुले पाठ्यक्रमको योजना र विकाश गर्नमा नेतृत्व गर्नुपर्दछ। पाठ्यपुस्तक निकाल्नु पर्दछ। सामानहरु छान्न, तयार गर्न, उत्पादन गर्न र वितरण गर्ने काममा शैक्षिक सहायता आयोगलाई

मद्दत गर्नुपर्दछ। तथ्यावलीसम्बन्धी मानिएको वा जानिएको कुरा माग्नुपर्दछ र आवश्यक रिपोर्टहरु संकलन गर्नुपर्दछ। स्कूलहरुलाई केन्द्रीय निरीक्षण जुटाउनुपर्दछ। अनुसन्धानलाई निर्देशन र प्रोत्साहन दिनुपर्दछ। स्कूलको अर्थ लगाउनुपर्दछ र चाहिएका नयाँ कानून निर्माण गराउन खोज्नुपर्दछ। मुलुकको छेउछेउसम्म पुग्ने आधारमा शिक्षाको चाख अरु किसिमले बढाउनुपर्दछ।

शिक्षासचिवको समानान्तरमा र उच्च शिक्षाको उपसमितिको मातहतमा विश्वविद्यालयका उपकुलपति हुन्छन्। उनी सम्पूर्ण उच्च शिक्षाका मुख्य कार्यकारी अख्तियारवाला हुन्। उपसचिवहरुको समानानतरमा कलेजका प्रिन्सिपलहरु हुन्छन्। यी संस्थाहरुको कार्य निर्देशन यिनीहरुले नै गर्दछन्।

सचिवालयको तहमनि शिक्षाको हरेक प्रमुख क्षेत्रको निमित्त एक एकौटा निरीक्षक र आवश्यक परेमा विशेष निरीक्षक रहन्छन्। यिनीहरु अध्ययनको पाठ्यक्रम र पाठ्यावलीलाई बढाएर, शिक्षाको हरेक क्षेत्रमा कामको मूल्यांकन गर्ने नियमहरु बनाएर, आफआफ्ना क्षेत्रका जिल्ला गौंडाहरुमा साधारण निरीक्षण गरेर, यस्तै अरु कार्यद्वारा आफआफ्ना क्षेत्रका समान्य नेतृत्वको निम्ति जवाफदेही हुन्छन्। यिनीहरुले आफ्नो समयको तृतीयांशदेखि आधासम्म मुलुकभरीका स्कूलहरुको दौडाहा गर्नमा, शिक्षक सम्मेलनहरुमा सामेल हुनमा र पाठ्यक्रम, तरीका, सामग्री तथा व्यवसायी कार्यक्रममा अरु रुपहरुलाई उठाउनमा लगाउनुपर्दछ।

यी निरीक्षकहरु परम्परागत भावनाका इन्स्पेक्टरहरु होइनन् र कुनै पनि एक मात्र निरीक्षक एउटा स्कूल अथवा स्कूलहरुको समूहमा नियुक्त भएको हुँदैन भन्ने बुझ्नुपर्दछ। यिनीहरुको काम मुख्यतया नेतृत्व गर्ने हो, व्यवस्था नियन्त्रण गर्ने होइन। साधारण निरीक्षण विशेष निरीक्षकहरु अथवा सोझै उपसचिवको कार्यालयबाट गरे हुन्छ।

**जिल्ला गौंडाको तहमा व्यवस्था**

३२ वटा राजनैतिक जिल्ला गौंडाहरुमध्ये प्रत्येक जिल्ला गौंडामा शिक्षाको जिल्ला वा गौंडा बोर्ड हुनुपर्दछ। हाललाई त्यो बोर्ड जिल्ला वा गौंडाका बडाहाकिम, त्यस जिल्ला वा गौंडाका बासिन्दा सल्लाहकार सभाका सदस्यहरु र शिक्षामंत्रीद्वारा पाँच वर्षे म्यादका निमित्त नियुक्त गरिनुपर्दछ, तर अन्त्यमा जिल्ला गौंडाका जनताहरुद्वारा नै निर्वाचित हुनुपर्दछ। जिल्ला गौंडामा शिक्षासम्बन्धी कारवाईको निर्देशन गर्न जिल्ला गौंडाको शिक्षा बोर्डले एक जना सुयोग्य जिल्ला वा गौंडा लोक शिक्षा संचालकलाई शिक्षाको प्रमुख कार्यकारी अख्तियारवालाको रुपमा काम लगाउनुपर्दछ। जिल्ला वा गौंडा बोर्ड र जिल्ला वा गौंडा लोक

शिक्षा संचालकले उच्च अधिकारीको नीति तथा हदभित्र रहेर नीतिको तर्जुमा र विकाश , स्कूलहरुको व्यवस्था, नयाँ स्कूलहरुको स्थापना, जिल्ला वा गौंडाको शिक्षासम्बन्धी मौज्दातको बजेट बनाउने र बाँडफाँड गर्ने काम, शिक्षकहरु प्राप्त गर्न सहायता दिने र आवश्यक परेमा पढाइसम्बन्धी विशेष प्रमाणपत्र दिने, काम, लेख प्रमाण र रिपोर्टहरुको निमित्त मानिएको वा जानिएको प्रमाण संग्रह गरी शिक्षण मण्डलको गठन गर्नुपर्दछ। संभव भएसम्म सबै तरीकामा स्थानीय शैक्षिक मण्डलीहरुलाई सहायता गर्नुपर्दछ।

हरेक जिल्ला गौंडाका कार्यालयले आवश्यकताअनुसार यस्ता सहकारीहरु भर्ना गर्नुपर्दछ, प्राथमिक शिक्षा र त्यस जिल्ला वा गौंडामा धैरै हाइ स्कूल छन् भने माद्यमिक शिक्षाको निमित्त कमसेकम एउटा सर्वसाधारण नायव संचालक वा निरीक्षक। यी कार्यालयहरु, जिल्ला वा गौंडाका बोर्डहरु र तिनीहरुका कार्यकारी कर्मचारीहरुले आफ्ना आफ्ना जिल्ला वा गौंडामा शिक्षा सम्बन्धी प्रेरणा र नेतृत्व दिनुपर्दछ।

नेपालमा यातायातको सुविधाको निकै प्रगति नभएसम्म जिल्ला गौंडाहरुको पाहिक हेरी अहिलेको समूह बाँड्ने  कामलाई जारी राख्नु आवश्यक पर्नेछ, किनभने केन्द्रीय शिक्षामन्त्रालयका कैयन् कर्मचारीहरुसँग जिल्ला गौंडाका मुख्य कार्यकारी कमयचारीहरुको बराबर (कमसेकम हरेक २ वा ३ महिनामा एक पटक ) सभा हुनुपर्दछ। त्यसैले राष्ट्रिय सभाभन्दा पाहिक परेका स्थानहरुको सभा हुनु धैरै सजिलो ठहरिनेछ।

**स्थानीय तहमा व्यवस्था**

प्रजातन्त्रमा शिक्षाको सफलताको मूलमंत्र स्थानीय स्कूलको बन्दोबस्त र व्यवस्था हो। शैक्षिक उद्देश्यको निमित्त हरेक सहर र ठूलो गाउँ वा गाउँहरुको समूहलाई एउटै एकांशको रुपमा बन्दोबस्त गर्नुपर्दछ। हरेक सहर वा समुदायको उपरमा सबै सरकारी स्कूलहरु र सरकारी स्वीकृति चाहने अरुहरुलाई समेत प्रतिनिधित्व गर्ने एउटा शिक्षाको स्थानीय बोर्ड हुनुपर्दछ। हालसाललाई यी स्थानीय बोर्डहरुका सदस्यहरुलाई पंचायत , अनेक गाउँहरुका मुखियाहरु र बडाहाकिम अथवा संभव भएसम्म प्रजातान्त्रिक अरु तरीकाद्वारा छान्नुपर्दछ, पछिबाट तिनीहरुलाई जनताले छान्नुपर्दछ। जसले छाने पनि तिनीहरु पाँच वर्षसम्म कायम रहनुपर्दछ।

यस बोर्डको काम, स्कूलका योग्य स्थानीय सुपरिन्टेण्डेन्ट वा समुदायसम्बन्धी लोक शिक्षा संचालक छान्नुपर्दछ। बोर्डले शैक्षिकरुपबाट सेवा गरिने क्षेत्रका हद कायम गर्नु, त्यस क्षेत्रमा स्कूलहरु स्थापना गर्नु, आफ्ना कार्यकारी कर्मचारीहरुद्वारा हरेक किसिमले शिक्षालाई निर्देश र नियन्त्रण गर्नु, स्कूल चलाउनको निमित्त चन्दा निर्धारित र जम्मा गर्नु, सुपरिन्टेण्डेन्टको

सिफारिशमा शिक्षकहरु भर्ना गर्नु, आवश्यकताअनुसार मौज्दातको बजेट बनाउनु र खर्च गर्नुपर्दछ।

स्कूलका सुपरिन्टेण्डेन्टले यी नीतिहरु चलाउने , आफ्नो निरीक्षणमा हरेक स्कूलको निमित्त योग्य हेडमास्टर तथा शिक्षकहरु छान्ने, तलबकको क्रम मिलाउने, बोर्डको सचिव रुपमा काम गर्ने, शैक्षिक नेतृत्व दिने र समुदायको शैक्षिक कल्याणलाई निर्देशन गर्ने काम गर्नुपर्दछ।

उच्चतर अख्तियारवालाहरुमा खास गरी नसुम्पिएको अथवा स्थानीय शिक्षाको बोर्डलाई खासरुपले नदिएको सबै व्यवस्थासम्बन्धी कार्य यसको मातहतमा रहनुपर्दछ। शिक्षाको लागि अगुवा हुने काम समुदायबाट आउनुपर्दछ। जिल्ला गौंडा र केन्द्रीय गुमस्ताहरुको काम स्थानीय अगुवापनलाई सहायता दिएर प्रोत्साहन दिनु हो।

ठूल्ठूला सहरहरु वा क्षेत्रहरुमा उही बोर्डमनि कैयन् प्राथमिक स्कूल र हाइ स्कूलहरु हुन सक्तछन्। एउटै सहर वा क्षेत्रमा आम जनताको कानूनी अख्तियारमनि हरेक स्कूलको निमित्त प्रवन्ध समिति वा बोर्डको अस्तित्व खुल्लमखुल्ला रोकिनुपर्दछ।

ठूल्ठूला स्थानीय प्रणालिमा सुपरिन्टेण्डेन्टलाई गप व्यवसायी मद्दतगारको रुपमा साधारण निरीक्षणको आवश्यकता हुन सक्तछ, तर स्कूलका हेडमास्टरहरुले सहकारी व्यवस्थापक कर्मचारीको रुपमा काम गर्नुपर्दछ।

**स्कूलको तहमा व्यवस्था**

हेडमास्टर नै स्कूलको उत्साह वा हतोत्साह, सफलता वा विफलताको मूल कारण हुन्। निजको मुख्य कार्यको प्रकृतिले नै यस्तो पारेको हो। स्थानीय बोर्डको कार्यकारी कर्मचारीको रुपमा सफलतापूर्ण स्कूल बनाउने हिसाबले त्यस स्कूललाई व्यवस्था गर्ने र नीति चलाउने भार उनलाई सुम्पनुपर्दछ।

नियुक्ति र खारेजीको निमित्त शिक्षकहरुको शिफारिस उनले गर्दछन्, त्यसैले प्रथमतः उनीहरुको योग्यताको लागि वा असल शिक्षक हुने विषयमा उनीहरुको प्रगतिको निमित्त उनले जिम्मेदारी लिनुपर्दछ। प्रगति हुने छाँट नदेखे उनले त्यस शिक्षकलाई खारेज गर्ने शिफारिस गर्नुपर्दछ। यो कार्य सम्पादन गर्दा हेडमास्टरले साँच्चिकै असल निरीक्षक हुनुपर्दछ, किनभने शिक्षकलाई खारेज गर्नुभन्दा उसलाई प्रगति गर्न मद्दत दिनु बढ्ता प्रभावकारी र किफायत हुन्छ। स्कूलभरी नै शिक्षा दिने काम असल छ भने हेडमास्टरले गौरव मान्न र केही यश लिन पाउँछन्।

हेडमास्टरले निरन्तर प्रोत्साहन दिनुपर्दछ। शिक्षकहरुलाई आफआफ्ना समस्या हल गर्न मद्दत दिने, साधारण पाठ्यक्रम सपार्नमा उनीहरुलाई बाटो देखाउने, विधिहरु प्रदर्शन गर्ने, नयाँ सामानहरु प्राप्त गर्न उनीहरुलाई भरथेक गर्ने, भ्रमण गर्नमा सहायता दिने र अरु धेरै तरिकामा अविच्छिन्न व्यवसायी नेतृत्व दिने काम गर्नुपर्दछ। एक अर्थमा , उनी व्यवसायी खवर पुर्‍याउने अर्दली , दुःख हटाउने व्यक्ति हुन्। उनको ठूलो काम शिक्षकका् निमित्त सुगम पारिदिने र त्यसरी बढ्ता प्रभावकारी परिणाम प्राप्त गर्ने हो।

हेडमास्टरले स्कूलको व्यवस्था चलाउन सहायता दिनलाई समूहको रुपमा समितिको रुपमा आफ्ना शिक्षकहरुलाई संगठित गर्नुपर्दछ। विद्यार्थीहरुले पनि आफ्नो सामर्थ्यले भेटेसम्म सहायता गर्नुपर्दछ। एउटा आमाबाबु -शिक्षक- संस्था हरेक स्कूलको निमित्त व्यवस्था गर्नुपर्दछ, त्यसो गर्नाले त्यस स्कूलको विकाश र व्यस्थामा शिक्षासित सम्बन्ध भएका सबै जनाले सम्मिलित रुपले भाग लिन सक्तछन्। आफआफ्नो सामर्थ्य र चाख अनुसार हरेक जनाले उत्तरदायित्वमा भाग लिनुपर्दछ।

हेडमास्टरका माथि लेखिएका भन्दा मामूली कामहरुमध्ये यी हन्ः- उनले जिन्सी माल र सरसामान जुटाएको छ  छैन, फिरिस्त बनाएको छ छैन, आवश्यकता परेमा थप शिक्षकहरु ल्याइएका छन् छैनन्, घर तथा जमीनहरु सफा राखिएका छन् छैनन्, भइपरी आउँदा तुरुन्त गरिने चिकित्साको बन्दोवस्त छ छैन र असल स्कूलमा परिआउने अरु धेरै आवश्यक कुरा छ छैन हेर्ने।

शिक्षकले आफूमा समेत व्यवस्थासम्बन्धी जिम्मेदारी छ भन्ने बुझ्नुपर्दछ। पहिलो कुरा, उनले स्कूलको व्यवस्था र हेडमास्टरले हल गर्नुर्ने समस्या बुझ्नुपर्दछ, त्यसो गर्नाले उनले हेडमास्टरलाई दिलोज्यानसँगको समर्थन दिन र केटाकेटीहरुको निम्ति आनन्दको सफलतापूर्ण वातावरण भएको स्कूल तुल्याउनलाई  सहयोगपूर्ण हिसाबले मद्दत गर्न सक्तछन्। उनले आफ्नो रिपोर्ट तुरुन्तै प्राप्त गर्ने, आफ्नो पाठको र पाठ्यक्रमको योजना हाँसीखुशी पेश गर्ने, अपर्झट परिआउँदा बाहेक काममा व्यस्त भएका हेडमास्टरमा भर नपरेर आफ्नो क्लासको प्रवन्ध गर्ने, प्रजातान्त्रिक शिक्षाको निमित्त आफ्ना चेलाहरुको व्यवस्था गर्ने काम गर्नुपर्दछ।

फेरि  एकपटक यस कुरालाई जोड दिनुपर्दछ। स्कूलको व्यवस्था शिक्षा दिने विधिमा सबै जनालाई मुछ्ने सहयोगबाट हुने कार्य हो। एक जना मान्छेले स्कूल व्यवस्थालाई सफल पार्न सक्तैन, तर एक जनाले यसलाई विफल पार्न सक्तछ। व्यवस्थाका कार्यलाई पूर्णरुपले संपादित गर्ने हो भने उचित जोश हुनुपर्दछ।

**शिक्षकको कल्याण**

हेडमास्टर र स्थानीय प्रबन्ध समितिमा शिक्षकहरुको सर्वसाधारण कल्याण गर्ने ठूलो अभिभारा रहन्छ। सुखी शिक्षक मात्र असल शिक्षक हुन सक्तछन्। सन्तोषजनक वासस्थान प्राप्त गर्न हरेक शिक्षकले परस्परलाई मद्दत दिन प्रयत्न गर्नुपर्दछ। हरेक शिक्षकको मनमा म स्वागत गरिएको छु, म गाउँलेहरुमध्येको हुँ, म आदर गरिएको छु र मेरो चाहना छ भन्ने पर्नुपर्दछ, साथसाथै उनको आन्तरिक जीवनको आदर हुनुपर्दछ र उसको स्वास्थ्यको ख्याल गरेर तथा पढाउने  कुरा उनको मुख्य दायित्व हो भन्ने कुरालाई संझेर उसको समयलाई बाँडफाँड गरी मिलाउनुपर्दछ।

१२ परिच्छेदमा एउटा बलियो शिक्षक संघ, सुहाउँदो तलबको स्केल र अरु सुविधा तथा नीतिशास्त्रको नियमको विकाश गर्नुपर्दछ भन्ने आयोगले राय दिएको छ। व्यवस्थापकले यी कुराहरु विकाश गर्नमा शिक्षकहरुलाई प्रोत्साहन र सहायता दिनुपर्छ किनभने तिनीहरुले नै आफ्नो मातहतमा रहेका कर्मचारीवर्गलाई बलियो पार्नेछन्। एउटै साझा लक्ष्यतिर काम गर्ने शिक्षकहरु, व्यवस्थापकहरु र प्रबन्ध समितिका सदस्यहरु सबै उही मंडलीका हुन्। तिनीहरुको संबन्ध सहयोगद्वारा प्रभावित हुनुपर्दछ।

**व्यवस्था सम्बन्धी नियम**

सन् १९५३ मा शिक्षामन्त्रालयले शैक्षिक नियम तयार पारेर व्यवस्थासंबन्धी अधिकारीहरुको निमित्त पथ-प्रदर्शनको रुपमा त्यसलाई प्रकाशित गरेको थियो। यो नियम त्यस बखतको व्यवस्था संबन्धी संगठनमा आधारित थियो। सातौं परिच्छेद र यस परिच्छेदमा दिइएका आयोगका सुझाउहरु मान्ने हो भने प्रजातान्त्रिक परिपाटिमा नियमको संशोधन हुनुपर्दछ र यो जस्तो सर्वसाधारण रिपोर्टमा गाभ्न नहुने गरी ज्यादै विवरण भएका धेरै विषयहरुमा समेत बाटो देखाउनलाई विस्तृत पारिनुपर्दछ। आवश्यक परेमा निश्चित नियम र अरु अवस्थामा सुझाउ, यी दुवै कुराबाट यस नियमले सबै आवश्यक कुराहरुलाई ढाक्नुपर्दछ।

नयाँ नियम विभिन्न रुपमा काम गरिरहेका समितिहरुका  समूहद्वारा बनाइनुपर्दछ भन्ने सुझाउ दिइन्छ। अनि यसलाई अझ स्थायी रुपमा निकाल्नुभन्दा अगाडि एक दुइ वर्ष जाँची हेर्नाको निम्ति परीक्षात्मक रुपमा निकाल्नुपर्दछ। हुन सक्तछ भने , निर्देशात्मक नियन्त्रणभन्दा यसले बाटो देखाउने र सुझाउ दिने काम गर्नुपर्दछ।

**सारांश**

यस परिच्छेदमा आयोगले यी सुझाउ दिएको छ : -

(१) हामी हाम्रा नवयुवकहरुमा प्रजातान्त्रिक आदर्श बढाउने आशा राख्दछौं भने नेपालमा स्कूल व्यवस्था र निरीक्षणले प्रजातान्त्रिक प्रयोगको राम्रो दृष्टान्त दर्शाउनुपर्दछ।

(२) प्रजातान्त्रिक स्कूल व्यवस्थाः-

(क) विद्याको निमित्त संभव भएसम्म उत्तम वातावरण पैदा गर्ने उद्देश्य राख्तछ।

(ख) शैक्षिक विधिसित संबन्ध भएका सबै जनाको उत्तम प्रयत्न लगाउने हुनाले सहयोगी छ।

(ग) भाग लगाइएको उत्तरदायित्व चाहन्छ।

(घ) संभब भएसम्म विकेन्द्रीकरण हुनुपर्दछ।

(ङ) योग्य व्यवस्थापकहरुले ठहराएका सर्वसाधारण नीतिद्वारा शासित हुनुपर्दछ।

(च) समालोचनात्मक निरीक्षण वा अनुशासन गर्ने होइन, सहायतापूर्ण रचनात्मक रेखदेखको सुझाउ दिन्छ।

शिक्षाका बोर्डहरु राष्ट्रिय, जिल्ला गौंडासम्बन्धी र स्थानीय तीनै तहमा नीति निर्माण गर्ने मण्डली हुनुपर्दछ, कार्यकारी समिति होइन।

सचिवहरु, उपसचिवहरु, जिल्ला गौंडाका लोक शिक्षा संचालक र स्कूलहरुका स्थानीय सुपरिन्टेण्डेन्टहरु बोर्डका नीति चलाउने र आफूसँग काम गर्नेहरुलाई शिक्षासंबन्धी नेतृत्व दिने हुनुपर्दछ।

शिक्षकहरु, विद्यार्थीहरु र आमाबाबुहरुले स्कूल व्यवस्थाका समस्याहरु बुझ्नु पर्दछ र आफआफ्ना तहमा व्यवस्थासंबन्धी कार्यमा भाग लिनुपर्दछ।

आयोगबाट प्रस्तावित भएको संगठनका नयाँ योजनाहरुसित मिल्न शैक्षिक नियमले आधुनकि प्रजातान्त्रिक परिपाटीमा शैक्षिक नियम संशोधित हुनुपर्दछ।

# परिच्छेद १५

# शिक्षानिमित्त अर्थ प्रबन्ध

**प्राक्कथन**

राष्ट्रिय शिक्षा पद्धतिअनुसार हुनुपर्ने शिक्षाको लक्षण र कित्ता, विभिन्न खण्डहरुमा क्रमोन्नति, अन्तिम लक्ष्य र त्यसको निर्देशनलाई चाहिने प्रबन्धकीय रचना इत्यादि विषयमा अघिल्ला परिच्छेदहरुमा वहस भइसकेको छ। भूतकालमा धेरै वा थोरै मात्रामा भाग्यमानी र विशेषधिकार प्राप्त थोरै व्यक्तिहरुको मात्र एकलौटी हक भएको शिक्षा अब राज्यभित्र हरेक व्यक्तिको निर्विवाद अधिकार र दावारहित हकको रुपमा दान गरिएको छ। प्रजातन्त्रमा शिक्षाको यो अधिकारलाई कोही ललकार्न सक्तैन। अब यो प्रजातन्त्रमा भाग लिने तुल्याउन हाम्रा केटाकेटीहरुलाई स्वाधीनता, जिम्मेदारी र सहयोगको शिक्षा दिनुपर्छ। यसको अस्वीकारमा प्रजातन्त्रको नाश र राजनैतिक कलहमा अधःपतन हुनेछ। यसकारण शिक्षा हाम्रो जीवनको प्रश्न छ र हाम्रो अस्तित्व राख्न हामीहरुले यसलाई हासील गर्नैपर्छ।

तर हाम्रा धेरै जनता शुरुमा यस्तो नयाँ उज्वल प्रभातको सम्भावना र यी सारा राम्रा सुझाउहरुलाई कार्यरुपमा राख्ने हाम्रो सामर्थ्यमा अवश्य पनि सन्देह गर्नेछन्। यी सब काम गर्न सरकारसित पैसा छैन ।नत्र भने मुलुकमा शिक्षाको बर्तमान दीन दशा अवश्य सुध्रने थियो भन्ने ज्यादै मामूली तर्क हुनेछ। उनीहरु शिक्षाको विषयमा अरु मुलुकहरुका अघिल्ला विवरणहरु जस्तै यो रिपोर्टलाई पनि थन्किने र पैसा तथा शक्तिको दोषपूर्ण व्यय ठान्नेछन्। वास्तवमा थैलोका प्रबन्ध हुन सकेन भने यी सारा उत्तम सल्लाहहरु हेर्नलाई मात्र राम्रा रहलान्। यसकारण शिक्षाको अर्थीय प्रबन्धको यो कठिन विषयमा ा बडो होस र बुद्धिमानीसित प्रवेश गर्नु परमावश्यक छ।

हरेक व्यक्तिले सम्झनुपर्ने पहिला र महत्वको कुरा यो छ कि प्रजातन्त्रमा शिक्षाको मूल सिद्धान्त शिक्षाको अधिकार हासिल गर्न र कायम राख्न आर्थिक सहायता गर्नुपर्ने हाम्रो मौलिक कर्तव्यसित उत्तिकै सम्बन्धित छ। राज्यले शिक्षाको अलप प्रबन्ध गर्दा खर्च धेरै थिएन किनभने यो थोरै भाग्यमानीहरुलाई मात्र प्राप्य थियो। यसकारण साधारण प्रजाले शिक्षाको महत्व बुझेदेखि आफ्ना प्रजातान्त्रिक अधिकारका निम्ति जागृत हुन्छन् भन्ने डरले शिक्षाको निम्ति खर्चको हिस्सा मागिएन। तर अब हामीहरुले हाम्रो दृटिकोण बदलेर योजनालाई संशोधन गर्नुपर्ने समय आएको छ। शिक्षामा सरकारको थोरै खर्चको नीति कायम रहिरह्यो भने हाम्रो पवित्र उद्देश्यलाई अवश्य पनि खतडामा पार्नेछ। किनभने हामीहरु त्यो सिद्धान्तमा यी

सारा नयाँ तर्जुमाहरुलाई कार्यान्वित गर्न सक्तैनौं। राज्यले मात्र शिक्षाको सारा खर्च बेहोर्न सक्तैन, तसर्थ यसको सफलता हाम्रो साँच्चिकै लक्ष्य हो भने जनताले सघाउन अगि सर्नुपर्छ। प्रत्येक नागरिकले उसका आफ्ना केटाकेटी पाठशालामा जान्छन् जाँदैनन् त्यसको लेखा नगरी, पढाइ शुल्कदेखि बेग्लै शिषाको लागि आफ्नो दामासाही भाग अर्पण गर्नैपर्छ। जनताले राम्ररी बुझ्नुअगाडि केही व्यक्तिहरुबाट यो कुराको गलत व्याख्या र बेठीकसँग दर्शाइने पूरा सम्भावना छ, यो कुरा बुझ्नु अवश्य केही समय लाग्न सक्छ, तर हामीहरु हरेकले यसलाई राम्ररी र स्पष्टसित बुझ्नैपर्छ, किनभने प्रजातन्त्रमा यो क्षेत्रमा सरकारसित जनताको सहयोगले ठूलो र ज्यादै प्रभावशाली असर पार्छ।

अमेरिका, जापान र अरु प्रजातान्त्रिक मुलुकहरुमा निःशुल्क र अनिवार्य शिक्षा जनताबाट सहायित छ, यो सम्झनुपर्ने कुरा छ। दृष्टान्तको लागि, जापानमा प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य छ, तर ९७ प्रतिशत खर्च आमाबाबुबाट थेगिएको छ। शिक्षामो छिटो अगाडि बढेका अरु उन्नत मुलुकहरु वा अमेरिकामा पनि यही कुरा छ। अ्कझ अमेरिकामा त शुरु शुरुमा शिक्षालयहरु स्थानीय प्रयन्तबाट खुलेका थिए , राष्ट्रिय वा राजकीय नभएर धैरै फैलिएपछि मात्र राज्यव्यापी आधारमा शिक्षाको प्रबन्ध गरिएको थियो। आज पनि राष्ट्रिय सरकार अनुसन्धान र खास कार्यक्रमको पोषक रुपबाट शिक्षामा सानो हिस्सा मात्र लिन्छ। धैरै राज्यहरु नेतृत्व र सुहाउँदो आर्थिक सहायता दिन्छन्, तर चन्दाको ठूलो भाग र शिक्षालयहरुको प्रबन्धकीय नियन्त्रण स्थानीय जनताहरु जुटाउँछन्।

इन्तिजाम गरिएका र नगरिएका कार्यक्रमको भिन्नता अर्को बुझ्नुपर्ने कुरा छ। भूतकालमा हाम्रो शैक्षिक कार्यक्रम धैरै अंशमा तर्जुमा नगरिएको थियो र यसका परिणामा थिए शक्ति र पैसाको दुरुपयोग, आदर्शहरुको विभिन्नता र लक्ष्यप्राप्तिमा विफलता। हामीले पाएका थोरै आर्थिक साधनहरुको पनि सदुपयोग हुँदैनथ्यो। एकपल्ट शिक्षाको तर्जुमा भएपछि, यो नपुृग बजेट हातमा भएर पनि तथा चाहेजतिभन्दा थोरै भए पनि अहिले पाइने सारा साधनहरुबाट राम्रो परिणाम हासिल गर्न सकिन्छ। इन्तिजाम गरिएको खेती जस्तै तर्जुमायुक्त शिक्षापद्धतिले जनतालाई बढ्ता साधनपूर्ण, बढ्ता चंख र बढ्ता सहायता दिन सक्ने अवस्थामा पुऱ्याउँछ।

आयोग शिक्षाका निम्ति खर्च पुऱ्याउने उपायहरुका खोजीको महत्वलाई राम्ररी बुझेर यो परिच्छेदमा केही सुझाउहरु प्रस्तुत गर्दछ। हाम्रा सारा संस्थाहरु-शासन, स्वास्थ्य, शिक्षा, इत्यादि-लाई खर्च पुऱ्याउनु आज हाम्रो राज्यको सामुन्ने रहेका मुख्य कामहरुमध्येको एउटा हो , यसलाई केही गरेर अस्वीकार गर्न सकिंदैन। साहस र फूर्तिसित यो समस्याको सामना गर्न

असफल भयौं भने यसले हाम्रा जनतामा प्रजातन्त्र स्थापना गर्ने हाम्रो साहसिलो प्रयत्नलाई नाश पार्दछ। शिक्षाका निम्ति अर्थ प्रबन्धको सुझाउहरुले पैसाको प्रबन्ध गर्नुपर्ने अरु खर्च बुझ्दैनन् भने तिनीहरुको केही महत्व हुँदैन। कुनै अरुतिर बढ्ता स्वार्थ रहेकाहरुबाट हाम्रा विचारहरु लुटिन समेत सक्छ। अर्थ, शैक्षिक वा अरु किसिमको होस्, सहयोगपूर्वक अनुसन्धान र कार्यान्वित गर्नुपर्ने एक संयुक्त कार्य हो।

**शिक्षाको लागि आम्दानीका बर्तमान मुहानहरु**

हुनत तेस्रो परिच्छेदमा शिक्षाका निम्ति आर्थिक सहायताका बर्तमान मुहानहरुको छोट्करीमा उल्लेख भइसकेको छ तापनि कायम राख्ने सहायताको सम्बन्धबाट तिनको परिमाण निश्चित गर्न सिंहावलोकन गर्नुपर्छ।

पहिला सरकारबाट खडा गरिएका सारा पाठशाला, महाविद्यालय र व्यावसायिक शिक्षण संस्थाहरुलाई केन्द्रीय सरकार सम्पूर्ण आर्थिक सहारा जुटाउँछ। यी संस्थाहरुमा आफ्ना केटाकेटीहरुको शिक्षानिमित्त न त आमाबाबु अथवा संरक्षकहरुले केही तिर्नुपर्छ, न विद्यार्थीहरुबाट पढाइ शुल्क, न कुनै प्रयोगशाला वा प्रबन्ध खर्च मागिन्छ , वास्तवमा विशिष्ट कला व्यावसायिक शिक्षालय र संस्कृत पाठशाला तथा महाविद्यालयहरुमा विद्यार्थीहरुलाई मो.रु. ५ देखि ३० सम्मको मासिक छात्रवृत्ति प्रदान गरिन्छ।

शैक्षिक प्रबन्धलाई चाहिने सारा खर्च पनि सरकार नै बेहोर्दछ। यसमा शिक्षामन्त्रालय, डिरेक्टर अफिस, निरीक्षक समूह र स्वास्थ्यधिकारीहरु सम्मिलित छन्।

स्नातकोपरान्त (Post Graduate) र उच्चतर कला विषयक र व्यावसायिक क्षेत्रमा विदेशी मुलुकहरुमा हाम्रा केही युवाहरुको तालिम खर्च पनि सरकारले पुऱ्याउँछ। यस शिक्षाका निम्ति यहाँ कुनै सुविधाहरु नभएको हुनाले हामीहरुले हाम्रा युवाहरुलाई भारत र कुनै कुनै अवस्थामा समुद्रपारका मुलुकहरुमा समेत पठाउनुपर्छ। गत २-३ वर्षको बीचमा हामीहरुलाई कोलम्बो योजना, संयुक्त राज्य कार्यकारी मण्डल (USOM) र संयुक्त राष्ट्र शैक्षिक, सामाजिक र सांस्कृतिक संघ (UNESCO) अन्तर्गतका प्रशस्त छात्रवृत्तिहरु प्राप्य भएका छन्।

पहिले शिक्षक शिक्षणको निम्तिका सारा खर्च सरकारी कोषबाट भरिन्थ्यो। तर अहिलेको राष्ट्रिय शिक्षक शिक्षण केन्द्र नेपाल सरकार र संयुक्त राज्य कार्यकारी मण्डलको संयुक्त शैक्षिक योजना अन्तर्गत चालु भइरहेछ।

ने.भा.प्र. समिति नामको एउटा बेग्लै सरकारी संस्था छ , यसको रेखदेख र संचालनमा सरकार अधिकांश पाठ्यपुस्तकहरुका प्रकाशनको प्रबन्ध गर्दछ। ती प्रकाशनहरु सुलभ मोलमा

विद्यार्थी र जनतालाई विक्री गरिन्छन्। तर अर्थाभावले गर्दा यी पुस्तकहरु जनताको माग पूर्ति गर्न पर्याप्त छैनन्।

यस अतिरिक्त, सरकारले केही शिक्षालयहरुलाई विशेष दानको रुपमा आंशिक सहारा दिएको छ। विद्यालयका निरीक्षकहरु र लोक शिक्षा संचालकका सिफारिशमा निजी तौरमा स्थापित र व्यवस्थित प्रारम्भिकदेखि महाविद्यालयका तहसम्मका शैक्षिक संस्थाहरुलाई यो सहायता प्राप्य छ। वार्षिक रु ३०० देखि ९००० सम्मका विभिन्न रकमको यो सहायता-दान अवरोधहरुमा दिइन्छन्। विद्यालय निरीक्षक वा यही कामलाई मनोनीति जुनसुकै व्यक्तिबाट जाँच हुने शर्तमा सरोकारी संस्थाहरुको प्रबन्ध समिति उचित सम्झेअनुसार यो पैसा खर्च गर्न सक्छ।

पछिल्लो शासन समयमा स्थापना भएका कुनै कुनै निजायती शिक्षालयहरुमा प्रधानाध्यापक र एउटा सहायक कर्मचारी सरकारबाट भर्ना गरिन्थे र संस्थाले पाउने सहायता-दानको रकमबाट तिनीहरुको तलब दिइन्थ्यो। यसबाहेक यस्ता शिक्षालयहरुले संचालन खर्चको रुपमा रु ५०० देखि ६०० सम्मको सानो सालबसाली रकमसमेत पाउने गर्थे। शिक्षालयहरु पढाइ शुल्क र दानहरुबाट बाँकी खर्च उठाउँथे।

नेपाली भाषा प्रचारक संघ, संगीत विद्यालय जस्ता राष्ट्रभाषाको प्रचार र प्रसारसित सम्बन्धित संस्था र सांस्कृतिक कुराहरु र कुनै कुनै आवासयुक्त विद्यालयहरुसमेत सहायता-दानको शर्तमा सरकारबाट आश्रित छन्।

पाठशाला घरका निम्ति जग्गाको आर्जन, खेलका मैदान, पुस्तकालयलाई पुस्तकहरु, शिल्प साधन इत्यादि अनावर्तक खर्चका निम्तिसमेत सरकारी सहायता-दान प्राप्य छन्।

दोस्रो, केही स्कूल र पाठशालाहरुलाई व्यक्तिगत दान र उपहारबाट खर्च प्राप्य छ। प्रत्येक गाउँमा धेरैजसो एउटा धनी मानिसले आफ्ना केटाकेटीहरु पढाउन एक पाठशालाको प्रबन्ध गर्छ र त्यसमा छिमेकीका केटाकेटीहरुलाई पनि पढ्न दिन्छ। यस्तो पाठशालाले उसको आफ्नै धनबाट खर्च पाएको हुन्छ, तर कुनै कुनै ठाउँमा कुनै जग्गाका टुक्राको आयस्ता पनि पाठशालाको निम्ति दिइएको छ। धेरैजसो यस्ता दानहरु नियमित छैनन्, यसकारणले आम्दानीको सूत्रमा केही गडबडी उठ्दा पाठशालाको अस्तित्व हराउने सम्भव रहन्छ।

तेस्रो, अति प्राचीन कालदेखि नै जनहित कार्यका निम्ति धार्मिक र उपकारी दान गर्ने हाम्रो चलन छ। यिनीहरु साधारणतः गूठी र मठ कहिन्छन्। प्रायः जग्गाका टुक्रा कहिले कहीं नगद चन्दा शिक्षाको उद्देशयले सरकार वा निजी गूठियारहरुको जिम्मामा राखिएको हुन्छ। यी मुहानबाट आउने शुद्ध आम्दानी केही स्कूल र पाठशालाहरु चलाउन प्राप्य छ।

चौथो, प्रजातान्त्रिक पद्धति खडा भएपछि अस्तित्वमा आएका अधिकांश शिक्षालयहरुको खर्च गैरसरकारी प्रबन्धमा बहुसंख्यक जनताबाट संग्रह गरिएका साना साना दानहरुबाट चलिरहेछ। यसरी संग्रह गरिएको रकम शिक्षालयको खर्चलाई पुग्दो कहिल्यै हुँदैन, यसकारण अधिकांश शिक्षालयहरुका न ठीक्कको घर, न साजसजावट र न योग्य शिक्षकहरु नै छन्। नपुग जति संग्रह गरिएको पढाइ शुल्कबाट पुग्दछ।

पाँचौ, सरकारी खर्चबाट चलिरहेकाहरुबाहेक अरु सारा शिक्षालयहरुमा पढाइ शुल्क लिइन्छ। निश्चित कक्षाहरुका निम्ति दर तोकेको सरकारको परिपत्र छ तापनि दर र त्यसका संग्रहको उपाय ठाउँ ठाउँमा बेग्लाबेग्लै छ। तराई र पहाड खण्डमा भर्ना भएका भिन्नाभिन्नै कक्षाको विचार नराखी विद्यार्थीहरुमा एउटै दर लगाइएको छ। अरु ठाउँहरुमा पढाइ शुल्कको रुपमा जिन्सी पनि लिइएको छ, यो तलब वा भत्ताको अंशरुपमा शिक्षकलाई दिइन्छ। तर जिन्सी वा नगदी जुनसुकै प्रकारमा होस्, पढाइ शुल्क मत्र स्कूलको आवश्यक खर्च पुऱ्याउन पर्याप्त छैन।

पंचायत ऐनअनुसार सरकारबाट नगरपालिका र पंचायतहरुले पाएका अधिकारबाट प्राप्त हुने रकम आम्दानीको छैटौं मुहान भएर पनि उपयोग गरिएको छैन। यस ऐनले तिनीहरु आफ्नो अधिकार क्षेत्रभित्र मालपोतमा शैक्षिक कर लगाउन सक्छन्। करको दर फरक फरक हुन सक्छ, तर मालपोतको ५ प्रतिशत भन्दा बढी हुन हुँदैन। कुनै कारणबश सरकारले ऐनको यस दफालाई रोकिएको छ, तसर्थ यो चालू हुन सकेको छैन।

परन्तु आयोगबाट आयोजन हुन लागेको राष्ट्रिय पद्धतिको खर्चलाई प्रशस्त रकम चाहिन्छ र अहिले कायम रहेका आम्दानीका साधनहरु वास्तविक आवश्यकताको एक क्षुद्र खण्डभन्दा बढ्ता हुँदैनन्।

**भविष्यमा शिक्षाको खर्च**

नेपालमा शिक्षाको खर्च भविष्यमा अनेकौं विभिन्नताले युक्त छ, यसकारण त्यसका कुनै विश्वसनीय अनुमान असम्भव छन्। कुनै कुनै विभिन्नताहरुलाई हटाउन सकिने विचारबाट केही सामान्य सुझाउहरुको छोटकरीमा बयान गर्न सकिन्छ।

रुपियाको मूल्य एउटा मुख्य अस्थिरता छ। यहाँ दिएको अनुमान नेपाली रुपियाँको बर्तमान मूल्यमा आधारित छ। (मो.रु. १७५ . भा.रु. १०० . डलर १(०५ ) र यसमा उति ज्यादा घटीबढी हुँदैन।

मुलुकको सामान्य आर्थिक उन्नतिको बेग अर्को अस्थिरता छ। यो  अहिलेकै गतिबाट सुधि्रदै जानेछ, मानिसको जीवन स्तर क्रमैसित उन्नत हुनेछ, कर सुधार हुनेछ, ठूलो बेकारी रहनेछैन र आर्थिक अवस्था क्रमशः उन्नत हुँदै जानेछ भन्ने हाम्रो धारणा छ।

शिक्षाका निम्तिको खर्चको ठूलो हिस्सा स्थानीय जनसमुदायबाट आउनुपर्छ भन्ने माथि उल्लेख भइसकेको छ । यो विस्तारै सत्य हुन आउनेछ भन्ने हामी अनुमान गर्दछौं। यो रातभरमा प्रकट हुने आशा गर्न सकिन्न। आयोगको योजना दीर्घकालीन छ।

कोही मानिसहरु आयोगलाई ज्यादै अनुदार, उसका उद्देश्य र लक्ष्य ज्यादै ढीला  र संकिर्ण छन् तथा प्रगतिको यो वेगले हामीहरुलाई संसारका अरु मुलुकसित दाँजिन गाह्रो पार्नेछ भन्ने दोष लाउन सक्छन्। उनीहरु बढ्ता मौलिक प्रगति र धैरै उच्च लक्ष्यका निम्ति जिरह गर्न सक्छन्। कोही भन्नेछन्, प्रारम्भिक पाठशालाका उमेरका १२ लाख केटाकेटीहरुबाट दश वर्षमा तीन लाखको मत्र हेरचाहले पुग्दैन, हामीले अझ छिटो उन्नत हुनुपर्छ।

मुलुकका आर्थिक साधनहरु, प्रजाको सामान्य चेतना र शिक्षाका खर्चहरुको विचारपूर्ण विश्लेषण गरेर नै आयोग यी सरल लक्ष्यहरुमा पुगेको छ। यिनलाई बढाउन सकेमा आयोगका सदस्यहरुभन्दा बढ्ता खुशी कोही हुँदैनन् र निःसन्देह प्रगतिमा कुनै प्रतिरोध छैन।

तल दिएको तालिका आयोगले विश्वास मानेको यथार्थ लक्ष्य र खर्चहरुमा आधारित छ। हामीहरु दश वर्षभन्दा पर यो योजन ागर्न आवश्यक देख्दैनौं, किनभने अनुमानले नै क्रमशः योजना र लक्ष्यहरुमा बराबर समन्वय हुँदै जानेछ। हामीहरुले सातौं परिच्छेदमा प्रस्तुत योजनाको आधारमा मुख्य मुख्य खर्चहरुलाई मात्र सूचीकृत गरेका छौं । तर अवश्य अरु साना खर्चहरु पनि छन्।

**तालिका १५।१. शिक्षामा वार्षिक खर्चको अनुमान**

| | संख्या | प्रतिछात्र खर्च | २०१६।१७ जम्मा | संख्या | प्रतिछात्र खर्च | २०२१।२२ जम्मा |
|---|---|---|---|---|---|---|
| प्राथमिक पाठशालाका केटाकेटीहरु | १,५०,००० | ४० | ६०,००,००० | ३,००,००० | ४० | १,२०,०००,०० |
| विद्यालय छात्र (प्राथमिकको २० %) | ३०,००० | १५० | ४५,००,००० | ६०,००,००० | १५० | ९०,००,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विश्वविद्यालयको छात्र (विद्यालयको ५%) | १,५०० | ४०० | ६,००,००० | ३,००० | ४०० | १२,००,००० |
| शिक्षक तालिम (आश्रय समेत) | १,००० | ५०० | ५,००,००० | २,००० | ५०० | १०,००,००० |
| प्रौढ शिक्षा (सबै किसिम) | | | ५,००,००० | | | १०,००,००० |
| केन्द्रीय प्रबन्ध | | | ४,००,००० | | | ६,००,००० |
| अनुसन्धान | | | १०,००,००० | | | २०,००,००० |
| पाठ्यपुस्तक र अन्य प्रकाशनहरुको निःशुल्क वितरण | २० लाख पाठ्यपुस्तक रु. २। का दरले | | ४०,००,००० | ४० लाख पाठ्यपुस्तक रु. २। का दरले | | ८०,००,००० |

तेस्रो परिच्छेदमा अनुमान गरिएको लगभग ४० लाख रुपियाँको वर्तमान जम्मा खर्चसित तुलना गर्दा यी मोटामोटी अनुमानहरुको जोड सं. २०१६।१७ का निम्ति एक करोड पचहत्तर लाख र २०२१।२२ लाई तीन करोड अठचालिस लाख हुन्छ। यसले प्रत्येक वर्षमा ४० लाख रुपियाँको वृद्धि देखाउँछ। तर यो वृद्धिको धेरै अंश स्थानीय जनसमुदायबाट कर निर्धारण गर्न सकिने धनबाट आउनुपर्छ, यो सम्भिक्राख्नुपर्ने कुरा छ। जतिजति सामान्य आर्थिक अवस्था सुध्रदै जान्छ उतिउति बढ्ता यो पाइन सकिन्छ।

**शिक्षाको खर्चका निम्ति अरु बढ्ता साधनहरु**

नेपालका प्रजाले अघिल्ला परिच्छेदहरुमा मसौदा गरिएको राष्ट्रिय शिक्षा योजनालाई समर्थन गर्ने हुन् भने राष्ट्रिय खर्च पुऱ्याउने पद्धतिमा दुइ मौलिक परिवर्तन हुनैपर्छ। पहिलो, आम्दानीका नयाँ मुहानहरु निकाल्नुपर्छ।यी नयाँ मुहानहरुबाट केही पैसा झकिनु, बटुल्नु र स्थानअनुसार बाँडिनुपर्छ।

शुरुमा उल्लेख गरे झै शिक्षालाई खर्च थेग्नु सारा सरकारी  कार्यवाहीलाई खर्च पुऱ्याउने हिस्सा हो।[10] यसका निम्ति भूमिसुधार र कर-निर्धारणका नयाँ सिद्धान्तहरु आवश्यक छन्। आयोगको दृढ मत छ कि स्वयं सरकारले कर तिर्नुपर्ने हुन आउनेबाहेक अरु सारा जग्गा र सम्पत्तिमा कर लाग्नुपर्छ र सुविस्ताको निर्वाह तह देखि माथिका सारा आम्दानीमा पनि कर लाग्नुपर्छ। यी दुइ सुधारले विर्ता जग्गा र विभिन्न कारणहरुले अहिले करबाट उम्केका अचल धनलाई कर-निर्धारणको सूचीमा राख्नेछन्। यिनीहरुले नभएका  आम्दानी र नेपालका बासिन्दाहरुको नेपालभित्र र बाहिरका मुलुकहरुबाट आउने व्यक्तिगत आम्दानीसमेत झक्नेछन्। यी अचर धन-कर र आयकरहरु ज्यादै बढता हुनु हुँदैन। यिनमा थोरै प्रतिशतले समेत सरकारलाई धेरै नै आम्दानी गराउनेछन्।

यी दुइ मूल ज्यादै लाभदायक छन् तापनि झक्नुपर्ने अरु धेरै मूलहरु छन्। दृष्टान्तका लागि, नेपाल अहिलेसम्म नचलाइएका अधिकांश अशोषित प्राकृतिक साधनहरुमा धनी छ। पृथक्करण कर लाग्नुपर्छ । यो आम्दानीको एउटा मूलको रुपमा मात्र हुनु हुँदैन। यसको एक अंश जंगलहरुमा बृक्षारोपण अथवा हाम्रा प्राकृतिक साधनहरुको पुनरुद्धार र संरक्षणमा लगाइनुपर्छ  तर यसले तिनीहरुको सर्वशोषणलाई समेत रोक्नेछ।यो करले हाम्रा साधनहरुका बुद्धिपूर्वकको उपयोगलाई  हतोत्साह पार्न हुँदैन, तर यसले नेपालका प्रजाको साझा सम्पत्तिलाई तिनको उपयोगमा कसै कसैलाई मात्र ज्यादै नाफा गर्न नदिएर सबेको भाग लाग्ने तुल्याउनुपर्दछ। जंगल, खनिज र अन्य प्राकृतिक साधनहरु नेपालका सम्पूर्ण जनताको प्रकृतिपदत्त सम्पति हुन्, यिनका धन नयाँ नयाँ विद्यालय, शिक्षा र सरकारी संस्थाहरुका रुपमा सबैको भाग लाग्नुपर्दछ। हाम्रा प्राकृतिक साधनहरु ठाउँबाट अलग गरिने वा हटाइने बित्तिकै तिनका मूल्यको केही प्रतिशत यो करले उठाउनुपर्छ।

प्रत्येक व्यक्ति वा परिवारका मुखियामाथि लगाइएको सानो मुखिया कर आम्दानीको अर्को मुहान हुनेछ। यसले हरेक मानिसलाई कर सूचीमा राख्तछ र उसलाई उसका मुलुकको कल्याणमा आर्थिक भाग दिनेछ। यो सबैलाई एकनासको हुने हुनाले गरीबका निम्ति ज्यादै भारी पर्नेछ। यसकारण यो कर प्रत्येक मानिसले सरकारमा आडदिन पुग्ने नाममात्रको हुनुपर्छ।

---

[10] यो परिच्छेद खेस्रा तयार भइसकेपछि गत २०११ साल पौष महिनामा सरकारले सल्लाहकार सभामा कर व्यवस्थाको तीन प्रस्ताव राख्यो । पहिलोले बिर्ता जग्गाहरुलाई यो फेरोमा नपारीकन अहिलेक बढ्ता मालपोतमा सयकडा १० थप्थ्यो । यो प्रस्ताव सख्तसित अस्वीकार गरिएको थियो । दोस्रो मोरु ११००० देखि २०००० सम्मको सारा वार्षिक आम्दानीमा ५%; ३०००० सम्ममा  १०%; ४०००० सम्म १५% ; ५०००० सम्ममा २०% र ५०००० देखि माथिको सारा आम्दानीमा २५% आयकर लाउने थियो । यसमा ४० देखि ५० हजारसम्ममा २०% र ५० हजारभन्दा माथिका आम्दानीमा २५% कर ठेक्ने उल्लेख थियो । पछिल्ला दुइले सभाको समर्थन पाए । व्यापारी कोठीहरुमा आयकर लाउन प्रस्ताव पनि राखिएको थियो ।

सालको एक रुपियाँले मात्र पनि १० लाख रुपियाँ उठ्छ। यो अहिले शिक्षामा खर्च भइरहेको रकमको चतुर्थ छ।

विलास सामग्री र विलासी मनोरंजनमा लाग्नुपर्ने कर आम्दानीको अझ अर्को मुहान छ। यस्तो करले विलास सामग्रीका उपयोगलाई अनुत्साहित पार्न हुदैन, तर जो विलासका साधनहरु किन्न सक्छन् ती सरकारको सहायतालाई थप रकम खर्च गर्न सक्नेछन्। आम्दानीको यही मुहानलाई अहिलेको भन्सार महसूलले ताकेको छ तर त्यसभित्र विलासका सारा साधनहरु पर्न सकेका छैनन्।

करबाट आउने आम्दानीका अरु थप मुहानहरु पनि अवश्य छन् । यहाँ उल्लेख गरिएका ठूला महत्वका मात्र हुन्। सम्पूर्ण समस्याहरुको अध्ययन गरेर आधुनिक कर कार्यक्रमका सुझाउ दिन एक कर आयोग वा अरु कुनै संस्था खडा गर्नु आवश्यक छ। यस उपायले राम्रो आर्थिक अवस्था र समृद्ध मुलुकबाट सारालाई लाभ हुन्छ र यसबाट जीवन नै राम्रो हुनेछ।

शिक्षाको बढ्ता प्रोत्साहनमा विद्यालय र अरु शैक्षिक संस्थाहरुका निम्ति घर जग्गाहरु विर्तावाल जमिन्दारहरुबाट पाउनुपर्छ। शिक्षालाई दिइएका यी र अरु दानहरु आयकर र अरु रकमहरुबाट मुक्त गरिनुपर्छ। यस अतिरिक्त दान प्रदान गर्ने उदार प्रबृत्तिको मान्यता स्वरुप गो.द.बा. र नेपाल तारा जस्ता सरकारी अलंकारहरु दिन सकिन्छ। सारा शिक्षालय सम्पत्तिको राष्ट्रियकरणसमेत भएर राज्यको सम्पत्ति हुनुपर्छ। यस उपायबाट यी कर मुक्त हुनेछन् र शैक्षिक सामग्री, आवश्यक वस्तु र साधनहरु भन्सार माफी हुनेछन्।

नगद, छात्रवृत्ति र जिन्सीमा विदेशी सहायता आम्दानीको अर्को बाटो छ जसलाई शिक्षा र अरु क्षेत्रहरुमा समेत उपेक्षा गर्नु हुँदैन।अहिलेसम्म करोडौं रुपियाँ दिइसकिएको छ र भविष्यमा परिमाण अझ बढ्न सक्छ। यसको अधिकांश खास खास योजनाहरुका निम्ति निर्दिष्ट छ तर केही सामान्य (सर्व) सहायताको लागि पनि उपयोग गर्न सकिन्छ।

**अर्थीय प्रबन्धका निम्ति विधान**

आम्दानीका नयाँ मुहानहरु खोल्नु अतिरिक्त कर संग्रह र वितरणका पद्धतिमा केही सुधारहरु हुनु आवश्यक छ। उत्पत्ति स्थानबाट जति टाढा करहरुको संग्रह गरिन्छ त्यति नै त्यो प्रणालीको व्यवस्थालाई बढ्ता खर्च लाग्दछ, यो राम्ररी विदितै छ। कुनै खास स्थानमा खर्च गरिएको आम्दानीलाई राष्ट्रिय तहमा भन्दा स्थानीय संस्थाबाट तिनको संग्रह र खर्च गर्नु ज्यादा किफायती छ। यसकारण कर संग्रह र खर्च गर्ने स्थानीय संस्थापकको प्रबन्ध हुनुपर्छ।

यसो भयो भने शिक्षालयहरुका निम्ति खर्च हुने पैसा त्यही समुदायमा रहनेछ। अहिलेको पंचायत ऐन लागू भएमा यस उद्देश्यको प्राप्तिमा सहायक हुनेछ।

शैक्षिक पद्धतिको विकाशलाई सामान्य वार्षिक कार्यबाही खर्चको आपेक्षिक हिस्साभन्दा धेरै बढ्ता पूँजी खर्च गर्नुपर्छ। भवनहरु र मूल सम्पत्तिको स्थितिकालमाथि यो भयंकर अर्थीय बोझ बोकाउन स्थानीय प्रबन्ध समितिहरुले आंशिक खर्चका निम्ति समुदायलाई बाँध्ने र १५ देखि २५ वर्षको अवधिभित्र ती तमसूकहरु तिर्ने कानूनी व्यवस्था हुनुपर्छ। थोरै वर्ष अड्ने सानासाना घरहरु सामुदायिक श्रम र चन्दाबाट बन्नुपर्छ, विद्यलय वा अरु महाविद्यालय जस्तका निम्ति आवश्यक पक्की घर बनाउन प्रशस्त पैसा लगाउनुपर्नेछ र यो व्यापक आर्थिक आधारविना अप्राप्य हुनेछ।

अगाडिका परिच्छेदहरुमा उल्लेख गरेअनुसार सामान्य पाठशालीय शिक्षा (अहिलेलाई प्राथमिक र अन्त्यमा माध्यमिक पनि) धेरैजसो स्थानीय समुदायको जिम्मेदारी हुनुपर्छ। स्थानअनुसार आम्दानी उठाउने अधिकार र केन्द्रीय सरकारबाट केही मद्दतका साथ, जिल्लाको नेतृत्व तथा राष्ट्रिय प्रोत्साहनमा हरेक गाउँ स्वयं आफ्नो पाठशालालाई पार्न सक्छ।

यी कर सुधारणका निमित्त ठूल्ठूला विज्ञापन, चित्र, संकेत, पुस्तिका, रेडिओ व्याख्यान, समाचार पत्रिका कथा, विज्ञापन, भ्रमण र अरुअरु उपायहरुबाट कर निर्धारण किन र केका निम्ति, करेको बदलामा उनीहरु केको आशा गर्न सक्छन्, कसरी करहरु समानतामा ल्याइन्छन्, कर तिर्नु आफ्नो मुलुकको कारबारमा लगानी तुल्य किन हो, इत्यादि कुरा जनतालाई बुझाउन व्यापक शैक्षिक कार्यक्रम हुनुपर्छ। शिक्षाका निम्ति खर्च पुऱ्याउन आफ्नो हिस्सा स्वीकार गर्ने वातावरण खडा गर्नुपर्छ। स्थानीय शिक्षालयका कार्यकर्ता र सरकारी अधिकारीबर्गले यो अन्तीम लक्ष्यतिर खुरन्धार लागिरहनुपर्छ।

अन्त्यमा अर्थीय नियन्त्रण र सरकारी स्याहा स्रेस्ताको वर्तमान पद्धति भद्दा र पुरानो ढंगको छ भन्ने कुरालाई कोही अस्वीकार गर्न सक्तैन। अर्थ विभागले विभाग खडा भएको वर्ष २००७ सालदेखिको हिसाब सफा गर्न सकेको छैन। यस अवधिभित्र सिर्फ एक आय-व्ययिका (बजेट) छापिएको छ। आम्दानीका उद्‌गमहरु अनिश्रित छन् र गत तीन वर्षदेखि घाटामा शासन चलिरहेछ। अर्थीय नियन्त्रण, स्याहा स्रेस्ताका विधि र कर रचनामा समेत प्रणालियुक्त मौलिक सुधार हुनु आवश्यक छ।

**सारांश**

यो परिच्छेदमा आयोगको सुझाउ छ : -

(१) शिक्षा प्रत्येकको अभिच्छेद्य अधिकार हो । शिक्षाको आंशिक सहायता गर्नु प्रत्येकको कर्तव्य छ।

(२) आयोगले तयार गरे जस्तो योजनाले शिक्षामा किफायत गर्छ, तर तैपनि, सारा जनतालाई हामीहरु जति शैक्षिक सुविधाहरु बढाउँदै लान्छौं उति ज्यामिति अनुसारको अनुपातमा जम्मा खर्च बढ्दै जान्छ।

(३) शिक्षाको अर्थव्यवस्था शासनका सारा कामकाज र संस्थाहरुको अर्थव्यवस्था गर्नु हो र यही दृष्टिबाट विचार हुनुपर्छ, यसलाई सरकारका जम्मा जम्मी आवश्यकताहरुबाट बेग्लै चलाउन सकिन्न।

(४) शिक्षानिमित्त आम्दानीका वर्तमान मुहानहरुमा केन्द्रीय सरकारको कोश, निजी दान, दातव्य, धार्मिक र हितकारी गूठी तथा उपहार, सानासाना दान, पढाइ शुल्क र सम्भवतः नगरपालिका र पंचायतहरु सम्मिलित छन्।

(५) यहाँ भविष्य बताउन नसकिने अनेकौं भिन्नता छन् तर आयोगबाट प्रस्तावित शैक्षिक कार्यक्रमका खर्चको मोटामोटी अनुमान संवत् २०१६-२०१७ सम्मका वर्षको एक करोड पचहत्तर लाख छ र संवत् २०२१-२०२२ सम्ममा यस रकमको झण्डै दोबर हुन्छ।

(६) आम्दानीका नयाँ मुहान खोल्नुपर्छः

अ) सरकारी संस्थाहरुले तिर्नुपर्ने हुन आउनेबाहेक अरु सारा जग्गा र सम्पत्तिमा कर (महसूल) लाग्नुपर्छ।

आ) आरामपूर्ण निर्वाहको तहदेखि माथिका सारा आम्दानीमा कर लाग्नुपर्छ।

इ) प्राकृतिक साधनहरुमा पृथक्करण करको प्रयोग हुनुपर्छ।

ई) व्यक्ति करले प्रत्येकलाई शासनमा आर्थिक हिस्सा दिनेछ।

उ) कर तिर्ने सामर्थ्य भएकाहरुमा विलास कर लाग्नुपर्छ।

# परिच्छेद १६

# शैक्षिक वातावरण

**स्थान, भवन, सरसामान र सम्भरण**

**प्राक्कथन**

शिक्षा दिइने ठाउँका सेरोफेरोको महत्व अघिल्ला परिच्छेदहरुलमा बयान भइसकेको छ। वास्तवमा यो शिक्षकको जत्ति महत्वपूर्ण छैन तापनि पर्याप्त शैक्षिक साधन, सामान र सम्भरणको प्रभावोत्पादन र कुशलतालाई घोर क्षीण पार्न सक्दछ।

परिच्छेद १३ मा शैक्षिक साधनका उद्देश्य, तिनीहरुको रोजाइ, रचना, उत्पादन र वितरणको बहस गरिएको छ ।परिच्छेद ८ र ९ मा तिनीहरुको उपयोग तथा परिच्छेद १५ मा स्थान, भवन, धेरै सामान र सम्भरणको प्राप्ति र विषयलाई विशाल दृष्टिकोणले हेरिएको छ।

**प्रामाणिकता र विधि**

नयाँ शिक्षालयहरुको स्थापना र अहिले भइराखेका शिक्षालयहरुको सुधार तथा परिमाण निश्चित गर्न शिक्षा समिति र प्रवन्धकहरुले अनुसरण गर्ने पथ-दर्शकको रुपमा स्तरहरु कायम गर्नुपर्छ भन्ने आयोगको राय छ। परिच्छेद १३ मा शैक्षिक साधनहरुको स्तर अथवा जाँचको नियम बनाएर एक खास आयोगलाई शैक्षिक सम्भरण र सामानहरुको "स्वीकृति सूची"तैयार पार्ने जिम्मेदारी दिनुपर्छ भनी सुझाउ गरिएको छ। अरु सम्भरण, भौतिक पदार्थ र साधनहरुका निम्ति पनि यस्तै विधिको अनुसरण हुनुपर्छ। त्यही आयोगलाई यस कुराको पनि अभिभारा दिए हुन्छ अथवा यस उद्देश्यका निम्ति प्रवन्धकहरुको एउटा बेग्लै समिति खडा गर्न हुन्छ। जुनसुकै उपायले होस्, माल खरीद गर्नुअगाडि स्थापित स्तरअनुसार कुनै केन्द्रीय संस्थाबाट सारा सम्भरण र साधनहरुको होशियारीसाथ जाँच हुनुपर्छ।

किफायत र कार्यक्षमताको निमित्त परिच्छेद १३ मा सुझाउ गरिएको राष्ट्रिय भण्डारणको अनुरुप सामान र सम्भरणका निम्ति केन्द्रीय खरीद अड्डा हुनुपर्छ। खरीदको काम केन्द्रीकृया हुनुपर्छ तापनि सोझै निर्माताहरुबाट माल सामान प्राप्त गर्न जिल्ला वा प्रादेशिक भण्डार खुल्नुपर्छ। यसरी यातायात र वितरण खर्च घटाउन सकिन्छ। उदाहरणार्थ नेपालका सारा शिक्षालयहरुका निमित्त वर्षभरीलाई चाहिने कागत एकैपल्ट कलकत्ताबाट खरीद गरेर भनौं नेपालका बाह्र केन्द्रहरुमा आवश्यकताअनुसार बिक्री र वितरणलाई मौज्दात राख्न पठाउन सकिन्छ। यसरी ठूलो परिमाणको खरीदले ४० देखि ५० प्रतिशत बचत गर्न सकिन्छ।

शिक्षालयहरुलाई परल मोलमा प्रवन्ध खर्च थपेर माल दिएर उनीहरुको प्रशस्त बचत पार्न सकिन्छ।

पाठशाला भवन र तिनीहरुको स्थानका निम्ति पनि सिद्धान्त कायम हुनुपर्छ। केन्द्रीय मन्त्रालयमा अर्थ र व्यवस्थाको निम्तिका उपसचिवले यो कामको साथसाथै सिद्धान्त र सामान तथा सम्भरणका केन्द्रीय खरीदीको लागि नेतृत्व दिनुपर्छ। प्रामाणिक निर्माण योजना र स्थान सिद्धान्तहरुको अतिक्रमण यो स्वीकृतिको आधीन हुनुपर्छ।

**निर्माणस्थान**

अचेलको शिक्षा लडकाको सर्वतोमुखी विकाश चाहान्छ। उसको शारीरिक वृद्धि र विकाश तथा स्वास्थ्य महत्वपूर्ण सरोकार राख्ने कुरा हुन्। यसका निम्ति सुयोजित शारीरिक शिक्षाको कार्यक्रम चाहिन्छ। यसलाई खेल्ने ठाउँ र सामान आवश्यक छ।

आयोगको रायमा प्रर्याप्त ठाउँ पाइन्छ भने पाठशालाको स्थान बस्तीको बीचमा हुनुपर्छ , नत्र भने गाउँमा रहनुपर्छ जहाँ प्रशस्त ठाउँ पाइन सकिन्छ। हामीहरु उत्ति उत्ति नापका ५ कोठा भएको प्राथमिक पाठशालाको लागि कमसेकम २० रोपनी (५ एकड) जमीन ठीक ठान्दछौं। दशदेखी प्रन्ध शिक्षक भएको विद्‌यालयका निमित्त ४० रोपनी (१० एकड) जमीन भन्दा कम ठाउँ हुनुहुँदैन।

पर्याप्त खेल्ने ठाउँबाहेक शिक्षालयको लागि खेतीको शिक्षा र शिल्पकार्यका निम्तिसमेत प्रशस्त ठाउँ हुनुपर्छ। प्राथमिक पाठशालाहरुमा केटाकेटीहरुले तरकारी, अन्न फूलहरु लाउन हाँस कुखुरा तथा भेडा बाख्राका सानासाना बथानमा पशुपालनलाई पाल्नसमेत सामूहिक र बेग्लाबेग्लै जग्गाको टुक्रा पाउनुपर्छ। विद्‌यालयको तहमा, व्यक्तिपिच्छे र पशुपालनको कामलाई प्रशस्त जग्गा हुनुपर्छ।

अन्त्यमा, शिक्षालयको ठाउँ चाहे प्राकृतिक सेरोफेरोले फूल विरुवा लगाएर अथवा दुबैबाट होस्, सौन्दर्याकर्षक राम्रो निकास भएको हुनुपर्छ। शिक्षालय गर्व साथ देखाउन सकिने ठाउँ र सामुदायिक केन्द्र हुनुपर्छ।यसका निम्ति मनोहर सेरोफेरो र पुग्दो घर चाहिन्छ।

राम्रो ठाउँमा रहेको, ठूलो र आकर्षक स्थानलाई परेको थप मूल्य यसले समुदायलाई दिने वर्षौंको आनन्दले विभाजन गर्दा नाउँमात्रको हुनेछ। यो शैक्षिक कार्यक्रमको जग र प्राकृतिक पृष्ठभूमि हो, यसले शैक्षिक वातावरण र कार्यक्रमको बाँकी हिस्साका निम्ति आदर्श खडा गर्दछ।

**पाठशाला घर**

पाठशाला घर त्यस क्षेत्रको घर बनाउने सामान्य नमूनामा मिल्दो हुनुपर्छ। यसभन्दा बढ्ता भएमा यो सोखको कुरा हुनेछ जसलाई अहिलेको समुदायमा अधिकांश समुदायहरुले बेहोर्न सक्दैनन्। वर्षाकालमा बाहेक नेपालको न्यानो मौसममा ढोका बाहिर पढाउन हुन्छ। धेरै क्षेत्रहरुमा बाँस वा परालका छाप्रा यसकै परिणामले छन्। ठण्डा प्रदेशमा पाको इट र माटोको घर नमूना छ। यो साह्रो समयमा पाठशाला घरको लागि यस किसिमको रचना स्वीकार गर्नुपर्छ। जहिले सारा शैक्षिक आवश्यकताहरु -शिक्षकलाई पुग्दो तलब, पर्याप्त पुस्तक र सम्भरण र हो, अझ पाठशालका पर्याप्त संख्या-पुग्लान् तब मात्र समुदायहरु हाम्रो संस्कृतिको महत्वपूर्ण संस्था, पाठशालाका निम्ति बढता भडकिला घरहरु बनाउलान्।

सादा घर हुँदाहुँदै पनि पाठशाला सामुदायिक हितको केन्द्र बन्न सक्छ। स्थान र सेरोफेरोले यसलाई सामुदायिक सभा र सम्मेलनहरुका निम्ति पर्याप्त प्रबन्ध गर्नुपर्छ।

पाठशाला घरको पहिला अत्यावश्यक कुरा निःसन्देह कक्षा हो। हरेक कक्षा वा ३० विद्यार्थीको एक समूहलाई एउटा कोठा दिनुपर्छ। छाप्रोको चलन गरेको छ भने आयोग, समूहहरुमा परस्पर खैलाबैला र हस्तक्षेप घटाउन व्यक्तिविशेष समूहका निम्ति एउटा कोठा हुन सक्नुपर्छ भन्ने सुझाउ गर्दछ। भिन्न भिन्न दललाई एक लहर वा अर्द्ध गोलाकार अथवा करीब १०० गजको फरकमा आनन्ददायी काल्पनिक रचनामा राख्न सकिन्छ। यदि पक्की घर चलन गरेको छ भने कोठाहरुका बीचमा बाक्लो गारोले अन्तर राख्नु अनावश्यक गराउँछ र खर्चमा पनि धेरै नै बढाउँछ। प्रत्येक कोठामा विद्यार्थीपिच्छे तल्लोपिट्ट ९ बर्गफुट अथवा हरेक कोठामा ३०० देखि ४०० बर्गफुट जग्गा हुनुपर्छ। प्रत्यके लडकालाई खुला बगल वा ठूलाठूल ाझ्यालहरुबाट प्राकृतिक प्रकाश पुऱ्याउनुपर्छ।

पुस्तक पत्रपत्रिका, अखवार सूचनापत्र, नक्शा, तसबीर र अन्य पुस्तकालयसम्बन्धी मालताल राख्ननिमित्त साधन र ठाउँ सहतिको एक पुस्तकालय रहनुपर्छ। कमसेकम एक पटकमा एउटा कक्षाको समूहले पुस्तकालयमा अध्ययन गर्न पाउने ठाउँसमेत हुनुपर्छ।

यदि शिक्षालयले पाठशाला बसेको दिन तातो खाजा दिने हो भने यसको लागि समेत ठाउँ दिनुपर्छ। कक्षाका भुइँ माटाकै भए पनि भान्सा र खाने ठाउँको भुइँ सजिलैसित धोएर सफा राख्न सकिने पक्का हुनुपर्छ।

प्राथमिक पाठशालाहरुमा समेत नागरिकहरुले भेला हुने एउटा ठाउँ रहनु अर्को जरुरी कुरा छ। पाठशालाको पुस्तकालय नै समुदायमा एकमात्र पुस्तकालय हुनाले, खास गरेर प्रौढ साक्षरतका कक्षाहरु खुलेपछि प्रौढ साक्षरहरु तयसको उपयोग लिन चाहनेछन्। यसकारण किफायतको

दृष्टिले आयोग खाजा खाने कोठा, पुस्तकालय र बैठक कोठालाई एउटै ठूलो पक्की भुइँ भएको कोठा मिलाउने सुझाउ राख्तछ। तुफानी मौसममा सामूहिक खेल तथा व्यायाम शिक्षाका कामहरुका निम्तिसमेत यसको उपयोग गर्न सकिन्छ।

प्राथमिक पाठशालामा केही शिल्पकार्य नियमित कक्षामा नै सिकाइने छ तापनि उच्च प्राथमिक श्रेणीलाई चाहिने सामानहरु राख्न र तिनलाई चलाउने ठाउँका निम्ति एउटा शिल्पकार्यशाला हुनु आवश्यक हुनेछ। यो दिनभरी सारा कक्षाहरुले पालैसित चलन गर्न एउटा साजा कोठा हुनुपर्छ। शिक्षकहरु निर्धारित पालोमा शिल्पकार्यशालामा पढाउन सक्तछन्।

प्राथमिक पाठशालालाई सर्वाङ्गपूर्ण पार्न र शिक्षकहरुको लागि एउटा सानो साजा कोठा हुनुपर्छ।

परिच्छेद ९ मा वर्णित प्रधान पाठशाला (हाइ स्कूल) माथि उल्लेखित सुविधाहरु अतिरिक्त सिकाइएको हरेक जाँचको कक्षा (मेजर) का निम्ति पार्श्वहरुको थप चाहिनेछ। यी पार्श्वहरुमा आवश्यक अनुसन्धानशाला, कर्मशाला, र कक्षाहरु रहनेछन्। यहाँ हरेकमा कैयौं कोठाहरु भएका बेग्लाबेग्लै खण्ड (युनिट) ज्यादै बान्छनीय हुनेछ। यिनीहरु परस्पर नजीकमा रहेका र एउटै केन्द्र (क्याम्पस)  स्थानमा सम्मिलित हुनुपर्छ किनभने धेरै कक्षाहरु सारा विद्यार्थीहरुका निम्ति एकै हूल भएर कक्षाबाट कर्मशाला अथवा अनुसन्धानशालामा जाने प्रवन्ध पुर्‍याइदिनुपर्छ।

आयोगले कल्पना गरेको कित्ताको ठूलो विद्यालयमा सामान्य शिक्षाको साधरण पाठ्यक्रमहरुका निम्ति कक्षाहरु भएको केन्द्रीय घरको वरिपरि एकत्रित भएका  कैयन् पार्श्व वा खण्डहरु  हुनेछन्। एक पार्श्वमा व्यावसायिक विषय टाइप गर्नु, हिसाब राख्नु इत्यादि सिकाउनलाई एक प्रयोगशाला रहनेछ। अर्कोमा कृषि कर्मशाला र त्यसको नजीकै बस्तुभाउका गोठहरु, ज्याभलहरुको टहरो र उत्पादक खेतीका निम्ति जग्गा । फेरी अर्कोमा , विज्ञान अनुसन्धानशाला इत्यादि रहेनछन्।

केही कालका लागि विद्यालयहरु ठूलाठूला केन्द्रहरुमा मात्र राखिनेछन्, यिनले आसपासको ठूलो क्षेत्र, प्राय सम्पूर्ण क्षेत्रलाई ढाक्नेछन्। यसकारण पक्का भान्साघर र सहभोजनका सुविधाहरु सहितको छात्राबास जरुरी हुनेछ।

सारा शिक्षालयहरुमा स्वास्थ्यकर चर्पी तथा पिसाबखानाको राम्रो सुविधा हुनुपर्छ।खाल्डो खनेर परखाल अथवा बार लगाई बनाएको चर्पी हदसे हद हुनै पर्ने मानिएको छ।

विद्यालयका अनुकूलताहरुको निर्माणमा ज्यादा खर्च पर्नेछ , तर प्रारम्भिक खर्च थेग्न केन्द्रीय सरकार र त्यस विद्यालयबाट सेवित सम्पूर्ण जिल्लासँग गुहार माग्न हुन्छ। हामीहरुसँग हाम्रा युवाहरुलाई पर्याप्त माध्यमिक शिक्षा दिन प्रशस्त सुविधाहरु हुनुपर्छ। हो, प्राथमिक तहमा जस्तै माध्यमिक तहमा पनि खुला मैदानमा कक्षाहरु राख्न हुन्छ, तर सामान, कारखाना र अनुसन्धानशाला इत्यादिका निम्ति टहराको बन्दोबस्त हुनुपर्छ।

हरेक समुदायले सकेसम्म घरको समस्या हल गर्नुपर्छ। शुरुका खर्चको लगतलाई धेरै वर्षलाई त्यस घरले दिने कामको दृष्टिबाट विचार गर्नुपर्छ। तिनीहरु विलासी नभएर उपयोगी हुनुपर्छ। तिनीहरुले प्रभावशाली शिक्षालाई प्रोत्साहन दिनु र सामुदायिक केन्द्र हुनुपर्छ।

**सामान र सम्भरण**

समुदाय समुदायमा र प्राथमिक कक्षाहरुदेखि विद्यालयका कक्षाहरुसम्म सर्जाम पृथक पृथक हुन्छन्। यी सर्जामहरु शिक्षाको परिस्थितिलाई सुधार्न वा मद्दत गर्न सक्ने आधारमा रचिनु र पुऱ्याइनुपर्छ । नत्र भने ती सोखका चीज हुनेछन्।

कक्षामा सुकुल र व्यक्तिपिच्छेको लेख्ने पाटी कमसेकम समान दर्शाउँछन्। प्राथमिक पाठशाला समते प्रत्येक छात्रलाई १० देखि १४ इन्च अग्लो डेक्स हुनुपर्छ। माथिल्ला वर्गहरुमा बेन्च वा त्रिपाइ र लेख्ने टेबुलको प्रबन्ध हुनुपर्छ। सामूहिक डेक्सहरुभन्दा प्रत्येकका निम्तिको बेग्लाबेग्लै मेच वा त्रिपाइ र डेक्सहरु यताउति सार्न बढता सजिला हुन्छन् तर यिनमा साधारणतः अलि बढता खर्च लाग्छ।

प्रत्येक कक्षामा खरी पाटी, एउटा सूचना पाटी, शिक्षकलाई मेच र टेबुल तथा सानो परिमाणका भण्डारणको अनुकूलता हुनुपर्छ। प्राथमिक कक्षाहरुमा समेत एउटा वालुबा पाटी, (स्याण्ड टेबुल) , निश्चित किसिमका कामहरुका निम्ति अरु टेबुल, गाइबस्तु वा ओथ्रा बस्ने कुखुरीका निम्ति बारी र तर्जुमा शिक्षाको लागि यस्तै अरु सुविधाहरु हुनुपर्छ। कुनै कुनै सर्जाम तर्जुमा शिक्षाको अंगरुपमा विद्यार्थीहरु आफै निर्माण गर्न सक्छन्।

व्यायाम ,खेल र आमोद प्रमोदलाई प्रोत्साहन दिन सारा शिक्षालयहरुमा खेलको मैदानका सर्जाम हुनुपर्छ। खास गरेर प्राथमिक केटाकेटीहरुका लागि पिङ, चिप्लेटी, जंगल खेल (जंगल जिम्स) र टीटर टटर अल्प छन्। फुटबल, भलीबल, क्रिकेट इत्यादिका निम्ति ठाउँ र आवश्यक खेलकूदका सर्जाम जुटाइदिनुपर्छ।

भान्सा घरमा चूलो, भाँडा बर्तन, रिकाबीहरु धुने भाँडा, भोजन तयार पार्न टेबुलहरु आवश्यक छन्। पुस्तकालयमा चीजबीज राख्ने धूलो नपस्ने घर्रासहितका आलमारी र शायद अध्ययनको

लागि मैच टेबुलहरु चाहिन्छन्। प्रयोगशाला र कारखाना घरमा बेन्च, टेबुल इत्यादि र सिकाइने विषयलाई सुहाउँदा सामान र ज्याभलहरुको दरकार पर्छ। छात्राबासमा खाट र निजी लुगा तथा व्यक्तिगत मालताल राख्न बेग्लाबेग्लै सुविधाहरु हुनुपर्छ। (ठाउँको किफायताका निम्ति तले खाट बेस हुन्छ)।

धेरैजसो आवश्यक माल सामान उचित रेखदेखमा स्थानीय कर्मी अथवा विद्यार्थीहरुले बनाउन सक्छन्। दृष्टान्तको लागि , विद्यार्थीहरु आफ्ना निम्ति स्वयं गुन्द्री बुन्न, लेख्ने पाटी, त्रिपाइ, साधारण टेबुलहरु बनाउन सक्छन्। यसले किफायत मात्र हुने होइन, विद्यार्थीहरुमा स्वाधीनता र आत्मनिर्भरताको भावनालाई प्रष्ट पार्न मद्दत गर्दछ।

विद्यार्थीहरु स्वयं आफ्नो कागत र अरु सामग्रीहरु बनाउन सक्छन्। उनीहरु सम्झौटो कापी वा तसबीरहरु टाँस्न टाँसनी तयार गर्न सक्छन्। उनीहरु आफैं कथा, पाठ्यपुस्तक लेख्न तथा अखबार प्रकाश गर्न सक्छन् र भिन्नै तरिकाले माल सामानहरुका अभावको सामनालाई तत्पर हुन सिक्तछन्। उचित ढंगले निर्देश भएको खण्डमा यो शिक्षाको सर्वोत्तम अवस्था हुनेछ।

कुनै किसिमका माल र केही आवश्यक सामग्रीहरु अन्य प्रदेशबाट पैठारी गर्नुपर्छ। पैसाको बचाउ र उत्तम किसिमको निश्चयताका निम्ति केन्द्रीय खरीद संस्था वा राष्ट्रिय पुस्तक भण्डार मार्फत यिनीहरुलाई प्राप्त गर्नुपर्छ।

स्थानीय प्रबन्ध समिति र समुदायका मानिसहरुले अनुकूल स्थान र निर्माण सुविधाहरु जुटाइदिएका तथा विद्यार्थी र शिक्षकसँग पर्याप्त सामग्री र साधनहरु छन् छैनन् भन्ने निश्चय गर्नु प्रधानाध्यापकका मुख्य जिम्मेदारी मध्येको एउटा हो।

यस परिच्छेदमा आयोगले निम्न कुरा सुझाउ गरेको छ : -

(१) शैक्षिक ज्ञानका निम्ति प्राकृतिक सेरोफेरो शिक्षकपछिको दोस्रो महत्वको कुरा हो।

(२) विशेष समितिद्वारा स्थान, घर, साधन र सामग्रीहरुका निम्ति सिद्धान्तहरु कायम गरिएर (शिक्षाको) व्यवस्था र अर्थनिम्तिका उपसचिवबाट लागू गराइनुपर्छ।

(३) साधन र सामग्रीहरुको प्राप्तिमा किफायत गर्न केन्द्रीय खरीद र वितरण संस्था खडा गर्नुपर्छ।

(४) शिक्षालयको स्थान प्राथमिक पाठशालालाई २० रोपनी (५ एकड) भन्दा कम हुनु हुँदैन। पाठशालाको परिमाणले भने अझ ठूलो हुनुपर्छ। यो बीचमा

रहको आकर्षक, साम्रो निकास भएको र कृषि तथा शिल्पकार्यलाई समेत पुग्ने हुनुपर्छ।

(५) पाठशाला घर कम खर्चमा लाग्ने र सुविस्ताभन्दा बढता काम लाग्ने हुनुपर्छ। यसले सामुदायिक जमघट केन्द्र बन्नुपर्छ। यसमा कक्षाहरुका निम्ति प्रशस्त ठाउँ र पुस्तकालय, कारखाना, प्रयोगशाला र सभा-सम्मेलनहरुमा निम्ति अतिरिक्त स्थान हुनुपर्छ। आवश्यक भए विद्यालयहरुमा छात्राबास हुनुपर्छ। खुला कक्षाको ठाउँ राख्नु हुन्छ।

(६) अत्यावश्यक साधन र सामग्रीहरु स्थानीय निर्माण वा केन्द्रीय खरीद संस्थामार्फत जुटाउन हुन्छ। उपयोग, बचाउ र चिरकालसम्म काम दिनका निम्ति साधनको तर्जुमा हुनुपर्छ।

शिक्षा मन्त्रालय

# परिच्छेद १७

## विशेष कार्यहरु

पाठशालाको वैधिक कक्षा-कार्यसित शिक्षाको सम्पूर्ण सरोकार छैन।कक्षादेखि बाहिर खेलको मैदानमा, सामाजिक कार्यमा, प्रमोद गोष्ठीको काममा, पुस्तकालयमा र अरु समयहरुमा केही बहुमुल्य ज्ञान पाइन्छन्। कक्षाबाहिरकका यी कार्यशीलताहरुमध्ये धेरैको प्रवन्ध र रेखदेख गर्ने पाठशाला जिम्मेदार छ।

अघिल्ला परिच्छेदहरुमा यी केही कामहरुको उल्लेख भइसकेको छ , तर यहाँ पाठशालाका विशेष कार्यहरुको छोटकरी तेरीज खडा गरिएको छ। प्रत्येक पाठशालाले यी विशेष कार्यहरुमा प्रत्येकको दरकार र अहिलेको कालमा समुदायले तिनीहरुको खर्च पुऱ्याउँन सक्छ सक्दैन विचार गर्नुपर्छ , किनभने तिनमध्ये कुनै कुनै त ज्यादै महत्वका अझ अत्यावश्यक भए तापनि अहिलेको समयलाई धेरै खर्च लाग्नेछन्।

**शिक्षालय, एक सामुदायिक केन्द्र**

गाउँको पाठशाला प्रौढ र युवाहरुका निम्तिसमेत सामुदायिक कार्यशीलताको केन्द्र भएन भने आफ्नो पूरा काम कारवाईमा असफल हुन्छ। मानिसले पाठशालामा सप्ताहभरी प्रौढहरुको सभा, खेलको मैदानमा खेलका सामानको उपयोग गर्दै खेलिरहेका केटाकेटीहरु, आमाबाबुहरुले विभिन्न पसल र अनुसन्धानशाला, प्रौढ शिक्षाका कक्षा, सामुदायिमक अधिकारको रेडियो र सम्भवतः भविष्यमा सिनेमा यन्त्र, पाठशाला, र गाउँको संयुक्त पुस्तकालयको उपयोग गरिरहेका तथा सामुदायिक उत्साह र सामुदायिक कार्यशीलता देखाउने अरु धेरै लक्षण र कारवाईहरु पाउने आशा गर्दछ। शिक्षाको बन्दोबस्तपछि सरोकार भएकाहरुले यसलाई पाठशालाको मुख्य कृत्य मान्नुपर्छ।

**शिक्षालय र आमाबाबुको सम्बन्ध**

आफ्ना केटोकेटी र उनीहरुको शिक्षामा आमाबाबु र संरक्षकहरु स्वाभाविक चाख राख्तछन्। शिक्षालाई उपल्लो महत्व पाउनु छ भने यिनीहरुले उनीहरुका शिक्षकहरुसित भिडिएर काम गर्नु पर्छ। शिक्षकहरु प्राय आमाबाबुलाई उनीहरुका केटाकेटीका विशेष समस्याहरुमा मद्धत गर्न सक्छन्। अवश्य, शिक्षक र आमाबाबुहरुले एक दलको जस्तो परस्पर मिलेर काम गर्नैपर्छ।

यसलाई पूरा गर्न धेरै शिक्षालयहरुमा आमाबाबु शिक्षक संघ हुन्छ। महीनाको एकपल्ट वा प्रायः बराबर यसको सभा बस्तछ। यी सभाहरु र शिक्षकहरु दुबैलाई सरोकार भएका मुख्या समस्याहरुको अध्ययन र छलफल गर्ने उद्देश्यका हुन्। यी दोषारोपणका अधिवेशन होइनन्।

(व्यक्तिगत समस्याहरु एकान्त बैठकमा छलफल गरिन्छन् )। अनुशासन, पढ्ने बानी, क्रीडाक्षेत्रमा आचरण, भविष्य चरित्रको योजना, सामुदायिक कार्यको योजना यी र धेरै अरु कुराहरु बहसका निम्ति न्यायसंगत विषय हुन्।

वर्षमा एक वा दुइ पटक "सार्वजनिक घर"बनोस् जहिले सारा आमाबाबुहरु आएर कक्षाहरुमा आफ्ना केटोकेटीहरु पढिरहेका हेरुन्। नियमित कक्षाहरु चलिरहन्छन् र आमाबाबुहरु कसरी पढाइ हुन्छ त्यो हेर्ने मौका पाउँछन्। (हो आमाबाबुहरुलाई अरु बेला पनि स्वागत हुन्छ । यी विशेष दिन हुन् )। अरु औसरहरुमा केटोकटीहरुले आमाबाबु र समुदायका निम्ति सांस्कृति कार्यक्रम राख्न सक्छन्। यी कारवाईहरुले शिक्षालयका उद्देश्यहरु राम्ररी बुझाउन मद्धत गर्नेछन् र आमाबाबुहरुमा राम्रो सहयोग हुनेछ।

मुलुकहरुमा आमाबाबु र शिक्षकहरुको संघ गठन भएपछि तिनीहरुको काम कारवाईहरुमा समानता ल्याउनु र विचारहरुको आदान प्रदान तथा नेतृत्व दिन राष्ट्रिय र जिल्ला संगठन खडा गर्न सकिन्छ।

**पौढ शिक्षा**

परिच्छेद ११ मा प्रौढ शिक्षाको विषयमा छलफल भइसकेको छ। यहाँ त्यसको सफलतालाई शिक्षालयको अव्यक्त भाग-दानको उल्लेख पर्याप्त छ। शिक्षालयका कुनै कुनै शिक्षकहरु प्रौढ शिक्षाका कक्षाहरुमा पढाउन सक्छन्। प्रौढ कक्षाहरुले पाठशाला घर र त्यसका सुविधाहरुको उपयोग गर्न सक्छन्। प्रदर्शनहरुको लागि त्यसका पसल, अनुसन्धानशाला र सामानहरुको आवश्यक पर्ला। कुनै कुनै कक्षाहरु पुस्तकालयको उपयोग गर्न सक्छन्। प्रधानाध्यापक वा शिक्षकले प्रौढ शिक्षा कार्यको रचनालाई पहिला कदम उठाउन सक्छन्। प्रौढ शिक्षा बढाउनुमा शिक्षकहरुको हित छ किनभने यसले शिक्षालयसँगको संसर्ग बढाउँछ र उनीहरुलाई बालकहरुको शिक्षण कार्यमा सहायता गर्दछ।

**शिक्षालय-समुदाय पुस्तकालय**

सामुदायिक पुस्तकालयका, निम्ति शिक्षालय परम उपयुक्त स्थान छ। त्यसका धेरैजसो साधनहरु प्रौढ र केटाकेटी दुवैबाट उपयोग गरिन सकिन्छ। शिक्षालयमा साधनहरुले ठाउँ र रक्षा पाउने धेरै सम्भव रहन्छ। सरसामानहरुको प्राप्तिका निम्ति शिक्षालयको धेरैसित सम्बन्ध रहन्छ र शिक्षक नै पुस्तकालयाध्यक्षको काम गर्न गाउँमा प्रायः एक मात्र योग्य व्यक्ति हुन्छ।

जति जति साक्षरताको प्रचार हुँदै जान्छ र जति जति बढी प्रौढ शिक्षाका अरु किसिमहरु बढ्दै जान्छन् उति उति सामुदायिक पुस्तकालयको माग बढ्दै जानेछ। समुदायका निम्ति शिक्षालयले गर्न सक्ने यो विशेष सेवा हो।

**युवा गोष्ठी कार्य र बालचर काम**

गोष्ठी कार्यले अनौपचारिक शिक्षाका निमित्त उत्तम मौका दिन्छ। हुनत नियमति कक्षामा अनौपचारिक कारवाई र योजनाहरु गाभिएका हुन्छन् तापनि गोष्ठीमा अझ बढ्ता स्वतन्त्रता र मौलिकता रहन्छ।

बालचरको काम अहिले नेपालका शिक्षालयहरुमा पाइने मुख्य गोष्ठी कार्यहरुमध्ये एउटा छ। यो काम राष्ट्रबाट संगठित छ र बालक बालिका दुबैका निमित्त क्रमबद्ध कारवाईहरुको निश्चित कार्यक्रमले खडा भएको छ। यो धेरैजसो घरबाहिरको काम छ, हिड्ने डुलने (हाइकिङ) र क्याम्प बनाई बस्ने (क्याम्पिङ) प्राय रहन्छ।

हालै कुनै कुनै शिक्षालयहरुमा चालु गराइएको गोष्ठी कामको अर्को किसिम खेती र घर बनाउने काममा केन्द्रित छ। अरु मुलुकहरुका यस्तै गोष्ठीहरुको आदर्शमा ढालिएको चार-पाते गोष्ठीहरुले (सौभाग्य सूचित गर्ने चारपाते ऐश्वर्य चिन्हबाट यो नाम रहेको हो ) ले हाँस , कुखुरा आदि घरेलु चरा बढाउने, धानको खेती उन्न्त पार्ने, सिउने, पकाउने इत्यादि व्यक्तिगत योजनाहरुमा जोड दिन्छन्।प्रत्येक सदस्यको आफ्नो योजना हुन्छ र एकनासका योजनाहरु भएका केटा र केटीहरु सामाजिक , व्यावसायिक तथा मनोरञ्जनको उद्देश्यले बराबर भेला हुन्छन्।

यी गोष्ठीहरुका अतिरिक्त नाटक गोष्ठी, बहस गर्ने जमात, व्यायाम मण्डल, अभिरुचिका ा विषय संस्था र अरु धेरै गोष्ठीहरु हुन सक्छन्। यस किसिमको काममा अभिरुची भएको ठाउँमा शिक्षालयले नेतृत्व दिएर समूहलाई शिक्षक होस् वा चाख भएका आमाबाबु अथवा अरु कोही व्यक्ति होस्-एक पवर्तक खोज्न मद्दत गर्नुपर्छ।

**विदाका कार्यहरु**

यद्यपि केटाकेटीहरुले लामो विदाका अवधि र पाठशाला नवसेका दिनमा समेत काम गर्नुपर्छ तापनि कोही कोही फुर्सद पाउनेहरु हुन्छन्। दिनको केही समय काम गर्नेहरुसमेत व्यवस्थित खेलकुदको कामलाई प्रतिदिन एक वा दुइ घण्टा अथवा हप्ताको अन्त्य या लामो वास पर्ने यात्राका निम्ति स्वतन्त्र रहन सक्छन्।प्राकृतिक सौन्दर्य र पैदल सफर तथा वास बस्तै जाने

यात्राका औसरका निम्ति नेपाल धनी छ। राम्रो स्वास्थ्य, व्यक्तितत्व र चरित्र निर्माणमा खेल, हिंडाइ, वासबसाइ र पहाड चढाइका महत्वलाई ज्यादा जो दिन सकिन्न।

शिक्षालयले युवाहरुको सेव ागर्ने यो अर्को बाटो हो। खास खास विदाकालका कामहरुलाई शिक्षकहरु बाँडिन सकिन्छन् र यसरी यी समयहरुलाई शैक्षिक प्रगतिमा लाभदायी तरीकाले विताउन युवकहरुलाई मद्दत गर्न सकिन्छ।

**सामाजिक हित**

युवकहरुले जीवनको शुरुमा नै सामुदायिक भावनाको विकाश गर्नुपर्छ। अनकौं कामहरुद्वारा सहयोगको भावना र सामाजिक हित -समुदायको उन्नतिलाई एउटाको समय र मिहिनेत दिने इच्छा-को वृद्धि गर्न सकिन्छ। विद्यार्थीहरुले सामुदायिक योजनाहरुका निमित्त-जस्तै, पाठशालाको मैदान, बगैंचा, गाउँका अरु ठाउँहरुलाई राम्रो गराउन- प्रत्यके हप्तामा केही समय दिनुपर्छ। उनीहरुले सफाइ आन्दोलन, रुख र बुटेन लगाउने काममा मद्दत गर्नुपर्छ। उनीहरुले डि.डि.टि छर्कने कार्यक्रम र खोपाउने आन्दोलनकाृ उन्नतिलाई सहायता दिनुपर्छ।

सामाजिक हित कार्यमा आफ्नो अनुभव दिन हरेक मौकाको उपयोग गर्नुपर्छ। जहिले पनि सकेसम्म यी कामहरुमा प्रौढ र केटाकेटी दुवैलाई लिनुपर्छ जसमा सारा मिलेर काम गर्न सिकून्।

**पाठ्यक्रमदेखि बाहिरका कामहरु**

माथिका अधिकांश काम र सेवाहरु निर्दिष्ट क्रमबाहिरका बर्गीकृत हुन सक्छन्। शिक्षाको यो महत्वपूर्ण खण्डबारे परिच्छेद ९ मा अघिल्लो उल्लेख भइसकेको छ। त्यसमा निर्दिष्ट क्रमबाहिरका धेरै कामहरु सुविधाको लागि क्रमभित्र पार्न सुझाउ गरिएको थियो।तर धेरै कामहरु पहिले निर्दिष्ट क्रम अतिरिक्तको आधारमा जाँचिदिनुपर्दछ। यसरी नियमित निर्दिष्ट क्रमलाई स्थिररुपमा समृद्ध पार्न सकिन्छ।

खास खास पाठशालाका निम्ति निर्दिष्ट पाठ्यक्रमबाहिरका कामहरु त्यस पाठशालाका विद्यार्थी, शिक्षक, आमाबाबुहरु र प्रवन्ध समितिले रोजेर निश्चित गर्नुपर्छ।माथि सूचीकृत कार्यहरुका अतिरिक्त धेरै शिक्षालयहरु अखवार वा पत्रिका निकाल्नेछन् , विद्यार्थी परिषद राख्नेछन्। खेलकुद र आमोद प्रमोदमा भाग लिनेछन् , संगीत र साहित्य गोष्ठी इत्यादि राख्नेछन्। गाउँपिच्छे आवश्यकताहरु फरक हुँदै जान्छन् तर यी कामहरुका निमित्त आवश्यक साधनहरु जुटाउन असफल हुने पाठशाला आफ्नो ज्यादै महत्वका कामहरुमध्येको एकमा विफल हुन्छ। कुनै पाठशालाहरु राष्ट्रिय चाडबाड र वार्षिकोत्सवहरुसमेत चलाउन चाहनेछन्।

**स्वास्थ्य सेवा**

पूर्ण स्वास्थ्यको ज्ञान, राम्रा बानी र आचरणहरुको वृद्धि प्राथमिक र माध्यमिक पाठशालाहरुका पाठ्यक्रमको एक महत्वपूर्ण अंश छ। यिनीहरु विद्यार्थीहरुका निम्ति योजना गरिएका विधिज्ञानमा राखिएका छन्। तर पाठशालाले सफाइ र स्वास्थ्यको आदर्शरुप दृष्टान्त खडा गर्नुपर्छ। बचाउ र स्वास्थ्यका सुरक्षालाई मात्र होइन, असर आचरणहरुको विकाश गराउन र सिकाउने मौकाको रुपमा तिनको उपयोग गर्नसमेत चर्पी, लुगा धुने अनुकूलता र यदि कुनै छ भने भान्साका सुविधाहरुको ध्यानपूर्वक निरीक्षण हुनुपर्छ।

फेरि, विद्यार्थीहरु पाठशालामा छँदा विरामी परेमा अथवा घाइते भएमा पहिलो उपचार पुऱ्याउन शिक्षकहरु बोलाइने सम्भव हुन्छ। यसकारण पहिलो पाठशालामा (तत्कालिक) उपचारका सामान रहनु र शिक्षकहरुले त्यसको विधिहरु जानिराख्नुपर्छ। बाँकी समुदायले यो तात्कालिक उपचारका सुविधाहरुको लाभ लिन पाउने वा नपाउने कुरा प्रबन्ध समितिबाट निर्णय गर्नुपर्छ, तर शिक्षकहरुले स्वास्थ्योपचारका पूरा सेवा पुऱ्याउन न त समय पाउँछन् न शिक्षण नै।

**तातो खाजा**

आजका स्वास्थ्य विशेषज्ञहरु दिउँसोको तातो खाजाको अभाव, आहार समयको बीचमा लामो अवधि र अपर्याप्त भोजन केटाकेटीको स्वास्थ्यलाई ज्यादै असर पार्ने हानिकारक कुरा हुन् भन्ने दावा गर्दछन्। चारदेखि ६ घण्टासम्म पाठशालामा बस्ने केटाकेटीहरुलाई उनीहरुका दैनिक क्रमको बीचमा केही समयको अवकाश अवश्य चाहिन्छ र विहान बेलुकाको भोजनको बीचमा उनीहरुले केही खान पाउनु आवश्यक छ।

पाठशाला समयको मध्यमा तातो पौष्टिक खाना दिनु पाठशालाले विद्यार्थीहरुका निम्ति गर्न सक्ने उत्तम सेवाहरुमध्येको एक हो। राम्ररी खान पाएका केटाकेटीहरुका निम्तिसमेत यो लाभदायक हुनेछ। घरमा गरिबी खाना खुवाइएका केटाकेटीहरुलाई थोरै खुराकले बलियो स्वस्थ शरीर दिन यसले धेरै मद्दत गर्न सक्दछ।

यस्तो कामलाई रोकावट दिनेहरुमध्ये खर्च पनि एक हो। कुनै कुनै चीज केटाकेटीहरु घरैमा तयार गरेर ल्याउन सक्छन् ।अरु चीजहरु ल्याएर सामान्य भान्छामा पकाउन सकिन्छ। अथवा केटाकेटीहरुबाट विशेष दस्तुर उठाउन सकिन्छ, कि भने यस कामका निम्ति सारा गाउँलेहरुले तिर्नुपर्ने विशेष कर लगाउन हुन्न। सानासाना पाठशालाहरुमा यस कामलाई बेग्लै भान्से भर्ना गर्नुपर्दैन। शिक्षकको रेखदेखमा केटाकेटीहरुबाट काम गराउन हुन्छ। ठूला पाठशाला र

विद्यालयहरुमा केही विद्यार्थीहरुबाट काम सकाउने गरी एक भान्से राखे हुन्छ। यसरी निर्दिष्ट पाठ्यक्रमको एक आवश्यक विषय "आफैलाई खुवाउने" बारे बढता ज्ञान हासिल गर्न यो मौका पाइन्छ। हो, पैसा तिर्न नसक्नेहरुका निमित्त निःशुल्क खाना दिने व्यवस्था हुनुपर्छ।

**सारांश**

यस परिच्छेदमा आयोगले निम्न कुराहरु सुझाउ गरेको छ : -

(१) विशेष सेवा कार्यहरुमा शैक्षिक कार्यक्रमको आवश्यक अंश र शिक्षालयहरुका केही मुख्य कार्यहरु हुन्छन्।

(२) शिक्षालय सामुदायिक कार्यको केन्द्र हुनुपर्छ।

(३) शिक्षक तथा आमाबाबुहरुको बीचमा राम्रो सम्पर्क बढाउन स्थानीय, जिल्ला तथा राष्ट्रिय आधारमा शिक्षक-आमाबाबु-संघहरुको स्थापना हुनुपर्छ।

(४) प्रौढ शिक्षाको कार्यक्रमलाई उन्नत पार्न शिक्षालयले सुविधा र शिक्षकहरु दिनुपर्छ।

(५) सामुदायिक पुस्तकालयमा निम्ति शिक्षालय आदर्श स्थान छ र पुस्तकालयाध्यक्ष भएर काम गर्न शिक्षक नै प्रायः सर्वथा योग्य व्यक्ति छ।

(६) बाहिरी जीवन र व्यावहारिक ज्ञान बढाउन पाठशालाबाट गोष्ठीकार्य र बालचर कामको प्रबर्तन हुनुपर्छ।

(७) शिलालयले खेल, पैदल सफर तथा बासबसाइका साथ विदाको समयका कामहरुको निरीक्षण र उठान गर्नुपर्छ।

(८) शिक्षालयले सामुदायिक भावना र सहयोगको विकाश गर्न, आत्मविश्वास बढाउन र सामुदायिक उन्नतिलाई सहायता दिन सामाजिक कल्याण कार्यहरु चालु गराउनुपर्छ।

(९) शिक्षार्थीहरुको शैक्षिक जीवनलाई टुंग्याउन निर्दिष्ट क्रमबाहिरका कामहरु बढाउनु पर्छ।

(१०) शिक्षालयले तात्कालिक उपचारका साधनहरु जुटाउनुपर्छ र यसका सुविधाहरुलाई स्वास्थ्य र सफाइका नमूना बनाउनुपर्छ।

(११) हुन सक्छ भने शिक्षालयले सारा केटाकेटीहरुलाई दिउँसाको ताजा खाना अथवा खाजा दिनुपर्छ।

शिक्षा मन्त्रालय

# परिच्छेद १८

# बन्दोबस्ती कार्यक्रम

**प्राक्कथन**

अघिल्ला परिच्छेदहरुमा प्रस्तावित शिक्षाको योजना एक दस्कतले मात्र वास्तविक रुपमा परिणत हुन सक्तैन। यसलाई एउटा दृढ, प्रणालिबद्ध, विघ्न-वाधाविना चल्ने संस्थाको रुपमा ढाल्न वर्षौं लाग्नेछ। यसलाई अहिले कायम रहेका शिक्षालय, पद्धति, नीति र विधिहरुका सुधारको त्यति आवश्यक छैन जति नयाँ विचार, नयाँ बन्दोबस्त, नवीन पाठ्यक्रम र संस्थाहरुको विकाश तथा निर्माणको छ।

यसको केही अंश अहिले भइरहेकै अधिकारको ढाँचाभित्र शिक्षामन्त्रालयको नेतृत्वमा पूरा गर्न सकिन्छ। यद्यपि कुनै कुनै काममा अधिकार सन्दिग्ध छ तापनि यही कार्यक्रमले अगि बढ्नुपर्छ। जब नयाँ प्रजातान्त्रिक सरकार खडा भएर प्रतिनिधि व्यवस्थापिका सभा शक्तिशाली हुन्छ तब मात्र उसले एक विधान तयार गरेर स्वीकार गर्छ , अनि कुनै कुनै कुरामा ठोस व्यवस्थापनको आवश्यकता स्पष्ट देखिन्छ। कुनैले अहिले भइराखेकै बन्दोबस्तलाई सदर गर्छ, कुनैले नयाँ कार्यविधिको अख्तियार दिन्छ।

यस परिच्छेदले आयोगबाट पेश भएको शैक्षिक योजनालाई कार्यान्वित गर्न चाहिने व्यवस्थापनको कार्यक्रमको टिप्पणी पेश गर्दछ। हामीहरुले सारा कुरालाई ढाक्ने प्रयत्न गरेका छैनौं, कार्यक्रमका मुख्य मुख्य अंशहरुमा मात्र ध्यान आकर्षण गरेका छौं। न त हामीहरुले यहाँ हाम्रा सुझाउहरुलाई कानूनी परिभाषाले सिंगार्ने कोशिश गरेका छौं, यहाँ हामीहरु आवश्यक बन्दोबस्तका निम्ति हामीलाई लागेका ज्यादै महत्वपूर्ण विचारहरुको खेस्रा दिएका छौं।

आयोग, शिक्षाका निम्तिको यो योजनाका केही कानूनी समर्थनलाई विधानमा मिलाउनुपर्छ , कुनैलाई ऐनमा राख्नुपर्छ र कुनैलाई शिक्षामन्त्रालयबाट राखिएको नियम र विधिहरुको संग्रह "शिक्षाविधान" मा हाल्नुपर्छ भन्ने राय दिन्छ। जे होस्, अहिले यो व्यवस्थापनलाई यी श्रेणीहरुमा छुट्याउन कुनै प्रयत्न गरिएको छैन। यो काम विधान र ऐन बनाउनेहरुले गर्नुपर्छ।सामान्यतः (निःशुल्क शिक्षालाई प्रत्येक लडकाको अविच्छेद्य अधिकार जस्ता) आधारभूत उक्तिहरु पाइन्छन् तापनि व्यवस्थापिका सभाले नीति निर्धारण गरिदिनुपर्छ (अर्थात शिक्षालयहरुको मद्धतका निम्तिको अनिवार्य कर-निर्धारण) र विधानमा फाँट (शिक्षालयमा वार्षिक दिनसंख्या) खोलिदिनुपर्छ।

शैक्षिक व्यवस्थापनको विषयमा कारवाई गर्नुभन्दा पहिले सम्पूर्ण अर्थव्यवस्था र शिक्षा सँगसँगै सारा सामाजिक संस्थालाई लाभदायी भूमि-सुधार र कर-निर्धारण हुनुपर्छ भन्ने स्पष्ट छ। यिनीहरुविना महान् राष्ट्रिय शक्ति वा उन्नति केही हुन सक्तैन । यिनका विना शिक्षा वा कुनै पनि प्रगतिको कुरा गर्नु प्रायः व्यर्थ छ। अन्य हरेक कुरा आर्थिक भरको आधुनिक योजनाको प्रयोगमा केन्द्रित हुन्छ।

अघिल्लो परिच्छेदमा देखाएअनुसार आयोग दुइ मूलभूत सिद्धान्तको समर्थन गर्दछः-

१) सरकारले कर लिनुपर्नेबाहेक अरु उप्जा हुने सारा जग्गा र सम्पतिमा कर लाग्नुपर्छ र

२) तिर्ने सामर्थ्यअनुसार प्रत्येक मानिसमा कर लाउनुपर्छ।

यी सिद्धान्तका बलपूर्वकका प्रयोगले मालपोतबाट हुने आम्दानीमा ५० प्रतिशत वृद्धि हुन्छ र कर-मुक्त आम्दानी हट्दछ। यसले स्वतन्त्र उद्योग वा लोकाद्योगलाई अनुत्साहित गर्दैन। यसले प्रत्येकलाई उसको सरकारमा काम र उसको मण्डलीमा दामको लगानी गर्न दिन्छ।

ठूल्ठूला परम्परागत कर-मुक्त जग्गा र अधिकारको समस्या हल गर्न किस्ताबन्दीले भुक्तानी दिने बीस वर्षे योजना बनाएर सरकार यी जग्गा र हक खरीद गर्ने प्रवन्ध गर्नसक्छ। यसरी परम्परागत नियन्त्रणको अन्त्य गरी, सानासाना अधिकारीहरुमा भोगाधिकार टुटाएर हितलाई पोत तिरुवा पार्न र सँगसँगै वर्तमान मालिकहरुलाई न्यासंगत सट्टा भर्ना दिन सक्छ।

आम्दानीका अरु मुहानहरु भेट्टाउन जीवन धान्न चाहिने मूल खर्च कटाएर क्रमशः बढ्दै जाने आय कर, सानो मात्रामा मुण्ड कर, विलास कर, प्राकृतिक समृद्धि पृथक्करण कर, सुझाउ गरिएका छन्। आयोगले भूमिसुधार करको निम्ति जनतालाई तयार पार्न तुरुन्तै शैक्षिक आन्दोलन शुरु गर्ने सुझाउ समेत पेश गरेको छ।

अझ यी भावनाहरुमा जनतालाई शिक्षित पार्न र सुधारहरुका निम्ति आवश्यक बन्दोबस्त गर्न, यी दुवै कामको गूढ समस्यामा मद्धत गर्न विदेशी सहायता माग्नुपर्छ र विशेष आयोग खडा गरिनुपर्छ भन्ने आयोगको धारणा छ। साक्षता र शिक्षाको विस्तृत विकाशलाई यस्तो सुधार सर्वश्रेष्ठ छ।

**शिक्षा संगठन नियम**

शिक्षाका निम्ति भरराखेको र विचार गरिएको बन्दोबस्तलाई प्रमाणित गर्न व्यवस्थापन आवश्यक छ। यस्तो नियमले-

(१) सिद्धान्तको निर्माण र प्रवर्त्तन पाठ्यक्रमको योजना र निर्देशन, अनुसन्धानको संचालन र राष्ट्रिय आधारमा सारा तह अथवा शिक्षाका निम्ति नेतृत्व र सामान्य व्यवस्थासहित शिक्षामन्त्रालयको अधिकार स्पष्ट पार्नुपर्छ।

(२) सातौं र चौधौं परिच्छेदमा वर्णित कर्तव्यहरुसहित राष्ट्रिय शिक्षा समितिको स्थापनालाई चाहिंदो कुराहरु पुऱ्याउनुपर्छ,

(३) सातौं र चौधौं परिच्छेदमा छलफल भएअनुसार जिल्लाअनुसार शिक्षाको निरीक्षण गर्न जिल्ला शिक्षा समितिको स्थापनालाई आवश्यक कुराहरु जुटाइदिनुपर्छ, तथा

(४) स्थानीय शिक्षालय इलाकाको बन्दोबस्तसहित शिक्षा समिति अथवा स्थानीय प्रवन्ध समितिको चुनाउ र इलाका, कर-निर्धारण तथा स्थानीय शिक्षालय पद्धतिलाई चालु राख्नाको लागि आवश्यक कार्य गर्ने अख्तियारको निरुपण गर्नुपर्छ।

**शिक्षा अर्थव्यवस्था नियम**

सरकारी सामान्य अर्थीय सहायताका निम्ति न्याय कर-निर्धारणको अभिभारा लिएर पन्ध्रौं परिच्छेदमा बहस गरे जस्तो शिक्षानिमित्त पूरक मद्धत पुऱ्याउन थप व्यवस्थापन आवश्यक छ , यस्तो व्यवस्थापनलेः-

(१) शिक्षालाई सार्वजनिक सहायताका निम्ति नयाँ शिक्षालयहरुको स्थापनालाई प्रेरित गर्न र विभिन्न जिल्लाहरुमा सहायताको बढता समानता ल्याउनुपर्छ।अघिल्लो वर्ष शिक्षामा खर्च भएको (सारा स्रोतबाट आएको) चन्दाहरुको जम्मा अंशबाट १० देखि २० प्रतिशत चन्दा नयाँ शिक्षालयहरुले उपयोग गर्ने विशेष सहायतादानको रुपमा सालबसाली पाउने हुनुपर्छ। यत्तिकै रकम एकपल्ट खुलिसकेका यी शिक्षालयहरुलाई कायमी तर घट्दै जाने मद्धतमा खर्च राख्नुपर्छ।यो पैसा सरकारको सामान्य कोषबाट आउनुपर्छ र केन्द्रीय सरकारद्वारा यसको व्यवस्था तथा वितरण हुनुपर्छ।

(२) शिक्षामन्त्रालयको प्रशासन र संचालनका निम्ति सामान्य बजेटबाट आवश्यक रकम दिनुपर्छ।

(३) उच्च शिक्षाको समर्थन (पढाइ शुल्क, दान, बकस आदिद्वारा आएको आम्दानीबाहेक) सामान्य कोषबाट हुनुपर्छ।

(४) सरकारी अनाथालय, शोधनात्मक शिक्षालयहरुको मद्धत इत्यादिको खर्च सामान्य बजेटबाट हुनुपर्छ।

शिक्षा मन्त्रालय

(५) शैक्षिक अनुसन्धानका निम्ति सोझै शिक्षामन्त्रालय अथवा ठेक्का वा अनुदानमा अरु गुमस्ताहरु (एजेन्ट) बाट खर्च गरिन शिक्षामा अघिल्ला अघिल्ला वर्षका जम्मा खर्चको २ देखि ५ प्रतिशत बराबरीको रकम सामान्य बजेटबाट दिनुपर्छ।

(६) शिक्षामन्त्रालय, जिल्ला शिक्षा समिति, स्थानीय प्रवन्ध समिति, उच्च शिक्षाका संस्था इत्यादि सारा शैक्षिक संस्थाहरुबाट आधुनिक आय-व्ययसम्बन्धी विधि र आम्दानी खर्चमा नियन्त्रणको प्रवन्ध हुनुपर्छ।

**प्राथमिक पाठशाला नियम**

यो नियमले प्रत्येक गाउँ वा ग्राम समूहहरुमा प्राथमिक पाठशाला खडा गर्न प्रोत्साहन र मौका दिनुपर्छ। यसले स्थानीय प्रवन्ध समितिहरुलाईः-

(१) प्राथमिक पाठशालाहरु खोल्ने,

(२) आवश्यकताअनुसार शिक्षकहरु वा जमातलाई काममा लगाउने,

(३) पाठशालाका हाताको सीमा निर्धारण गर्ने,

(४) जिल्लाभित्र प्राथमिक शिक्षा अनिवार्य गराउने र आफ्ना केटाकेटीहरुलाई पाठशाला नपठाउने आमाबाबुहरुका विरुद्ध कानूनी कारवाई चलाउने,

(५) (अन्य सामान्य कर संग्रह गर्ने संस्थाहरुको अभावमा ) यिनीहरुका सहारालाई कर तोक्ने र उठाउने, तथा

(६) केन्द्रीय सरकारबाट आवश्यक प्रारम्भिक सहायता लिने र शुरुको कालपछि साधारण चन्दाको भागशान्ति पाउने हिस्सा लिइरहने अनुमति दिनुपर्छ।

**माध्यमिक पाठशाला नियम**

यो नियमले प्रत्येक जिल्लामा एक वा त्यसभन्दा बढी बहु उद्देश्यका विद्यालयहरु स्थापना गर्न प्रोत्साहन र प्रवन्ध गरिदिनुपर्छ।यसले-

(१) वर्तमान समयमा विद्यालय (हाइ स्कूल) हरु नभएका बत्तीसै जिल्लाहरुमा बहु उद्देश्यका विद्यालयको तत्काल स्थापना र व्यवस्थाको पूर्ति गर्नुपर्छ।

(२) एक जिल्ला घिराएर अर्को जिल्लामा कमसेकम अहिले भइराखेको एउटा विद्यालयलाई बहु उद्देशित विद्यालयमा परिवर्तन गर्नुपर्छ।

(३) अरु विद्यालयहरुको पनि सकेसम्म चाँडै रुपान्तर गर्नुपर्छ।

(४) एउटै शहर वा नजीक नजीकमा एकभन्दा बढता पाठशाला भएको ठाउँमा तिनीहरुलाई गाभेर एउटै बलियो बहु उद्देशित विद्यालय गराउन वा एउटै प्रवन्ध समितिको मातहतमा प्रवन्धीय एकीकरण हुनुपर्छ।

(५) प्रत्येक विद्यालय वा एकीकृत विद्यालयहरुको समूहका निम्ति सेवित क्षेत्रका जनताबाट रोजिने अथवा जिल्ला शिक्षा समितिले नियुक्त गर्ने एक विशेष प्रबन्ध समिति खडा गरिदिनुपर्छ।

(६) विद्यालयबाट सेवित सारा प्राथमिक पाठशाला भएका जिल्ला र अरु क्षेत्रहरुमा विद्यालय कर-व्यवस्थापन हुनुपर्छ।

(७) विद्यालयका निम्ति स्थान र घर तथा छात्रावाससमेतलाई आवश्यक घरहरु पाउनुपर्छ।

(८) शिक्षकहरु र अन्य कर्मचारीहरुलाई काम दिने सुविधा दिनुपर्छ।

**विश्वविद्यालय ऐन**

यो ऐनले राष्ट्रिय विश्वविद्यालयको स्थापनालाई पूर्ण गर्नुपर्छ। यसलेः-

(१) राष्ट्रिय शिक्षा समितिको मातहतमा विश्वविद्यालयको रेखदेख राख्न उच्च शिक्षाको एक उपसमितिको स्थापना,

उपकुलपति र अन्य बन्दोबस्ती कर्मचारीहरुको नियुक्ति,

विश्वविद्यालयका निम्ति स्थान र आवश्यक भवनहरुको प्राप्ति,

अरुलाई वृद्धि-कार्य वा शाखा महाविद्यालयको रुपमा मानेर (सामान्य कला महाविद्यालयहरु जस्ता) एकै किसिमका सारा संस्थाहरुले मूल महाविद्यालयहरुको विश्वविद्यालय निर्माण,

अहिले भइराखेका किसिमलाई मातृसंस्था र नयाँ किसिमहरुलाई सोझै विश्वविद्यालयको मातहतमा राखेर आवश्यकताअनुसार नयाँ महाविद्यालयहरुको स्थापना,

अत्यावश्यक परेका ठाउँहरुमा तरुणहरुलाई यो पेशामा प्रवृत्त हुन प्रोत्साहन दिन शिक्षकहरुको महाविद्यालय र शिक्षक शिक्षणलाई विशेष सहायताको व्यवस्था गर्नुपर्छ।

**पाठशाला विधान ऐन**

यसले शिक्षा अधिकारीहरुलाई पथ-प्रदर्शन गर्न शिक्षाविधान र विभागयि सनद सवालहरुको पुस्तक संग्रह गरी कार्यान्वितसमेत गराउन शिक्षामन्त्रालयलाई निर्देश गर्नुपर्छ।

शिक्षा मन्त्रालय

**शिक्षक कल्याण ऐन**

असल पाठशाला राख्न शिक्षकहरु असल हुनुपर्छ। असल शिक्षकहरु पाउन हामीहरुले योग्य युवाहरुलाई यो पेशामा आकर्षण गर्न कमसेकम रमणीयताको वचन दिनुपर्छ।

(१) नोकरी वर्षअनुसार क्रमशः बढ्दै जाने तलबको निम्नतम दरबन्दी खडा गर्नुपर्छ र शिक्षकको तालिम संख्यालाई मान्यता दिनुपर्छ।

(२) अयोग्यहरुलाई शिक्षण वृत्तिबाट अलग राख्न शिक्षकहरुको राष्ट्रिय प्रमाणीकरण गर्नुपर्छ।

(३) शिक्षकको उपल्लो तयारीलाई प्रोत्साहन दिन प्रारम्भिक र अनुगामी शिक्षाको लागि विशेष भत्ता र अर्थीय प्रलोभनको व्यवस्था हुनुपर्छ।

(४) सबै शिक्षकहरुका निम्ति शिक्षणको तल्लो स्तर तोकिदिनुपर्छ।

**सारांश**

यो परिच्छेदमा आयोगले निम्न कुराहरुको पूर्ति गर्ने विधान बनाउन सुझाउ गरेको छ।

(१) भूमि-सूधार र आय तथा सम्पती कर-निर्धारण।

(२) शिक्षण पद्धति र आवश्यकीय प्रवन्धीय नियन्त्रणको व्यवस्था।

(३) स्थानीय, जिल्ला र राष्ट्रिय आधारमा शिक्षाको खर्चको व्यवस्था।

(४) प्राथमिक स्कूलहरुको संस्थापन।

(५) बहु उद्देश्यका विद्यालयहरुको स्थापना।

(६) आवश्यकताअनुसार विश्वविद्यालय र महाविद्यालयहरुको स्थापना।

(७) शिक्षालय विधानको संग्रह र प्रकाशन।

(८) शिक्षकहरुका हितको संरक्षण।

शिक्षा मन्त्रालय

# तेस्रो भाग

# अन्तिम परिणाम

शिक्षा मन्त्रालय

# परिच्छेद १९

# सारांश र सिफारिश

आयोगले राष्ट्रिय शिक्षा पद्धतिका निमित्त विस्तृत विवरण पेश गरेको छ। सातौं परिच्छेदमा यसको पूर्ण रेखा र पछिका परिच्छेदहरुमा पूरा विवरण दिएको छ। यी परिच्छेदहरुमा हामीहरुले अनेकौं सुझाउ गरेका र ती सुझाउहरुको समर्थनका निम्ति प्रशस्त कारण, सिद्धान्त तथा सूचना समाचारहरु दिएका छौं। यी सुझाउहरुलाई कार्यान्वित गर्न आवश्यक कार्यको महान् क्षेत्रतिर पनि हामीहरुले संकेत गरेका छौं। यस परिच्छेदमा हामीहरु योजनाको सारांश दिएर आफ्ना सिफारिशहरुलाई दृढ पार्दछौं।

**सिफारिश संख्या १**

यो आयोग शिक्षा मन्त्रालयसँग तत्काल एक अनुसन्धान विभाग खोल्न सिफारिश गर्दछ। नेपालमा शिक्षाको योजना र क्रमशः विकासका निम्ति आधार खडा गर्न यस विवरणको पूर्वार्द्धमा पाइने जस्तै तथ्याँकहरुको विस्तृत, नियमित र प्रणालियुक्त संकलन गरेर यो जस्तै विवरण तयार पारी कमसेकम वर्षको २ पटक त्यसको प्रकाशन गर्नु विभागका मुख्य कामहरुमध्ये एउटा हुनुपर्छ।

यस्ता समाचार, तथ्यांक र तिनका संग्रहका विधिको अभावले आयोगलाई नेपालमा शिक्षाको अध्ययन र राष्ट्रिय शैक्षिक योजना तयार पार्ने प्रयत्नमा विध्न पारेको छ। यसले हाम्रा योजनाहरुलाई कार्यान्वित गर्न र प्रणालि अनुसारको प्रबन्ध मिलाउन जिम्मेवार व्यक्तिहरुलाई पनि बराबर असुविधामा पारिरहेछ। जबसम्म प्रगति र समस्याहरुको लगातार मूल्यांकन हुँदैन तबसम्म प्रभावकारी योजना ज्यादै कम हुन्छ।

यो काम (शिक्षा मन्त्रालयको संगठनीय योजनामा सिफारिश गरे अनुसार) प्रबन्धीय उपसचिवका कार्यालयको अनुसन्धान विभागलाई सुम्पनु पर्दछ। तथ्याँकहरुको नियमित संकलनका अतिरिक्त यो अनुसन्धान विभागले पाठ्यावलीका समस्या, शिक्षण, पद्धति, शिक्षकहरुको हित, परीक्षा र परिमाणहरु इत्यादि अन्य धेरै विषयहरुमा समेत अनुसन्धान कार्य चलाउन र त्यसका निम्ति प्रेरणा गर्नु पर्दछ। यसले शिक्षक महाविद्यालय र (सामाजिक अनुसन्धान, जनसंख्याको अध्ययन इत्यादि जस्तै) शिक्षासँग सम्बन्धित अनुसन्धान कार्य चलाइरहेका विश्वविद्यालयका अन्य महाविद्यालयहरुका अनुसन्धान विभागसित नजीकको सम्पर्क राखेर काम गर्नु पर्दछ।

यी तथ्यांकहरुको संकलन गर्न सादा र छोटकरी फाराममका तरीका प्रयोग गर्नु पर्दछ। यस्ता फारामबाट शिक्षालयहरुको स्थान र संख्या र योग्यता, भर्ना र हाजिरी अंक, विभिन्न स्रोतबाट आम्दानी र कार्यहरुमा खर्च, घरका किसिम र सुविधाहरु, जनतासँगको सम्बन्ध, भविष्यको योजना, तथा यस्तै अंक र समाचारको माग गर्नु पर्दछ। कुनै फारामहरु प्रधानाध्यापक र प्रबन्ध-समितिका सदस्यहरुबाट र अरु जिल्ला वा प्रादेशिक तहबाट भरिनेछन्।

यस्ता अंकहरुको संग्रह र उल्लेखहरु नराखेसम्म शिक्षाको काम स्याहा स्रेस्ताविनाको व्याँक र विना नक्साको जहाज झैं चल्नेछ। शीघ्रतासित भइरहेका अरु परिवर्तनहरुको विचार नराखी तथ्यांकहरुको संग्रह र सूचना पाउने प्रबन्ध तत्काल हुनुपर्छ किनभने यसले वर्तमान र भविष्य दुवैलाई काम दिन्छ। अझ यसले शिक्षाको यो राष्ट्रिय कार्यक्रमलाई पूरा गर्न पथ-दर्शक प्रकाशको काम दिनेछ।

**सिफारिश संख्या २**

यो आयोग राष्ट्रभरमा प्रारम्भिक श्रेणीदेखि पूर्ण वयस्कसम्मलाई निःशुल्क, कर-सहायित, सार्वजनिक शिक्षाको एउटै पद्धति खडा गर्न अनुरोध गर्दछ। यसका निम्ति

(अ) पाँच वर्षको साधारण, व्यावहारिक प्रारम्भिक पाठशालीय शिक्षा, (आ) पाँच वर्षको बहूदेश्य

(व्यावसायिकसहित) माध्यमिक पाठशालीय शिक्षा (इ) दुइदेखि सात वर्षसम्म विश्वविद्यालयी प्रणालि अन्तर्गतको सामान्य र विशिष्ट महाविद्यालयी शिक्षा, (ई) बहुव्यापी प्रौढ शिक्षा, (उ) मन्त्रालयदेखि पाठशाला प्रबन्ध-समितिसम्मको प्रबन्धीय पुनर्गठन र (ऊ) शिक्षाका निमित्त पर्याप्त खर्च थेग्न राजकर र दस्तुरहरुको सम्पूर्ण सुधार हुनु आवश्यक छ।

आयोगसित राष्ट्रिय शिक्षाका निमित्त एउटा विस्तृत योजनाको रुपरेखा खिच्न भनिएको थियो। वर्तमान प्रणालिहरुका सुधारको रुपरेखा मागिएको थिएन। वर्तमान शिक्षाको असफलतामा हतबुद्धि भएर यसका पुनर्निर्माणको चिन्तन गर्नुभन्दा नयाँ जग बसाल्नुदेखि शुरु गर्नु बेस हुन्छ भन्ने स्पष्ट छ र आयोग पनि यो अनुमानमा सम्मत छ। ज्यादै थोरै मानिसले पाउन सक्ने सीमित सुविधाहरुलाई लिएर यी अप्रचलित र प्रभावहीन शैक्षणिक ढाँचालाई टालटूल गर्ने प्रयत्न गर्नु आयोगको दृष्टिमा निष्फल छ। यी विद्यमान प्रणालीहरुको निरीक्षण गरेर उपयोग वैशिष्ठ्यहरु बचाइए तर वस्तुतः यो विवरणमा प्रस्तुत राष्ट्रिय प्रणालि नयाँ, ताजा र आधुनिक बीसौं शताव्दीको नेपालका निम्ति रचना गरिएको छ।

सो कार्यक्रमले जनता र मुलुकको यथार्थ आवश्यकता, आर्थिक साधन र परिमितता, परम्परा र जनताको आधिक्यलाई मान्यता दिएको छ। यो व्यावहारिक, वास्तविक र प्राप्य छ। यसलाई

पूर्ण रुपले विकसित पार्न धेरै वर्षको समय चाहिन्छ तापनि प्रत्येकले सहयोग दिएमा यसको प्रगति शीघ्र र तत्काल दृश्य हुन्छ।

आयोगको विश्वास छ कि प्रारम्भिक र माध्यमिक शिक्षाका निम्तिको दश वर्ष अर्थीय यथार्थता र इष्ट आकांक्षाको बीचमा राम्ररी मेल खान्छ। यसले सर्वव्यापक माध्यमिक शिक्षा सँगसँगै व्यापक प्रारम्भिक शिक्षालाई पनि मानेको छ तर पछिल्लोलाई तत्कालको लक्ष्य मानेर सन्तोष मान्नुपर्छ। अर्कोचाहिँ पछिका पुस्ताले मात्र पाउन सक्नेछन्।

यो आयोग, थोरैका निम्ति महाविद्यालयीय शिक्षा र सबको लागि प्रौढ शिक्षा उचित र केही छिटै पुग्न सकिने लक्ष्य हो भन्ने ठान्दछ। महाविद्यालयको शिक्षण थोरै मानिसलाई मात्र आवश्यक, ज्यादै विशिष्ठ र प्रकर्ष छ। तर प्रजातन्त्रमा सारा वयस्कका निम्ति साक्षरता र न्यूनतापूरक शिक्षा आधारभूत छ।

प्रणालियुक्त र कुशल संगठन तथा अर्थ प्रबन्धको अभावमा कुनै ठूलो काम फस्टाउन सक्दैन। संगठन प्रजातान्त्रिक हुनुपर्छ र त्यसले प्रत्येक व्यक्तिको अधिकतम उत्पादनलाई प्रोत्साहन दिनुपर्छ। यसले जिम्मेदारी बाँडफाँड र अधिकारको प्रतिनिधित्वलाई मात्र प्रबन्ध गर्ने होइन, तर अन्त्यमा जनताको प्रतिनिधित्व गर्ने विभाजक समितिहरुबाट दुर्व्यवहार भएमा यिनलाई हटाउन समेत सक्नुपर्छ। संगठनमा र शिक्षाको बन्दोवस्तमा निरुत्साहित चाख, कारवाई र जिम्मेदारी हुनु हुँदैन। यी शिक्षाका जीवन-रेखा हुन्।

अझ, पोषक अर्थीय साधनहरुविना शिक्षा सफल हुन सक्तैन। भोको पेटमा पढ्न केटाकेटी तयार छैनन् र न भोको पेट र आर्थिक चिन्तामा ग्रस्त शिक्षकहरु शिकाउन नै तयार छन्। विद्याको सेरोफेरो तयार पार्ने पाठ्यपुस्तक र अन्य सामग्रीले रहित शैक्षिक शून्य स्थानमा असल विद्याले ठाउँ पाउन सक्तैन। शिक्षाको समर्थनलाई भविष्यमा प्रशस्त ठूला रकम आउनु पर्छ, तर प्रत्येक व्यक्तिले आफ्नो आर्थिक अवस्था अनुसारको सहयोग दियो भने यो कुनै पार लाग्न नसक्ने काम हुने छैन।

**सिफारिश संख्या ३**

आयोग, प्रारम्भिक पाठशालाहरुका निमित्त आफ्ना न्यूनतम लक्षणहरुमा एकनास, पंच वर्षीय पाठ्यक्रमको विकाश र ग्रहणका निम्ति सिफारिश गर्दछ। तर यसले स्थानीय परिस्थितिलाई मिल्दा सुविधाहरु र विस्तारका निम्ति छूट दिनुपर्छ। यस पाठ्यक्रमले समाज, विज्ञान र स्वास्थ्य, भाषा, गणित, शिल्पकला, ललितकला वैयक्तिक उन्नतिको विषयमा न्यूनतम ज्ञान दिनुपर्छ।

आयोगबाट प्रस्तावित पाठ्यक्रममा दुई कुराको प्रभाव परेको छ। पहिला, आगामी धेरै वर्षलाई हाम्रा बहुसंख्यक, शायद ८० प्रतिशत, केटाकेटीले प्राथमिक शिक्षा मात्र पाउन सक्छन्। दोश्रो, हाम्रा ८५ देखि ९० प्रतिशत जनता आफ्ना निधारको पसीना चुहाएर तथा हातले परिश्रम गरेर आफ्नो जीविका उपार्जन गर्छन्। यी दुई कुराले व्यावहारिक र व्यावसायिक महत्वको माग गर्छन्। आयोग बाल परिश्रमको प्रथालाई क्षम्य मान्दैन, हाम्रो आर्थिक स्थितिलाई केटाकेटीहरुलाई आवश्यक सामान्य शिक्षा दिनको लागि (जुन गर्नैपर्छ भन्ने आयोग दृढ मान्दछ) घर, आमाबाबु र श्रम-क्षेत्रको शिशिक्षुता (अप्रेण्टिसशिप) बाट उकाल्नु छ भने, त्यसले शुरुको उत्पादक शिशिक्षुता कामको सट्टामा व्यावसायिक शिक्षण दिनुपर्छ। ६ देखि १० वर्षको उमेरको लड्का व्यवसाय सिक्न पाको छैन, तर हिजोआज उ यस उमेर मै मिहिनेत मजुरीमा लगाइन्छ। पाठशालाले उसलाई त्यसको सट्टाको शिक्षण दिन सक्छ।

फेरि, प्रारम्भिक पाठशालामा शिल्पकलाको प्रधानताले उसलाई उच्चतर स्तरको जीवन, बढ्ता आराम, राम्रो स्वास्थ्य र उ तथा उसका परिवारको गाँस, वास र पहिरनको बढ्ता सामर्थ्र्यद्वारा बढी मात्रामा आत्म-निर्भरता हासिल गर्न समर्थ तुल्याउनेछ।

आठौं परिच्छेदमा आयोगले राष्ट्रिय एकता र बल बढाउनका निम्ति शिक्षाको माध्यमको रुपमा सकेसम्म चाँडो नेपाली भाषालाई बढाउन आग्रह गरेको छ। यसले स्त्रीशिक्षाको प्रचार, संस्कारित शिक्षण पद्धति, अनुकूल पाठ्यपुस्तकहरु र अन्य शैक्षिक साधनहरु तथा शिष्यहरुका प्रगतिको विकाशलाई आधुनिक प्रणालिमा जोड गर्छ। आयोग, नेपालमा प्रत्येक लडकालाई प्राथमिक पाठशाला प्राप्य हुने र हरेकले प्राथमिक शिक्षालाई आफ्ना अविभाज्य सम्पत्तिको रुपमा गणना गर्ने दिनको सपना देख्तछ।

**सिफारिश संख्या ४**

यो आयोग नेपालको प्रत्येक जिल्लामा ढाक्ने पंच वर्षीय बहूद्देश्य विद्यालयहरुको बृद्धिको सिफारिश गर्दछ। यिनको पुस्तकावलीले (अ) समाजशास्त्र, व्यावहारिक विज्ञान, नेपाली, व्यावहारिक गणित र वैयक्तिक शारीरिक विकाशसहितको सबका निम्ति सामान्य शिक्षा, (आ) व्यवसाय अघिको शिक्षामा एक "मेजर"को व्यक्तिगत रोजाइको लागि व्यावसायिक शिक्षा, व्यापार, खेती, उद्योग, गृह निर्माण र सामान्य महाविद्यालय-प्रारम्भिक कार्य र (इ) विदेशी भाषामा इच्छाधीन व्यावसायिक शिक्षा, ललितकला र हस्तशिल्प, संगीत र लोकनृत्य, व्यावहारिक भाषा साहित्य र प्रशस्त माग भएका अन्य विषयहरुका निम्तिको पाठ्यक्रम पुऱ्याउनु पर्छ।

यहाँ फेरि आयोगको सिफारिश दुइ कुराले प्रतिबन्धित छ। पहिलो, धेरै वर्षसम्म माध्यमिक शिक्षा हाम्रा दोस्रो तहका नेता हुने युवाहरुको सीमित संख्यालाई मात्र उपलब्ध हुनेछ। दोस्रो, यी नेताहरुले राष्ट्रको सेवा गर्नु छ भने व्यावसायिक दिशामा तोकिएको शिक्षा लिनु आवश्यक छ। यसकारण आयोगले राष्ट्रिय शिक्षाको परम्परागत एउटै क्रमको विरुद्ध अनेकौं समूहका आवश्यकता पूर्तिमा र व्यावसायिक शिक्षामा ज्यादा जोड दिएको छ। नेपालमा परम्परागत अंग्रेजी वा संस्कृत शिक्षा आवश्यक भए पनि, कृषि, यन्त्रविद्या, औषधि-निर्माण जस्ता खास खास व्यवसायका निम्ति बाहेक महाविद्यालयको लागि मात्र तालीम गर्ने शिक्षाको कम आवश्यक छ। विद्यालयको पाठ्यावलीले नागरिकजीवन, जीविकोपार्जन र एउटाको व्यक्तिगत अथवा परिवारिक जीवनका निम्ति सन्तुलित शिक्षा दिनुपर्छ।

फेरि, विद्यालयको निर्दिष्ट पुस्तकावलीले उपस्थित हुनेहरुका विभिन्न आवश्यकताहरुलाई पुऱ्याउनु पर्छ। हामीहरु बेग्लै विद्यालयहरुमा कृषि, औषधि-निर्माण, गृह-निर्माण इत्यादिलाई आवश्यकताहरुको पूर्ति गर्न सक्तैनौं, न त हामीहरु शैक्षणिक दृष्टिकोणबाट यसलाई अनुमतियोग्य ठान्दछौं। कुनै कुनै मुलुकहरुमा प्रचलित शास्त्रीय विद्या र व्यावसायिक शिक्षा, रोजगारका निम्तिको र तयारी कृषि शिक्षा, मानवता र विज्ञान इत्यादिका बीचको जस्तो पृथक्करणले एउटाको व्यवसायमा आधारित "वर्ग"भेदमा मात्र पुऱ्याउँछ। तसर्थ आयोग बहूद्देश्य विद्यालय नै नेपालका निम्ति सर्वोत्तम प्रबन्ध छ भन्ने मान्दछ।

आयोगले माध्यमिक शिक्षाको छिटो प्रसारलाई अनुत्साहित पार्न खोजेको होइन, तर सर्वव्यापी प्राथमिक शिक्षा पहिले हुनुपर्छ भन्ने मान्दछ। अर्थीय दृष्टिबाट पाँचदेखि दस वर्षभित्रमा नेपालका ३२ जिल्लाहरुमध्ये हरेकमा कमसेकम एकेकोटा बहूद्देश्य विद्यालय राख्न सकिन्छ भन्ने हामी मान्दछौं र जति जति पूँजी र तालीम-प्राप्त शिक्षकहरु प्राप्य हुन्छन् त्यति नै छिटो अरु बढता खडा गर्नु पर्छ।

नवौं परिच्छेदमा आयोग शिक्षणका आधुनिक प्रणालिहरु, उपयोगी पाठ्यपुस्तक र अन्य शैक्षिक साधनहरुको वैज्ञानिक, विकाश, विशेष पाठ्यावलीय र सामूहिक कारवाईहरु, निरन्तरण विद्यार्थी निर्धारणका आधुनिक सामान्य विचारहरुको प्रचलन र "पास"को प्रणालिबाट पाण्डित्य गणना, विद्यालयान्त परीक्षाको (स्कूल लिभिङ एग्जामिनेशनको) लोप र संसारभरी उत्तम विद्यालयहरुमा पाइने अन्य चलनहरुको प्रयोगलाई आग्रह गर्दछ।

**सिफारिश संख्या ५**

यो आयोग उन्नत साहित्य र विज्ञान, कृषि र वन, शिक्षक शिक्षण, ऐन कानून, परिचर्या, औषधि र दन्त विद्या, गृहविज्ञान, विविध कला र आवश्यकता अनुसार अन्य क्षेत्रहरुका महाविद्यालयहरुले युक्त एउटा राष्ट्रिय विश्वविद्यालयको तत्काल स्थापना गर्न सिफारिश गर्दछ।

यो चालले विदेशी प्रमाणको हाम्रो अवलम्बनलाई टुटाएर नेपालमा उच्च शिक्षालाई प्रतिष्ठा दिनेछ। यसले राम्रो नेतृत्व र एकीकरणद्वारा अहिले भइराखेका महाविद्यालयहरुलाई बलियो तुल्याएर नयाँ महाविद्यालयहरुको स्थापनामा नियन्त्रण राख्नेछ। विश्वविद्यालय संगठनलाई लाग्ने वास्तविक थप खर्च उपेक्षा गर्न सकिने मात्रामा हुनेछ भन्ने आयोगलाई विश्वास छ। हामी विश्वविद्यालय राखौं वा नराखौं, उच्च शिक्षाको खर्च त बढ्ने छ र बढ्नै पनि पर्छ, तर अहिलेको बेग्लै संस्थाको अधीनमा भन्दा विश्वविद्यालयको अधीनमा बृद्धिको राम्रो योजना र नियन्त्रण गर्न सकिन्छ।

आयोगको विचारमा एउटा ठोस आनुसन्धानिक कार्यक्रमले युक्त, व्यापक अध्ययनक्रमबाट मुलुकको प्रत्येक गाउँमा पुगेर विश्वविद्यालय केन्द्रमा "माउ"महाविद्यालयहरुका मातहतका "साना महाविद्यालयहरु"द्वारा राष्ट्रको हरेक क्षेत्रलाई ढाक्ने केन्द्र पारेर एकै घेराभित्र अवस्थित एक खँदिलो शिक्षण विश्वविद्यालय हुनुपर्छ।

विश्वविद्यालयले राजनैतिक प्रभावबाट बिलकुल अलग रहनु पर्छ तर सामान्य पाठशाला प्रणालिसित घनिष्ठ सम्बन्ध राख्नुपर्छ। प्रजातान्त्रिक प्रणालि यसको शासन हुनुपर्छ र माध्यमिक शिक्षालाई पनि यही सुविधा दिनुपर्छ।

सामान्य शिक्षाले व्यावसायिक महाविद्यालयहरुलाई उपयोग भएर सामान्य कला र विज्ञान महाविद्यालयले विश्वविद्यालयको धुरा बन्नुपर्छ। (व्यापार शिक्षा, संगीत, ललितकला, इत्यादि) चाखका कुनै क्षेत्रहरुलाई, ती बलिया भएर बेग्लै महाविद्यालयका योग्य नभई प्रारम्भिक अवस्थामा रहिन्जेल यसले पोस्नु पर्दछ।

आयोगले दसौं परिच्छेदमा शिक्षाका तरीकाको नवीनता, शैक्षिक साधनका बढता श्रेणीको प्रचार, विद्यार्थी पथ-दर्शन संस्थाको उन्नति, "पास"प्रणालिमा विद्वदणनाको चलन, एउटा प्रभावशाली केन्द्रीय पुस्तकालयको विकाश र आधुनिक विश्वविद्यालयका विलक्षण अन्य चलनहरुका निम्ति पनि आग्रह गरेको छ।

**सिफारिश संख्या ६**

प्रौढ साक्षरतामा तात्कालिक महत्वसहित व्यापक प्रौढ शिक्षा कार्यक्रमको छिटो विकासको लागि आयोग सिफारिश गर्छ।

ज्ञानप्राप्त नागरिकता प्रजातन्त्रको मेरुदण्ड हो। प्रौढ जनता शिक्षित नभएसम्म प्रजातन्त्र एउटा आकार, एक धोखा मात्र हुनेछ। प्रजातन्त्रका संग्राहक मतदाताहरुले पहिले साक्षर बन्नु पर्छ, अनि प्रशस्त पढ्ने, राष्ट्रिय र विश्वघटनाको सम्बन्धमा जान्ने र आफ्नो मुलुकका राजनैतिक कार्यमा बुद्धिमानीपूर्वक भाग लिने अर्थमा शिक्षित हुनुपर्छ।

शिक्षित प्रौढहरु आफ्ना सन्तानका शिक्षाको समर्थन बन्दछन्। तिनीहरु कुशल खेतीवाल, शिल्पी र पसले हुन्छन्। तिनीहरु नै आफ्नो जीवनस्तर, आर्थिक अवस्था र ललितकलाका महत्व बढाउँछन्। व्यापक प्रौढ शिक्षा राष्ट्रको प्रगति र जागृतितुल्य छ।

यो आयोग गृह-निर्माण र खेतीमा ग्रामविस्तार कार्यले सहायित व्यापक साक्षरता आन्दोलनको सिफारिश गर्दछ। यसपछि माग र सुविधाहरुले दिए जति विस्तृत क्षेत्रमा सांस्कृतिक शिक्षा हुनुपर्छ। यो कार्यक्रमलाई बढाउन र मद्दत गर्न साक्षरताका पाठ्यपुस्तक, अखबार, पुस्तिका र सामग्रीहरु, सामुदायिक पुस्तकालयहरु, रेडियो, शिक्षात्मक चलचित्र, विज्ञापन-पत्र, शिक्षक र व्याख्यातागण, सामाजिक कार्य र विस्तार कार्यकर्ताहरु हुनुपर्छ। अन्त्यमा, संगठन र शिक्षक हुनुपर्छ।

**सिफारिश संख्या ७**

यो आयोग प्रतिवर्ष १००० प्राथमिक शिक्षकहरुको अल्पकालीन शिक्षणलाई ताकेर शिक्षकहरुका निम्ति शिक्षण सुविधाहरुको स्थापनालाई तुरुन्त ग्राह्यता दिन सम्वत् २०१३ सम्ममा उपाधिवितरक शिक्षक महाविद्यालय खडा गर्न, शिक्षण केन्द्र र महाविद्यालयका कर्मचारी-मण्डलका निमित्त विशेष पाठ्यक्रम र सम्वत् २०१४ सम्ममा नेपाल राज्यभित्रका सारा क्षेत्रहरुको बृद्धिक्रम तयार पार्न सिफारिश गर्दछ।

शिक्षकहरुको शिक्षण नै राष्ट्रिय शिक्षा प्रणालिको आरम्भ बिन्दु हो। तालिमप्राप्त शिक्षकहरुविना प्रभावोत्पादक शिक्षा हुन सक्तैन र प्रणालिका शिक्षकहरुलाई शिक्षा नै नयाँ पद्धति, नयाँ तरीका र नयाँ विचारहरुको प्रचार र उन्नतिको लागि ज्यादै प्रभाव पार्ने तरीका छ।

अहिले नेपालमा शिक्षा प्राप्त शिक्षकहरु थोरै छन् र शिक्षणका सुविधाहरु छैनन्। यहाँ तालीमी वा बेतालीमी कुनै किसिमका शिक्षकहरु पाइने मुहान छैन। यहाँ पाठशालामा शिक्षा पाएका मानिसहरुको ज्यादै सीमित संख्या मात्र छ जसबाट शिक्षक लिन सकिन्छ। शिक्षक शिक्षणका

सुविधाहरुले आवश्यक शिक्षा मात्र दिंदैनन् तर तिनले यो पेशालाई प्रतिष्ठा र सामाजिक आदर दिएर उमेरदार स्त्री पुरुषलाई यो वृत्तिमा प्रवेश गर्न प्रोत्साहन दिनेछन्।

२५ देखि ४० वर्षभित्र प्राथमिक शिक्षालाई सर्वव्यापी बनाउनु छ भने हामीहरुले वर्षैनी १००० प्राथमिक शिक्षकहरुलाई तालीम गर्न शुरु गर्नुपर्छ र यथाशक्य चाँडो यो संख्यालाई २५०० सम्म पुऱ्याउनु पर्छ र हामीहरुले विद्यालयमा शिक्षकहरुका निम्तिको शिक्षण, महाविद्यालयका शिक्षकहरुका लागि उन्नत काम र अनुभवी शिक्षकहरुका निम्ति आनन्ददायक अध्ययनक्रम पनि लागू गर्नुपर्छ।

प्राथमिक पाठशालाका शिक्षकहरु तालीम गर्ने शिक्षण केन्द्रको लागि कर्मचारीहरु तयार गर्न एक शिक्षक महाविद्यालय अत्यावश्यक छ। शिक्षा शास्त्री (B.Ed.), शिक्षाचार्य (M.Ed.) का उपाधिहरुले शिक्षण, निरीक्षण र प्रबन्धका निम्ति चाहिने शैक्षिक नेतृत्वको तालीम दिनुपर्छ।

केटाकेटीहरुले जस्तै शिक्षकहरु पनि अनुभव र पर्यवेक्षणले ज्ञान पाउँछन्, यसकारण आधुनिक तरीका र साधनहरुको उपयोग आवश्यक छ। "शिक्षकहरु जस्तो सिक्दछन् त्यस्तै शिकाउँछन् । तिनीहरुबाट आधुनिक तरीकाहरुको उपयोग र नयाँ मनोविज्ञानको प्रयोगको आशा राख्ने हो भने हामीहरुले शिक्षक शिक्षण तहमा यिनका अभ्यासमाथि जोड दिनुपर्छ।

बाह्रौं परिच्छेदमा आयोगले शिक्षाप्राप्त गर्नेहरुको विचारपूर्ण भर्ना, रोजाई, निरन्तर रेखदेख र शिक्षकहरुको अनुभव र शिक्षणको परिमाणमा आधारित मान्य निम्नतम वेतन निर्धारण सहित शिक्षकहरुका निम्ति योग्य मनोरंजनको आवश्यकतामाथि पनि ध्यान दिएको छ।

**सिफारिश संख्या ८**

आयोगले शिक्षा मन्त्रालयको मातहतमा रहेर आधुनिक (नवीन) शिक्षा छापाखानाको स्थापनाद्वारा उत्पादनको बृद्धि र राष्ट्रिय पुस्तक भण्डारद्वारा वितरण हुने गरी पाठ्यपुस्तक तथा अरु शैक्षिक साधनहरुको रोजाइ, निर्माण, उत्पादन र वितरणलाई नियन्त्रण र निर्देश गर्ने एक स्थायी शैक्षिक साधन आयोगको शीघ्र नियुक्तिलाई सिफारिश गरेको छ।

शैक्षिक वातावरणले विद्याको लक्षण स्तिर गर्छ। पाठ्यपुस्तक, मानचित्र, नक्सा तसवीर इत्यादि शैक्षिक साधनहरु यो वातावरणको शिक्षकपछिका दोश्रो महत्वपूर्ण अंग हुन्। यी◌े सामग्रीहरुको अभावले केटाकेटीहरुलाई रचना गर्न र सामुदायिक साधनहरुको भर पर्ने गराउन सक्छ र यो असल विद्या पनि हो तर यो पनि अपर्याप्त र निरर्थक हुन सक्छ। बुद्धिमान शिक्षकहरुबाट उपयोग गरिन हरेक समुदायमा अनेकौं साधनहरु मौजूद छन्, तर आधुनिक आकर्षक पाठ्यपुस्तक र अन्य शैक्षिक साधनहरुद्वारा यिनलाई बढाउनु जरुरी छ।

रंगीन छपाइसहित प्रतिवर्ष ३०,००,००० पाठ्यपुस्तक र अरु सामग्रीहरु तयार गर्न सक्ने एक आधुनिक छापाखाना नेपालको ठूला शैक्षिक आवश्यकताहरु मध्ये एक छ। छपाइका विस्तृत सुविधाहरु विना प्राथमिक होस् वा प्रौढ शैक्षिक प्रगति बिलकुल थोरै हुन्छ। आयोगलाई यस्ता सुविधाहरुले बोकाउने आर्थिक बोझाको पनि विचार छ र यसले विदेशी मद्दतको संभावना सुझाएको छ तर जुनसुकै अवस्थामा पनि एउटा छापाखाना हुनैपर्छ। हामीहरु त्यो विना त्यसै अगाडि बढ्न सक्तैनौं।

सामग्रीहरुको निर्माणलाई प्रोत्साहन दिन लेखक र निर्माताहरुलाई मनासीब आर्थिक प्रलोभनका साथ एउटा क्रमबद्ध कार्यसुची खडा गर्नुपर्छ र साथसाथै, सामानहरुका उच्च कोटिको निश्चय गर्न पर्याप्त नियन्त्रणहरु पनि हुनुपर्छ। किफायती उपायको रुपमा आयोग, निजायती निर्माण संँगसँगै सरकारी छापाखानाका उत्पादनहरु समेत सारा स्वीकृत सामानहरुको वितरण गुमस्ताको रुपमा काम गर्ने एक राष्ट्रिय पुस्तक भण्डार राख्न सिफारिश गर्दछ। शैक्षिक सामग्रीहरुको समस्यामाथि तुरुन्त फूर्तिलो र सबल हमला हुनुपर्छ।

**सिफारिश संख्या ९**

ठूलो परिमाणमा विकेन्द्रीकरणसहित आधुनिक प्रजातान्त्रिक चलनहरुसित मिल्दो पार्न मन्त्रालयदेखि लिएर तलका स्थानीय प्रबन्ध-समितिसम्म प्रबन्धीय र रेखदेखका समितिहरुको नयाँ क्रमको लागि आयोग सिफारिश गर्दछ।

शिक्षाले चाँडो फैलिनु छ भने गाउँका जनतादेखि फष्टाउनुपर्छ। स्थानीय समितिहरुले ठूलो मात्रामा जिम्मेदारी स्वीकार नगरेसम्म आयोगले सिफारिश गरेको कार्यक्रम पूरा गर्न केन्द्रीय सरकारसित न त जनबल छ न धनबल। यसैकारण विकेन्द्रीकरण आवश्यक छ, यो बुद्धिमानी र लोकतान्त्रिक पनि छ। खास गरेर निम्नतम स्तरको चल्तीलाई बलियो पार्न केन्द्रीय मन्त्रालयले नेतृत्व, निर्देशन र रेखदेख गर्नुपर्छ। तर स्थानीय शासक र प्रबन्ध-समितिले नीति स्पष्ट गरेर प्रत्येक पाठशालाको संचालन गर्ने सिद्धान्तहरुको प्रयोग गर्नु पर्छ।

शिक्षा कुनै यन्त्रको जस्तो दर राख्न वा एक निरीक्षकद्वारा जाँच्न सकिने यान्त्रिक संचालन होइन। शिक्षकहरुलाई गतिको दर, कण्ठ गराएका कामको राशि अथवा थान गन्तीको पूर्णता जाँच्ने कर्मी-नाइकेको आवश्यक छैन। उनीहरुलाई त प्रेरणा र बाटो देखाउने मूल चाहिन्छ। अझ, आमाबाबुहरु पाठशालाका सफलताको राम्रो सूची प्रायः दिन्छन् र असल पाठशाला कायम राख्न वास्तविक शक्ति खडा गर्छन्। जिल्ला र प्रादेशिक पर्यवेक्षकहरु शिक्षक र पाठशालाहरुलाई निम्नतम स्तर स्थिर राख्न मद्दत हुने बाटो देखाउन सक्छन्, तर

पर्यवेक्षणको साँच्चिकै काम उपकारक र मैत्रीपूर्ण पथ-प्रदर्शन स्थानीय तहमा सुयोग्य सहानुभौतिक प्रधानाध्यापकबाट नै राम्ररी हुन सक्छ।

आयोगको रायमा मुख्य मुख्य नियन्त्रणहरु स्थानीय अधिकारीहरुका हातमा रहनुपर्छ, जिल्ला र प्रादेशिक पदाधिकारीहरु सर्वसाधारण मद्दत र निर्देशन दिन सक्छन् र केन्द्रीय मन्त्रालयले अनुसन्धान, शिक्षक शिक्षण र यस्तै जम्माजम्मी कार्यहरुको संचालन गर्नुपर्छ। आवश्यक परेका बखतमा जिल्लाको पदाधिकारीसित व्यावसायिक सल्लाह लिने गरी नीति-निर्माण प्रबन्ध-समिति र कार्यकारी पदाधिकारी प्रधानाध्यापकको बीचमा स्थानीय नियन्त्रण बाँड्नुपर्छ।

प्जातान्त्रिक प्रबन्ध र सहानुभूतिपूर्ण पर्यवेक्षण उत्तम पाठशाला प्रणालिका कुँजी हुन्। आयोगले चौधौं परिच्छेदमा यिनका महत्व, शिक्षकहरुको हितमा तिनको प्रभाव र त्यसबाट सफलता तथा बन्दोवस्ती सवालहरुको क्रमवद्ध संग्रहणको आवश्यकतामा जोड दिएको छ।

**सिफारिश संख्या १०**

राष्ट्रिय तहमा शिक्षाको अर्थ व्यवस्थालाई पूर्वाकांक्षित रुपमा अमिल्दा कर र भूमिसुधार तथा आगामी दशदेखि बीस वर्षसम्म प्रतिवर्ष चालीस लाख रुपियाँको दरबाट बढ्ने सम्भव भएको शैक्षिक खर्चलाई नपुगेसम्म कर, अर्थव्यवस्था र आर्थिक नियन्त्रणको विकेन्द्रीकरणका निम्ति आयोग सिफारिश गर्दछ।

शैक्षिक अर्थव्यवस्था सारा सरकारी कामको सहायतासित पूर्ण रुपले सम्बन्धित छ। सम्पूर्ण सरकारी अर्थ व्यवस्थाका निमित्त नयाँ साधन निकाल्नैपर्छ र नेपालमा स्थावत तथा आयप्रद सम्पत्तिलाई मुख्य उत्पादक उद्योगमा उपयोग गर्न न्यायसंगत छ। तर सारा जग्गा र सम्पत्तिमा कर लाग्नुपर्छ। आधाले साराका निम्ति भारवहन गर्न सक्तैन। फेरि, हाम्रो मुलुकबाट विदेशहरुमा जाने धनको प्रवाहलाई रोक्न आम्दानीमा कर लाग्नुपर्छ। नेपाली मात्रको आम्दानीमा, चाहे त्यो जहाँसुकै कमाइएको होस्, कर लगाउनु पर्छ। आम्दानीका थप मुहानहरुका रुपमा पृथक्करण कर, मुण्ड कर र विलास करहरु पनि सुझाउ गरिन्छन्।

कर-निर्धारण र सरकारको अर्थव्यवस्था ज्यादै प्रामाणिक र टेक्निकल छन्। यसका निम्ति आयोग परिस्थितिको पर्यालोकन गरेर कर-निर्धारण र सरकारको अवलम्बन तथा आर्थिक नियन्त्रण र आय-व्ययिका (बजेट) तयार गर्ने आधुनिक कुशल तरीकाहरुको एउटा पूरा योजना मसौदा गर्न केही विदेशीहरुसमेत विशारदहरुको एक समूहलाई तुरुन्त नियुक्त गर्न सिफारिश गर्दछ।

अन्त्यमा, आयोग शैक्षिक अर्थव्यवस्थाको पनि विकेन्द्रीकरणलाई सिफारिश गर्दछ। कुनै मुख्य ठाउँबाट पैसा खर्च गरिनेछ। बन्दोवस्ती खर्च बिलकुल कम गर्न यसको सग्रह र व्यय पनि स्थानीय हुन दिइयोस्। स्थानीय पाठशालीय जिल्लाहरुले आफ्ना पाठशालाहरुको मुख्य अवलम्बनको लागि कर-निर्धारण र संग्रह गर्ने अख्तियार पाउनुपर्छ। नयाँ विद्यालय र नयाँ कार्यक्रमहरुलाई प्रोत्साहन र प्रेरणा दिन, राष्ट्रिय प्रयोजनको अनुसन्धान कार्य, शिक्षक शिक्षण, विश्वविद्यालयलाई आर्थिक सहायता तथा राष्ट्रिय तहमा यस्तै कारवाईहरुका निम्ति संघकोशको उपयोग हुनुपर्छ।

पन्ध्रौं परिच्छेदमा, महँगो मुख्य खर्चको अर्थव्यवस्थालाई दीर्घकालीन बन्धन, कर-निर्धारणको लागि बढ्ता अनुकूल वातावरण खडा गर्न शैक्षिक आन्दोलनको महत्व र स्याहा स्रेस्ता राख्ने विधिका सुधारको आवश्यकता तथा केही अरु महत्वका बुँदाहरु छन्।

**सिफारिश संख्या ११**

यो आयोग केन्द्रीकृत खरीद र वितरणको प्रबन्ध, सामग्री र पूर्तिको मूल्यांकन तथा निम्नतम स्तरको आरोपणमा केन्द्रीय मन्त्रालयको नेतृत्वसहित प्राप्य आर्थिक र व्यावसायिक साधनहरुबाटै हरेक विद्यालयमा हुन सक्ने जति उत्तम शैक्षिक वातावरण बढाउन सिफारिश गर्दछ।

असल ज्ञानका निम्ति अनुकूल शैक्षिक वातावरण अत्यावश्यक छ, केटाकेटीको शैक्षिक वातावरणमा शिक्षक ज्यादै महत्वपूर्ण अंग छ र पाठ्यपुस्तक, सामुदायिक साधन तथा यस्तै शैक्षिक सामग्रीहरु पछि आउँछन् भन्ने आयोग मान्दछ। यसले घर, स्थान र सामग्रीहरुको महत्व बिलकुल घटाउँछ, तर यी कुराहरुको उपेक्षा गर्नु हुँदैन। आर्थिक कारणवश मात्र पनि यिनले आकार प्रकारमा उन्नत हुँदै जाँदा कुनै निम्नतम स्तरमा स्थिर हुनुपर्छ। उदाहरणार्थ, खुला मैदानका कामलाई र पाठशाला घर बढाउन नपुग्ने सानो स्थानमा दुई कोठा मात्र भएको प्राथमिक पाठशाला घर बनाउनु मुर्ख्याइँ हो। एक वा दुई वर्षैमा बदल्नु पर्ने सस्तो सामान खरीद गर्नु पनि त्यतिकै मूर्खता हो। शैक्षिक वातावरणको विकास विधिमा निम्नतम स्तरको स्थापना, पूर्ति र प्रतिपादन हुनुपर्छ भनी आयोग सिफारिश गर्दछ।

आयोग, साज सजावट र सरसामानको केन्द्रीय मूल्यांकन, उक्त सामग्रीहरुका "स्वीकृत सूचीहरु" को सामयिक प्रकाशन, थोक मूल्यबाट बचत बढाउन केन्द्रीय खरीद र बचतमा अझ बढ्ता प्रभाव पार्न केन्द्रीय वितरणको व्यवस्थालाई पनि सिफारिश गर्दछ।

**सिफारिश संख्या १२**

सामुदायिक केन्द्रको रुपमा पाठशाला, प्रभावकारी जन सम्पर्कको बृद्धि, प्रौढ शिक्षाको उन्नति, सामुदायिक पुस्तकालयको प्रतिपादन, युवक कार्यवाही र गोष्ठीकार्यको प्रेरणा, अनध्याय समयका खेलकूद, सामाजिक सुधार, पाठ्यावली अतिरिक्तका कारवाईहरु, स्वास्थ्यसेवा र उष्ण भोजन इत्यादिबाट पाठशालीय कार्यक्रमलाई सकेसम्म सम्पन्न तुल्याउन आयोग सिफारिश गर्दछ।

यी कारवाईहरु विशेष कार्य कहिन्छन्। केही शिक्षालयहरुमा यी कार्यहरु ऐयासी हुन्छन् जसका निम्ति खर्च पुऱ्याउन सकिंदैन। कुनै थोरै खर्च लाग्ने र महत्वका छन्, ती खर्चका परवाह नभएर पनि बढ्दै जान्छन्। कुनै शिक्षालय र कर्मचारीहरुको जिम्मेदारीका छैनन् तर सुयोग्य कर्मचारीहरुको अभावमा शिक्षकहरुले केटाकेटीहरुको असल समाज र सम्पन्न जीवनको विकाशका निम्ति आफ्नो सामर्थ्यले सकेसम्म सहायता गर्न तत्पर हुनुपर्छ। यी विशेष कार्यहरुले पाठ्यावलीलाई टुंग्याएर शिक्षालयलाई पूर्ण तुल्याउँछन्।

**सिफारिश संख्या १३**

यो आयोग, भूमि र कर सुधारलाई व्यवस्थापक कार्यक्रम, प्रस्तावित राष्ट्रिय शैक्षिक कार्यक्रमको प्रशासन र संगठन, स्थानीय अर्थ व्यवस्था, प्राथमिक, माध्यमिक पाठशाला र एक राष्ट्रिय विश्वविद्यालयको स्थापना, शिक्षालय विधानको संकलन र प्रकाशन, शिक्षकहरुका हितको संरक्षण र अन्य शैक्षिक नियम कानूनहरुको बृद्धिलाई सिफारिश गर्दछ।

यो विवरणमा सिफारिश गरिएका धेरैजसो कार्यक्रमहरु हाललाई शिक्षा मन्त्रालय र सरकारका अन्य मन्त्रालयहरुबाट व्यवस्थापनविना पनि संचालित हुन सक्छन् तर यी संस्थाहरुलाई सकेसम्म चाँडो सहायक व्यवस्थापनद्वारा बलियो गराउनु पर्दछ। विधान लेखिंदा मूल अधिकारहरुको संरक्षण हुनुपर्छ, व्यवस्थापित विधानमा सामान्य नीतिहरु स्थिर गरिनुपर्छ र मन्त्रालयका सवालहरुको रुपमा यिनीहरुको निर्दिष्ट प्रयोग देखिनुपर्छ। शिक्षालय-नियममा सारा अनुबद्ध हुनुपर्छ।

यी प्रस्तावित व्यवस्थापक नियमहरुका विशेषता र विवरणहरु अठाह्रौं परिच्छेदमा प्रस्ततु गरिएका छन्।

**सिफारिश संख्या १४**

शिक्षा मन्त्रालयमा यो विवरण पेश भएपछि वर्तमान राष्ट्रिय शिक्षा समिति अथवा खास यस कामलाई नियुक्त गरिएको शैक्षिक संस्थालाई यस विवरणमा गरिएका सुझाउ र सिफारिशहरुलाई कार्यान्वित गर्न चाहिँदो व्यवस्था मिलाउन सम्पूर्ण जिम्मेदारी सुम्पनु पर्छ।

आयोगको यो सिफारिश शायद सबभन्दा ज्यादा महत्वको छ। यो शैक्षिक कार्यक्रमका विभिन्न अंशहरुलाई सिद्ध गर्न निश्चित व्यवस्था कायम गर्न नसके नेपालको भविष्य दुर्भाग्यको वशीभूत हुनेछ। हाम्रो प्रयत्न व्यर्थ होलान् भन्ने हामीहरु चिन्ता गर्दैनौं, हाम्रो काम अभ्रान्त छ भनेर पनि हामी दावा गर्दैनौं, तर प्रजातन्त्रले बाँच्नु छ र पर्ण सिद्ध भएर फुल्नु फल्नु छ भने हाम्रा जनतामा जागृति ल्याउन तुरुन्त दृढ, गतिशील कदम चाल्नैपर्छ भन्ने हामीलाई दृढ विश्वास छ।

शिक्षा मन्त्रालय

# चौथो भाग

## यो कार्यक्रमको आरम्भपछि भएको शैक्षिक प्रगति

शिक्षा मन्त्रालय

# परिच्छेद २०

## शैक्षिक विकाश, अवस्था र भविष्यका योजना

आयोगलाई दुइ मुख्य जिम्मेवारी सुम्पिएका थिए। १) शिक्षामा वर्तमान अवस्थाको पर्यवेक्षण र २) शिक्षालयहरुका राष्ट्रिर्य कार्यक्रमको विकाश। यस विवरणका भाग १,२,३ ले यी काम पूरा गर्दछन् र वास्तवमा आयोगको सम्पूर्ण जिम्मेदारी यिनमा समावेश हुन्छन्। शूरमा बयान गरेअनुसार पूरा लिखित विवरणको रुपमा निस्कनुभन्दा अगाडि आयोगका केही सिफारिशहरुमा शिक्षा मन्त्रालयबाट कारवाई हुनु परिस्थितिको तागिताको नतिजा थियो। यसरी आयोगका कामको बराबरी गर्दै उसका केही सिफारिश र कारवाईहरुलाई कायान्वित गर्नु शिक्षा मन्त्रालयको काम भएको छ।

यस किसिमबाट विवरणको चौथो भाग शुरु भएको कामको प्रगतिको समाचार दिने पूरक हो। यसले पहिले शिक्षामन्त्रालयले गरेका कामको समय बताउँछ , त्यसपछि शुरु गरिएका विविध कार्यहरुमा छलफल गर्छ र अन्त्यमा केही दीर्घकालिन योजनाको नाममा भविष्यतिर हेर्दछ।निःसन्देह यो त्यो विवरण हो जसलाई कुनै दिन इतिहासकारहरु नेपालको शैक्षिक विकासमा अत्यन्त महत्वपूर्ण काल मान्नेछन्।

### शैक्षिक तर्जुमाको बयान

यस विवरणमा वर्णन गरिएको शिक्षामन्त्रालयको काम र आयोगको कामसम्म पुऱ्याउने घटनाहरुको कालक्रमअनुसार खुलस्त बयान गर्नु शायद सबभन्दा राम्रो तरीका हो। यसले भविष्यमा उल्लेखका निमित्त कमसेकम एउटा प्रमाण प्रस्तुत गर्नेछ।

नेपालको शैक्षिक विकासका निम्तिको इच्छा जनसमूहको आफूखुशीको वा अकस्मातको अभिव्यक्ति भनी मान्नु हुँदैन। यद्यपि प्राचीन नेपालमा बाह्मण र बौद्ध सम्प्रदायको ज्ञानका ठूल्ठूला विद्यापीठहरु थिए तापनि धेरैजसो जनताको छुट्टा सादा जीवनलाई विस्तृत ज्ञानको उत्ति दरकार थिएन।राणा शासनको १०४ वर्षसम्म बाह्य जगतलाई बन्द र ठूल्ठूला पहाडका बारले आफ्ना मुलुकका अन्य भागबाट समेत छुट्टिएका यी जनताले आज हामीहरुले ठानेझैँ शिक्षाको लागि माग व्यक्त गरेनन्।

तैपनि फेरी बाह्य संसारको मिलान अनुभव हुन थाल्यो। उन्नाइसौँ शताब्दीमा अंग्रेजहरुले नेपालमा आफ्नो प्रभाव फैल्याउन प्रयत्न गरे र नेपालमा सजिलैसँग पस्न पाउने भारतीयहरुले, खास गरेर तराईमा , कतिपय उपायबाट यो प्रभावलाई फैलाए। प्रथम विश्वयुद्धको समयमा थोरै

नेपालीहरु सिपाही भएर संसारका अरु भागमा पुगे र दोस्रो विश्वयुद्धको कालमा अरु धेरै नेपालीहरु पाश्चात्य जगत, आस्ट्रेलिया र जापानको संसर्गमा आए।

टेलिग्राम, टेलिफोन, रेडियो, काठमाडौँ उपत्यकामा माल ढुवानीका नविकरण, हवाइजहाजहरुको प्रवेश र विदेशी पाउनाहरुको बढ्दो संख्या, साराले बीसौँ सदीको संसारलाई नेपालको नजिक पुऱ्याए।

सन् १९४७ मा भारतीय स्वतन्त्रता र त्यहाँ प्रजातन्त्रको स्थापनाले नेपालमा निःसन्देह ठूलो असर पारे र अरु शक्तिहरुको भन्दा यी धेरै प्रभावशाली थिए।

यसपछि संवत् २००७, सन् १९५१ मा नेपालमा प्रजातन्त्र आयो र त्यसका पछिपछि नै कैयन वैदेशिक सहायताका इन्तिजामहरु आए। ग्राम विकाश कार्यक्रम चालु भयो र तालिम पाइसक्नासाथ छिट्टै शिक्षित अगुवाहरु गाउँमा पठाइँदैछन्। यी मानिसहरुले प्रगतिका निम्तिको इच्छा र उत्तेजनालाई मुख्य बनाउने र तहलाउने मात्र होइनन् तर अभिरुचिलाइै जगाएर आधारभूत आवश्यकताहरुमा त्यसलाई संश्रित पार्दछन्। यी मानिसहरुबाट ज्ञान र उन्नतिको तिर्सना मेट्ने गाउँलेहरुको अभिलाषालाई अब बाटो भएको छ।

दोस्रो विश्वयुद्ध पछि तुरुन्तै शैक्षिक कारवाईहरु बढाइएका थिए। आधार शिक्षा शिक्षालयहरु खुले र शिक्षा चालु भयो , केन्द्रीय सरकारको शिक्षाविभाग प्रमाणित गरियो , शिक्षा समिति नियुक्त भयो (२००९) र देशव्यापी निरीक्षण पद्धतिको स्थापना भयो (२०१०)।

**मार्ग, २०१०**

शिक्षा समितिको सुझाउबाट संवत् २०१० को शरद ऋतुमा शिक्षामन्त्रीले संयुक्त राज्य कार्यकारी मण्डल -यू एस ओ एम) लाई नेपालमा शिक्ष कार्यक्रम बढाउन अर्थीय र कला विषयक सहायतामा कुराकानी गर्न अनुरोध गर्नुभयो। सं०रा०का० म० का संचालकले एक शिक्षाविशारद्, ओरेगन विश्वविद्यालयका डाक्टर श्री ह्यूग बी० उडका सेवाहरु पाउन सफलता प्राप्त गरे। उहाँ (डा० उड) शिक्षामन्त्रालय र सं०रा० का०म० का अधिकारीहरुसित ३ दिनको कुराकानीका निम्ति मंसीर महीनाको अन्तिम सप्ताहमा नेपाल आउनु भएको थियो।

यसै समयमा राष्ट्रिय शिक्षा योजनाको विकाशका निमित्त नेपालमा शिक्षासम्बन्धी अवस्थाको अध्ययन गरेर सिफारिस गर्नलाई राष्ट्रिय शिक्षा योजना आयोग राख्ने निर्णय भयो ।

प्रौढ साक्षरता, प्राथमिक शिक्षाको बृद्धि, रेडिओबाट शिक्षा र शिक्षक शिक्षणमा विशेष उल्लेखसहित सं.रा.का.म. द्वारा संभाव्य सहायतामा छलफल भएको थियो।

**माघ, २०१०**

नेपाल सरकार र सं.रा.का.म. का बीच पारस्परिक प्रतिज्ञापत्रमा हस्ताक्षर भयो। यसबाट नेपालमा शिक्षाको विकाश गर्न सं.रा.का.म. आर्थिक सहायता र कलाविषयक मद्दत जुटाइरहेछ।

**फाल्गुण, २०१०**

माघको संझौतालाई कार्यरुपमा परिणत गर्न नेपाल सरकार र सं.रा.का.म. का बीच ३४१०० डलर र मो.रु. २०४८०० को संझौतामा दस्तखत भयो। यस योजनाले दुइ सरकारबाट संयुक्त रुपमा गर्नुपर्ने तीन मुख्य कारवाईहरु जुटायो।

(१) साक्षरता नक्सा र पाठ्यपुस्तक तयार पार्ने कामसमेत गाभिएको प्रौढ साक्षरता कार्यक्रमको प्रारम्भ। (यसभन्दा अगि, विश्व साक्षरता कार्यक्रमका डा. फ्याङ्क लोब्याक पाँच साक्षरता नक्शा र त्यसपछिका पुस्तकहरु तयार पार्ने काममा खटिनुभएको थियो , तर ती सामग्रीहरु सं २०१२ को माघ महिनासम्म पनि छापाखानाबाट आएनन् )।

(२) रोजिएका १०० गाउँहरुमा रेडिओ वितरण गरेर प्रौढ साक्षरताको विस्तार र शैक्षिक तथा बोधकारी कार्यक्रमको विकाशलाई एक रेडिओ शिक्षाविशेषज्ञको नियुक्ति। (रेडिओहरु झकाइएका छन् र २०१३ को अन्त्यतिर आइपुग्ने आश छ )।

(३) शिक्षकहरुका वेतनको २/३ हदसम्म केन्द्रीय सरकार र सं.रा.का.म. बाट सहायता दिने गरी २०० नयाँ प्रारम्भिक कक्षाहरुको स्थापना। (यी पाठशालाहरुको पहिलो कक्षा संवत् २०११ को मार्ग महिनामा खुलेका थिए र सं. २०१३ को मार्गसम्ममा , पछिपछिका प्रतिज्ञापत्रहरुबाट, आय-व्ययपत्र (बजेट) मा ६०० शिक्षकहरुको खर्च राखिएको थियो)।

**चैत्र, २०१०**

राष्ट्रिय शिक्षा योजना आयोगको कार्य शुरु भयो र शैक्षिक सल्लाहकार डा. उडसहित पूरा चार दिन स्थिरतापूर्वक भेला भएर त्यसले आफ्नो अधिवेशन शुरु गर्‍यो। शिक्षक शिक्षण, पाठ्यक्रम र प्रशासनका समस्याहरुमा कारवाई गर्न तीन समिति नियुक्त गरिए। एक साताको अधिवेशनको समाप्ति हुनुभन्दा अगि आयोगका सदस्यहरुको निर्वरोध सम्मतिबाट कैयन् ठूल्ठूला निर्णय भए।

(१) वर्तमान शिक्षालयहरुलाई अझ बढाउनुभन्दा राष्ट्रिय, सर्वव्यापी, निःशुल्क प्राथमिक शिक्षाको नयाँ प्रणालीको विकाशका महत्वको सिफारिस गर्नुपर्छ।

(२) यसले सकेसम्मको छोटो अवधिभित्र नै हजारौं शिक्षकहरुको माग गरेकोले शिक्षकहरुका निमित्त अल्पकालिन शिक्षाक्रम तुरुन्त खडा गर्न अनुरोध गर्दै शिक्षामन्त्रीकहाँ प्रस्ताव पेश गर्‍यो।

(३) वर्तमान शैक्षिक परिस्थितिको पर्यवेक्षण कार्य पूरा गर्न आयोगले क) शिक्षाको विषयमा जनताको राय बुझ्न एक प्रश्नावली उपयोग गर्ने र ख) शिक्षामा उनीहरुका आकांक्षा र चाखहरुको विषयमा सोझै जनतासित सल्लाह गर्न नेपालका विभिन्न भागहरुमा सम्बादक दलहरु पठाउने निर्णय गर्‍यो।

**२०१० चैत्र -२०११ वैशाख**

प्रश्नावली तयार पार्न पूरा आयोग वा बेग्लाबेग्लै समितिहरुको रुपमा बराबर आयोगको सभा बस्यो। यसले वर्तमान शैक्षिक अवस्थाहरुमा तथ्यांक र समाचारहरु संग्रह गर्न थाल्यो। र शिक्षाको राष्ट्रिय प्रणालिका निमित्त आधार र सिद्धान्तहरुको विचार गर्‍यो। प्रश्नावली तयार भई छापिएर सारा मुलुकभरी बाँडियो। सम्बादक दलहरुले बाहिरका केन्द्रहरुमा जान प्रस्थान गरे। आयोगको काममा चार पैदा गर्न नियमित रुपमा साप्ताहिक रेडिओ कार्यक्रमहरु शुरु गरियो।

**ज्येष्ठ, २०११**

डा. उड पूर्णकालिन सल्लाहकारको रुपमा नेपाल फर्कनु भयो। आयोगले शिक्षाको राष्ट्रिय तर्जुमाको लागि योजनाहरु बनाउन थाल्यो। सरकार र सं.रा.का.म. शिक्षा अधिकारीहरुले शिक्षक शिक्षण कार्यक्रमको व्याख्या तयार गरे।

**ज्येष्ठ, २०११**

सरकार र सं.रा.का.म.को बीच २,२०,००० डलर र मोरु ७,३२,१०० को संयुक्त खचए गाभिएको दोस्रो शिक्षा योजना प्रतिज्ञापत्र हस्ताक्षरित भयो। यो योजना पाँच महान कार्यहरुका निमित्त थियो : -

(१) पहिलो ३ वर्षको अवधिभित्र १५५० शिक्षक तयार गर्न अल्पकालिन कार्यक्रमको निर्माण।

(२) प्रशिक्षण महाविद्‍यालयका निमित्त ७ जना मूल कर्मचारीहरुको अमेरिका वा विलायतमा शिक्षा।

(३) नेपालमा चार वर्षको शिक्षा पछि उपाधि दिने महाविद्‍यालयको स्थापना

(४) त्रिचन्द्र कलेजको कर्मचारीवर्गका निम्ति आत्मोन्नति कार्यक्रमको विकाशमा सरसामान, सम्भरण र कलासम्बन्धी सहायता।

(५) शैक्षिक सामग्री र पाठ्यपुस्तकहरुको निर्माण, मुद्रण र वितरण।

शिक्षा मन्त्रालय

**आषाढ, २०११**

दोस्रो शिक्षा योजना प्रतिज्ञापत्रका उक्तिहरुको कार्य-परिणतिमा सहायता गर्न ओरेगन विश्वविद्यालय र सं.रा.का.म. को वाशिंगटनस्थित केन्द्रका बीचमा एउटा कबुलियत भयो। यो कबुलियत र यसका संशोधनमा यी कुराहरु परेका थिए : -२) नेपालमा पूरा समय शैक्षिक सल्लाहकारको रुपमा काम गर्न ओरेगन विश्वविद्यालयका एक वा बढी प्राध्यापकहरु दिइनेछन् , २) प्रशिक्षण महाविद्यालयका ७ वा बढी कर्मचारी सदस्यहरुलाई ओरेगन विश्वविद्यालयमा शिक्षा दिइनेछ तथा ३) आषाढको प्रतिज्ञापत्रका अरु अंशलाई काममा परिणत गर्न आवश्यकताअनुसार अन्य विशेषज्ञहरुको पनि प्रवन्ध गरिनेछ।

**भाद्र २०११**

माननीय शिक्षमन्त्री श्री डिल्लीरमण रेग्मी र अन्य उच्च पदाधिकारीहरुबाट राष्ट्रिय शिक्षक-प्रशिक्षण केन्द्रको उद्घाटन भयो। शिक्षार्थीहरु कक्षाहरुमा गठित गरिए र शिक्षण कार्यक्रम चालु भयो।

**भाद्र-मार्ग, २०११**

सबै मुहुडामा काम चालु रह्यो। शिक्षण केन्द्रमा शिक्षार्थीहरु भ्रमण, भेटघाट, व्यक्तिगत उन्नतिका कार्यहरु, शिक्षा ज्ञानको अभ्यास र अरु अनेकौं कामहरुसहित विविध व्यावसायिक योजनाहरुमा लागिरहे। शिक्षाको राष्ट्रिय तर्जुमा बनाउन छलफल, प्रश्नावलीका उत्तरहरुको विश्लेषण र आफ्ना विवरणको मसौदा गर्ननिमित्त राष्ट्रिय शिक्षा योजना आयोगको नियमित सभा भइरह्यो। डा. उडले त्रिचन्द्र महाविद्यालयमा प्रदर्शनको रुपमा केही योजना शिक्षण चालु गर्नुभयो। विद्यमान शिक्षण संस्थाहरुका किसिमसित अधिक परिचित हुन र ग्रामीण जनताका इच्छा तथा वास्तविक आवश्यकताहरु जान्नको लागि आयोगका सदस्यहरु, सल्लाहकार र शिक्षा विभागका सदस्यहरु उपत्यका र बाहिरका क्षेत्रहरुका अनेकौं शिक्षालयहरुमा गए। यी यात्राहरुमा प्रथम शिक्षा प्रतिज्ञापत्रअनुसार नयाँ शिक्षालयहरु राख्नलाई आधार हुने ज्ञानको खोजी गरिएको थियो।

**मार्ग, २०११**

पहिलो हूलका २५ शिक्षार्थीहरुले ३ महिनाको शिक्षा पूरा गरे र उनीहरुलाई शिक्षा प्रमाणपत्रहरु दिइए। यी अनुभवी शिक्षकहरु नै थिए। यिनमध्येका १५ शिक्षक आफआफ्नो शिक्षालयमा फर्के। अरुहरु पोखरा, भैरहवा तथा विराटनगरमा नयाँ शिक्षालयहरु खोल्न पठाइए।आफ्नो

शिक्षण पूरा गर्ने अनुभवहीन शिक्षकहरुलाई दिनुपर्ने आवश्यक ज्ञान र सूचना प्रस्तुत गर्ना निमित्त शिक्षालयहरुको संचालनलाई फाल्गुणमा यी अनुवा शिक्षकहरु पठाइएका थिए।

**माघ-फाल्गुण २०११**

चालु भइरहेका अनेकौं कारवाईहरुमध्ये केहीलाई मनासीवमाफिक बढाउने विषयमा सरकार र सं.रा.का.म. का बीचमा कुराकानी शुरु भए। यिनमा यी कुरा थिएः- १)माथि उल्लेख गरिएका २०० नयाँ प्राथमिक पाठशालाहरुलाई दिएको सहायता कायम राख्ने र थप १०० लाई प्रथम वर्षीय सहायता दिने, २) प्रौढ साक्षरताको लागि थप सामग्रीहरु र ६०० को संख्यामा त्रैमासिक कक्षाहरु चलाउने , ३) शिक्षा योजना आयोगको विवरणको छपाइ, ४) राष्ट्रिय विश्वविद्यालय खडा गर्ने काम शुरु गर्न विश्वविद्यालय आयोगको समर्थन, ५) प्राथमिक पाठशालीय पाठ्यपुस्तकहरुका परीक्षानिमित्तक खालहरुको प्रकाशन, ६) शिक्षक-शिक्षण-केन्द्रलाई थप सरसामान र सुविधाहरु, ७) शिक्षण केन्द्रमा कर्मचारी शिशिक्षुहरुका निम्ति विशेष शिक्षण, ८) बाहिरका क्षेत्रहरुमा बढी पाठ्यक्रम सिकाउनलाई घुमुवा शिक्षक-शिक्षण-दलको आयोजन, ९) शिक्षक-शिक्षार्थीहरुका निम्ति व्यावसायिक पाठ्यपुस्तक-मालाको प्रकाशन, १०) विश्वविद्यालयको तीन प्रशासक कर्मचारी सदस्यहरुको लागि वैदेशिक अध्ययनका निम्ति भत्ताको प्रवन्ध र ११) एक जना शिक्षा विशेषज्ञ थप गर्ने। यी काम कारवाईहरुमा सरकार र सं.रा.का.म. को बीचमा भएको अन्तिम प्रतिज्ञापत्रले शिक्षामा सहयोगी कार्यहरुको आय-व्ययिका (बजेट) मा मो.रु. १,१२,०४०, भा.रु. ९८,४०० र डलर १,०४,०३५ थप्यो।

**फाल्गुण, २०११**

पहिलो समूहका षाण्मासिक अवधिका शिक्षार्थीहरुले आफ्नो शिक्षण सिद्ध्याएर फाल्गुणको आधातिर प्रमाणपत्र हासिल गरे। आधा जति अनुभवी शिक्षकहरु आफ्ना पहिलेकै शिक्षालयहरुमा गए, बाँकी आधा सरकार र सं.रा.का.म. को संयुक्त कार्यक्रमअन्तर्गत नयाँ शिक्षालयहरु खोल्न प्राप्य भए।

**फाल्गुण, २०११**

सिंहदरवारको ग्यालरी बैठकमा भएको एक उत्सबमा राष्ट्रिय शिक्षा योजना आयोगले मिमिओग्राफकारुपमा यो विवरण माननीय शिक्षामन्त्री श्री डिल्लीरमण रेग्मीलाई अर्पण गर्‍यो। श्री रेग्मीले आयोगका सदस्यहरुको परिश्रमी प्रयासको प्रशंसा गर्दै उहाँहरुका सिफारिशहरुमा चाँडै नै विचार गर्ने वचन दिनुभयो।

**फाल्गुण-चैत्र २०११,**

ओरेगन विशवविद्यालयका शिक्षक-शिक्षणको एक वर्षे तालिम लिन आठ नेपाली शिक्षकहरुले डा. उडका साथ प्रस्थान गरे। यिनीहरुको अनुपस्थितिमा शैक्षिक सल्लाहकारको काम गर्न ओरेगन विश्वविद्यालयका शिक्षामण्डलका डा. वाल्डेमर ओल्सन नेपाल आउनुभयो। नेपालीहरुको दलले संयुक्त राज्य अमेरिकाको भ्रमण र यूरोपमा शिक्षक -शिक्षण संस्थाहरु हेरेर तिनको अध्ययन गऱ्यो। आचार्यको उपाधिका निम्ति आफ्नो शास्त्रीय अध्ययनलाई अगाडि बढाउनुको अतिरिक्त यिनीहरुले ओरेगनमा गाउँ, शहर, जिल्ला र राज्यको स्तरमा शिक्षालयी क्रमहरुको अध्ययन गरे।हरेक मानिसले शिक्षाको उसको विशिष्ट क्षेत्रमा भित्री ज्ञानहरु पायो। प्रशिक्षण महाविद्यालयनिमित्तका योजनाहरुलाई बढाउन आफ्ना उपदेष्ठासहित सम्पूर्ण हूल साप्ताहिक सम्मेलनमा भेला हुन्थ्यो।

**आषाढ, २०१२**

विश्वद्यिालय योजना आयोगलाई मद्दत गर्न एक जना थप शैक्षिक सल्लाहकार र तीन जना विश्वविद्यालय प्रशासकहरुलाई ६ महिनाको तालिमको निम्ति अमेरिका पठाउन अध्ययन भत्ता दिलाउने, यी दुइ कुरा सरकार र सं.रा.का.म. को शिक्षा प्रतिज्ञापत्रमा थपिएका थिए।

**भाद्र, २०१२**

दोस्रो हूलका शिक्षक-शिक्षार्थीहरुले आफ्नो शिक्षाक्रम पूरा गरे र उनीहरु नयाँ थप शिक्षालयहरु खोल्न बाहिर पठाइए।

**भाद्र-आश्विन, २०१२**

त्रि-चन्द्र महाविद्यालयका निम्ति ठूलो परिमाणमा विज्ञानका साधन तथा सम्भरणहरु आइपुगे र अरु पनि झकाइए। यी सामान महाविद्यालयलाई उच्च श्रेणीको पार्ने कार्यक्रमको अंशरुपमा सरकार-सं.रा.का.म. कोषबाट खरिद भएका थिए।

**कार्तिक ८, २०१२**

श्री रामप्रसाद मानन्धरको बदलामा मेजर श्री केशरबहादुर खत्री क्ष्त्री शिक्षासचिव हुनुभयो।

**मार्ग, २०१२**

शिक्षक-शिक्षण-केन्द्र मीन भवनमा सऱ्यो। यसले बढ्दै गएको कार्यक्रमका निम्ति धेरै राम्रो स्थान दियो।

**मार्ग, २०१२**

ओरेगन राज्यको उच्च शिक्षा प्रणालिका अवकाश-प्राप्त कुलपति डा. चार्ल्स बाइर्न राष्ट्रिय विश्वविद्यालयको विकाशमा मद्दत र प्रवर शैक्षिक सल्लाहकारको रुपमा  काम गर्न नेपाल आउनुभयो।

**पौष, २०१२**

श्री डिल्लीरमण रेग्मीको स्थानमा माननीय श्री वालचन्द्र शर्मा शिक्षामन्त्री हुनुभयो।

**माघ, २०१२**

शिक्षाको पहिलो अवधिलाई प्रौढ साक्षरता सामग्रीहरु छापाखानाबाट आइपुगे। यसले प्रौढ साक्षरता कक्षाहरु खोल्न सकिने भयो।

**फाल्गुण, २०१२**

तेस्रो हूलका शिक्षक-शिक्षार्थीहरुले आफ्नो शिक्षा पूरा गरे र उनीहरु नयाँ प्राथमिक शिक्षालयहरु खोल्न पठाइए।

**चैत्र, २०१२**

राष्ट्रिय विश्वविद्यालय खडा गर्नलाई स्थान, व्यवस्थापन, सनद र अरु कुराहरुको अध्ययन र यिनको लागि सिफारिस गर्न श्री ५ मुमा बडामहारानी कान्तिराज्यलक्ष्मी देवीबाट विश्वविद्यालय योजना आयोग नियुक्त गरिबक्सियो।

**वैशाख २०, २०१३**

श्री ५ महाराजाधिराज महेन्द्र  वीर विक्रम शाह देवका शुभ राज्यभिषेकोत्सबको उपलक्षमा देखाइने प्रदर्शनीको  अंगरुपमा शिक्षाको उन्नति र विकाश तथा प्रस्तावित भविष्यका योजनाहरुको शैक्षिक प्रदर्शन गरिएको थियो।

**आषाढ-श्रावण, २०१३**

डा. उड र तेस्रा सल्लाहकार, प्राध्यापक श्री टामस ओ. बालिंजरका साथ आठ व्यक्तिको नेपाली दल ओरेगन विश्वविद्यालयबाट फर्क्यो। अझ अर्का सल्लाहकार डा. एडवर्ड डब्ल्यु. ब्राइस एक महिनापछि आउनुभयो।

**श्रावण-आश्विन, २०१३**

अर्को पाँच वर्षभित्र नेपालमा शिक्षाको विकास गर्न सरकारका निमित्त शासकीय मार्गदर्शक जस्तो, यही विवरणमा धेरैजसो आधारित, शिक्षाको पंच वर्षीय योजना तर्जुमा भयो। यस योजनाले आयोगका झण्डै झण्डै सारा लक्ष्य र सिफारिशहरुलाई वास्तविकतामा ल्याउन वा तिनीहरुलाई बढाउन सक्नेछ।

**भाद्र २, २०१३**

ओरेगन विश्वविद्यालय र ओरेगन राजकीय महाविद्यालयमा एक वर्षको शिक्षणका निम्ति थप दश जना कर्मचारी सदस्यहरुले प्रस्थान गरे।

**भाद्र १५, २०१३**

शिक्षक-शिक्षण-केन्द्रबाट स्नातक भएका चौथो दफाका शिक्षक-शिक्षार्थीहरुले नवनियुक्त प्राथमिक शिक्षालयहरुमा जान काठमाडौँबाट प्रस्थान गरे।

**भाद्र-आश्विन, २०१३**

शिक्षक-शिक्षण-केन्द्रको बदलामा नेपाली दलले नयाँ शिक्षक शिक्षालयहरुका निम्ति तीस जवान स्त्री-पुरुषको दललाई भर्ना र तालिम गऱ्यो। प्रशिक्षण महाविद्यालयको स्थापनालाई योजनाहरु बढाइए।

**भाद्र २५, २०१३**

शिक्षक-शिक्षण-योजनाको दोस्रो वार्षिकोत्शबमा शिक्षामन्त्रालयको रायबाट विश्वविद्यालय खडा नभएसम्मलाई विधिवत् प्रशिक्षण महाविद्यालय खडा भयो।विश्वविद्यालय खडा भएपछि यो त्यसकै अंग हुनेछ। प्रशिक्षण महाविद्यालय "शिक्षास्नातक"बी.एड.को उपाधि दिन अधिकृत छ। यसमा यी विभागहरु छन्-प्रशिक्षण महाविद्यालय उपाधि पाठ्यक्रम, शिक्षक शिक्षालय, पाठ्यपुस्तक र अन्य शिक्षण सामग्रीहरुको निर्माण र प्रकाशनको प्रवृतिलाई प्रकाशन विभाग, र नमूना, प्रदर्शन तथा प्रयोगात्मक शिक्षालयहरुको रेखदेख र स्थापना गर्न तथा शैक्षिक अनुसन्धान कार्यको संचालन र प्रवर्तनलाई अनुसन्धान विभाग। प्रौढ शिक्षा विभाग पनि प्रशिक्षण महाविद्यालयमा राखिएको छ।

**आश्विन १, २०१३**

बढ्दै गएको शिक्षक-शिक्षण कार्यक्रम अझ ठूलो र बढता केन्द्रीय स्थानमा स्थित चेत भवन, लाजिम्पाटमा सऱ्यो। शिक्षक शिक्षालय कक्षाहरु खोलिए।

**कार्तिक १३, २०१३**

प्रशिक्षण महाविद्यालयमा पहिला "शिक्षास्नातक" कक्षाको पढाइ चालु भयो।

**कार्तिक-मङ्सीर, २०१३**

शिक्षक शिक्षालयका पहिला घुमुवा दलहरुले नेपालगंज, बीरगंज र धरानका नयाँ प्राथमिक शिक्षकहरुका निम्ति शिक्षण कक्षा र काममा लागेका अनुभवी शिक्षकहरुको लागि खण्डकालिन सेवामा आनन्ददायी कक्षाहरु खोले।

मुलुकभरमा तुरुन्तै खोलिने गरी काठमाडौँ उपत्यकामा प्रौढ साक्षरता कक्षाहरु खुले।

**चालु भएका मुख्य कारवाईहरु**

अगाडि उल्लेख गरिएको शैक्षिक विकाशका छोटकरी बयानले अहिले कैयन् कारवाईहरु चलिरहेका देखाउँछ। यिनमा कुनै अल्प समयका र अरु कैयन् वर्षलाई कायम रहनेछन्। तल यी विविध कामहरुको विस्तृत वर्णन दिइएको छ।

राष्ट्रिय शिक्षा योजना आयोगले यस विवरणबाट आफ्नो कामको एक खण्ड पूरा गरेको छ। सदस्यहरुले शिक्षामन्त्रीबाट तोकिएका उत्तरदायित्वहरु पूरा गर्नु भएको छ। उहाँहरुले शैक्षिक अवस्थाको निरीक्षण गरेर शिक्षाको राष्ट्रिय क्रमका निमित्त योजना रच्नु भएको छ।

सो योजनाका धैरै कुराहरु शिक्षामन्त्रालयबाट शिक्षाको पंच वर्षीय योजनामा राखिएका छन्। बाँकीको विश्लेषण हुनुपर्दछ, त्यसपछि केही तत्काल सम्पादन गर्न स्वीकृत हुनुपर्ने, केही पछि कारवाई गर्नुपर्ने र केही संशोधन गर्नुपर्नेछन्।अन्त्यमा, सो योजनालाई वास्तविक पार्न आवश्यक विधान बनाउनुपर्छ।

तर आयोगका सदस्यहरुको सधैं कायम रहने एकलो र निजी जिम्मेदारी छ। हरेक सदस्यले आफूखुशी कि सरकारी तबरले शिक्षाको राष्ट्रिय योजना र शिक्षामन्त्रीले रोज्नुभएको पंच वर्षीय योजनाको विषयमा मुलुकका जनतालाई बोध गराउनुपर्दछ।उहाँहरुले योजनाको अर्थ लगाएर तथा आवश्यक परेमा समर्थन गरेर हरेक सम्भावनीय उपायले व्यापक शिक्षालाई सत्य पार्न मद्दत गर्नुपर्छ।

शिक्षामन्त्रालयले आयोगका सदस्यलाई व्यवस्थापनका निम्ति मत दिन, रेडिओ सभाहरुमा भाग लिन, सार्वजनिक वक्तृता दिन, मुलुकलाई दृढ बनाउन, पूरा परिमाणमा शिक्षाको खर्चलाई आवश्यक मद्दत गर्न र प्रजातन्त्रमा शिक्षाको आधार भएका सिद्धान्तहरुको व्याख्या गर्न निःसन्देह आह्वान गर्नेछ।

शायद यो तर्जुमालाई  कार्यान्वित गर्ने कामको एक अंश राष्टिय शिक्षा संघ जस्तो कुनै संस्था बनेमा त्यसलाई सुम्पन सकिन्छ। तर आयोगका सदस्यहरु यो प्रारम्भिक अध्ययन र विवरणमा काम गर्नुभएका र वर्तमान शैक्षिक परिस्थितिहरुसित धेरै परिचित हुनुहुन्छ, यसकारण उहाँहरुको सेवाको उपयोग हुनुपर्छ।

यसरी राष्ट्रिय शिक्षा योजना आयोगको काम पूरा गर्न तीन कुरा हुनु बाँकी हुन्छः- यो विवरण समाचारपत्र र प्रकाशनबाट देखिनुपर्दछ।(यो काम अहिले भयो) यो विवरण परिमाण- निर्धारित, व्यवहृत र शिक्षामन्त्रालय तथा व्यवस्थापिका सभाबाट नियमबद्ध हुनुपर्छ। यो पनि पंच वर्षीय योजनाको विकाश र अनेकौं कार्यक्रमहरुको संस्थापनबाट आंशिक रुपमा सम्पादन भएको छ र त्यसपछि व्यापक विज्ञापन र कार्यद्वारा सरकारी योजना लागू गरिनुपर्छ।

शिक्षक शिक्षण कार्यमा शायद सबभन्दा ठूलो महत्वको तात्कालिक काम गाभिएको छ। यो ज्यादै महत्वको मानिएर आयोगले दोस्रो दिनकै सभामा ताकिताका अरु कुराहरु उठाउनुभन्दा अगि शिक्षण सुबिधाहरुको तत्काल व्यवस्थालाई अनुरोध गर्दै प्रस्ताव स्वीकार गरेको थियो। शिक्षाको लागि वैदेशिक सहायता कोषको ठूलो भाग शिक्षा योजनाको यो अंशलाई दिइएको थियो। यो काम अरु कार्यक्रमहरुको जग मानिएको छ।

ओरेगन विश्वविद्यालयका शैक्षिक सल्लाहकार र शिक्षक-शिक्षण योजनाका सरकारी सहयोगी संचालक (डिरेक्टर) को ठाडो निरीक्षणमा शिक्षक-शिक्षण कार्यक्रम बलियो भइसकेको छ। काठमाडौँ मा स्थापित राष्ट्रिय शिक्षक-शिक्षण-केन्द्रले दुइ वर्षको कार्यकालममा ६२५ भन्दा बढता नयाँ नयाँ प्राथमिक शिक्षकहरुलाई ६ महिने शिक्षा दिएको छ  र अहिले अरु ४५० शिक्षण लिंदैछन्। यसले राष्ट्रिय शून्यतालाई भर्न शिक्षकहरुको शिक्षणका निमित्त स्थायी योजनाको व्याख्या गर्न आधार प्रस्तुत गरेको छ।

संवत् २०१३ को शरद ऋतुमा नेपालका प्रादेशिक क्षेत्रहरुमा शिक्षक-शिक्षण दलहरु गठन गरिए। बीरगंज, धरान र नेपालगंजमा अहिले काम गरिरहेका यी दलहरुले रोजिएका ग्रामीण क्षेत्रका उम्मेद्वारहरुलाई शिक्षण शिक्षा प्रस्तुत गर्नेछन्। पहिला केन्द्रहरुमा क्रम पूरा गरेपछि यिनीहरु त्यही कार्यक्रम दोहोर्‍याउन अरु ठाउँमा सर्नेछन्। यस प्रकारले, तीन अथवा चार वर्षपछि, प्रादेशिक आधारका सारा मुलुक ढाक्न सकिने सम्भव छ।

अब सामान्य शिक्षालयी शिक्षाको (काठमाण्डौँ केन्द्र र घुमुवा दलको ) यो योजनाले बढ्दै गएको शैक्षिक तर्जुमामा मिलाउन सकिने जति शिक्षकहरुलाई अर्को वर्षदेखि पूरा एक वर्षको शिक्षा

दिइरहनेछ। यसबाहेक, अनुभवी शिक्षकहरुको लागि थप क्रम शुरु गर्ने भएका छन्। यी अधिकाधिक व्यापक आधारमा प्रदान गरिनेछन्।

२०१२-१३ सालभित्र ओरेगन विश्वविद्यालयमा मूल कर्मचारीवर्गको शिक्षाले काठमाडौँमा चार वर्षको उपाधि-वितरक प्रशिक्षण महाविद्यालय खडा गर्न सकिने तुल्याएको छ। यो महाविद्यालयले नजीकको भविष्यका निम्ति किसिम किसिमका शिक्षा दिने अनुमान गरेको छ जस्तैः-

(१) आफ्नो शैक्षिक जीवन भर्खर शुरु गरिरहेका प्रवेशिका -परीक्षामा उत्तीर्ण सुयोग्य व्यक्तिहरुलाई चार वर्षको सामान्य कल र व्यावसायिक संयुक्त शिक्षा दिनेछ। यो योजना "शिक्षास्नातक"(बी.एड.) को उपाधिमा टुंगिनेछ। यो कार्य पूरा गर्नेहरु केही वर्षको पढाउने अनुभवपछि उन्नत शिक्षा र ठूलो जिम्मेदारीको शैक्षिक पदको लागि तयार हुनेछन्।यस किसिमको शिक्षाका निमित्त स्थानको प्रयोगात्मक बाँडफाँड २०० छ।

(२) शैक्षिक नेतृत्वका अन्य पदहरु र शिक्षक शिक्षालय योजनाको लागि कर्मचारी सदस्यहरु प्रस्तुत गर्न सुयोग्य स्नातकहरुका निम्ति एक वर्षको व्यावसायिक शिक्षा। यसमा पढाउने अनुभवसमेत भए झन असल छ। यो काम पनि "शिक्षास्नातक"(बी.एड.) को उपाधिमा टुंगिनेछ। यस किसिमको शिक्षालाई स्थानको प्रयोगात्मक बाँडफाँड ५० छ।

(३) दफा २ मा वर्णित शिक्षाका निम्ति पूर्वाकांक्षित प्रवेश नचाहिने शैक्षिक अगुवाहरु, आफ्नो नियमित काममा रहीकन लिन सक्ने खण्डकालिन शिक्षाक्रम चाहने शिक्षकहरु, व्यावसायिक सम्मेलनहरुमा सामेल हुन चाहने महाविद्यालयका प्राध्यापकहरु र नियमित पूर्णकालिन कार्यक्रमभन्दा थोरै खोज्ने अरुहरुको आवश्यकता पुऱ्याउन स्नातक, निम्नस्नातक र अरुहरुका निम्ति एक वर्षको थप शिक्षाक्रमहरु। यी शिक्षाक्रमहरु प्रमाणपत्र अथवा उपाधितिर पुऱ्याउन सक्ने पासका घण्टाहरुमा टुंगिनेछन्। यी कक्षाहरुलाई दिन सकिने संख्याको अन्दाज प्राप्य छैन। यो कर्मचारीको लब्धिमा धेरै निर्भर रहन्छ।

(४) प्राथमिक शिक्षकहरुको शिक्षणका निम्ति उप-महाविद्यालयको स्तरका शिक्षाक्रम। यो अहिले शिक्षक शिक्षालयहरुमा भइरहेका कामको अटुट सिलसिला हो। यी शिक्षाक्रमहरु शिक्षणको प्रमाणपत्र वा अधिकार पत्रमा टुंगिनेछन्। वर्षेनी १००० आवश्यकता हेरेर यसमा थपघट गरिनेछ।

(५) अन्त्यमा , शिक्षाचार्यको योजनालाई युक्तिसंगत माग भएपछि प्रशिक्षण महाविद्यालयबाट त्यो उपाधि प्रदान गरिनेछ।

शिक्षण कार्यक्रमको अतिरिक्त, प्रशिक्षण महाविद्यालयले कैयौं सम्बन्धित कारवाईहरुको निरीक्षणको प्रवन्ध गर्नेछ।

प्रकाशन विभागले प्रकाशन योजनाको संचालन गर्नेछ। यो वर्षौंको लागि आवश्यक मुख्य काम हुनुपर्छ।

नेपालमा कुनै पनि किसिमको पठन सामग्री र चित्रित साधानहरुको अनिकाल मात्र होइन, जे जति थोरै सामग्री पाइन्छ त्यो पनि हिन्दीमा र बिलकुल पुरानो ढंगको छ। एक वृहत् प्रकाशन योजनाले शैक्षिक उद्देश्यलाई मात्र होइन, एउटै राष्ट्रभाषाद्वारा नेपालको विभिन्न भागका प्रजालाई एकै रुपमा ढाल्ने लक्ष्यलाई समेत बढाउन सक्तछ।

हाल नेपालमा आधुनिक छपाइका सुविधाहरु छैनन्।आयोगले ३०,००,००० पुस्तक छाप्न सक्ने सामर्थ्य भएको एक राष्ट्रिय शैक्षिक छापाखाना राख्न सिफारिश गरेको छ (तेह्रौ परिच्छेद हेर्नुहोस्)। तर यसले समस्याको अंश मात्र समाधान गर्नेछ। सामग्रीहरु लेखिएर प्रकाशनका निम्ति तयार गरिनुपर्छ।यो काम सामग्रीहरु तयार पार्ने शिक्षाविद्हरु र शिक्षामन्त्रालयको प्रकाशन आयोगद्वारा सहायित प्रकाशनबाट निरीक्षित हुनुपर्छ।

हाल संकुचित छपाइ सुविधाहरु प्रयोग गरिन्छन्। केही काम परीक्षण कालमा उपयोग गर्न निमित्त सानो परिमाणमा मिमीओग्राफ गराइन्छ। केही स्थानीय छापाखानाहरुमा छपाइन्छन् र केही चित्रित सामग्री भारतीय छापाखानाहरुमा छपाइन्छन्।

केही सामग्री तयार गराइँदैछ, केही तयार भइसकेको छ र पाण्डुलिपिहरु प्रकाशनलाई पर्खेर प्रकाशन विभागमा पडिरहेका छन्। पाठ्यपुस्तकका कैयन प्राथमिक शाठशालीय ग्रन्थमाला र प्रशिक्षण महाविधालय तथा सामान्य शिक्षालयमा शिक्षार्थीहरुको उपयोगलाई व्यावसायिक पुस्तकहरुको उपयोगलाई व्यावसायिक पुस्तकहरुको प्रकाशनको प्रवन्ध गरिएको छ।

हाललाई र छिटै भविष्यलाई आघताको क्रममा मुख्य प्रकाशन कारवाई यस प्रकार छन्ः-

(१) यो विवरण र मिमिओग्राफ रुपमा निर्मित र परीक्षित शिक्षक शिक्षणका निम्तिको संक्षिप्त पुस्तकको मुद्रण।

(२) सामान्य शिक्षालयहरुका निमित्त व्यावसायिक पाठ्यपुस्तकहरुको छपाइ र परिष्कार। परीक्षाको लागि अहिले यिनीहरु मिमिओग्राफ रुपमा तयार गरिंदैछन्। त्यसपछि यिनीहरुलाई दोहऱ्याएर, परिष्कृत गरेर छाप्नुपर्छ।

(३) प्राथमिक पाठशालाहरुका निमित्त पाक्षिक समाचारपत्र र पाठ्यपुस्तकहरुको रचना र छपाइ। ठूलो परिमाणको उत्पादनका निम्ति असल छपाइका सुविधाहरुको प्रतीक्षा गर्नुपर्छ, तापनि संकीर्ण छपाइबाट काम शुरु गर्न सकिन्छ।

(४) प्रौढ साक्षरता योजनाका निमित्त थप सामग्रीहरुको निर्माण र मुद्रण। अहिलेका उपलब्ध सामग्रीहरु साक्षरता शिक्षाको शुरुका केही महिनाको लागि मात्र मनसाय गरिएका छन्। साक्षरहरुका निम्ति एक साप्ताहिक वा पाक्षिक समाचारपत्र निस्कनुपर्छ र सहायक प्रवेशिका तथा अरु पुस्तकहरु तयार पार्नु र छपाउनुपर्छ।

(५) चित्रित सामग्री, मानचित्र, नक्शा र अन्य सचित्र व्याख्याकारी शिक्षा साधनहरुको निर्माण र प्रकाशन। यी पनि राष्ट्रिय शिक्षा छापाखानाको प्रवन्ध नभएसम्म सीमित परिमाणमा संकीर्ण छपाइबाट नै निकास्न सकिन्छ।

शैक्षिक अनुसन्धानको उन्नतिका निमित्त प्रयोगशालीय स्थिति प्रस्तुत गर्न अनुसन्धान विभाग खडा भएको छ। प्राथमिक र माध्यमिक दुवै स्तरमा कैयौं प्रयोगशाला शिक्षालयको विकाशमा मद्दत गर्न योजनाहरु लागेका छन्। आठौं र नवौं परिच्छेदमा उल्लेखित मार्गदर्शक पंक्तिहरुको आधारमा यी शिक्षालयहरुको विकाश गरिनेछ। शिक्षाको हकमा यी शिक्षालयहरुमध्ये धेरैले सजिलैसँग प्रशिक्षण महाविद्यालयमा प्रवेश गर्न सक्ने हुनुपर्छ। तर यी शिक्षालयहरुमा केहीलाई अध्ययन र निरीक्षणका निम्ति नमूनाका रुपले प्रादेशिक आधारमा बढाउन सकिएला भन्ने आशा छ।

यसबाहेक, विद्यार्थी-शिक्षकहरुको लागि अभ्यासी शिक्षालयको रुपमा काम दिने पार्न अहिलेका धेरै शिक्षालयहरुको वर्गोन्नति हुनुपर्छ।अध्यापक अथवा आलोचक शिक्षक भएर काम गर्ने शिक्षकले राष्ट्रिय शिक्षाका सिद्धान्तहरुमा खप्पिस हुनुपर्छ र यी शिक्षालयहरुलाई निम्नतम स्तरमा ल्याउन सरसामान र सम्भरणहरु पुऱ्याउनुपर्छ।

अन्त्यमा , अनुसन्धान विभागले चल्तीका व्यावसायिक विद्याको संचालन गर्नुपर्छ र नेपालमा शिक्षालाई नेतृत्व दिनुपर्छ। यसले समय समयमा शैक्षिक योजनाका प्रगतिको निर्धारण गर्नुपर्छ। अझ यो शिक्षाको पंच वर्षीय योजनाका लक्ष्य र यस विवरणका उद्देश्यहरुमा निष्पक्ष निर्धारक र संवाददाता हुन सक्छ।

प्रौढ शिक्षा विभागले प्रौढ साक्षरतामा भइरहेको कामका निम्ति विधिपूर्वकको संगठन प्रस्तुत गर्छ र यसलाई सामाजिक शिक्षामा विचार गरिएको छ।

शिक्षकहरुलाई तालिम गर्ने शिक्षालयहरुमा शिक्षा पाएका सारा प्राथमिक पाठशाला शिक्षक र ग्राम विकाश कार्यकर्ताहरुले साक्षरता कक्षाहरुमा पढाउने शिक्षा पाएका छन् र शुरुका कक्षाहरु खुलिसकेका छन्। पहिलो वर्षका ६०० कक्षाहरुलाई चाहिने खर्चको प्रवन्ध भएको छ।

माथि भनेअनुसार, थप साक्षरता सामग्रीहरुको निर्माण यो कार्यक्रमको एउटा मुख्य अंश छ। वर्तमान सामग्रीहरुको पुनर्मुद्रण प्रौढ शिक्षा विभागका मुख्य कामहरुमध्ये एउटा छ।



शिक्षा मन्त्रालय

सरकार र सं.रा.का.म. का सह-संचालकहरुबाट साक्षरता कक्षाहरु खडा गर्नको लागि निम्नलिखित प्रवन्ध स्वीकृत भएका छन् : -

(१) सामग्रीहरु सरकार र सं.रा.का.म. ले निःशुल्क दिनेछ। नक्साहरु शिक्षकहरुले र पुस्तक जति साक्षरहरुले किन्नुपर्दछ।

(२) कक्षाका कोठा र अनुकूलताहरु गाउँलेहरुले पुऱ्याउनुपर्छ। ग्राम विकाशका अनुकूलता अथवा शिक्षालयहरु वा अन्य कुनै पाही पर्ने ठाउँको उपयोग गर्न हुन्छ। बत्ती, मट्टीतेल, लेखन उपकरण र यस्ता अन्य आवश्यकताहरु स्थानीय जनताले पूर्ति गर्नुपर्छ। सिर्फ पठन सामग्री सरकार र सं.रा.का.म. बाट प्रदान गरिनेछ।

(३) दफा २मा उल्लेख गरिएका पूर्तिहरुलाई चाहिनेभन्दा भिन्ने शिक्षानिमित्त कुनै शुल्क लिन हुँदैन।

(४) कक्षाको स्वीकृत परिमाण २५ छ। यसले कुनै हालतमा पनि ३० को संख्या नाघ्न हुँदैन। यदि धेरैले यो क्रम रुचाए भने थप क्रम खडा गर्नुपर्छ। शिक्षकलाई उम्मेद्वारहरु भर्ना गर्ने पूरा अख्तियार छ र प्रगतिको अभाव, अन्य उपस्थिति वा अरु उचित कारणबाट उ तिनीहरुलाई खारेज पनि गर्न सक्छ।

(५) एक प्रवेशिका र दोस्रो भागका चार पठन-पुस्तकहरुको पढाइसमेत गाभिएको पहिलो क्रमका निमित्त-१ देखि १।। घण्टाको प्रतिसप्ताह ५ कक्षाको दरले ३ महिनालाई कक्षाहरुको स्वीकृति संख्या ६५ छ , प्रतिसप्ताह सम्मेलनको संख्या वा कक्षाको अवधि लम्ब्याएर शिक्षकको आफ्नो विचारअनुसार यो कार्यक्रम ढिलो वा छिटो पार्नु हुन्छ।कक्षाका समयको लमाइ एक घण्टाभन्दा कम र दुइ घण्टादेखि बढता हुन हुँदैन। कक्षाको संख्या पनि हप्तामा ३ भन्दा कम र ७ भन्दा बढी हुन हुँदैन।

(६) पाठ्यक्रमको अन्त्यमा साक्षरता परीक्षामा कमसेकम २० विद्यार्थी उत्तीर्ण भएका छन् भने शिक्षकले (झण्डै ६५ सामेलीको) प्रत्येक पाठ्यक्रम पढाएको मो.रु. ४५ पाउनेछ, २० भन्दा कम संख्यामा विद्यार्थी उत्तीर्ण छन् भने अघिका अंकको भागशान्ति पाउनेछ।

(७) साक्षरता परीक्षामा उत्तीर्ण भएका छात्रहरुलाई साक्षरताको प्रमाणपत्र दिइनेछ।

(८) साक्षरता कक्षा खोल्न चाहने योग्य व्यक्तिहरुले ग्राम विकाश केन्द्रका प्रवन्धक अथवा शिक्षालय निरीक्षकको लिखित मंजूरी लिएर संचालक, प्रौढ शिक्षा विभाग, काठमाडौँमा स्वीकृतिको सूचना पठाउनुपर्छ।

सामग्री, शिक्षक र (खर्चका) रकमहरु प्राप्य हुने वित्तिकै यो कार्यक्रमलाई अझ बढाउने योजनाहरु बन्दैछन्।

रेडिओबाट शिक्षा प्रौढ शिक्षा कार्यक्रमको एक अंग छ। रोजिएका गाउँहरुमा राखेर तत्तत् गाउँका निवासीहरुलाई नेपाल रेडिओ र अरु कार्यक्रमहरु सुनाउन करीब १०० रेडिओ झकाइएका छन्।हालको शैक्षिक कार्यक्रमबाहेक सरकारका-ग्राम विकाश, कृषि, शिक्षा, स्वास्थ्य, इत्यादि-

विभिन्न विभागहरुले यी र अरु श्रोताहरुका निमित्त ज्ञानदायी तर्जुमाका ढर्रा तयार गर्नेछन् भन्ने आशा छ। केटाकेटी र प्रौढहरुका निम्ति शैक्षिक कार्यक्रमको निर्माणको रेखदेख गर्न एक सहायक कार्यक्रम संचालक नियुक्त भएको छ।

यी रेडिओहरु दिउँसोको समयमा नयाँ प्राथमिक शिक्षालय र अरु शिक्षण संस्थाहरुले र शिक्षालय बन्द रहेका समयमा केन्द्रमा परेको कुनै स्थानमा प्रौढहरुले उपयोग गर्नेछन् भन्ने आशा छ।

सरकार र सं.रा.का.म. का सह-संचालकहरुले रेडिओ वितरणको निम्न आयोजना स्वीकार गरेका छन्ः-

(१) ग्राम विकाश केन्द्रका प्रवन्धकहरुले रेडिओ दिइने गाउँहरु सिफारिश गर्नेछन्।

(२) पाठशाला भएका गाउँहरुले पहिला हक पाउनेछन्।

(३) सार्वजनिक उपयोगको लागि निजी रेडिओ नपाइने गाउँहरुलाई पनि पहिला हक दिइनेछ।

(४) जनसंख्याको भाग शान्तिबाट केही हदसम्म खुकुलो वितरणको प्रवन्ध गरिनेछ।

(५) रेडिओका यन्त्रसम्बन्धी निरीक्षण राख्न र व्याटरी फेरि भर्ने अनुकूलता जुटाउन ग्राम विकाश केन्द्रका प्रवन्धकहरु प्रत्याशित छन्। विभिन्न गाउँहरुलाई बालगिरी रुपमा दिएको मानिने यी रेडिओहरुको उनीहरुले हेरविचार राख्नेछन्।

रेडिओ प्रसारणबाट ग्रामीण जनताको ज्यादा प्रभावकारी शिक्षा बढाउनलाई यो अगुवा प्रयास हो। यी सुगमताहरुको पूरा उपयोग लिन प्रशिक्षण महाविद्यालयका कर्मचारी सदस्यहरु प्राथमिक शिक्षालयका केटाकेटी र प्रौढहरु दुवैका निम्ति हुने विशिष्ट शैक्षिक तर्जुमा तयार पार्न मद्धत गर्नेछन्।

यी शिक्षक शिक्षण र सम्बन्धित कार्यहरुको गठन अर्को पत्रमा तालिकामा देखाइएको छ।

सरकार र सं.रा.का.म. का अनेकौं प्रतिज्ञापत्रहरुमा नयाँ प्राथमिक पाठशालाहरुका संस्थापनको प्रवन्ध भएको छ। यस योजनाअन्तर्गत सरकार र सं.रा.का.म. ले कुनै कुनै कुराहरु पुऱ्याउन र नयाँ प्राथमिक पाठशालाहरु चाहने गाउँहरुलाई प्रशस्त आर्थिक सहायता दिएको छ। यी नयाँ पाठशालाहरु कुनै एक शिक्षक शिक्षालयमा शिक्षा पूरा गरेका वा सुयोग्य शिक्षकहरुले युक्त छन्। यस योजनाअन्तर्गत अहिलेसम्ममा पुगनपुग ४०० नयाँ कक्षाहरु खुलेका छन् र हालका प्रतिज्ञापत्रमा अरु २०० राखिएका छन्।

सरकार र सं.रा.का.म. का सह-संचालकहरुबाट स्वीकृत निम्न शर्तहरुमा नयाँ प्राथमिक पाठशालाहरु खुल्न सक्छन्ः-

(१) समाजले अनुकुल स्थान दिनुपर्छ। (यो स्थान राम्रो निकास भएको, आकर्षक, सम्म परेको, २ रोपनी (अथवा त्यस बराबरको हुनुपर्छ)। अझ २० सम्म भए झन बेस हुनेछ। खास अधिकारीहरुसित कुरा मिलाउन सकेमा यो सार्वजनिक उद्यान क्षेत्र हुनसक्छ।

(२) समाजले यथासाध्य चाँडो र जुनसुकै अवस्थामा पनि एक वर्षभित्र सुहाउँदो घर दिनुपर्छ। (यो घर त्यस क्षेत्रका अरु घरहरुसित दाँजिन योग्य हुनुपर्छ )।

(३) समाजले पाठशालाको जम्माजम्मी संचालन खर्चलाई निम्न आधारमा सहायता दिनुपर्छः-

| | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|
| समाज | ३३ १/३% | ४०% | ५०% | ६०% | ७०% |
| सरकार | ३३ १/३% | ३०% | ३०% | ४०% | ३०% |
| सं.रा.का.म. | ३३ १/३% | ३०% | २०% | - | - |

टिप्पणीः- पंचायत ऐन लागू गर्न ढिला भएकोले अनिश्चित रुपले पहिला वर्षको दरबन्दी कायम राख्न अस्थायी संशोधन भएको छ)।

समाजले तलबको दरबन्दीमा आधारित खर्चमा प्रत्येक महिना शिक्षकपिच्छे थप मो.रु. १०। (मसलन्द इ.) कामचलाउ खर्च स्वीकार गर्नुपर्छ।

समाजले पाएसम्म शिक्षक शिक्षालयमा तालिम पाएका शिक्षक अथवा अधिकारीहरुले मंजुर गरेमा , तदनुरुप सुयोग्य शिक्षक भर्ना गर्न स्वीकार गर्नुपर्छ।

पाठशालामा विद्यार्थीहरुको संख्या कुनै पनि शिक्षकका निम्ति २० भन्दा थोरै र ४० भन्दा ज्यादा हुनु हुँदैन।शिक्षकपिच्छे विद्यार्थीहरुको सालाखाला संख्या ३० नाघ्न हुँदैन।

कुनै पनि विद्यार्थीसित पढाइ शुल्क लिन हुँदैन र कुनै पनि विद्यार्थीलाई लिंग, जाति, धर्म र वृत्तिको आधारमा प्रवेश निषेध गर्न हुँदैन।

सरकार र सं.रा.का.म. बाट निरन्तर आर्थिक सहायता प्राप्त गर्न हाजिरीको उचित रीतिबाट उच्च अनुपातसहित दिनहुँ ४ घण्टा (१,२) श्रेणी अथवा ५ घण्टा (३-५ श्रेणी) को दरले वर्षभरीमा कमसेकम १०० दिन पाठशाला चालु रहनुपर्छ।

पाठशालाले सरकारको शिक्षा विभागबाट तोकिएको प्राथमिक पाठशालाको पाठ्यक्रम वा आठौं परिच्छेदमा सिफारिस गरेको शिक्षाक्रम अपनाउनुपर्छ।

समाजले दुइ वर्षको अवधिलाई ५ जना सदस्यको एक प्रबन्ध-समिति छान्नुपर्छ (२ अथवा ३ हरेक वर्ष छानिने हुनुपर्छ।गठन गर्दा २ जना एक वर्षको अवधिलाई र तीन जना दुइ वर्षका अवधिलाई छान्नुपर्छ)। त्यस क्षेत्रमा शिक्षालय निरीक्षक, जिल्ला बडाहाकिम र ग्राम विकास केन्द्र प्रबन्धक भए कुनै अथवा उनीहरुले खटाएको योग्य प्रतिनिधि समितिका पदेन सदस्य भएर काम गर्नेछन्। प्रवन्ध समितिलेः-

शिक्षा मन्त्रालय

अ) शिक्षालय निरीक्षक वा उनको प्रतिनिधिको सिफारिसमा शिक्षक(हरु) भर्ना र खारिज गर्नेछ।

आ) पढाइ शुल्क लाउनुबाहेक, ऐच्छिक उपकर, दान वा समुदायलाई मान्य अरु उपायहरुबाट आवश्यक सहायक चन्दा उठाउनेछ।

इ) शिक्षालयले चर्चने क्षेत्रको चार किल्ला निश्चित गर्नेछ।

उ) चन्दाहरु बटुल्ने, खर्च गर्ने र खति हुनबाट तिनीहरुलाई बचाउन व्यापारतुल्य प्रणाली बसाल्नेछ।

ऊ) माथि उल्लेख नभएका कुराहरुमा नेपाल शिक्षा विधानअनुसार चल्नेछ।

सामान्यतः एक पटकमा एक  कोठा अथवा एउटा कक्षा खोल्नु समुदायका निम्ति उचित मानिन्छ। पहिलो वर्ष एउटा, दोस्रो वर्ष अर्को, यसै गरी शिक्षक थप्दै लानुपर्छ।

शिक्षामन्त्रालयबाट पाइने शिक्षा योजनाका निम्तिको कार्यविधिमा यस तर्जुमाका बेहोराहरु वर्णित छन्।

यस विवरणको दसौं परिच्छेदमा सिफारिस गरेअनुसार २०१३ सालको वसन्त ऋतुमा विश्वविद्यालय योजना आयोग नियुक्त भएको थियो। यसले राष्ट्रिय विश्वविद्यालयको लागि ठाउँ रोजेको र सनद तयार गरेको छ। हाल ३ जना विश्वविद्यालय प्रशासकहरु ओरेगन विश्वविद्यालयमा ६ महिनाको शिक्षणमा गएका छन्। चाँडै नै भविष्यमा एक जना स्थान आयोजक र भवन निर्माताहरु भर्ना गर्ने इन्तिजाम हुँदै छन्।

सारा प्रस्तावित विश्वविद्यालय सनदले हालका उच्च शिक्षाका संस्थाहरु र सारा भविष्यका महाविद्यालयी स्तरका संस्थाहरुलाई एउटै विश्वविद्यालयको प्रशासन अन्तर्गत तुरुन्त एकीकरण गर्ने प्रवन्ध गरेको छ। भविष्यका सुदृढ प्रशासकीय नेतृत्वको आशा गराउने एक आधुनिक प्रजातान्त्रिक संगठनको प्रवन्ध भएको छ। सं. २०१३ को गर्मीमा तयार भएको शिक्षाको पंचवर्षिय योजनाले विश्वविद्यालयको विकासनिमित्त निम्नलिखित कामहरुको सिफारिश गरेको छ : -

(१) विश्वविद्यालयको व्यवस्थासम्बन्धी कुरासमेत भएको विश्वविद्यालय ऐनको घोषणा द्वारा एक स्थायी नियन्त्रण संस्थाको स्थापना। श्री ५ बडामहारानीबाट अस्थायी विश्वविद्यालय आयोग खटिएको छ। अहिले यो आयोग ठाउँ रोजिरहेछ र विश्वविद्यालयका निम्ति प्रस्तावित सनदमा विचार गरिरहेछ (हाल पूरा भयो)।

(२) हालका संस्थाहरुलाई एकीकृत विश्वविद्यालय संगठनमा बटुलेर नियन्त्रण अन्तर्गत तिनीहरुको प्रवन्ध गर्न बन्दोबस्ती अधिकारीहरुको एक सानो दलको शिक्षा।

विश्वविद्यालयका तीन सर्वोच्च प्रशासकहरु (अहिले तालिममा गएका) लाई शिक्षा दिन तीन सजियाँ छात्रवृत्ति लब्ध छन्।

यथार्थ रुपले यो पहिला दुइ कामा बढता खर्च गाभिएको छैन।

हालको रा.शि.स लाई मूल मानेर प्रारम्भिक तथा माध्यमिक शिक्षालयका शिक्षक र अरु शैक्षिक अगुवाहरुको शिक्षानिमित्त चार वर्षको क्रम भएको प्रशिक्षण महाविद्यालयको रुपमा बढाउँदै एक व्यावसायिक प्रशिक्षण महाविद्यालय तुरुन्त गठन गर्नु तेस्रो काम छ। (यो काम अहिले पूरा भइरहेछ)।

एक विस्तृत विश्वविद्यालयको विकाशमा गृहविज्ञान विभाग र अन्त्यमा वन(शिक्षा) विभागसमेत गाभिएको व्यावसायिक कृषि शिक्षालय खडा गर्नु अर्को योग्य काम छ। शुरुमा , कृषिमा दुइ (एक बालीनाली र एक पशुपालन) तथा गृहविज्ञानमा एक जना विभागीय सदस्यहरुबाट यस्तो शिक्षालय चालु गर्न सकिन्छ। यी कर्मचारी सदस्यहरु तुरुन्त छानेर उनीहरुलाई अर्को एक वर्षको विशेष शिक्षणका निमित्त विदेश पठाउनुपर्छ। यस्तो व्यावसायिक कृषि शिक्षालयले विस्तारै निम्न अनुसन्धान र कार्यविभागहरु मिलाउनुपर्छः-

अ) केन्द्रीय प्रयोग स्थान

आ) ऊँचाइ, तापमान, जमीन, वर्षा र अरु प्रादेशिक कुराहरुको भेदबाट चाहिने अनुसारका शाखा प्रयोग स्थानहरु

इ) सरकारी विभागहरुलार्य अनुसन्धान र व्यावहारिक शिक्षाको बहु उद्देश्यमा काम लाग्ने भू-परीक्षण, बीज-परीक्षण, पशुनिदान कार्य, वन पालन इत्यादिका निम्ति अनुसन्धान र व्यावहारिक प्रयोगशालाहरु।

प्रायः अबको दुइ वर्षमा विश्वविद्यालय योजनाको अंगरुपले यन्त्रविद्यासम्बन्धी एउटा शिक्षालयको संगठन गर्नु अर्को काम हुनुपर्छ। पहिले स्नातक वा आचार्यको उपाधि लिएका करीब ५ जना नेपाली इन्जीनियरिङ स्नातकहरुको मुख्य दल छानेर एक वर्षको शिक्षानिमित्त उनीहरुलाई विदेश पठाएर यसलाई आकारमा ल्याउनु पर्छ। एक निजामति, एक बिजुलीसम्बन्धी, एक यन्त्रसम्बन्धी, एक औधोगिक र एक खानिविषयक यान्त्रिक (इन्जीनियर) राखेर यस्तो एक मण्डल रच्नु बेस होला। यो शिक्षणको योजना पूरा भएपछि व्यावसायिक यन्त्रविद्यासम्बन्धी शिक्षालय खोल्ने सल्लाहको लागि एक विदेशी विशेषज्ञ लिनु पर्छ। यस्तो शिक्षालयमा निम्न कुरा हुनुपर्छः-

अ) नेपालको विकास योजनालाई कैयन क्षेत्रहरुमा चाहिने चित्र, नक्सा लेख्ने वा कागजपत्रको मसौदा लेख्ने मानिस, पर्यवेक्षक, निर्माण निरीक्षक इत्यादि जस्ता

निरीक्षक र कला विशेषज्ञहरुको निम्ति (६ महिना  देखि वर्ष दिनसम्मको) लघु शिक्षाक्रम।

आ) पहिलो दुइ वर्ष साधारण आधार र पछिको दुइ वर्ष कलपूर्जासम्बन्धीप, बिजुली सम्बन्धी, निजामती, औधोगिक अथवा खानिसम्बन्धीमा विशेषज्ञ हुनसमेत चार वर्षको उपाधि वितरक पाठ्यक्रम।

इ) शिक्षा, अनुसन्धान र सरकारी विभागको कामलाई मद्धत गर्ने नदोहोरिने प्रयोगशालाहरु। जस्तै सामग्री परीक्षण प्रयोगशाला, खानि र धातुविषयक प्रयोगशाला, पन्यालो बस्तुसम्बन्धी प्रयोगशाला।

अन्त्यमा, विश्वविद्यालयले परिचर्या शिक्षा र आखिरमा दन्तचिकित्सा विज्ञान भएको आयुर्वेद विद्यालयलाई अँगाल्नुपर्दछ।यस्तो व्यावसायिक शिक्षालयले निम्न कुराहरु पर्खनुपर्दछः-

अ) कीटाणु विज्ञान, जीव रसायन विज्ञान, शारीरिक रोग विज्ञान, शरीर विज्ञान र शरीरशास्त्रसमेत मुख्य आयुर्वेद विज्ञानमा मूल कर्मचारी दलको शिक्षा। दुइ वर्षको शिक्षालाई तीन जना चिकित्सको चुनाउ।

इ) औषधोपचारक मण्डलबाट रोगशैयामा शिक्षा दिलाउनका निमित्त वर्तमान अस्पतालहरुलाई उचित स्तरममा पुऱ्याउन सुधार।

ई) पाठ्यक्रम, सरसामान, कर्मचारी इत्यादिसमते आयुर्वेद विद्यालयको गठनमा सल्लाहर दिने एक विशेषज्ञको सेवा।

माथि उल्लेखित आयुर्वेद विज्ञान कार्यक्रमको विकाश दीर्घकालीन काम हो। यसलाई सम्भवतः दश वर्षको समय चाहिएला। तैपनि कर्मचारीहरुको शिक्षालाई धेरै वर्ष लाग्ने हुनाले यस विषयमा चाँडै विचार हुन वेस छ। पूर्व-आयुर्वेदिक दललाई दुइ वर्षको शिक्षापछि, कमसेकम दुइ वर्षको पूर्व-आयुर्वेदिक शिक्षाबाट दश जनाको सानो कक्षा खोल्न सकिन्छ। यसमाथि दुइ वर्षको रोगशैयामा औषधोपचारक शिक्षा र एक वर्षका अस्पतालमा बसाइ रहन्छ। यसरी, शिक्षानिमित्त मुख्य पूर्वायुर्वेदिक कर्मचारीहरुको चुनाउको सात वर्षपछि राष्ट्रमा औषधोपचार सेवाको लागि साधारण चिकित्सकको एक सानो वर्ग तयार पार्न सकिन्छ।

विश्वविद्यालयमा सुशिक्षित व्यावसायिकक कर्मचारीहरुको पर्याप्त पूर्ति नभएसम्म र विश्वविद्यालयले स्वयं आफ्ना निमित्त चाहिने कर्मचारी दल र अरु कलाविद् तथा निम्न स्तरका आवश्यकताहरु पुऱ्याउन सक्ने अवस्थामा नपुगेसम्मलाई मुख्य कर्मचारीहरुलाई

विदेशमा शिक्षाको लागि पठाउन कायम राख्नु जरुरी छ। वैदेशिक सहायता संस्थाहरुसँग भएका वर्तमान योजनाहरुबाट कमसेकम अर्को दश वर्षका निम्ति महाविद्यालय र विश्वविद्यालयका २० देखि ३० वैदेशिक छात्रवृत्ति आशा गरिएको छ।

सारांशमा निम्नलिखित काम कारवाईहरुमा ध्यान केन्द्रित भएको छः-

(१) पंच वर्षीय योजनाको विकाश र राष्ट्रिय शिक्षा योजना आयोगको कामको कार्यारम्भ।
(२) घुमुवा दलहरुबाट स्थानीय र बाहिरका क्षेत्रहरुमा शिक्षकहरुको शिक्षण।
(३) प्रशिक्षण महाविद्यालयको विकाश गर्नु।
(४) प्रकाशनहरुको निर्माण र मुद्रण।
(५) प्रौढ साक्षरताको वृद्धि।
(६) रेडिओबाट शिक्षा प्रसारको वृद्धि।
(७) विश्वविद्यालय योजना आयोगको कार्यलाई कार्यान्वित गर्नु।

सरकार र सं.रा.का.म. का शिक्षा योजनाका सह-संचालकहरु र ओरेगन विश्वद्यिालयका कार्यक्षेत्रीय प्रतिनिधिहरु, शिक्षक शिक्षालय र प्रशिक्षण महाविद्यालयका कर्मचारीहरु,शिक्षामन्त्रालय, शिक्षा समिति, नेपालमा शिक्षाको वृद्धि चाहने अरु सबैले यी कामहरुमा आफ्नो सहयोगी बल दिनु र सकेसम्म चाँडो यो विवरणका अरु सिफारिशहरुलाई कार्यरुपमा परिणत गर्न प्रोत्साहन दिनुपर्छ।

दीर्घकालीनन योजना सधैं गाह्रो र कल्पनात्मक हुनाले यसमा केही भन्न सकिंदैन। नेपालमा शिक्षाको विकाशलाई अत्यावश्यक भनी यो विवरणको दोस्रो भागमा लेखिएका विविध प्रस्तावहरु, भाग ३ मा सिफारिशहरु र पंच वर्षीय योजना दीर्घकालीन योजना प्रस्तुत गर्दछ। यिनमध्येका केही कामहरु अरु भन्दा पहिला स्पष्ट देखिन आउलान्, धैरैजसो परिवर्तन र विकाशको अवस्थाबाट जानेछन्। तर जम्माजम्मीमा ती आयोगका सदस्यहरुको उत्कृष्ट विचाशक्ति देखाउँछन्।

नेपालमा शिक्षाको भविष्यसँग सरोकार राख्न सारा मानिसले यी दीर्घकालीन योजनाहरुलाई सत्य पार्न काम गर्नुपर्छ। यी कामहरुमध्ये धैरैजसो महीनौं, अझ कुनै कुनै अवस्थामा वर्षौंदेखिको पूर्णतयारीविना पूरा हुन सक्तैनन्। यसैकारण ती दीर्घकालीन योजना छन्। संयुक्त, एकत्रित प्रयासले मात्र अन्तिम लक्ष्यममा पुग्न सकिन्छ।

# परिशिष्ट

## आयोगका सदस्यहरु

**आयोगका अध्यक्ष**

सरदार रुद्रराज पाण्डे, पुरातत्व विभागका संचालक तथा नेपाल सरकार, शिक्षा बोर्डका अध्यक्ष।

**आयोगका सचिव-कोषाध्यक्ष**

त्रैलोक्यनाथ उप्रेती, उपसचिव, शिक्षा मन्त्रालय, नेपाल सरकार।

**आयोगका शैक्षिक सल्लाहकार**

डा. ह्यूग बी. उड, शिक्षाका प्राध्यापक, ओरेगन विश्वविद्यालय।

**आयोगका सदस्यहरु**

इतिहास शिरोमणि बाबुराम आचार्य, इतिहासकार तथा शिक्षाविद्

करुणाकर वैद्य, मच्छेन्द्र इन्स्टिटच्यूट

पद्मप्रसाद भट्टराई, भाइस-प्रिन्सिपल, संस्कृत महाविद्यालय

केशर बहादुर के.सी., सदस्य, लोकसेवा आयोग

रत्न बहादुर विष्ट, सदस्य, कानून आयोग

श्रीमती बुढाथोकी, प्रधानाध्यापिका, पद्मकन्या विद्याश्रम

जगतबहादुर बुढाथोकी, भूगोलका प्राध्यापक, त्रि-चन्द्र कलेज

भवनाथ ढुङ्गाना, सचिव, भूमिसुधार आयोग

आशुतोष गंगुली, गणितका प्राध्यापक, त्रि-चन्द्र कलेज

श्रीमती चन्द्रा गुरुङ, होम इकोनोमिक्स ट्रेनिङ स्कूल

विजयनन्दन जोशी, प्रधानाध्यापक, जुद्धोदय पब्लिक हाइस्कूल

श्यामराज ध्वज जोशी, प्रधानाध्यापक, राष्ट्रिय शिक्षक शिक्षण केन्द्र

यदुनाथ खनाल, प्रधान, अंग्रेजी विभाग, त्रि-चन्द्र कलेज

मुरारी कृष्ण, समाचार सम्पादक, नेपाल रेडियो

शिक्षा मन्त्रालय

श्रीमनी चन्द्रा महत, प्रधानाध्यापिका, मन्टेश्वरी स्कूल

ब्रम्हीदत्त पाण्डे, वनस्पति विज्ञानका प्राध्यापक, त्रि-चन्द्र कलेज

गोपाल पाण्डे, सचिव, नेपाल शिक्षा परिषद्

नयनराज पाण्डे, संचालक, संस्कृत तथा नेपाली शिक्षा

शंकरदेव पन्त, प्रिन्सिपल, नेपाल नेशनल कलेज

अमृत प्रसाद प्रधान, रसायनशास्त्रका प्राध्यापक, त्रि-चन्द्र कलेज

भैरव बहादुर प्रधान, प्रिन्सिपल, दरवार इन्टरमिडिएट कलेज

रुद्रदास राजवंशी, टेक्निकल स्कूल

श्रीमती राणा, प्रधान, जनाना अस्पताल

कुलरत्न, इन्जीनियर, पब्लिक वर्क्स डिपार्टमेन्ट

जितेन्द्र बहादुर शाहा, डाइरेक्टर जनरल, जनशिक्षा, नेपाल सरकार

बालकृष्ण सम, कवि तथा नाटककार

आशुतोष सेन, प्रिन्सिपल, त्रि-चन्द्र कलेज

देवनाथ शर्मा, सदस्य, लोकसेवा आयोग

तुलसी बहादुर श्रेष्ठ, मन्टेश्वरी स्कूल

सोमनाथ शर्मा, प्रिन्सिपल, संस्कृत महाविद्यालय

पुष्कर शमशेर, प्रधान, नेपाली भाषा प्रकाशिनी समिति

गोविन्द मोहन श्रीवास्तव, वकील

बज्रकान्त ठाकुर, सहायक सचिव, शिक्षा मन्त्रालय

शारदा प्रसाद उपाध्याय, सहायक संचालक, जनशिक्षा, नेपाल सरकार

तीर्थराज उप्रेती, प्रधानाध्यापक, डिल्लीबजार प्रौढ स्कूल

**रिपोर्टका समालोचकहरु**

रोमी एलेकज्यान्डर, फोर्ड फाउन्डेशनका प्रतिनिधि, लघु उद्योगका विशेषज्ञ

कृष्णराज अर्याल, इन्स्ट्रक्टर, राष्ट्रिय शिक्षक शिक्षण केन्द्र

शिक्षा मन्त्रालय

सूर्य विक्रम ज्ञवाली, रिटायर्ड हेडमाष्टर, गभर्नमेन्ट हाइ स्कूल, दार्जिलिंग

फ्लायड डावेल, यू.एस.ओ.एम. टेक्निशियन, ग्राम विकाश योजना

डा. डब्ल्यू म्याच्लर, नेपालको लागि यूनेस्कोका प्रतिनिधि, इन्जीनियरिङ स्कूल

कुमारी एलेन मोलाइन, फोर्ड फाउन्डेशनकी प्रतिनिधि, होम इकोनोमिक्स

फादर मार्सल डी. मोरन, एस.जे., प्रिन्सिपल, गोदावरी स्कूल

डोन्याल्ड पोर्टवे, नेपालका लागि यूनेस्कोका भूतपूर्व प्रतिनिधि

दीर्घमान श्रेष्ठ, इन्स्ट्रक्टर, राष्ट्रिय शिक्षक शिक्षण केन्द्र

रामप्रसाद तण्डुकार, इन्स्ट्रक्टर राष्ट्रिय शिक्षक शिक्षण केन्द्र

महेन्द्र बहादुर थापा, इन्स्ट्रक्टर, राष्ट्रिय शिक्षक शिक्षण केन्द्र

**मडरेशन कमिटी**

केशर बहादुर के.सी., शिक्षा सचिव (मडरेशन कमिटीका अध्यक्ष)

सोमनाथ शर्मा, प्रिन्सिपल, संस्कृत महाविद्यालय (मडरेशन कमिटीका सदस्य)

यदुनाथ खनाल, अंग्रेजीका प्राध्यापक, त्रि-चन्द्र कलेज (मडरेशन किमिटीका सदस्य)

सरदार रुद्रराज पाण्डे, पुरातत्व विभागका संचालक (मडरेशन कमिटीका सदस्य)

अमृतप्रसाद प्रधान, रसायन शास्त्रका प्राध्यापक, त्रि-चन्द्र कलेज (मडरेशन कमिटीका सदस्य)

सागरमणि आचार्य दीक्षित (मडरेशन कमिटीका सचिव)

**अनुवादकहरु**

(१) पुष्कर शमशेर

(२) लव बहादुर कपिल

(३) गोपीनाथ अर्याल

(४) सागरमणि आ.दी.



शिक्षा मन्त्रालय